# जिल्ला अदालतका फैसलाहरुको सँगालो, २०७१

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

हरिहरभवन, ललितपुर

# जिल्ला अदालतका फैसलाहरुको सँगालो, २०७१

प्रकाशक

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

हरिहरभवन, ललितपुर

**सम्पादन तथा संयोजनः** श्री संजीव राई, अनुसन्धान अधिकृत

**प्रकाशकः** राष्ट्रिय न्यायिक प्रतिष्ठान
हरिहरभवन ललितपुर, नेपाल

**प्रकाशितः** ५०० प्रति

**सर्वाधिकारः** राष्ट्रिय न्यायिक प्रतिष्ठान
आषाढ, २०७२

**मुद्रकः** फरम्याट प्रिन्टिङ्ग प्रेस, हाँडीगाउँ, काठमाडौं

प्रधान न्यायाधीश

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

सर्वोच्च अदालत काठमाडौं

## शुभकामना

राष्ट्रिय न्यायिक प्रतिष्ठानले विगत वर्षमा झैं यस वर्ष पनि जिल्ला अदालतबाट भएका फैसलाहरू संकलन गरी संकलित फैसलाहरु मध्येबाट छनौट भएका उत्कृष्ट फैसलाहरु प्रकाशन गर्न लागेको कार्यले मलाई हर्षको अनुभूति गराएको छ । '

न्यायाधीशहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले पछिल्लो समयमा उल्लेख्य रुपमा कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । त्यस्ता कार्यक्रमहरुबाट प्राप्त ज्ञान, सीप र क्षमतालाई न्यायिक कार्यसम्पादनमा प्रतिविम्बित गराउन सकिएमा मात्र तिनको सार्थकता रहन्छ । न्याय सम्पादनको क्रममा त्यस्ता कार्यक्रमको प्रतिविम्ब देखिन सक्ने क्षेत्र फैसला लेखन पनि हो । जिल्ला अदालतको फैसला लेखनको स्तरमा क्रमशः सुधार आएको छ । मेहनतसँग लेखिएका फैसलाहरुको प्रकाशनबाट फैसला लेखन क्षेत्रमा सम्बन्धित न्यायाधीशहरुको हौसला र उत्साह बढ्ने छ र स्तरीय फैसला लेखनतर्फ सहकर्मी सबै न्यायाधीशहरुलाई उत्प्रेरित गर्नेछ भन्ने मलाई लागेको छ । त्यसैगरी कानून र न्यायको क्षेत्रमा कार्यरत जनशक्ति, कानून व्यवसायी तथा कानूनका विद्यार्थीहरुलाई समेत यो प्रकाशन उपयुक्त अध्ययन सामग्री हुन सक्नेछ भन्नेमा म विश्वस्त छु ।

प्रतिष्ठानले फैसला प्रकाशनको कार्यलाई निरन्तरता दिनेछ भन्ने अपेक्षा राखेकोछु । अन्त्यमा, प्रस्तुत फैसला संग्रह प्रकाशनमा संलग्न प्रतिष्ठानका पदाधिकारीहरु, कर्मचारीहरु लगायत सम्बन्धित सबैमा हार्दिक धन्यबाद दिँदै प्रकाशनको सफलताको शुभकामना दिन चाहन्छु ।

२०७२ असार ३०

कल्याण श्रेष्ठ

**प्रधान न्यायाधीश**

टेलिफोन नं. : ९७७-१-४२६२५४६, फ्याक्स नं. : ९७७-१-४२१६८६४, पोष्ट बक्स नं. : २०४३८,
वेबसाईट : www.supremecourt.gov.np

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
"....committed to Excellency of Nepalese Law and Justice Sector."

# कार्यकारी निर्देशकको तर्फबाट

राष्ट्रिय न्यायिक प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै जिल्ला न्यायाधीशहरूलाई लक्षित गरी विभिन्न किसिमका क्षमता विकास सम्बन्धी प्रशिक्षण, गोष्ठी, अभिमुखीकरण, अन्तर्क्रिया जस्ता लामो तथा छोटो अवधिका कार्यक्रमहरु सञ्चालन गर्दैआएको छ। यस्ता कार्यक्रमहरूको माध्यमबाट माननीय जिल्ला न्यायाधीशहरुले प्राप्त गर्नु भएको सैद्धान्तिक तथा व्यावहारिक ज्ञान र सीप न्याय सम्पादनको क्रममा उहाँहरुबाट हुने फैसलामा प्रतिबिम्बित भएको देख्न सकिन्छ भन्ने प्रतिष्ठानको अपेक्षा रहेको हुन्छ। यस परिप्रेक्ष्यमा प्रशिक्षण र कार्यसम्पादन बीचको तादात्म्यता ठम्याउने उद्देश्यले प्रतिष्ठानले विगत केही वर्षदेखि जिल्ला अदालतबाट भएका फैसलाहरु मध्ये उल्लेख्य फैसलाहरु छनौट गरी **"जिल्ला अदालतको फैसलाहरुको सँगालो"** प्रकाशन गर्दै आएको छ।

विभिन्न जिल्ला अदालतहरुबाट प्रतिष्ठानमा प्रकाशनार्थ प्राप्त भएका फैसलाहरुको प्रारम्भिक छनौट पश्चात विज्ञ व्यक्तित्वबाट सम्बन्धित फैसलामा तथ्यको प्रस्तुती, प्रमाणको मूल्यांकन, कानूनको सही प्रयोग तथा व्याख्या, फैसलामा प्रयुक्त भाषाको स्तंर र लेखनशैली समेतका सूचकहरुलाई आधार मानी प्रकाशनको लागि छनौट हुने गरेको छ। यस पटक प्रतिष्ठानमा विभिन्न जिल्ला अदालतबाट १४० वटा फैसलाको प्रतिलिपि प्राप्त भएकोमा उपर्युक्तानुसार विज्ञहरुबाट छनौट गरिएका २३ वटा फैसलाहरुलाई **"जिल्ला अदालतको फैसलाहरुको सँगालो २०७१"** को रुपमा प्रकाशन गरिएको छ।

जिल्ला अदालतबाट भएका फैसलाको प्रकाशन सम्बन्धी हाम्रो यो प्रयासले स्तरीय फैसला लेखन तर्फ माननीय न्यायाधीशहरुलाई अभिप्रेरित गर्नुका साथै यस सम्बन्धी दक्षता अभिबृद्धि हुँदै आएको छ भन्ने हाम्रो अनुभव रहेको छ। यसका अतिरिक्त शुरु अदालतबाट भएका फैसलाको प्रकाशनबाट कानून र न्याय क्षेत्रका अनुसन्धानकर्ता, प्राध्यापक, कानून व्यवसायी, कानूनका विद्यार्थी लगायत कानून र न्यायको क्षेत्रसँग सम्बन्धित सम्पूर्णलाई शुरु तहको न्याय सम्पादनको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न मद्दत पुगेको छ भन्नेमा म विश्वस्त छु।

अन्त्यमा, यस प्रकाशनलाई शुभकामना प्रदान गर्नु हुने **सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ**ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। संकलित फैसलाहरू प्रकाशनका लागि छनौट गरिदिनु हुने विज्ञहरुप्रति कृतज्ञता व्यक्त गर्दछु। प्रतिष्ठानको यस प्रयासमा आफ्ना फैसला पठाई सहयोग पुऱ्याउनु हुने सम्पूर्ण माननीय न्यायाधीशज्यूप्रति सराहना व्यक्त गर्दछु। फैसला संकलन गरी सम्पादन/संयोजन गर्नु हुने अनुसन्धान अधिकृत श्री संजीव राईप्रति धन्यवाद ज्ञापन गर्दछु।

२०७२ साल असार ३० गते

(केशरी राज पण्डित)
**कार्यकारी निर्देशक**

हरिहरभवन, ललितपुर, नेपाल
फोन नं.: ०१-५५४९०५७, ०१-५५४९०६७
फ्याक्स ०१-५५३०६६२
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Hariharbhawan, Lalitpur, Nepal
Ph.: +01-5549057, +01-5549067
Fax: +01-5530662
Post Box No.: 24865

# प्राक्कथन

राष्ट्रिय न्यायिक प्रतिष्ठानले विगत वर्षहरु जस्तै यस वर्ष पनि जिल्ला अदालतका फैसलाहरुको सँगालो २०७१ प्रकाशित गर्ने क्रममा जिल्ला अदालतहरुबाट प्राप्त भएका १४० वटा फैसलाहरुलाई विभिन्न समूहमा विभाजन गरी विज्ञ व्यक्तित्वबाट अध्ययन भई प्रकाशनयोग्य भनी छनौट तथा सिफारिश गरिएका २३ वटा फैसलाहरु **"जिल्ला अदालतका फैसलाहरुको सँगालो २०७१"** को रूपमा प्रकाशन गरिएको छ।

प्रस्तुत सँगालोको प्रकाशन कार्यमा निर्देशन, हौसला र प्रोत्साहन दिनु हुने कार्यकारी निर्देशक माननीय श्री केशरी राज पण्डितज्यूप्रति म आभार व्यक्त गर्दछु। यी फैसलाहरुको संकलनको प्रारम्भिक चरणदेखि नै आवश्यक निर्देशन, सुझाव र हौसला प्रदान तथा सँगालो प्रकाशनको व्यवस्थापकीय पक्षमा योगदान दिनु भएका प्रतिष्ठानका तत्कालीन तथा वर्तमान रजिष्ट्रार द्वय श्री लेखनाथ पौडेल र श्री विमल पौडेलप्रति आभारी रहेको छु।

यस प्रकाशनको लेआउट/डिजाइन गरी सँगालोलाई प्रकाशनयोग्य बनाउनु भएकोमा प्रतिष्ठानका प्रकाशन सहायक श्री विष्णुबहादुर बरुवाल र समयमै कम्प्युटर टाइप गरी सहयोग गर्नु भएकोमा सहायक श्री प्रदिप बोहरालाई हार्दिक धन्यबाद दिन चाहन्छु। साथै मुद्रण गर्ने फरम्याट प्रेस हाडीगाँउ र त्यहाँका सबै सहयोगीप्रति समेत धन्यबाद दिन चाहन्छु।

**सम्पादन तथा संयोजन**

संजीव राई
अनुसन्धान अधिकृत

# विषयसूची


| सि.नं. | मुद्दा | पक्ष/विपक्ष | फैसला गर्ने माननीय जिल्ला न्यायाधीश | पृष्ठ नं. |
|---|---|---|---|---|
| १. | कर्तव्य ज्यान | नेपाल सरकार विरुद्ध रन्जनप्रसाद कोइराला | श्री महम्मद जुनैद आजाद | १-३६ |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार विरुद्ध पदमबहादुर मल्ल | श्री चिन्तामणि बराल | ३७-५८ |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार विरुद्ध जगरनाथ ठाकुर इजाम | श्री हरिशचन्द्र ढुंगाना | ५९-७० |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार विरुद्ध नारायण | श्री ब्रजेश प्याकुरेल | ७१-१०८ |
| ५. | ज्यान मार्ने उद्योग | नेपाल सरकार विरुद्ध कञ्चन शाही समेत | श्री श्रीप्रकाश उप्रेती | १०९-१२० |
| ६. | जबरजस्ती करणी | नेपाल सरकार विरुद्ध सन्तोष लामा | श्री उमेश कोइराला | १२१-१३६ |
| ७. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार विरुद्ध अशोक बस्नेत | श्री ठाकुरप्रसाद शर्मा | १३७-१४८ |
| ८. | डाँका | नेपाल सरकार विरुद्ध चित्रबहादुर थापामगर | श्री गिरिराज गौतम | १४९-१६२ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार विरुद्ध यावेश राई समेत | श्री दिपककुमार खरेल | १६३-१८४ |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार विरुद्ध झनक भाट | श्री विष्णुप्रसाद अर्याल | १८५-१९२ |
| ११. | अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी | नेपाल सरकार विरुद्ध रविन्द्र राय | श्री कृष्णमुरारी शिवाकोटी | १९३-२०२ |
| १२. | जबरजस्ती करणी | नेपाल सरकार विरुद्ध जीवन विष्ट समेत | श्री डण्डपाणि शर्मा | २०३-२१६ |
| १३. | जबरजस्ती करणी | नेपाल सरकार विरुद्ध विष्णुप्रसाद पराजुली | श्री अर्जुन अधिकारी | २१७-२३८ |
| १४. | जबरजस्ती करणी | नेपाल सरकार विरुद्ध सर्वजित परियार | श्री सूर्यबहादुर थापा | २३९-२४६ |
| १५. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार विरुद्ध अमरबहादुर राय समेत | श्री टिकाराम आचार्य | २४७-२६० |
| १६. | दुषित निर्णय दर्ता बदर गरी दर्ता नामसारी गरी पाउँ | मुन्नीलाल केवट विरुद्ध चिन्नी लोध | श्री बालचन्द्र शर्मा | २६१-२६६ |
| १७. | अंशचलन | ८८/१ कुमारी विरुद्ध निराजन श्रेष्ठ | श्री रितेन्द्र थापा | २६७-२७८ |
| १८. | निर्णय दर्ता बदर दर्ता कायम | युवराज भट्टराई विरुद्ध डा.मिनाक्षी नेपाल | श्री इन्द्रबहादुर चोडगटेन्ली | २७९-२८६ |

| | | | | |
|---|---|---|---|---|
| १९. | **कुलोपानी खिचोला मेटाई चलन चलाई पाउँ** | लोके महतरा विरुद्ध कुलबहादुर घर्ती समेत | श्री विष्णुप्रसाद उपाध्याय | २८७-२९८ |
| २०. | **करारको यथावत परिपालना** | तिलकबहादुर थापा विरुद्ध भरत महर्जन | श्री काजीबहादुर राई | २९९-३०४ |
| २१. | **सम्बन्धविच्छेद** | स्वेच्छा श्रेष्ठ विरुद्ध शैलेन्द्र बादे श्रेष्ठ | श्री युवराज गौतम | ३०५-३२२ |
| २२. | **सम्झौता बमोजिमको रकम भुक्तानी गराइपाउँ** | रेवन्तराम ढकाल विरुद्ध वीरेन्द्र कुमार कनौडिया | श्री नारायणप्रसाद सुवेदी | ३२३-३४४ |
| २३. | **हकको प्रचलन गराई पाउँ** | समिर के.सी. विरुद्ध लक्ष्मी विष्ट समेत | श्री अर्जुनप्रसाद कोइराला | ३४५-३५० |

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री महम्मद जुनैद आजाद**
**फैसला**
**सम्वत् २०६८ सालको स.फौ.नं. २१८९**
**निर्णय नं. : ४०९**

**वादीको नाम, थर, वतन**
काठमाडौं जिल्ला, विष्णु बुढानीलकण्ठ गा.वि.स. वडा नं.३ बस्ने हरेराम ढकालको जाहेरीले नेपाल सरकार..........................................१
साक्षीः "
कागजः "

**प्रतिवादीको नाम, थर, वतन**
कास्की जिल्ला, पोखरा उप म.न.पा. वडा नं. ५ घर भई हाल का.जि.,इचङ्गुनारायण गा.वि.स. वडा नं. ६ बस्ने दीनानाथ कोइरालाको नाति रामजीप्रसाद कोइरालाको छोरा वर्ष ४५ को रञ्जनप्रसाद कोइराला..............................१
चितवन, भरतपुर न.पा. वडा नं. ४ माइती घर भई हाल का.जि., इचङ्गुनारायण गा.वि.स. वडा नं. ९ बस्ने खगराज रेग्मीकी छोरी वर्ष ३८ की तारा रेग्मी...........................................१
साक्षी : "
कागज : "

**अदालतबाट बुझेको**

**वादीका साक्षी** : जाहेरवाला हरेराम ढकाल, कागज गर्ने सितु कार्की, गीता कटुवाल, युगमाया श्रेष्ठ, ज्वाला कुँवर, दीपा देवान राई, रामकुमार गुरुङ, शंकर पौडेल, सहदेव जैसी, राजकुमार स्याङ्तान, कल्याणराज गिरी, रमादेवी कोइराला, रमेश कोइराला, शंकर रेग्मी, ईश्वर रेग्मी, आयुस कोइराला, अर्पण कोइराला।

**प्रतिवादीका साक्षी** : दीपक भन्ने विश्वराम अधिकारी, रवीन्द्रप्रसाद कोइराला, पार्वती खड्का, विजेतालिम्बु **कागज** : डि.एन.ए. परीक्षण प्रतिवेदन।

*मुद्दा : कर्तव्य ज्यान।*

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २९ नं. समेतले प्रस्तुत मुद्दा यसै अदालतको क्षेत्राधिकार भित्रको देखिएकाले मुद्दाको सङ्क्षिप्त टिपोट र तथ्य निम्नानुसार उल्लेख गरिएको छ :

**तथ्य खण्ड**

मेरी छोरी गीता ढकाल कोइरालालाई विपक्षी रञ्जन कोइरालासँग सामाजिक परम्परा अनुसार विवाह गरिदिई घरमा बसी आएकामा रञ्जन कोइरालाले छोरीलाई हेला गरी कुटपिट गरी बस्न नदिने कार्य गर्दै आए तापनि छोरीले सहेर बस्दै आएकी थिइन्। छोरीलाई दिएको दाइजो पेवा हत्याउनका

लागि निजले काठमाडौं जिल्ला अदालतमा अंशचलन मुद्दा समेत दर्ता गरी छोरीलाई मार्ने धाकधम्की दिँदै आएकाले जिउज्यानको सुरक्षाका लागि राष्ट्रिय महिला आयोग, महिला तथा कानुन विकास मञ्च, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, गृह मन्त्रालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालय समेतमा निवेदन दिई कारबाही भएको थियो। छोरीलाई बारम्बार शारीरिक तथा मानसिक यातना दिई छोरीसँग सम्बन्ध विच्छेद गर्न दबाब दिने गरी आएकामा मिति २०६८।९।२७ गते बिहान १० बजे छोरीको घरमा आई छोरी सँगै बसेको कान्छो छोरा आर्यन कोइरालालाई निजले लिई गएको अवस्था आज रञ्जनले मलाई घोरिएर हेरी गयो भनी छोरीले भनेकीले माइती घरमा आउन त भनी फोन गर्दा खुट्टा मर्किएकाले आउन सक्दिन भनेकी थिइन्। मिति २०६८।९।२८ गतेका दिनको ३–४ बजेतिर छोरीको मोबाइल नं. ९७४१०४३९९१ मा फोन गर्दा फोन स्विच अफ भएकाले लोड सेडिङको कारणले होला स्विच अफ भएको होला भन्ठानेको र सोही दिन राती ८ बजेको समयमा पनि फोन गर्दा मोबाइल स्विच अफ भएकाले भोलिपल्ट २०६८।९।२९ गते बिहान ११ बजे छोरीको घरमा जाँदा मूल गेटमा ताल्चा लगाई राखेको, सो दिन राती ८ बजेसम्म पनि फोन गर्दा स्विच अफ भएको हुँदा ऐ.३० गते बिहान छोरीको घरमा जाँदा मूल गेटमा ताला लगाएको पाइएकाले नजिकको महानगरीय प्रहरी प्रभाग बुढानीलकण्ठमा समेत जानकारी गराई छोरीको घरमा काम गरी बस्ने गीता कटुवालसँग सोधपुछ गर्दा मिति २०६८।९।२७ गतेका दिन ३ बजे छोरी गीता ढकाल (कोइराला) को घरमा जाँदा मूल गेट खुल्लै रहेको, निज गीता सुत्ने कोठामा जाँदा ढोका बन्द रहेकाले फर्की आएको र साँझ ७–८ बजे जीपजस्तो गाडी घरको मूल गेट खोली भान्साकोठाको ढोका छेउमा रोकिएको, केही छिन डाङडुङ गरेको आवाज आएको सुनेको, त्यसपछि गाडी फर्की एकछिनपछि मूल गेटमा अडिएर गएको, भोलिपल्ट घरमा गएर हेर्दा मूल गेटमा ताल्चा लगाएको देखें भनी गीता कटुवालले भनेको र घटना स्थलको अवस्था हेर्दा छोरी गीता ढकाल कोइरालालाई निज रञ्जन कोइरालाले बेहोस बनाई राखेको र छोरीको सम्पत्ति खानका लागि बन्धक बनाई राखेको हुन सक्ने भएकाले निजलाई पक्राउ गरी मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महल अन्तर्गत कारबाही गरिपाउँ भन्ने समेत ब्यहोराको हरेराम ढकालले मिति २०६८।१०।१ गते दिएको जाहेरी दरखास्त।

का.जि., विष्णु बुढानीलकण्ठ गा.वि.स वडा नं. ५(क) मा पर्ने गीता ढकाल कोइरालाको अढाई तले पक्की घर खानतलासी गर्दा गीता ढकाल कोइरालाको नामको जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी भएको नागरिकता प्रमाण पत्रको प्रतिलिपि थान १, दारी पालेको पञ्जावी पुरुष र लेडिज संयुक्त बसी खिचेको फोटो थान १, तिन जना महिलाको संयुक्त फोटो थान १, महिला पुरुष भएको संयुक्त फोटो थान १, बाथरुममा दुईथान अन्डरवयर समेत फेला परेको भन्ने समेत ब्यहोराको मिति २०६८।१०।४ गतेको खानतलासी एवं बरामदी मुचुल्का।

बरामद भएका अन्डरवेयर परीक्षणका लागि पठाएको भन्ने मिति २०६८।१०।५ गतेको महानगरीय प्रहरी परिसर काठमाडौंको पत्र।

मेरी छोरी गीता ढकाल कोइरालालाई रञ्जन कोइरालाले छोरीको सम्पत्ति खानका लागि बन्धक बनाई राखेको हुन सक्ने भएकाले निजलाई पक्राउ गरी कारबाही गरिपाउँ भनी मिति २०६८।१०।१ मा महानगरीय प्रहरी परिसर हनुमानढोकामा जाहेरी दिएकामा मिति २०६८।१०।८ गतेका दिन छोरी

गीता ढकाल कोइराला मृत अवस्थामा शिक्षण अस्पताल महाराजगन्जको मुर्दा घरमा रहेको खबर प्राप्त भएकाले निज रञ्जन कोइरालाले कर्तव्य गरी मारी लास जलाएकाले निजलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम कारबाही गरी अन्य को को व्यक्तिहरू भई जघन्य कार्य गरेका हुन्, अनुसन्धान गरिपाउँ भन्ने समेत ब्यहोराको हरेराम ढकालको मिति २०६८।१०।८ गतेको जाहेरी दर्खास्त।

का.जि., बाडभञ्ज्याङ गा.वि.स.वडा नं.६ मा पर्ने नागढुङ्गा सडकमा नौबिसेबाट काठमाडौंतर्फ आउँदै गरेका गीता ढकाल कोइरालालाई कर्तव्य गरी मारेको भनी किटानी जाहेरीमा नाम उल्लेख भएका रञ्जन कोइरालाले हाँकी ल्याएको बा ८ च ५४०८ नं. को खरानी रङ्गको कार तथा रञ्जन कोइरालालाई नियन्त्रणमा लिई उक्त गाडी खानतलासी गर्दा सलाइको बट्टा, सेतो प्लाष्टिक १२.५ मिटर, कन्डम थान ३ समेत फेला परी बरामद गरिएको भन्ने समेत ब्यहोराको मिति २०६८।१०।८ गतेको गाडी खानतलासी एवं बरामदी मुचुल्का।

हरेराम ढकालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रञ्जनप्रसाद कोइराला भएको कर्तव्य ज्यान सम्बन्धी अपराधको अनुसन्धानका क्रममा मिति २०६८।१०।८ गतेका दिन नौबिसेबाट काठमाडौंतर्फ आउँदै गरेको बा ८ च ५४०८ नं. को गाडी नियन्त्रणमा लिई उक्त गाडी हाँकी ल्याउने चालक रञ्जन कोइरालालाई नियन्त्रणमा लिई पक्राउ गरी दाखिला गरेका छौं भन्ने समेत ब्यहोराको मिति २०६८।१०।८ गतेको प्रहरी प्रतिवेदन।

का.जि., इचङ्गुनारायण गा.वि.स.वडा नं. ६ गैरीगाउँ स्थित रञ्नन कोइरालाको पक्की घर खानतलासी गर्दा १२८२४०८ नम्बरको हर्नेट बन्दुक थान १, कटुवा पेस्तोल थान १ र विभिन्न किसिमका १३४ वटा गोली फेला परेको भन्ने समेत ब्यहोराको मिति २०६८।१०।९ गतेको खानतलासी एवं बरामदी मुचुल्का।

मिति २०६८।९।२८ गते नौबिसे देखि हेटौंडासम्म जाने त्रिभुवन राजपथमा पर्ने जिल्ला मकवानपुर टिस्टुङ गा.वि.स वडा नं. ८ मेत्राङ भन्ने स्थानमा शरीरको आधाभन्दा बढी हिस्सा जलेको अवस्थामा लास फेला परेकाले पोस्टमार्टमका लागि जिल्ला अस्पताल मकवानपुरमा पठाएकामा उक्त अस्पतालले रिफर गरी पोस्टमार्टमका लागि त्रि.वि.शिक्षण अस्पताल महाराजगन्जमा पठाएको भन्ने समेत ब्यहोराको इलाका प्रहरी कार्यालय पालुङको पत्र।

The remaining parts of body are from humanbeing. They look from single and individual. The sex of the person is female. They are from adult female aged above 22 years and below 40 years (young age to middle age age adult female). The stature can not be ascertained as there is no single intact long bone present and the stature given in previous report from Hetauda Hospital I.e. 96.6cm can not be taken as any approximated stature. All the changes present in recovered body parts are due to burn of a dead body and the cause of death can not be ascertained. There are no signs ante-mortem burn. Pieces of uterus and left kidney are collected in to different containers without any preservative for necessary DNA analysis. They must be kept in cool condition in refrigerator. भन्ने ब्यहोराको फरेन्सिक मेडिसिन विभाग महाराजगन्जको प्रतिवेदन।

मकवानपुर जिल्ला, टिस्टुङ गा.वि.स. वडा नं. ८ मेत्राङ भन्ने स्थानमा हड्डीका टुक्राहरू रहेको, एउटा हड्डीको टुक्रामा लेडिज घडी समेत रहेको र आगोले डढेको, सो आगो लगाएको ठाउँदेखि १५

फिटसम्म डिजल बगेको डाम देखिएको, आगो लगाएको ठाउँदेखि ३० फिटको दुरीमा मानिसको बिच भागको शरीरको अस्थिपन्जर रहेको, सो अस्थिपञ्जरदेखि ३ फिट दुरीमा चिरेको काठको बाकल रहेको भन्ने समेत ब्यहोराको मिति २०६८।९।२८ गतेको लास जाँच प्रकृति मुचुल्का।

मिति २०६८।९।२८ गते मकवानपुर जिल्ला, टिस्टुङ गा.वि.स. वडा नं. ८ मेत्राङ भन्ने स्थानमा लास जलाएको हड्डीमा लेडिज नाडी घडी भेटिएको, सो स्थानबाट ३० फिटको दुरीमा पोलेर फालेको अस्थिपन्जर फेला परेको हुँदा कानुन बमोजिम गरिपाउँ भन्ने समेत ब्यहोराको प्र.ह. कृष्ण ढकालको मिति २०६८।९।२८ गतेको प्रतिवेदन।

टिस्टुङ गा.वि.स. को मेत्राङ भन्ने स्थानमा मिति २०६८।९।२७ गते लास जलाएको स्थानमा बा ८ च ५४०८ नं.को कार रोकी सो कारमा आएका व्यक्ति लास जलेको ठाउँमा गम्भीर भई हेरेको र मासुको टुक्रा फेला परेको झाडीमा गई हेरी केही क्षणपछि उक्त कार लिई अगाडि बढेकामा केही क्षणमा नै पुनः फर्की आएको हुँदा निजमाथि शङ्का लागी सोधपुछ गर्दा अलि आत्तिए जस्तो गरेकाले तपाईंको के काम छ ? भनी सोध्दा तपाईंहरू किन सोध्नु हुन्छ ? भनेपछि म समेतले गाडीको चाबी निकाल्न खोज्दा निजले सशस्त्र प्रहरीको हाकिम हुँ भनी कार्ड समेत देखाई छाडिदिन अनुरोध गरेकाले निजको कार्ड हेरेपछि नाम रञ्जन कोइराला भन्ने थाहा पाएँ। निजको गाडीमा ५/६ वटा सलाइको बट्टा, सेतो प्लाष्टिक तथा मिनरल वाटरको बोतलमा पेट्रोल समेत देखेको थिएँ भनी स्थानीय बासी सूर्यबहादुर दोङ तथा सोही ब्यहोरासँग मिल्ने किरणमान बल, मङ्गल तामाङले इलाका प्रहरी कार्यालय मकवानपुरमा गरिदिएको कागज सहित सक्कल मिसिल कारबाहीका लागि पठाइएको भन्ने समेत ब्यहोराको इलाका प्रहरी कार्यालय पालुङको मिति २०६८।१०।८ गतेको पत्र।

इलाका प्रहरी कार्यालय पालुङबाट लास जाँचका क्रममा मानव हड्डीको टुक्रासँगै बरामद भएको घडी मैले सिंगापुरबाट दुई थान घडी खरिद गरी ल्याएकामा एउटा लेडिज घडी छोरी गीता ढकाल कोइरालालाई दिएको थिएँ। हाल देखाएको आगोले जली केही कालो भएको पहेलों रङ्गको घडी मैले दिएको हो भनी मृतकको आमा हरिप्रिया ढकालले मिति २०६८।१०।९ गते गरिदिएको सनाखत कागज।

मेरी छोरी गीता ढकाल र रञ्जन कोइराला बिच मागी विवाह गरिदिएको, निजहरूबाट दुई छोराको जन्म भएको, विवाह भएको ८।१० वर्षसम्म राम्रै सम्बन्ध थियो। त्यस्तैमा चितवन जिल्ला माइती घर हुने तारा रेग्मी भन्ने विवाहित महिलालाई रखेल राखेकाले यसरी केटी राख्नु भएन भनी सम्झाउँदा म जेसुकै गरुँ तलाई के को मतलब भन्ने गरेको भनी छोरी गीताले सुनाउने गर्थिन्। श्रीमान श्रीमती बिचमा विवाद भएपछि निज छोरी अलग बस्न थालेको र रञ्जन कोइरालाले श्रीमती गीता ढकाललाई प्रतिवादी बनाई अंशचलन मुद्दा दायर गरेको र गीता ढकालले रञ्जनलाई प्रतिवादी बनाई माना चामल मुद्दा दायर गरेकी थिइन्। अंश चलन मुद्दा विचाराधीन रहेको र यस बिचमा श्रीमान श्रीमती बिचमा कुटपिट समेत हुने गरेको भनी छोरीले भन्ने गरेकी थिइन्। मिति २०६८।९।२७ गतेका दिन अं.१२ बजे ४३७९२२८ नं. को फोनबाट छोरी गीताको मोबाइल नं. ९७४१०४३९९१ मा फोन गरी हालखबर बुझ्दा खानपिन गरी बसेको छु, कान्छो छोरा आर्यनलाई बाबु आएर लिएर गएका छन् म एक्लै छु भनेकीले त्यसो भए यहाँ आउ भनी बोलाउँदा खुट्टा मर्केको छ भनिन्, आज रञ्जनले मलाई निकै

घोरिएर हेऱ्यो भनेकी थिइन्। त्यसपछि छोरीको मोबाइलमा फोन सम्पर्क गर्दा फोन स्विचअफ भएकाले सम्पर्क हुन सकेन। मिति २०६८।९।२९ गतेका दिन मैले छोरी गीता ढकालको घरमा काम गरी बस्ने गीता कटुवालसँग फोन सम्पर्क गर्दा २७ गतेका दिन ३.३० बजे तिर सत्यनारायणको प्रसाद लिएर जाँदा छोरीको बेडरुमको ढोका लगाएकाले बोलाउँदा नबोलेकाले म आफ्नो घरमा गएँ। मैले दिदीले बोलाउनु हुन्छ कि भनी घरतर्फ हेर्दै कौसीमा काम गरिरहें। साँझ अं.७.३० बजेतिर सेतो रङ्ग भएको भ्यान जस्तो गाडी छोरीको घरमा आई गेटभित्र गएको, सो अवस्थामा अँध्यारो भएकाले मानिस चिन्न नसकेको र केही डाङडुङ गरेको आवाज समेत सुनिएको र १०।१५ मिनेटपछि उक्त गाडी गेट बाहिर निस्की गएको भनी निजले बताएकाले थाहा पाएको हो। छोरी गीता ढकाललाई रञ्जन कोइरालाले कर्तव्य गरी मारी मकवानपुर जिल्लाको टिस्टुङ गा.वि.स.मा लगी जलाई नष्ट गरेका रहेछन्। उक्त स्थानबाट बरामद भएको जलेको अवस्थामा रहेको पहेलो रङ्गको लेडिज नाडी घडी मैले छोरीलाई दिएको हो, चिन्ही सनाखत गरिदिएको छु भन्ने समेत ब्यहोराको मिति २०६८।१०।९ गते मृतककी आमा हरिप्रिया ढकालले गरेको कागज।

का.जि., विष्णु बुढानीलकण्ठ गा.वि.स. वडा नं. ५ स्थित दक्षिण मोहडा भएको चारैतर्फ ढुङ्गा इटाको पर्खालले घेरेको दुईतले गीता कोइरालाको घरको दक्षिणतर्फ प्रवेश गर्ने ढोका तथा भान्सा कोठा, सो कोठाबाट भित्र प्रवेश गरी उत्तर पूर्वबाट माथिल्लो तलामा जाने भऱ्याङ, सो भऱ्याङबाट माथिल्लो तलामा गई दक्षिणतर्फको कोठा खोली हेर्दा दुइई वटा बक्स पलङ रहेको, उक्त पलङहरूमा बिछ्यौना लगाएको, एउटा सिरानीको खोल नभएको, बेडमाथि रहेका सिरक ब्लाङकेट केही छरिएको अवस्थामा रहेको सोही कोठामा गीता ढकाल कोइरालालाई कर्तव्य गरी मारेको हो भन्ने समेत ब्यहोराको मिति २०६८।१०।९ गतेको घटना स्थल प्रकृति मुचुल्का।

मिति २०६८।९।२८ गतेका दिन बिहानै सडकमा जलेको मानिसको लास फालेको छ भन्ने सुनी गाउँका मानिसहरू समेत भई हेर्न जाँदा झाडीमा मानिस जलाई बाँकी रहेको मासुको डल्लो देखिएको, लास जलाएको ठाउँमा डिजेल बगेको दाग, म्याटको टुक्रा तथा हड्डीमा लेडिज घडी फेला परेकाले महिलाको लास भएको यकिन भयो। सो लास मिति २०६८।९।२७ गते राती सोही स्थानमा जलाएको हुन सक्ने अवस्था देखिएकाले हाम्रो गाउँमा कहाँबाट कसको लास ल्याई जलाइयो भनी हामी गाउँलेहरूलाई चासो भएकामा मिति २०६८।१०।७ गते साँझ म र मेरो श्रीमान सूर्यबहादुर दोङ झाप्रे स्थित आफ्नो घरतर्फ फर्किरहेका अवस्थामा सो लास जलाएको स्थानमा बा ८ च ५४०८ नं. को गाडी रोकेको र एकजना मानिस गाडीबाट ओर्ली लास जलाएको स्थान तथा वरपरको झाडीमा पटक पटक घुमिफिरी ओहोर दोहोर गरी हेरिरहेको देखी हामीलाई शङ्का लाग्यो। श्रीमानले छिमेकी साथी मङ्गल तामाङलाई खबर गरी मङ्गल तामाङको साथमा किरणमान बल समेत सो स्थानमा आए। हामीलाई देखेपछि घटना स्थल निरीक्षण गर्ने मानिस रोकी राखेको बा ८ च ५४०८ नं. को गाडीमा बसी गए। केही समयपछि पुनः फर्की सोही स्थानमा आई शङ्कास्पद गतिविधि देखाएकाले हामीले बाटो छेकी सोधपुछ गर्दा निजले आफुलाई सशस्त्र प्रहरी बलको हाकिम भनी बताएका थिए। सो सम्बन्धमा नजिकको प्रहरी कार्यालयमा जानकारी समेत गराएका हौं, सो लास सम्बन्धमा निजै व्यक्तिलाई थाहा हुनु

पर्छ भन्ने समेत ब्यहोराको घटना स्थलका छिमेकी सुनिता दोङले मिति २०६८।९।२७ मा गरेको कागज।

इलाका प्रहरी कार्यालय पालुङबाट लास जाच मुचुल्का भई फेला परेका मानव शरीरका बाँकी रहेका अवशेषहरू, मृतक लासमा फेला परेको नाडी घडी तथा रिङ देखाउँदा देखें, मिति २०६८।९।२७ गते राती गीता ढकाललाई जलाउँदा बाँकी रहेका अवशेषहरू हुन्, बरामद नाडी घडी तथा रिङ गीता ढकालले लगाउने गरगहना मध्येका हुन्, चिन्ही सनाखत गरें भन्ने प्रतिवादी रञ्जन कोइरालाले मिति २०६८।१०।९ मा गरेको सनाखत कागज।

महानगरीय प्रहरी परिसर हनुमानढोकाको कम्पाउन्डभित्र रहेको बा १ झ ६२१३ नं. को गाडीको ढोका खोल्दा पेट्रोल गन्ध आएको, WELCOME लेखिएको कालो म्याट र गोलो लोगोभित्र NO SMOKING लेखिएको म्याट रहेको भन्ने समेत ब्यहोराको मिति २०६८।१०।९ गतेको खानतलासी मुचुल्का।

२०६४ सालदेखि रञ्जनप्रसाद कोइरालाको सवारी चालकका रूपमा काम गर्दै आएको छु। डि.आइ.जि. रञ्जन कोइराला मिति २०६८ साल भाद्र महिनामा सङ्गठनले खटाएको चाइना तालिमका लागि जानु भएको र मिति २०६८।९।२१ गतेका दिन उहाँ आउँदै हुनु हुन्छ भनी तारा रेग्मीले ९८४१५२३५७४ नं. बाट मेरो ९८४१८१४३०१ नं. मा फोन गरी तिमी गाडी लिएर लिन जानु भनेकाले अफिसकै बा १ झ ६२१३ नं.को गाडी बुझी बडीगार्ड स.प्र.ह. इन्द्र खत्री लगायत २।३ जना साथीहरू लिई तारा रेग्मी बस्ने गरेको रानीवनमा गई निज समेतलाई लिई बिहान ११ बजे एयरपोर्टमा गई साँझ अं.१७.३० बजे रञ्जन सर आउनु भएपछि गाडीमा चढाई तारा रेग्मीको रानीवन कोठामा पुगी तिमीहरू अफिस जाउ भनेकाले निजहरूलाई त्यहीं छोडी हामीहरू अफिस गयौं। ऐ. २२ गते बिहान तारा मेमले बोलाएकाले गई बा ६ च २८१४ नं.को गाडी मैले हाँकी रञ्जन सर र तारालाई का.जि., इचङगुको घरमा लगी छोडेको हो। मिति २०६८।९।२७ गतेका बिहान अं.७ बजेतिर रञ्जन सरको जेठो छोरा आयुसलाई टेनिस बल खेल्नका लागि २८१४ नं.को कारमा राखी घरबाट सशस्त्र बल प्रधान कार्यालय हल्चोकमा लगी छोडेको थिए। सोही दिन बिहान रञ्जन कोइराला सरले तेलको अभाव छ पेट्रोल लिई घरमा राख्नु भन्नु भएकाले अं. ८.२० बजे का.जि., का.म.पा. स्वयम्भू स्थित पसलमा गई ३५।३५ लिटरका दुई वटा ग्यालेन खरिद गरी ५० लिटरको ग्यालेन घरमा नै भएकाले उक्त ५० लिटरको ग्यालेन स.प्र.ह. इन्द्र खत्रीले ल्याई तिन वटै ग्यालेनमा १२३ लिटर पेट्रोल का.जि. हल्चोक स्थित सशस्त्र प्रहरी बलको हाताभित्र रहेको पेट्रोल पम्पबाट भरी बा ६ च २८१४ नं.को गाडीमा लोड गरी रञ्जन सरको घरमा लगी राखेका थियौं। ३५।३५ लिटरको ग्यालेन र २०।२० लिटरको अरू २ ग्यालेन समेत खरिद गरी ती जर्किनमा ५० लिटरको जर्किनबाट पेट्रोल भरी बा १ झ ६२१३ नं.को गाडीमा राख्नु भन्नु भएकाले सो काम गरेको हुँ र अं.९.३० बजे छोरा आयुसलाई अफिसबाट घरमा ल्याई छोडेको थिएँ। दिनको १ बजे आमा रमादेवी कोइरालालाई सपिङका लागि बा १ झ ६२१३ नं.को गाडीमा राखी कालीमाटीमा लगी सपिङ गरी साँझ ४.३० बजे घरमा लगी छोडिदिएको थिएँ। साँझ अं. ६.१५ बजेको समयमा रञ्जन सरले नं.९८१३२५६००० बाट मेरो मोबाइल नं. मा फोन गरी अफिसको गाडी लिएर महाराजगन्ज आइज भन्नु भएकाले गाडी लिई जाँदा सरले चोकदेखि केही वर

आइज भनी पुनः फोन गर्नु भएकाले जाँदा भेट भएपछि तँ खाना खाएर यहीँ बस्तै गर् भनी मलाई केही पैसा समेत दिनु भई सरले आफै गाडी हाँकी एक्लै महाराजगन्ज चोकतर्फ जानु भयो। म सोही स्थानमै एक डेढ घन्टा बसी रोटी खाँदै गरेको अवस्थामा मलाई फोन गरी बसेको स्थानको विपरीत दिसामा गाडी लिई आउनु भई रोक्नु भएको र ड्राइभर सिट छाडिदिनु भई मलाई गाडी चलाउन दिनु भएकाले मैले गाडी चलाई हाँकी हलचोक पेट्रोल पम्पमा तेल भर्न भनेकाले अं.३०।३५ लिटर डिजेल भरी थानकोटतर्फ हिँड् भन्नु भएकाले गाडी हाँकी जाँदै गर्दा अं. ९.३० बजे खानीखोला क्रस गरी होटल रहेको स्थानमा गाडी रोक्न लगाई साथीको घरमा सुत्ने ठाउँ छैन, तँ यहीँ सुत् भन्नु भएकाले म त्यहीँ ओर्लिएको र सर एक्लै गाडी हाँकी लिई जानु भएको हो। म होटेलमा सुतें। भोलिपल्ट बिहान करिब ३.३० बजे मलाई छोडेकै होटलमा आउनु भई मलाई बोलाउनु भएकाले म होटेलबाट निस्की बाहिर आउँदा गाडी स्टार्टमै थियो। गाडीको सिट छोडिदिनु भयो। मैले गाडी हाँकी ल्याई सरकै घरमा छोडी म डेरा कोठामा गएको थिएँ। सर एवं तारा मेमको आदेश बमोजिम काम गरिरहेको र मिति २०६८।१०।७ गतेका दिन साँझ आफ्नै डेरा कोठामा सुतिरहेको अवस्थामा तारा रेग्मीले मलाई फोन गर्नु भई सर कहाँ जानु भएको छ भन्नु भएको र मैले थाहा भएन सरले बा ८ च ५४०८ नं. को गाडी लिएर जानु भएको छ भनेको थिएँ। त्यसपछि सर कहाँ गएको छ खोज्न जानु पर्छ, गाडी लिएर आउ म पनि जान्छु भनी आमा रमादेवी कोइरालाले भन्नु भएकाले मैले सरकारी गाडी लिएर जादै गर्दा तारा रेग्मीले फोन गरी गाडी लिएर स्वयम्भू चोकमा आउ भन्नु भएकाले स्वयम्भू चोकमा जाँदा तारा रेग्मीलाई भेटी उक्त गाडीमा ऋषि ढुङ्गेल, यानबहादुर शाही, तारा मेमको आफन्त केटा मानिस समेत बसी तारा रेग्मीले मुग्लिनतर्फ खोज्न जाउँ भनेकाले जादै गर्दा बाटोमा तारा रेग्मीले फोन रिसिभ गर्ने र सर कहाँ कता हो भनी फोनमा कुरा भएको सुनेको र सर रामनगरमा भेटिएको भन्ने कुरा सुनेको थिएँ। मुग्लिनमा पुगेपछि तारा रेग्मीले निजको आफन्त केटा र यानबहादुर शाहीलाई ओर्ली बस्नु भनेकाले दुबै जना ओर्ली होटेलमा बसेको र हामी तिन जना नारायणगढतर्फ लाग्यौं। नारायणगढ चोक पुग्दा बिहानको राती ३.३० बजेको थियो। नारायणढ चोकदेखि दक्षिण किनारामा बा ८ च ५४०८ नं.को गाडी रोकी राखेकाले सोही गाडी नजिक लगी रोकी तारा रेग्मी हाम्रो गाडीबाट ओर्ली तिमीहरू यहीं बस भनी जानु भएको थियो। ऐ. ८ गते बिहान ०५.०० बजे तारा रेग्मीले मलाई फोन गरी तिमीहरू गाडीमा तेल भरेर काठमाडौंतर्फ फर्की जाउ भनेकाले काठमाडौंतर्फ आउँदै गर्दा मुग्लिनमा छोडेका दुई जनालाई गाडीमा राखी आउँदै थियौं। बैरेनीमा एक जना मानिस छ लिएर जानु भनी रञ्जन कोइरालाले यानबहादुर शाहीको मोबाइलमा फोन गर्नु भएकाले बैरेनीमा पुगेपछि बा ८ च ५४०८ नं. को गाडी देखी सोही गाडीको पछाडि लगी गाडी रोकी तारा रेग्मी गाडीबाट ओर्ली मैले हाँकेको गाडीमा आई बस्नु भई छिटो जाउँ भन्नु भएकाले गाडी हाँकी काठमाडौं स्थित का.जि. इचङ्गुनारायणको घरमा लगी छोडेको हो। स.प्र.ह. रामकुमार गुरुङले भोलिपल्ट गाडी सफा गर्दा गाडीको पछाडि पेट्रोल राखिएको ग्यालेनहरू नभएको र अगाडिको बायाँतर्फको सिट म्याट समेत नभएको भनी बताएकाले थाहा पाएको हो। चार थान पेट्रोल भरिएको ग्यालेन एवं म्याट समेत गाडीमा नभएको र लास मुचुल्का भएको स्थानबाट जलेको म्याटको केही टुक्रा फेला परी आएकाले सो पेट्रोल तथा म्याट समेत गीता ढकाल कोइरालाको लास

जलाउन प्रयोग गरेकामा शङ्का लाग्छ भन्ने समेत बुझिएका बा १ झ ६२१३ नं.को प्राडो गाडीका चालक स.प्र.ज. शंकर पौडेलले मिति २०६८।१०।१० मा गरेको कागज।

मिति २०६८।९।२७ गते मलाई रञ्जन कोइराला सरले बोलाउनु भएको छ भनी यानबहादुर शाहीले फोन गरी तुरुन्त घरमा आउनु भनेकाले रञ्जन सरको घरमा जाँदा बा ६ च २८१४ नं.को गाडी गेटमा रहेको, सो अवस्थामा अं. १० बजेको थियो होला। डि.आइ.जी. रञ्जन सर गेटमा भेट भएकाले तिमी गाडीको पछाडि बस भन्नु भयो। म पछाडि बसेँ, जेठो छोरा आयुस गाडीको अगाडि सिटमा बसे। रञ्जन सरले गाडी हाँकी का.जि. विष्णु बुढानीलकण्ठ पासीकोट स्थित गीता ढकाल कोइरालाको घरमा पुग्यौं। दुबै छोराहरू अगाडि सिटमा बसे, रञ्जन सरले गाडी चलाउनु भयो। नारायण गोपाल चोकदेखि केही पर बसुन्धरा चोकमा गाडी रोक्नु भई ब्राउन कलरको ज्याकेटबाट दुई बिटा रकम निकाली खल्तीमा राखी बाबुहरूलाई घरमा लगी जानु भन्नु भयो। मैले छोराहरूलाई घरमा लगी छोडेको हो। मिति २०६८।९।२८ गते बिहान ०८.३० बजे सरको घरमा गई बा १ झ ६२१३ नं.को गाडी कार्यालयको सवारी शाखामा ल्याई सफा गर्दा पेट्रोलको अत्यधिक गन्ध आएको थियो। चालकको बायाँ साइडतर्फको खुट्टा राख्ने रबर म्याट नभएकाले सो कुरा इन्द्र खत्रीलाई भन्दा आफुलाई थाहा नभएको भनी बताएपछि अन्य गाडीको पुरानो सिट खोजी राखेको हो। उक्त म्याट डि.आइ.जी. रञ्जन कोइरालाले श्रीमती गीता ढकाल कोइरालालाई जलाउने प्रयोजनका लागि प्रयोग गरेको हुनु पर्छ भन्ने समेत ब्यहोराको बुझिएका स.प्र.ह. रामकुमार गुरुङले मिति २०६८।१०।१० मा गरेको कागज।

मिति २०६८।९।२८ गते मकवानपुर टिस्टुङबाट बरामद भई आएको गाडीको जलेको म्याटको टुक्रा देखाउँदा देखें, उक्त म्याटमा भएको लोगो र त्यस्तै प्रकारको नजलेको सग्लो म्याटमा भएको लोगो एउटै हो, देखाउँदा देखें, चिन्ही सनाखत गरें भनी रामकुमार गुरुङले मिति २०६८।१०।१० मा गरेको सनाखत कागज।

म समेतले चलाउने गरेको बा १ झ ६२१३ नं.को गाडीमा खुट्टा राख्ने अगाडिको बाया तर्फको म्याट सिट नभएको र लास जलाएको स्थानबाट बरामद भएको जली केही भाग रहेको म्याट टुक्रा देखाउँदा देखे सोही गाडीको म्याट हो भन्ने समेत ब्यहोराको चालक शंकर पौडेलले मिति २०६८।१०।१० मा गरेको सनाखत कागज।

म ५ वर्ष अगाडिदेखि डि.आइ.जी.रञ्जन कोइरालाको घरमा खाना पकाउने काम गर्दछु। सो घरमा आमा रमादेवी कोइराला, छोरा आयुस र आर्यन कोइराला, तारा रेग्मी नाम गरेकी महिला डि.आइ.जी. रञ्जनसँग घरमा आउने बस्ने खाने गरी श्रीमान श्रीमती जस्तो व्यवहार गर्दथे। विवाह भए नभएको मलाई थाहा भएन। मिति २०६८।९।२१ गते डि.आइ.जी. रञ्जन कोइराला चाइनाबाट आई तारा रेग्मीको घरमा बसेको भन्ने थाहा पाएको हो। मिति २०६८।९।२७ गते बिहान आमा गीता कोइरालासँग बस्दै आएका छोरा आर्यन कोइरालालाई रञ्जन सरले घरमा ल्याउनु भएको थियो। मिति २०६८।१०।८ गते रञ्जन कोइरालाले श्रीमती गीता ढकाल कोइरालालाई कर्तव्य गरी मारेकाले पक्राउ परेको भन्ने थाहा पाएको हुँ भन्ने समेत स.प्र.प. राज कुमार स्याङतानले मिति २०६८।१०।१० मा गरेको कागज।

म डि.आइ.जी. रञ्जन कोइरालाको बडीगार्डका रूपमा खटिई आएको थिए। मिति २०६८।९।२७ गतेका दिन सरलाई घरमै देखेको थिएँ। अफिसमा आई मिति २०६८।१०।१ गतेका दिन साँझ चालक शंकर पौडेलले गाडी हाँकी रञ्जन सरको घरमा जान लागेकाले म पनि सोही गाडीमा बसी जाँदा सरले गंगालाल अस्पतालबाट बोलाउनु भएको छ भनेकाले जाँदा सरलाई अस्पतालको इमरजेन्सी वार्डमा देखी भेट भई निजलाई सोही अस्पतालमा भर्ना गरेकाले शंकर र म कुरुवा भई बस्यौं। भर्ना भएको अवस्थामा मेरो मोबाइलबाट के कहाँ फोन गर्नु भयो थाहा भएन। मिति २०६८।१०।५ गते बिहान मलाई फोन गर्नु भई दाजु रमेश कोइरालाको घरमा गई फोटो ल्याई तारा मेमलाई दिनु भन्नु भएकाले गई फोटो ल्याई तारा मेमलाई दिएको हो। उक्त फोटाहरू सरदारजी र गीता ढकाल कोइराला सँगै बसी खिचेको फोटो अन्य केटीहरू बसेको २।३ वटा फोटाहरू थिए। सोही दिनमा मलाई चिट्ठी बुझाएर आउनु भनी दिएका चिट्ठीहरू प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय, लैङ्गिक हिंसा विरुद्धको कार्यालय, महिला आयोग, सशस्त्र प्रहरी प्रधान कार्यालय, प्रहरी प्रधान कार्यालय समेतमा बुझाएको थिएँ। ऐ. ७ गतेका दिन आफ्नै कोठामा बसिरहेको थिएँ। सर हराउनु भयो रे भनी शंकर पौडेलले भनेकाले खोज्न जान भनी चालक शंकर पौडेल, यानबहादुर शाही, तारा रेग्मी र निजको आफन्त केटा समेत भई मुग्लिनतर्फ खोज्न जाउ भन्नु भयो। गजुरी कटेपछि तारा रेग्मीले फोनमा कुरा गर्दा सर रामनगरमा भेटिनु भयो भन्ने सुनेको हो। नारायणगढ चोक पूर्वतर्फ घरकै नजिक साइडमा बा ८ च ५४०८ नं.को कार गाडी रोकिराखेको र सोही ठाउमा तारा रेग्मीले गाडी रोक्न लगाई निज गाडीबाट ओर्ली तिमीहरू यहीं सुत भनी निज तारा बा ८ च ५४०८ नं.को गाडीमा चढी जानु भएको थियो। हामी त्यहीं सुत्यौं। भोलिपल्ट बिहान ५ बजे शंकर पौडेलको मोबाइलमा फोन आई तिमीहरूले राती मुग्लिनमा छोडेका मानिसलाई लिई काठमाडौंतर्फ जानु भनेकाले निजहरूलाई समेत गाडीमा राखी काठमाडौंतर्फ आउँदै गर्दा बैरेनीमा एकजना मानिसलाई लिएर जानु भनी रञ्जन सरले यानबहादुर शाहीको मोबाइलमा फोन गर्नु भई बैरेनी कटेपछि सडकको छेउमा बा ८ च ५४०८ नं. को गाडी रोकी राखेको थियो। सोही गाडीबाट तारा रेग्मी ओर्लिनु भई बा १ झ ६२१३ नं.को गाडीमा चढी छिटो जाउँ भन्नु भएकाले काठमाडौंतर्फ आई नागढुङ्गा क्रस गर्दा अं. १० बजेको थियो होला। तारा रेग्मी, निजको आफन्त र यानबहादुर शाही स्वयम्भू घरमा गएका थिए। पछि डि.आइ.जी. रञ्जन श्रीमतीको हत्या अभियोगमा पक्राउ परेको भन्ने सुनेको हो भन्ने समेत ऋषिराम ढुङ्गेलले मिति २०६८।१०।१०मा गरेको कागज।

मिति २०६८ साल देखि म स.प्र.ना.म.नि. रञ्जन कोइरालाको अङ्गरक्षक बसेको छु। निजकी श्रीमती गीता ढकाल कोइरालाले आफ्नो कान्छा छोरा आर्यन कोइरालालाई साथमा राखी का.जि., विष्णु बुढानीलकण्ठ गा.वि.स. वडा नं.५ मा बस्ने र डि.आइ.जी. रञ्जन का.जि., इचङ्गुनारायण गा.वि.स. वडा नं.६ मा रहेको घरमा बस्नु हुन्छ। डि.आइ.जी. रञ्जन कोइराला तारा रेग्मीसँग घुमफिर गर्न घरमा ल्याउने र कहिले तारा रेग्मीको का.जि., रानीवनमा रहेको डेरा कोठामा बस्ने गरी आउनु भएको, मिति २०६८।९।२७ गतेका दिन बिहान अं.८ बजे स.प्र.ज. शंकर पौडेलले डि.आइ.जी. सरलाई पेट्रोल चाहिएको छ, घरमा रहेको ५० लिटरको ग्यालेन लिएर सशस्त्र प्रहरी बल पेट्रोलपम्पमा लिई आउनु भनेकाले ग्यालेन लगी शंकर पौडेललाई दिएको हो। ३५।३५ लिटर र ५० लिटरको ग्यालेन घरमा लगी राखेको र २०।२० लिटरको ग्यालेन खरिद गरी ल्याउन आदेश भएकाले शंकर पौडेलले ग्यालेन

खरिद गरी ल्याई ५० लिटरको ग्यालेनबाट २०।२० लिटर भरी बा १ झ ६२१३ नं.को गाडीमा राख्न आदेश भएको छ भनेका थिए। मिति २०६८।१०।०७ गतेका दिन बिहान शंकर पौडेलले बा १ झ ६२१३ नं.को गाडी लिई महाराजगन्जमा रमेश कोइरालाको घरमा आई छोराहरू आयुस र आर्यनलाई गाडीमा राखी बबरमहलमा आई एउटा रेस्टुरेन्टमा खाजा खायौं। दिनको अं.१२ बजेको थियो। त्यसपछि छोराहरूलाई दाजु रमेश कोइरालाको घरमा लगी पुऱ्याई आउनु भनी शंकर पौडेललाई भनेकाले शंकर पौडेलले छोराहरूलाई पुऱ्याए। त्यसपछि ज्ञानेश्वरमा रहेको रञ्जन कोइरालाको माइला दाजुको घरमा गयौं। उक्त घरमा रहेको बा ८ च. ५४०८ नं.को गाडी निज रञ्जन कोइरालाले लिई एक्लै गएका र हामीलाई बा १ झ ६२१३ नं.को गाडी लिई जानु भने। के कता गए थाहा भएन। ऐ. ८ गते डि.आइ.जी. रञ्जन कोइरालाले आफ्नै श्रीमती गीता ढकाल कोइरालालाई मारी मकवानपुरको टिस्टुङमा लगी जलाएको भन्ने थाहा पाएँ भन्ने समेत बुझिएका इन्द्रबहादुर खत्रीले गरेको मिति २०६८।१०।१० गतेको कागज।मिति २०६८।९।२१ गते देखि २०६८।१०।८ गतेसम्मको ९८१३२५६०००, ९८४१५२३५७४ र ९७४१०४३९९१ नं.को कल विवरण उपलब्ध गराइएको भन्ने समेत ब्यहोराको महानगरीय प्रहरी अपराध महाशाखाको पत्र।

रञ्जन कोइरालाले आफ्ना श्रीमती गीता ढकाल कोइरालालाई मारी जिल्ला मकवानपुर टिस्टुङ गा.वि.स. वडा नं. ९ मेत्राङ भन्ने स्थानमा पुऱ्याई आगोले जलाई नष्ट गरेको भन्ने अपराधको अनुसन्धानका सिलसिलामा इलाका प्रहरी कार्यालय टिस्टुङ मकवानपुरबाट उल्लिखित मेत्राङ भन्ने स्थानमा मानव शरीरको जलेर बाँकी रहेका अवशेषहरू फेला पारी उक्त अवशेषहरूलाई पोस्टमार्टमका लागि फरेन्सिक मेडिसिन विभाग महाराजगन्जमा पठाएकामा उक्त अवशेषहरू पोस्टमार्टमका क्रममा फरेन्सिक मेडिसिन विभाग महाराजगन्जबाट DNA परीक्षणका लागि निकालिएका नमुना र मृतकसँग सम्बन्ध हुन सक्ने का.जि., विष्णु बुढानीलकण्ठ गा.वि.स. वडा नं. ३ बस्ने वर्ष ६२ को हरेराम ढकाल र निजकी श्रीमती वर्ष ६० की हरिप्रिया ढकाललाई उपस्थित गराइएको छ। निजहरूबाट DNA परीक्षणका लागि आवश्यक पर्ने नमुना निकाली परीक्षण गरी पठाइदिनु हुन भनी राष्ट्रिय विधिविज्ञान प्रयोगशालालाई लेखेको मिति २०६८।१०।१२ गतेको पत्र।

का.जि., इचङ्गुनारायण गा.वि.स. वडा नं. ६ को घर खानतलासी गर्दा ५० लिटरको केही कालो खैरो रङ्गको खाली ग्यालेन बरामद गरिएको भन्ने समेत ब्यहोराको मिति २०६८।१०।१२ गतेको खानतलासी बरामदी मुचुल्का।

बा १ झ ६२१३ नं.को सरकारी गाडी र बा ८ च ५४०८ नं.को गाडी काठमाडौं बाहिर र भित्र आएको सवारी दर्ता किताबको फोटोकपी पठाइएको भन्ने समेत ब्यहोराको महानगरीय प्रहरी प्रभाग थानकोटको मिति २०६८।१०।९ गतेको पत्र।

मानिस खोजतलास गरी दोषी उपर कारबाही गरिपाउँ भन्ने ब्यहोराको महानगरीय प्रहरी परिसर हनुमानढोकालाई सम्बोधन गरेको मेरा विरुद्धमा गरिएका उजुरीहरूबाट मेरो सामाजिक प्रतिष्ठा, नेपाल राज्य, नेपाल सरकारबाट सुम्पिएको जिम्मेवारी तथा दायित्व निर्वाह गर्ने पद तथा भविष्यका मेरो सम्भावनाहरू सबैलाई क्षति पुराउने, बन्द गराउने तथा मानसिक यातना दिने उद्देश्य निहित भएको देखिन्छ, सत्य तथ्य छानबिन गरी दोषी उपर कारबाही गरिपाउन निवेदन पेस गरेको छु भनी बोधार्थमा

प्रधानमन्त्री, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल, महानगरीय प्रहरी आयुक्त कार्यालय, राष्ट्रिय महिला आयोग र लैङ्गिक हिंसा सम्बन्धी उजुरी गर्ने इकाइ समेतमा मिति २०६८।१०।५ गते रञ्जन कोइरालाले दिएको निवेदन।

मिति २०६८।९।२७ गते बिहान ०८.३० बजे मेरो पसलमा आई ३५।३५ लिटरको दुई थान ग्यालेन खरिद गरी लिने मानिस यिनै हुन्। सो ग्यालन रू. ७५०।- मा बिक्री गरेको हो भन्ने समेत ब्यहोराको का.जि., का.म.पा. वडा नं. १५ स्वयम्भूमा पसल गरी बस्ने देवेन्द्र पोखरेलले प्रतिवादी रञ्जन कोइरालाका चालक शंकर पौडेललाई चिन्ही गरिदिएको मिति २०६८।१०।१४ गतेको सनाखत कागज।

मिति २०६८।९।२७ गतेका दिन २।३ बजे तिर मेरो पसलमा पेट्रोल राख्न उपयुक्त हुने २०।२० लिटरको दुई थान सेतो ग्यालेन रू.४२०।– मा बिक्री गरेको हो। उक्त ग्यालेन खरिद गरी लिई जाने व्यक्ति यिनै हुन्, देखें चिन्हें भनी का.जि., का.म.पा. वडा नं. १३ टङ्केश्वरीमा पसल गरी बस्ने प्रदीप अधिकारीले प्रतिवादी रञ्जन कोइरालाका चालक शंकर पौडेललाई चिन्ही गरिदिएको मिति २०६८।१०।१४ गतेको सनाखत कागज।

मिति २०६८।९।२७ गतेका दिन साँझ ८।९ बजेको समयमा निलो रङ्गको उच्च सरकारी अधिकृतले प्रयोग गर्ने जस्तो देखिने रातो बत्ती बाल्दै मेरो होटल गेस्ट हाउस नजिक सडकमा रोकिएको चालक गाडीबाट ओर्लिएर दुई कप चिया मागेकाले चिया दिएपछि एक कप चिया चालकले नै गाडीमा लगिदिएको र चालक फर्की आई होटलमा बसी चिया पिएको र तँ यहीँ होटलमा बस्नू, म भोली बिहान आउँछु भनी गाडी आफैले हाँकी लिई गए। चालक होटलको भुइँ तलामा रहेको कोठामा सुतें, भोलिपल्ट बिहान कोही कसैलाई कुनै जानकारी नदिई निस्की गएका रहेछन्। हाल प्रहरी साथ आएका व्यक्ति नै मेरो होटलमा आई बसेका हुन्। रुमको भाडा तथा चिया पिएको रकम समेत भुक्तानी गरेका थिएनन्। निजको नाम शंकर पौडेल रहेछ, देखी चिन्हें भनी नवराज भोजनालय एण्ड गेस्ट हाउसका सञ्चालिका निर्मला उप्रेतीले गरिदिएको मिति २०६८।१०।१४ गतेको सनाखत कागज।

इलाका प्रहरी कार्यालय पालुङको पत्र साथ यस कार्यालयमा सनाखत कार्यका लागि उपस्थित भई मिति २०६८।०९।२८ गते जिल्ला मकवानपुर टिस्टुङ गा.वि.स. वडा नं. ८ मेत्राङ स्थित त्रिभुवन राजपथको किनारामा लास जलाइएको स्थानमा मिति २०६८।१०।७ गतेका दिन साँझ बा ८ च ५४०८ नं.को गाडी रोकी यताउता हेरी निगरानी गरी रहेको अवस्थामा फेला परेका मानिसलाई सोधपुछ गर्न लाग्दा जबरजस्ती जान लागेकाले हामीले गाडीको चाबी निकालिसकेपछि आत्तिएर आफु महानगरीय प्रहरी अपराध महाशाखाको डि.आइ.जी. हुँ भनी रञ्जन कोइराला लेखेको परिचय पत्र समेत देखाएका थिए। रातो गलामा मसिनो भुवा जस्तो भएको ज्याकेट, निलो जिन पाइन्ट, कान छोप्ने टोपी लगाएका व्यक्ति हाल देखाइएका मानिस हुन्। निजले आफ्नी श्रीमती गीता ढकाल कोइरालालाई कर्तव्य गरी मारी जलाएको यकिन भयो भन्ने समेत ब्यहोराको मङ्गलबहादुर तामाङ, किरणमान बल, सुनिता दोङ र सूर्यबहादुर दोङको एकै ब्यहोराको प्रतिवादी रञ्जनप्रसाद कोइरालालाई चिन्ही गरिदिएको मिति २०६८।१०।१५ गतेको सनाखत कागज।

मिति २०६८।९।२७ गतेका दिन बिहान दाजुलाई विदेश पठाउन एयरपोर्टमा गएको थिएँ। साँझ घरमा आउँदा कान्छो छोरा आर्यनलाई ल्याएका रहेछन्। रञ्जन सर घरमा आउनु भएको थिएन। ऐ. २८ गते बिहान बा १ झ ६२१३ नं.को गाडी घरमा नै थियो। मिति २०६८/१०/७ गते साँझ म सुतिरहेको थिएँ। चालक शंकर पौडेलले मेरो ९८४८२६७४०८ मा फोन गरी रञ्जन सर भागे, खोज्न जाउँ भनेकाले बा १ झ ६२१३ नं.को सरकारी गाडी लिएर आएका थिए। खोजी गर्नका लागि मुग्लिनतर्फ गयौं। तारा रेग्मीले रञ्जन सरसँग फोनमा कुरा गरिरहेकी थिइन्। रञ्जन सर रामनगरमा रहेको भनेपछि थाहा पाएको हो। म र तारा रेग्मीको आफन्त केटालाई मुग्लिनमा बस्नु भनेकाले हामी होटलमा बस्यौं। भोलिपल्ट बिहान चालक शंकर पौडेलले मलाई फोन गरी हामीलाई बाहिर निस्कनु भनेकाले निस्की १०।१५ मिनेटमै आइपुगी गाडीमा चढ्यौं। गाडीमा तारा रेग्मी र रञ्जन थिएनन्। मलेखु पुलमा आइपुग्दा रञ्जन सरले ९८४९९०६१०० बाट मेरो ९८१४५३३६७६ मोबाइलमा फोन गर्नु भई कहाँ आइपुग्यौ भनेकाले मलेखु आउँदै छौं भन्दा बैरेनीमा एउटा मानिसलाई लिएर आउनु भन्नु भयो। बैरेनी आएपछि बा ८ च ५४०८ नं.को गाडी पार्किङ गरी साइड लाइट बली रहेको थियो। उक्त नं.को गाडीबाट तारा रेग्मी ओर्लिएर बा १ झ ६२१३ नं.को गाडीमा चढ्नु भयो। त्यसपछि हामी काठमाडौं स्वयम्भू घरमा आयौं। डि.आइ.जी. रञ्जन सर भने पछिपछि आउँदै थिए। अं. ११ बजेतिर रञ्जन पक्राउ परेको सुनेको हो। निज रञ्जन कोइरालाले आफ्नै श्रीमती गीता ढकाल कोइरालालाई कर्तव्य गरी मारेकामा मलाई शङ्का लाग्छ भन्ने समेत ब्यहोराको यानबहादर शाहीले मिति २०६८।१०।१८ गतेको कागज।

का.जि., विष्णु बुढानीलकण्ठ गा.वि.स. वडा नं.३ बस्ने हरेराम ढकालकी छोरी गीता ढकाललाई २०५० सालमा मागी विवाह गरी हामीहरूबाट दुई सन्तानको जायजन्म भइसकेको छ। जेठो छोरा आयुस र कान्छो छोरा आर्यन कोइराला हुन्। श्रीमती गीता ढकाल कोइरालासँग विवाह भएदेखि नै मेरो राजीखुसीले विवाह भएको होइन। आमाबाबुको करले गरेको हो। मलाई पुलिस मन पर्दैन भनी सामान्य खटपट भई चिसोपन हुन गई विगत १० वर्षदेखि हामी दुई बिच अलग अलग बस्ने कुरा भई निज श्रीमती विष्णु गा.वि.स.को घरमा र म का.जि., इचङ्गुनारायण गा.वि.स. को घरमा बस्दै आएको छु। मैले श्रीमती गीता ढकाल कोइरालालाई प्रतिवादी बनाई काठमाडौं जिल्ला अदालत समक्ष अंशचलन मुद्दा दिएको र सो मुद्दा हालसम्म फैसला भएको छैन। विचाराधीन अवस्थामा छ। श्रीमतीले मलाई प्रतिवादी बनाई काठमाडौं जिल्ला अदालतमा नै मानाचामल मुद्दा दिएकामा उक्त मुद्दामा काठमाडौं जिल्ला अदालतबाट तलबभत्ता रोक्का राखी जानकारी गराइदिने सम्बन्धी पत्र सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा लेखी पठाएको भनी हाल मिसिल संलग्न अदालतको पत्र देखें। यसै बिचमा नेपाल सरकारको निर्णय अनुसार सशस्त्र प्रहरी बल प्रधान कार्यालयले खटाए अनुसार चिनको बेइजिङमा नेसनल डिफेन्स कोर्सका लागि २०६८ साल भाद्र महिनामा गएको र मिति २०६८।९।२१ गते बिदा लिई नेपाल फर्की आएको थिएँ। फर्की आएपछि गीता ढकाल कोइरालासँग कुनै फोन सम्पर्क भेटघाट भएको थिएन। २७ गतेका दिन बिहान अं.०७.३० बजेतिर गीता ढकाल कोइरालाले प्रयोग गर्ने ९७४१०४३९९१ नं.को मोबाइल फोनबाट गीतासँगै बस्दै आएको मेरो कान्छो छोरा आर्यन कोइरालाले मैले प्रयोग गर्ने ९८१३२५६००० नं.को मोबाइलमा फोन गरेकाले उक्त फोन मसँगै बस्दै आएको जेठो छोरा आयुस कोइरालाले रिसिभ

गरेको र निज आयुसले भाइले स्कुल जाडो विदा भएको हुँदा मलाई लिन आउनु भनी भाइले खबर गरेको भनी जानकारी गराएपछि कान्छो छोरालाई लिनका लागि म, छोरा आयुस र चालक रामकुमार गुरुङ सहित तिन जना मेरो प्राइभेट कालो रङ्गको गाडीमा गीता ढकाल कोइराला बस्दै आएको घरमा गई छोरा आर्यनलाई गाडीमा राखी लिई फर्केको हो। घरमा जाँदा गीतासँग भेट भएको थियो तर कुनै गफगाफ भएन। कान्छो छोरालाई लिई हामी फर्कँदा अं.१० बजेको हुँदो हो। मैले दुबै छोरालाई टेनिस खेल्नका लागि हल्चोकमा छोडी म सपिङ गर्न गएँ। सपिङ गर्न भनी भाटभटेनी सुपर मार्केटमा गएँ। त्यहाँ सपिङ गर्दागर्दै गीताले मेरो नं. ९८१३२५६००० मा फोन गरी सल्लाह गर्नु छ तुरुन्त घरमा आउनु भनेपछि म केही जरुरी काम होला भनी गीता बस्ने गरेको विष्णु बुढानीलकण्ठको घरमा भाडाको ट्याक्सी चढी दिउसो अं. १२ बजेतिर पुगेको थिएँ। म घरमा पुग्दा गीता भऱ्याङ चढ्ने ठाउँनेर घाम तापेर बसिरहेकी थिइन्। म घरमा पुग्नासाथ गीता ढकाल कोइरालाले मलाई व्यापार गर्नका लागि इन्डिया जानु पर्ने भो, चार पाँच लाखजति रुपैया चाहियो भनिन्। मैले मसँग पैसा छैन भनी घरबाट निस्केर बाहिर जान खोज्दा गीताले मलाई रोक्दै मेरो ज्याकेट समातेर तान्दै विभिन्न गालीगलौज समेत गर्न लागिन्। तानातानकै क्रममा हामी बिच हात हालाहाल भयो। यसै बिचमा म भऱ्याङ चढी गीता ढकाल कोइराला सुत्ने गरेको कोठामा गएँ। उनी मलाई गाली गलौज गर्दै सोही कोठामा आई झगडा गर्न थालिन्। सो कोठामा पनि हामी बिच हात हालाहाल र धकेला धकेल भयो। हातपातकै क्रममा मैले निज गीतालाई धकेल्दा उनी कोठाकै भित्तामा बजारिन पुगिन्, निजको टाउको भित्तामा ठोकिन पुग्यो। त्यसपछि उनी बोल्न चल्न नसकी अचेत भइन्। मैले उसले नाटक गरेकी होली भन्ठानी तल बैठक कोठामा आई १०।१५ मिनेट जति बसें। त्यसपछि पुनः गीता पल्टेको ठाउँमा गई हेर्दा उनी सोही ठाउँमा पहिलेकै अवस्थामा पल्टिरहेकी थिइन्। त्यसपछि मैले उनीलाई हल्लाई चलाउँदा समेत कुनै प्रतिक्रिया नजनाएपछि उनको श्वासप्रश्वास समेत बन्द भइसकेको यकिन भई निजलाई उनी पल्टेकै ठाउँ बिस्तराको कुनापट्टि छाडी उनी सुत्ने गरेको ढोका बाहिरबाट लक गरी चाबी बाहिरपट्टि छोराले किताब राख्ने ठाउँनेर फाली म सो ठाउँबाट निस्केको हो। म त्यहाँबाट निस्कँदा दिनको अन्दाजी १ बजेको हुँदो हो। म एकदमै आत्तिई विक्षिप्त भई गीताको लासलाई के गर्ने भनी सोची कुनै एकान्त स्थानमा लगी जलाई नष्ट गर्न उपयुक्त सम्झें। त्यतिबेला दिनको बेलुकाको अं. ६ बजिसकेको थियो। मैले मेरो मोबाइल नं. ९८१३२५६००० बाट चालक शंकर पौडेलको मोबाइल नं.९८४१८१४३०१ मा फोन गरी मैले प्रयोग गर्ने सशस्त्र प्रहरी बल प्रधान कार्यालयको बा १ झ ६२१३ नं.को सरकारी प्राडो गाडी लिएर महाराजगन्ज चोकमा आउनु भनी बोलाएँ र बेलुकी ७ बजेतिर गाडी ल्याए। मैले बसुन्धरातर्फबाट महाराजगन्ज नपुग्दै केही ओरै निजलाई गाडी रोक्न लगाई चालक शंकर पौडेललाई सोही ठाउँमा बसी खाना खाँदै गर, म केही क्षणमा फर्कन्छु भनी म सोही गाडी लिएर गीता बस्ने गरेको घरमा गएँ। मैले गेट खोली घरभित्र गई गीतालाई मृत अवस्थामा छोडेको कोठा खोली गीताको लासलाई सोही ठाउँमा रहेको कम्मलले बेरी तल ओराली भान्सा कोठाकै ढोकाबाट बाहिर निकाली गाडीको पछाडिको ढोका खोली उक्त लासलाई बल्लतल्ल गाडीमा राखी गीता सुत्ने कोठाको ताला लगाई चाबी त्यहीं छोडी तल निस्केर भान्साकोठामा समेत ताला लगाई गाडी गेट बाहिर निकाली गेटमा समेत ताला लगाइदिएँ। म त्यहाँबाट निस्केर मूल सडकमा आई चालक शंकर पोडेललाई फोन गरें। त्यति बेला बेलुकाको ८ सवा ८ जति बजेको हुँदो हो। मैले गाडी

हाँकी चालकलाई छोडेको ठाउँमा पुगी म गाडीबाट ओर्ली ड्राइभरलाई गाडी चलाउन लगाएँ। त्यसपछि गाडी बढाई हल्चोक स्थित सशस्त्र प्रहरीको पेट्रोल पम्पमा आई ३०।३५ लिटर जति डिजेल गाडीमा भर्न लगाई थानकोटतर्फ बढाउन लगाएँ। हाम्रो गाडी नागढुङ्गा चेकपोस्ट क्रस गर्दा रातीको लगभग ९ बजेको हुँदो हो। मैले सो गाडीमा तिन चार वटा ग्यालेनमा पहिलेदेखि ल्याई त्यहीं रहेको पेट्रोलले गीताको लासलाई जलाई नष्ट गर्ने योजना बनाएँ। सोका लागि सुनसान र एकान्त ठाउँ जरुरी थियो। मैले खानीखोला पुगेपछि मेरो ड्राइभर शंकर पौडेललाई त्यहीं ओर्लन लगाई तिमी यहीं बस, म पछि तिमीलाई खबर गर्छु भनी कुनै निश्चित गन्तव्य बिना योजना बिना गाडी आफैले चलाई खानीखोला हुँदै नौबिसे पुगी त्यहाँबाट हेटौंडा जाने त्रिभुवन राजपथको बाटो हुँदै अगाडि बढें। त्यसपछि एक डेड घन्टा गाडी चलाई अगाडि बढेपछि सुनसान जस्तो ठाउँ देखी गाडी रोकें। मैले उक्त लासलाई सुनसान र सडकदेखि पर लैजान नसक्ने स्थिति भएपछि उक्त लासलाई सडक छेउमा जलाई नष्ट गर्न उचित सम्झी निज गीताको लास गाडीबाट बाहिर निकाली सडक छेउमा पुऱ्याई पेट्रोल निकाली लासमाथि खनाई आगो सल्काई जलाएँ। एकैछिन सोही ठाउँमा पेट्रोल खनाई लासलाई चलाई जलाएपछि म त्यहाँबाट गाडी लिई सोही बाटो प्रयोग गरी फर्केको हुँ। खानीखोला आइपुगेपछि मैले ड्राइभर शंकरलाई बोलाई निज आएपछि मैले ड्राइभर सिट छोडी शंकरलाई गाडी चलाउन दिई अं. ४.३० बजेतिर नागढुङ्गा क्रस गरी का.जि., इचङ्गुनारायण गा.वि.स. वडा नं.६ मा रहेको घरमा आइपुगी गाडी अफिसमा लगी राख्न पठाएको थिएँ। सो घटनामा अन्य कोही कसैको संलग्नता छैन। म एक्लैले लास जलाएको हो। मिति २०६८।१०।७ गतेका दिन घुमफिरका लागि बा ८ च. ५४०८ नं.को गाडी लिई हेटौंडातर्फ जाँदै गर्दा मकवानपुर जिल्लाको टिस्टुङ गा.वि.स. स्थित मेत्राङ भन्ने स्थानमा स्थानीय मानिसहरूले रोकी सोधपुछ गरे पश्चात प्रहरीलाई जिम्मा दिएपछि प्रहरीले मलाई छोडी म हेटौंडातर्फ गएको हो। सो घटनाको बिचमा मैले मानिस खोजबिन गरी दोषी उपर कारबाही गरिपाउँ भनी महानगरीय प्रहरी परिसर हनुमानढोका समेतलाई सम्बोधन गरी निवेदन दिएको हो भन्ने समेत ब्यहोरा उल्लेख गरी प्रतिवादी रञ्जनप्रसाद कोइरालाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

श्रीमती गीता ढकाल कोइरालालले यस मन्त्रालयमा आवश्यक कानुनी कारबाही गरिपाउँ भनी दिएको निवेदनको छायाकपी पठाइएको भन्ने समेत ब्यहोराको गृह मन्त्रालय प्रहरी प्रशासन शाखाको पत्र।

मिति २०६८। ९।२५ गते चिनजानको गीता ढकाल कोइरालाको घरमा गई भोलिदेखि काम गर्न आउनु भन्नु भएकाले ऐ. २६ गते निजको घरमा गई कपडा धुने, तरकारी काट्ने काम गरी बसें। दिदी गीताले खुट्टा मर्किएको छ भन्नु हुन्थ्यो। ऐ. २७ गते बिहान १० बजे उहाँको घरमा जाँदा कान्छो छोरा आमासँगै थिए। मलाई काम देखाइदिनु भयो म करेसाबारीतर्फ काम गर्न गएँ। सोही अवस्थामा कान्छो छोरा घरभित्रबाट निस्की बाबु आएकाले छोरालाई बाबुले अँगालो हालेको देखेको थिएँ। मैले काम गरिसकेपछि गीता कोइरालालाई भेट गर्न जाँदा निज आफ्नो कोठा बाहिर बरन्डामा बसी खुट्टा मालिस गर्दै हुनु हुन्थ्यो। सो अवस्थामा छोरा तथा बाबुलाई देखिनँ, मलाई रू.१००।– दिनुभई कुकुरलाई हड्डी भएको मासु किनेर ल्याइदिनु भन्नु भयो। मैले पसलमा गई खरिद गरी ल्याई कहाँ राख्ने भन्दा भान्सा कोठामा राखइदिनु भन्नु भयो। म दिनको अं.१२ बजेतिर काम सकी आफ्नो कोठामा गएको

थिएँ। भोलिपल्ट अर्थात २८ गते दिदी गीताको घरमा जाँदा बाहिर गेटमा ताला लगाई राखेकाले बाहिर जानु भएको होला भन्ने सोची डेरा कोठातर्फ फर्की आएँ। पछि निज दिदीको घरमा प्रहरी समेत आएको र दिदी गीतालाई निजकै श्रीमान रञ्जन कोइरालाले अपहरण गरी कर्तव्य गरी मारेको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेत बुझिएकी सरस्वती परियारले मिति २०६८।१०।२० गते गरिदिएको कागज।

म का.जि., विष्णु बुढानीलकण्ठ गा.वि.स. वडा नं.५ मा एक डेढ वर्ष अगाडिदेखि गीता ढकाल कोइरालाको घरमा मासिक रू.२०००।– लिने गरी घरायसी सरसफाइको काम गरी आएकी थिएँ। २०६७ सालको तिहारपछि गीता ढकाल कोइरालाको जेठो छोरा बाबुसँग का.जि. स्वयम्भूमा बस्ने गरेको हो। मिति २०६८।९।२४ हो वा २५ गते हो चाइनाबाट बाबु आएको भन्ने कुरा सानो छोराले आमालाई भनेका रहेछन्। मिति २०६८।९।२६ गतेका दिन दिदीले मलाई फोन गरी तपाईं नआउने ? भनी बोलाउँदा म पूजामा छु, आउन सक्दिनँ भनें। ऐ.२७ गतेका दिन दिउसो पूजा प्रसाद दिदीलाई पुऱ्याउन भनी अं. दिनको ३ बजेतिर जाँदा बाहिर गेटमा साँचो नलगाएकाले भित्र गएँ। भित्र गई दिदी दिदी भनी बोलाउँदा कुनै आवाज आएन। दिदी नबोलेपछि उहाँ सुत्ने कोठामा गई बोलाउँदा समेत नबोली ढोकामा फिट भएको हेन्डिल घुमाई खोल्न खोज्दा लक भएको पाएँ। त्यसपछि कराउँदै करेसाबारीतर्फ गएँ। कहीं कतै नदेखी फोन गर्दा फोन नउठेकाले म डेरा कोठातर्फ फर्की गएँ। मेरो डेरा कोठाबाट दिदी गीताको घरतर्फ हेर्दा भऱ्याङ चढ्ने प्यासेजको बरन्डामा पहिलाको सेतो पर्दा नदेखेको र पछि पर्दा लगाइसकेको देखेको थिएँ। साँझ अं. ७.३० बजे दिदी गीताको घर अगाडि गाडीको आवाज सुनी हेर्दा ढोका खोली गाडी भित्र गयो। दिदीको आफन्त मानिस होला भन्ने सोचें। सो अवस्थामा लोडसेडिङ भएकाले अँध्यारो थियो। जीप गाडी जस्तो प्रस्ट रङ्ग यकिन गर्न सकिन। घरको भान्सा कोठा अगाडि लसुन लगाएको स्थानमा गाडी रोकेको देखें। एक जना मानिस सानो लाइट बाली घरभित्र प्रवेश गरेकोसम्म देखेको र मानिस कस्तो थियो यकिन गर्न सकिनँ। १५।२० मिनेटपछि गेटमा गाडी रोकी ढोका बन्द गरेको आवाज सुनें। दिदी अस्पतालतर्फ जान लाग्नु भयो होला भनी सोचें। भोलिपल्ट ऐ. २९ गते गीता ढकालको भाइ आई मलाई सोधेपछि प्रहरी आए। पछि बुझ्दै जाँदा दिदी गीतालाई निजकै श्रीमान रञ्जन कोइरालाले कर्तव्य गरी मारी लासलाई मकवानपुर टिस्टुङ भन्ने स्थानमा लगी जलाएको थाहा पाएँ भन्ने समेत बुझिएकी मृतक गीता ढकाल कोइरालाको घरमा काम गरी बस्ने गीता कटुवालले गरिदिएको मिति २०६८।१०।२० गतेको कागज।

सशस्त्र प्रहरी नायब महानिरीक्षक रञ्जन कोइराला मित्र राष्ट्र चिनमा हुने तालिमका लागि मनोनित भई मिति २०६८।५।१६ गते खटिई जानु भएको थियो। निज कोइरालालाई यस कार्यालयबाट बा१झ ६२१३ नं.को प्राडो गाडी र चालक तथा अङ्गरक्षक सुविधा स्वरूप उपलब्ध गराइएकामा गाडी चालक स.प्र.ज. शंकर पौडेलले बुझी निजको जिम्मामा रहेको, तालिमबाट विदामा आएको कुरा निजले यस कार्यालयमा कुनै जानकारी नगराएको, विदेश तालिममा रहेको व्यक्ति विदामा आउँदा सन्बन्धित कार्यालयलाई जानकारी गराउने वा नगराउने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था नरहेको हुँदा उक्त कुरा सन्बन्धित अधिकृतको विवेकमा भर पर्ने र विदामा आएपछि रञ्जन कोइरालाको आदेश बमोजिम नै चालक शंकर पौडेलले आदेशानुसार मिति २०६८।९।२१ गते बिहान १० बजे रञ्जन कोइरालालाई

लिन निजलाई उपलब्ध गराइएको गाडी लिई गएको, निजको जिम्मामा कुनै हातहतियार नरहेको साथै मिति २०६८।९।२७ गतेका दिन चालक शंकर पौडेलले १२३ लिटर पेट्रोल रञ्जन कोइरालाका नाममा रहेको व्यक्तिगत खातामा जनाई लगेको कुपनबाट देखिएको भन्ने समेत ब्यहोराको सशस्त्र प्रहरी बल प्रधान कार्यालयको मिति २०६८।१०।२० गतेको पत्र।

म मिति २०६८।९।२७ गते सशस्त्र प्रहरी प्रधान कार्यालयबाट सञ्चालित फ्युल स्टेसनको भित्रतर्फ फ्युल दिने काम गरिरहेको थिएँ। अं.१० बजेतिर मैले पहिला चिनेका डि.आइ.जी. रञ्जन कोइरालाको चालक स.प्र.ज. शंकर पौडेलले सानो कार गाडी ल्याई कारबाट तिन वटा ग्यालेन झिकी सरका नाममा कुपन काटी पेट्रोल भरिदेउ भनेकाले दुइ वटा ३५।३५ लिटरका ग्यालेन र एउटा ५० लिटरको ग्यालेनमा पेट्रोल भरिदिँदा तिन वटै ग्यालेनमा १२३ लिटर अटाएकाले सो तेल भरिएका ग्यालेन गाडीमा लोड गरी लगेका हुन्। सो तेल डि.आइ.जी. रञ्जन सरका नाममा कुपन काटी चालक शंकरलाई कुपनमा सही गराएको हो भन्ने समेत ब्यहोराको स.प्र.ज. युगमाया श्रेष्ठले मिति २०६८।१०।२३ गते गरिदिएको कागज।

मिति २०६८।९।२७ गतेका दिन साँझ अं. ०८.३० बजे केन्द्रीय आदेश कक्षबाट डि.आइ.जी. रञ्जन सरको गाडी आउँदै छ। तेल भर्न तयारी हुनु भन्ने आदेश भएकाले फ्युल स्टेसनमा नै थिए। चालक शंकर पौडेलले गाडी लिएर आए। चालकलाई के कति राख्ने भनी सोध्दा ट्याङ्कीमा अटाएसम्मको तेल हालिदेउ भन्नु भएकाले मैले तेल भरिदिँदा ५९ लिटर डिजेल अटाएकाले रञ्जन सरका नाममा कुपन काटी चालक शंकर पौडेलको नाम उल्लेख गरेको थिएँ भन्ने समेत ब्यहोराको बुझिएका सहदेव जैसीको मिति २०६८।१०।२३ गतेको कागज।

मिति २०६८/१०/७ गतेका दिन १५.०० बजे भाइ रञ्जन कोइरालालाई फोन गरी वानेश्वर चोकमा गीता ढकाल कोइराला हराएको सम्बन्धमा पत्रकार माझ हाम्रो पनि कुरा राख्नु पर्‍यो भनी वानेश्वर चोकमा भेट भएपछि केही समयका लागि गाडी चाहियो भनेकाले बा ८ च ५४०८ नं को गाडी दिएको हुँ। निज गाडी लिएर कहाँ गए थाहा भएन। यसरी गाडी लगेपछि के कहाँ गयो भनी खोजी गरियो। निज फेला परेनन्। रातको १२.०० बजे भाइलाई फोन गर्दा फोन लाग्यो। बोल्दा केही लागु औषध खाएको जस्तो बोली सुनी तिमी कहाँ छौ भन्दा म कहाँ छु मलाई नै थाहा छैन भनेका थिए। उक्त गाडीमा फेला परेको सेतो प्लाष्टिक घर नजिक स्विमिङ पुल मासी कोठा निकाली ढलान गर्न भनी कामदारहरूलाई ल्याई राख्न अराएको थिएँ। निजहरूले नै ल्याई डिकीमा राखेका हुन् वा के हो सो मलाई थाहा भएन भन्ने समेत ब्यहोराको रवीन्द्रप्रसाद कोइरालाले मिति २०६८।१०।२३ गते गरेको कागज।

म का.जि. विष्णु बुढानीलकण्ठ गा.वि.स. पासीकोटमा आमा गीता ढकाल कोइरालासँगै बस्छु। दादा आयुस, बाबा, हजुरआमा स्वयम्भूको घरमा बस्नु हुन्छ। बाबा र ममीको झगडा विवाद हुने मलाई थाहा छैन। मिति २०६८।९।२५ गतेका दिन साँझ ७ बजे दादा आयुसलाई फोन गर्दा फोन बाबाले उठाउनु भएकाले बाबा चाइनाबाट आउनु भएको थाहा भयो। मैले बाबासँग कुरा गर्दा ममीले सुन्नु भएको थियो। बाबाले हेलो बेटा के छ भनी फोन राखिदिए। ऐ. २७ गते बिहान अं. ७.३० बजेतिर म सुतिरहेको थिएँ। दादाले गर्नु भएको फोन उठाउँदा तिमी यहाँ आउने होइन त भन्नु भयो। मैले आमासँग

सोध्नु पर्छ, आमालाई सोध्छु अनि फोन गर्छु भनी फोन राखिदिएँ। आमासँग सोध्दा जाउ न त भन्नु भएकाले दादालाई फोन गरी मलाई लिन आउनू भने। बिहान १०.३० बजेतिर बाबा, दादा र चालक गाडी लिएर म बसेको घरमा आउनु भयो। बाबासँग कुरा गरी बाबाले ल्याइदिएको कपडा लगाएँ। बाबाममीको कुनै कुरा भएको सुनिनँ। १०।१५ मिनेटपछि म, दादा, बाबासँगै गाडीमा स्वयम्भू घरमा गएको हो। त्यसपछि केही समयपछि बाबा बाहिर निस्की जानु भएको थियो। के कहाँ जानु भयो थाहा भएन। सो दिन भेट पनि भएन। भोलिपल्ट बिहान बाबालाई देखेको हो। अरू मलाई थाहा भएन भन्ने समेत आर्यन कोइरालाले मिति २०६८।१०।२३ गते गरेको कागज।

मेरो बाबा र आमा पहिला सँगै रहँदा सामान्य विवाद हुने गरेको थियो। ५।६ वर्ष अगाडि बाबा र ममी सँगसँगै बस्न नसकेकाले आमा विष्णु बुढानीलकण्ठ गा.वि.स. पासीकोटमा बस्ने र बाबा रञ्जन कोइराला स्वयम्भू घरमा बस्दै आउनु भयो थियो। म ७।८ महिना अगाडिदेखि बाबासँग बस्दै आएको छु। ४।५ महिना अगाडि बाबा चाइना जानु भएको थियो। १ महिना अगाडि चाइनाबाट फर्की घरमा आउनु भएको हो। मिति २०६८।९।२७ गते बिहान ७.३० बजे भाइ आर्यनलाई मोबाइल फोन गरी स्वयम्भू घरमा आउने होइन भन्दा ममीसँग सोध्नु पर्छ भनेका थिए। केही समयपछि भाइले फोन गरी ममीले जाउ न त भन्नु भएको छ लिन आउनू भनेकाले बाबा, चालक रामकुमार गुरुङ र म कारमा बसी भाइलाई लिन अं. १०.३० तिर गएको हो। जाँदा ममीसँग मेरो कुरा भएको थियो। बाबा र ममीको कुनै कुरा भएन। भाइलाई बाबाले ल्याइदिएको कपडा लगाइदिई बाबा सहित फर्की घरमा आएका थियौं। अं.१० मिनेटपछि बाबा घरबाट बाहिर निस्की जानु भएको थियो। सो दिन साँझ आउनु भएन। भोलिपल्ट बिहान बाबालाई घरमा नै देखेको हो भन्ने मिति २०६८।१०।२३ गते आयुस कोइरालाले गरेको कागज।

प्रतिवादी रञ्जन कोइरालाकी श्रीमती गीता ढकाल कोइरालाले २०६७ सालमा आफ्ना श्रीमान रञ्जन कोइरालाका विरुद्धमा आवश्यक कारबाही गरिपाउँ भनी दिएको उजुरी निवेदन दर्ता गरिएको अभिलेखमा नदेखिएको भए तापनि निज पीडित गीता ढकाल कोइराला स्वयं उपस्थित भई आफ्ना पति रञ्जन कोइरालाले आफुलाई बारम्बार कुटपिट गरी यातना दिएकाले शान्ति सुरक्षाको व्यवस्थाका लागि यस कार्यालय अन्तर्गतको लैङ्गिक हिंसा विरुद्ध उजुरी व्यवस्थापन तथा अनुगमन इकाइ सल्लाहकार समूहका सदस्य माननीय सपना मल्ल प्रधानले रञ्जन कोइरालालाई बोलाई अब आइन्दा यस प्रकारको हरकत नगर्न, पीडितलाई कुनै प्रकारको हानि नपुऱ्याउन सम्झाइ बुझाइ गरी पठाएको भनी यस कार्यालयमा मौखिक जानकारी गराएको भन्ने समेत ब्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरवारको मिति २०६८।१०।२२ गते पत्र।

मेरी छोरी गीता ढकाल कोइरालाको हत्यामा पक्राउ परी आएका रञ्जन कोइरालाको अनैतिक सम्बन्ध रहेकी तारा रेग्मीको समेत हत्यामा प्रत्यक्ष मिलेमतो संलग्नता समेत रहेको कुरा खुल्न आएको हुँदा निज तारा रेग्मी समेतलाई पक्राउ गरी कानुन बमोजिम कारबाही गरिपाउँ भन्ने समेत ब्यहोराको हरेराम ढकालको मिति २०६८।१०।२४ गतेको पूरक जाहेरी दरखास्त।

छोरा रञ्जन कोइराला र बुहारी गीता ढकाल कोइराला एकआपसमा सगोलमा बस्न नसकी बुहारी गीता का.जि., विष्णु गा.वि.स. को घरमा र छोरा रञ्जन का.जि., इचङ्गुनारायण गा.वि.स. को

घरमा बस्ने र नाति आयुस कोइराला बाबु रञ्जनसँगै र कान्छो छोरा आमा गीतासँग बस्दै आएका थिए। मिति २०६८/९/२१ गते छोरा रञ्जन चाइनाबाट नेपाल फर्केको र मैले २ दिनपछि मात्र भेटेको हुँ। छोरा मिति २०६८/१०/१ गते बिरामी भएकाले गंगालाल अस्पताल लगी उपचार गरी भोलिपल्ट डिस्चार्ज भएका हुन्। मिति २०६८/१०/८ गते रञ्जन कोइरालाले बुहारी गीतालाई कर्तव्य गरी मारेको अभियोगमा पक्राउ भएको भन्ने सुनें, निज छोराले २०६८/९/२७ गते नै गीता ढकाल कोइराला बसेकै घरमा गई कर्तव्य गरी मारी मकवानपुर जिल्ला टिस्टुङ गा.वि.स.को मेत्राङ भन्ने ठाउमा लगी जलाएको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको रमादेवी कोइरालाले मिति २०६८।१०।२५ गते गरेको कागज।

रञ्जन कोइराला र बुहारी गीता ढकाल कोइराला एक आपसमा सगोलमा बस्न नसकी बुहारी गीता का.जि., विष्णु गा.वि.स. को घरमा र छोरा रञ्जन का.जि., इचङ्गुनारायण गा.वि.स.को घरमा बस्ने गरेका थिए, निजहरू बिच अंशचलन तथा मानाचामल सम्बन्धी मुद्दा दर्ता भएको छ। यसै क्रममा बुहारी गीता ढकाल कोइरालालाई अपहरण गरी बेपत्ता पारेको भन्ने सम्बन्धमा बुहारीका बुबा हरेराम ढकालले हनुमानढोका प्रहरीमा किटानी जाहेरी दिएका रहेछन्, सो सम्बन्धमा दुबै थरि उपस्थित भई छलफल गरियो। समस्या टुङ्गो लागेन। मिति २०६८/१०/४ गतेका दिन भाइ रञ्जन समेत गीता ढकाल कोइरालाको घरमा गई प्रहरी समेतले खानतलासी गर्दा फेला परेका गीता ढकालको फोटो खिची निकाली खोजतलासका लागि माग गरेको हुनाले निजको अङ्गरक्षकलाई दिएर पठाएको थिएँ। मिति २०६८।१०।७ गते राती भाइ रञ्जन घरमा नभएको कसैको सम्पर्कमा नभएको थाहा पाएँ। मैले फोन गर्दा आफु मुग्लिनमा रहेको भनी बताएका थिए। सो कुरा तारा रेग्मीलाई फोन गरी बताएँ। निजलाई खोज्न तारा रेग्मी समेत गइछिन्। भोलिपल्ट बिहान भाइ रञ्जनले बुहारी गीतालाई कर्तव्य गरी मारेको अभियोगमा प्रहरीद्वारा पक्राउ परेको समाचार माध्यमबाट सुनी थाहा पाएँ। उक्त वारदातमा तारा रेग्मीको संलग्नता र भूमिका रहेको भन्ने मलाई थाहा भएन भन्ने समेत रमेश कोइरालाले मिति २०६८।१०।२५ गते गरेको कागज।

हरेराम ढकालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रञ्जन कोइराला समेत भएको कर्तव्य ज्यान सम्बन्धी अपराधको अनुसन्धानका क्रममा सोही वारदातमा संलग्न भनिएकी तारा रेग्मीलाई खोज तलास गर्दै जाँदा फेला परेकाले पक्राउ गरी दाखिला गरेका छौं भन्ने समेत ब्यहोराको प्रहरीको प्रतिवेदन।

मेरो पहिलो श्रीमानसँग सम्बन्ध विच्छेद गरी म काठमाडौंमै बसी व्यवसाय गर्न थालेपछि रञ्जन कोइरालासँग भेट भई एकआपसमा विवाह गर्ने कुरा भई हालसम्म निजसँगै बसी आएकी छु। रञ्जन कोइराला र निजकी श्रीमती गीता ढकाल कोइराला बिचको सम्बन्ध बिग्रिएकाले निजहरू एकआपसमा सगोलमा बस्न नसकी गीता का.जि., विष्णु गा.वि.स. को घरमा र रञ्जन का.जि., इचङ्गुनारायण गा.वि.स.को घरमा बस्ने गरेका हुन्। रञ्जन कोइराला तालिमका लागि चाइना गई मिति २०६८।९।२१ गते विदा लिई नेपाल आएकाले एयरपोर्टमा लिनका लागि म र चालक शंकर पौडेल गई ल्याई मेरै घरमा लगेको थिएँ। मिति २०६८।९।२६ गतेका दिन विदेश मलेसियामा मेरो काम भएकाले मलेसिया गई १० दिनसम्म मलेसियामा बसी मिति २०६८।१०।५ गते नेपाल फर्किएकी

हुँ। घरमा आएपछि रञ्जन कोइरालाले गीता ढकाल हराएकी छे, कहा गयो थाहा भएन भनेका थिए। मिति २०६८।१०।६ गते गीता ढकालका बाबु हरेराम ढकालले दिएको उजुरी निवेदन सम्बन्धमा छलफल गर्ने भनी हनुमानढोकामा आएको र म पनि आएकी थिएँ। ऐ. ७ गते बिहान मेरो गाडी लिएर दिदी रमा भारतीकहाँ जान्छु भनी रञ्जन कोइराला गएको र साँझ फोन गर्दा फोनको घन्टी जाने, फोन नउठाउने गरेको र उठे पनि गाडी चलेको जस्तो आवाज आउने गरेको थियो। के कहाँ गए होलान् भनी खोजी गर्नका लागि मेरो भाइ ईश्वर रेग्मीलाई साथ लिई रिङरोड चक्कर लगाई विभिन्न होटलमा गई खोज्दा पनि पत्ता नलागेपछि दाजु रमेश कोइरालाको घरमा गयौं। रमेश कोइरालाको फोनबाट रञ्जन कोइरालाको मोबाइलमा फोन गर्दा कहाँ छौ भन्दा कुनै ठाउँ नबताएको र मैले फोन गर्दा मुग्लिनमा छु भनेको र नागढुङ्गा प्रहरीमा फोन गरी बा ८ च ५४०८ नं.को कार बाहिर गएको छ छैन भनी फोनबाट जानकारी लिँदा गएको भन्ने थाहा पाई खोजी गर्न भनी चालक शंकर पौडेललाई सरकारी गाडी लिई स्वयम्भू चोकमा आउन भनें। म भाइ ईश्वर रेग्मीको मोटरसाइकल चढी स्वयम्भू पुगें। मोटरसाइकल त्यहीँ छोडी भाइ, चालक, बडीगार्ड ऋषिराम पौडेल समेत भई खोजी गर्न गयौं। रातको अं. १२ बजेको थियो होला। नागढुङ्गा कटी जाँदै गर्दा भाइ शंकर रेग्मीलाई फोन गरी तिमी बा ८ च ५४०८ नं.को गाडी खोजी गर्दै काठमाडौंतर्फ आउ, हामी पनि आउँदै छौं भनें। नौबिसे कटेपछि भाइ शंकरले मलाई फोन गरी उक्त नं.को गाडी रामनगरमा भेटियो। गाडीमा भिनाजु बेहोस जस्तो सारै बिरामी जस्तो देखिनु हुन्छ भनेकाले उपचारका लागि अस्पताल लैजाउँ भनें। भाइले अस्पतालमा लगी जाँच गराएपछि आफ्नो घरमा लगी राखेको र म समेत नारायणगढ माइती घरमा अं.४ बजे पुगी रञ्जनसँग भेट भयो। मसँग गएका चालक बडीगार्डहरूलाई सुत्न पठाए। रञ्जनसँग कुरा गर्दा प्रस्ट बोली नफुट्ने केही नबोल्ने गरेकाले तपाईंले गीतालाई केही गर्नु भएको छ कि भनी सोध्दा निजले टाउको हल्लाएर हो भनी आँसु खसाली रोए। त्यसो हो भने अब काठमाडौंमै जाउँ, जे जसो गर्नु पर्ने हो त्यहीँ गएर गर्नु पर्छ भनी सम्झाएको थिएँ। त्यसपछि चालक शंकरलाई फोन गरी तिमीहरू गाडी लिएर काठमाडौंतर्फ फर्कनु भनी भाइ ईश्वरलाई तेल भर्न भनी रू.२०००।– छोडी मैले रञ्जनलाई बा ८ च ५४०८ नं.को गाडीमा राखी गाडी मैले नै हाँकी गाडीमा तेल नभएकाले नारायणगढ चोकमा रहेको पेट्रोल पम्पमा गई रू.२०००।– को तेल भरी काठमाडौंतर्फ आउँदै गर्दा बिच बाटोमा गाडी रोक्न लगाई हेन्डब्रेक तानिदिएकाले गाडी रोकी साइड लगाए। अब तिमीले छोराहरू र आमालाई हेर्नू, गीता मरिसक्यो म फसें भनी छट्पटिने गरेकाले यस्तो कुरा अब नदोहोराउ, म सुन्न चाहन्नँ भनी गाडी चलाई आउँदै गर्दा बैंरेनी कटिसकेपछि गाडी रोकी तिमी अर्को गाडीमा जाउ, म पछि आउँछु भन्दा मैले सँगै जानु पर्छ भनी जिद्धि गर्दा समेत नमानी, कसम खाई म जसरी भए पनि आउँछु भनेकाले चालक शंकरलाई फोन गरी तिमी कहाँ आउँदै छौ भनी फोन गर्दा हामी आउँदै छौं भनी केही समयपछि बा १ झ ६२१३ नं.को गाडी लिई आइपुगे। म सोही सरकारी गाडीमा चढी आएँ। नागढुङ्गा क्रस गरी आउँदै गर्दा निज रञ्जनले मेरो गाडी पुलिसले रोक्यो भनेकाले राती टिपाएको नम्बर भएकाले प्रहरीले रोक्यो होला भन्ने सोचें। निजले फोन काटे। हामी स्वयम्भू घरमा गयौ। केही समयपछि डि.आइ.जी. रञ्जन श्रीमती गीताको हत्या अभियोगमा पक्राउ भन्ने सञ्चार माध्यमबाट समेत सुनेकी हुँ। यसरी निज रञ्जनले गीता ढकाल कोइरालालाई हत्या गरिसक्यो भन्ने मलाई बाटोमा आउँदा नै शङ्का भइसकेको थियो। निजले गीता ढकालको हत्या गरेको भनिएको

दिनमा म विदेश मलेसियामा रहेको र निजलाई कर्तव्य गरी मार्नुमा मेरो कुनै संलग्नता नरहेकाले मेरो नाम समेत किटान गरी हत्यामा संलग्न रहेको भनी मृतक गीता ढकाल कोइरालाका बाबु हरेराम ढकालले किन जाहेरी दिनु भयो सो मलाई थाहा भएन भन्ने समेत प्रतिवादी तारा रेग्मीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

मिति २०६८।१०।६ गतेका दिन छोरीको उपचारका लागि काठमाडौंमा आई दिदी तारा रेग्मीको घरमा गई बसेको थिएँ। मिति २०६८।१०।७ गतेका दिन साँझ भिनाजु रञ्जन कोइराला हराएकाले खोजी गर्न जानु पऱ्यो भनी मेरो मोटरसाइकलमा दिदी तारा रेग्मीलाई राखी काठमाडौं चक्रपथ रिङरोड घुमी, विभिन्न होटलहरूमा खोजी गऱ्यौं, फेला परेन। रातको अं. १२ बजेतिर भिनाजु मुग्लिनतर्फ रहेको भन्ने दिदीबाट थाहा भएकाले खोजी गर्नका लागि दिदीले बा १ झ ६२१३ नं.को गाडी मगाई स्वयम्भू चोकमा ल्याउनू भनेकाले हामी स्वयम्भू चोकमा गयौं। त्यहाँ गाडी लिएर चालक शंकर पौडेल, यानबहादुर शाही र ऋषिराम ढुङ्गेल आएपछि हामी सबै खोजी गर्नका लागि थानकोट हुँदै नौबिसेतर्फ लाग्यौं। जाँदै गर्दा दिदीले शंकर रेग्मीलाई फोन गर्नु भएकाले भिनाजु रामनगरमा फेला पर्नु भयो रे भन्नु भयो। हामीहरू मध्ये यानबहादुर शाही र मलाई मुग्लिनमा बस्नु भन्नु भयो। हामी त्यहीं बस्यौ। भोलिपल्ट साँझ गएको गाडी आयो। दिदी सो गाडीमा देखिनँ। हामी गाडी चढी काठमाडौंतर्फ आउँदै गर्दा बैरेनी अगाडि सडक छेउमा बा ८ च ५४०८ नं.को गाडी रोकिएको, दिदी सडक छेउमा उभिरहनु भएको र भिनाजु गाडीभित्र देखेको थिएँ। दिदी हामी चढेको गाडीमा चढ्नु भयो। छिटो जाउँ भनी हामी काठमाडौंतर्फ आयौं। थानकोटतर्फ आउँदै गर्दा नागढुङ्गामा गाडी प्रहरीले पक्राउ गरेको भनी दिदीले भनेकाले थाहा पाएको हो। हामी स्वयम्भू घरमा पुगी बसेका थियौं। केही समयपछि डि.आइ.जी. रञ्जन श्रीमती गीताको हत्या अभियोगमा पक्राउ परेको भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेत बुझिएका ईश्वर रेग्मीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज।

मिति २०६८।१०।७ गतेका दिन राती म घरमै थिएँ। दिदी ताराले फोन गर्नु भई भिनाजु हराउनु भएको छ, बा ८ च ५४०८ नं.को गाडी लिएर हिँड्नु भएको छ, खोजी गर्नका लागि मुग्लिनतर्फ आउ, हामी काठमाडौंबाट आउँदै छौं भन्नु भएकाले म मोटर साइकल लिई खोजी गर्नका लागि चितवन रामनगर आइपुग्दा रामनगरको सडक किनारामा बा ८ च ५४०८ नं.को गाडी रोकी राखेको देखें। नजिक गई हेर्दा भिनाजु रञ्जन कोइरालालाई देखें। गाडीको ढोका खोली हेर्दा बिरामी भए जस्तो देखें, बोलाउदा बोल्नु भएन। मैले गाडी हाँकी अस्पताल लगी जाँच गराउँदा केही रक्तचाप बढेको भनी डाक्टरले भनेको र यसमा केही डर मान्नु पर्दैन भनेकाले निजलाई मेरो घरमा लगी राखेको थिएँ। बिहान अं. ४ बजे दिदी पनि आइपुग्नु भयो। दिदी भिनाजुको के के कुरा भए मलाई थाहा भएन। दिदीले भिनाजुलाई कारमा राखी केटाहरूलाई तेल भर्न भनी छोडिदिनु भएको रू.२०००।– चालकलाई दिएँ। निजहरू सरकारी गाडी लिएर गए। दिनको १२ बजे न्युजमा डि.आइ.जी. रञ्जन श्रीमती गीता ढकालको हत्यामा पक्राउ भन्ने सञ्चार माध्यमबाट थाहा पाएको हो। पछि बुझ्दा भिनाजु रञ्जनले गीता ढकाल कोइरालालाई कर्तव्य गरी मारी जलाएको भन्ने सुनि थाहा पाएको हुँ भन्ने समेत बुझिएका शंकर रेग्मीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज।

करिब एक वर्ष अगाडि रञ्जन काइरालाले गीता ढकाल कोइरालालाई घरभित्र बस्न नदिई घरको ढोकामा ताल्चा लगाई बन्द गरेकाले सो कुराको जिज्ञासा राख्दा घरकै सत्रुले यस्तो कार्य गरेको हो, सहयोग गर्नु होस् भनी सहयोगको अपेक्षा गरेकीले सोही दिनमा प्रहरीको सहयोगमा घर खोलिएको थियो। मिति २०६८।९।३० गतेका दिन गीताको घर अगाडि प्रहरी आई जम्मा भेला भएको देखी बुझ्दा गीता हराएकी छिन् भन्ने थाहा भयो। मिति २०६८।१०।८ गते रञ्जन कोइरालाले आफ्नै श्रीमती गीतालाई कर्तव्य गरी मारी मकवानपुर जिल्लाको टिस्टुङ गा.वि.स.को जङ्गलमा लगी जलाएको भन्ने थाहा पाएँ। निजले श्रीमती गीता ढकाललाई कर्तव्य गरी मारी जलाएकामा विश्वास लाग्छ भन्ने समेत तारा थापाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज।

मिति २०६८।१०।८ गते रञ्जन कोइरालाले आफ्नै श्रीमती गीता ढकाललाई मिति २०६८।०९।२७ गते कर्तव्य गरी मारी मकवानपुर जिल्लाको टिस्टुङ गा.वि.स.को जङ्गलमा लगी जलाएको भन्ने थाहा पाएँ। निजले श्रीमती गीता ढकाललाई कर्तव्य गरी मारी जलाएकामा विश्वास लाग्छ भन्ने समेत ज्वाला कुँवरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज।

गीता ढकाल कोइराला छोरा आर्यनलाई साथमा लिई का.जि., विष्णु गा.वि.स. वडा नं.५ को घर बस्ने गरेका थिए। श्रीमान श्रीमती बिचको सम्बन्ध राम्रो थिएन। निजहरू बिचमा अंशचलन र मानाचामल मुद्दा काठमाडौं जिल्ला अदालतमा चलेको भन्ने थाहा पाएको हुँ। मिति २०६८।०९।२९ गते गीता ढकाल कोइराला हराएको भन्ने सुनेको र २०६८।१०।८ गते रञ्जन कोइरालाले श्रीमती गीता ढकाल कोइरालाको हत्या अभियोगमा पक्राउ परेको भनी सुनी थाहा पाएको हुँ। गीता ढकाललाई रञ्जन कोइरालाले मिति २०६८।०९।२७ गते कर्तव्य गरी मारी मकवापुर जिल्लाको टिस्टुङ गा.वि.स.को जङ्गलमा लगी जलाएको भन्ने थाहा पाएँ। निजले श्रीमती गीता ढकाललाई कर्तव्य गरी मारी जलाएकामा विश्वास लाग्छ भन्ने समेत सितु कार्कीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज।

गीता ढकाल कोइराला र रञ्जन कोइराला छिमेकी भएकाले चिनजान छ। मिति २०६८।९।२९ गते गीता ढकाल कोइराला हराएको भन्ने सुनेको र २०६८।१०।८ गते रञ्जन कोइराला श्रीमती गीता ढकाल कोइरालाको हत्या अभियोगमा पक्राउ परेपछि गीता ढकाललाई रञ्जन कोइरालाले मिति २०६८।०९।२७ गते कर्तव्य गरी मारी मकवापुर जिल्लाको टिस्टुङ गा.वि.स.को जङ्गलमा लगी जलाएको भन्ने थाहा पाएँ। निजले श्रीमती गीता ढकाललाई कर्तव्य गरी मारी जलाएकामा विश्वास लाग्छ भन्ने समेत डा. नारायण कुँवरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज।

मकवापुर जिल्लाको टिस्टुङ गा.वि.स.को जङ्गलमा फेला परेको लासको अवशेषको साथमा फेला परेको कानमा लगाउने गहना मलाई देखाउँदा देखें, उक्त गहना छोरी गीताले लगाउने गहनाको एक भाग हो भनी मृतककी आमा हरिप्रिया ढकालले गरेको सनाखत कागज।

मेरो दिदी गीता ढकाल र रञ्जन कोइराला बिच सम्बन्ध बिग्रेकाले निजहरू बिच अंशचलन र मानाचामल मुद्दा चलेकाले भिनाजु रञ्जन कोइराला र दिदी गीता अलग अलग बसी दिदीले कान्छो छोरा साथमा लिई बस्नु भएको थियो। भिनाजु रञ्जन कोइराला तालिमका लागि चाइना गई मिति २०६८।९।२१ गते चाइनाबाट नेपाल फर्केको भन्ने थाहा पाएको हुँ। मिति २०६८।९।२७ गतेसम्म

दिदी गीतासँग मोबाइल सम्पर्क भइरहेको थियो। सोही दिन साँझदेखि फोन लागेन। मोबाइल फोनको स्विच अफ भएको भन्ने आमा हरिप्रिया ढकालबाट थाहा पाएको र लोडसेडिङ भएकाले मोबाइल स्विच अफ भएको होला भन्ने सोचें। मिति २०६८।९।२८ गते फोन गर्दा फोन लागेन। मिति २०६८।९।२९ गतेका दिन दिदीको घरमा गई हेर्दा गेटमा ढोका लगाई राखेको र पछि गीता कटुवालसँग भेट भई निजसँग गीता दिदी कहाँ गइछिन् भनी सोध्दा निजले म गीता दिदीको घरमा काम गर्छु। मिति २०६८।९।२७ गतेका दिन दिउसो दिदीको घरमा जाँदा बाहिरको गेट खुल्ला रहेकाले भित्र गई दिदी भनी बोलाउँदै भित्र जाँदा दिदी बोल्नु भएन। भान्सा कोठाको ढोकामा ताल्चा नलगाई ढप्काएको मात्र थियो। दिदी भनी कराउँदै दिदी सुत्ने कोठासम्म पुगें बोल्नु भएन। दिदी सुत्ने कोठाको ताल्चा खोल्दा लक रहेछ। साँझ ७।८ बजेतिर दिदीको घरमा जीपजस्तो गाडी लिई एक जना मानिस भित्र प्रवेश गरी भान्सा कोठा नजिक गाडी रोकी सानो लाइट बाली भित्र गयो। १०।१५ मिनेटपछि भित्रबाट सानो लाइट बाल्दै बाहिर निस्क्यो। अँध्यारो भएकाले ठम्याउन सकिनँ। मैले दिदी अस्पतालतर्फ जानु भएको होला भन्ने सोचें। भोलिपल्ट दिदी गीताकहाँ जाँदा बाहिर गेटमा ताल्चा लगाएको पाएँ भनी बताएकाले ऐ. ३० गते प्रहरीमा समेत जानकारी गराई प्रहरी आई ढोका खोली हेर्दा दिदी घरमा नभएको र दिदी सुत्ने कोठाको ढोका बन्द भएको थाहा पाएको हुँ। त्यसपछि दिदीको खोजी गर्नका लागि बाबु हरेराम ढकालले निवेदन समेत दिनु भएको थियो। दिदीको खोजतलास गर्दा समेत फेला परिनन्। मिति २०६८।१०।८ गतेका दिन जिल्ला मकवानुपर टिस्टुङ गा.वि.स.को जङ्गलमा फेला परेको मानव शरीरका अवशेषहरू पोस्टमार्टमका लागि शिक्षण अस्पतालमा ल्याएको र लासमा फेला परेको घडी समेतबाट दिदी गीतालाई प्रतिवादी रञ्जन कोइरालाले मिति २०६८।०९।२७ गते कर्तव्य गरी मारी लासलाई दबाउने छिपाउने उद्देश्यले उक्त स्थानमा लगी जलाएको यकिन भयो। दिदी गीता ढकाल कोइरालालाई कर्तव्य गरी मार्ने योजनामा मतियारका रूपमा तारा रेग्मी समेत संलग्न छिन् भन्ने समेत दीपक ढकालले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज।

मिति २०६८।९।२८ गते बिहान इलाका प्रहरी कार्यालय, पालुङ मकवापुरको एरिया अन्तर्गत जिल्ला मकवानपुर टिस्टुङ गा.वि.स. वडा नं. ८ त्रिभुवन राजपथको मेत्राङ भन्ने स्थानमा जलाइएको अवस्थामा मानिसको लास फेला परेकाले लास जाँचको प्रारम्भिक अनुसन्धान कार्य गरी अन्य कार्य जारी रहेकामा २०६८।१०।७ गते साँझ १९.०० बजेको समयमा उक्त स्थानमा गाडी सहित एकजना मानिस आई घटना स्थलको सूक्ष्म निगरानी गरिरहेको भन्ने स्थानीय मानिसहरूबाट सूचना प्राप्त भएकाले प्रहरी टोली खटिई जाँदा निगरानी गर्ने मानिस र निजले प्रयोग गरेको बा ८ च ५४०८ नं.को खारानी रङ्गको कार गाडी सहित फेला पारी मानिस र गाडी कार्यालयमा ल्याई सोधपुछ गर्दा निगरानी गर्ने भनिएका मानिस आफु सशस्त्र प्रहरीको डि.आइ.जी. रञ्जनप्रसाद कोइराला भएको र आफु चाइना तालिममा रहेकामा बिदामा नेपाल आएको, हाल हेटौंडा हुँदै वीरगन्जतर्फ जान लागेको, दिसा लागेर दिसा गर्ने उपयुक्त स्थान हेर्दा स्थानीय मानिसहरूले मलाई रोकी प्रहरी बोलाएका हुन् भनी घटना प्रति अनभिज्ञता रहेको बताए। सोही ब्यहोरा माथिल्लो कार्यालय, जिल्ला प्रहरी कार्यालय हेटौंडाका प्रहरी उपरीक्षक श्याम खड्का समेतलाई जानकारी गराएपछि डि.आइ.जी. साब भए छाडिदिनु भन्ने आदेश भएकाले डि.आइ.जी. जस्तो मानिसले त्यति नीच हर्कत गरेनन् होला भन्ने ठानी छोडिदिएको हो। निजकी

श्रीमती गीता ढकाल कोइराला हराएको भन्ने सम्बन्धमा यस कार्यालयमा कुनै लिखित मौखिक कुनै जानकारी थिएन भन्ने समेत ब्यहोराको इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक डिल्लीप्रसाद मैनाली लगायतका प्र.ह. कृष्ण ढकाल, प्र.ज. जितेन्द्र महतो समेतको एकै मिलानको मिति २०६८।१०।२७ गतेको घटना विवरण कागज।

म विगत डेढ वर्ष अगाडिदेखि का.जि., विष्णु बुढानीलकण्ठ गा.वि.स. वडा नं. ५ मा रहेको गीता ढकाल कोइरालाको घरमा काम गरी आएकी छु। रञ्जन कोइराला र गीता बिचको सम्बन्ध राम्रो थिएन। मिति २०६८।०९।२६ गते पशुपतीमा पूजा लगाउन गई रातभरि पूजामा बसी भोलिपल्ट २७ गतेका दिन म आफ्नो घरमा फर्की वरपरका मानिसहरूलाई प्रसाद वितरण गरी गीता ढकाल कोइरालालाई पनि प्रसाद पुऱ्याउन भनी निजको घरमा जाँदा घरको कम्पाउन्ड गेट खुल्ला भएकाले दिदीलाई बोलाउँदै घुमें। दिदी बोलिनन्। घरको मूल ढोका खुल्ला रहेको र दिदी सुत्ने कोठाको ढोका बन्द थियो। फोन गर्दा फोन पनि नउठेकाले म घरमा गएँ। बेलुकी करिब ७.३० बजेतिर झमक्क रात परिसकेको बत्तीको लाइन गएकाले अँध्यारो थियो। एउटा गाडी बत्ती नबालीकन आएको आवाज सुनें। गाडी दिदी गीताको घरभित्र गई भान्सा कोठाको अगाडि रोकियो। टर्च लाइट जस्तो सानो बत्ती बाली गाडीबाट एक जना मानिस उत्रिएर घरभित्र पस्यो। करिब १५।२० मिनेटपछि त्यस्तै लाइटको सहारामा भित्र पसेको मानिस घर बाहिर आई गाडी भएको ठाउँमा गयो। घरको ढोका लगाएको आवाज सुनें। केही छिनमै गाडीको बत्ती नबालीकन उक्त गाडी गेट बाहिर गयो। रातको समय लाइन नभएको अवस्था र गाडीको बत्ती समेत नबालेको हुँदा कस्तो गाडी थियो, ती मानिस को हुन् ठम्याउन सकिनँ। माइक्रो बसको उचाइको केही छोटो गाडी थियो। दिदी गीता बिरामी भएका कारण अस्पताल गएकी हुन् कि जस्तो लाग्यो। दिदी गीताको घर बन्द अवस्थामा नै थियो। ऐ. २९ गते दिदी गीताका भाइ प्रदीप ढकाल बिहान ९.३० बजेतिरको समयमा मकहाँ आई दिदी गीताका बारेमा सोधखोज गरे। माथि उल्लेख भएको ब्यहोरा बताइदिएँ भन्ने समेत गीता कटुवालले महानगरीय प्रहरी प्रभाग, बुढानीलकण्ठमा गरेको मिति २०६८।९।३० गतेको कागज।

प्रतिवादी रञ्जनप्रसाद कोइरालाले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३ (३) नं. बमोजिमको कसुर अपराध गरेकाले निजलाई सोही महलको १३ (३) नं. बमोजिम सर्वस्व सहित जन्मकैद र प्रतिवादी तारा रेग्मीले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत १६ नं. बमोजिमको कसुर अपराध गरेको हुँदा सोही महलको १६ नं. बमोजिम सजाय गरिपाउँ भन्ने समेत अभियोग पत्र।

नेपाल सरकारको निर्णय बमोजिम ११ महिने नेसनल डिफेन्ड्स कोर्सको तालिम गर्न म २०६८ साल भाद्र महिनामा चाइना गई २०६८/९/२१ गते विदा लिई नेपालमा आउँदा सरकारी गाडी र तारा रेग्मी मलाई रिसिभ गर्न एअरपोर्टमा आएका थिए। सो २१ गतेदेखि २७ गतेसम्म म आफ्नै घरमा मेरी आमा र बच्चासँग बसेको थिएँ। २७ गते छोरा आयुसले कान्छो छोरा आर्यनलाई विद्यालय छुट्टी भएकाले सँगै बस्ने कुरा गरेकाले भाइलाई लिन जाउँ भनेकाले ड्राइभर, जेठो छोरा र म बुढानीलकण्ठ गई छोराहरू, म र ड्राइभर करिब पौने घन्टामा बुढानीलकण्ठबाट फर्की कमलपोखरी सपिङ सेन्टरमा सपिङ गरी आएका हौं। बुढानीलकण्ठको घरमा जाँदा मैले गीता ढकाललाई देखिनँ। भाटभटेनीमा २७

गते १२ बजेदेखि ३ बजेसम्म सामान हेरी बसी महाराजगन्जमा रहेको नवीनराज जोशीको रेस्टुरेन्टमा बसी नवीन जोशी र मैले एक एक बोतल बियर पियौं। त्यसपछि बेलुकीको अं. ६.३० बजेतिर नवीनराज जोशी र म आफ्नो घर स्वयम्भूमा गई बसी नवीन र म इभिनिङ वाकमा गई रातको ९.३० बजे नवीन निजको घरमा गए म आफ्नो घरमा गएँ। म घरमा आउँदा जानकारी दिन जरुरी नभएकाले जानकारी दिएको थिइनँ। मैले गीता ढकाल कोइरालालाई अपहरण गरी बेपत्ता पारेको आरोप लगाएको हुँदा मिति २०६८/१०/७ गते ३ बजे निजको खोजीमा काठमाडौंबाट हेटौंडा हुँदै नारायणघाट जाने सिलसिलामा राती मकवानपुरको टिस्टुङ नजिक खुल्ला रोडमा मैले गाडी रोकी पिसाब फेरि अलि पर पुगेपछि गाउँले आई हाम्रो गाउँमा घटना घटेको छ भनी मलाई रोकी प्रहरी आएपछि म प्रहरीहरूसँगै आएको हुँ। मलाई स.प्र.ज. शंकर पौडेल समेतले मिति २०६८/१०/७ गते खोज्नसम्म गएका हुन्। पेट्रोल किन्ने आदेश मैले दिएको होइन। बा ८ च ५४०८ नं. को गाडी प्रहरीले बरामद गरेको हो। गीता र मेरो बिच यसै अदालतमा अंशमुद्दा समेत दायर भएको कारण ममाथि पोल गरेको हो। मैले गीता ढकाललाई कर्तव्य गरी मारेको होइन। श्रीमती गीता ढकाल कोइराला र मेरो सम्बन्ध राम्रै थियो भनी प्रतिवादी रञ्जन कोइरालाले यस अदालतमा गरेको बयान।

प्रतिवादी रञ्जन कोइराला १० वर्ष अगाडिको मेरो साथी हो। निजसँग विवाह गरेको होइन। रञ्जन र निजकी श्रीमती गीता ढकालको सम्बन्ध राम्रो छैन भन्ने मलाई जानकारी पहिले नै थाहा थियो। गीता ढकाललाई मार्ने मराउने कार्यमा मेरो संलग्नता छैन। मिति २०६८/९/२६ गते मलेसिया गई नेपाली एम्बेसीमा काम गरी माघ ५ गते नेपालमा आएकी हुँ। म मलेसियाबाट फर्केको रात रञ्जन मेरो घरमा आई मसँगै बसेका हुन्। रञ्जन कोइराला र म आधिकारिक लोग्नेस्वास्नी नभए पनि सँगै बस्ने गरेको हुँदा मेरा भाइहरूले रञ्जनलाई भिनाजु भनेका होलान्। मलाई रखैल राखेका कारण रञ्जनले गीतालाई मारेको भन्ने हरिप्रिया ढकालले गरेको कागज झुट्ठा हो भन्ने समेत प्रतिवादी तारा रेग्मीले यस अदालतमा गरेको बयान।

प्रतिवादी रञ्जन कोइराला अदालतमा बयान गर्दा आफुले पत्नी गीतालाई मारेको होइन भनी लेखाए पनि प्रतिवादी रञ्जन र गीताको दाम्पत्य सम्बन्ध कटु अवस्थामा पुगेको कुरा निजहरूका बिच चलेको अंश एवं मानाचामल मुद्दा र गीता ढकाल कोइरालाले आफु पतिबाट पीडित भएँ भनी जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय महिला आयोग समेतमा दिएकका उजुरीबाट पुष्टि भएको देखिन्छ। रञ्जन कोइरालाले श्रीमतीका रूपमा तारा रेग्मीलाई बयानलाई अस्वीकार गरे पनि निजसँग अन्तरङ्ग सम्बन्ध रहेको कुरा तारा रेग्मीले स्वीकार गरेकी र ताराका भाइहरूले रञ्जनलाई भिनाजु नाताबाट सम्बोधन गरेको देखिएबाट तारासँगको सम्बन्धका सन्दर्भमा रञ्जनले लिएको जिकिर मिथ्यापूर्ण होइन भन्न सकिने स्थिति रहेन। रञ्जन कोइरालाले अधिकार प्राप्त अधिकारीका समक्षको बयानमा मनसाय एवं तयारीका साथ आफुले गीताको हत्या गरेको कुरालाई अस्वीकार गरे पनि २०६८/९/२७ गते बिहान कान्छो छोरालाई आमाको घरबाट आफुकहाँ लगेपछि गीताको फोन आई गीताको घर कोठामा जाँदा वाद विवाद भई धकेला धकेलको स्थितिमा गीता भित्तामा ठोकिन गएकीले निजको शरीरलाई सरकारी गाडीमा हाली टिस्टुङ-८ को मेत्राङ भन्ने ठाउँको सडकमा राती जलाएको भन्ने भनाइ अनुसन्धानका क्रममा बुझिएका मेत्राङका स्थानीय बासी सूर्य दोङ समेतका व्यक्तिको कागज ब्यहोराबाट समर्थित भइरहेको एवं १२३

लिटर पेट्रोल जम्मा गर्न लगाएकामा सो पेट्रोल के कसरी खर्च भयो खुलाउन सकेको नपाइएको, मृतक गीता ढकाल कोइरालाको लास चिनिने अवस्थामा प्राप्त भएको भन्ने नदेखिए पनि फरेन्सिक रिपोर्टबाट मृतकको मृत्युको कारण यकिन रूपमा खुलाउन नसकेको नपाइएता पनि २२ देखि ४० वर्षभित्रकी महिलाको अवशेष हो भनी विशेषज्ञले राय दिएको पाइएको, अस्थिपन्जरमा रहेको हातको हड्डीबाट बरामद गरिएको घडी आफुले छोरीहरूलाई उपहार दिए मध्येकै हो भनी मृतककी आमा हरिप्रियाले सनाखत कागज गरेकामा निज हरिप्रियाले अर्की छोरीलाई दिएको भनिएको घडी सँगै राखी लासको अवशेषबाट प्राप्त घडी दुबैको फोटो खिची राखिएको मिसिल संलग्न फोटोबाट दुबै घडी एकै प्रकारको देखिन आएको, लास जलाइएको ठाउँबाट प्राप्त म्याटको टुक्रा र रञ्जन कोइरालाको गाडीबाट बरामद म्याट समेत एकै किसिमको देखिएकामा उक्त डढेको म्याटकै जोडा बरामद म्याट हो र प्रतिवादी रञ्जन कोइरालाले गीतालाई मारेमा विश्वास लाग्छ भनी प्रतिवादी रञ्जनका चालकले कागज गरिदिएको अवस्था रहेको र २०६८/९/२७ गते चालकलाई लिई गएकामा चालकलाई नौबिसेमा छाडी आफु एक्लै गाडी लिई गएको र भोलिपल्ट बिहान आफुलाई लिई आएको कुरा चालकको कागजबाट देखिएको, प्रतिवादी रञ्जन कोइराला २०६८/१०/७ गते लास जलाएको भनिएको टिस्टुङ-८ को मेत्राङमा गएको र निजको शङ्काजनक क्रियाकलापका कारण निजलाई गाउँलेले केरकार गरेकामा पछि प्रहरीलाई जिम्मा लगाएको भन्ने कुरालाई अन्यथा भन्न नसकेको र सो लास जालाएको ठाउँमा आफु जानु पर्नाको युक्तिसङ्गत आधार कारण समेत निजले दिन सकेको नपाइँदा निजको अधिकार प्राप्त अधिकारीका समक्षको बयानमा उल्लिखित गीता ढकालको लास जलाउन त्यहाँ पुगेकामा पुनः प्रमाण नष्ट गर्ने हिसाबले त्यहाँ गएका होइनन् भन्न सकिने अवस्था नरहेको र सहअभियुक्त तारा रेग्मीको अनुसन्धानका क्रममा भएको बयान समेतबाट प्रतिवादी रञ्जनले आफु गीता ढकाललाई सिध्याइसकेको कुरालाई स्वीकार गरी टाउको हल्लाएको थियो भन्ने देखिएको समेतबाट प्रतिवादी रञ्जनप्रसाद कोइराला आरोपित कसुरका कसुरदार होइनन् भनी मान्न सकिने अवस्था विद्यमान नहुँदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम गर्ने गरी प्रतिवादी रञ्जनप्रसाद कोइरालालाई अ.नं.११८ नं. को देहाय २ बमोजिम थुनामा राख्नु र अर्की प्रतिवादी तारा रेग्मी अदालत एवं अधिकार प्राप्त अधिकारी समक्षको बयानमा आफु समेत भई गीता ढकाललाई मारेको होइन भन्ने ब्यहोरा लेखाई कसुरमा इन्कार रहेको र वारदात भनिएको २०६८/९/२७ गते निज प्रतिवादी नेपालमा नभई २०६८/९/२६ मानै मलेसिया गएकीमा २०६८/१०/५ गते मात्र नेपालमा आएकी भन्ने कुरालाई वादी पक्षले नै स्वीकार गरेको स्थिति भए पनि तारा रेग्मीसँगको रञ्जन कोइरालाको सम्बन्ध तथा उठबसका कारणबाट लामो समयदेखि रञ्जन कोइराला र गीता ढकालका बिचको दाम्पत्य सम्बन्धमा फाटो पर्न गएको देखिएको, प्रतिवादी रञ्जन कोइराला यिनबाट २०६८/९/२१ गते नेपाल आएकामा तारा रेग्मीसँग निजकै घरमा दुई दिन बिताएको भन्ने तारा रेग्मीकै बयानबाट देखिएको, वारदातको दिन पनि बिहानदेखि बेलुकीसम्म पटक पटक रञ्जन कोइराला र तारा रेग्मीका बिच मोबाइलमा सम्पर्क भएको भन्ने कुरा कल डिटेलबाट देखिन आएकोबाट प्रतिवादी तारा रेग्मीले मुख्य भई षडयन्त्रको भूमिका निर्वाह गरेको भन्ने विश्वसनीय आधार प्रमाण नरहे पनि गीता ढकालको ज्यान मार्ने मत सल्लाहमा पसेकी थिइनन् भनी अनुमान गर्न पनि स्वाभाविक नभई तारादेवी पूर्णतः निर्दोष छिन् भनी भन्न सकिने मनासिब आधार नरहेकाले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम

गर्ने गरी हाल निजबाट अ.नं.११८ को देहाय ५/१० बमोजिम नगद एक लाख रुपैया वा सो बराबरको जेथा जमानी लिई तारेखमा राख्नु र प्रतिवादी चुक्ता भइसकेकाले वादी प्रतिवादीका साक्षी बुझी पेस गर्नु भनी यस अदालतबाट मिति २०६८/११/१४ मा भएको आदेश।

DNA परीक्षण प्रतिवेदन पठाएको महानगरीय प्रहरी परिसर काठमाडौंको च.नं. ५९६१ मिति २०६८/१२/२ को पत्र।

रञ्जन कोइराला र गीता ढकालको बिच सम्बन्ध राम्रो छैन भन्ने सुनेको थिएँ। रेडियो, टिभी र पत्रपत्रिकाबाट रञ्जन कोइरालाले गीता ढकाल कोइरालालाई कर्तव्य गरी मारेको भनेकाले थाहा पाएकी हुँ भन्ने समेत घटना विवरण मुचुल्काका सितु कार्की, ज्वाला कुँवर, दीपा देवान र गीता कटुवालले बकेको बकपत्र।

मिति २०६८/९/२७ गतेका दिन डि.आइ.जी. रञ्जन कोइराला सरका नाममा कुपन काटी पेट्रोल पठाएको हुँ। पहिला पहिला पनि त्यसै गरी तेल दिने गरेको थिएँ भनी प्र.ज.युगमाया श्रेष्ठले बकेको बकपत्र।

मिति २०६८/९/२८ गते वा १ झ ६२१३ नं. को गाडी सफा गर्दा पेट्रोलको मात्रै गन्ध थियो। अन्य वस्तुको थिएन। सो गाडीको ड्राइभर भन्दा विपरीत सिटको खुट्टा राख्ने रबर म्याट थिएन। फेला नपरेकाले सवारी शाखाकै पुरानो गाडीको म्याट सफा गरी सो गाडीमा राखेको हो। पत्रपत्रिका र साथीभाइबाट रञ्जन कोइरालाले निजकी पत्नीको हत्या गरेको भन्ने थाहा पाएँ भन्ने समेत स.प्र.ज. रामकुमार गुरुङले बकेको बकपत्र।

रञ्जन कोइरालाको सवारी चालकका रूपमा मलाई खटाइएको हो। रञ्जन कोइराला स्वयम्भूको घरमा र मृतक गीता ढकाल बुढानीलकण्ठको घरमा बच्चा सहित बस्नु हुन्थ्यो। रञ्जन कोइराला गीता ढकाल बस्ने घरमा हप्ता दिन १५ दिनमा एक पटक जानु हुन्थ्यो। रञ्जन कोइराला २०६८ साल भाद्र महिनामा चाइनामा तालिममा जानु भई पौष महिनाको २१ गते फर्कनु भएको तारा रेग्मीबाट थाहा पाएको हुँ। वा ६ च २८१४ नं. को कारमा दुई वटा ग्यालनमा ३५/३५ लिटरको जर्किनमा र एउटा ५० लिटरको जर्किनमा गरी जम्मा १२३ लिटर पेट्रोल भरी राखी रञ्जन कोइरालाको स्वयम्भूको घरमा लगिदिएको हुँ। सो पेट्रोल सर्टेजको बेला साथीभाइलाई दिन लगेको हो। रञ्जन कोइरालाले कर्तव्य ज्यानको वारदात गरेको भनी पत्रपत्रिका, रेडियोबाट सुनेर भनेको हो भन्ने समेत स.प्र.ज. शंकर पौडेलले बकेको बकपत्र।

मिति २०६८/९/२७ गते दिनको १२ बजे छोरी गीता र मेरी श्रीमती हरिप्रिया ढकाल बिच घरबाट टेलिफोनमा कुरा भएको थियो। २०६८/९/२८ गते ३/४ बजेतिर छोरीको नं.९७४१०४३९९१ मा फोन गर्दा फोन स्विच अफ भएको, २०६८/९/२९ गते बिहान पनि फोन गर्दा स्विच अफ नै भएकाले आश्चर्य मान्दै छोरा प्रदीप ढकाललाई दिनको ११ बजे छोरीको घरमा हेर्न पठाउँदा घरको मूल ढोकामा ताला लगाएको देखेपछि हामीलाई फोन गरी सोही कुरा बताएको र छोरीकै घरमा काम गर्ने गीता कटुवाललाई छोरीको बारेमा सोधपुछ गर्दा २०६८/९/२७ गते ३ बजेतिर छोरी गीताको घरमा जाँदा घरको मूल ढोकामा समेतमा ताला लगाएको थिएन। दिदीलाई बोलाउँदा नबोलेकाले बेडरुमको ढोका खोल्न खोज्दा ढोका नखुलेकाले कतै जानु भएको होला भन्ठानी म आफ्नो कोठातर्फ

फर्कें। बेलुकी अं.७ बजेतिर एउटा जीप जस्तो गाडी बत्ती नबाली घर कम्पाउन्डभित्र पसी अँध्यारो भएकाले सानो लाइट बाली भान्साको ढोकाबाट घरभित्र पसि अं.१०/१५ मिनेटपछि डाङ्गडुङ्ग आवाज आएकाले दिदी बाहिरबाट आएको होला भन्ठानें। गाडी फर्केर घर कम्पाउन्डको मूल ढोका बाहिर एकछिन अडिएर गयो। दिदी गीता अस्पताल पो जानु भयो कि भनी भोलिपल्ट बिहान गीता दिदीको घरमा जाँदा मूल ढोकामा ताला लगाएको देखें भन्ने ब्यहोराको जानकारी लिई छोरा प्रदीपले हामीलाई फोनबाट जानकारी गराएकाले फोनबाट गीता कटुवालसँग बुझ्दा पनि सोही ब्यहोरा हामीलाई पनि जानकारी दिएकाले हामीहरू बुढानीलकण्ठ प्रहरी प्रभागमा गई छोरी गीता कोइराला घरबाट बेपत्ता भएको हो वा घरभित्रै थुनेर राखिएको हो छानबिन गरी पाउनको लागि अनुरोध गरी प्रहरी निरीक्षक सहितका कर्मचारी छोरी गीता कोइरालाका घरमा के भएको भनी बुझ्न जाँदा घरको मूल ढोकामा ताला लगाएको देखेपछि ढोका खोली हेर्न अनुरोध गर्दा रञ्जन साहेबको घर भएकाले उहाँको अनुपस्थितिमा खोल्न मिल्दैन, उहाँलाई जानकारी गराई खोल्ने व्यवस्था गरौंला भनी भोलिपल्ट मिति २०६८/९/३० गते बिहानसम्ममा पनि ताला खोल्ने व्यवस्था नभएकाले मैले महाराजगन्ज प्रहरी कार्यालयमा गीता छोरीको घरको ताला फोडी घरको खानतलासी लिई छोरीलाई घरभित्र बन्धक बनाइराखेको छ वा बेपत्ता गराइएको छ खोजतलास गरी पत्ता लगाइदिनु भनी अनुरोध गरी निवेदन पेस गरी हनुमानढोका प्रहरी कार्यालयबाट अनुसन्धान अधिकृतहरू आई घरको ताला फोडी घरभित्र प्रवेश गरी घरको खानतलासी लिँदा छोरी गीता घरभित्र नभएको र घरभित्रको अवस्था र गीता कटुवालको भनाइ अनुसार छोरीलाई कसैले मारे वा बेहोस बनाई बाहिर लगेको शङ्का लागी विगतका दिनहरूको ज्वाइँ रञ्जन कोइरालाको क्रियाकलापबाट निजले नै छोरी गीतालाई बन्धक बनाई राखेको छ कि भन्ने शङ्का लागी मिति २०६८/१०/१ मा प्रहरी परिसर हनुमान ढोकामा जाहेरी दिएको हुँ। रञ्जन कोइरालाले छोरी गीतालाई केहि वर्ष अघिदेखि हेला गर्ने, कुटपिट गर्ने र तारा रेग्मी नाम गरेकी अन्य व्यक्तिकी श्रीमतीलाई बाहिर अन्य कुनै ठाउँमा राखी रञ्जन घरमा नआई बाहिरिया महिलासँग बस्ने गरेकाले सम्झाउँदा म जेसुकै गरौं तँलाई के मतलब भनी कुटपिट गर्ने गरेको हामीलाई भन्थिन्। यसै बारेमा शान्ति सुरक्षा पाउँ भनी नेपाल सरकारका विभिन्न निकायमा निवेदन पनि दिएकी थिइन् भनी जाहेरवाला हरेराम ढकालले बकेको बकपत्र।

मिति २०६८/९/२७ गते साँझ ८ बजेको समयमा बा १ झ ६२१३ नं.को गाडीमा मैले रञ्जन कोइरालाका लागी फुल टयाङ्की ५९ लिटर डिजेल भरेको हुँ। गाडीको सुविधा पाएका सबैका गाडीमा त्यसै गरी तेल भरिन्थ्यो भन्ने समेत स.प्र.स.ह. सहदेव जैसीले बकेको बकपत्र।

रञ्जन कोइरालाको घरमा ४ वर्ष अघिदेखि काम गर्न बसेको हुँ। रञ्जन कोइराला र गीता ढकालका बिचमा के कस्तो सम्बन्ध थियो थाहा भएन। उहाँहरू कहिल्यै सँगै बसेको मैले देखिन। रञ्जन कोइरालाको घरमा तारा रेग्मी आउने गर्नु हुन्थ्यो। रञ्जन कोइरालाले श्रीमती गीता ढकाल कोइरालाको कर्तव्य गरी मारेको भनी घरमा प्रहरीहरू आएकाले थाहा पाएको हुँ। त्यसरी रञ्जन कोइराला पक्राउ परेपछि म अफिसमा हाजिर हुन गएको हुँ। के कति कारणले कर्तव्य गरी गीता ढकाललाई मारे मलाई थाहा छैन भन्ने समेत कागज गर्ने राजकुमार स्याङ्तानले बकेको बकपत्र।

मिति २०६८/९/२७ गते रञ्जन कोइरालाको घरमा अप्टिकल फाइबरको मेन लाइन खराब भएको भन्ने खबर आएकाले बनाउन भनी उहाँको घरमा दिनको ३.३० बजेतिर पुगी बिग्रिएको केबलको लाइन साँझ ६.३० बजेसम्ममा बनाइसकेपछि रञ्जन कोइरालाले चिया पिउन आग्रह गर्नु भएकाले चिया पिई करिब साँझको ७ बजेको समयसम्म उहाँ हाम्रै साथमा हुनु भएकाले निजले आफ्नी पत्नीको हत्या गरेको भन्ने कुरामा मलाई विश्वास लाग्दैन भन्ने समेत कल्याणराज गिरीले बकेको बकपत्र।

तारा रेग्मीको षड्यन्त्रबाट रञ्जन कोइरालाले गीता ढकाललाई मारेको भनी फसाउन षड्यन्त्र गरेको मात्र हो। गीता ढकाललाई मार्नु पर्ने कुनै कारण छैन भन्ने समेत प्रतिवादी तारा रेग्मीका साक्षी रमादेवी कोइरालाले बकेको बकपत्र।

प्रतिवादी तारा रेग्मी घटना घटेको समयमा कामका सिलसिलामा विदेश मलेसियामा भएकाले यस मुद्दाको घटना घटाउन सहयोग गरेको होइन। उहाँले गीता ढकाललाई मार्नु पर्ने कुनै कारण छैन भनी प्रतिवादीका साक्षी दीपक भन्ने विश्वराम अधिकारी, विजेता लिम्बु र पार्वती खड्काले बकेको एकै मिलानको बकपत्र।

पत्रपत्रिका मार्फत मैले गीता ढकालको मृत्यु भएको थाहा पाएँ। मिति २०६९/१०/१ गतेका दिन मलाई हनुमान ढोकामा बोलाएकाले गएँ। जाहेरवाला पनि आउनु भएको रहेछ। गीतालाई किड्न्याप गरेको भन्ने विषयमा छलफल भई दुबै पक्ष मिलेर खोजी गर्ने भनी कागज गरी खोजतलासमा लाग्यौं। भाइ रञ्जनले खोज्ने कार्यका लागि मैले गाडी भाइलाई दिएको हुँ भन्ने समेत कागज गर्ने रवीन्द्रप्रसाद कोइरालाले बकेको बकपत्र।

प्रहरीमा भएको कागजमा भएको सहीछाप मेरो हो। ब्यहोराको सम्बन्धमा पाना ५ को अन्तिम हरफदेखि पाना ६ को ७ सम्मको ब्यहोरा मेरो होइन। सो कागजमा उल्लिखित फोन नम्बर मेरै हो। रञ्जन कोइराला गीता ढकाललाई मारेको अभियोगमा पक्राउ परेको भन्ने २०६८/१०/८ गतेको रेडियो, टेलिभिजन र पत्रपत्रिका समेतका समाचारबाट थाहा पाएको हुँ भन्ने समेत कागज गर्ने रमेश कोइरालाले बकेको बकपत्र।

घटना विवरण कागजमा भएको सहीछाप मेरै हो। मैले भिनाजुलाई भेटाएँ भनेपछि दिदी ताराले कस्तो छ भनी सोध्दा अनिँदो जस्तो देखिन्छ भनेपछि अस्पतालमा प्रेसर चेक गराएर लैजानु भनेकाले मैले रञ्जन कोइरालालाई चेक गराएर घरमा लिएर गएको हुँ। रञ्जन कोइराला आफ्नी श्रीमती गीता ढकाल कोइरालाको हत्याको अभियोगमा परेको भन्ने टिभी र पत्रपत्रिकाबाट थाहा पाएको हुँ भन्ने समेत कागज गर्ने शंकर रेग्मीले बकेको बकपत्र।

प्रहरीमा भएको कागजमा भएको सहीछाप मेरो हो। सो कागजमा गीता ढकाल हराएको भन्ने टिभीका माध्यमबाट सुनेकाले खोज्न गएको भनेको थिएँ। सो कुरा लेखिएको रहेनछ। अरू मैले भने बमोजिम लेखिएको ठिक छ भन्ने समेत कागज गर्ने ईश्वर रेग्मीले बकेको बकपत्र।

प्रहरीमा कागज गर्दा मैले बाबासँग घरमा गएपछि माइलो बुबा आउनु भएपछि बाबा एकछिन बाहिर गएर घरमा आउनु भएपछि घुम्न जाउँ भन्दा ठुलो बुबासँग जाउ भनेपछि हामी ठुला बाबासँग घुम्न गयौं। टिभी बनाउने मानिस आएकाले बाबा घरमै हुनु हुन्थ्यो। बाहिरबाटै खाना खाएर आएकाले हामीले खाना खाएनौं। बाबा पनि बाहिर जानु भएको रहेछ। हामी गएको एक डेढ घन्टापछि बाबा पनि

आउनु भएकाले हामी बाबासँगै सुत्यौं। हामी सुतिसकेको बेला कहिलेकाहिँ बाबा र आमाको सामान्य झगडा हुने गर्दथ्यो भन्ने समेत कागज गर्ने आयुस कोइराला र अर्पण कोइरालाको बकपत्र।

जलेको अवस्थामा लास रहेको छ भन्ने हल्ला सुनी लास रहेको स्थानमा गई म आफैले लास देखेकी हुँ। लाह हेर्दा हातका औंला, खप्परको हड्डी, हातको घडी र गाडीको म्याट थिए। झाडीपट्टि मेरुदण्डको मासुको पछाडिको भाग थियो। डिजेल जस्तो तरल पदार्थ रोडबाट नालीसम्म बगेको र गन्ध पनि थियो। २०६८/१०/७ गते बा ८ च ५२०४ को गाडीमा सशस्त्रको डि.आइ.जी. हुँ भनी रञ्जन कोइराला घटना स्थल हेर्न आएका र उहाँप्रति शङ्का लागी हामीले हाम्रो ठाउँमा पटक पटक घटना भइरहेको छ, तपाईंको गाडी रोक्नु होस् भनी हामीले गाडी रोक्न लगाएपछि म प्रहरीको डि.आइ.जी रञ्जन कोइराला अनुसन्धानका लागि आएको हुँ भन्नु भयो। त्यतिखेर म र मेरा श्रीमान झ्याप्री भन्ने ठाउँबाट फर्कंदा रञ्जन कोइराला पिसाब फेर्दै थियो। केही पर पुगेपछि हामिलाई शङ्का लागी तपाईंले झाडीतिर किन हेर्नु भएको भनी सोध्दा दिसा गर्न लागेको भन्नु भयो। सो लास डिएनए रिपोर्ट आएपछि गीता ढकालको भन्ने थाहा भयो भन्ने समेत बुझिएकी सुनिता दोङ र सूर्यबहादुर दोङ समेतको एकै मिलानको बकपत्र।

मिति २०६८/९/२७ गते राती टिस्टुङ-८ मेत्राङ नजिक पिच सडक छेउमा आगो बलिरहेको गाउँलेहरूले देखेको भन्ने सुनी भोलिपल्ट बिहान हेर्न जाँदा सो ठाउँमा सम्पूर्ण कुरा जलेको नाडीको हाड बाँकी रहेको, सो नाडीमा लेडिज घडी रहेकाले सो लास कुनै महिलाको हुन सक्छ भन्ने अनुमान गर्न सकिन्छ। सो लास जलाएको ठाउँ नजिकै मेरुदण्डको मासुको चोक्टा फालिएको अवस्थामा देखियो। माघ ७ गतेका दिन साँझ सूर्यबहादुर दोङले मङ्गलबहादुर मोक्तानलाई फोन गरी लास जलाएको ठाउँमा कार रोकी अपरिचित व्यक्तिले शङ्कास्पद क्रियाकलाप गरिरहेको भन्ने खबर गरेकाले म र मङ्गलबहादुर तामाङ मोटरसाइकलबाट त्यहाँ जाँदा अपरिचित व्यक्तिको कार विपरीत दिसामा आइरहेकाले हामीले मोटरसाइकल कता रोक्ने कताबाट हिँड्ने भयो र कारको पछि पछि आउने सूर्यबहादुर दोङलाई सोध्दा कार भर्खरै माथि गयो, त्यही हो भनेपछि मोटरसाइकल घुमाई पिछा गर्न लाग्दा कार फर्केर आएपछि हामीले कार रोक्न अनुरोध गर्दा नमानेकाले कारको चाबी खोसी नियन्त्रणमा लिएपछि उहाँ कारबाट ओर्लिएर के गरेको भाइ हो भनेकाले हामीले तपाईंको बारेमा सोध्नु पर्ने भएकाले रोकेको हो भन्दा के कुरा हो भनेकाले हामीले कता जान लाग्नु भएको भनी सोध्दा हेटौंडा जान लागेको भनेको र किन फर्कनु भएको भन्दा पेट्रोल सकियो भनेकाले कारमा हेर्दा भरी तेल देखाएकाले कारमा भरिभराउ तेल छत भनी सोध्दा जाडो मौसममा पनि उहाँलाई पसिना आएको र सोधेको प्रश्नको नाजवाफ भएको देख्दा अपरिचित मानिस सो घटनामा सन्बन्धित छ भन्ने लागेको हो। अपरिचित मानिस डि.आइ.जी रञ्जन कोइराला रहेछन् भनी बुझिएका किरणमान वल र मङ्गलबहादुर मोक्तानले बकेको बकपत्र।

रञ्जन कोइरालाका श्रीमान श्रीमतीका बिच सम्बन्ध राम्रो छैन भन्ने सुनेको हुँ। रञ्जन कोइराला इचङ्गुनारायणको आफ्नै घरमा र कहिलेकाहिँ तारा रेग्मीको घरमा बस्नु हुन्थ्यो। गीता ढकाल बुढानीलकण्ठमा बस्नु हुन्छ भन्ने सुनेको हुँ। रञ्जन कोइराला चाँडै रिसाउने खालको हुनु हुन्छ। रञ्जन कोइराला चाइनाबाट फर्केपछि कसको घरमा बस्नु भयो थाहा भएन। भोलिपल्ट तारा रेग्मीको घरमा देखेको हुँ। रञ्जन कोइराला हराउनु भयो भनी ड्राइभर शंकर पौडेल, बडीगार्ड ऋषिराम

ढुङ्गेल र म समेत खोज्न नारायणघाटतिर जाँदा भेटियो भनी फोन सम्पर्क भएकाले तारा रेग्मीको मान्छे र म सोही बाटाको होटलमा बस्यौं। अरू जानु भयो। भोलिपल्ट बिहान उनीहरू आएपछि हामी काठमाडौं आयौं। हामीले रञ्जन कोइरालालाई भेटेनौं। रञ्जन कोइराला र तारा रेग्मीको सम्बन्ध हेर्दा श्रीमान श्रीमतीको जस्तो थियो भन्ने समेत स.प्र.ज. यानबहादुर शाहीले बकेको बकपत्र।

मिति २०६८/९/२८ गते बिहान ९ बजे मकवानपुर जिल्ला, टिस्टुङ-८ मेत्राङमा मानिस जलाएको भनी इ.प्र.का. पालुङमा सूचना प्राप्त भएकाले प्र.नि. सहितको टोली घटना स्थलमा जाँदा मासुको डल्लो, हड्डी, नाडीमा घडी सहित रहेको मुचुल्का उठाइ लास पोस्टमार्टमका लागि हेटौंडा अस्पतालमा लग्यौं। त्यहाँ पोस्टमार्टम हुन नसकी त्रि.वि. शिक्षण अस्पतालमा पठाई अनुसन्धान जारी रहेको थियो। मिति २०६८/१०/७ गते स्थानीय मानिस घटना स्थलमा निगरानी गरिरहेको अवस्था बा ८ च ५४०८ नं.को कारमा शङ्कास्पद मानिस रहेको भनी इ.प्र.का. पालुङमा खबर गरी प्र.ना.नि. रामेश्वर राउतको टोली सो स्थानमा पुगी स्थानीय मानिसहरूबाट शङ्कास्पद सशस्त्र प्रहरीका डि.आइ.जी रञ्जन कोइरालालाई इ.प्र.का. मा लगी कार्यालय प्रमुख समक्ष बुझाएका हौं भनी प्र.ज. जितेन्द्र महतोले बकेको बकपत्र।

मिति २०६८/१०/८ गते खानतलासी तथा बरामदी मुचुल्का हुँदा म्याट्रेसका जलेका टुक्राहरू, मान्छेका हड्डीका मसिना टुक्राहरू, पत्रपत्रिकाका मसिना टुक्राहरू फेला परेका थिए। घटना स्थलमा जलेका हड्कीका टुक्राहरू, लेडिज घडी जलेको अवस्थामा, डिजेल जस्तो तरल पदार्थ बगेको, घटना स्थलबाट ३० फिट पछाडि डडेको मेरुदण्डको हाड, काठको बाकलको टुप्पोमा डडेको जस्तो काठको बाकल, सो बाकल अस्थिपन्जर फाल्न प्रयोग गरेको जस्तो लाग्यो भन्ने समेत प्र.ह. कृष्ण ढकालले बकेको बकपत्र।

२०६८/९/२८ गते सडक छेउमा पोलिएको लास छ भनी स्थानीय मानिसहरूले खबर गरेकाले सो ठाउँमा पुग्दा घटना स्थलमा मानिसका जस्ता देखिने हड्डीका टुक्रा, जलेको गाडीको म्याट्रेसका टुक्रा, सडकको डिलमा मेरुदण्डको मासुको भाग रहेकाले सो मासुको भागलाई मुचुल्का गरी पोस्टमार्टमका लागि जिल्ला अस्पताल मकवानपुरमा पठाउँदा पोस्टमार्टम नहुने भएपछि माघ १ गते शिक्षण अस्पताल महाराजगन्ज, काठमाडौंमा पठाई माघ ७ गते बेलुकी ७ बजेतिर स्थानीय मानिसहरू सूर्य दोङ सहितका मानिसले एक जना मानिस घटना स्थलमा शङ्कास्पद अवस्थामा हिँडेको छ भन्ने खबर आएपछि मैले प्र.ना.नि. रामेश्वर राउतको कमान्डमा सो स्थानमा टोली खटाएँ, सोही स्थानबाट बा ८ च ५४०८ नम्बरको कारमा आएका सशस्त्र प्रही नायब महानिरीक्षक रञ्जनप्रसाद कोइरालालाई इलाका प्रहरी कार्यालय पालुङमा खटिएर आएका टोलीले लिएर आए। उहाँलाई मैले सर यो ठाउँमा किन आउनु भयो भनी सोध्दा हेटौंडा जान आएको, नौबिसेमा खाजा खाएको पेट गडबड गरेकाले लङ्ग ट्वाइलेट गर्नका लागि ठाउँ खोज्दा स्थानीय मानिसले किन हो रोके थाहा भएन। त्यहाँ के भएको रहेछ भनी उल्टै मलाई सोध्नु भयो। मैले पुष २७ गते राती एउटी महिलाको लास जलाइएको अवस्थामा थियो। त्यसैले स्थानीय मानिसहरूले सोधे होलान् भन्दा आश्चर्य प्रकट गर्नु भयो। सो कुरा जिल्ला प्रहरी कार्यालयका प्रमुखकामा जानकारी गराउँदा घटनाको सम्बन्धमा उहाँसँग कुनै जानकारी नभए छाडिदिनु भनेकाले छाडिदियौं। त्यसपछि उहाँ हेटौंडातर्फ जानु भयो र भोलिपल्ट मकवानपुरका एसपीले हिजो कति नं.को गाडीमा रञ्जन कोइराला आएका थिए भनी सोधेकाले मैले बताइदिएपछि उहाँले मलाई आजको

समाचारमा आफ्नै श्रीमती अपहरण गरी मारेको भन्ने आएको छ। आफ्नो एरियामा खोजतलास गर भनेकाले हामीले खोज्दै जाँदा थानकोटको चेकपोस्टमा गाडी सहित रञ्जन कोइराला पक्राउ परेका हुन् भन्ने समेत प्रहरी निरीक्षक डिल्लीप्रसाद मैनालीले बकेको बकपत्र।

DNA परीक्षण STR DNA प्रोफाइलिङ प्रविधिबाट परीक्षण गरी प्राप्त नतिजाका आधारमा प्रतिवेदन दिइएको हो। सोको विस्तृत विवरण परीक्षण प्रतिवेदनको विवरणमा उल्लेख गरिएको छ। DNA परीक्षणको नमुना १ र रक्तदाता A र B को परीक्षण नतिजा DNA प्रोफाइल A र B को समान पाइयो। नमुना १ को बाबु र आमा A र B बाहेक अन्यको हुने सम्भावना RPNE तथ्याङ्क विश्लेषणको नतिजा नेपाली जनसङ्ख्याका आधारमा २x१० अर्थात ० पछि १६ वटा ० पछि २ हुन्छ। सो परीक्षणबाट नमुना A र B बाबुआमा भएको देखियो भन्ने समेत वैज्ञानिक भिनुशोभा तुलाधरले बकेको बकपत्र।

मिति २०६८/११/३० गतेको परीक्षण प्रतिवेदनमा भएको सहीछाप र ब्यहोरा मेरो हो। सो केसमा अपनाइएका परीक्षण विवरण रा.वि.वि. प्रयोगशालाको मिति २०६८/११/३० को परीक्षण प्रतिवेदनको पछिल्लो पानाको परीक्षण विवरणमा उल्लेख गरिएको छ भन्ने समेत वरिष्ठ वैज्ञानिक अधिकृत दिनेशकुमार झाले बकेको बकपत्र।

मिति २०६८/११/३० गतेको परीक्षण प्रतिवेदनमा भएको सहीछाप र ब्यहोरा मेरो हो। परीक्षण प्रतिवेदनमा उल्लिखित प्रविधि अपनाएर DNA परीक्षण गर्दा प्राप्त नतिजा टेबल १ मा राखी तुलना गरी हेर्दा प्रत्येक लोकसमा निस्केको एलिलहरू Sample A र B सँग एक एक वटा मिलेकाले राय दिएको हुँ भन्ने समेत वैज्ञानिक जीवनप्रसाद रिजालले बकेको बकपत्र।

देखाइएका फोटाहरू मध्ये १३ नं. को फोटो जसवन्त पंजावीसँग श्रीमती गीता भारत जाँदा खिचिएको हो। १४ नं. को फोटो मेरी श्रीमती गीताको हो। १५ नं. को फोटो मेरो र गीताको हो र अन्य फोटाहरू प्रतिवादी तारा रेग्मीको हो भन्ने समेत प्रतिवादी रञ्जन कोइरालाले गरेको कागज।

मिति २०६८/९/२७ गते साँझ ८/९ बजेतिर नौबिसे सिमबजारमा रहेको मेरो नवराज भोजनालय एन्ड गेस्ट हाउसमा निलो रङ्गको सरकारी गाडी ल्याई रोकी ड्राइभर एक जना मात्र होटलमा आई मेरो होटलमा बसेको र अर्को मानिस गाडी लिई गए। राती २/३ बजेतिर ड्राइभरलाई अर्को मान्छेले बोलाएर लानु भएछ। बिहान हामी उठ्दा कोठामा बसेको मानिस थिएन भनी बुझिएकी निर्मला उप्रेतीले बकेको बकपत्र।

मेरी बहिनी मिति २०६८/८/२६ गते अमेरिकाबाट नेपालमा आई दिदी गीता कोइरालाको घरमा एक हप्ता बसेकी र ऐ. २८ गते अमेरिका फर्किने भएकीले दिदी माइत आएकी थिइन्। ऐ. २७ गते दिदीलाई फोन गर्दा फोन स्विच अफ रहेछ। ऐ २८ गते बहिनीले फोन गर्दा समेत फोन स्विच अफ रहेकाले बहिनी अमेरिका गइन्। ऐ. २७ गते रञ्जन कोइरालाले कान्छो छोरा र आयुस कोइरालालाई बिहान विष्णु बुढानीलकण्ठको घरमा लगेछ। त्यसरी लाँदा दिदीलाई घोरिएर हेरेको, सोही २७ गते दिदी गीताको घरको गेट समेत खुल्ला रहेको, सुत्ने कोठा लक भएको, बोलाउँदा नबोलेको भनी गीता कटुवालले भनी थाहा पाई बुबा र म समेत प्रहरी थानामा गई छोरी बेपत्ता भएको भनी निवेदन दिई प्रहरी र हामी दिदीको घरमा जाँदा प्रहरीले डि.आइ.जी.को घर भएकाले खोल्न मिल्दैन, माथिल्लो तहमा

खबर गर्नु पर्छ भनेकाले सो दिन फर्की ऐ. ३० गते हनुमानढोकाका प्रहरीहरू आई दिदीको घरमा हेर्दा दिदीको कोठा बन्द भएकाले ढोका तोडी भित्र हेर्दा ओछ्यानहरू लथालिङ्ग भई तकियाको खोल थिएन। मिति २०६८/१०/१ गते रञ्जन कोइराला र हाम्रो परिवार बसी हनुमानढोकामा कुराकानी गर्दा गीता घुम्न गएकी हुनु पर्छ भनेकाले हामीलाई विश्वास नलागी रञ्जन कोइरालाले नै बेपत्ता वा मारेको हो भनी उजुरी दिँदा हनुमानढोकाले उजुरी नलिएपछि रञ्जनले ३ दिनभित्र गीतालाई खोजेर ल्याउँछु भनेकाले आआफ्नो बाटो लागेकामा खोज्ने कार्यमा कुनै वास्ता नराखेको र मिति २०६८/१०/८ म रञ्जन कोइरालालाई नागढुङ्गामा समातेको खबर पाएकाले नागढुङ्गामा गई बुझ्दा रञ्जन आफैले दिदी गीतालाई मारेको थाहा पायौं भन्ने समेत मौकामा बुझिएका प्रदीप ढकालले बकेको बकपत्र।

राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट DNA परीक्षण भई प्राप्त प्रतिवेदन मिसिल सामेल रहेको।

## ठहर खण्ड

नियम बमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान जिल्ला न्यायाधिवक्ता श्री कृष्णजङ शाह, सहायक जिल्ला न्यायाधिवक्ता श्री अनिल कार्की, जाहेरवालाका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल, अधिवक्ता श्री बाबुराम दाहाल, देवेन्द्रराज ढकाल, मीरा ढुङ्गाना र प्रतिवादीका तर्फबाट रहनु भएका वरिष्ठ विद्वान अधिवक्ता श्री विष्णु भट्टराई, रञ्जितभक्त प्रधानाङ्ग, श्रीहरि अर्याल, अधिवक्ता गोविन्द बन्दी, प्रवलसिन्धु गुप्त, हरिप्रसाद खनाल, भाइराजा राई, शान्त सैंढाई, महमदिन अली, रमन श्रेष्ठ र निर्मला शाक्य समेतले गर्नु भएको बहस समेत सुनी सङ्कलित प्रमाण सहितको मिसिल अध्ययन गरी हेर्दा प्रतिवादीहरूले अभियोग मागदाबी बमोजिमको कसुर गरेका हुन् वा होइनन् ? कसुर गरेका भए के कति सजाय हुने हो ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा वादी नेपाल सरकारले प्रतिवादीहरू रञ्जनप्रसाद कोइराला र तारा रेग्मी जना दुई उपर अर्थात प्रतिवादी रञ्जनप्रसाद कोइरालाका हकमा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १/१३(३) नं. को कसुरमा ऐ १३(३) नं. बमोजिमको सजायको मागदाबी लिई र प्रतिवादी तारा रेग्मीका हकमा ऐ. ज्यान सम्बन्धी महलको १ नं. मा परिभाषित कसुर र ऐ. १६ नं. बमोजिमको सजायको मागदाबी सहित अभियोग पत्र पेस गरेको देखिन्छ। अभियोगको तथ्य ब्यहोरामा सङ्क्षिप्तमा प्रतिवादी रञ्जन कोइरालाले विगत आठ दस वर्षदेखि निजको अनुचित यौन सम्बन्ध कायम रहेकी प्रतिवादी मध्येकी तारा रेग्मी समेतको योजना एवं सल्लाहमा काठमाडौं जिल्ला, विष्णु बुढानीलकण्ठ गा.वि.स. वडा नं.५ पासीकोट बस्ने जाहेरवालाकी छोरी एवं निज प्रतिवादी रञ्जन कोइरालाकी श्रीमती गीता ढकाल कोइरालालाई मिति २०६८/९/२७ गतेका दिन निजकै घर वासस्थानमा कर्तव्य गरी मारी सोही दिन साँझ निजले प्रयोग गर्ने बा १ झ ६२१३ नं. को गाडीमा लास राखी सोही गाडीमा चार ग्यालेन पेट्रोल समेत राखी जिल्ला मकवानपुर टिस्टुङ गा.वि.स.को वारदात लुकाउने नष्ट गर्ने स्थान त्रिभुवन राजपथको सडक छेउ मेत्राङ भन्ने स्थानमा पीडितको मृत शरीरमा पेट्रोल खन्याई आगो लगाई जलाई नष्ट गरी फर्की आएको भनी उल्लेख गरिएको छ। साथै मिति २०६८/१०/७ गतेका दिन उक्त लासका अवशेषहरू नष्ट गर्ने अभिप्रायले गाडीमा पुनः प्लाष्टिक, पेट्रोल र सलाई समेत लिई लास जलाएको

स्थानमा गएबाट प्रतिवादी रञ्जन कोइरालाले नै पीडित गीता ढकाल कोइरालालाई निजकै घरमा नियोजित तवरले कर्तव्य गरी मारी लास लगी जलाई आएको तथ्य प्रमाणित भएको भनी उल्लेख गरिएको पाइन्छ। अर्का प्रतिवादी तारा रेग्मीका हकमा प्रतिवादी रञ्जन कोइराला र निज प्रतिवादी तारा रेग्मी कानुनी रूपमै बिहाबारी गरी बस्ने र पीडितको सम्पत्ति हत्याउने उद्देश्य अनुरूप पीडितको हत्या गर्ने योजनामा संलग्न भई षडयन्त्र गरी प्रतिवादी रञ्जन कोइरालालाई हत्या गर्न लगाइएको भनी सो कसुर सम्बन्धमा यथोचित प्रमाण खोजबिन नगरी षड्यन्त्रतर्फ अभियोजित गरिएको तथ्य उल्लेख गरिएको छ। उल्लिखित प्रस्तुत वारदातको तथ्यलाई जाहेरी ब्यहोरा, सन्बन्धित बुझिएका मानिसहरूको अनुसन्धानको कथन, वारदात स्थलको मुचुल्का र प्रतिवादीको अनुसन्धानमा भएको बयान कागज समेतले पुष्टि गरेको भन्ने अभियोजनको दाबी पनि रहेको देखियो। प्रतिवादी रञ्जन कोइरालाको अनुसन्धानमा भएको बयान कागजमा पीडित पत्नी र आफु बिच सम्बन्ध सुमधुर नरहेको, वारदातका दिन रकम माग गर्दा हात हालाहाल भई निजलाई धकेल्दा भित्तामा ठोक्किई मूर्छित भएको, केही बेरपछि हेर्न जाँदा श्वासप्रश्वास बन्द भइसकेको, तत्पश्चात घटना स्थलबाट विक्षिप्त भई महाराजगन्ज चोकमा आई आफ्नो ड्राइभर बोलाई पीडितको लास नष्ट गर्ने योजना बनाएको, उक्त योजना अनुरूप लास नष्ट गर्न एकान्त स्थानको सोचमा त्रिभुवन राजपथ हुँदै एकान्त स्थान जस्तो देखिने मनवानपुरको मेत्राङ भन्ने स्थानमा पुगी लास गाडीबाट झिकी पेट्रोल खन्याई जलाई सोही बाटो फर्की आफ्नै इचङ्गुनारायणको घरमा फर्केको हुँ भनी साबितीपूर्वक बयान गरेको देखिन आएको छ। उक्त बयानमा सो वारदातमा आफु बाहेक कसैको संलग्नता नभएको भनी बडो सङ्लो रूपमा साबिती रहेभएको स्थिति छ। यिनै प्रतिवादीले अदालत समक्ष गरेको बयानमा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको तथ्यमा इन्कार गर्दै सो बखतको बयानमा रहेको हस्ताक्षर आफ्नो नभएको जिकिर लिएको अवस्था छ। हस्ताक्षर सही जाँच गर्दा निज प्रतिवादीकै भएबाट अर्थात देखिन आएबाट प्रतिवादीको जिकिर जिकिरका हदसम्म असत्य प्रमाणित भइरहेको अवस्था छ। वारदातको समग्र तथ्यलाई विश्लेषण गर्दा मिसिल संलग्न प्रमाणहरूका आधारमा यी प्रतिवादीले पीडितको लास गाडीमा राखी आफैले गाडी चलाई लगी लास जलाई फर्केको, पीडितको हातमा रहेको घडी सनाखत भएको, भेटिएका पीडितका हड्डीका टुक्रा डि.एन.ए. परीक्षणबाट पीडितको भएको यकिन हुन आएको, यिनै प्रतिवादीले नै लास जलाई नष्ट गरेको भनी बुझिएका सर्वसाधारणहरूले समेत सनाखत गरिदिएको समेतका अवस्थाले पीडित गीता ढकालको मृत्यु गाडीमा पेट्रोल राखी लिई गई जलाएको, यिनै प्रतिवादीको आफ्नी पत्नीसँगको बिग्रेको सम्बन्धका कारण पीडितलाई मार्ने पूर्व योजनाको तयारीकै कारण पीडितको लास नष्ट गर्न उक्त उल्लिखित स्थानमा पुऱ्याएको तथ्य नै यकिन हुन आउँदछ। मिसिल संलग्न सङ्कलित आधार प्रमाण हेर्दा पनि यी प्रतिवादी रञ्जन कोइराला र प्रतिवादी मध्येकी तारा रेग्मी बिचको अन्तरङ्ग सम्बन्ध रहे भएको देखिइरहेको, पीडित पत्नीसँग यो वारदात पूर्व पनि पटक पटक वादविवाद, झगडा, हात हालाहाल हुने गरेको, मानाचामल तथा अंश समेतका इत्यादि मुद्दा चलिरहेको स्थिति भएको स्वसिद्ध पृष्ठभूमिमा यी प्रतिवादीले चाइनाबाट नेपाल आउँदा पासपोर्ट इन्ट्री समेत गराएको नदेखिनाले यी प्रतिवादी पूर्व नियोजित दूषित योजनामा रहेभएको तथ्य नै सिद्ध हुन आउँछ। यद्यपि उप्रान्त तथ्यमा मृत्युको कारण खुल्न नसकेको परीक्षण प्रतिवेदन भएको, शङ्काको स्थिति देखाई शङ्काको हरसम्भव सुविधा प्रतिवादीले पाउने सङ्गीन कानुनको मान्य सिद्धान्तको जिकिर रहेको,

क्षेत्राधिकारको निक्यौंल प्रक्रिया वादी पक्षबाट अवलम्बन नगरिएको, तेल राखिएको जर्किन बुझिएका ड्राइभरले देखेको तर मृत पीडितको शरीर नदेखेको, वारदात देख्ने प्रत्यक्षदर्शी कोही नभएको, पीडितको एउटा मात्र हड्डी जोगिएको, प्रतिवादीको निष्पक्ष इन्साफ पाउने हक व्यवस्था भई मिडिया अभिमुख सुनुवाइ भएको र जाहेरी, मुचुल्का, गाडी र वारदात स्थल समेत दुई दुई वटा हुनुले ठोस एवं सकारात्मक प्रमाण नभएको, प्रमाणित हुने जस्ता तर्क एवं जुक्तिको पनि प्रस्तुत वारदातको विश्लेषण बहस क्रममा विवेचना रहेभएको छ। यस अतिरिक्त प्रमाण ऐन, २०३१ को दफा ९(१) (२) (३)को प्रसङ्ग पनि विवेचित भएकामा उक्त दफा ९ को प्रावधानले मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुरा निजका विरुद्धमा प्रमाणमा लिन हुन्छ भनेकोबाट सामान्यतः पक्षले व्यक्त गरेको जुनसुकै कुरा निजका विरुद्ध प्रमाण लाग्छ। निजको "पक्ष"मा प्रमाण लाग्ने होइन" भनी अर्थ गर्नु नै सकारात्मक हुने देखिन्छ किनकि यी प्रतिवादीको ओहदाले नै अनुसन्धानको निजको बयान निजलाई बाध्य पारी यातना दिई गराएको भन्न मिल्ने स्थिति छैन। यहाँ यस बखत फौजदारी कानुन र प्रमाण कानुनको उद्देश्य वास्तविक कसुरदारले सजाय पाउनु पर्ने र न्याय स्थापना समाजमा गर्ने पनि हो भन्ने स्मरण गर्न जरुरी देखिन्छ। कसुरदार उम्कन नपाओस् र निर्दोषीले सजाय भोग्न नपरोस् भन्ने यी कानुनको आदर्श पनि रहेभएको मान्नु पर्ने हुन आउँछ। तसर्थ अनुसन्धानमा प्रतिवादी रञ्जन कोइरालाले दिएको साबिती बयान यस वारदातको यस कसुरको सम्पूर्ण इतिवृत्तलाई भिन्नाभिन्नै पक्षबाट हेर्दा पनि उप्रान्त उठाइएका तर्क जुक्ति, विवेक, वैज्ञानिकताकै आधारमा समेत यस वारदातमा यिनै प्रतिवादीको नै संलग्नता रहे भएको देखिन आउँछ। बुझिएका व्यक्तिहरूको भनाइ शब्दशः उनै र उस्तै नहुन सक्दछन्। मानिसको विचार, क्षमता, स्मरण शक्ति, अभिव्यक्ति सबै अक्षरमा हुबहु नहुन सक्दछन्, कहीं अतिशयोक्तिपूर्ण कहीं अल्प अभिव्यक्ति भएको पनि हुन सक्दछ। यस्तोमा आफु अनुकूल शब्द मात्र वा वाक्यांश मात्र उठाई तर्क बनाई शङ्काको सृजना गरी त्यसैको हरसम्भव सुविधा पाउनु पर्दछ भन्ने जिकिरले न्याय र सत्यको सबल पक्षको जागृति गराउन सक्ने हुँदैन, मानिँदैन किनकि मानवीय नैतिक कार्यमा त एकरूपता हुँदैन भने आपराधिक नैतिकता विपरीतको कार्यमा मालाकार रूपमा एकरूपता हुन पर्ने तर्कमा न्यायिक औचित्य अन्तरनिहित हुन्छ भन्नु उपयुक्त हुँदैन। फेरि तथ्य र कानुनको जन्जालमा जस्तोसुकै कानुनी प्रवृत्ति, पद्धति र धारणा देखिए पनि यदि सत्य फेला पर्छ भने सत्यको पारख गर्नु कानुन व्यवसायी र अदालतको प्रमुख प्रथम कर्तव्य हुन आउँदछ। लर्ड डेनिङको **अब कानुनमा के** "भन्ने पुस्तकको उप्रान्त अभिव्यक्ति स्वर्गवासी न्यायाधीश प्रकाशबहादुर के.सी.ले आफ्नो समसामयिक कानुनी धारणा भन्ने लेख रचनामा उक्त ब्यहोरा मर्मस्पर्शी रूपमा उल्लेख गरेको पाइन्छ। यस्तोमा उप्रान्त विवेचित तथ्यलाई केलाउँदा प्रस्तुत वारदातको सम्पूर्ण स्वरूप प्रतिवादी रञ्जन कोइरालाको अनुसन्धानका बखत भएको साबिती बयानको विश्वसनीयतामा नै निर्भर रहन्छ, निर्भर छ। शङ्काको उत्पत्ति गरी निर्दोष सम्झनु पर्ने सिद्धान्तको मिथ्याबोध गरी अर्थात सृजित शङ्काको बहानामा लहडी, रिसाहा, होस्याङ्ग प्रकारका शङ्का उठाई सो सुविधाकै आधारमा कसुरदार ठहर हुनु हुँदैन भन्ने उक्त सिद्धान्तको मान्यता होइन, हुन सक्दैन। प्रत्यक्ष र सकारात्मक प्रमाणको अभाव भएको र मौखिक प्रमाण मान्य नहुने नभएकाले यी प्रतिवादीले कसुर नगरेको सिद्ध हुन्छ भन्ने जिकिर रहेकामा यदि मौखिक बयान कागजलाई वारदातको समग्र स्वरूपले निर्धारण गरेको परिस्थितिजन्य प्रमाणले पुष्टि गर्दछ भने त्यस्तो प्रमाण ग्राह्य हुने हुन्छ। ( Tukaram Vs. State of Maharastra) भएको

भारतीय केसमा पनि यदि कुनै मौखिक बयानमा पनि सो वारदातको तथ्यसँग मेल खाने यथार्थता पाइन्छ भने र सोमा आधारभूत दुर्बलता छैन भने मौखिक साक्षीको भनाइको मान्यता पनि स्वतः रहन जान्छ भनी उल्लेख भएको पाइन्छ। अर्थात ( Uncorroborate of testimony accepted of doesnot suffer besic intirmity) अतः यस्तो अवस्थामा उप्रान्त विवेचित तथ्य एवं कानुनका आधारमा प्रतिवादी रञ्जनप्रसाद कोइरालाले अनुसन्धानमा गरेको बयान वारदातको स्वरूपसँग मेल खाने र प्रामाणिक रूपमा विश्वसनीय समेत देखिन आएकाले पीडित गीता ढकाल कोइरालालाई निजकै घरमा यिनै एक मात्र प्रतिवादीले कर्तव्य गरी मारी मकवानपुर जिल्लाको मेत्राङ भन्ने स्थानमा पुर्‍याई जलाई नष्ट गर्ने कसुरमा यी प्रतिवादी रञ्जन कोइरालाको संलग्नता रहेभएको यकिन हुन आउँदछ। तसर्थ यी प्रतिवादी रञ्जन कोइरालालाई अभियोग दाबी बमोजिम तथा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्मकैद हुने ठहर्छ। अर्का प्रतिवादी तारा रेग्मीका हकमा निज उपरको ज्यान सम्बन्धी महलको १६ नं. को षड्यन्त्र रहेको अभियोग वादी पक्षले प्रमाणित गर्न नसकेको, वारदातका समयमा निज विदेश रहेको भनी स्वयं वादी पक्षले आरोप पत्रमा स्वीकार गरेको र पीडितलाई कर्तव्य गरी मारेतर्फ प्रतिवादी रञ्जन कोइराला मात्र रहेभएको देखिन ठहर्न आएकोबाट यी प्रतिवादी तारा रेग्मी उपरको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्ने भएन। तर यी प्रतिवादीको अन्तरङ्ग सम्बन्ध रहन आई वारदातको अघिपछि प्रशस्त सम्बन्ध रहेभएको पाइएको अवस्था हुँदा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १७(३) नं. बमोजिम यी प्रतिवादी तारा रेग्मीको प्रस्तुत वारदातमा अरू किसिमको मतलबीको भूमिका रहेभएको देखिँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १७(३) नं. बमोजिम कैद वर्ष एक हुने ठहर्छ। अरू तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

प्रतिवादी रञ्जनप्रसाद कोइरालालाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्व सहित जन्मकैद हुने ठहरिएकाले निज मिति २०६८/१०/८ बाट हालसम्म थुनामै रही आएकाले निजको हकको अंश सर्वस्व गरी सोही मितिबाट कैद कट्टा हुने गरी जन्मकैदको लगत कसी कैद ठेकी असुल गर्न लगत दिनू ..........................................................................................................१

प्रतिवादी तारा रेग्मीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १७(३)नं. बमोजिम कैद वर्ष एक हुने ठहरिएकाले निज मिति २०६८/१०/२३ बाट मिति २०६८/११/१३ सम्म जम्मा बिस दिन थुनामा रहेकाले एघार महिना दस दिन कैद बाँकी हुँदा लगत कसी असुल गर्नू ........................................२

प्रतिवादी तारा रेग्मीले यस अदालतको र.नं.१०६८ मिति २०६८/११/१४ मा रू.१,००,०००/- नगद धरौट राखेको हुँदा निजलाई लागेको कैद भुक्तान भएपछि केही दस्तुर नलिई सो धरौट फिर्ता दिनू .......३

बरामदी बा १ झ ६२१३ नं. को गाडी यस अदालतको च.नं. ४३०७ मिति २०६८/११/१९ को पत्र र मिति २०६८/११/१४ को आदेशानुसार सशस्त्र प्रहरी बलको मुख्यालय, हलचोक काठमाडौंमा पठाइसकेको हुँदा केही गर्न परेन .........................................................................................४

यो फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरूका नाममा पुनरावेदनको म्याद जारी गर्नू र फैसलामा चित्त नबुझे सोही अनुसार पुनरावेदन गर्नू भनी फैसलाको नक्कल साथै राखी मुद्दा फैसला भएको जानकारी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई दिनू ..........................................................................................................५

यो फैसलाको नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनू ......................................६

यो मिसिलको दायरीबाट लगत काटी नियमानुसार गरी अभिलेख संरक्षकलाई बुझाइदिनू......................७

जिल्ला न्यायाधीश

फैसला टिपोट गर्ने
ना.सु. शंकर श्रेष्ठ।

**इति सम्वत् २०७१ साल वैशाख ७ गते रोज १ शुभम्...............।**

**श्री स्याङ्जा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री चिन्तामणि बराल**
**जाहेरी फैसला**
**५८-०६८-००३१५**
**068-CR-0050**
**निर्णय नं १३७**

*मुद्दा : कर्तव्य ज्यान।*

**वादीको नाम थर वतन**
मनिकुमार रैकामगरको जाहेरीले नेपाल सरकार..१

**वादीका साक्षी**
जाहेरवाला मनिकुमार रैकामगर, नन्दप्रसाद पौडेल, विष्णु थापा, गैरेकी काइँली भन्ने चित्रकला गैरे, गैरेकी जेठी भन्ने गोमा गैरे, जेजुमाया मल्ल समेत।

**प्रतिवादीको नाम थर वतन**
जिल्ला स्याङ्जा, चिसापानी गा.वि.स. वडा नं. बगर बस्ने टेकबहादुरको नाति ललितबहादुरको छोरा वर्ष ४० को गोरे भन्ने पदमबहादुर मल्ल..................१
ऐ.ऐ. बस्ने अग्निधरको नाति उमाकान्तको छोरा वर्ष २५ को गंगादत्त खनाल.................................१
ऐ.ऐ. बस्ने जुमबहादुरको नाति दिनेशबहादुरको छोरा वर्ष १८ को हरि मल्ल..................................१
ऐ.ऐ. बस्ने जंगबहादुरको छोरा वर्ष २७ को राम भन्ने होमबहादुर पौडेल क्षेत्री............................१
ऐ.ऐ. बस्ने अमरबहादुरको नाति सुन्दरबहादुरको छोरा वर्ष ३० को डिलबहादुर पौडेल क्षेत्री..........१
ऐ.ऐ. बस्ने अमर बहादुरको नाति सुन्दरबहादुरको छोरा वर्ष २४ को शालिकबहादुर पौडेल क्षेत्री......१
ऐ.ऐ. बस्ने सोमबहादुरको नाति कृष्णबहादुरको छोरा वर्ष २० को बिजु भन्ने विजय मल्ल...................१

**प्रतिवादीका साक्षी**
ओमकान्त खनाल, भद्रबहादुर खड्का, थमनबहादुर मल्ल, राजनप्रसाद लम्साल समेत।

**अड्डाबाट बुझेको**

जाहेरवाला मनिकुमार रैकामगर, जेजुमाया मल्ल, गैरेकी काइँली भन्ने चित्रकला गैरे, गैरेकी जेठी भन्ने गोमा गैरे, चिन्तामणि शर्मा, घटना विवरण कागज गर्ने मुसुरी भन्ने सावित्री पौडेल समेत।

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं समेत बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको सङ्क्षिप्त टिपोट एवं ठहर यस प्रकार छ :

दिलीपकुमार रैकामगर समेतका हामी १० जना भुटानी शरणार्थीहरू झापाको बेलगाडी सिविर नं.३ मा शरणार्थीका रूपमा रही कामको खोजीमा स्याङ्जा जिल्लाको पूर्वी भेग मग्याम चिसापानी र चित्रेभन्ज्याङ गा.वि.स. अन्तर्गत विगत ४ वर्षअघिदेखि ज्याला मजदुरीको काम गर्दै आइरहेका थियौं। मिति ०६९।०२।०४ गते दिलीपकुमार रैकामगर तोकिएको स्थानमा नआएको र बगर जान्छु भनी हिँडेको भन्ने जानकारी प्राप्त भएको र सोही ठाउँ बस्ने मुसुरी भन्ने महिलालाई फोन गरी बुझ्दा दिलीप यस क्षेत्रमा आएका खण्डमा यहाँका युवाहरूले कुटपिट गर्ने भन्ने जानकारी प्राप्त भएको, मिति ०६९।०१।३० गते निज दिलीपकुमार चिसापानी गा.वि.स. वडा नं.९ बस्ने मुसुरी भन्ने महिलासँग निजकी फुपू नाताकी जेजुमाया भन्नेको घरमा बास बसेको, सो राती विपक्षी मध्येका पदमबहादुर र गंगाले चियोचर्चो गरेको, बेपत्ता भएको मिति ०६९।०२।०४ गते रातको समयमा रुँदै गुहार गुहार भनी गुहार मागेको, स्थानीय मानिसहरूबाट खुल्न आएको र खोजतलासकै क्रममा मिति ०६९।०२।०८ गते बगर भन्ने स्थानमा नन्दप्रसाद पौडेलको मकैबारीमा मृतक दिलीपकुमारको लास फेला परेको हुँदा पदमबहादुर मल्ल, गंगादत्त खनाल समेत प्रकरण ३ मा उल्लिखित व्यक्तिहरूले पूर्व रिसइवीका कारणले कुटपिट गरी कर्तव्य गरी मारेको हुँदा कानुन बमोजिम कारबाही गरिपाउँ भन्ने समेत ब्यहोराको मृतकका भाइ मनिकुमार रैकामगरको जाहेरी दरखास्त।

जिल्ला स्याङ्जा चिसापानी गा.वि.स.वडा नं. ९ ललही भन्ने स्थानमा नन्दप्रसाद पौडेलको मकैबारीमा मृतक लास दुर्गन्धित भई घोप्टो अवस्थामा रहेको, टाउको निधारमा धारिलो हतियारले काटेजस्तो देखिने, २ इन्च लम्बाइ १ इन्च गहिराइको चोट रहेको, तालुको भागमा काटेको चोट रहेको, देब्रे आँखा फुटेको, नानी बाहिर निस्केको, दाहिने आँखा बन्द नाकबाट रगत बगेको, मुख खुल्ला, जिब्रो टोकेको, घाँटीमा धसारिएको लछारिएको डाम रहेको, छातीमा ३ वटा निलो डाम देखिएको, पेट फुलेको, दाहिने हातको कुममा निलो डाम र कुहिना भाँचिएको, बाँया खुट्टाको जोर्नी फुस्केको, अण्डकोष दुवै सुन्निएका अवस्थामा रहेको, मलद्वारबाट दिसा निस्किएको देखिएको भन्ने समेत ब्यहोराको लास जाँच प्रकृति मुचुल्का।

मृत्युका कारण HEAD INJURY भई मृत्यु भएको भन्ने समेत ब्यहोराको मृतक दिलीपकुमार रैकामगरको शव परीक्षण प्रतिवेदन।

गाउँमा बस्दाका अवस्थामा मुसुरी भन्ने केटी र भुटानी केटाका बिचमा लसपस उठबस छ भन्ने गाउँघरमा हल्ला चलेको थियो। मिति ०६९।०२।०४ गते रातको समयमा म आफ्नै घरमा सुतेका अवस्थामा रातको ११:३० बजेको समयमा गंगादत्त खनाल मेरो घरमा आई मलाई बोलाई मुसुरीसँग लाग्ने केटा गाउँमा आउँदैछ, लखेट्नु पर्‍यो, जाउँ भनेकाले मैले खुकुरी निकाली निज गंगादत्त खनालको साथमा लम्साल चौतारोमा आउँदै गर्दा बाटोमा बिजु भन्ने विजय मल्ललाई भेटी निज समेत हामीसँगै लम्साल चौतारोमा आइपुग्दा गोरे भन्ने पदमबहादुर मल्ल, डिलबहादुर पौडेल क्षेत्री, राम भन्ने होमबहादुर पौडेल क्षेत्री, शालिकबहादुर क्षेत्री भेट भएपछि लुकिछिपी बसेका अवस्थामा रातको अं.१२:३० बजेतिर भुटानी केटा आएको देखी बाटो छेकी पदमबहादुर मल्लले हान् ठोक् भनेपछि गंगादत्त खनालले हँसियाले टाउकामा प्रहार गरे। त्यसपछि मैले खुकुरी प्रहार गर्दा निज ढल्यो। त्यसपछि अन्य साथीहरूले लाठी, मुक्का समेतले प्रहार गरेपछि निजको सोही ठाउँमा मृत्यु भयो। घाँटीमा डोरीले बाँधी

लासलाई नन्दप्रसाद पौडेलको मकैबारीमा लगि फालेको हो भन्ने समेत ब्यहोराको प्रतिवादी हरि मल्लको अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान।

विगत २ महिना अघिदेखि मुसुरी क्षेत्रीसँग मायाप्रेम बसी शारीरिक सम्पर्क भई निज र मेरा बिचमा अत्यन्त घनिष्ठ सम्बन्ध रहेको थियो। मिति ०६९।०१।३० गते निज मुसुरी र दिलीपकुमार रैकामगर चौतारामा सँगै बसेको देखेको थिएँ। सो कुरा गोरे भन्ने पदमबहादुर मल्ललाई भनिदिएँ। निज र म भई आज मुसुरी र दिलीपकुमार कहाँ बस्दा रहेछन् ? चियोचर्चो गर्ने भनी बुझ्दा निजहरू मुसुरीको फुपूको घरमा बास बसेको भन्ने थाहा पाई राती मुसुरीकी फुपू जेजुमाया मल्लको घरमा जाँदा निज मुसुरी र दिलीपकुमार एकै ओछ्यानमा सुतेको पदमबहादुरले झ्यालबाट हेरी देखेका हुन्। मिति ०६९।०२।०४ गतेका दिन चिसापानी बजारमा दिलीपकुमार रैकामगरलाई पदमबहादुर मल्ल र म समेतले देख्यौं। निज मुसुरी भएको ठाउँमा पक्कै आउँछ, आज निजलाई कहिल्यै नआउने गरी लखेट्न पऱ्यो भनी कुराकानी गरी लम्साल चौतारोमा नै कुरी बसिरहेका अवस्थामा पदमबहादुर मल्लले बल पुग्दैन कि केटाहरू बोलाएर लिएर आउँ भनेको हुँदा म गाउँमा आई डिलबहादुर पौडेल क्षेत्री, राम भन्ने होमबहादुर पौडेल क्षेत्री, विजय मल्ल, हरि मल्ल समेतलाई खबर गरी निजहरू र म समेतले हँसिया खुकुरी, लाठी बोकी लम्साल चौतारोमा आई बाटो ढुकी बस्दा निज दिलीपकुमार आएको देखी पदमबहादुर मल्लले हान् ठोक् भन्नासाथ घेरा हाली समाती मैले साथमा लिई आएको हँसियाले टाउकामा प्रहार गरी हरि मल्लले खुकुरी प्रहार गऱ्यो। अन्य साथीहरूले लाठी, लात्ती, मुक्का समेतले प्रहार गर्दा निजको सोही ठाउँमा मृत्यु भयो। त्यसपछि घाँटीमा मैले साथमा ल्याएको डोरीले बाँधी बिजु भन्ने विजय मल्ललाई घिसार्न लगाउँदा उसले नसकेपछि सबै जना मिली मृतक लासलाई उचाली नन्दप्रसाद पौडेलको मकैबारीमा लगी फालेका हौं भन्ने समेत ब्यहोराको गंगादत्त खनालको अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान कागज।

विगत ६।७ वर्षदेखि मेरो र मुसुरीका बिचमा मायाप्रेम बसी निज र म बिच समय समयमा शारिरीक सम्बन्ध रही आएको थियो। मिति ०६९।०१।३० गते रातको समयमा निज मुसुरी र दिलीपकुमार रैकामगर निज मुसुरीकी फुपू जेजुमाया भन्नेको घरमा एकै ओछ्यानमा सुतेको गंगादत्त र म समेतले चियोचिर्चो गर्दा देखी थाहा भएको र मिति ०६९।०२।०४ गते निज दिलीपकुमार रैकामगरलाई चिसापानी बजारमा देखेको हुँदा निज आज पक्कै मुसुरी भएको ठाउँमा आउँछ, निजले हाम्रो गाउँको चेलीबेटीसँग लसपस उठबस गरेको हुँदा निजलाई गाउँबाट लखेट्नु पर्छ भनी गंगादत्त र मैले सल्लाह गरी रातको समयमा लम्सालको चौतारो भन्ने स्थानमा निज दिलीपकुमार रैकामगरलाई कुरी बस्दाकै अवस्थामा बल पुग्दैन कि भनी अन्य केटाहरू बोलाउनका लागि गंगादत्तलाई गाउँमा पठाई गाउँका हरि मल्ल, होमबहादुर क्षेत्री, शालिकबहादुर क्षेत्री, विजय मल्ल, डिलबहादुर क्षेत्री समेतलाई लिएर आए पश्चात बाटामाथि गह्रामा लुकिछिपी बसेका अवस्थामा निज दिलीपकुमार रैकामगर आएको देखेपछि मैले हान् ठोक् भन्नासाथ साथीहरूले बाटो छेकी घेरा हाली समाती गंगादत्तले हँसियाले, हरि मल्लले खुकुरीले र अन्यले लाठी, लात्ती र मुक्काले र मैले लात्तीले प्रहार गर्दा निजको सोही ठाउँमा मृत्यु भयो। त्यसपछि गंगादत्तले निजको घाँटीमा डोरीले बाँधी सबै जना मिली उचाली लासलाई नन्दप्रसाद पौडेलको मकैबारीमा लगी फालेको हो। मिति ०६९।०२।०८ गते सोही स्थानमा मृतक

दिलीपकुमारको लास फेला परेपछि म समेतलाई प्रहरीले पक्राउ गरी ल्याएका हुन् भन्ने समेत ब्यहोराको पदमबहादुर मल्लको अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान कागज।

जिल्ला स्याङ्जा मग्याम चिसापानी गा.वि.स. वडा नं. ९ स्थित पूर्व हेमलाल लम्सालको घर तथा पानीको धारो, पश्चिममा चिसापानी बजारतर्फ जाने रोड बाटो, उत्तरमा बलाम्दी जाने बाटो, दक्षिणमा डिलबहादुर शाहीको पाखोबारी यति चार किल्लाभित्र ठुलो पिपलको चौतारो रहेको जसलाई लम्साल चौतारो भन्ने गरिएको, सो चौताराको भुइँमा दिलीपकुमार रैकामगरलाई प्रतिवादीहरू जना सातले कुटपिट गरी मारेको स्थान भन्ने समेत ब्यहोराको घटना स्थल मुचुल्का।

मिति ०६९।०१।३० गते मुसुरी भन्ने सावित्री क्षेत्री र भुटानी केटा दिलीपकुमार रैकामगर जेजुमाया मल्लको घरमा सँगै रात बिताएको भन्ने हल्ला गाउँमा चलेको थियो। सो विषयमा मलाई चित्त दुखेको थियो। मिति ०६९।०२।०४ गतेको राती म आफ्नै घरमा सुतिराखेका अवस्थामा गंगादत्त खनाल आई बाहिर बोलाई मुसुरीसँग रात बिताउने केटा आउँदैछ, निजलाई कुटपिट गरी लखेटन पर्‍यो, जाउँ भनेकाले आँगनमा रहेको लाठी लिई लम्साल चौतारोमा पुग्दा पदमबहादुर मल्ल समेतसँग भेट भयो। केही समय पश्चात हरि मल्ल, विजय मल्ल र गंगादत्त खनाल समेत हँसिया खुकुरी समेत लिई आइपुगेपछि पदमबहादुर मल्लले लुकेर बसौं भनी लुकिबस्दाकै अवस्थामा रातको करिब १२:३० बजेको समयमा निज दिलीपकुमार रैकामगर आएको देखेपछि पदमबहादुर मल्लले हान् ठोक् भन्नासाथ निजलाई बाटो छेकी घेरी समाती गंगादत्त खनालले हँसियाले, हरि मल्लले खुकुरीले टाउकामा प्रहार गर्दा निज ढलेपछि म समेत अन्य साथीहरूले समेत लात्ती, लाठी, मुक्काले हानेपछि निज सोही ठाउँमा ढली निजको मृत्यु भएको हो। मृतकलाई घाँटीमा डोरीले बाँधी उचाली नन्दप्रसाद पौडेलको मकैबारीमा लगि फालेको हौं। मिति ०६९।०२।०८ गते सोही ठाउँमा लास फेला परेपछि म समेत प्रहरीद्वारा पक्राउमा परी आएका हौं भन्ने समेत ब्यहोराको रामु भन्ने होमबहादुर पौडेल क्षेत्रीको अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान कागज।

मिति ०६९।०१।३० गते बहिनी मुसुरी भन्ने र भुटानी केटा फुपू जेजुमाया मल्लको घरमा सँगै बास बसेको भन्ने हल्ला चलेको थियो। उक्त कुराले मेरो मनमा चित्त दुखेको थियो। मिति ०६९।०२।०४ गतेको राती म आफ्नै घरमा सुतिरहेका अवस्थामा गंगादत्त खनाल बाहिर आई बोलाई मुसुरीसँग लसपस उठबस गर्ने केटा आउँदैछ, निजलाई लखेट्न पर्‍यो, जाँउ भनेकाले गोठमा रहेको लाठी लिई लम्साल चौतारोमा पुग्दा पदमबहादुर मल्ल समेतसँग भेट भयो, केही समय पश्चात हरि मल्ल, विजय मल्ल र गंगादत्त खनाल हातमा खुकुरी, लाठी, हँसिया लिई आइपुगे पश्चात पदमबहादुर मल्लले भुटानी भाग्न सक्छ, लुकेर बसौं भनी लुकिछिपी बस्दाकै अवस्थामा निज दिलीपकुमार रैकामगर आएको देखेपछि पदमबहादुर मल्लले हान् ठोक् भन्नासाथ निजलाई बाटो छेकी घेरी समाती गंगादत्त खनालले हँसियाले, हरि मल्लले खुकुरीले टाउकामा प्रहार गर्दा निज ढलेपछि अन्य म समेतका साथीहरूले मिली लात्ती, लाठी, मुक्काले हानेपछि सोही ठाउँमा निजको मृत्यु भएको हो। मृतकलाई घाँटीमा गंगादत्त खनालले ल्याएको डोरीले बाँधी सबै मिली उचाली नन्दप्रसाद पौडेलको मकैबारीमा लगि फालेका हौं। मिति ०६९।०२।०८ गते सोही ठाउँमा लास फेला परेपछि म समेत

प्रहरीद्वारा पक्राउमा परी आएका हौं भन्ने समेत ब्यहोराको शालिकबहादुर पौडेल क्षेत्रीको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज।

मिति ०६९।०१।३० गते बहिनी मुसुरी भन्ने सावित्री पौडेल क्षेत्री र भुटानी केटा दिलीपकुमार रैकामगर जेजुमाया मल्लको घरमा सँगै रात बिताएको भन्ने गाउँमा हल्ला चलेको थियो। सो कुराले मलाई दुःख लागेको थियो, मिति २०६९।०२।०४ गतेको राति म आफ्नै घरमा सुतिराखेका अवस्थामा गंगादत्त खनाल आई बाहिर बोलाई मुसुरी सँगसँगै रात बिताउने केटा आउँदैछ, निजलाई लखेट्न पर्‍यो, जाउँ भनेकाले गोठमा रहेको लाठी लिएर लम्साल चौतारामा पुग्दा पदमबहादुर मल्ल समेतसँग भेट भयो। केही समय पश्चात हरि मल्ल, विजय मल्ल र गंगादत्त खनाल हातमा खुकुरी, हँसिया र प्लाष्टिकको डोरी लिई आइपुगे। तत्पश्चात पदमबहादुर मल्लले भाइ हो ! भुटानी भाग्न उम्कन सक्छ, लुकेर बसौं भनी लुकिछिपी बस्दाकै अवस्थामा निज दिलीपकुमार रैकामगर आएको देखेपछि पदमबहादुर मल्लले हान् ठोक् भन्नासाथ निजलाई बाटो छेकी घेरी समाती गंगादत्त खनालले हँसियाले, हरि मल्लले खुकुरीले टाउकामा प्रहार गर्दा निज ढलेपछि म समेत अन्य साथीहरूले मिली लात्ती, लाठी, मुक्काले हानेपछि सोही ठाउँमा निजको मृत्यु भएको हो। मृतकलाई घाँटीमा डोरीले बाँधी उचाली पदमबहादुर मल्लको सल्लाह बमोजिम नन्दप्रसाद पौडेलको मकैबारीमा लगी फालेका हौं। मिति २०६९।०२।०८ गते सोही ठाउँमा लास फेला परेपछि म समेत प्रहरीद्वारा पक्राउमा परी आएका हौं भन्ने समेत ब्यहोराको डिलबहादुर क्षेत्रीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज।

मिति ०६९।०१।३० गतेका दिन गाउँमा भुटानी केटा दिलीपकुमार रैकामगर र गाउँकै बहिनी नाताकी मुसुरी भन्ने सावित्री पौडेल क्षेत्रीले सँगै रात बिताएका भन्ने हल्ला गाउँमा सुनी थाहा पाएको थिएँ। निज मुसुरी र पदमबहादुर मल्लका बिचमा मायाप्रेम रहेको कुरा गाउँमा सर्वत्र थाहा जानकारी थियो। मिति ०६९।०२।०४ गते म दिउँसोको समयमा मिलमा धान कुट्न भनी छोडी राखेको धान र कोदो लिन भनी गएकामा लाइनको क्षमता नभएका कारण नकुटिएकाले रातको समयमा म घर फर्कने क्रममा बाटोमा गंगादत्तले हँसिया र प्लाष्टिकको डोरी लिई हरि मल्लले हातमा खुकुरी बोकी म भएतर्फ आउँदै गर्दाका अवस्थामा भेटेको र गंगादत्त खनालले आज मुसुरीसँग लाग्ने केटा दिलीपकुमार रैकामगर गाउँमा आउँदै छ, त्यसलाई ठिक पार्नु पर्छ, तिमी पनि सँगै जाउँ भनेको हुँदा म समेतका हातमा लाठी लिई लम्साल चौतारोमा आई जम्मा भई लुकिछिपी बसिराख्दाका अवस्थामा निज दिलीपकुमार रैकामगर रातको अं.१२:३० बजेतिर आएको देखी पदमबहादुर मल्लले हान् ठोक् भन्नासाथ बाटो छेकी घेरा हाली समाती गंगादत्त र हरि मल्लले हँसिया तथा खुकुरीले टाउकामा प्रहार गर्दा निज ढले पश्चात निजले मोहन ! मोहन !! गुहार ! गुहार !! भनी चिच्चाएको र सो पश्चात म समेतका साथीहरूले लाठी, लात्ती, मुक्काले प्रहार गर्दा निजको सोही ठाउँमा नै मृत्यु भएको र गंगादत्तले निजको घाँटीमा डोरीले बाँधी मलाई घिसार्न लगाउँदा घिसार्न नसकी सबै जनाले मिली लास बोकी उचाली पदमबहादुर मल्लको सल्लाह बमोजिम नन्दप्रसाद पौडेलको मकैबारीमा लगी फालेका हौं। मिति ०६९।०२।०८ गते लास फेला पारी म समेतलाई प्रहरीले पक्राउ गरी ल्याएको हो भन्ने समेत ब्यहोराको बिजु भन्ने विजय मल्लले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज।

मेरो घर चिसापानी गा.वि.स.वडा नं. ९ ललही बगरमा पर्दछ। म गाउँघरमा बसी मेलापात ज्याला मजदुरी गरी बस्दै आइरहेको छु। यस्तैमा विगत ६।७ वर्षदेखि गाउँकै पदमबहादुर मल्ल र म बिच एकआपसमा मायाप्रेम बसेको र शारीरिक सम्पर्क पनि हुँदै आएको थियो। ज्याला मजदुरीको काम गर्ने क्रममा निज भुटानी दिलीपकुमार रैकामगरसँग पनि चिनाजानी भई मायाप्रेम बसेको थियो। मिति ०६९।०१।३० गते निजसँग गाउँकै चौतारोमा भेटघाट भए पश्चात आकाशमा गड्याङगुडुङ गरेको र पानी परेको हुँदा म घरमा नगई निज दिलीप र म फुपू जेजुमाया मल्लका घरमा गई खाना खाई निज दिलीप र म एकै कोठामा सँगै सुतेका थियौं। रातको समयमा गंगादत्त खनाल र पदम मल्लले आई हामीहरूको चियोचर्चो गरेको थाहा भयो। सो समयमा निज दिलीपले म मिति ०६९।०२।०४ गते आउँछु। तिमी घरमा नै बस्नु भनेको कुरा निजहरूले सुनेका थिए। चुपचाप बस्दाकै अवस्थामा यिनीहरूलाई यहीं मारिदिनु पर्छ भनी निजहरूले भनेको हामीले सुनेका थियौं। निजहरू फर्की गए पश्चात हामी बिच आपसमा शारीरिक सम्पर्क भएको हो। भोलिपल्ट बिहानै निज उठी गएका र म पनि घरतर्फ लागेकी हुँ। यत्तिकैमा मिति ०६९।०२।०४ गते म काम विशेषले तनहुँको कोत्रेतर्फ गएकी र म कोत्रे गएको कुरा निजलाई भन्न र सम्पर्क समेत हुन नसकेका कारणले निज दिलीप सो दिन मेरो गाउँ आएका रहेछन्। सोको भोलिपल्ट दिलीप हराएको बारेमा सोधखोज गर्दा चिन्तामणि सरले मलाई फोन गरी दिलीप हरायो, कता गयो कता, बगरमा आएको छ कि भनी सोध्नु भयो। मैले आफु ४ गते बिहानै कोत्रे आएको कुरा जानकारी गराएँ। पछि गाउँमा आउँदा मिति ०६९।०२।०४ गते देखि दिलीपकुमार रैकामगर हराएको भन्ने हल्ला चलेको रहेछ। दिलीप गाउँमा आएका खण्डमा युवाहरूले कुटपिट गर्ने भनेका थिए भनी मैले चिन्तामणि सरलाई फोनमा जानकारी गराएकी थिएँ। पछि म गाउँमा आई बस्दाका अवस्थामा मिति ०६९।०२।०८ गते नन्दप्रसाद पौडेलको मकैबारीमा निज दिलीपकुमार रैकामगरको मृतक लास फेला परेको हो। मेरो र पदमबहादुर मल्ल तथा गंगादत्त खनाल बिच एकआपसमा मायाप्रेम शारीरिक सम्बन्ध रहेकामा पछि निज दिलीप र मेरा बिचमा शारीरिक सम्बन्ध रहेका कारणले निज दिलीपलाई पदमबहादुर मल्ल र गंगादत्त खनाल समेतका जाहेरीमा लेखिएका व्यक्तिहरूले नै हत्या गरेका हुन्। निजहरूलाई कडाभन्दा कडा कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोराको मुसुरी भन्ने सावित्री क्षेत्रीको घटना विवरण कागज।

प्रतिवादी हरि मल्लको घर खानतलासी गर्दा भान्सा कोठाको न्याकमाथि १ फिट ५ इन्च लम्बाइको खुकुरी दाप सहितको फेला परेको प्रहरीले बरामद गरी लगेको ठिक साँचो हो भन्ने समेत खानतलासी तथा बरामदी मुचुल्का।

प्रतिवादी गंगादत्त खनालको घर खानतलासी गर्दा वारदातमा प्रयोग भएको १ फिट लम्बाइको काठको बिंड भएको हँसिया थान १ फेला परेको र वारदातमा प्रयोग भएको नाइलनको डोरी मौरीको घारमा बाँधी राखेका अवस्थामा फेला परेको, सो डोरीको लम्बाइ २२ फिट ४ इन्च रहेको सो डोरी सहित प्रहरीले बरामद गरी लगेको ठिक साँचो हो भन्ने समेत ब्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

प्रतिवादी पदमबहादुर मल्लको घर खानतलासी गर्दा पदमबहादुर मल्ल सुत्ने गरेको कोठाको ओछ्यानको सिरानीमुनि चाइनिज लाइट (लाइटरवाला) थान १ फेला परेकाले प्रहरीले बरामद गरी लगेको भन्ने ब्यहोरा ठिक साँचो हो भन्ने समेत ब्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

दिलीपकुमार रैकामगर समेतका भुटानी शरणार्थी व्यक्तिहरूले मेरो साथमा ज्याला मजदुरी गर्दै आएका थिए। मिति ०६९।०२।०४ गते निज काममा नआएकाले खोजतलास भइरहेका अवस्थामा मिति ०६९।०२।०८ गते बगर भन्ने स्थानमा निज दिलीपकुमार रैकामगरको लास फेला परेको, लास हेर्दा टाउको समेतमा चोटपटक लागेका अवस्थामा देखिएको र बगर भन्ने स्थानमा दिलीप आएको खण्डमा युवाहरूले कुटपिट गर्ने भन्ने कुरा चलेको मुसुरी भन्ने केटीले जानकारी गराएको र लास सोही एरियामा फेला परेको हुँदा निज पदमबहादुर मल्ल, गंगादत्त खनाल समेतका व्यक्तिहरूले कर्तव्य गरी मारी फालेको हुनु पर्छ भन्ने समेत ब्यहोराको चिन्तामणि शर्माको कागज।

साथी दिलीपकुमार रैकामगर मिति २०६९।०२।०४ गते चिसापानी बगर जान्छु भनी गएको र भोलिपल्ट फर्की नआएकाले खोजतलास गर्ने क्रममा मिति २०६९।०२।०८ गतेका दिनमा निज दिलीपकुमारको कर्तव्य गरी मारी फालेका अवस्थामा लास फेला परेको हुँदा जाहेरीमा लेखिएको गंगादत्त खनाल समेतका व्यक्तिहरूले नै निज दिलीपकुमार रैकामगरलाई कर्तव्य गरी मारेको हुनु पर्छ भन्ने समेत ब्यहोराको राम राई समेतले गरिदिएको कागज।

मिति २०६९।०१।३० गते बेलुकाको समयमा पानी परिरहेका अवस्थामा मुसुरी र एकजना नचिनेको केटा आएकाले खाना खान दिई निजहरू दुवै जनालाई ओछ्यान लगाइदिई म अर्को कोठामा आफ्नो खाटमा सुतेकी थिएँ। रातिको समयमा अन्य कोही आए आएनन् मलाई थाहा भएन। भोलिपल्ट केटा चाहिँ उठी गए। मुसुरी घाँस काट्न जान्छु भनी हिँडेपछि त्यो बास बसेको केटा भुटानी दिलीपकुमार रैकामगर हो भन्ने हल्ला चल्यो। मिति २०६९।०२।०४ गतेका दिनदेखि हराएको निज दिलीपकुमार रैकामगर हराएको भन्ने सुनेको थिएँ। मिति २०६९।०२।०८ गते नन्दप्रसाद पौडेलको मकैबारीमा गंगादत्त खनाल समेतले कुटपिट गरी मारी फालिदिएका अवस्थामा लास फेला परेको भन्ने सुनी थाहा पाएको हुँ। निज गंगादत्त खनाल समेतका व्यक्तिहरूलाई कानुन बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोराको जेजुमाया मल्ल समेतले गरिदिएको वस्तुस्थिति मुचुल्का।

मिसिल संलग्न कागज प्रमाणहरू समेतबाट प्रतिवादीहरू गोरे भन्ने पदमबहादुर मल्ल, गंगादत्त खनाल, हरि मल्ल, राम भन्ने होमबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री, बिजु भन्ने विजय मल्ल र डिलबहादुर पौडेल क्षेत्री समेत जना ७ भई घेरा हाली समाती गंगादत्त खनालले हँसियाले, हरि मल्लले खुकुरीले, पदमबहादुर मल्लले लात्तीले र अन्य जना ४ प्रतिवादीहरूले आआफुले लिई गएको लाठीले निज दिलीपकुमार रैकामगरलाई कुटपिट गरी सोही कुटपिटबाट परेको घाउचोटका कारण मृतक दिलीपकुमार रैकामगरको घटना स्थलमा नै मृत्यु हुन गएको र मृत्यु भए पश्चात निजको मृत शरीरलाई स्याङ्जा जिल्ला मग्याम चिसापानी–९ स्थित बगर भन्ने स्थानमा रहेको नन्दप्रसाद पौडेलको मकैबारीमा लगी फालेको देखिँदा प्रतिवादीहरू गंगादत्त खनाल समेत जना ७ ले गरेको उक्त कार्य मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं विपरीत १३(१) नं. बमोजिम कसुर अपराध गरेको भन्ने पुष्टि हुन आएको देखिएकाले उक्त कसुरमा प्रतिवादीहरू गोरे भन्ने पदमबहादुर मल्ल, गंगादत्त खनाल, हरि मल्ल,

राम भन्ने होमबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री, बिजु भन्ने विजय मल्ल र डिलबहादुर पौडेल क्षेत्रीलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गरिपाउँ भन्ने मागदाबी लिएको अभियोग पत्र।

जाहेरवालाको जाहेरी झुट्टा हो। म घटना भयो भनेको दिन घरमा नभएको मान्छेलाई किन घटनामा संलग्न थियो भनी लेखाए सो मलाई थाहा छैन। मिति २०६९।२।४ गते म स्याङ्जा जिल्ला मनकामना गा.वि.स. वडा नं. ९ तरले भन्ने ठाउँमा मेरी सानिमाका घरमा गई ऐ. ६ गते मात्र घरमा फर्केको हुँ भन्ने समेत प्रतिवादी राम भन्ने होमबहादुर पौडेलले यस अदालतमा गरेको बयान।

मिति ०६९।२।१ गते बिहानसम्म म आफ्नै घरमा कामधन्दा गरी बसेको हुँ। मेरी सासू नीलकुमारी मल्ल प्यारालाइसिस बिरामी भई पोखरास्थित बुढी बजारमा रहेको प्यारालाइसिस अस्पतालमा भर्ना गरी राखेको हुँदा सासूलाई बोलाउन भनी मिति ०६९।२।१ गते बिहान खाना खाई पोखरा गएको र २ गतेदेखि यातायात बन्द भएका कारण घरमा आउन नसकेकाले अस्पतालमा सासूलाई कुरी बसेको र यातायात खुलेपछि ऐ. ५ गते घरमा आएको हुँ। म घरमा नै नभएको हुँदा घटना कसले घटाएका हुन् ? मलाई थाहा भएन। म बारदात हुँदा घरमा नै छैन, म उपरको जाहेरी झुट्टा हो भन्ने समेत ब्यहोराको प्रतिवादी डिलबहादुर क्षेत्रीले यस अदालतमा गरेको बयान।

म मेरो दिदी बिरामी भएको खबर पाएकाले मिति ०६९।२।१ गते कास्की जिल्लाको सातमाने देउराली गा.वि.स.वडा नं. ५ मा गई ऐ. २, ३ गते त्यही बसी ऐ. ४ गते भिनाजु दीपक बराल क्षेत्री र म मेरो भिसाको कलिङ आएको खबर पाएकाले काठमाडौं गई ५ गते रात्री बस चढी ऐ. ६ गते घरमा पुगेको हुँ। म घरमा नभएको व्यक्तिलाई किन जाहेरी दिए सो मलाई थाहा छैन र मृतकको मृत्यु को कसले गरायो भन्ने पनि मलाई थाहा छैन। बारदातमा म संलग्न नभएको हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी शालिकबहादुर पौडेल क्षेत्रीले यस अदालतमा गरेको बयान।

मिति ०६९।२।४ गते म घरमै रहेको र धान कुट्न र कोदो पिँध्न भनी १० पाथी धान र २ पाथी कोदो लिई दिनको ३ बजेतिर मिलमा गएकामा म मिलमा जाँदा लाइन रहेनछ। लाइन नभएकाले साँझ लाइन आउँछ कि भनी कुरी बसेकामा लाइन आएन। म साँझ आफ्नी आजी (ठुलो बाबाको छोरी दिदी) को घरमा बसी भोलिपल्ट ५ गते धान कुटाई दिनको १० बजेतिर मात्र घरमा आएको हुँ। मैले जाहेरवाला र मृतकलाई चिनेको समेत छैन। मैले दिलीपकुमारलाई कुटपिट गरी मारेको होइन, किन म उपर जाहेरी दिए थाहा छैन। मैले अपराध नगरेको हुँदा सफाइ पाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी बिजु भन्ने विजय मल्लले यस अदालतमा गरेको बयान।

मिति २०६९।१।१५ देखी म रूपन्देही जिल्ला रेखानी गा.वि.स. वडा नं. ४ देवदह खैरेनीमा रहनु भएका भिनाजुको घरमा कम्प्युटर सिक्न भनी गएको र मिति ०६९।२।६ गते साँझ म मेरो घरमा आएको हुँ। अभियोग दाबी झुट्टा हुँदा अभियोग दाबी बमोजिम सजाय हुनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी हरि मल्लले यस अदालतमा गरेको बयान।

मिति २०६९।२।४ गते राति म मेरो घरमा थिएँ। म उपर षडयन्त्र गरी जाहेरी दिइएको हो। उक्त घटनामा म संलग्न नभएकाले मलाई थाहा भएन। नन्दप्रसादको मकैबारी मैले चिनेको

छैन। मिति २०६९।१।३० गते राती म मेरो घरमा थिएँ। कहिँकतै चियोचर्चो गर्न गएको छैन। मिति २०६९।२।४ गते म कहिँ गएको छैन, घरमा नै सुतेको हुँ। किन झुट्टा ब्यहोरा लेखाए थाहा भएन। मुसुरी भन्ने सावित्री पौडेल क्षेत्रीले गरेको कागज ब्यहोरा सब झुट्टा हो। मैले निजसँग प्रेम गरेको पनि होइन भन्ने समेत ब्यहोराको गंगादत्त खनालले यस अदालतमा गरेको बयान।

मेरो हातले कुनै हतियार समाउन मिल्दैन। मिति २०६९।१।३० गते दिनरात म आफ्नै घरमा सुतेको थिएँ। मैले दिलीपकुमार रैकामगरलाई पिट्न निर्देशन दिएको, पिटेपछि मरेकाले लास ठेगान लगाउन निर्देशन दिएको होइन। म उपरको निजहरूले लगाएको पोल झुट्टा हो। मैले दिलीपकुमार रैकामगरलाई मारे मराएको होइन भन्ने समेत ब्यहोराको गोरे भन्ने पदमबहादुर मल्लले यस अदालतमा गरेको बयान।

जाहेरीमा उल्लेख गरेका प्रतिवादीहरूले नै मेरा दाइ दिलीपकुमार रैकामगरलाई कर्तव्य गरी मारेका हुन्। के कुन रिसइवीले मारेको हो ? मलाई थाहा भएन भन्ने समेत ब्यहोराको जाहेरवाला मनिकुमार रैकामगरले यस अदालतमा गरेको बकपत्र।

म २०६९ साल वैशाख २५ गते जिल्ला नवलपरासी चोरमाराको घरमा छोराछोरी लिई गएकी हुँदा घटना सम्बन्धी मलाई केही थाहा भएन। म २०६९ सालको जेठ १० गते घर स्याङ्जा मग्याम चिसापानी आएपछि विदेशीलाई मारे अरे भन्ने थाहा पाएकी हुँ। को कसले के कसरी मारे भन्ने कुरा देखेकी पनि छैन, थाहा समेत छैन भन्ने समेत ब्यहोराको जेजुमाया मल्लको बकपत्र।

मिति २०६९।१।२९ गते पोखरा भाउजूको घरमा गई ऐ. जेष्ठ १० गते घरमा आएकी थिएँ। निज मृतक दिलीपकुमार रैकामगरलाई देखेकी पनि छैन र चिनेकी पनि छैन भन्ने समेत ब्यहोराको मुसुरी भन्ने सावित्री पौडेल क्षेत्रीको बकपत्र।

मलाई यो घटनाका बारेमा केही थाहा छैन। एक जना भुटानी मऱ्यो अरे भन्ने मात्र सुनेकी हुँ भन्ने समेत ब्यहोराको गैरेकी काइँली भन्ने चित्रकला गैरेको बकपत्र।

मग्याम चिसापानीमा मृतक दिलीपकुमारको लास फेला पऱ्यो अरे भन्ने सुनेकी हुँ। को कसले माऱ्यो ? भन्ने केही थाहा भएन भन्ने समेत ब्यहोराको गैरेकी जेठी भन्ने गोमा गैरेको बकपत्र।

मृतक दिलीपकुमार रैकामगर करिब ३ वर्षदेखि मसँग काम गर्दै हिँडेका व्यक्ति हुन्। कामका सिलसिलामा मिति २०६८।२।४ गते चिसापानी गई फर्की नआएकाले मैले साथीहरूसँग सोधपुछ गर्दा चिसापानीमा नभएको भन्ने थाहा पाएको हुँ। त्यसपछि निजका भाइ मनिकुमारबाट दिलीपको सम्बन्ध बगरको मुसुरी भन्नेसँग भएको थाहा पाएपछि मुसुरीलाई फोनमा सम्पर्क गरी सोधपुछ गर्दा निज मुसुरीले म पोखरा छु। दिलीप आयो भने गोरे दाइले मान्छे लगाएर कुट्ने भन्ने भन्नु भएको थियो, कतै लखेट्ने, अन्य केही गर्ने त गरेनन् भनी बताएकी थिइन्। त्यसपछि खोजी गर्ने क्रममा थापा बा भन्ने व्यक्तिले लम्साल चौतारो मुन्तिर मनि ! मनि !!, मोहन ! मोहन !!, गुहार ! गुहार !! भनी कराएको आवाज र गैरेकी जेठी र गैरेकी काइँलीले रोएको र गुहार ! गुहार !! भनी कराएको पनि सुनिएको थियो भनी बताएपछि खोजी गर्न भनी प्रहरीमा जानकारी दिँदा प्रहरी टोलीले खोजी गर्ने क्रममा प्रहरीले ऐ. को ७ गते गंगादत्त खनाल, गोरे समेत जना ७ लाई समातियो भन्ने सुनें र ऐ. कै ८ गते बेलुकी बगरकै मैले पौडेल बा भनी चिन्ने व्यक्तिको मकैबारीमा दिलीपकुमारको लास भेटियो भन्ने सुनी हेर्न जाँदा लास घोप्टो

परेका अवस्थामा, लासको केही भागमा रगत देखिएको थियो। को, कसले, के, कसरी कर्तव्य गरी मारी फालेका हुन् भन्ने मलाई थाहा भएन भन्ने समेत ब्यहोराको चिन्तामणि शर्माको बकपत्र।

राम भन्ने होमबहादुर पौडेल क्षेत्रीका साक्षी राजनप्रसाद लम्साल र केसरबहादुर के.सी., हरि मल्लका साक्षी घनश्याम डुम्रे, सोमकुमारी मल्ल, ज्ञानु शर्मा, गंगादत्त खनालका साक्षी खुमराज सिग्देल, शालिकबहादुर पौडेल क्षेत्रीका साक्षी नन्दप्रसाद पौडेल र चिजमाया राल क्षेत्री, बिजु भन्ने विजय मल्लका साक्षी ताराबहादुर मल्ल, थमनबहादुर मल्ल, डोलराज मल्ल, डिलबहादुर पौडेल क्षेत्रीका साक्षी दुर्गाबहादुर रोका, सवीनकुमार मल्ल, वादी नेपाल सरकारका तर्फबाट जिल्ला सरकारी वकिल कार्यालय, स्याङ्जाको बहस नोट, प्रतिवादी गंगादत्त खनाल बाहेक प्रतिवादीहरू हरि मल्ल समेत जना ६ का तर्फबाट वरिष्ठ अधिवक्ता कृष्णबहादुर थापाले पेस गरेको बहस नोट, प्रतिवादी गंगादत्त खनाल र पदमबहादुर मल्ल बाहेकका प्रतिवादीहरू हरि मल्ल समेत जना ५ का तर्फबाट अधिवक्ता तुलसी गिरीले पेस गरेको बहस नोट, प्रतिवादी गंगादत्त खनालको तर्फबाट अधिवक्ता विश्वेश्वर ढकाल, प्रतिवादी होमबहादुर पौडेल क्षेत्रीका तर्फबाट अधिवक्ता महेन्द्रमान व्यथितले पेस गरेको बहस नोट, वस्तुस्थिति मुचुल्काका जितबहादुर थापाले गरेको बकपत्र मिसिल सामेल रहेछ।

### अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी आज इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीतर्फबाट उपस्थित जिल्ला न्यायाधिवक्ता महेन्द्रबहादुर थापाले प्रतिवादीहरू अधिकार प्राप्त अधिकारी समक्ष आरोपित कसुरमा साबित छन्। सहअभियुक्तहरू आफु कसुरमा साबित भई एकापसमा पोल गरी बयान गरेका छन्। सहअभियुक्तको पोल खण्डन हुन सकेको छैन। मृतक दिलीपकुमार रैकामगरको मृत्यु भएको भन्ने कुरामा विवाद छैन। लास जाँच मुचुल्का समेतले प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्षको साबिती बयान पुष्टि भएको छ। प्रतिवादीले देखाइदिएको स्थानबाट दसी प्रमाण खुकुरी, हँसिया समेत बरामद भएको छ। मौकामा कागज गर्ने चिन्तामणि शर्माले पदमबहादुर मल्ल, गंगादत्त खनाल र हरि मल्ल समेतले दिलीपकुमार रैकामगरलाई धारिलो हतियारले प्रहार गरी कर्तव्य गरी मारी लासलाई फालेको हुनु पर्छ भनी मौकामा कागज गरी यस अदालतमा आई बकपत्र गरेको प्रस्ट छ। जाहेरवालाले यस अदालतमा आई जाहेरीमा उल्लिखित प्रतिवादीहरूले दिलीपकुमार रैकामगरलाई मारेका भनी बकपत्र गरिदिएका छन्। प्रतिवादीहरूले वारदात मिति र समयमा अन्यत्र भएको भनी जिकिर लिए पनि सो जिकिर लिने व्यक्तिले सबुत प्रमाण गुजारी सो कुरा स्थापित गर्न नसकेका अवस्थामा प्रतिवादी घटना स्थलमै रहेको हुन आउँछ। उल्लिखित प्रतिवादीहरूले अभियोग दाबी बमोजिम कसुर अपराध गरेकाले प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम सजाय हुनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नु भयो।

प्रतिवादी गंगादत्त खनाल बाहेकका सबै प्रतिवादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता दीपक शर्मा पौडेलले मुसुरी भन्ने सावित्री पौडेल र दिलीपकुमार रैकामगरको अनैतिक सम्बन्धको विषयवस्तु प्रस्तुत मुद्दाको कारक तत्त्व देखाइएको छ। वारदात देख्ने चस्मदित साक्षी रहेभएको मिसिलबाट देखिँदैन। जाहेरीमा पूर्व रिसइवीका कारण कर्तव्य गरेको भन्ने कुरा उल्लेख भए पनि मिसिलबाट

रिसइवी देखिन आउँदैन। जाहेरवालाले आफैले थाहा पाएर जाहेरी दिएको अवस्था छैन। घटनाका विषयमा थाहा नभई पछि बुझेर दिएको जाहेरीलाई किटानी जाहेरी भन्न मिल्दैन। हातै नभएका प्रतिवादी मध्येका पदमबहादुर मल्लले मृतकलाई कुटपिट गरी मारेको भन्ने कुरा स्वाभाविक देखिन आउँदैन। प्रतिवादी उपरको आरोप वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि भएको छैन। वादी पक्षले अभियोग लगाउनु मात्र पर्याप्त होइन। कसुर प्रमाणित हुनका लागि प्रतिवादीहरू उपरको अभियोग शङ्का रहित तवरले पुष्टि हुनु पर्छ। स्वतन्त्र सबुत प्रमाणको अभावमा शङ्काको भरमा दोषी ठहऱ्याउन मिल्दैन। प्रस्तुत मुद्दामा प्रत्यक्ष प्रमाणको अभाव छ। मेरा पक्षले आरोपित कसुरबाट सफाइ पाउनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नु भयो।

सबै प्रतिवादीहरू तर्फबाट उपस्थित विद्वान अधिवक्ता विश्वेश्वर ढकालले मृतकलाई खोजतलास गरी बुझ्दै जाँदा फेला नपरेको भन्ने मात्र आधारले जाहेरी परेको छ। त्यस्तोलाई किटानी जाहेरी भन्न मिल्दैन। जाहेरवालाले आफैले घटनाको विषय थाहा नपाई अरूसँग बुझेर जाहेरी दिएको छ। जाहेरी ब्यहोरालाई मात्र आधार बनाएर दोषी करार गर्न मिल्दैन। जाहेरी दरखास्त आफैमा प्रमाण होइन। जाहेरी साँचो छैन। अधिकार प्राप्त अधिकारी समक्षको बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नआएको स्थितिमा त्यतिकै प्रमाणको भरमा कसुरदार ठहऱ्याउन न्यायोचित हुँदैन। प्रस्तुत मुद्दामा प्रत्यक्षदर्शी प्रमाण छैन। परिस्थितिजन्य प्रमाण बलियो र अटुट रूपमा हुनु पर्छ। तथ्यको कडी एकबद्ध रूपले आबद्ध एवं गाँसिएको हुनु पर्छ। गाँसिएको मालाकार कडीमा छुट नभए मात्र प्रमाण लिन मिल्ने हो। मालाकार रूपको परिस्थितिजन्य प्रस्तुत मुद्दामा प्रमाण देखिँदैन। अदालतबाट बुझिएका गोमा गैह्रे, चित्रकला गैह्रे र जेजुमाया मल्लले मौकामा गरेको कागज आफुले नगरेको भनी यस अदालतमा आई बकपत्र गरेको अवस्था छ। मेरा पक्षले आरोपित कसुरबाट सफाइ पाउनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नु भयो।

प्रतिवादीहरूमध्ये हरि मल्ल, बिजु भन्ने विजय मल्ल, शालिकबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री र राम भन्ने होमबहादुर पौडेल क्षेत्रीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता तुलसी गिरीले मुद्दाको कारक तत्त्व बनाइएकी सावित्री क्षेत्री भन्ने मुसुरीले यस अदालतमा आई बकपत्र गर्दा, मौकाको कागज ब्यहोरा मेरो होइन सही गर् भनेको हुँदा सही गरेकी हुँ सहीछाप मेरो हो, ब्यहोरा झुट्टा हो भनी मौकाको कागजलाई खण्डन गरी बकपत्र गरिदिएकी छन्। खुकुरी र हँसिया बरामद हुँदैमा वारदातमै प्रयोग भएको खुकुरी र हँसिया हो भन्न मिल्दैन। मुसुरीको गंगादत्त र पदमबहादुरका बिचमा रिसइवी भए पनि मेरा पक्षसँग कुनै पनि रिसइवी भएको मिसिलबाट देखिएको छैन। फौजदारी मुद्दामा अपराध कायम हुनका लागि मनसाय सहितको कार्य हुनु अनिवार्य हुन्छ। मेरा पक्षहरूमा ज्यान मार्ने मनसाय भएको भन्ने कुरा मिसिलबाट देखिएको छैन। आरोपित कसुरबाट मेरा पक्षले सफाइ पाउनु पर्छ भन्ने समेत बहस गर्नु भयो।

जिल्ला न्यायाधिवक्ता तथा विद्वान अधिवक्ताको बहस सुनी मिसिल सामेल रहेको बहस नोट समेत अध्ययन गरी अभियोग पत्र सहितको मिसिल अध्ययन गरियो।

मिसिल हेर्दा, पूर्व योजना बमोजिम भुटानीलाई ठोक् भनी पदमबहादुरले आदेश दिँदै निज समेत जना ७ भई घेरा हाली मृतक दिलीपकुमार रैकामगरलाई समाती प्रतिवादी गंगादत्त खनालले हँसियाले,

हरि मल्लले खुकुरीले, पदमबहादुर मल्लले लात्तीले, अन्य जना ४ प्रतिवादीले आआफुले लिई गएको लाठीले दिलीपकुमार रैकामगरलाई कुटपिट गरी सोही कुटपिटबाट परेको घाउचोटका कारण घटना स्थलमै मृत्यु हुन गएको र मृत्यु भए पश्चात निजको मृत शरीरलाई स्याङ्जा जिल्ला मग्याम चिसापानी ९ स्थित बगर भन्ने स्थानमा रहेको नन्दप्रसादको मकैबारीमा लगी फालेको देखिँदा प्रतिवादीहरू गोरे भन्ने पदमबहादुर मल्ल, गंगादत्त खनाल, हरि मल्ल, राम भन्ने होमबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री र बिजु भन्ने विजय मल्लले गरेको उक्त कार्य मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएकाले उक्त कसुरमा प्रतिवादीहरू गोरे भन्ने पदमबहादुर मल्ल, गंगादत्त खनाल, हरि मल्ल, राम भन्ने होमबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री र बिजु भन्ने विजय मल्ललाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय हुन माग गरी अभियोग पत्र पेस हुन आएकामा प्रतिवादीहरू यस अदालतमा बयान गर्दा कसुरमा इन्कार भई बयान गरेको प्रस्तुत मुद्दामा देहाय बमोजिमको प्रश्नमा निर्णय दिनु परेको छ।

(१) मृतक दिलीपकुमार रैकामगरको मृत्यु कर्तव्यबाट भएको हो, होइन ?

(२) कर्तव्यबाट मृत्यु भएको भए यिनै प्रतिवादीहरूको कर्तव्यबाट मृत्यु भएको हो, होइन ? वारदातमा यी प्रतिवादीको के कस्तो संलग्नता थियो ?

(३) प्रतिवादीले ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. बमोजिम कसुर अपराध गरेका हुन् होइनन ? निज प्रतिवादीहरूलाई ज्यान सम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय हुनु पर्ने, नपर्ने के हो ?

(१) उल्लिखित प्रश्नमा निर्णय दिनु परेको प्रस्तुत मुद्दामा सर्वप्रथम पहिलो प्रश्नमाथि विचार गर्दा, मिति ०६९।२।९ मा मृतकका भाइ मनिकुमार रैकामगरले मिति ०६९।२।४ गते दिलीपकुमार रैकामगर काम तोकिएको ठाउँमा नआएको र बगर जान्छु भनी हिँडेको भन्ने जानकारी प्राप्त भएको सोही ठाउँ बस्ने मुसुरी भन्ने महिलालाई फोन गरी बुझ्दा दिलीप यस क्षेत्रमा आएको खण्डमा यहाँका युवाहरूले कुटपिट गर्ने भन्ने जानकारी प्राप्त भएको मिति ०६९।१।३० गते निज दिलीपकुमार चिसापानी गा.वि.स. वडा नं. ९ बस्ने मुसुरी भन्ने महिलासँग निजकी फुपू नाताको जेजुमाया भन्नेको घरमा बास बसेकी सो राती विपक्षी मध्येका पदमबहादुर र गंगादत्तले चियोचर्चो गरेको मिति ०६९।२।४ गते रातको समयमा रुँदै गुहार गुहार भनी गुहार मागेको भन्ने स्थानीय मानिसबाट खुल्न आएको, खोजतलासकै क्रममा मिति ०६९।२।८ गते बगर भन्ने स्थानमा नन्दप्रसाद पौडेलको मकैबारीमा दिलीपकुमारको लास फेला परेको हुँदा पदमबहादुर मल्ल, गंगादत्त समेत जाहेरीका प्रकरण ३ मा उल्लिखित व्यक्तिहरूले पूर्व रिसइवीका कारण कुटपिट गरी कर्तव्य गरी मारेको हुँदा कानुन बमोजिम कारबाही गरिपाउँ भन्ने जाहेरी पर्न आई मुद्दाको कारबाही सुरु भएको देखिन्छ। जाहेरी दरखास्तमा यी प्रतिवादीको नाम उल्लेख गरी ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम कारबाहीको माग गरेको पाइन्छ। जाहेरवाला यस अदालतमा आई जाहेरीमा लेखिएका मानिसले मारेको हो भनी आफुले दिएको जाहेरीलाई सनाखत गरी बकपत्र गरेको प्रस्ट छ।

मौकामा कागज गर्ने चिन्तामणि शर्माले यस अदालतमा आई बकपत्र गर्दा मौकाको कागजलाई सनाखत गरेको, मौकामा प्रतिवादी गंगादत्त खनाल र पदमबहादुर समेतको कर्तव्यबाट मृत्यु भएको भन्ने कागज गरी दिएको देखिन आएको, लास जाँच मुचुल्कामा टाउको निधारमा हतियारले काटेजस्तो देखिने चोट परेको टाउकाको तालुको भागमा काटेको चोट रहेको, छातीमा ३ वटा नीलडाम, पछाडिपट्टि ढाडमा ५ वटा चोट समेत देखिएको शव परीक्षण प्रतिवेदनबाट मृत्युका कारण Head injury subdural Hematoma with fracture of frontal bone भन्ने देखिएको प्रतिवादीहरूले मौकामा बयान गर्दा एकापसमा पोल गरी मिति ०६९।२।४ गते प्रतिवादीहरू भेला जम्मा भई दिलीपकुमार रैकामगरलाई कहिले नआउने गरी लखेट्नु पऱ्यो भनी कुरी बसी दिलीपकुमार आउना साथ हान् ठोक् भनी गंगादत्त खनालले हँसियाले, हरि मल्लले खुकुरीले र अन्य प्रतिवादीले लाठी, लात, मुक्का प्रहार गर्दा मृत्यु भएको हो भनी प्रतिवादीहरूले बयान गरेका, प्रतिवादीको बयानलाई शव परीक्षण प्रतिवेदन, लास मुचुल्काले पुष्टि गरिदिएको, दिलीपकुमार कर्तव्यबाट मरेको होइन भन्ने कुरा मौकामा कागज गर्ने मानिस र प्रतिवादी मध्येका कोही कसैले पनि व्यक्त गरेको नदेखिएको, चिसापानी गा.वि.स.-९ ललही भन्ने स्थानमा नन्दप्रसाद पौडेलको मकैबारीमा मृत लास भेटिएको समेत आधार प्रमाणबाट दिलीपकुमार रैकामगरको मृत्यु कर्तव्यबाटै भएको देखिन आउँछ।

(२) दिलीपकुमारको मृत्यु कर्तव्यबाट भएको भन्ने कुरा उल्लिखित कागज प्रमाणबाट देखिन आएपछि यिनै प्रतिवादीको कर्तव्यबाट मृत्यु भएको हो, होइन ? प्रतिवादीहरूको वारदातमा को कसको के कस्तो संलग्नता थियो ? भन्ने दोस्रो प्रश्नका सन्दर्भमा मिसिल हेर्दा, जाहेरी दरखास्तमा उल्लिखित व्यक्तिहरूले पूर्व रिसइवीका कारण दिलीपकुमार रैकामगरलाई कर्तव्य गरी मारेको हुँदा कानुन बमोजिम कारबाही गरिपाउँ भनी जाहेरी परेको र जाहेरीमा नै प्रतिवादी गंगादत्त खनाल र पदमबहादुरको नाम उल्लेख गरी जाहेरीको प्रकरण ३ मा उल्लिखित प्रतिवादीले कुटपिट गरी कर्तव्य गरी मारेको हुँदा कारबाहीको माग गरेको प्रस्ट छ। जाहेरवालाले अदालतमा आई उक्त जाहेरी मैले दिएको हुँ भनी सनाखत गरी जाहेरीमा लेखिएकै मानिसले कर्तव्य गरी मारेका हुन् भनी इतिवृतान्त खुलाई गरेको जाहेरी सहितको बकपत्रले प्रमाणको स्थान ग्रहण गर्न नसक्ने भन्ने देखिँदैन। प्रतिवादी मध्येका गंगादत्त खनालले मौकामा बयान गर्दा मुसुरीसँग मायाप्रेम बसेको, ०६९।१।३० गते मुसुरी र दिलीपकुमार रैकामगर बसेको ठाउँमा चियोचर्चो गरेको, दिलीपकुमार मुसुरी भएको ठाउँमा आउँछ, आज कहिल्यै नआउने गरी लखेट्नु पऱ्यो भनी लम्सालको चौतारोमा कुरी बसेका अवस्थामा पदमबहादुरले बल पुग्दैन कि, केटाहरू बोलाएर लिएर आउँ भनेकाले गाउँमा गई हरि मल्ल समेतलाई बोलाई हरि मल्लले खुकुरी, गंगादत्तले हँसिया, अरू प्रतिवादीहरूले लाठी बोकी लम्साल चौतारोमा आई बाटो ढुकी बस्दा निज दिलीपकुमार आएको देखी पदमबहादुर मल्लले हान् ठोक् भन्नासाथ घेरा हाली समाती मैले हँसियाले, हरि मल्लले खुकुरीले प्रहार गऱ्यौं, अन्य प्रतिवादीहरूले लाठी, लात्ती, मुक्काले प्रहार गर्दा निजको सोही ठाउँमा मृत्यु भयो, त्यसपछि घाँटीमा डोरी बाँधी बिजु भन्ने विजय मल्ललाई घिसार्न लगाउँदा उसले नसकेपछि सबै जना मिली लासलाई उचाली नन्दप्रसादको मकैबारीमा फालेका हौं भनी र अर्का प्रतिवादी हरि मल्लले पनि

मिति ०६९।२।४ गते रातको ११:३० को समयमा गंगादत्त मेरो घरमा आई मुसुरीसँग लाग्ने केटा गाउँमा आउँदै छ, लखेट्नु पर्‍यो जाउँ भनेकाले खुकुरी निकाली गंगादत्त र म लम्सालको चौतारोमा आउँदै गर्दा बाटोमा बिजु भन्ने विजय मल्ललाई भेटी निज समेत आइपुग्दा गोरे भन्ने पदमबहादुर मल्ल, डिलबहादुर पौडेल क्षेत्री, राम भन्ने होमबहादुर पौडेल क्षेत्री र शालिकबहादुर पौडेल क्षेत्री भेट भएपछि लुकिछिपी बसेका अवस्थामा भुटानी केटो आएको देखी पदमबहादुर मल्लले हान् ठोक् भनेपछि गंगादत्तले हँसियाले र मैले खुकुरीले प्रहार गर्दा ढल्यो, त्यसपछि अन्य साथीहरूले लाठी, मुक्का समेतले प्रहार गरेपछि निजको सोही ठाउँमा मृत्यु भयो, घाँटीमा डोरीले बाँधी नन्दप्रसादको मकैबारीमा लगी फालेको भनी बयान गरेको, त्यस्तै प्रतिवादी मध्येका पदमबहादुरले बयान गर्दा पनि मैले हान् ठोक् भन्नासाथ साथीहरूले बाटो छेकी घेरा हाली समाती गँगादत्तले हँसियाले, हरि मल्लले खुकुरीले र अन्य साथीहरूले लाठी, लात्ती, मुक्काले र मैले लात्तीले प्रहार गर्दा सोही ठाउँमा मृत्यु भयो। त्यसपछि गंगादत्तले घाँटीमा बाँधी सबै जना मिली उचाली लासलाई नन्दप्रसादको मकैबारीमा लगी फालेका हौं भनी बयान गरेका र अर्का प्रतिवादी राम भन्ने होमबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्रीले बयान गर्दा पनि मिति ०६९।२।४ गते राती घरमै सुतिरहेका अवस्थामा गंगादत्त खनाल आई बाहिरबाट बोलाई मुसुरीसँग रात बिताउने केटा आउँदै छ, निजलाई कुटपिट गरी लखेट्नु पर्‍यो जाउँ भनी लाठी लिई लम्सालको चौतारोमा गएको भनी बयान कागज गरेका, त्यस्तै बिजु भन्ने विजय मल्लले मिति ०६९।२।४ गते मिलमा कुट्न छोडेको धान र कोदो लिन भनी गएकामा लाइन नआएकाले नकुटी घर फर्कने क्रममा गंगादत्तले हँसिया र डोरी, हरि मल्लले खुकुरी लिई आउँदै गर्दाका अवस्थामा बाटोमा भेट भई गंगादत्त खनालले आज मुसुरीसँग लाग्ने केटा दिलीपकुमार रैकामगर गाउँमा आउँदै छ, त्यसलाई ठिक पार्नु पर्छ, तिमी पनि सँगै जाउँ भनी भनेको हुँदा मैले समेत हातमा लाठी लिई बसिराखेका अवस्थामा दिलीपकुमार आएको देख्नासाथ पदमबहादुरले हान् भनेकाले दिलीपकुमार रैकामगरलाई घेरा हाली समाती गंगादत्त र हरि मल्लले हँसिया र खुकुरीले टाउकामा प्रहार गर्दा ढले पश्चात मोहन मोहन भनी चिच्याएको र त्यसपछि म समेतले प्रहार गर्दा मृत्यु भयो, गंगादत्तले डोरीले घाँटीमा बाँधी घिसार्न लगाउँदा मैले घिसार्न नसकी सबै जना मिली लास बोकी पदमबहादुर मल्लको सल्लाह बमोजिम नन्दप्रसादको मकैबारीमा लगी लास फालेका हौं भनी बयान गरेको देखिन्छ।

प्रतिवादी मध्येका गंगादत्त खनाल र पदमबहादुरको मुसुरी भन्ने सावित्री क्षेत्रीसँग मायाप्रेम बसेको र दिलीपकुमार रैकामगरले पनि मुसुरीसँग उठबस गरेका कारण निजलाई गाउँबाट लखेट्नु पर्छ भनी पदमबहादुर र गंगादत्तले सल्लाह गरी रातको समयमा लम्सालको चौतारो भन्ने स्थानमा निज दिलीपकुमार रैकामगरलाई कुरी बस्दाका अवस्थामा बल पुग्दैन कि भनी केटाहरू बोलाउन गंगादत्त गाउँमा गई गंगादत्तले हँसिया, हरि मल्लले खुकुरी, अन्य प्रतिवादीहरूले लाठी लिई आए पश्चात सबै जना बाटामाथि लुकी बसेका अवस्थामा दिलीपकुमार रैकामगर आएको देखेपछि पदमबहादुरले हान् ठोक् भन्नासाथ सबैले घेरा हाली बाटो छेकी समाती गंगादत्तले हँसियाले, हरि मल्लले खुकुरीले टाउकामा र पदमबहादुरले लात्तीले र अन्य प्रतिवादीहरूले लाठी, लात्ती, मुक्काले दिलीपकुमार रैकामगरको शरीरमा

प्रहार गर्दा त्यहीँ मृत्यु भयो। त्यसपछि पदमबहादुर मल्लको सल्लाह बमोजिम गंगादत्तले घाँटीमा डोरीले बाँधी सबै जना मिली उचाली लासलाई नन्दप्रसादको मकैबारीमा लगी फालेका हौं भनी बयान गरेको देखिन आएबाट उक्त वारदातमा प्रतिवादीहरू मध्ये को, कसको, के, कस्तो संलग्नता थियो ? भन्ने कुरा प्रतिवादीले आआफ्नो बयानमा उल्लेख गरी बयान गरेको पाइन्छ।

प्रतिवादीको मौकाको बयानलाई केलाएर हेर्दा, गंगादत्त खनाल, पदमबहादुर मल्ल, डिलबहादुर, विजय मल्ल, शालिकबहादुर र होमबहादुर पौडेल क्षेत्रीको बयानमा हरि मल्लले टाउकामा खुकुरीले प्रहार गर्दा गुहार मोहन मोहन भन्नासाथ भुइँमा ढल्यो अनि मृत्यु भयो भनी बयान गरेको देखिन आउँछ। जब हरि मल्लले खुकुरी प्रहार गर्दाको साथ 'गुहार' भन्ने शब्द र 'मोहन मोहन' भन्ने शब्द निस्कियो, भुइँमा ढल्यो, ढलेपछि मृत्यु भयो भनी प्रतिवादीहरूले मौकामा गरेको बयानमा उल्लेख गरेको, लास जाँच मुचुल्काबाट टाउको निधारमा धारिलो हतियारले काटेको जस्तो देखिएको, टाउकाको तालुको भागमा काटेको चोट रहेको, बायाँ आँखा फुटेको, घाँटीमा घसारिएको लछारिएको डाम रहेको, छातीमा ३ वटा नीलडाम देखिएको, दाहिने हातको कुममा नीलडाम, कुहिना भाँचिएको, बाँया खुट्टाको जोर्नी खुस्किएको भन्ने समेतको विवरण लास जाँच मुचुल्काबाट देखिन आउँछ। शव परीक्षण प्रतिवेदनमा दिलीपकुमार रैकामगरको मृत्युका कारण Head injury भई मृत्यु भएको भन्ने देखिन आएको हुँदा प्रतिवादीको मौकाको बयानलाई लास जाँच मुचुल्का एवं शव परीक्षण प्रतिवेदनले पुष्टि गरेको देखिन्छ। मृतक दिलीपकुमार रैकामगरलाई सबै प्रतिवादीहरूले बाटो छेकी घेरा हालेको र गंगादत्तले पटक पटक हँसियाले र हरि मल्लले खुकुरीले टाउकामा प्रहार गरिसकेपछि गुहार मोहन मोहन भन्नासाथ दिलीपकुमार भुइँमा ढल्यो, सोही अवस्थामा मृत्यु भयो भन्ने समेत सबै प्रतिवादीहरूले मौकामा गरेको बयानमा उल्लेख भएको पाइन्छ। प्रतिवादीकै बयानबाट हरि मल्लले खुकुरीले टाउकामा प्रहार गरिसकेपछि ढलिसकेका अवस्थामा फेरी अन्य साथीहरूले लाठी, लात्ती, मुक्काले हानेको भन्नेसम्मका कुरा स्वाभाविक देखिन आउँदैनन्।

प्रतिवादीहरूको मौकाको बयानबाट प्रतिवादी होमबहादुर, डिलबहादुर शालिकबहादुर र विजय मल्ललाई बल मद्दतका लागि पदमबहादुरले बोलाएर ल्याउन भनी गंगादत्तलाई अह्राएको, गंगादत्तले अन्य प्रतिवादीलाई खबर गरी बोलाई लम्सालको चौतारोमा भेला जम्मा भई बाटो छेकी बसेको भन्ने देखिन आउँछ। रातको वारदात भएको हुँदा वारदात कसैले नदेखेको भन्ने मिसिल प्रमाणबाट देखिन आए पनि दिलीपकुमार र मुसुरीको चियोचर्चो गरेको, अन्य प्रतिवादीलाई बोलाउन गंगादत्तलाई पठाई अरू प्रतिवादी आएको भन्ने कुरा बयानमा खुलेको, टाउकामा हँसिया र खुकुरीले प्रहार गरेको भन्ने प्रतिवादीको बयान भएको टाउकामा चोटपटक भएको लास जाँच मुचुल्काबाट देखिएको, नन्दप्रसादको मकैबारीमा लास भेटिएको समेतका आधार र परिस्थितिजन्य प्रमाण अटुट रहेको देखिन आएको हुँदा चस्मदित साक्षी प्रमाण नभएका आधारले मात्र प्रतिवादीले कसुरै नगरेका भनी टुंगोमा पुग्न मिल्ने हुँदैन।

हातै नभएको प्रतिवादी मध्येका पदमबहादुरले दिलीपकुमारलाई कर्तव्य गरी मारेको भनी लगाइएको अभियोग स्वाभाविक छैन कि भन्नलाई पनि निज पदमबहादुरले मुसुरी भन्ने सावित्री क्षेत्री र मृतक दिलीपकुमार सँगै बस्दा चियोचर्चो गरेका, गंगादत्त र पदमबहादुरले यो भुटानीलाई गाउँबाट लखेट्नु पर्छ भनी बल मद्दतका लागि अरू प्रतिवादीलाई समेत वारदात स्थलमा आउन खबर गरेको,

बाटो कुरी बसेको, दिलीपकुमार आउनासाथ हान् ठोक् भनी आदेश दिएको, वारदात रातमा भएको भन्ने समेत प्रमाण कागजबाट देखिन आएका अवस्थामा निज प्रतिवादीले जुनसुकै कुरा गरीकन पनि ज्यान मार्ने संयोग नपारेको भन्न मिल्ने अवस्था रहेन।

मु. ऐन ज्यान सम्बन्धीको १ नं. ऐनमा कानुन बमोजिम बाहेकका कसैले कुनै मानिसको ज्यान मार्ने र मार्न लगाउन र मार्नेको उद्योग गर्न हुँदैन र उल्लिखित ऐनकै १३(४) नं मा जुनसुकै कुरा गरीकन पनि ज्यान मार्नेको वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नका लागि संयोग पारिदिनका लागि मानिसको जिउमा हात हाली, पक्री, समाती दिनेलाई जन्म कैद गर्नु पर्छ भन्ने कानुनी व्यवस्था देखिएको र मिसिल संलग्न प्रमाणबाट हान्न आदेश दिएको र प्रतिवादी गंगादत्त खनाल र हरि मल्लले टाउकामा हानेको चोटका कारण मृत्यु भएको भन्ने देखिन आएको, प्रतिवादी पदमबहादुर वारदातमा उपस्थित भई अन्य प्रतिवादीलाई बोलाउन पठाई भेला जम्मा गराई मार्नका लागि संयोग पारिदिएको कागज प्रमाणबाट देखिएको हुँदा निज पदमबहादुरले ज्यान मार्ने कुरा स्वाभाविक छैन भन्न उल्लिखित प्रमाण कागजका आधारले मिल्ने देखिँदैन।

मृतकलाई खोजी गर्दै जाँदा फेला नपरेको भन्ने आधारले मात्र गरेको जाहेरीलाई किटानी जाहेरी दरखास्त होइन कि भन्नलाई पनि प्रतिवादी गंगादत्त खनाल, पदमबहादुर मल्ल र हरि मल्ल समेतको नाम किटान गरिसकेका अवस्थामा जाहेरी तथा जाहेरवालाको बकपत्रलाई प्रमाणमा लिन मिल्दैन भन्ने समेत र मौकामा भएको साबिती बयानलाई अदालतमा बयान गर्दा इन्कार गरे पनि सो अनुसन्धान अधिकारी समक्ष गरेको बयान निज प्रतिवादीको इच्छा विरुद्ध करकाप, डर, धाक वा यातना दिई गराएको थियो भनी सोको प्रमाण पुऱ्याई खण्डन गर्न समेत प्रतिवादीले सकेको नदेखिएका अवस्थामा प्रतिवादीको मौकाको बयानलाई प्रमाणमा लिन मिल्दैन भन्ने समेत बहस बुदासँग सहमत हुन सकिएन।

मौकामा बुझिएकी मुसुरी भन्ने सावित्री क्षेत्रीले मेरो र पदमबहादुर मल्ल तथा गंगादत्त खनाल बिच एकआपसमा मायाप्रेम, शारीरिक सम्बन्ध रहेकामा पछि निज दिलीप र मेरा बिचमा शारीरिक सम्बन्ध रहेका कारणले निज दिलीपलाई पदमबहादुर मल्ल र गंगादत्त खनाल समेतका जाहेरीमा लेखिएका व्यक्तिले नै हत्या गरेका हुन् भनी र मिति ०६९।१।३० गते बेलुकाको समयमा पानी परिरहेका अवस्थामा मुसुरी र एक जना केटा आएकाले खान दिई निजहरूलाई ओछ्यान लगाइदिई म अर्को कोठामा आफ्नो खाटमा सुतेकाले रातीको समयमा कोही आए आएनन् मलाई थाहा भएन, भोलिपल्ट केटा चाहिँ उठी गए, मुसुरी घाँस काट्न जान्छु भनी हिँडेपछि त्यो बास बसेको केटा भुटानी दिलीपकुमार रैकामगर हो भन्ने हल्ला चल्यो। मिति ०६९।२।४ गते देखि हराएको सुनेकी र नन्दप्रसादका मकैबारीमा गंगादत्त खनाल समेतले कुटपिट गरी मारी फालिदिएका अवस्थामा लास फेला परेको भन्ने सुनी थाहा पाएकी हुँ भनी जेजुमाया मल्ल समेतले वस्तुस्थिति मुचुल्का गरिदिएकी, मौकामा बुझिएका चिन्तामणि शर्माले मिति ०६९।२।४ गतेका दिन दिलीप काममा नआएकाले खोजी गर्ने क्रममा चिसापानी बगर एरियामा मुसुरीसँग सम्पर्क गर्दा दिलीप यस एरियामा आएमा प्रतिवादीहरूले कुटपिट गर्ने कुरा चलेको भनी जानकारी दिएकी, चिन्तामणि शर्माले मुसुरीलाई फोन गर्दा दिलीप आयो भने गोरे दाइले मान्छे लगाएर कुट्ने भन्नु भएको थियो भनी मुसुरीले भनेको कुरा चिन्तामणि शर्माले अदालतमा आई बकपत्र समेत गरेको वस्तुस्थिति मुचुल्का गरिदिने गोमा गैह्रेकी जेठी भन्ने गोमा गैह्रेले

उक्त वारदातको रातमा सासू बिरामी भएर कुरेको कुरा सही हो। लम्सालको चौतारामा मानिस रोएको आवाज सुनेकी होइन। गोरे भन्ने पदमबहादुर र गंगादत्त खनालले मिति ०६९।२।४ गते दिलीपकुमार रैकामगरलाई कुटपिट गरी हत्या गरेका हुन् भनी बताएकी होइन भनी बकपत्र गरे पनि मौकाको कागजमा लगाएको सहीछाप आफ्नो हो भनी स्वीकार गरेकी र उक्त मौकाको कागजमा गोरे भन्ने पदमबहादुर र गंगादत्त खनालले दिलीपकुमार रैकामगरलाई कर्तव्य गरेर मारेका हुन् भनी लेखाइदिएको देखिँदा मुसुरी भन्ने सावित्री क्षेत्री, चिन्तामणि शर्मा, गोमा गैह्रे र गैह्रेकी काहिँली भन्ने चित्रकला गैह्रे तथा जेजुमाया मल्लले मौकामा गरेको कागजलाई प्रमाणमा लिन मिल्दैन कि भन्नलाई घटनाको सम्बन्धमा घटना भएको तत्काल पछि घटना देख्ने वा थाहा पाउने व्यक्तिले मौकामा व्यक्त गरेको कुरा मात्र प्रमाण हुन्छ। घटनाको निकै महिना वा वर्षपछि व्यक्त गरेको कुरा प्रमाण हुन सक्तैन। पीडित व्यक्ति वा जाहेरवाला वा देख्ने व्यक्तिले घटनाको तत्काल पछि नभई करिब साढे तिन महिना र छ महिनापछि अदालतमा व्यक्त गरेको कुरा कसैको पक्ष वा विपक्षमा प्रमाणको स्थान लिन नमिल्ने भनी सर्वोच्च अदालत बुलेटिन वर्ष २२ अङ्क २० पूर्णाङ्क ५१८, ०७० माघ १६–२९ मा सिद्धान्त प्रतिपादन भइसकेका परिप्रेक्ष्यमा गोमा गैह्रे, चित्रकला गैह्रे, सावित्री भन्ने मुसुरी, जेजुमाया मल्लले मौकामा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१) (क) र (ख) बमोजिम प्रमाणमा लिनु पर्ने हुन्छ।

यस मुद्दामा प्रत्यक्ष प्रमाण छैन भन्ने समेतका प्रतिवादी तर्फका विद्वान अधिवक्ताको बहस बुँदाका हकमा मिति ०६९।१।३० गते मुसुरी र दिलीपकुमार रैकामगर सँगै बसेको गंगादत्त र पदमबहादुरले दिलीप र मुसुरीको विषयमा चियोचर्चो गरेका, मुसुरीले बगर भन्ने स्थानमा दिलीप आएका खण्डमा युवाहरूले कुटपिट गर्ने भन्ने कुरा चलेको, गोरे दाइले मान्छे लगाएर कुट्ने भनेको भन्ने कुरा मुसुरीले चिन्तामणि शर्मालाई फोनबाट जानकारी गराएको चिन्तामणि शर्माको मौकाको कागजबाट देखिन आएको, सबै प्रतिवादीहरूले मौकामा बयान गर्दा गंगादत्तले हँसियाले, हरि मल्लले टाउकामा खुकुरीले प्रहार गरेका हुन् भनी बयान गरेका, लास जाँच मुचुल्काबाट टाउकामा चोट देखिएको, शव परीक्षण प्रतिवेदनबाट दिलीपकुमार रैकामगरको टाउकाको चोटबाट मृत्यु भएको भन्ने प्रमाणबाट देखिएको र परिस्थितिजन्य प्रमाण पनि अटुट भई एकले अर्कालाई समर्थन गरेको स्थितिमा प्रस्तुत मुद्दामा प्रत्यक्ष प्रमाण हुँदै नभएको, प्रतिवादीहरूले कसुर नगरेको भन्न मिल्ने देखिँदैन।

प्रतिवादीहरूले आफु उपरको कसुरमा इन्कार रही अदालत समक्ष बयान गरेको सो इन्कारीको पुष्टि गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार प्रतिवादीहरूको रहेकामा वारदातमा आफु संलग्न नभए नरहेको भन्ने कुराको विश्वसनीय सबुत गुजार्न नसकी व्यक्ति विशेषको घरमा गएको भन्ने समेतको इन्कारी न्यायसङ्गत मान्न मिल्ने हुँदैन। फौजदारी कसुरमा अन्यत्र रहेको जिकिर त्यतिखेर मात्र शङ्का रहित तवरले पुष्टि हुन सक्तछ, जतिखेर आरोपित कसुर पुष्टि गर्ने अन्य प्रमाणको अभाव रहेको हुन्छ। प्रस्तुत मुद्दामा कसुर प्रमाणित गर्ने पर्याप्त आधार र प्रमाण मिसिल सामेल विद्यमान रहेका अवस्थामा प्रमाण रहित इन्कारीको अस्तित्व रहन सक्ने नदेखिएकाले वारदातमा प्रतिवादी रहेभएकै देखिन आउँछ।

माथि उल्लिखित आधार प्रमाणबाट प्रतिवादी मध्येका पदमबहादुर मल्लले र गंगादत्त खनालले गाउँको चेलीबेटीसँग उठबस गरेकाले मृतक दिलीपकुमार रैकामगरलाई कहिल्यै नआउने गरी लखेट्नु

पर्छ भनी सल्लाह गरी कुरी बसेका अवस्थामा पदमबहादुरले बल पुग्दैन कि केटाहरू बोलाएर लिएर आउँ भनेकाले गंगादत्त खनालले हरि मल्ल, होमबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री र विजय मल्ल समेतका मानिसलाई बोलाई ल्याई दिलीपकुमार रैकामगरलाई बाटोमा कुरी बसी प्रतिवादी होमबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री र बिजु भन्ने विजय मल्लले बाटो छेकी भाग्न उम्कन नपाउने गरी घेरा हालेको, पदमबहादुर मल्लले हान् ठोक् भनी मार्न वचन दिएको, गंगादत्त खनालले हँसियाले र हरि मल्लले टाउकामा खुकुरी प्रहार गरी कुटपिट गरी सोही कुटपिटबाट परेको घाउचोटका कारण दिलीपकुमार रैकामगरको मृत्यु भएको प्रमाणबाट देखिन आयो।

(३) अब तेस्रो प्रश्नतर्फ विचार गर्दा, यी प्रतिवादीहरूले ज्यान सम्बन्धी महलको १ नं. विपरीत कसुर अपराध गरेकाले ऐ. ऐनको १३(१) नं. बमोजिम सजाय हुने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा, प्रतिवादी मध्येका गंगादत्त खनालले प्रतिवादी डिलबहादुर समेतका प्रतिवादीहरूलाई बोलाउन गई डोरी र हँसिया लिई आएको र सर्वप्रथम गंगादत्त खनालले हँसियाले दिलीपकुमार रैकामगरको टाउकामा प्रहार गरेको, पदमबहादुरले दिलीपकुमार रैकामगरलाई वारदात स्थलमा कुरी बसेको, हरि मल्लले घरबाट खुकुरी लिई आई दिलीपकुमार रैकामगरको टाउकामा प्रहार गरेको भन्ने मिसिल प्रमाणबाट देखिएको तथ्यलाई प्रतिवादीको मौकाको बयान लास जाँच मुचुल्का एवं शव परीक्षण प्रतिवेदनबाट समर्थन भएको, जाहेरवालाले गरेको बकपत्र, मौकामा बुझिएका चिन्तामणि शर्माले गरिदिएको कागज समेतबाट गोरे भन्ने पदमबहादुरले वचन दिएको, गंगादत्त खनालले दिलीपकुमार रैकामगरको टाउकामा प्रहार गरेको, प्रतिवादी हरि मल्लले खुकुरीले प्रहार गरेका कारणबाट टाउकामा चोट परी टाउकाको चोटका कारण मृतकको मृत्यु भएको भन्ने परीक्षण प्रतिवेदनबाट देखिएको, अभियोग दाबीको ज्यान सम्बन्धी महलको १३(१) नं. ऐन हेर्दा धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जति जना भई हतियार छोडेको छ उति जना ज्यानमारा ठहर्छन्। सर्वस्व सहित जन्मकैदको सजाय गर्नु पर्छ भन्ने र मु.ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. ऐनमा लाठा, ढुङ्गा वा सानातिना हतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मार्ने गैह्र कुरा गरी ज्यान मारेमा, धेरै जनाको हुल भई मारेमा, यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्व सहित जन्मकैद गर्नु पर्छ। सो बाहेक अरूलाई र यसैले मारेको वा यसैको चोटले मरेको भन्ने कुरा सो हतियार छोड्ने कसै उपर कुनै प्रमाणबाट देखिन ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नु पर्छ भन्ने कानुनी व्यवस्था देखिन्छ।

मृतक दिलीपकुमारको मृत्यु टाउकामा परेको चोटका कारण भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिन आएको, टाउकामा प्रतिवादी मध्येका गंगादत्त खनाल र हरि मल्लले प्रहार गरेको भन्ने कुरा निजहरूको मौकाको बयान र मिसिल संलग्न प्रमाणबाट देखिएको हुँदा प्रतिवादी गंगादत्त खनाल र प्रतिवादी हरि मल्ल यसैको चोटबाट दिलीपकुमार रैकामगरको मृत्यु भएको हो भन्ने कुरा प्रमाणबाट यकिन हुन आएको नदेखिँदा प्रतिवादी गंगादत्त खनाल र प्रतिवादी हरि मल्लले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं विपरीत १३ (३) नं बमोजिमको कसुर अपराध गरेको ठहर्छ। निज

प्रतिवादीहरू गंगादत्त खनाल र हरि मल्ललाई मु.ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ।

अर्का प्रतिवादी पदमबहादुर मल्लले दिलीपकुमार रैकामगरलाई हान् ठोक् भनी वचन दिएको भन्ने कुरा मौकामा कागज गर्ने मानिसहरू तथा प्रतिवादीको मौकाको बयानबाट देखिएको मुसुरी र दिलीपकुमार बसेको ठाउँमा चियोचर्चो गरेको, कहिल्यै नआउने गरी लखेट्नु पर्‍यो भनी वारदातमा कुरी बसेको, बल पुग्दैन कि भनी अन्य प्रतिवादीलाई बोलाउन पठाएको, दिलीपकुमार रैकामगरलाई जाहेरी दरखास्तमा उल्लिखित व्यक्तिहरूले पूर्व रिसइवीका कारण कर्तव्य गरी मारेको भनी जाहेरीमा पदमबहादुरको नाम उल्लेख भएको, जाहेरवालाले अदालतमा आई जाहेरीलाई सनाखत गरी बकपत्र गरेको, मौकामा कागज गर्ने मुसुरी भन्ने सावित्री क्षेत्रीले मेरो र पदमबहादुर मल्ल र गंगादत्तका बिचमा मायाप्रेम भएकामा पछि दिलीप र मेरा बिचको शारीरिक सम्बन्ध रहेका कारण दिलीपलाई पदमबहादुर मल्ल र गंगादत्त खनालले मारेको भनी कागज गरिदिएकी, प्रतिवादीले बयान गर्दा दाहिने हात नभएको बायाँ हात भए पनि मसिनो औंला भएको भन्ने देखिन आए पनि मु.ऐन, ज्यान सम्बन्धी महलको १३(४) ऐनमा जुनसुकै कुरा गरीकन पनि ज्यान मार्नमा वचन दिनेलाई वा वारदात भइरहेका ठाउँमा गई मार्नका लागि संयोग पारिदिनाको निमित्त मर्ने मानिसको जिउमा हात हाली, पक्री, समाती दिनेलाई जन्मकैद गर्नु पर्छ भन्ने कानुनी व्यवस्था देखिन्छ। ऐनमा नै जुनसुकै कुरा गरीकन भन्ने उल्लेख हुँदा यी प्रतिवादीले कर्तव्य गर्न नसक्ने भन्ने देखिँदैन। यी प्रतिवादी पदमबहादुरले मौकामा बयान गर्दा ठोक् साले भुटानीलाई भनेको भनी बयान गरेको, वारदातमा मौजुदा रही हान्न आदेश दिएको, मौकामा आफुले भनेको कुरालाई अन्य साक्षी प्रमाणले खण्डन गर्न नसकेको देखिँदा माथि उल्लिखित आधार प्रमाणबाट प्रतिवादी पदमबहादुर मल्लले मु.ऐन, ज्यान सम्बन्धी महलको १ नं विपरीत १३(४) नं बमोजिमको कसुर अपराध गरेको ठहर्छ। निजलाई ऐ.ऐनको १३(४) बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ।

अन्य प्रतिवादीहरू होमबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री, बिजु भन्ने विजय मल्लले आआफ्नो बयानमा गंगादत्त खनालले हँसियाले हरि मल्लले खुकुरीले प्रहार गर्दासाथ भुइँमा ढली मृत्यु भयो भन्ने समेतको ब्यहोरा उल्लेख गरिदिएको र मुसुरी र दिलीपकुमारसँग यी प्रतिवादीको रिसइवी भएको भन्ने कुरा मिसिलबाट नदेखिएको, गंगादत्त बोलाउन गएपछि मात्र यी प्रतिवादीहरू वारदातमा आएका, चिन्तामणि शर्माले कागज गर्दा गंगादत्त खनाल, हरि मल्ल समेतले धारिलो हतियार प्रयोग गरी कर्तव्य गरी मारी लासलाई नन्दप्रसाद पौडेलको मकैबारीमा फालेको भनी कागज गरेको, प्रतिवादीको मौकाको बयानमा अन्य साथीहरूले लात मुक्काले हानें भन्ने ब्यहोरा लेखाए पनि अन्य साथीहरू भनेका को को हुन् ? बयानबाट खुल्न नआएको, अन्य साथीहरूले दिलीपकुमार रैकामगरको शरीरको कुन भागमा प्रहार गरे सो पनि स्पष्ट गर्न नसकेको प्रतिवादीको मौकाको बयानबाट हरि मल्लले दिलीपकुमार रैकामगरको टाउकामा खुकुरी प्रहार गर्दा ढल्यो, सोही बखत मृत्यु भइसकेको भन्ने देखिएका अवस्थामा मृत्यु भइसकेपछि यी प्रतिवादी डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री, होमबहादुर पौडेल क्षेत्री र विजय मल्लले लाठी, लात्ती, मुक्काले हानेको भन्नेसम्मका कुरा स्वाभाविक देखिन आउँदैनन्।

यी प्रतिवादीहरूले दिलीपकुमार रैकामगरलाई लट्ठीले हानेको भन्ने कुरा अभियोग दाबी आए पनि लट्ठी बरामद छैन। लाठीले हानेको कुरा पुष्टि भएको नदेखिएको, मु.ऐन, ज्यान सम्बन्धी महलको १७ नं ऐन हेर्दा ज्यान मार्ने मतलबमा भने पसेको तर मुख्य भई वचन पनि नदिने हातहतियार पनि नछोड्ने, जिउमा पनि नछुने देहायका अवस्थाका अरू मतलबीलाई ज्यान मरेको रहेछ भने देहाय बमोजिम सजाय गर्नु पर्छ भनी देहाय २ मा माथि एक दफामा लेखिए बाहेक घेरा दिने, बाटो गौंडा छेक्ने वा भाग्न उम्कन नपाउने समेत गैह्र काम गरी मार्न संयोग पारिदिनेलाई ५ वर्ष कैद गर्नु पर्छ भन्ने कानुनी व्यवस्था देखिन्छ। माथि उल्लिखित विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू पदमबहादुर मल्लको सल्लाह बमोजिम रातको समयमा वारदात स्थलमा गई दिलीपकुमार रैकामगरलाई घेरा हाली बाटो छेकी भाग्न उम्कन नपाउने गैह्र काम गरी मार्न संयोग पारिदिई प्रतिवादी होमबहादुर पौडेल क्षेत्री, प्रतिवादी डिलबहादुर पौडेल क्षेत्री, प्रतिवादी शालिकबहादुर पौडेल क्षेत्री र बिजु भन्ने विजय मल्लले ज्यान सम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुर अपराध गरेको ठहर्छ। निज प्रतिवादीहरू होमबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री र बिजु भन्ने विजय मल्ललाई ज्यान सम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ वर्ष कैद हुने ठहर्छ।

सबै प्रतिवादीहरूलाई मु.ऐन, ज्यान सम्बन्धी महलको १३(१) नं बमोजिम सजाय गरिपाउँ भन्नेसम्म नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहर्छ।

प्रतिवादी हरि मल्लको उमेर हेर्दा १७/१८ वर्षको, सुरुमा नै खुकुरी लिई वारदात स्थलमा गएको भन्ने प्रमाण कागजबाट देखिन नआई प्रतिवादी मध्येका गंगादत्तले घरमा गई बोलाएपछि मात्र वारदात स्थलमा गएको देखिएको, मृतकसँग यी प्रतिवादीको पूर्व रिसइवी भएको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको, कलिलो उमेर र पूर्व रिसइवी नदेखिएका अवस्थामा ज्यान सम्बन्धी महलको १३(३) बमोजिम जन्मकैदको सजाय दिँदा चर्को पर्न जाने भई निज प्रतिवादी हरि मल्ललाई ५ वर्षको कैद सजाय उपयुक्त हुने चित्तले देखेकाले मु.ऐन, अ.बं. १८८ नं बमोजिम यो राय प्रस्तुत गरेको छु। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी गंगादत्त खनाल र हरिबहादुर मल्ललाई मु.ऐन, ज्यान सम्बन्धी महलको १३(३) बमोजिम जन्मकैद र प्रतिवादी पदमबहादुर मल्ललाई मु.ऐन, ज्यान सम्बन्धी महलको १३(४) बमोजिम जन्मकैदको सजाय र प्रतिवादीहरू होमबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री, बिजु भन्ने विजय मल्ललाई मु.ऐन, ज्यान सम्बन्धी महलको १७(२) बमोजिम जनही ५ (पाँच) वर्षका दरले कैद सजाय हुने ठहरेको र प्रतिवादीहरू जना ७ (सात) मिति २०६९।२।९ गतेबाट प्रहरी हिरासतमा रही मिति २०६९।२।३२ का स्याङ्जा जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा रहेको देखिँदा मिति २०६९।२।९ का मितिबाटै कैद कट्टि हुने गरी लगत कसी देहाय बमोजिम असुल गर्नू ........................................................................१

प्रतिवादी गंगादत्त खनाललाई जन्मकैद।

प्रतिवादी हरिबहादुर मल्ललाई जन्मकैद।

प्रतिवादी पदमबहादुर मल्ललाई जन्मकैद।
प्रतिवादीहरू होमबहादुर पौडेल क्षेत्रीलाई ५ (पाँच वर्ष) कैद।
डिलबहादुर पौडेल क्षेत्रीलाई ५ (पाँच वर्ष) कैद।
शालिकबहादुर पौडेल क्षेत्रीलाई ५ (पाँच वर्ष) कैद।
बिजु भन्ने विजय मल्ललाई ५ (पाँच वर्ष) कैद।
यो फैसलामा चित्त नबुझे पुनरावेदन अदालत, पोखरामा ७० दिनभित्र पुनरावेदन गर्नु भनी प्रतिवादी पदमबहादुर मल्ल, गंगादत्त खनाल, हरि मल्ल, होमबहादुर पौडेल क्षेत्री, डिलबहादुर पौडेल क्षेत्री, शालिकबहादुर पौडेल क्षेत्री, बिजु भन्ने विजय मल्ललाई ७० दिने पुनरावेदनको म्याद दिनू ...................२

जिल्ला सरकारी वकिल कार्यालय, स्याङ्जालाई फैसलाको प्रतिलिपि सहित ७० दिने पुनरावेदनको म्याद दिनू.........................................................................................................................३
प्रस्तुत मुद्दामा पुनरावेदन परे पुनरावेदनको रोहबाट र पुनरावेदन नपरे साधक जाँचका लागि साधकका रोहबाट मिसिल पुनरावेदन अदालत, पोखरामा पठाइदिनू .............................................................४

सरोकारवालाले फैसलाको प्रतिलिपि माग गरे नियमानुसारको दस्तुर लिई फैसलाको प्रतिलिपि दिनू, प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ..........................५

जिल्ला न्यायाधीश

मा.जि.न्या.ज्यूले बोली टिपाए
बमोजिम कम्प्युटर गर्ने
ना.सु. शंकरनाथ खनाल

**इति सम्वत् २०७१ साल वैशाख १५ गते रोज २ शुभम्..............।**

**श्री रौतहट जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री हरिश्चन्द्र ढुङ्गाना**
**फैसला**
**मुद्दा नं. : ०७०– CR–००८९(२०७०।११।१२)**

*मुद्दा : कर्तव्य ज्यान।*
**नि.नं. : ४९५**

| **वादीको नाम, थर र वतन** | **प्रतिवादीको नाम, थर र वतन** |
| --- | --- |
| रौतहट जिल्ला, बसविटी जिंगडिया गा.वि.स., वडा नं.१ बस्ने सुखल ठाकुर हजामको जाहेरीले नेपाल सरकार।<br>साक्षी :<br>कागज : | रौतहट जिल्ला, सरुअठा गा.वि.स., वडा नं.६ बस्ने ठेला ठाकुर हजामको छोरा रामजी ठाकुर हजाम भन्ने जगरनाथ ठाकुर हजाम ........................................१<br>ऐ.ऐ. बस्ने लखन ठाकुर हजामको छोरा रामआधार ठाकुर हजाम ....................................................१<br>ऐ.ऐ. बस्ने नेवालाल ठाकुर हजामको छोरा आनन्दी ठाकुर हजाम ....................................................१<br>भारत, बिहार जिल्ला, सितामढी ढेंग स्टेसन घर भई हाल रौतहट जिल्ला, सरुअठा गा.वि.स., वडा नं. ६ स्थित ससुराली घरमा बस्ने वीरेन्द्र ठाकुर हजाम ..............१<br>साक्षी :<br>कागज : |

**अदालतबाट बुझेको**
साक्षी :
कागज :

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.वं.२९ ले यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

**सङ्क्षिप्त तथ्य**

रौतहट जिल्ला, सरुअठा गा.वि.स., वडा नं.६ स्थित पूर्वमा आनन्दी ठाकुरको घर, पश्चिममा बद्री शर्माको घर, दक्षिणमा रामआधार ठाकुर हजामको घर, यति चार किल्लाभित्रमा पूर्व मोहडाको प्रतिवादी रामजी ठाकुर हजाम भन्ने जगरनाथ ठाकुर हजामको खपडाको छानो भएको घर रहेको, उक्त घरमा प्रवेश गरी हेर्दा दुई वटा कोठा रहेका, ती कोठा मध्येबाट एउटा कोठाको ढोका अगाडि तथा कोठाभित्र भुइँ जमिनमा बान्ता गरेको र भुइँ जमिन लिपपोत गरेको अवस्थामा रहेको, पलङ्गमुनि घाँस पातमा छर्ने

किटनाशक इन्डोसेल विषादी औषधीको बट्टा रहेको र उक्त बट्टा प्रहरीले बरामद गरी लगेको भन्ने समेत ब्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

रौतहट जिल्ला, सरुअठा गा.वि.स., वडा नं. ६ स्थित पूर्वमा उमेश सिंहको उखुबारी, पश्चिममा बिन्दा रायको खेत, उत्तरमा चन्द्रिका रायको गहुँबारी, दक्षिणमा किसचन्द सिंहको खेत, यति चार किल्लाभित्र अमर सिंहको खेत रहेको र सो खेतमा मृतक सुदमिया देवीलाई निजकै श्रीमान प्रतिवादी रामजी ठाकुर हजाम भन्ने जगरनाथ ठाकुर हजाम समेतले टायर, दाउरा बाली आगो लगाई मृतक लासलाई जलाई नष्ट गरी बाँकी हाडखोर सोही ठाउँमा गाडेको भन्ने समेत ब्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

मेरी छोरी सुदमिया देवीलाई आफ्नो जातीय परम्परा अनुसार प्रतिवादी रामजी ठाकुर हजामसँग विवाह गरिदिएकामा दाइजो नपाएका कारण निज प्रतिवादीले मिति २०६५।९।२७ गते राती अं. १२ बजेको समयमा छोरीको घाँटी थिची विषादी औषधि खुवाई, कुटपिट गरी मारेको र त्यसपछि अन्य प्रतिवादीहरू रामआधार ठाकुर हजाम समेतले मृतक छोरीको लासलाई आगो लगाई जलाई नष्ट गरेको हुँदा निजहरूलाई कानुन बमोजिम कारबाही गरिपाउँ भन्ने समेत ब्यहोराको सुखल ठाकुर हजामको जाहेरी दरखास्त।

मिति २०६५।९।२७ गते राती अं. १२ बजेको समयमा मृतक सुदमिया देवी हजामलाई जलाई पसलमा गई बसेको थिएँ। मृतकले आफै विषादी सेवन गरी मृत्यु भएको भन्ने कुरा मैले मेरी श्रीमतीबाट सुनी थाहा पाएको हुँ। मृतकलाई निजको लोग्नेले विषादी औषधी खुवाई घाँटी थिची कुटपिट गरी मारेको हो होइन भन्ने कुरा मलाई थाहा भएन भन्ने समेत ब्यहोराको प्रतिवादी रामआधार ठाकुर हजामले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

मिति २०६५।९।२७ गते राती अं. १२ बजेको समयमा म आफ्नै घरमा सुती निदाइरहेको थिएँ, जाहेरवालाका घरमा मानिस रुँदै कराउँदै गरेको आवाज सुनी वारदात स्थलतर्फ गई हेर्दा मृतककै श्रीमान रामजी ठाकुर हजाम, रामआधार ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजाम समेत भई मृतकलाई परालमा राखी साइकलमा बोकी गाउँदेखि पश्चिमतर्फ लाँदै गरेको मैले देखेको थिएँ। पछि बुझ्दै जाँदा मृतकका बुबाले विवाह गर्दा दाइजो नदिएका कारण प्रतिवादी रामजी ठाकुरले निज सुदमिया देवीको घाँटी थिची विष खुवाई कुटपिट गरी मारेको र अन्य प्रतिवादीहरू रामआधार ठाकुर हजाम समेत भई मृतक लासलाई जलाएका भन्ने सुनेको हुँ भन्ने समेत ब्यहोराको करिब एकै मिलानको राममंगलप्रसाद सिंह, आशनारायण सिंह, रमेशप्रसाद यादव, चाँद महमद मिया, योगेन्द्रप्रसाद यादव समेतका मानिसहरूले गरिदिएको मौकाको कागज।

मुद्दाको अनुसन्धानको क्रममा यस कार्यालयमा दाखिला भएका प्रतिवादी रामआधार ठाकुर हजामलाई खोजिएका बखत दाखिला गर्ने गरी जिम्मा बुझिलिएँ भन्ने समेत ब्यहोराको योगेन्द्र राय यादवको हाजिरी जमानी कागज।

मिति २०६५।९।२७ गते राती अं. २२ बजेको समयमा जाहेरवालाको छोरी सुदमिया देवीलाई दाइजो नल्याएको विषयमा गाली गलौज कुटपिट गरेको अवस्थामा देखेको हुँ। सो राती अं. २४ बजेको समयमा खानपिन गरी म समेतका व्यक्तिहरू आगो तापिरहेका अवस्थामा उल्लिखित अभियुक्तहरूले साइकलमा पोको बनाई राखी लाँदै गरेको देखेको, रातीको समय भएकाले डरले केही सोध्ने हिम्मत

भएन। भोलिपल्ट सुनी थाहा पाए अनुसार निज अभियुक्तहरूले जाहेरवालाकी छोरी सुदमिया देवीको लासलाई साइकलमा राखी दबाउने जलाउने मनसायले लिएर गई लास जलाई गाउँघरबाट भागी गएका हुन् भन्ने समेत ब्यहोराको करिब एकै मिलानको आनन्दी ठाकुर हजाम, रामसेवक राय यादव र किशोरी ठाकुर हजाम समेतले गरेको घटना विवरण कागज।

प्रस्तुत मुद्दामा फरार रहेका प्रतिवादीहरूको खोजतलास गर्दै जाँदा प्रतिवादीहरू मध्येका रामजी ठाकुर हजाम भन्ने जगरनाथ ठाकुर हजाम आफ्नै गाउँमा लुकिछिपी बसेको अवस्थामा फेला परेको हुँदा पक्राउ गरी दाखिला गरेको छु भनी प्र.ना.नि. अवधकिशोर ओझाले मिति २०७०।१०।१५ मा दिएको प्रतिवेदन।

Endocel Endosulfan 35% E.C. नामक विषादी ३० ग्रामभन्दा बढी सेवन गरेमा मानिसको मृत्यु हुन सक्दछ भन्ने समेत ब्यहोराको जिल्ला स्वास्थ्य कार्यालय रौतहट, गौरको पत्र।

श्रीमती सुदमिया देवीले मैले मागे बमोजिमको दाइजो नल्याएका कारण मेरो निजसँग मेरो पटक पटक झगडा हुने गर्दथ्यो। त्यसैले निजलाई जसरी भए पनि हटाउँछु भन्ने मैले सोचेको थिएँ। त्यसै क्रममा मिति २०६५।९।२७ गते पनि दाइजो नल्याएको विषयलाई लिएर मेरो र श्रीमती सुदमिया देवी बिच दिनभरी जसो नै वादविवाद एवं झैझगडा भएको थियो। मैले घर तथा वरपर कोही मानिसहरू नभएको मौकामा पूर्व योजना अनुसार पहिलेदेखि नै घरमा ल्याई राखेको तरकारीमा हाल्ने इन्डोसिल नामक विषादी जबरजस्ती श्रीमतीलाई खुवाइदिई केही घन्टापछि निजको मृत्यु भएको र मैले आफ्नो विश्वासका गाउँकै काका नाताका रामआधार ठाकुर हजाम, काका आनन्दी ठाकुर हजाम र भिनाजु वीरेन्द्र ठाकुर समेत भई लासलाई परालको गुन्द्रीमा बेरी चार जनाले पालैपालो साइकलमा बोकी झाँझ नदीको नजिकको सिसौंघारीमा लगी मृतक लासलाई आगो लगाई जलाई शेष भाग खाल्डो खनी दबाएर छाडेका हौं भन्ने समेत ब्यहोराको प्रतिवादी जगरनाथ ठाकुर हजामले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

प्रतिवादी जगरनाथ ठाकुर हजामले आफ्नो श्रीमती सुदमिया देवी ठाकुरलाई दाइजो नल्याएको विषयलाई लिएर पटक पटक कुटपिट गरी यातना दिने गर्दथ्यो। सोही क्रममा मिति २०६५।९।२७ गते साँझ पनि निजले आफ्नी श्रीमतीलाई कुटपिट गरेको र सोही रातदेखि निज सुदमिया देवी बेपत्ता भएकी हुन्। प्रतिवादी जगरनाथ ठाकुरले मिति २०६५।९।२७ गते साँझ सुदमिया देवी ठाकुरलाई जबरजस्ती विष खुवाई मारी मृतक लासलाई सोही राती अन्य प्रतिवादीहरू रामआधार ठाकर हजाम, आनन्दी ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजाम समेत भई जलाई लास दबाएको हुँदा निज प्रतिवादीहरू उपर कानुन बमोजिम कारबाही हुनु पर्दछ भन्ने समेत ब्यहोराको बैजनाथ राय, बिगन बैठा, गगनी राय समेतका व्यक्तिहरूले गरेको वस्तुस्थिति मुचुल्का र सोही मिलानको रीतादेवी ठाकुर समेतले गरिदिएको घटना विवरण कागज।

प्रतिवादी रामजी ठाकुर हजाम भन्ने जगरनाथ ठाकुर हजाम र सुदमिया देवी बिच २०६४ सालमा विवाह भएकामा दाइजो कम ल्याएको विषयमा प्रतिवादीले निज सुदमिया देवीलाई बारम्बार कुटपिट गर्दै आएको र मिति २०६५।९।२७ गते राती सोही रिसइवीका कारण प्रतिवादीले सुदमिया देवीलाई मार्ने योजना बनाई कुटपिट गरी इन्डोसिल नामको विषादी औषधी जबरजस्ती खुवाई बेहोस भएपछि घरबाट बाहिर गई श्रीमती मरेपछि घरमा आई आफ्ना गुटमेलका रामआधार ठाकुर हजाम समेतका व्यक्तिहरूलाई

साथमा लिई सोही राती मृतकको लासलाई परालले छोपी सरुअठा ६ स्थित अमर सिंहको बाँझो खेतमा लगी जलाई बाँकी रहेको शेष भाग समेत खाल्डो खनेर पुरी छाडेको देखिन आएकाले आफ्नै श्रीमतीलाई कर्तव्य गरी मारी लास दबाउने मतलबले लास जलाउने कार्य समेत गर्ने प्रतिवादी जगरनाथ ठाकुर हजामलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(२) र ४ नं. को कसुरमा सोही कानुनी व्यवस्था बमोजिम सजाय गर्नुका साथै कर्तव्यबाट मारिएकी मृतक सुदमिया देवीको लासलाई जाँच पुर्जी नभइकन दबाउने अभिप्रायले लास जलाई बाँकी हाडखोर खाल्डो खनी पुर्ने कार्यमा संलग्न प्रतिवादीहरू रामआधार ठाकुर हजाम, आनन्दी ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजामलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको ४ नं. को कसुरमा सोही कानुन व्यवस्था बमोजिम सजाय गरिपाउँ भन्ने समेत ब्यहोराको अभियोग पत्र।

मिति २०६५।९।२७ गतेको राती म आफ्नो खेतमा थिएँ। मेरो श्रीमती सन्की स्वभावकी भएकाले घरमा राखेको विषादी औषधी सेवन गरी मरेकी हुन्। निजलाई मैले कुटपिट गरी जबरजस्ती विषादी औषधी खुवाएको होइन। जाहेरी दरखास्त लगायत कागजातहरू झुट्टा भएकाले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने समेत ब्यहोराको प्र.जगरनाथ ठाकुरले यस अदालतमा गरेको बयान।

सुदमिया देवीले आफै विषादी औषधी सेवन गरी मरेकी हुन्। निजलाई कोही कसैले विष सेवन गराई मारेको होइन। निजको लासलाई हिन्दु धर्म अनुसार घाटमा लगी जलाएका हौं। अभियोग दाबी अनुसार मैले कुनै सजाय नगरेको हुँदा प्रस्तुत मुद्दाबाट सफाइ पाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी रामआधार ठाकुरले यस अदालतमा गरेको बयान।

मिति २०६५।९।२७ गते राती ८ बजेको समयमा मेरो गाउँमा विवाह भएकाले म घरमा थिइनँ। प्रतिवादी जगरनाथ ठाकुरको श्रीमती विषादी औषधी सेवन गरी मरेकी हुन् भन्ने कुरा भोलिपल्ट मात्र सुनेको हुँ। मृतक सुदमिया देवीको लास जलाउन म गएको थिइनँ। म निर्दोष भएकाले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी आनन्दी ठाकुर हजामले यस अदालतमा गरेको बयान।

मेरो घर बिहार जिल्ला, सितामढी ग्रामवेल वडा नं. ५ मा भारतमा पर्दछ। प्रतिवादी रामजी ठाकुर हजामले मलाई फोन गरी मेरो श्रीमती विष सेवन गरी मरेकी छन् भनी बोलाएकाले मिति २०६५।९।२७ गते साँझ ७ बजेतिर सरुअठा गएको हुँ। गाउँका अरू मानिसहरूसँगै म पनि पछिबाट लास जलाउन गएको हुँ भन्ने समेत ब्यहोराको प्रतिवादी वीरेन्द्र ठाकुर हजामले अदालतमा गरेको बयान।

मिति २०६५।१०।५ को जाहेरी दरखास्तमा के लेखेको छ, म नपढेको व्यक्ति हुनाले मलाई थाहा छैन। उक्त जाहेरी दरखास्तमा परेको सही मेरो हुन सक्छ। मेरी छोरी अर्द्धपागल भएकाले घरमा कोही नरहेको मौकामा विषादी औषधी सेवन गरी मरेकी हुन्। मलाई खबर गएपछि म पनि दाह संस्कारमा गएको थिएँ। मृतकलाई घाटमा लगी जलाएका हुन्। यी प्रतिवादीहरूले कसुर नगरेको हुँदा सफाइ पाउनु पर्ने हो भन्ने समेत ब्यहोराको जाहेरवाला सुखल ठाकुर हजामले गरेको बकपत्र।

मिति २०६५।८।२७ गतेको दिन रात म आफ्नै गाउँघरमा थिएँ। मृतक सुदमिया देवीले घरमा कोही नभएको मौका छोपी विषादी औषधी सेवन गरी मरेकी हुन्। निजलाई कोही कसैले जबरजस्ती विष सेवन गराएको होइन। यी प्रतिवादीहरू निर्दोष रहेकाले निजहरू उपरको अभियोग दाबी झुट्टा हो भन्ने समेत ब्यहोराको सरकारी गवाह आशनारायण सिंहले गरेको बकपत्र।

प्रतिवादी वीरेन्द्र ठाकुर र प्र.जगरनाथ ठाकुरले कुनै पनि कसुर अपराध गरेका छैनन्। निजहरू उपरको अभियोग दाबी झुट्टा हो भन्ने समेत ब्यहोराको प्रतिवादी पक्षका साक्षी प्रमोद रायले गरेको बकपत्र।

मृतक सुदमिया देवी अर्द्धपागल थिइन्। निजको घरमा कोही नभएको मौका छोपी निजले आफै विष सेवन गरी मरेकी हुन्। निजलाई कोही कसैले जबरजस्ती विष खुवाई मारेका होइन। निजको लास फर्कीमा राखी मुर्दाघाटमा लगी दाह संस्कार भएको हो भन्ने समेत ब्यहोराको प्र.आनन्दी ठाकुरका साक्षी बैजु शर्माले गरेको बकपत्र।

मृतक सुदमिया देवीले घरमा कोही नभएको मौका छोपी विषादी औषधी सेवन गरेकी हुन्। निज सुदमिया देवी अर्द्धपागल थिइन्। निजलाई कोही कसैले विषादी औषधी जबरजस्ती खुवाई मारे मराएको होइन। निजले आफै विष सेवन गरी मरेका हुनाले अभियोग मागदाबी अनुसार यी प्रतिवादी जगरनाथ ठाकुरलाई सजाय हुनु पर्ने होइन। निजले सफाइ पाउनु पर्छ भन्ने समेत ब्यहोराको जगरनाथ ठाकुरका साक्षी रेखा राय यादवले गरेको बकपत्र।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित स.जि.न्या.व. श्री मनोजप्रसाद गुप्ताले प्रतिवादी रामजी ठाकुर हजाम भन्ने जगरनाथ ठाकुर हजामले अदालतमा आएर कसुर गरेको होइन भने तापनि अधिकार प्राप्त अधिकारी समक्ष मौकामा बयान गर्दा आफ्नी श्रीमती सुदमिया देवीलाई मार्ने विचारले इन्डोसिल नामको विषादी जबरजस्ती खुवाई निज मरेपछि रामआधार ठाकुर हजाम, आनन्दी ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजाम समेत भई मृतक लासलाई परालमा बेरेर झाँझ नदीको किनार नजिक सिसौँघारीमा लगी लास जलाई दबाएका हौं भनी कसुर गरेकामा साबित भई बयान दिएको देखिन्छ। घटनास्थल प्रकृति मुचुल्काबाट जाहेरी दरखास्तको ब्यहोरा समर्थित भइरहेको अवस्था छ। मृतकको लास जलाई नष्ट गरिएको तथ्य मिसिल प्रमाणबाट पुष्टि भइरहेको देखिन्छ। उक्त घटना लगत्तै रामआधार ठाकुर हजाम पक्राउ परेको र अरू प्रतिवादीहरू फरार हुनुले पनि निजहरू सजायका भयले भागेको भन्ने तथ्य स्वाभाविक रूपमा अनुमान गर्न सकिने भएकाले उल्लिखित चारै जना प्रतिवादीहरूलाई अभियोग मागदाबी बमोजिम सजाय गरिपाउँ भनी बहस गर्नु भयो।

त्यसै गरी प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मो.मजरुल हकले प्रस्तुत मुद्दामा अभियोग दाबी नै स्थापित हुन सकिरहेको छैन। प्रतिवादी पक्षका साक्षीले प्रतिवादीहरू निर्दोष छन् भनी बकपत्र गरेका र जाहेरवाला सुखल ठाकुर हजाम लगायत वादी पक्षका साक्षीहरू आशनारायण सिंह, किशोरी ठाकुर र रामसेवक राय यादव समेतको बकपत्रबाट पनि मृतक आफैले विष खाई मरेको देखिन आएको छ। प्रतिवादी जगरनाथ ठाकुर हजामले मौकामा गरेको बयान स्वेच्छाले गरेको होइन भनी अदालतमा आई इन्कार गरेका हुनाले प्रहरी हिरासतमा रहँदाका बखत गरेको उक्त बयानलाई प्रमाणमा लिन मिल्दैन। यस विषयमा सम्मानित सर्वोच्च अदालतबाट कैयन मुद्दामा न्यायिक सिद्धान्त प्रतिपादन भएको देखिँदा निज प्रतिवादी जगरनाथ ठाकुर हजामले गरेको मौकामा साबिती बयानका आधारमा मात्र

निजलाई कर्तव्य ज्यान जस्तो गम्भीर अभियोगमा सजाय गर्न न्यायको रोहमा मिल्ने होइन। सर्वप्रथमतः प्रस्तुत मुद्दामा यस कारणले मृतकको मृत्यु भएको हो भन्ने तथ्य नै पुष्टि हुन सकिरहेको छैन। फौजदारी मुद्दामा अभियोग दाबी शङ्का रहित रूपमा पुष्टि हुन नसकेसम्म प्रतिवादीलाई सजाय गर्न मिल्दैन। यदि मुद्दामा शङ्काको स्थिति देखिन्छ भने शङ्काको सुविधा प्रतिवादीले पाउने न्यायको सिद्धान्त रहेको छ। प्रस्तुत मुद्दामा वादी पक्षबाट पेस भएका सबुत प्रमाणबाट अभियोग दाबी पुष्टि हुन आएको नदेखिँदा सबै प्रतिवादीहरूले अरोपित कसुरबाट सफाइ पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो।

यसमा प्रतिवादी रामजी ठाकुर हजाम भन्ने जगरनाथ ठाकुर हजामले दाइजो कम ल्याएको निहुँमा पत्नी सुदमिया देवीसँग बारम्बार झैझगडा गरी कुटपिट गर्ने गरेको र मिति २०६५।९।२७ गते राती निज जगरनाथ ठाकुर हजामले निज सुदमिया देवीलाई मार्ने उद्देश्यले इन्डोसिल नामको विषादी औषधी जबरजस्ती खुवाई घाटी थिची कुटपिट गरी मारिसकेपछि सोही राती अरू कसैले नदेख्ने गरी आफ्ना गोलमेटका व्यक्तिहरू बोलाई मृतक लासलाई अमर सिंहको खेतमा लगी जलाई बाँकी शेष भागलाई सोही खेतमा खाल्डो खनी पुरी छाडेको देखिन आएकाले आफ्नी श्रीमतीलाई विष खुवाई कर्तव्यद्वारा मारी मृतक लास दबाउने छिपाउने समेतको कार्य गरेकामा प्रतिवादी जगरनाथ ठाकुर हजामलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(२) र ४ नं. को कसुरमा सोही कानुनी व्यवस्था बमोजिम थप सजाय समेत गर्नुका साथै कर्तव्यबाट मारिएको मृतक सुदमिया देवीको लास दबाउने नियतले लासजाँच पुर्जी नभइकन लास जलाउने तथा गाड्ने कार्यमा प्रतिवादीहरू रामआधार ठाकुर हजाम, आनन्दी ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजाम समेतको प्रत्यक्ष संलग्नता देखिएका हुनाले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको ४ नं. को कसुरमा सोही नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी रहेको देखिन्छ।

उल्लिखित मागदाबीका सन्दर्भमा प्रतिवादीहरूलाई अभियोग मागदाबी बमोजिम सजाय गर्नु पर्ने हो वा होइन भन्ने तर्फ विचार गर्नु पूर्व मृतक सुदमिया देवीको मृत्यु कर्तव्यबाट भएको हो वा होइन भन्ने प्रश्नको निरूपण गर्न आवश्यक देखियो। मिसिल संलग्न कागजात हेर्दा मिति २०६५।९।२७ गते मध्य राततिर उक्त घटना वारदात भएपछि त्यसको भोलिपल्ट प्रहरीले घटनाबारे सुराक पाई घटनास्थल प्रकृति मुचुल्का उठाएको देखिन्छ। घटनास्थल प्रकृति मुचुल्का उठाउने क्रममा एउटा मृतकको घरकोठाको र अर्को मृतकलाई जलाएर गाडिएको ठाउँको मुचुल्का तयार पारेको देखिन्छ। मृतकको लास जलाए पश्चात शेष कसर भाग गाडिएको ठाउँबाट खरानी लगायत केही हड्डीका टुक्रा बरामद भएकामा सो टुक्रा परीक्षण गर्दा उक्त हड्डी वयस्क मानव शरीरको हड्डी भएको भनी त्रिभुवन विश्वविद्यालय, विधि विज्ञान विभागबाट मिति २०६५।१२।३१ मा परीक्षण प्रतिवेदन प्राप्त हुन आएको देखियो। हुन त जाहेरवाला प्रस्तुत घटनाका प्रत्यक्षदर्शी व्यक्ति होइनन् तथापि निजले मौकामा जाहेरी दिँदा आफ्नी छोरीलाई ज्वाइँ जगरनाथ ठाकुर हजामले दाइजो नल्याएको भनी कुटपिट गर्ने गरेको र उक्त घटना वारदातको दिन निजले सुदमिया देवीलाई मार्ने विचारले राती सुतेका बखत घाँटी थिची कुटपिट गरी विष खुवाई मारिसकेपछि अन्य प्रतिवादीहरूको सहयोगमा लास उठाएर गाउँदेखि उत्तर कुनामा पर्ने सिसौंबारीमा लगी लास जलाई खाल्डो खनी दबाएको भनी उल्लेख गरेको देखियो। उक्त जाहेरी दरखास्तको ब्यहोरा प्र.रामआधार ठाकुर हजाम र प्रतिवादी जगरनाथ ठाकुर हजामले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान लगायत मौकामा कागज गर्ने योगेन्द्रप्रसाद यादव, चाँदमहमद मिया, रमेशप्रसाद यादव, राजमंगलप्रसाद सिंह, अच्छेलाल राय

यादव र आशनारायण सिंहको कागजबाट पनि समर्थित हुन आएको देखियो। त्यसै गरी घटना विवरणको कागज गर्ने आनन्दी ठाकुर हजाम, रामसेवक राय यादव र किशोरी ठाकुर हजामले सोही राती प्रतिवादीहरूले मृतकलाई परालमा बेरी साइकलमा लैजाँदै गर्दाको अवस्थामा हामीले देखेका थियौं भनी प्रत्यक्ष्यदर्शीका रूपमा बताएका स्थितिले यो तथ्यलाई अझ पुष्टि गरेको पाइयो।

कुनै पनि व्यक्तिको स्वाभाविक रूपमा वा अपहत्याद्वारा भएको मृत्युप्रति लास दबाउन छिपाउन पर्ने डर त्रास वा भय केही हुँदैन। त्यसैले त्यस्तोमा गाउँघरका सबै व्यक्तिलाई मृत्युबारे खबर गरी लास सद्‌गत गर्ने गरिन्छ। गाउँघरमा राती लास परेमा भरसक रात विशेषमा सबैलाई बोलाई कुरेर भोलिपल्ट विधि विधान बमोजिम दाहसंस्कार गर्ने प्रचलन छ। यो प्रचलन अनुशरण गरिँदा कसैप्रति शङ्का उपशङ्का गर्ने ठाउँ रहँदैन। तर यदि त्यही लास रातीमै साटसुट पाराले गाड्ने वा जलाउने कार्य गरिन्छ भने त्यहाँनेर शङ्काको अवस्था रहन्छ। प्रस्तुत घटना वारदातमा मृतक सुदमिया देवीको लास राती ११/१२ बजेको समयमा गाउँघरका कसैलाई थाहा नदिई प्रतिवादीहरू चार जना मात्र भई साटसुट रूपमा मुर्दाघाट बाहेक कुनै व्यक्तिको बारीमा लगी जलाई बाँकी अवशेष पुरेर छोड्नुका पछाडि असल नियत थियो भनेर कदापि भन्न सकिँदैन। कुनै कार्य यस्तो हुन्छ जुन कार्यको परिणामले नै गलत नियत रहेको पुष्टि गर्दछ। प्रतिवादीहरूले लास जाँच नगराई जलाउनु हुन्न भन्ने कुरा आफुहरूलाई जानकारी भएन भनेकै आधारमा कर्तव्यबाट मानिस मारिएको कसुरप्रतिको दायित्व छुट हुने हो भने समाजमा दण्डहीनताले प्रश्रय पाउँछ। यो त नियतमा भर पर्ने कुरा हो। अतः लासको पोस्टमार्टम नहुँदैमा कर्तव्यबाट मारिएको होइन भन्न मिल्दैन। प्रस्तुत घटना वारदातमा मृतकलाई कुटपिट गरी घाँटी थिची जबरजस्ती विष खुवाएको भन्ने सन्दर्भ रहेकामा उक्त इन्डोसिल नामको औषधी विष हो र त्यसको तिस ग्रामभन्दा बढी सेवनले मानिस मर्न सक्दछ भन्ने तथ्य जिल्ला स्वास्थ्य कार्यालय गौरको मिति २०७०।१०।१२ को पत्रबाट खुल्न आएको र प्रतिवादीले मौकामा बयान गर्दा मैले नै आफ्नी श्रीमती सुदमियादेवीलाई कर्तव्य गरी मारेको हुँ भनी स्वीकार गरेको तथा उक्त घटनाक्रमले पनि सो तथ्यलाई पुष्ट्याईं गरेको हुनाले मृतक सुदमिया देवीको मृत्यु निज आफैले विष सेवन गरी भएको नभई अरू कसैको कर्तव्यबाट नै भएको पुष्टि हुन आयो।

अब उल्लिखित प्रतिवादीहरूलाई अभियोग मागदाबी बमोजिम सजाय गर्नु पर्ने हो वा होइन र सजाय हुने अवस्थामा के कस्तो सजाय गर्न उपयुक्त हुने हो भन्ने सन्दर्भमा सर्वप्रथमतः मूल अभियुक्तका रूपमा रहेका प्रतिवादी रामजी ठाकुर हजाम भन्ने जगरनाथ ठाकुर हजामको हकमा निर्णय गर्नु पर्ने देखिन आयो। प्रतिवादी जगरनाथ ठाकुर हजाम उपर आफ्नी श्रीमती सुदमिया देवीलाई कुटपिट गरी जबरजस्ती विष खुवाई मारेको र त्यसरी मारिसकेपछि लास दबाउने छिपाउने नियतले लास जाँच पुर्जी नलिई लास जलाई गाडेको भनी दुई वटा छुट्टाछुट्टै कसुरका निम्त्ति जिम्मेवार रहेको भनी सोही अनुसारको सजायको मागदाबी सहित अभियोग पत्र दायर भएको देखिन्छ।

निज प्रतिवादी जगरनाथ ठाकुर हजामले यस अदालतमा बयान गर्दा कसुरमा पूर्णतः इन्कारी रहे तापनि अधिकार प्राप्त अधिकारी समक्ष मौकामा बयान गर्दा दाइजोको विषयलाई लिएर आफु र श्रीमती सुदमिया देवी बिच बारम्बार झगडा हुने गरेको र उक्त दिन घर वरपर कोही नभएको मौका छोपी श्रीमतीलाई लडाई इन्डोसिल नामक विषादी जबरजस्ती खुवाइसकेपछि निज बेहोस भएपश्चात म दिशापिसाब गर्ने बहानाले खेतमा गई ३/४ घन्टापछि आइपुग्दा श्रीमतीको मृत्यु भइसकेको देखी मैले

आफ्नो विश्वास प्राप्त रामआधार ठाकुर हजाम, आनन्दी ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजामलाई बोलाई चारै जना भई लासलाई गुन्द्रीले बेरी अमर सिंहको खेतमा लगी पराल, दाउरा र टायरले जलाई शेष भागलाई खाल्डो खनी दबाएका हौं भनी कसुर गरेकामा साबिती बयान दिएको देखिन्छ।

प्रमाण ऐन, २०३१ को दफा ९ मा कुनै अभियुक्तले अदालत बाहेक अन्यत्र बोलेको कुरा सो कुरा व्यक्त गर्न निजलाई बाध्य तुल्याइएको थिएन भन्ने देखिएमा प्रमाणमा लिन हुन्छ भन्ने प्रावधान रहेको छ। यसको अर्थ कुनै प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष मौकामा गरेको साबिती बयान अदालतमा आएपछि इन्कार गर्दैमा उक्त बयान निष्कृय भई प्रमाणहीन हुने भन्ने कुरा कदापि हुन सक्दैन। कसैले स्वेच्छा विरुद्धको बयान भन्दछ भने त्यो कुरा केवल भनेर मात्र हुँदैन, मिसिल प्रमाण तथ्यबाट देखिनु पनि पर्दछ। प्रतिवादी जगरनाथ ठाकुर हजामले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान डरत्रासमा परी गरेको हुँ भने तापनि त्यस्तो कुराको कुनै प्रामाणिक आधार देखाउन सकेको अवस्था छैन। निज प्रतिवादीले मौकामा गरेको साबिती बयान मुद्दाको समग्र घटनाक्रम, जाहेरी दरखास्तको ब्यहोरा र मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको कागज समेतबाट समर्थित हुन आएकाले उक्त बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन मिल्ने देखियो।

यस सम्बन्धमा हाम्रो न्यायिक विधि शास्त्रीय दृष्टिकोणतर्फ हेर्दा अदालतमा आई प्रतिवादीले प्रहरीमा गरेको बयान स्वेच्छा विरुद्ध भन्दैमा उक्त भनाइलाई मात्र आधार मानी प्रमाणको रूपमा मान्न इन्कार गर्ने हो भने अनुसन्धानका क्रममा प्रतिवादीको कागज गराउनुको औचित्य नै नरहने भनी हेमराज पि.के. विरुद्ध नेपाल सरकार (ने.का.प. २०४९, निर्णय नं. ४५३९, पृष्ठ ४६२) को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्त प्रतिपादन भएको पाइयो। त्यसै गरी अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भइरहेको र बलपूर्वक बयान गराइएको भन्ने समेत पुष्टि हुन नसकेको अवस्थामा प्रमाण योग्य हुने भनी देवेन्द्रप्रसाद केसरीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी इजाजुल मिया समेत भएको (ने.का.प.२०६७, अङ्क ७, निर्णय नं. ८४२१, पृष्ठ १२२६) मुद्दा लगायत अन्य थुप्रै मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिवादीको मौकाको बयानलाई प्रमाणका रूपमा ग्रहण गरेको देखिन्छ। उपरोक्त न्यायिक सिद्धान्तका आधारबाट प्रतिवादीले मौकामा गरेको साबिती बयानलाई अदालतमा आई इन्कार गर्दैमा अधिकार प्राप्त अधिकारी समक्ष गरेको त्यस्तो मौकाको बयान प्रमाण योग्य नहुने भन्न मिल्ने देखिएन। अतः प्रतिवादी जगरनाथ ठाकुर हजामले अधिकार प्राप्त अधिकारी समक्ष मौकामा गरेको साबिती बयान प्रामाणिक मूल्य र मान्यताका दृष्टिकोणले प्रस्तुत मुद्दाका सन्दर्भमा महत्त्वपूर्ण प्रमाण हो भन्न सकिन्छ।

हुन त मानव अधिकारका दृष्टिकोणले हेर्दा आफ्नो विरुद्ध गवाही दिन कसैलाई पनि कर लगाउन मिल्दैन र हरेक प्रतिवादीलाई अभियोग दाबीप्रति चुप लागेर बस्ने (Right to Silence) वा झुठो कुरा पनि बोल्न पाउने अधिकारलाई स्वीकार गरिएको कुरामा दुई मत हुन सक्दैन तथापि जिल्ला न्यायाधिवक्ताको रोहबरमा बयान गर्दा कसुर अपराध गरेकामा साबित भए तापनि अनुसन्धान पश्चात अदालतमा मुद्दा दायर भइसकेपछि जे जसरी भए पनि इन्कारी हुने आम प्रवृत्ति र प्रचलनले हाम्रो विद्यमान न्यायिक पद्धतिप्रति गम्भीर भएर सोच्नु पर्ने परिस्थिति देखिएको यथार्थतालाई यहाँनेर उल्लेख नगरी रहन सकिएन। त्यसैले अब अ.बं. १८८ नं. को प्रयोगले मात्र प्रतिवादीले अदालतमा सत्य साचो बोल्ने कुराको अपेक्षा राख्न

नसकिएको हुँदा अदालतमा अभियुक्तले सत्य साँचो कुरा बोली न्याय सम्पादनमा सहयोग गरेमा निजलाई अभियोजन पक्षबाट नै कम सजायको मागदाबी गर्न सक्ने व्यवस्था Plea bargaining लाई फौजदारी कानुनमा अङ्गीकार गर्न टड्कारो आवश्यक भएको महसुस हुन आएको छ।

जहाँसम्म वादी पक्षका साक्षीहरूले गरेको बकपत्रको सन्दर्भ छ तत्सम्बन्धमा विचार गर्दा जाहेरवाला सुखल ठाकुर हजाम तथा मौकामा कागज गर्ने आशनारायण सिंह, किशोरी ठाकुर, रामसेवक राय यादव समेतले पहिले लेखाएको तथा मौकामा व्यक्त गरेको ब्यहोराभन्दा प्रतिकूल हुने गरी बकपत्र गरेको देखियो। यदि कुनै साक्षीले मौकामा एउटा कुरा र अदालतमा उपस्थित भई अर्को कुरा व्यक्त गर्दछ भने त्यस्तो साक्षीले बोलेको कुरालाई प्रमाणिक महत्त्व दिन सकिँदैन। त्यसै गरी प्रतिवादी पक्षका साक्षीहरू प्रमोद राय यादव, बैजु शर्मा र रेखा राय यादवले व्यक्त गरेको यान्त्रिक शैलीको बकपत्र पनि तथ्यमा आधारित नदेखिएकाले त्यस्तो बकपत्रलाई पनि प्रमाणमा ग्रहण गर्न सकिएन। केही समय यता आएर फौजदारी मुद्दामा जाहेरवाला लगायत वादी पक्षका साक्षीहरूले अदालतमा आएपछि प्रतिकूल बकपत्र गर्ने प्रवृत्ति यदाकदा देखा परेको छ। यो प्रवृत्तिले न्याय सम्पादनमा मौखिक प्रमाणको महत्त्वप्रति गम्भीर आशङ्काको अवस्था देखा परेको स्थिति एकातर्फ छ भने अर्कातर्फ अब फौजदारी न्याय सम्पादनमा पीडकको सम्पत्तिबाट वा राज्यको तर्फबाट पीडित परिवारलाई पनि राहत दिने दिलाउने पक्षबाट सोच्न पनि जरुरी देखिएको छ।

माथिका प्रकरणमा उल्लेख भए अनुसार मिसिल संलग्न सबुत प्रमाण, परिबन्द र परिवेश समेतबाट विचार गर्दा प्रतिवादी रामजी ठाकुर भन्ने जगरनाथ ठाकुर हजामले आफ्नी श्रीमती सुदमिया देवीलाई जबरजस्ती विष खुवाई घाटी थिची मारिसकेपछि कानुन अनुसार हुने दण्ड सजायबाट बच्न आफन्तको मद्दत लिई मृतक लासलाई सोही राती उठाई अमर सिंहको खेतमा लगी जलाई बाँकी शेष भागलाई खाल्डो खनी पुरेको देखिन आएको हुनाले निज प्रतिवादी जगरनाथ ठाकुर हजामलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(२) नं. को कसुरमा सर्वस्व सहित जन्मकैद र मृतक लासलाई दबाउन छिपाउनका मतलबले जलाएर गाडेको समेत देखिँदा निजलाई सोही महलको ४ नं. बमोजिम ६ महिना थप कैदको सजाय समेत हुने ठहर्छ।

अब, अन्य प्रतिवादीहरू रामआधार ठाकुर हजाम, आनन्दी ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजामका हकमा विचार गर्दा निजहरूका हकमा कर्तव्यबाट मारिएकी मृतक सुदमिया देवीको लासलाई दबाउने छिपाउने नियतले लास सद्गत पुर्जी नलिई लास जलाई गाड्ने कार्यमा संलग्न रहेको भन्ने कसुरमा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको ४ नं. बमोजिम सजायको मागदाबी रहेको देखिन्छ। यस अदालतमा बयान गर्दा प्रतिवादी मध्येका वीरेन्द्र ठाकुर हजाम र रामआधार ठाकुर हजामले आफु उक्त लास जलाउन गएको थिएँ भनी स्विकारेको देखियो भने प्र. आनन्दी ठाकुर हजामले आफु सो कार्यमा नगएको भनी लेखाएको पाइयो। प्रतिवादी रामआधार ठाकुरले मौकामा बयान गर्दा उक्त वारदातको राती करिब १२ बजेको समयमा लास जलाएको भनी लेखाएको देखिन्छ। मिसिल संलग्न प्रमाणबाट मृतक सुदमिया देवीको लास जलाउने कार्यमा मृतकका पती प्र. जगरनाथ ठाकुर हजाम सहित प्र. रामआधार ठाकुर हजाम, वीरेन्द्र ठाकुर हजाम र आनन्दी ठाकुर हजाम बाहेक अरू कोही पनि संलग्न रहेको देखिँदैन। साथै सो लास सोही राती करिब १२ बजे घाटमा नभई अमर सिंहको खेतमा लगी जलाएको तथ्य पनि माथिका

प्रकरणहरूमा स्पष्ट भइसकेको छ। यसरी उक्त लास जलाउन आफु गएको थिइन भनी प्र. आनन्दी ठाकुर हजामले भने तापनि प्र. जगरनाथ ठाकुर हजामले गरेको मौकाको बयानको स.ज. १० मा आफु सहित माथि उल्लिखित तिन जना प्रतिवादी भई लासलाई गुन्द्रीमा बेरी साइकलमा राखी पालैपालो डोऱ्याई अमर सिंहको खेतमा लगी टायर, पराल र दाउराले जलाएका हौं भनी लेखाएको पाइयो। निज प्र. जगरनाथ ठाकुर हजामको मौकाको बयानबाट यी तिनै जना प्रतिवादीहरूलाई मृतक सुदमिया देवीको मृत्युबारे थाहा जानकारी भएर पनि उनीहरूले प्रतिवादी जगरनाथ ठाकुर हजामलाई सजायबाट उम्काउने अभिप्रायले सो लास जाँच नगराई गुपचुप रूपमा राती विशेषमा कुनै व्यक्ति विशेषको खेतमा लगी लास जलाई दसी प्रमाण पनि मेटाउनका लागि बाँकी शेष भाग र खरानीलाई पनि खाल्डो खनी पुरेर छाडेको देखिन आयो।

मुलुकी ऐन, ज्यान सम्बन्धी महलको ४ नं. अनुसार अपहत्या वा कर्तव्य गरी मारिएको लासको जाँच नगराई गाड्न, फाल्न वा जलाउन हुँदैन। त्यसो गरेमा कसुरदारलाई रू. १०।– जरिवाना हुने व्यवस्था छ भने लास जाँच नहुँदै दबाउनका मतलबले जलाउने, फाल्ने वा गाड्नेलाई अरू कानुनले हुने सजायमा छ महिना थपी कैद गर्नु पर्ने उल्लेख छ। यस प्रावधानबाट उक्त ४ नम्बरले पुर्जी नलिई लास गाड्ने फाल्ने तथा कसुर दबाउनका मतलबले लास गाड्ने, जलाउने, फाल्ने गरी दुई छुट्टाछुट्टै कसुरमा फरक फरक सजायको व्यवस्था गरेको देखिन्छ। माथि उल्लेख भए अनुसार प्रतिवादीहरू रामआधार ठाकुर हजाम, आनन्दी ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजामले उल्लिखित दुबै कसुर गरेका हुनाले निजहरूलाई सोही ४ नं. बमोजिम जनही रू. १०।– जरिवाना र ६ महिना कैदको सजाय समेत हुने ठहर्छ।

प्रस्तुत मुद्दामा प्रतिवादी जगरनाथ ठाकुर हजामको हकमा सर्वस्व सहित जन्मकैद समेतको सजाय भएको हुनाले निजको हकमा अ.बं. १८६ नं. बमोजिम साधक जाहेर गर्ने गरी यो फैसला गरिदिएको छ। अरू कुरामा तपसिल बमोजिम गर्नु।

## तपसिल

१. माथी ठहर खण्डमा उल्लेख भए अनुसार प्रतिवादी रामजी ठाकुर भन्ने जगरनाथ ठाकुर हजामलाई सर्वस्व सहित जन्म–कैद थप ६ महिना कैदको सजाय हुने भएतापनि मुलुकी ऐन दण्ड सजायको ८ नं. बमोजिम सर्वस्व सहित जन्म–कैदमा सजाय भएपछि सानो सजाय हुने खत नखपिने हुनाले निजलाई जन्मकैदको सजाय भन्दा बढी सजाय हुने अवस्था देखिएन। निज प्रतिवादी मिति २०७०।१०।१५ देखी पक्राउ परी थुनामा रहेको देखिँदा सोही मिति देखी कैद कट्टा हुने गरी जन्मकैदको लगत कसी कैद ठेकी पठाउनू।

२. प्रतिवादी जगरनाथ ठाकुर हजामको सम्पत्ति सर्वस्व हुने ठहरेकाले मुद्दाको अन्तिम किनारा लागेपछि कानुन बमोजिम निजको श्रीसम्पत्ति जायजात गरी अंश भागमा पर्ने सम्पत्ति सर्वस्व गर्नू।

३. प्रतिवादीहरू रामआधार ठाकुर हजाम, आनन्दी ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजामलाई जनही दस रुपैया र जरिवाना सहित ६ महिना कैदको सजाय हुने ठहरेकाले मुद्दाको अन्तिम किनारा लागेपछि उक्त कैदको सजाय असुल उपर भए पश्चात निजहरूले थुनछेकको सिलसिलामा राखेको धरौटीबाट

लागेको जरिवाना कट्टा गरी बाँकी रू.४४९०।– फिर्ता पाउँ निज प्रतिवादीले ऐनका म्यादभित्र माग गरे उक्त रकम निजहरूलाई फिर्ता दिनू।

४. प्रस्तुत मुद्दामा प्रतिवादी जगरनाथ ठाकुरको हकमा साधक जाहेर हुने भएकाले पुनरावेदन परे सोही रूपबाट र पुनरावेदन नपरे सो को म्याद नाघेपछि साधक सदरका निम्ति मिसिल पुनरावेदन अदालत, हेटौंडामा पठाइदिनू।

५. प्रस्तुत फैसलामा नेपालको फौजदारी कानुनमा Plea bargaining को व्यवस्था र पीडितलाई राहत दिने सम्बन्धमा उपयुक्त व्यवस्था गर्न आवश्यक देखिएको सन्दर्भलाई औंल्याइएको देखिँदा उक्त फैसलाको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय र कानुन तथा न्याय मन्त्रालयमा पठाइदिनू।

६. यो फैसलामा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, हेटौंडामा पुनरावेदन गर्नु भनी प्रतिवादीहरू जगरनाथ ठाकुर हजाम, रामआधार ठाकुर हजाम, आनन्दी ठाकुर हजाम र वीरेन्द्र ठाकुर हजामलाई पुनरावेदनको म्याद दिनू।

७. यो फैसलाको जनाउ जिल्ला सरकारी वकिल कार्यालय रौतहट, गौरलाई दिनू। सरोकारवालाले नक्कल माग गरे कानुन बमोजिमको दस्तुर लिई नक्कल सारी सराइदिनू।

८. प्रस्तुत मुद्दा दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

जिल्ला न्यायाधीश

फैसला तयार गर्ने : ना.सु.रामनिवासप्रसाद यादव।
फैसाल टाईप गर्ने : जे.के. राना।

**इति सम्वत् २०७१ साल जेष्ठ २९ गते रोज ५ शुभम् ................।**

श्री अर्घाखाँची जिल्ला अदालत
इजलास
जिल्ला न्यायाधीश ब्रजेश प्याकुरेल
फैसला
मुद्दा नं.०७०-**CR**-००३४ (र.नं. ६४-०७०-००१८२)
निर्णय नं. १३४

*मुद्दा : कर्तव्य ज्यान।*

| वादी | प्रतिवादी |
| --- | --- |
| जिल्ला अर्घाखाँची पोखराथोक गा.वि.स. वडा नं.३ बस्ने वर्ष ३३ को रमनाथ गैरे समेतको जाहेरीले नेपाल......................................................१ | जिल्ला अर्घाखाची पोखराथोक गा.वि.स. वडा नं. ३ रयले बस्ने लालमणि भट्टराईको छोरा वर्ष ३६ को नारायण..........................................................१<br>जिल्ला अर्घाखाची पोखराथोक गा.वि.स. वडा नं. ३ रयले बस्ने भुवनेश्वर गैरेकी श्रीमती वर्ष २२ की अम्बिका......................................................१ |
| **साक्षी** | **साक्षी** |
| जाहेरवालाहरू रमनाथ गैरे र रुद्रप्रसाद गैरे। घटना विवरणका प्रदीप गैरे, महेश वि.क., अम्बिका गैरे, मेघनाथ गैरे, गुणनिधि गैरे, जमुना गैरे, कमला गैरे र देवीप्रसाद गैरे तथा वस्तुस्थिति मुचुल्काका ज्ञानेश्वर गैरे, ओमकला गैरे, परशुराम गैरे, तिलकराम गैरे र रामबहादुर परियार। | भीमार्जुन गौतम, दीपक बन्जाडे, नवनारायण बेल्बासे, शेषकान्त घिमिरे, जीवनारायण भट्टराई, जमुना गैरे। |

**कागज**
×
**प्रतिवादी**

**कागज**
×
**अदालतबाट बुझेको**

**साक्षी**

जाहेरवालाहरू रमनाथ गैरे र रुद्रप्रसाद गैरे घटना विवरणका प्रदीप गैरे, गुणनिधि गैरे र देवीप्रसाद गैरे तथा वस्तुस्थिति मुचुल्काका ओमकला गैरे, परशुराम गैरे प्रतिवादी नारायण भट्टराईका साक्षी दीपक बन्जाडे, नवनारायण बेल्बासे र यस अदालतका आदेशानुसार बुझिएका जिल्ला स्वास्थ्य

कार्यालय अर्घाखाँचीका जिल्ला स्वास्थ्य प्रमुख डा. जगन्नाथ तिवारी, डा. नवीन दर्नाल, डा. हरिप्रसाद पन्थी।

**कागज**

जिल्ला सरकारी वकिल कार्यालय अर्घाखाँचीको च.नं. ६९ मिति २०७१।०५।१३ को पत्र मार्फत प्राप्त भएको केन्द्रिय विधि विज्ञान प्रयोगशाला काठमाडौंको भिसेरा परीक्षण प्रतिवेदन।

**उपस्थित विद्वान कानुन व्यवसायीहरू**

**वादी नेपाल सरकार तर्फबाट** : जिल्ला न्यायाधिवक्ता विदुर कार्की

**जाहेरवाला तर्फबाट** : अधिवक्ता विनोद गौतम

**प्रतिवादीहरू तर्फबाट** : अधिवक्ताहरू बाबुराम, पाण्डे डा. बुद्धबहादुर थापा, के.बी. भुसाल, टीका भुसाल

**प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ।**

१. हामीहरू ७ दाजुभाइ सबै छुट्टिभिन्न भई रोजगारका लागि घर बाहिर रहेका अवस्थामा आमा समेत परलोक हुनु भएको हुँदा राइँलो दाजु भुवनेश्वर र बुबा इन्द्रमणि सगोलमा नै बस्दै आएका थिए। दाजु भुवनेश्वर रोजगारका लागि विदेशतर्फ रहेका अवस्थामा भाउजू अम्बिका गैरेको जिल्ला अर्घाखाँची पोखराथोक गा.वि.स. वडा नं. ३ बस्ने वर्ष ३६ को नारायण भट्टराईसँग अनुचित यौन सम्बन्ध रहेको बुबा इन्द्रमणि गैरेले थाहा पाई यस्तो नगर भनी बुहारीलाई सम्झाउँदा उल्टै भाउजूले बुबालाई गाली गरी बुबा सहन बस्न नसकी घर छोडी जानु भई गुल्मी जिल्लाको रिडी स्थितमा पूजामा घरपरिवार भेट भएको बखत उक्त कुरा बताउनु भएको थियो। पुनः मिति २०७१।०२।०५ गते आफ्नो घरमा आई कसैलाई नभनी आफु सुत्ने कोठामा बस्नु भएका अवस्थामा बेलुका नारायण भट्टराई समेत घरमा आएका बखत भाउजू अम्बिका र नारायण एकआपसमा कुरा गर्दा, त्यो बुढो आयो भने मैले बाँकी राख्दैन। तिमीलाई मैले हेर विचार गरिहाल्छु, नडराउ भनेपछि बुबा कोठाबाट बाहिर निस्कँदा बुबा र नारायण भट्टराई बिच भनाभन भई झगडा हुँदा गाउँका मानिसहरू समेत जम्मा भई झगडा नगर भोलि छलफल गरौंला भनी सबै आआफ्नो घरतर्फ गएकामा भाउजू अम्बिका पनि आफ्नो घरमा नसुती केटाकेटी लिई भाउजू जमुना गैरेको घरमा गई सुतेकामा नारायण भट्टराईले भाउजूसँगको अनुचित यौन सम्बन्ध लुकाउनका लागि भोलिपल्ट बिहानै बुबालाई कुटपिट गरी कर्तव्य गरी मारी घर नजिकैको रूखमा झुन्ड्याइएका अवस्थामा शव फेला परेको हुँदा कानुन बमोजिम गरिपाउँ भन्ने समेत ब्यहोराको रमानाथ गैरे तथा रुद्रप्रसाद गैरे समेतको जाहेरी दरखास्त।

२. प्रस्तुत वारदात सम्बन्धमा तयार भएको घटना स्थल एवं लास जाँच मुचुल्का हेर्दा मृतक इन्द्रमणि गैरे आफ्नै घरदेखि दक्षिणतर्फ रहेको भूपबहादुर वि.क.को बाँझो जमिनमा रहेको चिप्ले जातको पश्चिमतर्फ झुकेको रूखको हाँगोमा बाबियाको डोरीको पासो लगाई पूर्व मोहडा गरी झुन्डिएका

अवस्थामा रहेको, खुट्टा खुम्चिई भुइँमा टेकेका अवस्थामा रहेको, मृतक झुन्डिएको हाँगादेखि भुइँ खुट्टासम्मको दुरी ६ फिट २ इन्च रहेको, मृतकले टेकेको भुइँ देखि ६ फिट उत्तरमा हाथी लेखेको प्लाष्टिकको पुरानो १ जोर चप्पल रहेको जसमा दायाँ चप्पल घोप्टो र बायाँ खुट्टाको चप्पल उत्तानो अवस्थामा रहेको, मृतक झुन्डिएको स्थानबाट निजको घरको दुरी २१ फिट रहेको देखिन्छ। मृतकको घर र झुन्डिएको स्थान बिचको घटना स्थल वरपर विभिन्न स्थानमा रगतका टाटाहरू रहेको र मृतक झुन्डिएको स्थानदेखि ५ फिटको दुरीमा भुइँ मडारिएका अवस्थामा रहको भन्ने देखिन्छ। मृत शवको पासो काटी भुइँमा पल्टाई हेर्दा मृतकको अनुहारमा रगत लतपतिएको, दुबै आँखा बन्द रहेको, नाकबाट रगत बगी सुकेको र नाकको डँडालीमा विभिन्न ठाउँमा दधारेको, मृतकले जिब्रो टोकेको भन्ने देखिन्छ। मृतकको घाँटी दायाँ कानमुनि पासोको गाँठो परेको, घाँटीमा U आकारको डाम र छाम्दा कडा भन्ने उल्लेख भएको, छातीमा रगत बगी सुकेको साथै मलद्वारबाट दिसा निस्केको, हातको मुट्ठी बन्द अवस्थामा रहेको भन्ने मुख्य ब्यहोरा देखिन्छ।

३. मिति २०७१।०२।०५ गते बेलुका ८ बजेतिर म र नारायण भट्टराई आआफ्नो घरतर्फ आउने क्रममा बाटोमा पर्ने अम्बिका गैरेको घर आँगनको बाटो हुँदै जाँदा निज अम्बिकाले ढोका लगाई भान्सामा बसेको देखी किन यति चाँडै ढोका लगाएको भनी सोध्दा ससुरा आउँदैछन् रे आएर झैझगडा कुटपिट गर्लान् भनी ढोका लगाएकी भन्नु भयो। घरमाथिको एकजना केटाले हजुरबुबा घरमा आउनु भएको मैले देखि कुन बेला आउनु भयो भनी सोध्दा चुप लाग भनी हातले इशारा गरेको भनी बताएको, अम्बिकाले अब ससुराले मार्छन् भनी नारायणसँग कुरा हुँदा मृतक आफ्नो कोठाबाट बाहिर निस्की चिच्याउन कराउन थाल्दा करिब आधा घन्टा प्रतिवादी नारायण भट्टराई र इन्द्रमणिका बिचमा वादविवाद भई इन्द्रमणिले बुहारी अम्बिका र नारायण बिच ३/४ पटक यौन सम्बन्ध भएको आफुले देखी सहन नसकी छोराहरूकामा गएको भनी बताएपछि वातावरण कोलाहलपूर्ण भयो र छरछिमेकी जम्मा भए। भनाभनकै क्रममा नारायण भट्टराईले जे जस्तो परिस्थिति आए पनि तिमीलाई साथ दिने म छँदै छु नि भनी अम्बिका रोई बसेका अवस्थामा गाउँलेहरूको अगाडि भनेका थिए। म करिब ९ बजेतिर आफ्नो घरमा गएँ। भोलि बिहान छलफल गर्ने गरी सबै आफ्नो घरमा गए। नारायण भट्टराई पनि आफ्नो घर गएछन्। सबै भाइछोरा बसी छलफल गर्ने सल्लाह भएकामा मिति ६ गते बिहानै आफ्नै घर नजिकै इन्द्रमणि गैरेलाई झुन्डी मृत अवस्थामा शव फेला पारेको हो। घटना हेर्दा कर्तव्यबाट मारे मराएको देखिएको हो भन्ने समेत ब्यहोराको प्रदीप गैरेको घटना विवरण कागज।

४. मृतक इन्द्रमणि गैरेको शव परीक्षण प्रतिवेदनमा आन्तरिक र बाह्य अवस्था हेर्दा Rigor-mortis fully developed, post-mortem stain present on back of body, hand, foot, tongue bite present, fecal incontinence & seminal discharge present. Ligature mark: Blackish brown peptized skin, ligature mark present above thyroid cartilage, knot mark present on right side having 13cm length & 2cm width gap of about 3cm present on right side below right ear. Bleeding from both nostrils blackish blue bruise over tip of nose. भन्ने

उल्लेख भएको र मृत्युको कारणमा Hanging until and otherwise proved by viscera report भन्ने उल्लेख भएको।

५. मिति २०७१।०२।०५ गते बेलुका म ठुला बुबाको घरतर्फ जाँदा इन्द्रमणि गैरेलाई घरतर्फ आउँदै गरेका अवस्थामा बाटोमा देखी बुबा कहाँबाट आउनु भयो भनी सोध्दा केही नबोल बाबु भन्दै आउनु भएको थियो। म निज ठुला बुबाकै घरमा आउँदा अम्बिका गैरेको घरमा नारायण भट्टराई र प्रदीप गैरे आई बसेका रहेछन्। निजहरूले एक आपसमा के के कुरा गरे थाहा भएन। मैले अम्बिका आन्टीसँग ठुला बुबा आएको भनी बताउँदा विश्वास गर्नु भएन। केही छिनपछि निज ठुला बुबा इन्द्रमणि आफ्नो कोठाबाट निस्किँदै कराउन थालेपछि नारायण भट्टराईले बुबा प्रमाण पुऱ्याएर बोल्नुस्, नत्र ठिक हुँदैन भनी भन्नु भयो। उक्त समयमा मैले मेरो मोबाइलबाट झगडाको रेकर्ड गरेको हुँ। झगडामा उपस्थित भएका गाउँलेहरूले भोलि बिहान छलफल गरौँला भनी झगडा शान्त बनाई आआफ्नो घर गए, म पनि घर गएको हुँ। भोलिपल्ट बिहान उठ्दा इन्द्रमणि गैरे घरको साइडमा रहेको फोर्साको रूखमा पटुवाको डोरीले घाँटीमा पासो लगाई झुन्डिएका अवस्थामा देखेको हुँ। घटना स्थलको प्रकृति हेर्दा निजलाई कर्तव्य गरी मारी झुन्डाएएको हुनु पर्दछ। को कसले गऱ्यो थाहा भएन भन्ने समेत ब्यहोराको महेश वि.क.को घटना विवरण कागज।

६. पति रोजगारका लागि परदेश जानु भएको हुँदा घरमा म नाबालक बच्चा लिएर ससुरा इन्द्रमणि गैरेसँगै बस्दै आएकी थिएँ। गाउँमा रहँदा बस्दा गाउँकै नारायण भट्टराईसँग चिनजान भई सम्बन्ध नजिकिँदै गयो। निजको किराना पसल समेत रहेकाले घरमा आवश्यक सामान निजै नारायणको पसलबाट ल्याउने गर्दथेँ। हामी दुई बिचको सम्बन्ध गाढा हुँदै गएपछि निजले मसँग यौन सम्बन्ध राख्ने प्रस्ताव राखेकामा पहिला मैले इन्कार गरे पनि पछि दुबैको सहमतिमा ३/४ पटक यौन सम्बन्ध राखेपछि ससुरा इन्द्रमणि गैरेले मलाई शङ्कापूर्ण तरिकाले हेरिरहनु भएको थियो। एकदिन ससुरा इन्द्रमणि गैरेले मलाई शङ्कापूर्ण तरिकाले प्रश्न गर्दा मैले इन्कार गरिदिएको थिएँ। त्यसको भोलिपल्ट एक्कासि बुबा घरबाट केही नभनी हिँडेपछि खोजतलास गर्दा कान्छा छोराको घर डेरामा कोहलपुर जानु भएको रहेछ। सो कुरा नारायण भट्टराईलाई थाहा थियो। २०७१।२।४ गते कोहलपुरबाट रुद्र देवरको घरकोठामा जान भनी ससुरा आएको र एकपटक घर पसेर जाने भनी घरमा आउँदै छन् भन्ने थाहा पाएको थिएँ। जेठ ५ गते बेलुका घरको ढोका बन्द गरी म खाना बनाउँदै गरेका अवस्थामा नारायण भट्टराई र प्रदीप गैरे आई किन ढोका बन्द लगाई बसेको भनी सोध्दा मैले ससुरा आउँदै छन् रे, पहिले पनि झगडा गरी गएका आज पनि केही गर्लान् भनी बन्द गरेको भनी भन्दा नारायणले बुढो आएर हाम्रो सम्बन्धको कुरा गरी केही भनेमा मारिदिन्छु भन्दा ससुरा एक्कासि कोठाबाट कराउँदै बाहिर निस्किन थाल्दा ससुरा इन्द्रमणि र नारायण बिच कडा शब्दमा भनाभन भएको हो। लामो समय झगडा हुँदा मानिसहरू समेत जम्मा भए। ससुराले मेरो र नारायण भट्टराई बिच शारीरिक सम्बन्ध रहेको भनी कुरा उठाउँदा उपस्थित छिमेकीहरूले भोलि बिहान छलफल गर्ने गरी विवाद समाधान गरेका थिए। ससुरासँग विवाद भएपछि म जेठानीको

घरमा गई बसें। रातभर ससुरा मात्रै घरमा थिए। भोलिपल्ट बिहान ससुरालाई छिमेकीहरूले रगताम्य भई घर नजिकैको रूखमा झुन्डिएका अवस्थामा शव फेला पारेका हुन्। वारदात हुनुभन्दा अगाडि निज नारायणले तिमी नडराईकन बस भनी मलाई आश्वासन समेत दिएका थिए। हामी बिचको यौन सम्बन्ध लुकाउनका लागि निजै नारायणले उक्त घटना घटाएका हुन् भन्ने समेत ब्यहोराको अम्बिका गैरेको घटना विवरण कागज।

७. अम्बिका गैरेको श्रीमान परदेशमा गएका हुँदा हामी दुबै जनाको सहमतिमा ३/४ पटक शारीरिक सम्बन्ध राख्दै आएका थियौं। हामी दुबैको सम्बन्ध बढ्न थालेपछि अम्बिकाका ससुरा इन्द्रमणि गैरेले शङ्का गरी चैत्र महिनामा घर छोडी अन्य छोराहरूकामा गएका अवस्थामा इन्द्रमणि गैरेले मेरो र अम्बिकाको बिचमा शारीरिक सम्बन्ध रहेको अवस्था देखी सहन नसकी घर छाडी हिँडेको भनी बताएका रहेछन्। सो कुरा अम्बिकाले मलाई भनेकी थिइन्। जेष्ठ ५ गते दिउसो नै अम्बिकाले ससुरा आउदै छन् भनी बताएकी थिइन्। बेलुका म र प्रदीप गैरे अम्बिकाको घरको बाटो हुँदै आफ्नो घरतर्फ जाँदै गर्दा ढोका लगाएर बसेका अवस्थामा देखी किन ढोका लगाएको भनी सोध्दा ससुरा आउँदै छन् रे, आएर कुटपिट गर्लान् भनी डरले ढोका लगाएको भन्दा बुढाले केही गरे हामी छौं भन्दै गर्दा बुढा इन्द्रमणि गैरे कोठाबाट निस्की कराउँदा मेरो र इन्द्रमणिका बिचमा भनाभन भएको हो। निजले मेरो र बुहारी अम्बिकाका बिचमा शारीरिक सम्बन्ध रहेको भनी बताएपछि छिमेकीहरूले भोलि बिहान बसी छलफल गर्ने गरी झगडा साम्य पारेका हुन्। अम्बिका गैरे आँगनको छेउमा बसी रोइरहेका अवस्थामा मैले किन यसरी रोएकी ? रुनु पर्दैन यसको छिनोफानो भोलि हुन्छ भनी भनेको थिएँ। इन्द्रमणिलाई कोही कसैले कर्तव्य गरी मारे मराएकामा मलाई विश्वास लाग्छ। निजको कसैसँग झैझगडा रिसइवी समेत भएको मलाई थाहा छैन भन्ने समेत ब्यहोराको प्रतिवादी नारायण भट्टराइले अनुसन्धानका क्रममा गरेको बयान।

८. प्रतिवादी नारायण भट्टराईसँग मेरो पटक पटक यौन सम्पर्क भएको हो। मिति २०७१।०२।५ गतेको १/२ महिना अगाडि समेत मृतक ससुरासँग यौन सम्पर्कको विषयमा झैझगडा भएको हो। जेठ ५ गते ससुरा घरमा आउने कुरा प्रतिवादी नारायण भट्टराईलाई जानकारी गराएकी थिएँ। नारायण भट्टराई साँझ घर आएपछि ससुरासँग भनाभन भएको हो। ससुरामाथि नारायण जाइलाग्दा समेत म मौन बसें। उक्त रात बुढा ससुरालाई एक्लै घरमा छोडेर बाहिर जेठानी दिदी कहाँ गई बसेकी हुँ। नारायणकै कर्तव्यबाट ससुरा इन्द्रमणिको मृत्यु भएकामा विश्वास लाग्छ भन्ने समेत ब्यहोराको प्रतिवादी अम्बिका गैरेले अनुसन्धानका क्रममा गरेको बयान।

९. आफ्नी बुहारी अम्बिकासँग बस्दै आएका हजुरबुबा इन्द्रमणि गैरे एक्कासि चैत्र महिनाको पहिलो हप्तातिर घर छोडी कोहलपुर स्थित कान्छा छोराको डेराकोठामा जानु भई केहीपछि रिडीमा बस्ने रुद्र अंकलको पूजामा हामी जाँदा हजुरबुबा समेत आउनु भएको थियो। किन घर छोडी हिँड्नु भएको भनी सोध्दा अम्बिका गैरे र नारायण भट्टराईको बिचमा यौन सम्बन्ध राखेको देखी बुहारीलाई सम्झाउँदा उल्टै दुर्व्यवहार गरेकीले घर छोडी हिँडेको भनी बताउनु भएको थियो। यस्तैमा जेष्ठ ५ गते बेलुका ५ बजेतिर हजुरबुबा हाम्रो घरमा आउनु भई भलाकुसारी गरी आफ्नो घरतर्फ जानु

भएको र बेलुका ८ बजेतिर जाहेरवाला रुद्र अंकलले हजुरबुबाले घरमा झगडा गर्नु भएको छ रे, तिमी घरमा गई बुझ भनी मलाई फोन गरी बताउनु भएको हो। हजुरबुबा इन्द्रमणिले अम्बिका र नारायणका बिचमा यौन सम्बन्ध रहेको भनी खुलासा गर्नु भएपछि नारायण भट्टराई र इन्द्रमणि बिचमा झगडा भएको हो। छिमेकीहरूले भोलि बिहान बसी छलफल गरौंला भनी विवाद मिलाएका रहेछन्। त्यसपछि म माइली काकी मनकला गैरे र गुणनिधि गैरेको घरमा गई किन झगडा भएछ, अब के गर्ने भनी सल्लाह गर्दा अम्बिका गैरे पनि उक्त घरमा बस्दिनँ भनी उक्त रात जमुना काकीकामा गई बसेकी हुँदा गुणनिधि अंकलले मलाई हजुरबुबा इन्द्रमणि गैरे एक्लै घरमा छन्, तँ निज बुबासँग सुत्, भोलि बिहान छलफल गरौंला भनी पठाउनु भएकामा हजुरबुबाको घरमा राती करिब १० बजेतिर जाँदा बुबा सुतिसक्नु भएको रहेछ। सबै ढोका बन्द भएपछि मैले चिच्याई बोलाउँदा हजुरबुबाले म सुतिसकें, तँ आफ्नो घरमा जा, भोलि बिहानै झरेस् भन्नु भयो। रुद्र अंकल पनि आउँछु भन्नु भएको थियो। ढोका खोल्नु भएन। मैले गुणनिधि अंकल र जमुना काकीलाई सो कुरा बताई म आफ्नो घरमा गएको हुँ। भोलिपल्ट बिहानै इन्द्रमणिलाई झुन्डयाएका अवस्थामा शव फेला परेको हुँदा नारायण भट्टराईले आफ्नो बेइज्जत हुन्छ भन्ने ठानी कुटपिट गरी कर्तव्य गरी हजुरबुबा इन्द्रमणिलाई झुन्डयाई मारेका हुन् भन्ने समेत ब्यहोराको मेघनाथ गैरेको घटना विवरण कागज।

१०. मृतक मेरो कान्छो बुबा आफ्नो राइँलो छोरा बुहारीसँग बस्दै आएकामा राइँलो छोरा परदेश गएकाले घरमा ससुरा र बुहारी मात्रै बस्दै आएका थिए। गाउँघरमा केही समयपछि अम्बिका र गाउँकै नारायण भट्टराई बिच भेटघाट सम्पर्क कायम हुँदै गई शारीरिक सम्बन्ध रहेको हल्ला समेत सुनिन्थ्यो। सो सम्बन्धका बारेमा थाहा पाई बुहारी अम्बिकासँग कुरा गर्दा बुहारीले दुर्व्यवहार गरेको भनी कान्छो बुबा घर छाडी गएका र अन्य छोराहरूको घरकोठामा बसी यही जेष्ठ ५ गते बेलुका घरमा आउनु भएको थियो। बुबा घरमा आउँदा सोही समयमा नारायण भट्टराई पनि आई नारायण भट्टराई र अम्बिका बिच कुरा हुँदा अम्बिकाले ससुरा आउँदैछन् रे भनी बताएकी र नारायणले बुढो आई झगडा गरे भने घाँटी च्यापी मारिदिन्छु भनेको सुनी कान्छा बुबा आफ्नो कोठाबाट बाहिर निस्कँदा नारायण भट्टराईसँग भनाभन भई झगडा हुँदा अम्बिकाले गुहार लगाउँदा हामी छिमेकी समेत जम्मा भएका अवस्थामा नारायणले अम्बिका रोइराखेको स्थानमा गई किन रुन्छ्यौ, केही परेमा म छँदै छु नि भनी बताएका अवस्थामा विवाद चर्कन्छ भनी भोलि आपसमा बसी छलफल गर्ने गरी झगडा साम्य पारेका थियौं। झगडापछि नारायण भट्टराई र मेरो घर जाने बाटो एउटै भएकाले सँगै जाँदा नारायण भट्टराईले गल्ती भइहाल्यो, हजुरसँग भन्न सकिएन बिहान मिलाइदिनु पऱ्यो भनी भनेका थिए। भोलिपल्ट बिहानै बुहारी कमला चिच्याउँदै मलाई बोलाएपछि के भएछ भनी बुझ्दा आफ्नै घर नजिकै बुबा इन्द्रमणि गैरेलाई कर्तव्य गरी झुन्डयाइदिएका रहेछन्। अम्बिका गैरेसँगको यौन सम्बन्ध लुकाउन राती नै नारायण भट्टराईले इन्द्रमणिलाई कर्तव्य गरी झुन्डयाई मारेका हुन् भन्ने समेत ब्यहोराको गुणनिधि गैरेको घटना विवरण कागज।

११. बुहारी अम्बिकासँग बस्दै आएको ससुरा एक्कासि घर छोडी जानु भएकामा किन एक्कासि घर छाडी हिँड्नु भएको भनी इन्द्रमणिलाई सोध्दा बुहारी अम्बिका र नारायण भट्टराई बिच यौन सम्बन्ध रहेको थाहा पाई सहन नसकी हिँडेको भनी बताएपछि गाउँका अन्य मानिसहरूले पनि निजहरूको बिचमा यौन सम्बन्ध रहेको थाहा पाएका थिए। जेष्ठ ४ गते कोहलपुरबाट रिडी जान भनी हिँडेका ससुरा ५ गते घरमा आई कोठामा बस्नु भएछ। बेलुका ८ बजेतिर नारायण भट्टराई र अम्बिका बिच कुराकानीकै क्रममा नारायणले तिम्रो ससुराले हाम्रो यौन सम्बन्धका बारेमा कुरा गऱ्यो भने मैले बुढालाई मार्छु भन्दा नारायण भट्टराई र ससुरा इन्द्रमणि गैरे बिच भनाभन भई झगडा भएका अवस्थामा अम्बिका रुँदै गर्दा नरोउ फिल्डमा लड्नु परे म छँदै छु भनी नारायणले भनेका थिए। गाउँलेहरूले भोलि बिहान छलछल गर्ने गरी मिलाएकामा राती नै इन्द्रमणिको हत्या भएको हुँदा अम्बिका गैरेसँगको यौन सम्बन्ध लुकाउन निजै नारायण भट्टराईले ससुरालाई कर्तव्य गरी झुन्ड्याई मारेको हुनु पर्दछ भन्ने समेत ब्यहोराको जमुना गैरे र कमला गैरेले गरेको घटना विवरण कागज।

१२. मेरो कान्छो बुबा इन्द्रमणि आफ्नी राईली बुहारीसँग बस्दै आएकामा बुहारी अम्बिका र गाउकै नारायण भट्टराई बिच शारीरिक सम्बन्ध रहेको थाहा पाई कुरा गर्दा बुहारी अम्बिकाले दुर्व्यवहार गरेका कारण बुबा घर छाडी अन्यत्र छोराहरूकामा गई बस्नु भएको थियो। यता नारायण र अम्बिका बिच भेटघाट भई नै रहेको थियो। यस्तैमा मिति २०७१ साल जेठ ५ गते बेलुका निज इन्द्रमणि गैरे आफ्नो घरमा आई बस्नु भएको रहेछ। सोही समयमा नारायण भट्टराई सोही घरमा आई अम्बिकासँग कुराकानी गर्दा कुराकानीकै क्रममा बुढो आई झगडा गरे भने घाँटी च्यापी मारिदिन्छु भनेको सुनी कान्छो बुबा घरबाट निस्की कराएको र नारायणसँग भनाभन भई झगडा हुँदा हामी छिमेकी समेत जम्मा भएका अवस्थामा नारायणले यी बुढाले ज्यादै गर्न लागे, यिनलाई घोक्रो च्यापी मार्छु भनेको हामीहरूले सुनी त्यस्तो के बोलेको भनी निजलाई हप्कायौं। भोलिपल्ट बिहान सबै आपसमा बसी छलफल गरौंला भनी म, गुणनिधि र नारायण एउटै बाटो घरतर्फ जाने भएकाले उक्त घरदेखि केही तल झरेपछि नारायणले गल्ती भइहाल्यो, हजुरहरूसँग भन्न सकिएन, भोलि बिहान मिलाइदिनु पऱ्यो भनेको हुँदा ठिकै छ भोलि छलफल गरौंला भनी म आफ्नो घरतर्फ लागें। राती करिब २ बजेतिर म पिसाब गर्न घर बाहिर निस्की शौचालयतर्फ जाँदा उक्त इन्द्रमणि गैरेको घरतर्फ मानिस खोकेको, बोलेको, हिँडेको जस्तो सऱ्याक सुरुक आवाज समेत आएको सुनेको थिएँ। उक्त घर नजिकै वि.क.हरूको घर रहेकाले निजैहरू कोही होलान् भन्ने सोची बसें। भोलिपल्ट बिहानै कान्छो बुबा इन्द्रमणिलाई झुन्ड्याइएका अवस्थामा शव देखेको हुँदा अम्बिका गैरेसँगको यौन सम्बन्ध लुकाउन राती नै नारायण भट्टराईले कर्तव्य गरी मारे मराएका हुन् भन्ने समेत ब्यहोराको देवीप्रसाद गैरेको घटना विवरण कागज।

१३. मिति २०७१।०२।०५ गते बेलुका नारायण भट्टराई र अम्बिकाका बिचमा अबैध यौन सम्बन्ध रहेको भनी इन्द्रमणि गैरे र नारायण भट्टराईका बिचमा करिब आधा घन्टा भनाभन भई झगडा भएको थियो। उपस्थित गाउँलेहरूले भोलि बिहान छलफल गर्ने गरी मिलाएका अवस्थामा निज नारायणले बुढोलाई मार्छु भनी रिसइवी राखी अम्बिका गैरेसँग यौन सम्बन्ध लुकाउन सोही राती नै

कर्तव्य गरी इन्द्रमणिलाई झुन्ड्याई मारे मराएका हुन् भन्ने समेत ब्यहोराको ज्ञानेश्वर गैरे, ओमकला गैरे, पर्शुराम गैरे, तिलकराम गैरे र रामबहादुर परियार समेतले एकै मिलानमा खुलाई लेखाइदिएको वस्तुस्थिति मुचुल्काको कागज।

१४. यसमा मिसिल संलग्न लास जाँच प्रकृति मुचुल्का, जाहेरी दरखास्त, प्रतिवादीहरूको बयान, शव परीक्षण प्रतिवेदन, घटना स्थल एवं लास जाँच प्रकृति मुचुल्का र सो मुचुल्का साथ उठान गरिएका मृतकका फोटाहरू (तस्वीरहरू), मौकामा बुझिएका मानिसहरूले खुलाई लेखाइदिएका घटना विवरण कागज, वस्तुस्थिति मुचुल्का, प्रतिवादीहरूको पोलिग्राफ परीक्षण प्रतिवेदन एवं सो शव परीक्षण प्रतिवेदनको थप पुष्टयाइँ सहितको पत्र समेतका मिसिल संलग्न सबुत प्रमाणहरूबाट मिति २०७१।२।५ गते बेलुका मृतकसँग झैझगडा गरी रिसइवी राखेका प्रतिवादीहरू नारायण भट्टराई र अम्बिका गैरेले उनीहरू (आफुहरू) बिचको अवैध शारीरिक सम्बन्ध लुकाउन छिपाउनका लागि सोही राती वर्ष ७७ का इन्द्रमणि गैरेलाई कर्तव्य गरी झुन्ड्याई मारे मराएको वारदात स्थापित हुन आएको देखिँदा प्रतिवादीहरू मध्ये नारायण भट्टराईको कसुर हेर्दा निज प्रतिवादीले मृतकको बुहारीसँग लामो समयदेखि अवैध रूपमा यौन सम्बन्ध राख्दै आएको खुलासा भएपछि सामाजिक रूपमा आफ्नो इज्जत प्रतिष्ठा जोगाउन मिति २०७१।२।५ गते राती नै इन्द्रमणि गैरेको घर कम्पाउन्डभित्र कुटपिट गरी अचेत बनाई झुन्डाई कर्तव्य गरी मारे मराएको पुष्टि हुन आएको हुँदा प्रतिवादी नारायण भट्टराईको कसुर मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ र १३ (३) नं. बमोजिमको कसुर अपराध भए गरेको देखिँदा निज प्रतिवादी नारायण भट्टराईलाई ऐ. ऐनको १३ (३) नं. बमोजिम सजाय हुन एवं प्रतिवादी अम्बिका गैरेको कसुर हेर्दा, जाहेरीमा मतियार समेतलाई कर्तव्यमा सजायको मागदाबी गरेको अवस्था, घटना विवरण कागज गर्ने गुणनिधि गैरे, कमला गैरे, मेघनाथ गैरे समेतले वारदातमा निजको संलग्नता रहेको भन्ने समेतको कुरा लेखाइदिएको अवस्था, स्वयं प्रतिवादीको मौकाको कागज एवं बयानबाट निज प्रतिवादी नारायण भट्टराईसँगको शारीरिक सम्बन्ध मुद्दाको प्रमुख जरिया रहेको स्पष्ट छ। निज प्रतिवादीको Polygraph examination report मा Deception indicated भन्ने उल्लेख भए तापनि मृतक ससुरा र प्रतिवादी नारायण बिच झगडा हुनु, प्रतिवादीसँगको झगडामा समेत मृतकलाई प्रतिवादीले मार्छु, काट्छु भन्दा समेत आफ्ना ससुराको सुरक्षा, संरक्षण गर्ने कुरामा निज प्रतिवादीको स्पष्ट मौनता देखिनु, कुनै विरोध प्रकट गरेको नदेखिनु समेतका प्रमाणहरूले समेत निज उपरको कसुर पुष्टि हुन आएकाले प्रतिवादी अम्बिका गैरेले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ र १७ (३) नं. बमोजिमको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीलाई ऐ.ऐनको १७ (३) नं. बमोजिम सजाय हुन मागदाबी लिइएको अभियोग पत्र।

१५. मिति २०७१।०२।०५ गते दिनभर म पसलमा थिएँ। साँझ करिब ६:३० बजेको समयमा गाउँका प्रदीप गैरे भन्ने व्यक्ति मेरो पसलमा सामान किन्न आउनु भएको थियो। निज प्रदीप गैरे र म भई साँझ पसल बन्द गरेपछि निज प्रदीप गैरेको घरमा बस्ने भनी मृतक इन्द्रमणि गैरेको घरको बाटो हुँदै प्रदीपको घरमा जाने क्रममा इन्द्रामणिको घरको ढोका बन्द रहेको थियो। प्रदीप गैरेले

आन्टी किन ढोका बन्द गर्नु भएको हो भनी इन्द्रमणिकी बुहारी अम्बिकासँग सोध्दा निजले डर लागेर ढोका बन्द गरेकी हुँ भनी बताएकी थिइन्। निजले घरभित्र चुल्होमा रोटी बनाउँदै गरेको झ्यालबाट देखें। मैले किन डराउनु पर्‍यो भनी भनें। त्यसपछि हामी दुबै जना इन्द्रमणिको घरदेखि तल बारीको ढिकसम्म पुग्दा अम्बिकाले प्रदीप गैरेलाई दुध लगिदेउ भनी भनिन्। प्रदीप गैरेले हुन्छ भनी फर्किई दुध लिन आउँदा छिमेकी वि.क.को छोराले आन्टी बुबा आउनु भएको थियो देख्नु भयो कि भनी सोधे। अम्बिकाले मैले देखेकी छैन भनी प्रदीप गैरेलाई हेर्न बताएकीमा प्रदीप गैरेले दुध भुइँमा राखी हेर्न घरको बलेनीमा पुग्दा आँटीको (घरको बिच तला) को कोठामा बस्नु भएको रहेछ। एक्कासि भित्रदेखि हँसिया र दाउरो लिई घरमा डाँका आए भनी होहल्ला गर्नु भयो। मैले गुणानिधि गैरेलाई बोलाएकामा सबै जना दाजुभाइहरू सो ठाउँमा जम्मा हुनु भयो र निजहरूको सामुन्ने कि म मर्छु कि सबै जनालाई मार्छु भनी इन्द्रमणि गैरे कराउँदा मैले यो रातीमा धेरै नकराउनु, भोलि बसेर छलफल हुन्छ भनी भनें। सबैको रोहबरमा झगडा साम्य भयो। त्यसपछि गुणनिधि गैरे देवी गैरेसँग म आफ्नो घर जान भनी हिंडी म आफ्नो घरमा गएँ। राती म मेरो घरमै सुतें। अर्को दिन बिहान ५:३० बजे पसलमा जान घरबाट निस्केकामा घटना थाहा पाई म घटना स्थलतर्फ लागेको हुँ। म र सहप्रतिवादी अम्बिका गैरे बिच घटना हुनु पहिले १/२ पटक यौन सम्पर्क भएको थियो। निज अम्बिका र मेरो सहमतिमा नै निज अम्बिकाको घरको छेउमा रहेको गोठमा साँझ ७/८ बजेको समयमा यौन सम्पर्क हुने गर्दथ्यो। हामीहरू बिच यौन सम्पर्क भएको निज इन्द्रमणिले देखेका थिएनन्। निज इन्द्रमणिले मिति २०७१।०२।०५ गते साँझ मलाई निजकी बुहारी अम्बिका गैरेसँग यौन सम्पर्क गरेको देखेको हुँ भनी एकोहोरो रूपमा कराई झगडा गर्नु भएको हो। निजलाई मैले कुटपिट गरी कर्तव्य गरी मारी घरको नजिकैको रूखमा झुन्ड्याएको भन्ने जाहेरी दरखास्त ब्यहोरा झुट्टा हो। मैले निजकी बुहारी अम्बिकासँग यौन सम्पर्क गरेको रिसइवीमा म उपर किटानी जाहेरी दिएको हुनु पर्छ भन्ने समेत ब्यहोराको प्रतिवादी नारायण भट्टराईले यस अदालतमा गरेको बयान।

१६. मिति २०७१।०२।०५ गते साँझ मैले घरमा खाना बनाउँदै थिएँ। पहिले नै ससुरा इन्द्रमणि गैरे घरमा आई सुतिसक्नु भएको रहेछ। सोही समयमा नारायण भट्टराई र प्रदीप गैरे मेरो घर हुँदै आफ्नो घरमा जान भनी मेरो घरमा आएका थिए। मैले खाना बनाउँदै थिएँ। निज प्रदीपको घरमा दुध लैजान भनी दुध लिएर म घर बाहिर निस्किएँ। त्यसपछि प्रदीप गैरेलाई मैले हातमा दुध दिएँ। छिमेकी भाइले बुबा आउनु भएको छ देख्नु भयो कि भनी सोध्दा मैले देखिनँ भनी बताएँ। त्यसपछि त्यो बुढो आयो भनी मैले घोक्रो (घाँटी) च्यापी मारिदिन्छु भनी नारायण भट्टराईले भन्नु भयो। नारायण भट्टराईले सो कुरा भन्ने बित्तिकै बुबा इन्द्रमणिले थाहा पाई घरबाट बाहिर निस्किएर लौ मलाई मार, तैले मलाई कसरी मार्ने रहेछस् भनी भन्नु भयो। नारायण भट्टराईले म र नारायण भट्टराई बिच यौन सम्पर्क भएको कुरा बताएको थिइस्, सो कुराको प्रमाण देखा भनी बुबालाई भने। बुबाले के प्रमाण देखाउने ? तैंले अनारको फेदमुनि उभिएर बुहारी अम्बिकासँग यौन सम्पर्क गरिस्, मैले देखेको हुँ भनी भन्नु भयो। बार्दलीमा बुबा कराउन थाल्नु भयो। मैले गुहार देउ भनी भनें। त्यसपछि गाउँका मानिस मेरा दिदी, जेठाजुहरू मेरो घरमा आउनु भयो। त्यसपछि मेरो र नारायण

भट्टराईको अनुचित सम्बन्ध विषयमा झगडा भयो। म जेठानी दिदीको घरमा गई सुतें। बुबा इन्द्रमणि घरमा एक्लै सुत्नु भएकाले मेरो जेठाजुको छोरा मेघनाथ गैरे राती बुबा इन्द्रमणिसँग सुत्न गएकामा निजले मेरी जेठानी दिदीसँग फोन गरी मलाई हजुरबुबाले घरमा बस्न दिनु भएन, म आफ्नो घरमा जाँदै छु भनी भन्नु भयो। हामीहरू राती जेठाजुको घरमा सुत्यौं। अर्को दिन घरमा आउँदा बुबा इन्द्रमणिलाई झुन्डिएका अवस्थामा देखेकी हुँ। बुबा इन्द्रमणिको मुखमा रगत थियो। शरीरमा चोटहरू थिए। आफै मरेको अवस्था देखिँदैनथ्यो। भुईंमा रगत थियो। निज सहप्रतिवादी नारायण भट्टराईले मेरो ससुरा बुबा इन्द्रमणि गैरेलाई कर्तव्य गरी मारी झुन्डयाएकामा शङ्का लाग्छ। अरूले मारेको जस्तो लाग्दैन। म र नारायण भट्टराई बिच घटना हुनुभन्दा पहिले ३/४ पटक यौन सम्पर्क हुने गरेको थियो। निज नारायणले मलाई तपाईंको घर बिग्रिन दिँदैन भनी सम्झाई केही हुँदैन भनी मसँग निजले यौन सम्पर्क गरेका हुन्। निज नारायणको र मेरो यौन सम्पर्क नभएको भए मेरा ससुरा बुबा इन्द्रमणि गैरेको मृत्यु हुँदैनथ्यो भन्ने समेत ब्यहोराको प्रतिवादी अम्बिका गैरेले यस अदालतमा गरेको बयान।

१७. प्रतिवादीहरू नारायण भट्टराई र अम्बिका गैरे बिच भएको अवैध यौन सम्पर्कको कुरा ससुरा मृतक इन्द्रमणि गैरेले थाहा पाएको र सोही विषयमा घटना वारदातको अघिल्लो दिन नारायण भट्टराई तथा मृतक इन्द्रमणि बिच भनाभन झैझगडा भएको भन्ने मिसिल तथ्यबाट पुष्टि भइरहेको देखिन्छ। सो राती अर्थात मिति २०७१।०२।०५ गते मृतक घरदेखि नजिकै रूखमा झुन्डिरहेका अवस्थामा बिहान ६ बजे नै छिमेकीहरूले देखेको र मृतकको घटना स्थल एवं लास जाँच मुचुल्का तयार भएको देखिन्छ। घटना स्थल मुचुल्का तथा लास जाँच प्रतिवेदनमा घटना वरपर रगतको थोपा देखिएको, मृतकको नाकबाट रगत बगी सुकेको देखिन्छ। डोरी लगायतमा रगतको डाम रहेको भन्ने मिसिल संलग्न फोटो समेतबाट देखिन्छ। प्रतिवादी नारायण भट्टराई विरुद्ध जाहेरवाला रमनाथ गैरे समेतको किटानी जाहेरी रहेको र अनुसन्धानमा बुझिएका महेश वि.क., मेघनाथ गैरे, गुणानिधि गैरे, कमला गैरे लगायतले प्रतिवादी नारायण भट्टराई तथा मृतक बिच अघिल्लो दिन भनाभन, झगडा भएको हो, सोही कारण र अम्बिका गैरेसँगको यौन सम्पर्कको विषय समेतका कारण प्रतिवादी नारायण भट्टराईले नै मारी झुन्डाएको हो भनी ब्यहोरा लेखी कागज गरिदिएको पाइन्छ। मृतकको शव परीक्षण प्रतिवेदनमा Cause of death is hanging until and otherwise proved by viscera report भन्ने ब्यहोरा उल्लेख भएको पाइयो। अनुसन्धानले प्रतिवादीको भनाइको सत्यता परीक्षण गर्न प्रयोग गरेको Polygraph प्रविधि स्पष्ट हुन सकेको पाइँदैन। प्रतिवादी नारायण भट्टराईका सन्दर्भमा थुनछेकतर्फ विचार गर्दा मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरू जाहेरवालाको किटानी जाहेरी, प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष र अदालतमा बयान गर्दा यौन सम्पर्कको कुरा र मृतकसँग झैझगडा भनाभन भएको कुरा स्वीकार गरेको अवस्था, अनुसन्धानमा बुझिएका गुणानिधि गैरे, कमला गैरे, देवीप्रसाद गैरे लगायतका व्यक्तिहरूको भनाइ र घटना स्थल तथा लास प्रकृति मुचुल्का समेतलाई आधार मान्दा प्रतिवादी नारायण भट्टराई निर्दोष रहेछन् भनी अहिल्यै भन्न सकिने अवस्था नदेखिँदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी निज प्रतिवादीलाई मुलुकी ऐन अदालती बन्दोबस्तको ११८ को देहाय २ नं. बमोजिम मुद्दा पुर्पक्षका

लागि थुनामा राख्न कारागार पठाइदिनु। अर्का प्रतिवादी अम्बिका गैरेको हकमा विचार गर्दा निजले प्रतिवादी नारायण भट्टराईसँग यौन सम्बन्ध रहेको र सोही कारण प्रतिवादी नारायण भट्टराई र मृतक ससुरा इन्द्रमणि बिच झगडा, भनाभन भएको भन्ने तथ्य स्वीकार गरी प्रतिवादी नारायण भट्टराईलाई पोल समेत गरेको अवस्था देखिँदा निजको हकमा पछि ठहरे बमोजिम हुने गरी हाल मुलुकी ऐन अदालती बन्दोबस्तको ११८ को देहाय ५ तथा १० समेतका आधारमा नगद रु. १०,०००।- (दश हजार रुपैयाँ) धरौटी वा सो बराबर जमानत दिए तारेखमा राख्नु धरौटी जमानत दिन नसके अ.बं. १२१ नं. बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्न कारागार कार्यालय पठाइदिनु भन्ने समेत ब्यहोराको मिति २०७१।०३।१९ मा भएको थुनछेक आदेश।

१८. यस अदालतबाट मिति २०७१।०३।१९ मा भएको आदेशानुसार प्रतिवादी नारायण भट्टराई मुद्दा पुर्पक्षका लागि कारागार कार्यालय अर्घाखाँचीमा थुनामा बस्दै आएको र प्रतिवादी अम्बिका गैरेले मिति २०७१।३।२० गते नगद रू. १०,०००।- (दस हजार रुपैया) धरौट राखी तारेखमा रहेको देखिन्छ।

१९. यस अदालतबाट मिति २०७१।३।१९ मा मुलुकी ऐन, अदालती बन्दोबस्त महलको ११८ को देहाय २ नं. बमोजिम प्रतिवादी नारायण भट्टराईलाई मुद्दाको पुर्पक्षका लागि थुनामा राख्न कारागार पठाइदिनु भन्ने समेत ब्यहोराको थुनछेक आदेश उपर प्रतिवादी नारायण भट्टराईले जिल्ला कारागार कार्यालय, अर्घाखाँची मार्फत बेरीतको आदेश बदर गरिपाउँ भनी पुनरावेदन अदालत, बुटवलमा अ.बं. १७ नं. बमोजिम दिएको निवेदन पेस हुँदा प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दोबस्त महलको ११८ को देहाय २ बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने गरी मिति २०७१।०३।०९ मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गर्नु परेन। कानुन बमोजिम गर्नु भन्ने समेत ब्यहोराको मिति २०७१।०३।०५ मा भएको आदेश सहितको कैफियत प्रतिवेदनको प्रतिलिपि मिसिल संलग्न रहेछ।

२०. प्रतिवादी नारायण भट्टराई र अम्बिका गैरे बिच अनैतिक सम्बन्ध रही आएको रहेछ। यसै विषयमा मृतक र नारायण भट्टराईबिच मिति २०७१।०२।०५ गते साँझ करिब ८ बजेतिर झगडा भएको हो। मृतकको मृत्यु नारायण भट्टराईको कर्तव्यबाट भएको हो। मिति २०७१ साल जेठ ५ गते राती नारायण भट्टराईले कुटपिट गरी झुन्डाई मारेका हुन् भन्ने समेत ब्यहोराको घटना विवरण कागज गर्ने देवीप्रसाद गैरेले यस अदालतमा गरेको बकपत्र।

२१. मृतक इन्द्रमणि गैरेको मृत्यु प्रतिवादी नारायण भट्टराई र प्रतिवादी अम्बिका गैरेको कर्तव्यबाट भएको हो। प्रतिवादीहरू नारायण भट्टराई र अम्बिका गैरेको अनैतिक सम्बन्ध मृतकलाई थाहा भएको हुँदा पर्दाफास हुने डरले मारेका हुन्। निज प्रतिवादीहरूले कुटपिट गरेर मर्ने अवस्थामा पुगे पछि झुण्डाएर मारेका हुन् भन्ने समेत ब्यहोराको वस्तुस्थिति मुचुल्काका ओमकला गैरेले यस अदालतमा गरेको बकपत्र।

२२. मिति २०७१।०२।०५ गते साँझ मृतक इन्द्रमणि प्रतिवादीहरू नारायण र अम्बिकाबिच भनाभन झगडा भयो। सो झगडा अम्बिका र नारायण भट्टराई बिचको नाजायज सम्बन्धका बारेमा भएको रहेछ। झगडा भएको मैले देखेको होइन। मोबाईलको मेमोरीबाट मैले सुनेको हुँ। घटनाको विवरण बुझ्दा मेमोरीमा भएको झगडा सुन्दा प्रतिवादी नारायण भट्टराईको कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने सुनेको हुँ र वस्तुस्थितिबाट पनि साँझ झगडा हुनु र अर्को दिन बिहान लास झुन्डाएएको देखिनुले नारायण भट्टराईले मृतकलाई मारेको हुनुपर्छ। अन्यको शङ्का लाग्दैन भन्ने समेत ब्यहोराको वस्तुस्थिति मुचुल्काका पर्शुराम गैरेले यस अदालतमा गरेको बकपत्र।

२३. मिति २०७१।०२।०५ गते साँझको समयमा निज इन्द्रमणि गैरे बिच झगडा भएको थियो। उक्त झगडा हुँदा निज प्रतिवादी नारायण भट्टराईले बुबा इन्द्रमणि गैरेलाई मार्छु तँलाई पख मैले जानेको छु भनी र प्रतिवादी अम्बिकालाई चिन्ता नमान आई परेको समस्या सबै मैले सुल्झाउछुँ भनी भनेको थियो। इन्द्रमणि गैरेले नारायण भट्टराई र अम्बिका गैरेको अनैतिक रूपमा गरेको शारीरिक यौन सम्पर्कको विषयमा स्पष्ट रूपमा खुलाएका हुँदा सोही यौन सम्पर्कको विषयलाई ढाकछोप गर्नका लागि मिति २०७१।०२।०५ गते राती इन्द्रमणि गैरेलाई प्रतिवादी नारायण भट्टराईले कुटपिट गरेर झुण्डाएर मारेको हो भन्ने समेत ब्यहोराको जाहेरवाला रमनाथ गैरेले यस अदालतमा आई गरेको बकपत्र।

२४. मिति २०७१।०२।०५ गते साँझको समयमा निज इन्द्रमणि गैरेको घरबाट गुहार देउ भन्ने आवाज सुनेपछि म उक्त स्थानमा पुगेको थिएँ। प्रतिवादी नारायण भट्टराई र मृतकको बुहारी अम्बिका गैरेबिच शारीरिक यौन सम्पर्क भएको विषयमा नारायण र इन्द्रमणिबिच झगडा भएको सुनेको हुँ। झगडा गर्दा नारायणले तेरो भोक्रो मोलिन्छ भनी इन्द्रमणिलाई भनेका थिए। मिति २०७१।०२।०५ गते राती प्रतिवादी नारायण भट्टराईले गरेको कर्तव्यबाट इन्द्रमणि गैरेको मृत्यु भएको हो। घटना विवरण हेर्दा निज नारायण भट्टराईले नै मारेको हुनु पर्दछ भन्ने समेत ब्यहोराको घटना विवरण कागज गर्ने गुणानिधी गैरेले यस अदालतमा गरेको बकपत्र।

२५. मृतक इन्द्रमणि गैरेको मृत्यु प्रतिवादीहरू नारायण भट्टराई र अम्बिका गैरेको मिलोमतोमा कर्तव्यबाट भएको हो। प्रतिवादीहरूले मृतकलाई कुटपिट गरी मारी झुण्डाएका हुन्। अम्बिका गैरे र नारायण भट्टराई बिच नाजायज सम्बन्ध भएका बारेमा मृतकलाई जानकारी भएको र उक्त सम्बन्धको घटना देखेको कारणले पर्दाफास हुने डरले मृतकलाई दुबै प्रतिवादीको मिलेमतोमा मारेका हुन्। प्रतिवादीहरूले मृतकलाई मिति २०७१।०२।०५ गते राती कर्तव्य गरी मारेका हुन् भन्ने समेत ब्यहोराको जाहेरवाला रुद्रप्रसाद गैरेले यस अदालतमा गरेको बकपत्र।

२६. प्रतिवादीले मृतकलाई कुटपिट गरी मारेको होइन। मृतक लासको प्रकृति झुण्डिएको देखिएको र एकजना व्यक्तिले अर्को एकजना व्यक्ति कसैलाई पनि एक्लै कुटपिट गरि बेहोस बनाई झुण्डाउने कुनै सम्भावना नै रहन्न। मृतकको घर देखि १०० मिटरको दुरीमा तल र माथी गरी ३/४ वटा घर भएको। त्यसरी रातीमा कुटपिट गर्दा मृतकले गुहार मागेको हुनु पर्ने र अन्य छिमकलाई थाहा हुनु पर्ने त्यस्तो कुनै कुरा कसैलाई थाहा भएको सुनेको केही छैन। अघिल्लो दिन साँझ मृतक र

नारायणबिच झगडा भएको भनिएको छ। त्यति बेला सबै परिवार जम्मा भएका छन्। भोलि मिलाउला भनी हिँडेका छन्। घरमा भएको बुहारी पनि अन्तै सुत्न गएको भनिएको छ। सो रातीमा मृतकलाई एक्लै हुँदा एकजना मानसि परिवार भित्र वा छिमेकी मध्ये कोही सँगै सुत्ने वा बस्ने हाम्रो सामाजिक परम्परा र प्रचलन पनि हो। सो भएको देखिएन। रातको समयमा एक जना मानिस गएर कुटपिट गरि बेहोस बनाई झुण्डाउन सक्ने कुनै सम्भावना नै रहन्न। मृतकको आफै झुण्डिएर मृत्यु भएको हो। झुण्डिएर मृत्यु भएको लक्षण चिन्हहरू सबै मिलेको रिपोर्टमा उल्लेख भएको बुझिएको छ। मृतक मानसिक रूपमा विरक्तिएको र कि त मर्छु कि त जोगी हुन्छु भन्दै हिँडेको कुरा निजसँग भेटेका मानिसहरू बताउँछन् भन्ने समेत ब्यहोराको प्रतिवादी नारायण भट्टराईका साक्षी नवनारायण बेल्बासेले यस अदालतमा गरेको बकपत्र।

२७. प्रतिवादी नारायण भट्टराईले मृतक इन्द्रमणि गैरेलाई कुटपिट गरी झुण्डाई मारेका होइनन्। निज इन्द्रमणि गैरे आफ्नो मन बिगारी रातीमा घरबाट निस्किई आफै झुण्डिई मरेका हुन्। प्रतिवादी नारायण भट्टराई निर्दोष रहेका हुँदा निजलाई प्रस्तुत मुद्दामा सजाय हुनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी नारायण भट्टराईका साक्षी दीपक बन्जाडेले यस अदालतमा गरेको बकपत्र।

२८. मृतक इन्द्रमणि गैरेको शव परीक्षण हामीहरूले अर्घाँखाँची जिल्ला हस्पिटलमा गरेका हौं। शव परीक्षण गर्दा मृतकको घाँटीमा झुण्डिएको डोरीको डाम ligature mark रुद्रघण्टी भन्दा माथी above thyroid cartilage oblique and upward going, ligature mark is incomplete, knot mark behind Rt. ear. Bleeding from both nostril, bruise over nasal bridge, feed incontinence भन्ने ब्यहोरा खुलाएको पाइन्छ। अर्थात ligature mark रुद्रघण्टी भन्दा माथी तेर्सो भई माथितिर गएको। घाँटिमा पुरै वरिपरि डाम नभएको। गाँठोको डाम दाहिने कानको पछाडि हल्का मुनितिर रहेको। नाकबाट हल्का रगत बगेको। साथै नाकको माथिल्तिर हल्का कोतरिएको र निलडाम भएको। मलद्धारबाट दिशा र लिङ्गबाट तरल पदार्थ जस्तो निस्किएको थियो। उल्लिखित लक्षणहरूका आधारमा निजको मृत्युको कारण Hanging भएको पाईयो भन्ने समेत ब्यहोराको जिल्ला स्वास्थ्य कार्यालय अर्घाखाँचीका जिल्ला स्वास्थ्य प्रमुख डा. जगन्नाथ तिवारी, डा. नवीन दर्नाल, डा. हरिप्रसाद पन्थीले यस अदालतबाट मिति २०७१।०९।०१ मा भएका आदेशानुसार गरेको बकपत्र।

२९. म भारतमा नोकरी गर्ने हुँदा भारतमै बसी मिति २०७१।०२।०५ गते घरमा आएको थिएँ। म आमाको बर्खि परेको हुँदा उक्त मितिमा घरमा आएको थिएँ। म घरमा आएपछि मेरो घरमा मेरो भान्जीहरू थिए। मैले भारतबाट मिठाई नलिएको हुँदा भान्जीहरूलाई मिठाई दिनु पर्‍यो भनी छिमेकी प्रतिवादी नारायण भट्टराईको पसलमा मिठाई किन्न भनी गएँ। निजको दुकानमा एकैछिन बस्दा रात पर्‍यो। एक्लै हिँडन रात परेको हुँदा नारायण भट्टराईले म पनि तपाईंसँगै सँगै जाऔंला भनेकाले सँगै बाटोमा झर्‍यौं। दुकानबाट आउने बाटोमा बिचमा प्रतिवादी अम्बिका गैरेको घर पर्ने हुँदा दुबैजना हामीहरू अम्बिकाको घरमा पस्यौं। अम्बिकाले ढोका लगाएर रोटी बनाउन लाग्नु भएको रहेछ। त्यसपछि ढोका लगाई किन बस्नु भएको भनी मैले अम्बिकालाई सोध्दा ससुरा बुबा

इन्द्रमणि गैरे घरमा आउने भन्नु भएको छ। त्यसैले डरले ढोका लगाई बसेकी हुँ भनी अम्बिकाले भन्नु भयो। त्यसपछि म अम्बिकाको घरमा नपसि मेरो घरतर्फ लागे। नारायण भट्टराई अम्बिकाको घरको झ्यालमा बाहिर उभिनु भएको थियो। अम्बिकाले भित्रबाट के भन्नु भयो थाहा भएन। प्रतिवादी नारायणले म छु किन चिन्ता मान्नु पर्‍यो भनी अम्बिकालाई भन्नु भयो। म बाटो मै छँदा अम्बिकाले चिच्याएर ए बाबु दुध लिएर जानुहोस भनी मलाई भन्नु भयो। त्यसपछि दुध लिएर अम्बिका बाहिर निस्कनु भयो र मलाई दुध दिनुभयो। अम्बिकाले दिएको गिलासको दुध लिएर म अलि तल झरेको थिएँ। त्यसको लगत्तै अम्बिकाले चिच्याएर घरमा चोर पस्यो भन्नु भयो। म हातमा रहेको दुधको गिलास साथै लिई म अम्बिकाको घरको ढोकानिर पुगें। अम्बिकाको घरमा मृतक इन्द्रमणि भित्र पस्नु भएको रहेछ। इन्द्रमणिको एक हातमा हँसिया र अर्को हातमा काठको दाउरो थियो। हातमा हँसिया र काठको दाउरो लिई अम्बिकाको घरको वरण्डा (वार्दली) मा इन्द्रमणि निस्कनु भयो। त्यसपछि नारायण भट्टराई अम्बिकाको घरको बाहिर बसेका रहेछन्। इन्द्रमणिले यस नारायणलाई नमारी छोडदिन मेरो घर बिगार्ने यही नारायण हो भनी वरण्डामा हसिया र काठ ठटाउनु भयो। त्यस बिचमा गाउँका देवी गैरे, गुणानिधी गैरे समेतका मानिस अम्बिकाको घरमा आए। निजहरूले बुबा किन चिच्याउनु भएको भनी इन्द्रमणिलाई सोधे। इन्द्रमणिले नारायण भट्टराईले मेरो बुहारी अम्बिकासँग यौन सम्पर्क गर्ने किन म नचिच्याउने भनी भन्नु भयो। मैले बुबा इन्द्रमणिलाई नचिच्याउनुहोस भनी भन्दा तलाई केही थाहा छैन तँ घर जा भने पछि म आफ्नो घर तर्फ हिंडदा अन्य मानिसहरू अम्बिकाको घरमै थिए। त्यसको भोलिपल्ट मिति २०७१।०२।०६ गते मेरो घरमा कमला गैरे आउनु भयो। म चिया लिएर अम्बिकाको घरतर्फ जाँदै गर्दा कमला पुगी सक्नु भएको रहेछ र निज कमला चिच्याउनु भयो। म झनै दगुरी हेर्दा इन्द्रमणि गैरे अम्बिकाको घरको पछाडि फोस्राको रूखमा झुन्डिएका अवस्थामा मैले देखे। देवी गैरे समेतका मानिसहरू समेत जुटी हेर्दा घरको माथिल्लो कुनामा (बलेनीमा) रगतका थोपा थिए। घरको अगाडि अनारको बोटमा पनि रगत देखिन्थ्यो। धारा माथी ढुङ्गामा पनि रगत थियो। मृतकलाई हेर्दा कुटपिट गरी मारेर झुण्डाए जस्तो देखिन्थ्यो। घटना घटाउनेलाई कारबाही हुनु पर्दछ। नारायण भट्टराई र अम्बिकाको यौन सम्बन्ध हुँदा प्रतिवादी नारायण भट्टराईले घटना घटाएको जस्तो लाग्छ भन्ने समेत ब्यहोराको घटना विवरणका प्रदीप गैरेले यस अदालतबाट मिति २०७१।११।०३ मा भएको आदेशानुसार गरेको बकपत्र।

३०. अभियोग पत्रसाथ पेस हुन आएको मेमोरी कार्ड थान-१, टर्च लाईट थान-१ यस अदालतको जिन्सी खातामा आम्दानी बाँधी मिसिल संलग्न रहेछ।

३१. जिल्ला सरकारी वकिल कार्यालय अर्घाखाँचीको च.नं. ६९ मिति २०७१।०५।१३। को पत्र मार्फत प्राप्त भएको केन्द्रिय विधि विज्ञान प्रयोगशाला काठमाडौंको भिषेरा परीक्षण प्रतिवेदनमा The exhibits no.1-3 have shown negative tests for above mentioned insecticides phosphate gas. भन्ने ब्यहोरा उल्लेख भएको रहेछ।

## अदालतको ठहर

३२. न्याय प्रशासन ऐन २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको अधिकार क्षेत्र भित्र पर्ने भई नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सुचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकार तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता विदुर कार्की तथा जाहेरवाला तर्फबाट उपस्थित विद्वान अधिवक्ता विनोद गौतम र प्रतिवादी नारायण भट्टराईका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू बाबुराम पाण्डे, डा. बुद्ध बहादुर थापा, के.बि. भुसाल, टीका भुसाल र प्रतिवादी अम्बिका गैरेको हकमा विद्वान अधिवक्ता टीका भुसालको बहस सुनियो।

३३. मिसिल संलग्न लासजाँच प्रकृति मुचुल्का, जाहेरी दरखास्त, प्रतिवादीहरूको बयान, शवपरीक्षण प्रतिवेदन, घटना स्थल एवं लासजाँच प्रकृति मुचुल्का, मौकाको घटना विवरण कागज, वस्तुस्थिति मुचुल्का, प्रतिवादीहरूको पोलिग्राफ परीक्षण प्रतिवेदन एंव मृतकको शव परीक्षण प्रतिवेदनको थप पुष्टयाई सहीतको पत्र समेतका मिसिल संलग्न सबुत प्रमाणहरूबाट प्रतिवादीहरू नारायण भट्टराई र अम्बिका गैरे बिचको अवैध शारीरिक सम्बन्धको कारण मिति २०७१।२।५ गते बेलुका प्रतिवादी नारायण भट्टराई र मृतक इन्द्रमणि गैरे बिच झैझगडा भई सोही कारण रिसइवी राखेका प्रतिवादीहरू नारायण भट्टराई र अम्बिका गैरेले आफुहरू बिचको अवैध शारीरिक सम्बन्ध लुकाउन छिपाउनका लागि सोही राती वर्ष ७७ का इन्द्रमणि गैरेलाई कर्तव्य गरी झुण्डाई मारे मराएको वारदात स्थापित भएको हुँदा प्रतिवादीहरू मध्ये नारायण भट्टराईले मिति २०७१।२।५ गते राती नै इन्द्रमणि गैरेको घर कम्पाउण्ड भित्र निजलाई कुटपिट गरी अचेत बनाई झुन्डाई कर्तव्य गरी मारे मराएको तथ्य पुष्टि हुन आएको हुँदा निज प्रतिवादीले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ र १३ (३) नं. बमोजिमको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादी नारायण भट्टराईलाई ऐ. ऐनको १३ (३) नं. बमोजिम सजाय हुन एवं अर्का प्रतिवादी अम्बिका गैरेको हक्मा आफ्नै ससुरालाई मार्छु, काटछु भनी प्रतिवादी नारायण भट्टराईले भन्दा समेत आफ्नो ससुराको सुरक्षा, संरक्षण गर्ने कुरामा स्पष्ट मौनता देखाई कुनै विरोध प्रकट गरेको नदेखिनु समेतका प्रमाणहरूले निज प्रतिवादी अम्बिका गैरेले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ र १७ (३) नं. बमोजिमको कसुर अपराध गरेको देखिदाँ निज प्रतिवादीलाई ऐ.ऐनको १७ (३) नं. बमोजिम सजाँय हुन मागदाबी रहेको प्रस्तुत मुद्दामा निर्णयमा पुग्नका लागि निम्न प्रश्नहरू उपर छलफल गर्नु पर्ने देखियो।

क. मृतक ईन्द्रमण गैरेको मृत्यु कर्तव्यबाट भएको हो वा होइन ?

ख. प्रतिवादी नारायण भट्टराईको कर्तव्य गरी झुण्डयाउनेमा र प्रतिवादी अम्बिकाको मत सल्लाहमा संलग्नता छ वा छैन? र

ग. प्रस्तुत मुद्दाको अनुसन्धानका क्रममा प्रतिवादीहरू समेतको Polygraph परीक्षण भएको र सो परीक्षण प्रतिवेदनलाई प्रमाणका रूपमा ग्रहण गरिनु पर्दछ भन्ने अभियोजन कर्ताको माग सम्बन्धमा Polygraph के हो यसको उत्पत्ति विकास प्रभावकारिता एवं प्रमाणीक महत्त्व र नेपालमा यसको प्रयोग सम्बन्धमा समेत संक्षीप्त विवेचना गर्नु पर्ने देखियो।

घ. प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम सजाय हुनु पर्ने हो वा होइन ?

३४. सर्वप्रथम पहिलो प्रश्न अर्थात मृतक इन्द्रमणि गैरेको मृत्यु कर्तव्यबाट भएको हो वा होइन भन्ने सम्बन्धमा मिसिल संलग्न घटना स्थल एवं लासजाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन तथा अन्य परिस्थितिजन्य प्रमाणको विवेचना गर्नु पर्ने देखियो। मिति २०७१।२।५ गतेको विहानी रातीको घटना सम्बन्धमा मिति २०७१।२।६ गते तयार भएको घटना स्थल एवं लास जाँच मुचुल्का हेर्दा मृतक इन्द्रमणि गैरे आफ्नै घर देखि दक्षिण तर्फका छिमेकी भूपबहादुर वि.क.को बाँझो जमिनमा रहेको चिप्ले जातको पश्चिमतर्फ झुकेको रूखको हाँगोमा बावियो डोरीको पासो लगाई झुन्डिएका अवस्थामा रहेको देखिन्छ। झुन्डिएको लासको प्रकृति हेर्दा पूर्व मुख गरेको, खुट्टा खुम्चीई भुइँमा टेकेको, बावियो डोरीको पासो लगाएको, हाँगा देखि भुइँसम्मको दुरी ६ फिट २ ईन्ची रहेको पाइन्छ। मृतक झुण्डिएको ठाउँ भन्दा मुनी जमिन भिरालो रहेको। मृतक झुण्डिएको स्थानबाट निजको घर २१ फिटको दूरीमा रहेको। मृतकको घर र झुण्डिएको स्थान बिचमा विभिन्न स्थानमा रगतका टाटाहरू रहेका। मृतकले टेकेको भुइँ देखि ६ फिट उत्तरमा १ जोर चप्पल रहेको। मृतकले टेकेको भुइँ देखि ५ फिट उत्तर पश्चीम भुइँ मडारिएको भन्ने देखिन्छ। मृतक लासको पासो काटी जमिनमा सुताई शारीरिक अवस्था हेर्दा अनुहारमा रगत लतपतिएको, आँखा दुबै बन्द रहेको, नाकबाट रगत बगी सुकेको, नाकको डँडालीमा विभिन्न स्थानमा दधारेको, जिब्रो टोकेको, घाँटिमा दायाँ कान मुनी पासोको गाँठो परेको, घाँटीमा U आकारको डाम र छाम्दा कडा भएको, मलद्धारबाट दिसा निस्केको साथै हातको मुट्ठी बन्द अवस्थामा रहेको भन्ने मुख्य ब्यहोरा उल्लेख भएको देखिन्छ।

३५. उक्त घटना स्थल लासजाँच मुचुल्कामा उल्लिखित विवरण अनुसार मृतकको मृत्यु सम्बन्धमा कसैको कर्तव्य पुष्टि हुने अर्थात कसैले कुटपिट गरेको बेहोस बनाएको र रूखमा लगी झुन्डाएएको भन्ने तथ्य पुष्टि हुने आधार रहेको पाइँदैन। मृतक इन्द्रमणि गैरे बावियोको डोरीको पासो लगाई रूखमा झुन्डिएका अवस्थामा फेला परेको छ। मृतकको नाकमा दधारिएको र सो कारणले नाकबाट रगत आएको अवस्था बाहेक शरीरमा कुटपिट गरेको भन्ने घाँ-चोट निलडाम जस्ता कुनै पनि लक्षण चिन्ह रहे भएको पाइँदैन। मृतक झुण्डिएको अवस्था हुँदा जिब्रो टोकिएको, मुट्ठी बन्द भएको, मलद्धारबाट दिसा निस्किएको, दाँया कान मुनी पासोको गाँठो देखिएको, घाँटीमा U आकारको डाम र छाम्दा कडा देखिएको जस्ता अवस्थाहरूले आफै झुण्डिएको व्यक्तिमा देखिने लक्षण एवं चिन्हहरू हुन् भन्ने कुरालाई पुष्टयाई गरीरहेको छ।

३६. अनुसन्धानमा बुझीएका व्यक्तिले भने अनुसार मृतकलाई कसैले कुटपिट गरी बेहोस पारी झुन्डाएएको अवस्था हो भने मृतक झुण्डिएको स्थानको ठिक मुनी कर्तव्य गरी झुन्डयाइ मार्ने व्यक्तिले टेकेको कुल्चेको कारण जमिन मडारिएको हुनु पर्ने त्यस्तो अवस्था नभई मृतक झुण्डिएको स्थान देखि ५ फिट दूरीमा जमिन मडारिएको भन्ने देखिएको छ। कुनै व्यक्तिलाई बेहोस बनाई रूखमा लगेर झुण्याउने कार्य कुनै एक व्यक्तिका लागि सहज हुन सम्भब पनि देखिँदैन। मृतकलाई कसैले कर्तव्य गरी झुन्डयाएको अवस्था भए कर्तव्य गर्ने व्यक्तिले मृतकलाई निजको घरदेखि घटना

स्थलसम्म ल्याउदा निजको चप्पल एउटै स्थानमा नभई फरक फरक स्थानमा हुनु पर्ने, टोपि अन्यत्र हुनु पर्ने, मृतकको लुगा कपडा अव्यवस्थित हुनु पर्नेमा त्यस्तो अवस्था नभई चप्पलहरू एउटै स्थानमा एउटा सुल्टो र एउटा घोप्टो अवस्थामा रहेको, टोपि मृतक झुन्डिएको स्थानको रूखको मुनी झारमा अडेको र कपडाहरू शरीरमा दुरुस्त अवस्थामा रहेको पाइन्छ।

३७. मृतक झुन्डिएको र निजको खुट्टाले भुइँ टेकेको भन्ने घटना प्रकृति मुचुल्काको भनाइ रहेको हुँदा निज आफै झुन्डिएको नभई कसैले कर्तव्य गरी झुन्डाएएको हो की भन्ने आशङ्का सम्बन्धमा विचार गर्दा प्रशिद्ध चिकित्सा विधिशास्त्री मोदीले आफ्नो पुस्तक Modi's Medical Jurisprudence and Toxicology (22 edition) को पृष्ठ २५१ मा In hanging from a high point of suspension, the victim is either fully suspended, with his feet clear off the ground or he is suspended in a standing posture with his knees slightly flexed. भनी स्पस्ट रूपमा मानिस झुन्डि मरेका अवस्थामा निजको खुट्टाले भुइँ टेकेको हुन सक्दछ भनी सो तथ्यलाई पुष्टि गरेको पाइन्छ। मानिसको घाँटीमा निश्चित परिमाणको तौलको झट्का लागेमा पनि hanging बाट मृत्यु हुन सक्दछ। झुन्डिएको व्यक्तिको खुट्टा भुइँमा टेकिएको वा नटेकिएको अवस्थाले खासै फरक पर्दैन भन्ने मोदीको भनाइ रहेको पाइन्छ। यीनै तथ्यहरूले पनि मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने पुष्टि हुन सकेको पाइँदैन।

३८. अब मृतकको शव परीक्षण प्रतिवेदन (Post-mortem report) र सो प्रतिवेदन तयार गर्ने विशेषज्ञ चिकित्सकहरूको बकपत्र ब्यहोरा सम्बन्धमा विवेचना गर्नु पर्ने देखियो। Post-mortem गर्ने चिकित्सकको संयुक्त टोलीले मृतक इन्द्रमणि गैरैको मृत्युको कारण Viscera परीक्षणले अन्यथा प्रमाणित गरेका अवस्थामा बाहेक Hanging भन्ने उल्लेख गरेको पाइन्छ। प्राप्त viscera report मा विष प्रयोगको कुनै परिणाम प्राप्त नभएको (Negative tests report) भन्ने ब्यहोरा उल्लेख भएबाट Cause of death Hanging बाहेक अन्य हो भनी भन्न सकिने अवस्थाको देखिँदैन।

३९. मृतक इन्द्रमणि गैरैको मृत्यु Hanging बाट भएको भन्ने निष्कर्षमा पुगेका विशेषज्ञले Post-mortem report मा उल्लिखित शवको आन्तरीक तथा वाह्य अवस्था बारे उल्लेख गरेको ब्यहोरा हेर्दा Rigor-mortis fully developed, post-mortem stain present on back of body, hand, foot, tongue bite present, fecal incontinence & seminal discharge present. Ligature mark: Blackish brown peptized skin, ligature mark present above thyroid cartilage, knot mark present on right side having 13cm length & 2cm width gap of about 3cm present on right side below right ear. Bleeding from both nostrils blackish blue bruise over tip of nose. भन्ने देखिन्छ। Post-mortem गर्दा शवमा देखिएको उल्लिखित अवस्था सम्बन्धमा चिकित्सकको रायमा थप स्पस्ट हुन समेत Post-mortem गर्ने तीनै जना चिकित्सकहरूको बकपत्र भएकामा तिनैजना चिकित्सकले बकपत्र गर्दा मृतकको शव परीक्षण गर्दा मृतकको घाँटीमा झुण्डिएको डोरीको डाम ligature mark रुद्रघण्टी भन्दा माथी above thyroid cartilage oblique and upward going, ligature mark is incomplete, knot mark behind Rt. ear. Bleeding from both nostril, bruise over nasal bridge, feed incontinence भन्ने ब्यहोरा खुलाएको पाइन्छ। अर्थात ligature mark रुद्रघण्टी भन्दा माथी तेर्सो भई माथितिर गएको।

घाँटिमा पुरै वरिपरि डाम नभएको। गाँठोको डाम दाहिने कानको पछाडि हल्का मुनितिर रहेको। नाकबाट हल्का रगत बगेको। साथै नाकको माथिल्तिर हल्का कोतरिएको र निलडाम भएको। मलद्धारबाट दिशा र लिङ्गबाट तरल पदार्थ जस्तो निस्किएको थियो। उल्लिखित लक्षणहरूका आधारमा निजको मृत्युको कारण Hanging भएको पाईएको हो भनी ब्यहोरा खुलाएको पाइन्छ।

विवेचित post-mortem report मा उल्लेख गरिएका ब्यहोरा तथा विशेषज्ञ चिकित्सकहरूले बकपत्र गर्दा खुलाएको विवरण अनुसार मृतकको घाँटीमा thyroid cartilage भन्दा माथि ligature mark रहेको र उक्त ligature mark incomplete रहेको, घाँटिमा पुरै वरिपरि डाम नभएको, नाकबाट हल्का रगत बगेको, गाँठोको डाम दाहिने कानको पछाडि हल्का मुनितिर रहेको, मलद्धारबाट दिशा र लिङ्गबाट तरल पदार्थ जस्तो निस्किएको आदी लक्षणहरू झुन्डि मरेको व्यक्तिको शरीरमा देखिने शारीरिक लक्षणहरू रहेको भन्ने आधारमा चिकित्सकले राय व्यक्त गरेको पाइन्छ। चिकित्सकले post-mortem report तथा बकपत्रमा उल्लेख गरेका अधिकांश लक्षणहरू घटना स्थल एवं लासजाचं मुचुल्कामा उल्लेखीत तथ्यहरूसँग मिल्दो अवस्थाको समेत रहेको पाइन्छ। कुनै पनि अपराधको सन्दर्भमा घटना देख्ने प्रत्यक्षदर्शिको अभावमा विशेषज्ञले दिएको राय विज्ञान तथा वैज्ञानिक तर्कका आधारमा खडा हुने हुँदा वढी विश्वसनिय एवं भरपर्दो प्रमाणका रूपमा लिनु पर्दछ भन्ने हाम्रो कानुनी एवं विधिशास्त्रीय मान्यता समेत रहेको छ। यसै सन्दर्भमा सम्मानीत सर्वोच्च अदालतले ***"शवपरीक्षण गर्ने विशेषज्ञले मृत्युको कारणमा Asphyxia due to hanging भन्ने राय दिएका अवस्थामा मृतक झुन्डि मरेको भन्ने परिस्थिति बाहेक अन्य स्थितिको कल्पना गरी कुनै प्रत्यक्ष र अकाट्य प्रमाणको अभावमा दोषी ठहर गर्न प्रमाण सम्बन्धी कानुन र न्यायका मान्य सिद्धान्त प्रतिकूल हुन जाने।"*** भनी नेपाल सरकार विरुद्द मालतीदेवी कलवार ने.का.प. २०६४ नि.नं. ७९०८ मुद्दा कर्तव्य ज्यानमा व्याख्या गरेको पाइन्छ। त्यस्तै ***"विशेषज्ञको राय प्रतिवेदन यो यति करणबाट शङ्कास्पद वा विरोधाभाष युक्त छ भनी इजलाससमक्ष प्रस्टयाउनु पर्ने सम्बन्धित पक्षको दायित्व हुने हुँदा यस्तो दायित्वलाई शङ्कारहित तवरबाट पुष्टि गर्नु पर्ने। विशेषज्ञले दिएको प्रतिवेदन शङ्कास्पद, द्विविधायुक्त वा अस्पष्ट नभई फटिक झैँ स्वच्छ (Crystal Clear) र अन्य स्वतन्त्र प्रमाणले समर्थित गर्दछ भने त्यस अवस्थामा अदालत स्वयंले तर्क वितर्क गरी शङ्का उपशङ्का उठाउनु समेत न्यायोचित नहुने। बिना आधार विशेषज्ञले दिएको प्रतिवेदनलाई अन्यथा गर्दा वास्तविक न्याय प्रदान गर्ने उद्देश्यबाट दिशाभ्रमित हुने अवस्था उत्पन्न हुन जाने अवस्थाप्रति अदालत सजग हुनुपर्छ। ... ... ... वास्तविक मृत्युको कारण पत्ता लगाउने ज्ञाता विशेषज्ञ हुँदा सो रायमाथिको निर्भरता नै न्यायको लक्ष्यप्राप्तिका लागि सबैभन्दा बढी सहायक हुन्छ भन्नेमा विमति राख्न नहुने। विश्वासिलो अकाटय प्रमाणको अभावमा अनुमान, आशङ्का र संभावना जस्ता मनोगत प्रमाणलाई मात्र आधार बनाई कर्तव्यबाटै मृतकको मृत्यु भएको भनी निष्कर्षमा पुग्नु न्यायोचित नहुने।"*** भनी विनय मानन्धर विरुद्ध नेपाल सरकार संवत २०६६ को नि.नं. ८३११, मुद्दा कर्तव्य ज्यानमा सम्मानीत सर्वोच्च अदालतबाट व्याख्या भएको पाइन्छ।

४०. प्रस्तुत मुद्दामा पनि विशेषज्ञ चिकित्सकले दिएको राय मिसिल संलग्न घटना स्थल एवं लास जाँच मुचुल्कामा उल्लिखित ब्यहोरासँग कतिपय कुराहरू मिल्दो अवस्थाको भएको हुँदा विशेषज्ञको रायलाई प्रमाणमा लिन नसकिने भन्न मिल्ने देखिदैंन। उल्लिखित तथ्य एवं प्रमाणहरूबाट मृतक इन्द्रमणि गैरेको मृत्यु कसैले कुटपिट गरी बेहोस बनाई रूखमा लगी झुण्ड्याको कारण कर्तव्यबाट भएको भन्ने अभियोग भनाइसँग सहमत हुन सकिएन।

४१. अब दोश्रो प्रश्न अर्थात प्रतिवादी नारायण भट्टराईको कर्तव्य गरी झुण्ड्याउनेमा र प्रतिवादी अम्बिकाको मत सल्लाहमा संलग्नता छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपर कर्तव्यको अभियोग लगाउदा मुख्यतया प्रतिवादीहरू बिचको शारीरिक सम्बन्धबारे मृतक इन्द्रमणि गैरेले थाहा पाएको र अघिल्लो दिन निजकै घरमा प्रतिवादी नारायण भट्टराई समेत गाउँका अन्य दाजुभाइको उपस्थितीमा सोही शारीरिक सम्बन्धको विषयलाई लिएर प्रतिवादी र मृतक बिच भनाभन झगडा भएको र सो दिन राती अबेर भएको कारण सो विषयमा भोलि सबै गाउँ समाज बसी छलफल गर्ने सहमति गरी आ-आफ्नो घर गएको। मृतक आफ्नै घरमा एक्लै सुतेका अवस्थामा प्रतिवादी नारायण भट्टराई पुनः राती निजको घरमा आई राती नै निज इन्द्रमणिलाई कुटपिट गरी अचेत बनाई झुण्डाई कर्तव्य गरी मारे मराएको र अर्का प्रतिवादी मत सल्लाहमा पसेको भन्ने मुख्य अभियोग दाबी देखिन्छ।

४२. प्रस्तुत मुद्दाका जाहेरवालाहरू रुद्रप्रसाद गैरे तथा रमनाथ गैरे घटनाका प्रत्यक्षदर्शि नभई निजले घटना पश्चात सुनि थाहा पाएका आधारमा जाहेरी दिएको पाइन्छ। निजले दिएको जाहेरीमा पनि प्रतिवादी नारायण भट्टराईले भाउजू अम्बिका सँगको अनुचित यौन सम्बन्ध लुकाउनका लागि भोलिपल्ट बिहानै बुबालाई कुटपिट गरी कर्तव्य गरी मारी घर नजिकैको रूखमा झुण्ड्याएका अवस्थामा शव फेला परेको हुँदा कानुन बमोजिम गरिपाउँ भन्ने मुख्य ब्यहोरा रहेको छ। जाहेरवालाहरूले अदालतमा बकपत्र गर्दा बुबा इन्द्रमणि गैरेले नारायण भट्टराई र अम्बिका गैरे बिचको अनैतिक यौन सम्पर्कको विषय स्पष्ट रूपमा खुलाएका हुँदा सोही यौन सम्पर्कको विषयलाई ढाकछोप गर्नका लागि मिति २०७१।०२।०५ गते राती इन्द्रमणि गैरेलाई प्रतिवादी नारायण भट्टराईले कुटपिट गरेर झुण्डाएर मारेको हो भन्ने मुख्य ब्यहोरा लेखाएको पाइन्छ। तर माथि विभिन्न प्रकरणहरूमा विवेचना गरिएको तथ्यहरूबाट मृतक इन्द्रमणि गैरेको मृत्यु कर्तव्यबाट भएको तथ्य नै पुष्टि हुन नसकिरहेका अवस्थामा प्रतिवादीले कुटपिट गरी कर्तव्य गरी घर नजिकैको रूखमा झुन्ड्याएको भन्ने जाहेरवालाहरूको जाहेरी ब्यहोरा र बकपत्र भनाइ प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन।

४३. प्रस्ततु घटना सम्बन्धमा घटना विवरणका प्रदीप गैरे, महेश वि.क., मेघनाथ गैरे, गुणनिधि गैरे, जमुना गैरे, कमला गैरे, देविप्रसाद गैरेले अनुसन्धानमा कागज गरी आफ्नो ब्यहोरा लेखाउदा प्रतिवादीहरू नारायण भट्टराई तथा अम्बिका गैरे बिचको यौन सम्बन्धको कारण इन्द्रमणिसँग भएको विवाद भोलि बिहान छलछल गरी मिलाउने भनी गाउँलेहरूले भनेको र राती सबै आ-आफ्नो घरमा सुत्न गएकामा राती नै इन्द्रमणिको हत्या भएको हुँदा अम्बिका गैरेसँगको यौन सम्बन्ध लुकाउन

निजै प्रतिवादी नारायण भट्टराईले इन्द्रमणि गैरेलेलाई कर्तव्य गरी झुन्ड्याई मारेको हुनु पर्दछ भन्ने मुख्य ब्यहोरा रहेको छ। घटना विवरणका कुनै पनि व्यक्तिले किटानसाथ प्रतिवादीले कर्तव्य गरी झुन्ड्याइ मारेको देखेका हौ भनी भन्न लेखाउन सकेको पाइँदैन। मृतको घर बरीपरी अन्य व्यक्तिको घर वस्ती रहेको देखिन्छ तर घटना देख्ने कोही पनि छैन। घटना विवरण कै देविप्रसाद गैरेले अनुसन्धानमा ब्यहोरा लेखाउदा आफु राती २ बजेतिर ढोका खोली पिसाब फेर्न जाँदा इन्द्रमणिको घर आँगनमा मानिस सऱ्याक सुरुक गरेको आवाज सुने भनी भनेतापनि प्रतिवादीलाई देखेको वा मृतक कराएको वा कुटपिट भएको भन्ने जस्ता कुनै तथ्यहरू खुलाउन सकेको पाइँदैन।

४४. घटनावारे अनुसन्धानमा ब्यहोरा लेखाउने घटना विवरणका व्यक्तिहरू मध्ये गुणनिधि गैरे तथा प्रदीप गैरेले अदालतमा बकपत्र गर्दा प्रतिवादी नारायण भट्टराई र मृतकको बुहारी अम्बिका गैरे बिच शारीरिक यौन सम्पर्क भएको विषयमा नारायण र इन्द्रमणि बिच झगडा भएको थियो। झगडा गर्दा नारायणले तेरो भोक्रो मोलिन्छ भनी इन्द्रमणिलाई भनेका र मिति २०७१।०२।०५ गते राती प्रतिवादी नारायण भट्टराईले गरेको कर्तव्यबाट इन्द्रमणि गैरेको मृत्यु भएको हो। घटना विवरण हेर्दा निज नारायणले नै मारेको हुनु पर्दछ भन्ने ब्यहोरा लेखाएको पाइन्छ। यस प्रकार घटना विवरणमा कागज गर्नेले आफुले अनुसन्धानमा किटान साथ नलेखाएको ब्यहोरा अर्थात प्रतिवादी नारायण भट्टराईले नै कर्तव्य गरी मारेको भन्ने बकपत्र भनाइ विश्वासप्रद मान्न सकिने अवस्था हुँदैन। किनकी प्रस्तुत वारदातमा देख्ने व्यक्ति कोही नभई केवल शङ्का, अनुमान र सम्भावनाको भरमा प्रतिवादीहरू उपर आरोप लगाएको अवस्था देखियो।

४५. मिसिल संलग्न तथ्य हेर्दा प्रतिवादी र मृतक पक्ष बिच अघिल्लो दिन झगडा विवाद भए पश्चात भोलि पुनः छलफल गर्ने भनी दुबै पक्ष आ-आफ्नो घरतर्फ गएको। प्रतिवादी पनि गुणनिधी गैरे समेतसँग घर फर्केको र निजले गल्ती स्वीकार गर्दै भोलि छलफलमा मिलाईदिनु पऱ्यो भनी अनुरोध गरेको पाइन्छ। सोही राती मृतक इन्द्रमणि गैरे आफ्नो घरमा एक्लै सुतेका अवस्थामा निजकै नाती मेघनाथ गैरे निजसँग साथी सुत्न भनी राती करिब १० बजेतिर गएकामा निज इन्द्रमणिले आफु सुती सकेको, ढोका लगाई सकेको र अब भोलि आउनु भनी फिर्ता पठाएको देखिन्छ। उल्लिखित घटनाक्रमले अघिल्लो दिन राती झगडा शान्त भए पश्चात प्रतिवादी भनीएका नारायण भट्टराई अनुसन्धानमा बुझीएका गुणानिधिसँगै आफ्नो घर फर्केको र मृतक आफ्नो घरको ढोका चुक्कल बन्द गरी सुतेका अवस्थामा प्रतिवादी पुनः राती कति बजे कुन समयमा मृतकको घर आए, कसरी मृतक इन्द्रमणि सुतेको घरको ढोका खोले वा खोल्न लगाए, मृतक उपर के कस्तो कुटपिट वा चोट छोडे भन्ने तथ्य मिसिल प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन। कागज गर्ने देवीप्रसाद गैरेले राती २ बजेतिर ढोका खोली पिसाब फेर्न जाँदा इन्द्रमणिको घर आँगनमा मानिस सऱ्याक सुरुक गरेको आवाज सुने भनी भनेता पनि प्रतिवादीलाई देखेको मृतक कराएको वा कुटपिट भएको भन्ने जस्ता कुनै तथ्य खुलाउन सकेको पाइँदैन। आफ्नो घरको कोठमा चुक्कल लगाई सुतेको व्यक्तिलाई बाहिरका व्यक्ति आई ढोका खोली वा खोल्न लगाई कुटपिट गरी चोट छोडी बेहोस बनाई बोकी

लगी रूखमा एक्लै प्रतिवादीले झुण्डाएका हुन् भन्ने भनाइ अनुमान र मनोगत कुरा बाहेक अन्य कुनै तथ्यले पुष्टि गर्न गराउन सकेको पाईदैंन।

४६. प्रस्तुत घटना रातीको समयमा घटेको र चश्मदिद् कोही पनि नरहेको अवस्था छ। जाहेरवालाहरूले केवल सुनेको कुराका आधारमा जाहेरी दिएको पाइन्छ। अघिल्लो दिन बेलुका मृतक र प्रतिवादीबिच झगडा भनाभन परेको प्रतिवादी नारायण भट्टराईले आफ्नो सम्बन्ध मृतकको बुहारी अर्का प्रतिवादी अम्बिकासँग रहेको कुरा मृतकले थाहा पाएकाले सो कारणले आफ्नो बेइज्जत हुने भयो भनी घटना घटाएको भन्ने भनाइमा पनि सत्यता देखिँदैन। किनकी दुई प्रतिवादीबिच शारीरिक सम्बन्ध रहेको तथ्य त पहिले नै प्रकाश भई सकेको र सो विषयमा गाउँ समाजमा छलफल गर्ने सम्मको निर्णय भएको थियो। घटना स्थल लास जाँच मुचुल्कामा उल्लेख भएको घटनाको विवरणमा लास झुण्डिएको स्थान देखि वरपर रगतको टाटो लागेको, मृतक झुण्डिएको डोरीमा रगत लागेको, मृतकको खल्तीमा रहेको टर्चलाईटमा रगत लागेको, नाकबाट तल बगेको, रगत मृतकको निधारसम्म लागेको, लास रहेको स्थानमा लासले घुँडा टेकेको भन्ने तथ्यलाई आधार बनाई प्रतिवादीको संलग्नता पुष्टि गर्न अभियोजन पक्षले प्रयास गरेको पाइन्छ। तर ती रगतका टाटा प्रतिवादीले नै कुटपिट गरी छरिएका हुन् भन्ने तथ्य पुष्टि हुन सकेको पाइँदैन। अर्को तर्फ डोरीमा लागेको रगत मानव रगत हो भन्ने परीक्षणबाट खुले पनि घटना स्थल वरपरका रगतका टाटाहरू के को हो भनी खुलाउन सकेको पाइँदैन। डोरीमा रगत देखिएको कारणबाट मात्र मिसिल संलग्न अन्य प्रमाणहरूको उपेक्षा गरी प्रतिवादीको वारदातमा संलग्नता पुष्टि गर्न सकिने अवस्था पनि हुँदैन। घटना पश्चात जाहेरी दिने जाहेरवाला तथा अनुसन्धानमा बुझिएका व्यक्तिहरूले अदालतमा बकपत्र गर्दा आफ्नो सुरु ब्यहोरा वा अनुसन्धानको ब्यहोरा भन्दा फरक र प्रतिवादी विरुद्ध कसुर गढाउ हुने गरी बकपत्र गरेका अवस्थामा त्यस्तो फरक ब्यहोरा र पहिले किटान साथ गढाउ नगरेको ब्यहोरा बकपत्रमा उल्लेख गर्दैमा प्रमाण ग्राह्य हुने अवस्था पनि हुँदैन।

४७. प्रतिवादी नारायण भट्टराईले अधिकार प्राप्त अधिकारी एवं अदालतमा बयान गर्दा समेत मृतकको मृत्यु कर्तव्यबाट भएको तर आफुले कर्तव्य गरी नमारेको भनी भनेको निजको बयानलाई आधार मान्दा निजले आफैले कसुर गरेका हुन्। निजले कर्तव्य स्वीकार गरेका छन् भनी मान्न मिल्ने अवस्था हुँदैन। प्रतिवादी मध्ये अम्बिका गैरेले यी प्रतिवादी नारायण भट्टराईलाई पोल गरेको भए तापनि निजको पोल मिसिल संलग्न कुनै पनि प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन। सह-अभियुक्तको पोल जुनसुकै अवस्थामा पनि प्रमाणका रूपमा ग्रहण गर्न मिल्दैन। प्रतिवादी नारायण भट्टराईले घटना स्थल लासजाँच मुचुल्कालाई स्वीकार गरेकै कारण निजको वारदातमा संलग्नता रहेको भनी मान्न सकिने अवस्था पनि हुँदैन। केवल शङ्का, अनुमान र सम्भावनाका आधारमा कुनै पनि व्यक्तिलाई फौजदारी कसुरमा कसुरदार ठहराउन नहुने विशेषज्ञको रायलाई नै भरपर्दो प्रमाणका रूपमा लिनु पर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट समेत फैसला भएको पाइन्छ। जस्तैः ***"मानिसको मृत्युको सम्बन्धमा सो सम्बन्धी विषयगत विशेषज्ञता हासिल गरेका विशेषज्ञहरूद्वारा गरिएको परीक्षण र त्यसका आधारमा प्रस्तुत गरिएको रायको प्रामाणिक महत्त्व रहने। ... ... ज्यान***

*सम्बन्धीको १३(३) नं. बमोजिमको सजायको मागदाबी लिने वादी पक्षले प्रतिवादीबाट ज्यान मार्ने नियतका साथ त्यस्तो आपराधिक कार्य गरेको हो भन्ने पुष्टि गर्न सक्नुपर्ने। ... ... केबल जाहेरी दरखास्त र जाहेरवालाको भनाइलाई मात्र आधार बनाएर कर्तव्य ज्यान जस्तो गम्भीर मुद्दामा निष्कर्षमा पुग्न नहुने। अनुमान, आशङ्का र संभावना जस्ता मनोगत आधारमा कुनै पनि आपराधिक कार्यमा मनसाय तत्वको विद्यमानता छ नै भनी निष्कर्ष निकाल्नु न्यायोचित नहुने, मनसाय तत्वको विद्यमानता प्रमाणहरूबाट नै देखिनु पर्ने र त्यस्तो प्रमाण जुटाउने दायित्व वादी पक्षले नै वहन गर्नु पर्ने।"* भनी नेपाल सरकार विरुद्ध मीनबहादुर दर्जी, ने.का.प. २०६५ नि. नं. ७९२८ मुद्दा कर्तव्य ज्यानमा सम्मानीत सर्वोच्च अदालतबाट व्याख्या भएको पाइन्छ।

४८. तसर्थ प्रस्तुत मुद्दामा वारदात देख्ने चश्मदीदको अभाव रहेका अवस्थामा शव परीक्षण गर्ने चिकित्सकले मृत्युको कारण Hanging नै हो भनी प्रतिवेदन दिई अदालतमा समेत सो कुरा बकपत्रद्वारा पुष्टि गरी दिएका अवस्थामा अघिल्लो दिनको झगडा र विवादको जरियाबाट प्रतिवादीले मृतक इन्द्रमणि गैरे उपर कुटपिट गरी, बेहोस गराई, रूखमा लगी झुन्डाएएको भन्ने अभियोग दावि केवल अनुमान, आशङ्का र संभावनाको अनिश्चित तत्वमा आधारित रहेको हुँदा प्रस्तुत घटना वारदातमा प्रतिवादी नारायण भट्टराईको संलग्नता रहेको भनी मान्न मिल्ने अवस्था देखिएन। त्यस्तै अर्का प्रतिवादी अम्बिका गैरेको सम्बन्धमा विचार गर्दा निज कसुरमा पूर्ण इन्कार रहेको, निजको कसुर प्रमाणबाट पुष्टि हुन् नसकेको र मुख्य अभियुक्तको नै वारदातमा संलग्नता नदेखिएको साथै मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने पुष्टि हुन नसकेका अवस्थामा मृतकलाई कर्तव्य गरी मार्ने प्रतिवादी नारायण भट्टराईको मत सल्लाहमा पसेको भन्ने यी प्रतिवादी उपरको अभियोग पनि प्रमाणबाट पुष्टि हुन सकेको नपाइँदा प्रतिवादी अम्बिका गैरेको समेत वारदातमा संलग्नता पुष्टि हुन सकेन।

४९. अब तेस्रो प्रश्न अर्थात प्रस्तुत मुद्दाको अनुसन्धानका क्रममा प्रतिवादीहरू समेतको Polygraph परीक्षण भएको। प्रतिवादीहरू मध्ये नारायण भट्टराईले कसुरमा आफ्नो संलग्नता नरहेको भनी व्यक्त गरेको कुरा Polygraph परीक्षणबाट झुट्टा भन्ने प्रतिवेदनबाट देखिएको हुँदा सो प्रतिवेदनलाई प्रमाणका रूपमा ग्रहण गरिनु पर्दछ भन्ने अभियोजन कर्ताको माग सम्बन्धमा Polygraph के हो, यसको उत्पत्ति विकास प्रभावकारिता एवं प्रामाणिक महत्त्व र नेपालमा यसको प्रयोग सम्बन्धमा समेत सङ्क्षिप्त विवेचना गर्नु पर्ने देखियो।

५०. प्रस्तुत मुद्दाको अनुसन्धान गर्ने जिल्ला प्रहरी कार्यालय, अर्घाखाँचीले प्रतिवादीहरू नारायण भट्टराई तथा प्रतिवादी अम्बिका गैरेको अनुसन्धानको बयान सम्पन्न भई सके पश्चात र घरना विवरणका व्यक्ति प्रदीप गैरे तथा मेघनाथ गैरेको घटना विवरणको कागज ब्यहोरा अभिलेख भए पश्चात निजहरूको Polygraph परीक्षण गरेको पाइन्छ। Polygraph परीक्षण गर्ने कार्य नेपाल प्रहरीको अपराध अनुसन्धान विद्यालय, महाराजगंज, काठमाडौंमा कार्यरत प्रहरी निरिक्षक धनबहादुर वोहराले गरेको भन्ने मिसिल संलग्न परीक्षण प्रतिवेदनबाट खुल्न आएको छ। मिसिल संलग्न Polygraph परीक्षण प्रतिवेदन अनुसार चार जनाको परीक्षण गरिएको भए तापनि केवल नारायण भट्टराई तथा

अम्बिका गैरेको परीक्षण प्रतिवेदन मात्र मिसिल संलग्न रहेको पाइन्छ। दुबै प्रतिवादीहरूलाई केही सवाल सोधिएको र निजहरूले दिएको जवाफका आधारमा प्रतिवादी नारायण भट्टराईले कसुरमा आफ्नो संलग्नता छैन भनी व्यक्त गरेको कुरा झुट्ठो (Deception indicated) भन्ने र प्रतिवादी अम्बिका गैरेले कसुरमा आफ्नो संलग्नता छैन भनी व्यक्त गरेको कुरा झुट्ठो नभएको (No deception indicated) भन्ने उल्लेख भएको पाइन्छ। सोही Polygraph परीक्षण प्रतिवेदनलाई समेत आधार मानी विद्वान जिल्ला न्यायाधिवक्ताले बहसका क्रममा कर्तव्य ज्यानको कसुर गरेको होइन भन्ने प्रतिवादी नारायण भट्टराईको भनाइ Polygraph परीक्षणबाट समेत झुट्ठा देखिएको हुँदा कर्तव्यमा प्रतिवादीको संलग्नता पुष्टि भएकाले अभियोग दाबी अनुसार सजाय गरिपाउँ भन्ने समेतको बहस प्रस्तुत गर्नु भएको पाइन्छ।

५१. Polygraph परीक्षण गरिएको प्रतिवादीहरूको मिसिल संलग्न परीक्षण प्रतिवेदन सरसर्ती हेर्दा निम्न तथ्य देखिन्छ। जस्तै : परीक्षार्थीसँग Polygraph परीक्षण गर्न सहमति लिइएको भन्ने ब्यहोरा, सम्पूर्ण परीक्षण अभिलेख गरिएको भन्ने ब्यहोरा, परीक्षण सम्बन्धी जानकारी सम्बन्धित परिक्षार्थीलाई गराइएको भन्ने ब्यहोरा, परीक्षार्थीले परीक्षण प्रक्रियालाई जुनसुकै बेला त्याग गर्न सक्ने र आफ्नो कानुन व्यवसायीसँग परामर्श गर्न सक्ने भन्ने ब्यहोरा, परीक्षार्थीले परीक्षणभन्दा २४ घन्टा अगाडिदेखि कुनै औषधी सेवन नगरेको र निजलाई शारीरिक समस्या नरहेको जानकारी निजले गराएको भन्ने ब्यहोरा, परीक्षणका लागि पूर्व तयारी गरेको र परीक्षार्थीको अन्तर्वार्ता लिइएको भन्ने ब्यहोरा, परीक्षार्थीलाई तिन वटा सवाल सोधिएको र निजको Comparison Question Test (CQT) सम्पन्न गरिएको भन्ने ब्यहोरा, परीक्षार्थी मध्ये नारायण भट्टराईको परीक्षणमा भ्रमपूर्ण सङ्केतहरू (Deception Indicated) अर्थात झुट्ठा कुराहरू (Deceptiveness) फेला परेको भन्ने ब्यहोरा सहितको परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेछ। तर प्रतिवेदनमा उल्लिखित कतिपय तथ्यहरू र प्रमाणले पुष्टि हुनु पर्ने कुराहरू भने मिसिल संलग्न रहेको पाइएन। जस्तै : परीक्षार्थीसँग Polygraph परीक्षण गर्न स्वतन्त्र लिखित सहमति लिइएको, निजको शारीरिक परीक्षण गरिएको, परीक्षण पद्धतिबारे जानकारी गराएको भन्ने भनाइ जस्ता तथ्यहरू। उक्त प्रतिवेदनको अन्तिममा These test results are limited to the above reported target issues of concern and cannot be taken as a direct indicator of general or overall dishonesty and untrustworthiness. Instead, information in this report may be incorporated in a decision-support capacity in support of other assessment and investigative activities. भन्ने ब्यहोरा उल्लेख गरिएको पाइन्छ।

५२. उल्लिखित प्रतिवेदनका आधारमा प्रतिवादीले व्यक्त गरेका तथ्यहरू सही नभएको र निजले झुट्ठा बोलेको भन्ने निष्कर्षमा अनुसन्धान अधिकारी पुगेको र सोही निष्कर्ष समेतलाई आधार मानी अभियोजन अधिकारीले अभियोग पत्र पेस गरेको पाइन्छ। अनुसन्धान अधिकारीको अनुसन्धानको प्रतिवेदन, जिल्ला न्यायाधिवक्ताको अभियोजन तथा बहस पैरवी समेत सुनी प्रस्तुत मुद्दामा प्रयोग गरिएको भनिएको Polygraph के हो ? यसको उत्पत्ति, विकास तथा अन्य मुलुकमा यसको प्रभावकारिता के कस्तो अवस्थामा छ ? के कस्तो अवस्थामा Polygraph परीक्षण गरिन्छ ?

न्यायिक कारबाहीमा यसको प्रयोग र प्रभावकारिता के हो ? Polygraph परीक्षण गर्दा अवलम्बन गर्नु पर्ने अनिवार्य कार्यविधिहरू र प्रक्रियाहरू के कस्तो हुनु पर्दछ ? Polygraph परीक्षण प्रतिवेदनलाई प्रमाणका रूपमा अदालतमा ग्रहण गर्न मिल्दछ वा मिल्दैन ? नेपालमा यसको प्रयोग के कुन अवस्थामा छ भन्ने सम्बन्धमा केही विवेचना गर्नु उपयुक्त हुने देखियो।

५३. Polygraph परीक्षण के हो ? According to Wikipedia the free encyclopedia विश्व सूचना कोषका अनुसार Polygraph लाई झुट्ठो पत्ता लगाउने यन्त्र मानिन्छ। कुनै व्यक्तिलाई क्रमशः निश्चित सवालको जवाफ दिन लगाउने र सो समयमा निजको शारीरिक अवस्थाहरूमा देखा परेका परिवर्तनहरू जस्तै : रक्तचाप, नाडीको गति, श्वासप्रश्वास तथा छालाको स्वाभाविकताको यान्त्रिक मापन गरी निजले यथार्थ कुरा गरेको हो वा होइन भनी छुट्याउने कार्य नै Polygraph पद्धति हो भनिन्छ।

५४. According to a study made by U.S. Department of Justice, Office of the Inspector General Evaluation and Inspections Division: Use of Polygraph Examinations in the department of Justice, September 2006, Polygraph एक यस्तो परीक्षण प्रक्रिया हो जसले खोज यन्त्रको प्रयोग गरी कुनै पनि व्यक्तिले दिएको जवाफका आधारमा निजको शारीरिक परिवर्तनको तथ्याङ्क मापन गर्दछ। कुनै व्यक्तिले सवालको जवाफ दिइरहँदा निजले वास्तविक कुरा व्यक्त गरिरहेको छ वा झुट्ठा कुरा गरिरहेको छ भन्ने कुरा परीक्षण कर्ताले परीक्षार्थीको शरीरमा विकसित हुने स्वाभाविक तथा स्वाभाविक अवस्थाहरूको तुलनात्मक अध्ययन गरी गर्ने गर्दछन्। तर Polygraph का नतिजाहरू अदालतमा प्रमाणका रूपमा ग्राह्य हुँदैनन्। यद्यपि यो पद्धतिको प्रयोग अपराध अनुसन्धान लगायत अन्य निकायहरूले गर्ने गर्दछन् भन्ने भनाइ रहेको छ।

५५. According to The British Psychological Society, A review of the current scientific status and fields of application of polygraphic deception detection final report (6 October 2004): Polygraph एक यस्तो यन्त्रहरूको समूह हो जसले शरीरका विभिन्न गतिविधि, जस्तै : मुटुको चाल, रक्तचाप, श्वासप्रश्वास तथा हातमा उत्पन्न हुने पसिनाको सही मापन गरी व्यक्तिको बोली, स्वभाव र आचरणका बारेमा धारणा बनाउन सहयोग गर्दछ। हालका वर्षहरूमा मस्तिष्कका गतिविधिहरू पनि मापन गर्न सुरु गरिएको छ। त्यसैले Polygraph प्रविधिले शरीर तथा मस्तिष्कको गतिविधि मापन गरी त्यसका विवरणहरू कुनै कागजमा लिपिबद्ध तथ्याङ्कका रूपमा वा कम्प्युटरमा पढ्न सकिने तथ्याङ्क (Data) का रूपमा प्रस्तुत गर्दछ भन्ने भनाइ रहेको छ।

५६. Polygraph प्रविधिको विकास र प्रारम्भ Polygraph प्रविधिको विकास सन् १९२१ मा क्यालिफोर्निया विश्वविद्यालयमा चिकित्सा विज्ञानमा अध्ययनरत एवं प्रहरी विभागका प्रहरी निरीक्षक John Augustus Larson ले गरेका हुन्। अमेरिकी भूभागबाट Polygraph प्रविधिको विकास भएको हुँदा यसलाई अमेरिकीहरूको अवधारणा हो भन्ने गरिन्छ। संयुक्त राज्य अमेरिकामा यो प्रविधिको प्रयोग अपराध अनुसन्धानका लागि र सरकारी तथा सार्वजनिक सेवाको कर्मचारी विभागमा प्रशासनिक दुराचारको अनुसन्धानका लागि हुने गरेको पाइन्छ। सर्वप्रथम अमेरिकामा FBI ले सन्

१९३५ मा यो प्रविधिको प्रयोग सुरु गरेको र अपराध अनुसन्धान, गुप्तचर तथा आतङ्कवाद नियन्त्रण लगायतका क्षेत्रमा विभिन्न मानवीय स्वभाव एवं दुराचारहरूको अनुसन्धान प्रक्रियामा यसको व्यापक प्रयोग गरेको पाइन्छ। Polygraph को प्रयोग कुनै अपराधसँग सम्बन्धित शङ्कास्पद व्यक्ति उपर मात्र नभई कुनै घटना वा वारदातका बारेमा जानकारी दिने जाहेरवाला वा साक्षीको भनाइमा सत्यता रहे नरहेको परीक्षण गर्ने प्रयोजनका लागि समेत हुने गरेको पाइन्छ।

५७. Polygraph परीक्षणका प्रविधिहरू के के हुन ? कसरी गरिन्छ ? भन्ने सम्बन्धमा माथि उल्लिखित Wikipedia the free encyclopedia का अनुसार Kleiner तथा Vrij ले आफ्नो अध्ययनमा मुख्य चार किसिमका परीक्षण प्रविधि रहेको तथ्य उल्लेख गरेका छन्, जस्तै :

(i) The Relevant/Irrelevant Technique (RIT test) सान्दर्भिक तथा असान्दर्भिक सवालको जवाफबाट गरीने परीक्षण, One of the oldest polygraph procedures is the Relevant/irrelevant technique (RIT), developed by Larson in 1932. In the RIT, two types of questions are asked, crime relevant questions and crime irrelevant questions.

(ii) The Control Question Test (CQT) नियन्त्रित सवालको जवाफबाट गरिने परीक्षण, The Control Question Test (CQT, also labeled the Comparison Question Test) compares responses to relevant questions with responses to control questions. Relevant questions are specific questions about the crime.

(iii) The Directed Lie Test (DLT) झुट्ठा पहिचान गर्ने प्रत्यक्ष परीक्षण, This standardisation issue is addressed in the Directed Lie Test. In a DLT test, the control questions are standardised and can be asked in all situations.

(iv) The Guilty Knowledge Test (GKT) दूषित जानकारी पहिचान गर्ने परीक्षण, The aim of the Guilty Knowledge Test (GKT) (sometimes known as the concealed information test) is to examine whether examinees possess knowledge about a particular crime that they do not want to reveal.

हालसम्मका वैज्ञानिक अनुसन्धानहरूबाट Polygraph परीक्षणमा माथि उल्लिखित प्रविधिहरूलाई बढी विश्वसनीय र भरपर्दो बनाउन विस्तृत अध्ययन, अनुसन्धान एवं अभ्यासहरू भएका छन्। वैज्ञानिकहरू यसको थप अनुसन्धान र प्रभावकारिता बढाउन निरन्तर लागिरहेका छन्।

५८. **Polygraph प्रविधिको आलोचना**

Polygraph परीक्षण प्रविधिको प्रयोग र प्रभावकारिता सम्बन्धमा व्यापक अध्ययन, अनुसन्धान एवं अभ्यासहरू भएको भए तापनि यसको आलोचना व्यापक रूपमा हुने गरेको छ। स्वयं वैज्ञानिक समुदायमा Polygraphs को प्रभावकारिता विषयमा विभिन्न तर्क वितर्क रहेको छ। आलोचकहरू यसको विश्वसनीयतामा वैज्ञानिक आधार नभएको तर्क गर्दछन्। कुनै पनि व्यक्तिको मानवीय स्वभाव, शरीरको आन्तरिक अवस्था, मानसिक अवस्था सधैं एकनास नभई परिवर्तनशील छ। व्यक्तिको स्वभाव, अस्वस्थता एवं तत्कालीन परिवेशले समेत Polygraph परीक्षणमा प्रभाव पार्ने

सक्दछ। त्यसैले Polygraph परीक्षणका Result मा वैज्ञानिक विश्वसनीयता हुँदैन भन्ने भनाइ रहेको छ।

संयुक्त राज्य अमेरिकामा सन् २००१ मा वैज्ञानिकहरूको भेलामा उपस्थित मध्ये ठुलो सङ्ख्याका विभाजित वैज्ञानिकहरूले Polygraphs लाई भ्रम विज्ञान (Pseudo science) को संज्ञा दिएको पाइन्छ। अझै पनि विश्वका कुनै पनि मुलुकमा Polygraph result लाई अदालतले प्रमाणका रूपमा स्वीकार गरेको पाइँदैन। संयुक्त राज्य अमेरिका, बेलायत, युरोपेली मुलुक, अष्ट्रेलिया लगायतका मुलुकहरूमा त्यहाँको सर्वोच्च न्यायलयले Polygraph test result लाई प्रमाणका रूपमा ग्रहण गर्न नमिल्ने भनी आदेश जारी गरेको पाइन्छ। वैज्ञानिकहरूको समुदायमा पनि यो प्रविधिको सर्वस्वीकार्य वातावरण बनेको छैन। यो पद्धतिको विश्वसनीयता एव प्रभावकारिता सम्बन्धमा वैज्ञानिकहरू आफैमा विभाजित पनि भएका छन्। अमेरिका स्थित राष्ट्रिय विज्ञान प्रतिष्ठानले गरेको एक अध्ययनमा Polygraphs को परीक्षणले झुट्टो र सत्य दुबै अवस्थामा विभेद गर्न सक्ने प्रबल सम्भावनालाई भने नकार्न नसकिने धारणा व्यक्त गरेको पाइन्छ।

५९. संयुक्त राज्य अमेरिकामा सन् १९९८ मा United States v. Scheffer को मुद्दामा बहुमत न्यायमूर्तिहरू Polygraph evidence अन्य वैज्ञानिक प्रमाण जस्तो भरपर्दो प्रमाण हो भन्ने कुरामा सहमत हुन सकेनन्। सो मुद्दाका सन्दर्भमा व्यक्त केही भनाइ यस्ता छन् :

United States v. Scheffer, 523 U.S. 303 (1998), was the first case in which the Supreme Court issued a ruling with regard to the highly controversial matter of polygraph, or "lie-detector," testing. At issue was whether the per se exclusion of polygraph evidence offered by the accused in a military court violates the Sixth Amendment right to present a defense. The Court ruled that Military Rule of Evidence 707, which makes polygraph evidence inadmissible in court-martial proceedings, does not unconstitutionally abridge the right of accused members of the military to present a defense.

The United States v. Scheffer ruling came, as legal writer Joan Biskupic noted in the Washington Post, "at a time when polygraph machines are increasingly being used outside the courtroom" — and inside as well. Prosecutors were using polygraph results "to extract confessions from suspects," Biskupic observed, and defense lawyers were using "them for leverage in plea bargains"; likewise polygraph tests were being subjected to greater and greater use in the workplace. Employers were using them to test job applicants with regard to past wrongdoing, and to monitor present jobholders as well (although this practice was mostly outlawed in 1988 by the Employee Polygraph Protection Act). While the latter practice might raise Fourth Amendment questions of its own, the use of polygraph results in the courtroom had become a battleground for opposing factions of evidentiary experts.

६०. संयुक्त राज्य अमेरिकाको Indiana राज्य तथा Oklahoma सहरमा सन् २०१३ मा Polygraph परीक्षण विरुद्धको अभियान नै सुरु भयो। एक जना पूर्व प्रहरी अधिकृत Doug Williams तथा

एक जना पूर्व प्रशिक्षक Chad Dixon ले Polygraph परीक्षण लाई कसरी पराजित गर्न वा निस्क्रिय बनाउन सकिन्छ भन्ने विषयमा पुस्तक प्रकाशन गरी तथा विभिन्न प्रचार सामग्री तयार गरी विभिन्न स्थानहरूमा नागरिकहरूलाई प्रशिक्षण प्रदान गर्दै हिँडेको पाइन्छ। Polygraph परीक्षण विरुद्ध जनसाधारणलाई भड्काएको अभियोगमा निजहरू विरुद्ध प्रहरीले अनुसन्धान गरी कैद सजाय समेतको माग गर्दै अदालतमा मुद्दा समेत दायर गरेको थियो।

६१. हालसम्म Polygraph परीक्षण सम्बन्धी परिणामहरू विवादग्रस्त हुनाको मुख्य कारण वैज्ञानिकहरू के भन्दछन् भने यो प्रविधिले कुनै व्यक्ति दोषी हो वा निर्दोष हो भन्ने कुरा यान्त्रिक रूपले छुट्याउने गर्दछ। तर मुद्दामा मिसिल संलग्न विभिन्न वैज्ञानिक प्रमाण, भौतिक प्रमाण तथा साक्षी प्रमाणहरूले पनि दोषी वा निर्दोष छुट्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन्। केवल Polygraph प्रविधिको प्रयोग गरी न्यायिक निष्कर्षमा पुग्नु सद्विवेकीय न्याय (Justice by good conscience) को दृष्टिकोणबाट पनि उपयुक्त नहुने भन्ने न्याय क्षेत्रका विज्ञहरूको भनाइ रहेको हुँदा Polygraph प्रविधि अदालती प्रक्रियाहरूमा प्रभावकारी मानिँदैन। यद्यपि केही मुलुकहरूमा Polygraph प्रविधिलाई अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गर्ने अनुसन्धानको साधनका रूपमा लिने गरिएको पाइन्छ।

६२. Polygraph परीक्षणको प्रयोग र प्रभावकारिता केही मुलुकहरूमा Polygraphs परीक्षण लाई फौजदारी कसुरका शङ्कास्पद अभियुक्तहरू तथा संवेदनशील सार्वजनिक वा निजी रोजगार क्षेत्रका उम्मेदवारलाई केरकार गर्ने साधनका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। संयुक्त राज्य अमेरिकामा Polygraphs प्रविधिलाई अनुसरण गर्ने सम्बन्धका कानुनी व्यवस्था गरी तालिम तथा सचेतना कार्यक्रमहरू पनि सञ्चालन हुने गरेको छ। संयुक्त राज्य अमेरिकाका सङ्घीय तथा केन्द्रीय सरकारी कार्यालयहरू र कानुन कार्यान्वयन गर्ने निकायहरूले कसुरका शङ्कास्पद व्यक्ति तथा रोजगारका नयाँ उम्मेदवारको Polygraph परीक्षण गर्ने गरेको पाइन्छ।

६३. क्यानाडामा Polygraph प्रविधिलाई विधि विज्ञान प्रविधिका रूपमा अपराध अनुसन्धानमा र कहिलेकाहिँ सरकारी कार्यालयमा कर्मचारी छनौट प्रक्रियामा प्रयोग गर्ने गरिएको पाइन्छ। सन् १९८७ मा R. V. Beland को मुद्दामा त्यहाको सर्वोच्च अदालतले Polygraph results लाई कुनै पनि मुद्दाको सन्दर्भमा प्रमाणका रूपमा ग्रहण मिल्दैन भनी सो मुद्दामा Polygraph Result लाई ग्रहण गर्न इन्कार गरी फैसला गरेको पाइन्छ। तर सो फैसलाले Polygraph प्रविधिलाई फौजदारी कसुरको अनुसन्धानमा प्रयोग गर्न भने प्रतिबन्ध लगाएको पाइँदैन। सो मुद्दाको तथ्य र अदालतको आदेशको सङ्क्षिप्त विवरण निम्न अनुसार छ :

R v Béland [1987] 2 S.C.R. 398 is a leading Supreme Court of Canada decision where the Court rejected the use of Polygraph results as evidence in court. Alain Béland, Bruce Phillips, and two others were planning a robbery. However, before going through with the plan both Béland and Phillips were arrested and charged with conspiracy to commit robbery. At trial, the Crown summoned a witness who implicated Béland and Phillips. The defendants asserted that the evidence was false and following the presentation of evidence, tried for an order to reopen the defence in

order to present Polygraph results. The trial judge rejected the motion on the basis that Polygraph evidence was inadmissible and they were convicted. On appeal the majority from the Court of Appeal granted an order to reopen the trail to allow the trial judge to examine the Polygraph evidence. The issue was presented to the Supreme Court of Canada as to whether "evidence of the results of a Polygraph examination is admissible in light of the particular facts of this case". In a five to two decision, the Court overturned the Court of Appeal and held that Polygraph evidence was inadmissible.

Justice William Rogers McIntyre, writing for the majority, held that "Polygraphs were inadmissible because they violated several rules of evidence. Polygraphs, if used for showing credibility, would violate the rule against "oath-helping", which prevents the use of evidence only to prove good credibility. Second, it also violates the rule against the admission of previous out of court statements. Third, it violates the character evidence rule that prohibits evidence that attacks character. Lastly, the Polygraph is a type of expert evidence that must be excluded as matters of credibility are already within the experience of the judges and juries."

McIntyre also added that "the use of the polygraph will unnecessarily complicate the process and bring in too many uncertainties due to its frequency of error." Justice La Forest, in a separate concurring opinion, agreed with McIntyre's result but on the basis that the polygraph had too much mystique that would unduly influence the jury, and the potential for opening up too many collateral issues.

माथि उल्लिखित R. V. Beland को मुद्दामा भएको फैसलालाई आधार मानी कानुनविद्हरूले यस्तो टिप्पणी गरेका छन् : The polygraph examination and its result are not admissible as evidence in Canada's criminal justice system. This statement of law was made by Justice McIntyre in R. V. Beland and Phillips. The courts of Canada hold that the result of a polygraph examination is an opinion put forth by the polygraph examiner and that evidence of this type should not supersede the role of the judge and jury to decide the credibility of a witness. Trial by judge and jury has long been the cornerstone for Canada's criminal justice system. However, the testimony of the polygraph examiner can be heard on a voir dire when a confession has been obtained.

६४. युरोपेली क्षेत्राधिकारका मुलुकहरूमा Polygraph परीक्षणलाई भरपर्दो प्रमाणका रूपमा लिइँदैन। कानुन कार्यान्वयन गर्ने निकायले Polygraph परीक्षण लाई प्रयोग गर्दैनन्। स्वयं अदालतले पनि यो प्रविधिको प्रयोग गर्न आदेश दिने र प्रयोग गर्ने गर्दैनन्। जर्मनीको Federal Court of Justice ले पनि Polygraph evidence लाई प्रमाणका रूपमा अदालतमा ग्राह्य नहुने भनी आदेश जारी गरेको पाइन्छ।

## ६५. अदालती प्रक्रियामा Polygraph र यसको प्रामाणिक मूल्य सम्बन्धी अवस्था

### संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकामा सन् २००७ मा विभिन्न १९ राज्यहरूको आपसी सहमतिले Polygraph testimony लाई अदालती प्रक्रियामा समावेश गर्ने समझदारी कायम गरिएको भए तापनि यसलाई प्रमाणका रूपमा ग्रहण गर्ने वा नगर्ने विषय भने सम्बन्धित सङ्घीय राज्यका trial court judge हरूको स्वविवेकमा निहित रहने व्यवस्था गरिएको पाइन्छ। संयुक्त राज्य अमेरिकाको अदालती प्रक्रियामा Polygraph testimony को प्रयोग विवादास्पद रहेको छ। तथापि यदाकदा यसको प्रयोग भने हुने गरेको पाइन्छ। सन १९९३ मा एउटा मुद्दामा त्यहाँको सर्वोच्च अदालतले गरेको landmark decision ले त्यस अवस्थासम्म विद्यमान वैज्ञानिक प्रमाण सम्बन्धी अवधारणामा व्यापक परिवर्तन ल्यायो। Daubert v. Merrell Dow Pharmaceuticals (1993) को मुद्दामा गरेको व्याख्याले पुरानो Frye V. United States, 293 F. 1013 (D.C. Cir. 1923) को मुद्दामा स्थापित फरेन्सिक प्रमाण तथा पोलिग्राफ सम्बन्धी नजिर र मान्यताहरूलाई खारेज गरी नयाँ मान्यता स्थापित गरेको पाइन्छ। Daubert V. Merrell Dow Pharmaceuticals (1993) को मुद्दामा स्थापित मान्यताले मुद्दामा विवादित विषयको तथ्य (fact in issue) पत्ता लगाउन वैज्ञानिक परीक्षण गरिएको विवरणहरू सर्वसम्मत वैज्ञानिक मान्यता प्राप्त र प्रयोग गर्न उपुयुक्त हुनु पर्ने व्याख्या गरेको छ।

The Frye standard, Frye test, or general acceptance test is a test to determine the admissibility of scientific evidence. It provides that expert opinion based on a scientific technique is admissible only where the technique is generally accepted as reliable in the relevant scientific community. In Daubert v. Merrell Dow Pharmaceuticals, 509 U.S. 579 (1993), the Supreme Court held that the Federal Rules of Evidence superseded Frye as the standard for admissibility of expert evidence in federal courts.

This standard comes from Frye v. United States, 293 F. 1013 (D.C. Cir. 1923), a case discussing the admissibility of polygraph test as evidence. The Court in Frye held that expert testimony must be based on scientific methods that are sufficiently established and accepted. The court opined: Just when a scientific principle or discovery crosses the line between the experimental and demonstrable stages is difficult to define. Somewhere in this twilight zone the evidential force of the principle must be recognized, and while the courts will go a long way in admitting experimental testimony deduced from a well-recognized scientific principle or discovery, the thing from which the deduction is made must be sufficiently established to have gained general acceptance in the particular field in which it belongs. (Emphasis added) In many but not all jurisdictions, the Frye standard has been superseded by the Daubert standard. However some States are still following Frye rule.

To meet the Frye standard, scientific evidence presented to the court must be interpreted by the court as "generally accepted" by a meaningful segment of the associated scientific community. This applies to procedures, principles or techniques that may be presented in the proceedings of a court case. In practical application of this standard, those who were proponents of a widely disputed scientific issue had to provide a number of experts to speak to the validity of the science behind the issue in question. Novel techniques, placed under the scrutiny of this standard forced courts to examine papers, books and judicial precedents on the subject at hand to make determinations as to the reliability and "general acceptance."

Daubert v. Merrell Dow Pharmaceuticals, 509 U.S. 579 (1993) is a United States Supreme Court case determining the standard for admitting expert testimony in federal courts. The Daubert Court held that the enactment of the Federal Rules of Evidence implicitly overturned the Frye standard; the standard that the Court articulated is referred to as the Daubert standard.

**The Case Summary**

Ason Daubert and Eric Schuller had been born with serious birth defects. They and their parents sued Merrell Dow Pharmaceuticals Inc., a subsidiary of Dow Chemical Company, in a California state court, claiming that the drug Bendectin had caused the birth defects. Merrell Dow removed the case to federal court, and then moved for summary judgment because their expert submitted documents showing that no published scientific study demonstrated a link between Bendectin and birth defects. Daubert and Schuller submitted expert evidence of their own that suggested that Bendectin could cause birth defects. Daubert and Schuller's evidence, however, was based on in vitro and in vivo-animal studies, pharmacological studies, and reanalysis of other published studies, and these methodologies had not yet gained acceptance within the general scientific community.

The district court granted summary judgment for Merrell Dow, and Daubert and Schuller appealed to the Ninth Circuit. The Ninth Circuit found the district court correctly granted summary judgment because the plaintiffs' proffered evidence had not yet been accepted as a reliable technique by scientists who had had an opportunity to scrutinize and verify the methods used by those scientists. Furthermore, the Ninth Circuit was skeptical of the fact that the plaintiffs' evidence appeared to be generated in preparation for litigation. Without their proffered evidence, the Ninth Circuit doubted that the plaintiffs could prove at a trial that the Bendectin had, in fact, caused the birth defects about which they were complaining. The plaintiffs asked the Supreme Court to review the Ninth Circuit's decision, and it agreed to do so.

**Majority opinion**

In a 1923 case, Frye v. United States, 293 F. 1013 (D.C. Cir. 1923), the D.C. Circuit held that evidence could be admitted in court only if "the thing from which the deduction is made" is "sufficiently established to have gained general acceptance in the particular field in which it belongs." Frye dealt with a systolic blood pressure deception test, a "crude precursor" to the polygraph. In 1923, this blood pressure test was not widely accepted among scientists, and so the Frye court ruled it could not be used in court. Over the years, scholars disputed the proper scope and application of the Frye test.

The plaintiffs successfully argued that after Congress adopted the Federal Rules of Evidence in 1975, Frye was no longer the governing standard for admitting scientific evidence in trials held in federal court. The Supreme Court agreed and had already ruled that where common law rules conflicted with provisions of the Rules, the enactment of the Rules had the effect of supplanting the common law. Frye was certainly part of the federal common law of evidence because it was decided almost 50 years before the Rules were enacted. But the text of the Rules did not suggest that Congress intended to keep the Frye rule, and so the Court reasoned that Frye was no longer the rule.

६६. संयुक्त राज्य अमेरिकामा पोलिग्राफ प्रविधिको प्रयोग सामान्य रूपले प्रहरीको अनुसन्धान कार्यमा हुने गरेको पाइन्छ। तर कुनै पनि अभियुक्त वा साक्षीलाई यो परीक्षण गर्नै पर्ने गरी बाध्य पार्न सकिँदैन। संयुक्त राज्य अमेरिकामा सन् १९९८ मा United States V. Scheffer को मुद्दामा सर्वोच्च अदालतले Polygraph परीक्षणलाई अदालतमा प्रमाणका रूपमा प्रयोग गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक राज्यलाई आफ्नो क्षेत्राधिकारभित्र स्वतन्त्र भएर निर्णय गर्ने अधिकार रहेको भनी व्याख्या गरेको पाइन्छ। यद्यपि Polygraph परीक्षणलाई अनुसन्धानमा प्रहरीद्वारा, अभियोजनमा अभियोक्ताहरूद्वारा र प्रतिरक्षी कानुन व्यवसायीहरू तथा कानुन कार्यान्वयन गर्ने निकायहरूद्वारा अत्यधिक रूपमा प्रयोग गर्ने गरेको पाइन्छ। संयुक्त राज्य अमेरिकाका विभिन्न राज्यहरूमा Polygraph परीक्षण लाई कुनै न कुनै रूपमा अनुसन्धानका क्रममा र रोजगारी तथा गुप्तचरीको क्षेत्रमा प्रयोग गर्ने गरेको प्रशस्त उदाहरणहरू पाइन्छ। संयुक्त राज्य अमेरिकाको New Mexico राज्यमा केही निर्धारित अवस्थाहरूमा राज्यका न्यायालयहरूमा विभिन्न न्यायिक प्रक्रियामा समेत Polygraph परीक्षणको प्रयोग हुने गरेको पाइन्छ।

६७. **भारत**

भारतमा मस्तिष्क कम्पनको विद्युतीय सङ्केत परीक्षण (brain electrical oscillations signature test) लाई आफ्नै लोग्नेको हत्या गरेको अभियोग लागेकी महिला विरुद्धको कसुर पुष्टि गराउने प्रमाणका रूपमा उच्च अदालतले ग्रहण गरेको पाइन्छ। In a murder case in Pune, in Maharashtra State, that a judge explicitly cited a scan as proof that the suspect's brain

held “experiential knowledge” about the crime that only the killer could possess, sentencing her to life in prison.

यद्यपि भारतीय सर्वोच्च अदालतले सन् २०१० मा अभियुक्तको स्वेच्छा विरुद्धको narcoanalysis, brain mapping तथा Polygraph परीक्षण लाई गैरकानुनी र असंवैधानिक भनी घोषणा गरिदिएको पाइन्छ। Polygraph परीक्षण संविधानको धारा २०(३) मा "No person accused of any offence shall be compelled to be a witness against himself." भनी गरेको व्यवस्थाको विरुद्ध रहेको भन्ने व्याख्या गरेको पाइन्छ।

Smt. Selvi & Ors. V. State of Karnataka (Criminal Appeal …….) को मुद्दामा भारतीय सर्वोच्च अदालतले कुनै पनि व्यक्तिको स्वेच्क्षा र सहमति विपरीत Polygraph परीक्षण लगायत गर्न पाइँदैन भन्ने आदेश जारी गरेको पाइन्छ। भारतीय सर्वोच्च अदालतले Polygraph परीक्षण गर्दा के कस्ता कार्यविधिहरू अवलम्बन गर्नु पर्दछ भन्ने सम्बन्धमा व्याख्या गरेको पाइन्छ, जस्तै :
"In our considered opinion, the compulsory administration of the impugned techniques violates the `right against self-incrimination'. This is because the underlying rationale of the said right is to ensure the reliability as well as voluntariness of statements that are admitted as evidence. … We are also of the view that forcing an individual to undergo any of the impugned techniques violates the standard of `substantive due process' which is required for restraining personal liberty. … We have also elaborated how the compulsory administration of any of these techniques is an unjustified intrusion into the mental privacy of an individual. It would also amount to `cruel, inhuman or degrading treatment' with regard to the language of evolving international human rights norms. …

Furthermore, placing reliance on the results gathered from these techniques comes into conflict with the `right to fair trial'. Invocations of a compelling public interest cannot justify the dilution of constitutional rights such as the `right against self-incrimination'.

In light of these conclusions, we hold that no individual should be forcibly subjected to any of the techniques in question, whether in the context of investigation in criminal cases or otherwise. Doing so would amount to an unwarranted intrusion into personal liberty. However, we do leave room for the voluntary administration of the impugned techniques in the context of criminal justice, provided that certain safeguards are in place. Even when the subject has given consent to undergo any of these tests, the test results by themselves cannot be admitted as evidence because the subject does not exercise conscious control over the responses during the administration of the test.

६८. Polygraph परीक्षणलाई व्यवस्थित बनाउन सन् २००० मा भारतमा राष्ट्रिय मानव अधिकार आयोगले एउटा निर्देशिका तयार गरेको छ। उक्त निर्देशिकामा `Narcoanalysis technique' तथा

`Brain Electrical Activation Profile' परीक्षण गर्दा अनिवार्य रूपले अवलम्बन गर्नु पर्ने संरक्षणात्मक उपायहरूलाई समावेश गरेको पाइन्छ, जस्तै :

(क) आरोपित वा परीक्षण गर्ने व्यक्तिको स्वतन्त्र सहमति बेगर परीक्षण नगरिने। यस्तो परीक्षण गर्ने वा नगर्ने भन्ने विषयमा निर्णय गर्ने अधिकार सम्बन्धित व्यक्तिलाई दिनु पर्ने।

(ख) यदि कुनै व्यक्ति Polygraph परीक्षणका लागि सहमत हुन्छ भने उसलाई कानुन व्यवसायी राख्ने अवसर दिइनु पर्दछ। Polygraph परीक्षणको शारीरिक मानसिक तथा कानुनी परिणामहरूबारे निजको कानुन व्यवसायी तथा परीक्षण गर्ने प्रहरीले जानकारी गराउनु पर्दछ।

(ग) व्यक्तिको सहमति न्यायिक अधिकारी समक्ष अभिलेख हुनु पर्दछ।

(घ) न्यायिक अधिकारी समक्ष सुनवाइ हुँदा आरोपित व्यक्तिले आफ्नो कानुन व्यवसायी मार्फत प्रतिनिधित्व गर्ने कुरामा सहमत भएको हुनु पर्दछ।

(ङ) सुनवाइको समयमा Polygraph परीक्षण गर्ने व्यक्तिलाई निजले व्यक्त गरेको भनाइ निज विरुद्धको स्वीकारोक्तिका रूपमा प्रमाणमा लिइने छैन बरु अनुसन्धान अधिकारी (प्रहरी) समक्ष व्यक्त रायका रूपमा मात्र लिइने छ भन्ने कुरा स्पस्ट भाषामा सुनाइएको हुनु पर्दछ।

(च) न्यायिक अधिकारीले हिरासतमा रहेको व्यक्तिको हिरासतको अवधि तथा निजलाई गरिने सोधपुछको प्रकृति सम्बन्धी प्रत्येक पक्षमा विशेष ध्यान दिनु पर्दछ।

(छ) वास्तविक झुट्टा पत्ता लगाउने परीक्षणको अभिलेखीकरण स्वतन्त्र निकाय जस्तै अस्पतालमा चिकित्सकद्वारा कानुन व्यवसायीका रोहबरमा गरिनु पर्दछ, र

(ज) परीक्षणबाट प्राप्त सूचनाको चिकित्सकीय विवरणहरू अभिलेखका रूपमा प्रस्तुत गरिनु पर्दछ।

## ६९. नेपालमा यो प्रविधिको प्रयोग

नेपालमा Polygraph सम्बन्धी प्रविधिको प्रयोग प्रभावकारी रूपमा भएको पाइँदैन। यदाकदा अपराध अनुसन्धानमा यसको प्रयोग हुन थालेको तथ्य अदालतमा पेस भएका केही मुद्दाहरूको मिसिल अध्ययनबाट देखिन्छ। वैज्ञानिक प्रमाण (Scientific Evidence) लाई सबुत (Proof) का रूपमा ग्रहण गर्न सकिने पद्धति हाम्रो मुलुकमा पनि विकसित भएको छ। प्रमाण ऐन, २०३१ को दफा २३ ले विशेषज्ञको रायलाई प्रमाणमा लिन सकिने व्यवस्था गरेको छ। त्यस्तै दफा ५२ ले आवश्यकता अनुसार विशेषज्ञलाई साक्षी सरह बकपत्र गर्ने र जिरह गर्न सकिने व्यवस्था पनि गरेको छ। वैज्ञानिक प्रमाणकै रूपमा हाल विकसित भएको DNA परीक्षणको प्रतिवेदनलाई हाम्रो न्यायिक पद्धतिले सबुतका रूपमा ग्रहण गर्ने बलियो आधार बनइसकेको छ। तर जहाँसम्म Polygraph प्रविधिको कुरा छ, यो निर्विवाद वा सर्वस्वीकार्य पद्धतीका रूपमा भने विकसित भएको पाइँदैन। किनकि माथि विवेचना गरिएका तथ्यहरूबाट Polygraph वैज्ञानिक प्रविधि भए तापनि यसले विश्वका अन्य मुलुकहरूमा न्यायिक प्रक्रियामा भरपर्दो आधार भने बनाउन सकेको पाइँदैन। स्वयं वैज्ञानिकहरूको समुदायमा पनि यसको विश्वसनीयता बारेमा एकरूप धारणा बन्न सकेको पाइँदैन।

Polygraph प्रविधिको विकास गर्ने अमेरिकामा अदालतले नै यो प्रविधि स्वीकार गर्न सकेको पाइँदैन। तथापि Polygraph प्रविधिको विकास एवं विविध क्षेत्रमा यसको प्रयोगलाई हेर्दा भविष्यमा यो प्रविधिले एउटा भरपर्दो वैज्ञानिक आधार खडा गर्ने कुरामा विश्वस्त हुन सकिन्छ।

७०. नेपालमा अपराध अनुसन्धानमा यो प्रविधिको प्रयोग केही मुद्दाहरूमा हुने गरेको पाइन्छ। Polygraph परीक्षण गर्न शङ्कित व्यक्तिको सहमति वा मञ्जुरी अत्यन्तै जरुरी छ। अन्यथा हाम्रो संविधानको धारा २४ ले प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरेको आफु विरुद्ध साक्षी हुन कर नलाग्ने र चुप लाग्ने संवैधानिक अधिकारको ठाडै उलङ्घन गरेको मानिन्छ। Polygraph परीक्षणका नाममा कुनै व्यक्तिले व्यक्त गरेको धारणा गलत वा झुट्टा भएको भन्ने आधारमा परीक्षण उप्रान्त त्यस्ता अभियुक्तहरू उपर हुन सक्ने सम्भावित यातनातर्फ पनि सजग हुनु जरुरी छ। साथै यो परीक्षणको विश्वसनीयता, निष्पक्षता तथा पारदर्शिता कायम गर्न कम्तीमा पनि निम्न कुराहरू समेटी Polygraph परीक्षणको प्रयोग तथा प्रभावकरिता सम्बन्धी छुट्टै निर्देशिका जारी गरी यो प्रविधिको प्रयोग अनुसन्धानको दायरालाई फराकिलो बनाउने प्रयोजनका लागि उपयुक्त मान्न सकिन्छ, जस्तै :

(क) Polygraph परीक्षण गरिने व्यक्तिको अनिवार्य रूपमा स्वतन्त्र सहमति वा मञ्जुरी लिनु पर्ने। त्यस्तो सहमति वा मञ्जुरीको अभिलेख मिसिल संलग्न हुनु पर्ने कुरा।

(ख) Polygraph परीक्षण गर्दा सम्बन्धित व्यक्तिलाई कानुन व्यवसायी राख्ने अनुमति दिने र निजको कानुन व्यवसायीको रोहबरमा परीक्षण गरिने कुरा।

(ग) Polygraph परीक्षण गर्ने कार्य विशेषज्ञ एवं चिकित्सकहरू समेत भएको निष्पक्ष, स्वतन्त्र एवं भरपर्दो निकायबाट मात्र गरिने कुरा।

(घ) Polygraph परीक्षण गरिने व्यक्तिले व्यक्त गरेको कुरा निज विरुद्ध प्रमाणमा नलिइने कुराको प्रत्याभूति सम्बन्धित व्यक्तिलाई दिइने कुरा।

(ङ) एउटै व्यक्तिको Polygraph परीक्षण पटक पटक गर्न मिल्ने वा नमिल्ने। परीक्षण प्रतिवेदन गोप्य रहने वा नरहने भन्ने कुरा पहिले नै निर्धारण गरिएको हुनु पर्ने।

(च) के कस्तो विषयमा Polygraph परीक्षण गर्न सकिन्छ भन्ने कुरा। जस्तै : अपराधमा, गुप्तचरीको क्षेत्रमा, कर्मचारीको आचरण पहिचानमा वा बिरामीको मानसिक अवस्था पहिचान सम्बन्धमा आदि।

(छ) के कस्ता व्यक्तिहरूको Polygraph परीक्षण गर्ने भन्ने कुरा। जस्तै : मुद्दाका पक्ष, अभियुक्त, साक्षी वा अन्य गवाहहरू आदि।

(ज) Polygraph परीक्षण गर्ने व्यक्तिको शारीरिक अवस्था, मानसिक अवस्थाबारे पूर्व जानकारी लिनु पर्ने कुरा। जस्तै : मुटु, नसा, छाला, रक्तचाप, मधुमेह जस्ता रोग र त्यसले परीक्षणमा पार्ने प्रभाव सम्बन्धी कुरा।

(झ) Polygraph परीक्षण गर्ने व्यक्तिको विशेषज्ञता र दक्षता प्रतिवेदनबाटै देखिने कुरा।

(ञ) Polygraph परीक्षणका प्रविधि, प्रक्रिया तथा मापदण्ड निर्धारण गरिने कुरा।

(ट) Polygraph परीक्षणलाई न्यायिक निरूपणको आधारभन्दा पनि अपराध अनुसन्धानको दायरा फराकिलो बनाउने कुरा।

(ठ) Polygraph सम्बन्धी विषयमा सम्बन्धित सरोकारवालाहरू, जस्तै : अनुसन्धान गर्ने निकाय, अभियोजन गर्ने निकाय, अदालत, अभियोजनकर्ता जस्ता निकायमा कार्य गर्ने पदाधिकारीहरू, जस्तै : प्रहरी, सरकारी वकिल, कर्मचारीहरू, न्यायाधीश, निजी कानुन व्यवसायीहरूलाई यो विषयमा पर्याप्त तालिम तथा जानकारी दिने विषय।

उल्लिखित बुँदाहरूलाई समेत मनन गरी Polygraph पद्धतिको प्रयोग सम्बन्धमा एउटा छुट्टै निर्देशिका बनाई सो निर्देशिकाले निर्धारण गरे अनुसार Polygraph परीक्षणलाई अपराध अनुसन्धानको प्रक्रियामा प्रयोग गरेमा नेपालमा पनि Polygraph पद्धतिको प्रभावकारिता बढ्ने र अपराध अनुसन्धान अझ बढी सबुतमुखी हुने कुरामा विश्वस्त हुन सकिन्छ।

७१. अतः माथि विवेचित तथ्यहरूबाट Polygraph वैज्ञानिक प्रविधि भए तापनि यसको विश्वसनीयतामा स्वयं वैज्ञानिकहरूको समूहबाटै आशङ्का उठ्ने गरेको पाइन्छ। Polygraph प्रविधिलाई विभिन्न मुलुकका सर्वोच्च न्यायालयहरूले समेत न्यायिक कारबाहीमा प्रमाणका रूपमा ग्राह्य हुन नसक्ने भनी व्याख्या गरी रहेको पाइन्छ। तर यो प्रविधिको प्रयोग अपराध अनुसन्धानमा गर्न सकिने व्याख्या भने न्यायालयहरूले गरेको पाइन्छ। नेपालको सन्दर्भमा हेर्ने हो भने Polygraph पद्धतिको प्रयोग यदाकदा अपराध अनुसन्धानमा हुने गरेको पाइन्छ। Polygraph परीक्षण गरिएका मुद्दामा अभियुक्तले सत्य कुरा नगरेको वा झुट्टा बोलेको (Deceptiveness) अवस्थामा सो कुरालाई प्रमाणमा लिनु पर्ने भन्ने अनुसन्धान एवं अभियोजनकर्ताहरूको भनाइ रहेको पाइन्छ। तर हालसम्म यो प्रविधिलाई प्रमाणमा लिन मिल्ने अवस्था हाम्रो प्रचलित कानुन तथा अभ्यासमा रहेको भने देखिँदैन। किनकि अन्य मुलुकमा झैं हाम्रो मुलुकमा पनि Polygraph प्रविधिलाई अहिलेकै अवस्थामा न्यायिक निरूपणको आधार बनाउन भने सकिने देखिँदैन। कुनै पनि वैज्ञानिक परीक्षणबाट प्राप्त नतिजालाई अदालतमा पेस गरी अदालतले न्यायिक दृष्टिकोणबाट त्यस्तो प्रतिवेदनको आधार, औचित्य, विश्वसनीयता र वैधानिकता परीक्षण गर्न सक्ने भएमा मात्र प्रमाण ऐनको दायरामा त्यस्तो परीक्षण प्रतिवेदनलाई प्रमाणका रूपमा पेस गर्न सकिने हुन्छ। कुनै परीक्षण प्रतिवेदन केवल अनुसन्धानको सन्तुष्टि एवं अध्ययन प्रयोजनका लागि अवलम्बन गरिन्छ र त्यसलाई अदालतमा प्रमाणका रूपमा पेस गर्ने प्रयोजनका लागि सङ्कलन गरिएको होइन भने त्यस्तो परीक्षणलाई प्रमाण ऐनको दायराभित्र प्रमाणका रूपमा ग्रहण गर्न सकिँदैन। हालसम्म हाम्रो मुलुकमा यो Polygraph प्रविधि सर्वस्वीकार्य पद्धतिका रूपमा प्रयोग भएको पाइँदैन। विश्वका वैज्ञानिक समुदायमा यसको प्रयोग तथा प्रभावकारिता सम्बन्धमा सर्वस्वीकार्य वातावरण बनेमा र न्यायालयले बिना शर्त प्रमाणका रूपमा स्वीकार गरेमा नेपालमा पनि यसको प्रयोगमा प्रभावकारिता आउन सक्दछ। तथापि यसको प्रयोग सम्बन्धी छुट्टै निर्देशिका जारी भई सो निर्देशिकाले निष्पक्षता एवं पारदर्शिता कायम गर्न सक्ने हुनु पर्दछ। अन्यथा केवल अनुसन्धानमा नयाँ प्रविधि प्रयोगका नाउँमा Polygraph परीक्षण प्रयोग भएमा व्यक्तिका संवैधानिक तथा कानुनी हक अधिकारको हनन हुने अवस्था आउँदछ। प्रस्तुत मुद्दामा पनि प्रतिवादीहरूको Polygraph परीक्षण गर्दा कतिपय प्रक्रियागत कुराहरू अवलम्बन गरेको भन्ने तथ्य पुष्टि हुने अवस्था छैन। नतः हाम्रो मुलुकमा

हालसम्म Polygraph परीक्षणलाई अदालतमा प्रमाणका रूपमा ग्रहणयोग्य नै मानिने गरेको छ। यस्तो अवस्थामा प्रतिवादीहरू विरुद्ध गरिएको Polygraph परीक्षण र निजहरूले झुट्टा बोलेको भन्ने भनाइलाई प्रस्तुत मुद्दामा प्रमाणका रूपमा ग्रहण गर्न सकिने अवस्था देखिएन।

७२. अब चौथो प्रश्न अर्थात प्रतिवादीहरूलाई अभियोग दाबी अनुसार सजाय हुनु पर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने तथ्य प्रमाणबाट पुष्टि हुन नसकेको, प्रतिवादीहरूको कसुर वारदातमा संलग्नता प्रमाणबाट पुष्टि हुन नसकेको र अभियोजनले प्रमाणमा लगाइपाउँ भनेको Polygraph परीक्षण प्रतिवेदनलाई प्रमाणका रूपमा स्वीकार गर्न सकिने अवस्था नहुँदा अभियोग दाबी बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन। प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्दछ। सो ठहर्नाले अरू तपसिलका कुरामा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.बं. १८६ नं. बमोजिम आजै फैसला गरिदिएँ।

## तपसिल

१. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रतिवादीहरू नारायण भट्टराई तथा अम्बिका गैरेले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकाले प्रस्तुत फैसलामा चित्त नबुझे सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २६ (१) बमोजिम ७० दिनभित्र श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय अर्घाखाँचीलाई फैसलाको प्रतिलिपि सहित पुनरावेदनको म्याद दिनू.........................................................................................१

२. कारागार कार्यालय अर्घाखाँचीमा थुनामा रहेका थुनुवा प्रतिवादी नारायण भट्टराईलाई आजै थुनामुक्त गरिदिनु भनी कारागार कार्यालय अर्घाखाँचीलाई जानकारी दिनू ..........................................२

३. प्रतिवादी अम्बिका गैरेले यस अदालतका आदेशानुसार च.नं. १४६५ मिति २०७१।३।२० मा नगद रू. १०,०००।- (दस हजार रुपैया) धरौट राखी तारेखमा रहेको देखिँदा प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि उक्त नगद धरौट फिर्ता पाउँ भनी रीतपूर्वकको दरखास्त दिए नियमानुसार फिर्ता दिनू .......................................................................................१

४. दसीका रूपमा पेस हुन आई जिन्सीमा आम्दानी बाँधिएको मेमोरी कार्ड थान-१ र टर्च लाइट थान-१ जाहेरवाला माग्न आए जिल्ला सरकारी वकिल कार्यालय अर्घाखाँची मार्फत प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि कानुनको रीत पुऱ्याई फिर्ता दिनू...............................................१

५. प्रस्तुत फैसलाको प्रकरण ५३ देखि ६८ सम्म विवेचना गरिएको Polygraph प्रविधि सम्बन्धी विविध सन्दर्भ सामग्रीहरू Internet, Google search को माध्यमले खोजी गरी निम्न सन्दर्भहरू समेतबाट साभार गरिएका हुन्, जस्तैः...........................................................................१

(क) Wikipedia the free encyclopedia.
(ख) Indian Supreme Court Web site.
(ग) US Supreme Court Web site.
(घ) A study made by U.S. Department of Justice, Office of the Inspector General Evaluation and Inspections Division, Use of Polygraph Examinations in the department of Justice, September 2006.
(ङ) The British Psychological Society, A review of the current scientific status and fields of application of Polygraphic Deception Detection Final report 6 October 2004.

१. नक्कल माग्ने सरोकारवालाबाट लाग्ने नियमानुसारको दस्तुर लिई नक्कल सारी सराइदिनू .............१

२. यो मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख फाँटमा बुझाइदिनू .............................१

जिल्ला न्यायाधीश

मा.जि.न्या.ज्यूले बोली टिपाए बमोजिम पाना ३२ को फैसला तयार गर्ने
फाँटवाला : ना.सु.नारायण ब. भट्टराई
टाइप गर्ने : ना.सु. टेकराज गैरे

**इति सम्वत् २०७१ साल चैत्र ११ गते रोज ४ शुभम्................।**

श्री कालीकोट जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री श्रीप्रकाश उप्रेती

फैसला

सम्वत् २०७० सालको स.फौ.नं. ८, (८३–०७०–०००२६)

निर्णय नं. : ८८

*मुद्दा : ज्यान मार्ने उद्योग।*

**वादीको नाम, थर, वतन**

सतलसिंह बोगटी समेतको जाहेरीले नेपाल सरकार ..............................................१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला कालीकोट, फुकोट गा.वि.स. वडा नं. ६ बस्ने नेत्रराज शाहीको छोरा वर्ष २६ को कञ्चन शाही .....१

ऐ.ऐ. बस्ने जस्मले रोकायाको छोरा अं. वर्ष ४५ को जसी रोकाया ..............................................१

ऐ.ऐ. बस्ने नरबहादुर शाहीको छोरा अं. वर्ष ३० को जगत शाही..................................................१

ऐ.ऐ. बस्ने असीम रोकायाको छोरा अ. वर्ष २३ को हिक्मत रोकाया..............................................१

ऐ.ऐ. बस्ने दलवीर शाहीको छोरा अ. वर्ष २४ को नर्जन शाही..................................................१

**वादीका प्रमाण साक्षी**

प्र.ना.नि.मेघनाथ चापागाई .......................१

प्र.नि.चिरञ्जीवी दाहाल ............................१

रमेश रोकाया .......................................१

सतलसिंह बोगटी ..................................१

टक्क रोकाया ........................................१

लाकेन्द्र शाही. .....................................१

नयाँ भन्डारी ........................................१

लालवीर रोकाया.. ................................१

देवराज भारती .....................................१

प्रेमराज बराल .....................................१

धनवीर रोकाया ....................................१

**प्रतिवादीहरूको प्रमाण साक्षी**

अरुण शाही .....................................................१

अज रोकाया .....................................................१

नयाँ महतारा ...................................................१

मोहनवीर शाही ................................................१

धीरबहादुर शाही ..............................................१

कोसे बटाला ...................................................१

टक्क फर्साल......................................................१

मनिराज बराल ..................................................१

कालीबहादुर महतारा ........................................१

भीमबहादुर बम ................................................१

**अदालतबाट बुझेको**

टक्क रोकाया ........................................१

रमेश रोकाया ......................................१

नयाँ भन्डारी ......................................१
लालवीर रोकाया ................................१
धनवीर रोकाया ....................................१
मोहनवीर शाही ...................................१
ऐनबहादुर शाही ...................................१
कर्णबहादुर भन्डारी ..............................१
सुरेशबहादुर शाही ................................१
अज रोकाया ........................................१
धर्मराज शाही ......................................१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.बं. २९ नं. बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ।

जिल्ला कालीकोट, फुकोट गा.वि.स. वडा नं. ६ वनखेतस्थित पूर्वमा १५० मि. टाढा नेत्रबहादुर शाहीको तिनतले कच्ची घर, पश्चिममा हंशराज शाहीको मकैबारी, उत्तरमा आ.सि.पी. बजार गौरीगाउँ सिकुतर्फ जोन गोरेटो बाटो र दक्षिणमा ४० मि. टाढा हंशराज शाहीको दुई तले कच्ची घर यति चार किल्लाभित्र रहेको हंशराज शाहीको मकै, भटमास लगाएको बारीमा मकै भटमास, घाँसपात मडारिएको, वरपर ढुङ्गाहरू फालिएको र रगतजस्तो रातो पदार्थ लागेको थान–२ चिर्पट दाउरा फेला परेको भन्ने समेत ब्यहोराको घटना स्थल मुचुल्का।

Hit by sharp weapon multiple cut injury all over head measuring from 2cm to 10cm long उल्लेख भई whether fatal or not महलमा fatal उल्लेख भएको घाइते रमेश रोकायाको घाउ जाँच केस फाराम

Cut injury over nose, cheek measured 6-8cm भन्ने ब्यहोरा उल्लेख भई whether fatal or not भन्ने महलमा fatal उल्लेख भएको घाइते सतलसिंह बोगटीको घाउ जाँच केस फाराम।

Cutting 3cm long on middle of head भन्ने ब्यहोराको उल्लेख भई whether fatal or not भन्ने महलमा not fatal उल्लेख भएको घाइते टक्क रोकायाको घाउ जाँच केस फाराम।

मिति २०६८।५।२७ गते साँझ अं. ८:०० बजेको समयमा जिल्ला कालीकोट, फुकोट गा.वि.स. वडा नं. ६ मा पर्ने नेत्रराज शाहीको घर नजिकै गैरीगाउँ जाने बाटोमा उल्लिखित प्रतिवादीहरूले ज्यान मार्ने उद्देश्यले खुकुरी, ढुङ्गा र लाठीले हामीमाथि टाउको लगायत विभिन्न अङ्गमा जथाभावी प्रहार गरी बेहोस अवस्थामा फालिदिएको र घटना स्थल नजिक रहेका लालवीर रोकाया, नयाँ भन्डारी र जनक रोकाया समेतका मानिसहरूले उपचार गरी बचाएको साथै निजहरूले धनमाल समेत लिएकाले कानुनी कारबाही र दण्ड सजाय गरिपाउँ भन्ने समेत ब्यहोराको रमेश रोकाया, सतलसिंह बोगटी र टक्क रोकायाको संयुक्त जाहेरी दरखास्त।

जाहेरवालालाई खुकुरी लाठीजस्ता धारिला हतियारले प्रहार गरिएको अवस्थामा देखेको हुँ। घटनाका बारेमा विस्तृत बुझ्दा उल्लिखित प्रतिवादीहरूले जाहेरवालाहरूलाई धारिलो हतियार प्रहार गरी

ज्यान मार्ने उद्योग गरेका हुन्, सो कुरामा पूर्ण विश्वास लाग्छ भन्ने समेत ब्यहोराको लोकेन्द्र शाहीको कागज।

मिति २०६८।५।२७ गते अं. २०:०० बजेको समयमा फुकोट–६, कालीकोटस्थित सडक बाटोमा जात्रा हेरी घर फर्कने क्रममा मभन्दा अगाडि जात्रा हेरेर घर फर्केका जाहेरवालाहरूलाई उल्लिखित प्रतिवादीहरूले खुकुरी, लाठी, चक्कु, ढुङ्गाजस्ता धारिला हतियारले टाउको लगायत शरीरका विभिन्न भागमा जथाभावी प्रहार गरी मरणासन्न हुने गरी कुटपिट गरिरहेका अवस्थामा म लगायत लालवीर रोकाया र जनक रोकायाले देखेपछि निजहरू भागी गएका र रमेश रोकाया बेहोस अवस्थामा रहेका, अन्य जाहेरवालाहरूलाई शरीरका विभिन्न भागमा चोटपटक लागी गम्भीर अवस्थामा रहेका थिए भन्ने समेत ब्यहोराको प्रत्यक्षदर्शी नयाँ भन्डारीको कागज।

मिति २०६८।५।२७ गते अं. २०:०० बजेको समयमा फुकोट–६, कालीकोटस्थित वनखेत सडक बाटोमा जात्रा हेरी घर फर्किरहेका अवस्थामा यी प्रतिवादीहरूलाई विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले ज्यान मार्ने उद्देश्यले धारिलो हतियार खुकुरी, चक्कु, लाठी, ढुङ्गा शरीरका विभिन्न भागमा यत्रतत्र प्रहार गरिरहेको अवस्था म समेतले देखेपछि उक्त हतियारहरू समाती भागी फरार भएका र जाहेरवालाहरू गम्भीर घाइते अवस्थामा रहेका हुन् भन्ने समेत ब्यहोराको प्रत्यक्षदर्शी लालवीर रोकायाले गरेको कागज।

उल्लिखित मिति, समय तथा स्थानमा जाहेरवालाहरू जात्रा हेरी घर फर्किरहेका अवस्थामा यी प्रतिवादीहरूले धारिलो हतियार खुकुरी, चक्कु, लाठी, ढुङ्गा निजहरूलाई प्रहार गरिरहेका अवस्थामा नयाँ भन्डारी समेतका मानिसहरूले देखेपछि प्रतिवादीहरू भागी गएका भन्ने सुनी थाहा पाई उपचार भइरहेका अवस्थामा हेर्दा निजहरू गम्भीर घाइते अवस्थामा देखेको हुँ भन्ने समेत ब्यहोराको देवराज भारतीको कागज।

उल्लिखित जाहेरवालाहरूलाई कञ्चन शाही समेतका पाँचजना प्रतिवादीहरूले जात्रा हेरी फर्किरहेका अवस्थामा वारदात स्थलमा लाठी, खुकुरी, ढुङ्गाजस्ता धारिला हतियार जथाभावी प्रहार गरी ज्यान मार्न लागिरहेका अवस्थामा नयाँ भन्डारी समेतका मानिसहरूले देखेपछि निजहरू हतियार सहित भागी गएका भन्ने सुनी थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको प्रेमराज बरालको कागज।

जाहेरवालाहरूलाई उल्लिखित प्रतिवादीहरूले जात्रा हेरी फर्किरहेका अवस्थामा खुकुरी, लाठी, ढुङ्गाजस्ता धारिला हतियार जथाभावी प्रहार गरी ज्यान मार्न लागिरहेकामा नयाँ भन्डारी समेतका मानिसहरूले देखेपछि निजहरू भागी गएका सुनी थाहा पाएको हो भनी धनवीर रोकायाले गरेको कागज।

प्रत्यक्षदर्शी जनक रोकाया कामका सिलसिलामा भारततर्फ गई फेला नपरेकाले उपस्थित गराउन नसकिएको भन्ने ब्यहोराको प्रहरी सञ्चार।

उल्लिखित प्रतिवादीहरू खोजतलास गर्दा फेला नपरेको भन्ने ब्यहोराको प्र.स.नि. कपिलदेव चौधरीको प्रहरी प्रतिवेदन।

मिति २०६८।५।२७ गते प्रस्तुत घटनाको वारदात भई मिति २०६८।५।२८ गते घटना स्थल मुचुल्का भएकामा मिति २०६८।६।१ गते प्रस्तुत मुद्दाको किटानी जोहरी परी अनुसन्धान कार्य पूरा भई मिति २०७०।५।६ गते मात्र यस कार्यालयमा राय प्राप्त भएको देखिएकामा जाहेरी दरखास्तमा नगद, सुन, मोबाइल, घडी लुटी लगेको भन्ने अन्य कागजबाट नदेखिएको समेतका माथि उल्लिखित आधार प्रमाण कारणबाट मिति २०६८।५।२७ गते साँझ अं. २०:०० बजेको समयमा फुकोट–६,

कालीकोटस्थित सडक, बाटोमा विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले यी उल्लिखित जाहेरवालाहरूलाई ज्यान मार्ने मनसायले धारिलो हतियारले टाउको लगायत शरीरका विभिन्न भागमा यत्रतत्र प्रहार गरी ज्यान मार्ने उद्योग गरेकाले उल्लिखित प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १ नं. विपरीत १५ नं. को कसुर अपराधमा ऐ. १५ नं. बमोजिम सजाय गरी पाउन सक्कल मिसिल समेत यसैसाथ संलग्न गरी पेस गरिएको भन्ने समेत ब्यहोराको मिति २०७०।५।९ गतेको अभियोग पत्र।

मिति २०७०।५।२७ गते म मेलाबाट ससुराली घरतर्फ जान लाग्दा बाटोमा एक्कासि टाउकामाथि ढुङ्गा आएर रगत बग्न थाल्यो, ढुङ्गा आयो भनी हेर्दा प्रतिवादीहरू म भएको ठाउँमा आई सबैभन्दा पहिला कञ्चन शाहीले खुकुरीले मेरो नाकमा प्रहार गर्दा नाक र गालामा चोट लाग्यो, म बेहोस अवस्थामा गइसकेपछि को कसले कसरी प्रहार गरे मलाई थाहा भएन। जोहेरीमा उल्लिखित मोबाइल, घडी, सुनको सिक्री लगायतको कुनै सामान र नगद समेत पाएको छैन। मान्म अस्पताल आउने क्रममा स्थिति नाजुक भएका कारण र सुरक्षाकर्मीको सम्पर्कका आधारमा रेङ्गिलबाटै जिते हुँदै नेपालगञ्ज गएका हौं भन्ने समेत ब्यहोराको जाहेरवाला सतलसिँह बोगटीले यस अदालतमा गरेको बकपत्र।

मिति २०६८।५।२७ गतेको साँझ ८:०० बजेको समयमा म आफ्नै घरमा थिएँ। जाहेरवालाहरू तथा अन्य प्रतिवादीहरू कहाँ थिए मलाई थाहा थिएन। खापरमाडु देवताको जात्रा लाग्ने स्थान मेरो घरदेखि दुई घन्टा टाढा छ। उक्त दिन खापरमाडु देवताको मेला जात्रामा नगएको हुँदा जाहेरवालाहरूलाई को कसले कुटपिट गरे मलाई थाहा भएन। भोलिपल्ट गाउँघरमा हल्ला सुन्दा जाहेरवालाहरू सलतसिंह बोगटी, रमेश रोकाया र खड्क रोकायाहरूले मादक पदार्थ सवेन गरी जात्रामा विभिन्न मानिसहरूसँग झगडा गरेको र कुटपिट गरेको कुरा मैले सुनी थाहा पाएको हुँ। म समेतले खुकुरी, ढुङ्गा र लाठीले हानी घाइते बनायौं भन्ने जाहेरी दरखास्त सरासर झुट्टा बनावटी हो, घटना विवरण कागज गर्ने मानिसहरू नयाँ भन्डारी, रमेश रोकाया र टक्क रोकाया समेतका मानिसहरू रहेको हुँदा मलाई दुःख दिने र फसाउने नियत राखी झुट्टा ब्यहोरा लेखाएका हुन्। मैले अभियोग मागदाबी अनुसारको कसुर अपराध नगरेको हुँदा मलाई सजाय हुनु पर्ने होइन भन्ने समेतको ब्यहोराको प्रतिवादी जसी रोकायाले यस अदालतमा गरेको बयान।

मिति २०६८।५।२७ गते बिहान म घरबाट हिँडी मान्म बजारमा फुकोट गा.वि.स.को प्रसूति गृह हेपुको भवन बनाउने कामका लागि किलाकाँटा लिन आएको थिएँ, साँझ ५:०० बजेतिर घरतर्फ फर्कंदा बदालकोट गा.वि.स., वडा नं.२ मा पर्ने रङ्गिल भन्ने ठाउँमा साँझ परी मेरा भिनाजु नाता पर्ने सुरेशबहादुर शाहीको घरमा बास बसी भोलिपल्ट त्यँहाबाट घरतर्फ गएको हुँदा वारदात मिति र समयमा म वारदात स्थलमा छैन। म वारदात स्थलमै नगएको मानिसले जाहेरवालाहरूलाई कसरी कुटपिट गरेको हुँला, सो ब्यहोरा आफै बनावटी र कल्पित छ। म मिति २०६८।५।२८ गते साँझ घरमा पुगेपछि खापरमाडु जात्रामा जाहेरवाला सतलसिंह बोगटी, रमेश रोकाया र टक्क रोकाया अत्यधिक मात्रामा मदिरा सेवन गरी जात्रा हेर्न आएका मानिससँग झगडा गरेका थिए र पछि आफै जात्रामा लडी टाउको समेतका ठाउँमा चोट लागेको छ भनी टक्क फर्साल, मनिराज बराल र भीमबहादुर बमले भनेपछि थाहा पाएको हुँ। निजले पैसा हराएका सम्बन्धमा समेत मलाई केही थाहा छैन। दुःख दिने नियतले झुट्टा जाहेरी दिएका हुन्, निज जाहेरवालाहरूसँग राजनीतिक विषयमा कुरा हुँदा मसँग पूर्वाग्रही रहेका थिए, उक्त विषयलाई लिई

झुट्टा एवम् बनावटी जाहेरी दिएका हुन्। निज जाहेरवालाहरूका आफन्त र गफमतका मानिसहरू रहेका हुँदा झुट्टा ब्यहोरा लेखाएका हुन्। मलाई आभियोग मागदाबी बमोजिम सजाय हुनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी जगतबहादुर शाहीले यस अदालतमा गरेको बयान।

मिति २०६८।५।१५ गतेदेखि मालकोट गा.वि.स. भवनको सिलान्यास गरी उक्त भवन निर्माण कार्यमा बसी मिति २०६८।६।१ गते मात्र घरतिर गएको हुँ। उक्त मिति २०६८।५।१५ मा मेरो दाजु अग्रगामी निर्माण सेवाका नामबाट मालकोट गा.वि.स. भवन निर्माण कार्यमा मालकोटमा हुँदा जाहेरवालाहरू सतलसिंह, रहेश रोकाया र टक्क रोकाया समेतसँग मेरो भेट भएन्, वारदात स्थलमा नभएको मानिसले कसैले जाहेरवालाहरूलाई कुटपिट गरी नगद समेत लुटी गरेका हौंला, जाहेरवाला मध्येका रमेश रोकाया र टक्क रोकायासँग वन समिति विषयमा वादविवाद भएको थियो। उक्त मितिमा कापरमाडु देवताको जात्रामा निजहरूले मादक पदार्थ सेवन गरी जात्रा हेर्न आएका मानिसहरूसँग झगडा गरेका थिए भन्ने कुरा केही समयपछि मिति २०६८।६।१ मा घर आउँदा सुनी थाहा पाएको हुँ। घटनाका बारेमा मलाई केही थाहा छैन, अदालतबाट म्याद गएपछि मात्र मुद्दा भएको कुरा थाहा पाएको हुँ। निज जाहेरवालाहरूलाई मैले कुटपिट गरेको होइन, घाउ जाँच केस फाराम के कसरी गरेका हुन् मलाई थाहा छैन। अत्यधिक मदिरा सेवन गरी आफै लोटेर घाउ लाग्यो, नेपालगञ्जतिर औषधी उपचार गर्न गएका हुन् भनी हल्लासम्म सुनी पाएका हौं। वास्तविक अपराधीलाई सजाय हुनु पर्ने हो, म घटनामा नभएको मानिसलाई झुट्टा अभियोग दाबी अनुसार सजाय हुनु पर्ने होइन भन्ने समेत ब्यहोराको कञ्चन भन्ने कमलराज शाहीले यस अदालतमा गरेको बयान।

मिति २०६८ श्रावण महिनादेखि ऐ. असोज महिनासम्म बाख्रा लगी स्युना गा.वि.स. को वडा नं. १ मा पर्ने राँगाखाडा भन्ने लेकमा गएको हुँदा घटना घटेको ठाउँमा थिइनँ, जाहेरवालाहरूसँग भेट भएन, जाहेरवालाहरूलाई को कसले कुटपिट गरे मलाई थाहा छैन। निजहरूको पैसा तथा मोबाइलहरू लुटपिट भए नभएको मलाई थाहा भएन। म बाख्रा गोठालो भएको मानिसले ज्यान मार्ने उद्योगजस्तो अपराधमा किन जाहेरी दिएका हुन् मलाई थाहा भएन। जाहेरवालाहरूलाई अत्यधिक मदिरा सेवन गरी हल्ला झगडामा लडेर घाउचोट लाग्न सक्छ भन्ने कुरा पछि सुनेर थाहा पाएको हुँ। उपचार गर्न जाँदा म समेतलाई फसाउने नियतले केस फाराम बनाएको हुनु पर्छ। मलाई सजाय हुनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी नरञ्जन शाहीले यस अदालतमा गरेको वयान।

मिति २०५८।५।२७ गते साँझ ८ बजेको समयमा खापरमाडु देवताको जात्रामा मेरो बाजे अज रोकाया पुजारी हुँदा पुजारीलाई सहयोग र मेलालाई व्यवस्थित गर्न मन्दिर नजिक काममा व्यस्त थिएँ। जाहेरवालाहरू कहाँ थिए, मसँग भेट भएन। २०६७ साल विद्यालयको खाताहरू अडिट गर्ने विषयमा मसँग झगडा भएको थियो। सोही इवी साधन गर्न र मलाई दुःख दिने नियत राखी झुट्टा जाहेरी दिएका हुन्। जाहेरवालाहरूले अत्यधिक मात्रामा मदिरा सेवन गरेका थिए, जात्रामा को कसले झगडा गरेका थिए, हल्ला सुन्दा आफै लोटी चोट लागेको भन्ने सुनेको हुँ। मैले अभियोग मागदाबी बमोजिम कसुर नगरेको हुँदा सजाय पाउनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी हिक्मत रोकायाले यस अदालतमा गरेको बयान।

जाहेरी दरखास्त, घटना स्थल मुचुल्का, पीडितहरूको घाउ जाँच केस फाराम घटना स्थलका प्रत्यक्षदर्शी लगायतका घटना विवरणका मानिसले लेखाइदिएको ब्यहोरा समेतका मिसिल संलग्न तत्काल

प्राप्त कागज प्रमाणहरूको मूल्याङ्कन गर्दा यी प्रतिवादीहरूको हकमा मुलुकी ऐन, अ.बं. ११८ को देहाय २ आकर्षित हुने नै देखिन आयो। पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी यी प्रतिवादीहरूलाई अ.बं.११८(२) बमोजिम थुनामा राखी पुर्पक्ष गर्ने गरी यस अदालतका नि. स्रेस्तेदारबाट मिति २०७०।९।८ र मिति २०७०।९।९ मा भएको थुनछेक आदेश मिलेकै देखिँदा सदर गरिदिएको छ भन्ने समेत ब्यहोराको यस अदालतको मिति २०७०।११।२९ गतेको आदेश।

जाहेरवाला रमेश रोकाया र मेरो घर ४०\५० मिटर टाढा छ। तेरो छोरा भए त बच्ने थिएन, तँ भएको हुँदा बचाइदिएको हो भनी प्रतिवादीले भनेका हुन् भन्ने समेत ब्यहोराको जाहेरवाला टक्क रोकायाले गरेको बकपत्र।

विद्यालय व्यवस्थापन समितिको विषयलाई लिएर व्यवस्थापन समितिको अध्यक्ष र अन्य सदस्यहरू आफैले लिने भनेपछि प्रतिवादीहरूसँग विवाद भएको थियो, सोही कारणले जात्रा हेर्न गई फर्किने क्रममा वनखेत भन्ने खोलामा प्लानका साथ बसेकाले ढुङ्गा मुढाले हानेका र पछि खुकुरीले हानेका हुन्, तिस पैंतिस जनाको जत्था थियो, सो ठाउँमा मलाई पहिला ढुङ्गा लाग्यो, त्यसपछि खुकुरीले हानेको हो, खुकुरीले हानेपछि म बेहोस भएको हुँ, हामी जाहेरवाला तिन जना हौं। म रमेश रोकायाको १ सेट मोबाइल, १ घडी, रू.११०००।– नगद मबाट लुटी लगेको हो भन्ने समेत ब्यहोरा जाहेरवाला रमेश रोकायाले यस अदालतमा गरेको बकपत्र।

घटना मैले नजिकबाट देखेको हो, जाहेरवालाहरू र म सँगसँगै थियौं, घटना हुँदा साँझ परेको झमझम थियो, मैले यी प्रतिवादीहरूलाई नजिकबाट देखेको हुँ। मिति २०६८।५।२८ गते जाहेरवालाहरूसँग स्युना प्रहरी चौकीमा छु, स्वास्थ्य चौकीमा उपचार भएको थियो। गाउँघरका मानिसलाई गुहारेर स्टेचरमा राखी मान्म आउने भन्ने प्रक्रिया हुँदा उक्त राती मान्म अस्पतालमा पुऱ्याई त्यहाँ उपचारसम्म हुन नसकेपछि राती नै हुल्म नेपालगञ्ज लगेको हो भन्ने समेत ब्यहोराको घटना विवरण कागज गर्ने नयाँ भन्डारीले यस अदालतमा गरेको बकपत्र।

जाहेरवालाहरू प्रतिवादी बिच झगडा हुँदा ठाउँ साँघुरो भएको र ठोक् भन्ने आवाज आएकाले धेरैजना मानिसहरू बोलाएका र टर्च लगाएका हुँदा म त्यहाँबाट भागी गएको हुँ। त्यहाँबाट घरमा जाँदा जाहेरवाला मध्येको टक्क रोकाया घरमा आएको सुनिएको, रगत आएको, अरू खोइ भन्दा म घरमा आएँ, अरू कहाँ गए, मलाई थाहा छैन भनेको हो। राती हुँदा म पनि त्यहाँ गएको होइन, प्रतिवादीहरूले हातहतियार ल्याएर जाहेरवालाहरूलाई हानेको र भागेको देखेको हुँ भन्ने समेत ब्यहोराको घटना विवरण कागज गर्ने लालवीर रोकायाले यस अदालतमा गरेको बकपत्र।

घटना हुँदा म घरमै थिएँ, रातीको समयमा केही थाहा भएन। भोलिपल्ट स्युना स्वास्थ्य चौकीमा उपचार भएको हो। त्यहाँबाट जिल्ला अस्पतालमा ल्याएको हो। डाक्टरले उपचार हुन सक्दैन भनेपछि नेपालगञ्ज लगिएको हो भन्ने समेत ब्यहोराको घटना विवरण कागज गर्ने धनवीर रोकायाले यस अदालतमा गरेको बकपत्र।

उक्त मितिमा मालकोट गा.वि.स. भवन निर्माण भइरहेको हुँदा म सोही ठाउँमा थिएँ। प्रतिवादी कञ्चन भन्ने कमलराज शाही सोही ठाउँमा मिति २०६८।५।१५ गतेदेखि भवनको शिलान्यास भई हामीहरू उक्त दिनमा सँगै थियौं। अभियोग मागदाबी बमोजिम कसुर अपराध नगरेको हुँदा सजाय हुनु पर्ने

होइन, मिति २०६८ असोज १ गते घरतर्फ जाने भएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी कञ्चन भन्ने कमलराज शाहीका साक्षी मोहनवीर शाहीले यस अदालतमा गरेको बकपत्र।

मिति २०६८।५।२७ गते दिनभर र साँझ पनि म काम विशेषले जसी रोकायाको घरमा गएको थिएँ। जसी रोकायासँगै बसी सो रात निजकै घरमा बास बसी भोलिपल्ट मात्र आफ्नो घरमा आएको हुँ। प्रतिवादी जसी रोकाया वारदात मिति र समयमा आफ्नो घरमा भएको हुँदा सजाय हुनु पर्ने होइन। मिति २०७०।५।२७ गतेदेखि प्रतिवादी जसी रोकाया उच्च मा.वि. उद्घाटन, जिल्ला प्रशासन कार्यालय मान्ममा सार्वजनिक मुद्दामा पनि उपस्थित हुनु हुन्थ्यो। कृषि व्यवसाय गर्ने हुँदा घरमा नै भएको र निज बाबुको २०७० वैशाख २ गते मृत्यु भएकाले निज गाउँघरमा नै हुनु हुथ्यो। जाहेरवालाहरूको व्यक्तिगत पूर्वाग्रहबाट जाहेरी दिएको हुनु पर्छ भन्ने समेत ब्यहोराको प्रतिवादी जसी रोकाया साक्षी ऐनबहादुर शाहीले यस अदालतमा गरेको बकपत्र ।

मिति २०६८।५।२७ गते म खापरमाडु भन्ने जात्रामा थिएँ, साँझको सात बजेतिर प्रतिवादी हिक्मत रोकाया म समेत भई घरतिर सँगै गएका हौं। करिव साँझसम्म सँगै थियौं। जाहेरवालामध्ये सतलसिंह बोगटी र टक्क रोकायासँग भेट भएको हो, रमेश रोकायासँग भेट भएन, उक्त दिन साँझ करिब ८ बजेतिर झगडा भएको खबर जाहेरवालामध्येका सतलसिँह वोगटीले फोनमार्फत खबर गरेपछि म झगडा भएको ठाउँमा पुग्दा सतलसिँह बोगटी मात्र थिए। के भयो को हो भनी भन्दा नजिकका मानिसहरूसँग झगडा भयो, अरू सबै कता भागे मलाई थाहा भएन भनेका र निजलाई पनि सामान्य चोट लागेको थियो। अभियोग मागदाबी बमोजिम कसुर अपराध नगरेको हुँदा सजाय हुनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी हिक्मत रोकायाका साक्षी कर्णबहादुर भन्डारीले यस अदालतमा गरेको बकपत्र।

मिति २०६८।५।२७ गते म आफ्नो घरमा नै थिएँ। प्रतिवादी जगत शाहीसँग झोलामा कब्जाहरू थिए। उक्त दिन निज मसँग वदालकोट २ को रङ्गिल भन्ने ठाउँमा भएको हुँदा निजलाई अभियोग मागदाबी बमोजिम सजाय हुनु पर्ने होइन। मिति २०६८।५।२७ गते निज मान्म बजारबाट आफ्नो घरतर्फ गएका हुन् भन्ने समेत ब्यहोराको प्रतिवादी जगतबहादुर शाहीका साक्षी सुरेशबहादुर शाहीले यस अदालतमा गरेको बकपत्र।

मिति २०६८।५।२७ गते म बाख्रा चराउने काममा राँगाखाडा भन्ने लेकमा गएको थिएँ, प्रतिवादी नरजंन शाहीको बाख्रा चराउने काम हुँदा निज र म सँगै थियौं। खापरमाडु जात्रामा हल्ला भयो भन्ने कुरा २।४ दिनपछि मात्र थाहा भयो। निजलाई अभियोग मागदाबी बमोजिम सजाय हुनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी नरजन शाहीका साक्षी अज रोकायाले यस अदालतमा गरेका बकपत्र।

मिति २०६८।५।२७ गते साँझ जात्रा लागेको हुँदा प्रतिवादी हिक्मत रोकाया र म सँगै मन्दिरको परिसरभित्र छौं। हामी धामीझाँक्री पुजारीसँग अन्दाजी ९ बजेसम्म जात्रामा छौं। जात्रा सकिएपछि पुजारीसँग सँगै घर गएका हौं। वारदातका दिन जात्रामा उदण्ड व्यवहार गरिरहेका जाहेरवालाहरूलाई प्रतिवादी हिक्मत रोकायाले कुटपिट नगरेको र निज निर्दोष हुन्। अभियोग मागदाबी बमोजिम सजाय हुनु पर्ने होइन। कर्णबहादुर भन्डारीले भनेको कुरा साँचो होइन भन्ने समेत ब्यहोराको प्रतिवादी हिक्मत रोकायाका साक्षी धर्मराज शाहीले यस अदालतमा गरेको बकपत्र।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू अध्ययन गरी, वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री उत्तम थापाले मिति २०६८।५।२७ गते पीडित जाहेरवालाहरू खापरमाडुको जात्रा हेरेर फर्किने क्रममा फुकोट गा.वि.स. को वडा नं. ६ मा पर्ने वनखेत भन्ने स्थानमा आइपुग्दा यी प्रतिवादीहरूले पीडितहरू उपर धारिलो हतियार, ढुङ्गा, काठको चिर्पटले प्रहार गरेको अवस्था छ। यी प्रतिवादीहरूले प्रहार गरिरहेका अवस्थामा सो स्थानमा घटना विवरणका मानिसहरू नयाँ भन्डारी र लालवीर रोकाया आइपुगेका, निजहरूलाई देखी यी प्रतिवादीहरू भागेको र नयाँ भन्डारी समेतका व्यक्तिले पीडितको उद्धार गरेको अवस्था छ। धारिलो हतियारले टाउकोजस्तो संवेदनशील अङ्गमा यत्रतत्र प्रहार गरेको कार्यले निजहरूले मार्ने नियतले नै प्रहार गरेको पुष्टि हुन्छ। मौकामा उद्धार भई उपचार भएका कारणले बाँच्न सफल भएको अवस्था हुँदा ज्यान मार्ने उद्योगको वारदात पुष्टि भइरहेकाले यी प्रतिवादीहरूलाई अभियोग मागदाबी बमोजिम कसुर कायम गरी सजाय हुनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नु भयो।

प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री तिर्थराज ज्ञवाली, श्री अमलराज शाही र श्री गोविन्दप्रसाद चुवाईले घाउ जाँच केस फाराममा उल्लिखित विवरण विरोधाभाषपूर्ण छ, रमेश रोकायाको घाउ जाँच केस फाराममा बिरामीको Condition मा fair लेखिएको छ भने fatal or not भन्ने ठाँउमा fatal लेखिएको छ, fair condition को बिरामी fatal हुँदैन। यस अदालतबाट झिकाइएका घाउ जाँच गर्ने डाक्टरले अदालतमा उपस्थित भई बकपत्र गर्न नसकेका अवस्थामा निजको रायलाई प्रमाणमा लिन मिल्दैन। प्रत्यक्षदर्शी भनिएका लालवीर रोकायाले अदालतमा बकपत्र गर्न आफु वारदात स्थलमा नभएको भनी उल्लेख गरेको अवस्था छ। वारदातमा प्रहार गरिएको भनिएको धारिलो हतियार बरामद र परीक्षण हुन सकेको छैन। कुन प्रतिवादीको के कति प्रहारले चोट लागेको हो भनी अभियोग पत्रमा खुलाउन सकेको अवस्था छैन। जाहेरवाला पीडित रमेश रोकायाले अदालतमा बकपत्र गर्दा वारदात स्थलमा ३०।३५ जनाको जत्था थियो भनी उल्लेख गरेको तथ्य अन्य मिसिल संलग्न कुनै प्रमाणहरूबाट समर्थित भएको अवस्था छैन। यी प्रतिवादीहरू विद्यालय व्यवस्थापन समिति र वनको उपभोक्ता समितिका सदस्य, पदाधिकारी नभएकाले सो विषयमा पीडितहरूसँग झगडा हुनु पर्ने कारण छैन। पीडितहरूले अदालतमा बकपत्र गर्दा पूर्व रिसइवी, लेनदेन नभएको भनी उल्लेख गरेको अवस्था छ। प्रतिवादीहरूले मार्न चाहेको भए मार्न सक्ने अवस्था हुँदाहुँदै पीडितहरूलाई नमारी छाडी गएको वारदात प्रत्यक्षदर्शी नयाँ भन्डारी तथा लालवीर रोकायाको भनाइले पुष्टि भइरहेको हुँदा प्रस्तुत मुद्दाको विवाद सामान्य कुटपिटको विवाद हो। प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको अभियोगबाट सफाइ पाउनु पर्दछ भन्ने समेत बहस जिकिर प्रस्तुत गर्नु भयो।

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरी वादी, प्रतिवादीहरूका तर्फबाट प्रस्तुत विद्वान कानुन व्यवसायीहरूको बहस जिकिर समेत सुनी विचार गर्दा यी प्रतिवादीहरू उपरको अभियोग मागदाबी पुग्न सक्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा यी प्रतिवादीहरूले जाहेरवालालाई ज्यान मार्ने मनसायले धारिलो हतियारले टाउको लगायतका शरीरका विभिन्न अङ्गमा प्रहार गरी ज्यान मार्ने उद्योग गरेकाले निजहरूको कार्य ज्यान

सम्बन्धी महलको १ नं. र १५ नं. विपरीतको कार्य भएकाले उक्त महलको १५ नं. बमोजिम सजाय गरिपाउँ भनी अभियोग पत्र दायर भएको देखिन्छ। यी प्रतिवादीहरू मौकामा फरार रहेको र यस अदालतबाट जारी भएको म्यादमा हाजिर भई बयान गरेको देखिन्छ। यी प्रतिवादीहरूले अदालतमा बयान गर्दा आफुहरू वारदात स्थलमा नभई अन्यत्र रहेको भन्ने ब्यहोरा उल्लेख गरी अन्यत्रता (alibi) को जिकिर लिएको देखिन्छ। निजहरूका साक्षीहरूले निजको भनाइलाई समर्थन गर्ने गरी अदालतमा बकपत्र गरेको देखिन्छ। उक्त वारदातका प्रत्यक्षदर्शी घटना विवरणमा कागज गर्ने नयाँ भन्डारी र लालवीर रोकायाले अनुसन्धानका क्रममा यी प्रतिवादीहरूले वारदात स्थलमा जाहेरवालालाई प्रहार गरिरहेको अवस्थामा देखेको भनी उल्लेख गरेको र अदालतमा आई बकपत्र गर्दा समेत सोही कुरालाई समर्थन गरेको देखिन्छ। यी प्रत्यक्षदर्शीहरूको भनाइलाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम अदालतले प्रमाणमा लिनु पर्ने हुन्छ। यसका अतिरिक्त पीडित जाहेरवालाहरूले जाहेरी दरखास्तमा यी प्रतिवादीहरू उपर निजहरूले प्रहार गरेको भनी किटान गरी जाहेरी दिई अदालतमा आई बकपत्र गर्दा समेत सोही कुरालाई पुष्टि गरी बकपत्र गरेको हुँदा यी प्रतिवादीहरू वारदात स्थलमा नै नभएको भन्ने निजहरूको अन्यत्रता (alibi) को जिकिरसँग सहमत हुन सकिएन। यसबाट निज प्रतिवादीहरूको आक्रमण प्रहारबाट नै जाहेरवाला पीडितहरूलाई चोटपटक लाग्न गएको देखिन्छ।

पीडितहरूको घाउ जाँच गर्ने डाक्टरले अदालतको आदेश बमोजिम अदालतमा उपस्थित भई बकपत्र गर्न नसकेको हुँदा घाउ जाँच केस फारामलाई प्रमाणमा लिन मिल्दैन भन्ने प्रतिरक्षी कानुन व्यवसायीहरूको जिकिरतर्फ विचार गर्दा प्रमाण ऐन, २०३१ दफा २३(७) मा "कुनै व्यक्तिले व्यक्त गरेको कुनै राय सो व्यक्ति साक्षीकa रूपमा आफै अदालतमा उपस्थित भएमा मात्र यस दफा बमोजिम प्रमाणमा लिन हुन्छ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। सो व्यवस्था अनुसार अनुसन्धानका क्रममा राय व्यक्त गर्ने व्यक्तिले अदालतमा आई बकपत्र गरेमा मात्र निजले व्यक्त गरेको रायलाई प्रमाणमा लिन मिल्दछ। मिसिल संलग्न घाउ जाँच केस फारामहरू अध्ययन गर्दा परीक्षण गर्ने डाक्टरले सो केस फाराममा घाउ चोटका विवरणहरू उल्लेख गरी बिरामीको अवस्था (Condition of patient) र मर्ने वा नमर्ने (Whether fatal or not) सम्बन्धमा मात्र राय व्यक्त गरेको देखिन्छ। घाउ जाँच भएको अस्पताल र घाउ जाँच गर्ने डाक्टरको वैधता र क्षमताका बारेमा प्रतिवादीहरूका तर्फबाट प्रश्न उठाउन सकेको अवस्था देखिन आउँदैन। यस सन्दर्भमा डाक्टरले कानुन बमोजिम मौकामा पीडित जाहेरवालाहरूको घाउ जाँच र शारीरिक परीक्षण गरी घाउ चोटका बारेमा देखिएको अवस्थालाई उक्त विवरणमा उल्लेख गरेको पाइन्छ। यसबाट निजले मौकामा उल्लेख गरेका घाउ चोटका विवरणहरू निजको राय नभई मौकामा उल्लेख भएका घाउ चोटको विवरण भएको देखिन आउँछ। यसका अतिरिक्त मुलुकी ऐन, कुटपिटको महलको २० नं. को अध्ययन गर्दा समेत उक्त घाउ जाँच फारामलाई अन्यथा भन्नु पर्ने अवस्था छैन। यसबाट मौकामा भएको पीडितहरूको घाउ जाँच केस फाराममा उल्लिखित विवरणहरूलाई प्रमाणमा लिन मिल्ने नै देखिन्छ।

पीडितहरूको घाउ जाँच केस फाराम अध्ययन गर्दा रमेश रोकायाको घाउ जाँच केस फाराममा Hit by sharp weapon multiple cut injury all over head measuring from 2cm to 10cm long उल्लेख भई whether fatal or not भन्ने महलमा fatal उल्लेख गरेको पाइन्छ। सतलसिंह बोगटीको घाउ जाँच केस

फाराममा Cut injury over nose, cheek measured 6-8cm भन्ने ब्यहोरा उल्लेख भई whether fatal or not भन्ने महलमा fatal उल्लेख गरेको देखिन्छ भन्ने टक्कबहादुर रोकायाको घाउ जाँच केस फाराममा Cutting 3cm long on middle of head भन्ने ब्यहोराको उल्लेख भई whether fatal or not भन्ने महलमा not fatal भनी उल्लेख गरेको देखिन्छ।

प्रत्यक्षदर्शी नयाँ भन्डारी र लालवीर रोकायाले अनुसन्धानका क्रममा गरेको कागज तथा निजहरूको अदालतमा भएको बकपत्र र जाहेरी दरखास्तमा उल्लिखित ब्यहोरा र सो ब्यहोरालाई समर्थन गर्ने पीडित जाहेरवालाहरूले अदालतमा गरेको बकपत्रबाट यी प्रतिवादीहरूले पीडितहरू उपर आक्रमण गरी वारदात घटाएको पुष्टि हुन आउँछ। प्रस्तुत मुद्दामा उक्त वारदात ज्यान मार्ने उद्योगको वारदात हो होइन भन्ने विषय विचारणीय हुन आएको छ। सोतर्फ विचार गर्दा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. मा "कानुन बमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन" भनी ज्यान मार्ने उद्योगलाई अपराधीकरण (Criminalization) गरिएको छ भने सोही महलको १५ नं. मा "ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकामा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गई वचन दिने वा मद्दत गर्नेलाई पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नु पर्छ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। उक्त व्यवस्था अनुसार ज्यान मार्ने उद्योगको कसुर अपराध कायम हुन कर्तव्य ज्यान (Murder) को वारदात कायम हुन चाहिने सबै तत्त्वहरू आपराधिक कार्य (Autus reus), आपराधिक मनसाय (Mesn rea) र वैध प्रतिरक्षाको अभाव (Absence of valid defense) हुनु पर्दछ तर कर्तव्य ज्यान परिणामजन्य अपराध (Result crime) भएका हुनाले ज्यान मर्न भने पाएको हुनु हुँदैन। उल्लिखित आपराधिक कार्य, आपराधिक मनसाय र प्रतिरक्षाविहीनताको संयोजनात्मक प्रभावबाट मानिसको मृत्यु भएमा कर्तव्य ज्यानको वारदात हुने र यी सबै तत्त्वहरूको उपस्थितिमा पनि कुनै कारणले मानिसको मृत्यु हुन पाएको रहनेछ भने ज्यान मार्ने उद्योगको वारदात हुन्छ।

ज्यान सम्बन्धी महलको १५ नं. को कानुनी व्यवस्थाको व्याख्या गर्दे सम्मानित सर्वोच्च अदालतले ने.का.प. २०५१, अङ्क ४, नि.नं. ४८९०, पृ. २२६ मा प्रकाशित महेन्द्रराज बम विरुद्ध श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग मुद्दामा "ज्यान मार्ने उद्योग सबै दृष्टिबाट ज्यानसम्बन्धी अपराध नै हुन्छ, सिर्फ ज्यान भने मर्न गएको हुँदैन। अभियुक्तले ज्यान मार्न भनी गरेको कार्य तेस्रो तत्त्वको अप्रत्यासित रूपमा अपर्झट उपस्थिति वा विद्यमान हुन गएका कारणले सम्पन्न हुन नपाएको हुन्छ। प्रतिवादी आफैले मर्नेसम्मको कार्य नगरी छाडी गएको वा पहिलेदेखि नै मार्ने कार्य गर्न नसक्ने अवस्था विद्यमान रहेको स्थिति हुँदैन। तेस्रो तत्त्वको अप्रत्यासित हस्तक्षेपले गर्दा ज्यान मार्ने कार्य गर्नमा अभियुक्तले कुनै कसर नराखे पनि त्यो परिणाम निक्लन पाएको हुँदैन..." भनी नजिर सिद्धान्त प्रतिपादन गरी ज्यान मार्ने उद्योगको अपराध कायम हुन वारदातको समयमा तेस्रो पक्ष वा तत्त्वको उपस्थितिलाई अनिवार्य मानिएको पाइन्छ। यसै गरी ने.का.प. २०५१, अङ्क १२, नि.नं. ५०१५ पृ. ९३६ मा प्रकाशित ईश्वरी बोहजु विरुद्ध श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग मुद्दामा "मुलुकी ऐन, ज्यानसम्बन्धी महलको कानुनी व्यवस्था समेतलाई विचार गर्दा ज्यान मार्ने उद्योगको अपराध ठहर हुनका लागि ज्यान मार्ने

मनसाय, सो मनसाय अभिव्यक्त गर्न ज्यान मार्नेसम्मको कार्य गरी कुनै बाहिरी तत्त्वको हस्तक्षेपले गर्दा ज्यान मार्न नसकेको हुनु पर्ने" भन्ने नजिर सिद्धान्त कायम भएको पाइन्छ।

प्रस्तुत मुद्दामा वारदातको समयमा तेस्रो पक्षको आकस्मिक वा अप्रत्यासित हस्तक्षेपकारी कार्य वा भूमिकाले यी प्रतिवादीहरूले पीडित जाहेवालाहरू उपर गरेको प्रहार रोकिएको हो/होइन भन्ने सम्बन्धमा विचार गर्दा वादी पक्षका साक्षी प्रत्यक्षदर्शी नयाँ भन्डारी र लालवीर रोकाया वारदात नजिक पुग्दा प्रतिवादीहरूले निजहरूलाई देखी भागी गएको भन्ने देखिन्छ। निजहरूले हस्तक्षेप गरी प्रतिवादीहरूको प्रहारलाई राकेको अवस्था देखिन आउँदैन। यसका अतिरिक्त वारदातको समयमा स्वयम् पीडितहरूले प्रतिवादीहरूको आक्रमण प्रहारलाई रोक्ने, छेक्ने कार्य गरी सो कारणबाट प्रतिवादीहरूको प्रहारलाई निष्फल पारेको अवस्था पनि देखिन आउँदैन।

धारिलो हतियारले टाउकोजस्तो संवेदनशील अङ्गका विभिन्न ठाउँमा प्रहार गर्ने कार्यबाट प्रतिवादीहरूले मार्ने मनसायले नै प्रहार गरेको हो भन्ने अभियोग दाबी र विद्वान जिल्ला न्यायाधिवक्ताको बहस जिकिरतर्फ विचार गर्दा वारदातमा प्रयोग भएको भनिएको धारिलो हतियार बरामद भई परीक्षण हुन सकेको देखिँदैन। धारिलो हतियारको प्रयोग कुटपिटको वारदातमा पनि हुन सक्ने अवस्था कुटपिटको महलको १ नं., ५ नं., ८ नं., ९ नं. तथा ज्यान सम्बन्धी महलको ११ नं. तथा १२ नं. मा भएका कानुनी व्यवस्थाहरू अध्ययनबाट देखिन्छ। पीडितको घाउ जाँच केस फाराममा 'Multiple cut injury' भनी उल्लेख भएको देखिन्छ। ज्यान मार्ने उद्योगको अपराधमा घाउ चोटको मात्रा र परिमाणभन्दा पनि ज्यान मार्ने मनसाय (Intention to kill) थियो कि थिएन भन्ने प्रश्न प्रमुख हुन्छ। यस सम्बन्धमा ने.का.प. २०६५, अङ्क २, नि.नं. ७९३६ पृ. २५१ मा प्रकाशित नेपाल सरकार विरुद्ध रामबहादुर पौडेल भएको ज्यान मार्ने उद्योग मुद्दामा "ज्यान मार्ने उद्योगको कसुर हुनका लागि पीडितलाई लागेको चोट वा घाउको मात्रा र परिमाण महत्त्वपूर्ण र निर्णायक तत्त्व हुने नभई ज्यान मार्ने मनसायले प्रहार गरिएको र ज्यान मर्न नपाएको बाधक तत्त्वको विद्यमानता थियो थिएन भन्ने नै महत्त्वपूर्ण हुन आउने" भन्ने नजिर सिद्धान्त कायम भइरहेको देखिन्छ।

आपराधिक मनसाय अपराधको अमूर्त तत्त्व (Abstract element) भएकाले यसलाई आपराधिक कार्यबाट नै पत्ता लगाउनु पर्ने हुन्छ। प्रस्तुत मुद्दाको वारदातलाई विचार गर्दा प्रतिवादीहरू पाँच जना रहेको, पीडितहरू तिन जना रहेको र पीडितहरूलाई प्रहार गरिसकेपछि निजहरू ढलेको देखिएकाले वारदातको समयमा देखिएका प्रतिवादीहरू र पीडितहरूका बिचको शक्ति सन्तुलन (Power balance) लाई विचार गर्दा यी प्रतिवादीहरूले चाहेको भए पीडितलाई मार्न सक्ने अवस्थाको विद्यमानता हुँदाहुँदै तेस्रो पक्षको सक्रिय हस्तक्षेप बिना आफै छाडी गएको देखिएकाले यी प्रतिवादीहरूले पीडितहरूलाई मार्ने नै मनसायले प्रहार गरेको देखिन आएन।

प्रतिवादीहरू र पीडितहरूका बिचमा मार्नु पर्नेसम्मको पूर्व रिसइवी थियो/थिएन भन्ने सम्बन्धमा विचार गर्दा पीडितहरू टक्कबहादुर रोकाया र सतलसिंह बोगटीले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूसँग कुनै लेनदेन, रिसइवी नभएको भनी लेखाएको देखिन्छ भने रमेश रोकायाले विद्यालय व्यवस्थापन सम्बन्धी विषयमा सामान्य झगडा थियो भनी उल्लेख गरेको देखिन्छ। यसबाट प्रतिवादीहरू र पीडितहरूको बिचमा मार्नु पर्नेसम्मको पूर्व रिसइवी रहेभएको पनि देखिन आउँदैन।

तसर्थ, उल्लिखित विवेचित आधार र कारणबाट यी प्रतिवादीहरूले मार्ने नै नियतले जाहेरवालाहरूलाई प्रहार गरेको नदेखिएको, वारदातका समयमा तेस्रो पक्षको उपस्थितिले वारदात रोकिएको अवस्था नदेखिएको र प्रतिवादीहरू र पीडितहरूका बिचमा ज्यान मार्नु पर्नेसम्मको पूर्व रिसइवीको विद्यमानता समेत नदेखिएको अवस्था हुँदा यी प्रतिवादीहरूलाई ज्यान सम्बन्धी महलको १ नं. र १५ नं. बमोजिमको ज्यान मार्ने उद्योगको कसुर कायम गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन। यी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ।

तर, प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले पीडितहरूलाई आक्रमण गरी घाउ जाँच केस फाराममा उल्लेख भए बमोजिम घाउ चोट पुऱ्याएको देखिएकाले कुटपिटको वारदात भएको देखिएको छ। कुटपिटको महल अन्तर्गतको अङ्गभङ्ग सम्बन्धी मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको भई नेपाल सरकार वादी हुने भएकाले प्रस्तुत मुद्दा सो अन्तर्गत पर्छ/पर्दैन भन्ने विषय यहाँ विचारणीय हुन आएको छ। पीडितहरूको घाउ जाँच केस फाराम हेर्दा घाउचोटको प्रकृति कुटपिटको २ नं. मा उल्लिखित अङ्गभङ्गको प्रकृतिको नदेखिएकाले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवालालाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी यही मिसिलबाट कारबाही गर्ने गरी प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिल बमोजिम हुने गरी अ.बं. १८६ नं. बमोजिम आज यो फैसला गरिदिएको छ।

**तपसिल**

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहरी फैसला भएकाले पुनरावदेनको म्याद नाघेपछि पीडितलाई कानुन बमोजिम म्याद सूचना दिई झिकाई निजले मुद्दा सकार गर्न आए वादी पक्ष कायम गरी कुटपिटतर्फ मुद्दा दर्ता गरी प्रस्तुत मिसिलबाट कारबाही अगाडि बढाउनू......................................................................................................................१

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालत, जुम्लामा पुनरावेदन गर्नु भनी वादी पक्ष जिल्ला सरकारी वकिल कार्यालय, कालीकोटलाई पुनरावेदनको म्याद जारी गरी फैसलाको जनाउ समेत दिनू ......................................................................................................................२

नक्कल माग्ने सरोकारवालाबाट नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ......................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू.................४

जिल्ला न्यायाधीश

मा.जि.न्या.ज्यूले बोली टिपाए बमोजिम
टिपोट गर्ने : ना.सु. गुप्तिप्रसाद गौली
टाइप गर्ने : अनिलबहादुर रोकाया

**इति सम्वत् २०७१ साल जेष्ठ २३ गते रोज ६ शुभम् .........।**

**श्री तनहुँ जिल्ला अदालत**
**इजलास**
**जिल्ला न्यायाधीश श्री उमेश कोइराला**
**फैसला**
**मुद्दा नं. : ०७०–CR–००८२**
**नि.नं. : ३३३**

*मुद्दा : जबरजस्ती करणी।*

**वादीको नाम, ठेगाना**

जिल्ला ३९, सिसाघाट ६ (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार ................................१

साक्षी :

- डा. एञ्जिला घिमिरे (पीडितको स्वास्थ्य परीक्षण गर्ने मेडिकल अधिकृत)
- सिसाघाट ६ (जाहेरवाला)
- सिसाघाट ५ (पीडित)

कागज : ...

**प्रतिवादीको नाम, ठेगाना**

लमजुङ जिल्ला, सूर्यपाल गा.वि.स., वडा नं. ९, सोतीपसल बस्ने सन्तोष लामा ......................१

साक्षी : ...

कागज : ...

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको २९ नं. बमोजिम यस अदालतमा दायर हुन आई जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ग बमोजिम लगातार कारबाही र सुनुवाइ गरिएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :

**तथ्य खण्ड**

**प्रहरी प्रतिवेदन**

मिति २०७०।११।१४ गते दिउँसो १२.३० बजेदेखि आफ्नी छोरी वर्ष १४ की सिसाघाट ५ (परिवर्तित नाम) विद्यालयबाट हराएकी हुँदा खोजतलास गरी ल्याउन भनी आफुलाई मौखिक आदेश भए बमोजिम खोजतलास गर्ने क्रममा मिति २०७०।१२।२४ गते बिहान ९.०० बजेको समयमा निजका बाबु सिसाघाट ५ (परिवर्तित नाम) ले तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. ७ पाटन स्थित सेतीमादी दोभानमा रहेको क्रसर उद्योगमा देखी भेटी जानकारी गराएकाले उक्त स्थानमा गई निज सिसाघाट ५ लाई उद्धार गरी सोधपुछ गर्दा आफुलाई लमजुङ जिल्ला, सूर्यपाल गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल व्यास नगरपालिका वडा नं. ११ बस्ने सन्तोष लामाले विवाह गर्ने बहाना बनाई ललाई फकाई विद्यालयबाटै दमौलीसम्म ल्याई व्यास नगरपालिका वडा नं. ७ पाटन स्थित सेतीमादी दोभानमा रहेको क्रसर उद्योगमा ल्याई विवाह नगरी कसैसँग भेटघाट सम्पर्क समेत गर्न नदिई डरत्रासमा पारी दैनिक पटक पटक यौन शोषण (करणी) गरेर आफ्नो अस्तित्वमाथि खेलवाड गरेको भनी बताएकाले प्रतिवादीलाई

पक्राउ गरी पीडित र प्रतिवादीलाई दाखिला गरेको छु भन्ने समेत ब्यहोराको मिति २०७०।१२।२४ को प्रहरी प्रतिवेदन।

**घटना स्थल मुचुल्का**

तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. ७ पाटन स्थित बेलबहादुर झ्याडी मगरको घरको उत्तर पूर्वतर्फको एउटा कोठा सन्तोष लामाले भाडामा लिई बस्दै आएको, सोही कोठा सिसाघाट ५ लाई विवाह गर्ने बहाना बनाई ललाई फकाई घर परिवारका सदस्यलाई समेत सम्पर्क गर्न नदिई डरत्रास देखाउँदै दैनिक रूपमा यौन शोषण गर्दै आएकामा मिति २०७०।१२।२४ गते बिहान अन्दाजी ९:०० बजे अभिभावक तथा प्रहरीले निजको उद्धार गरेको भन्ने समेत ब्यहोराको घटना स्थल मुचुल्का रहेको।

**पीडितको मौकाको कागज**

सन्तोष लामासँग सामान्य चिनजान परिचय भएको थियो, निजले भेट हुँदा राम्रोसँग पठन पाठन गराउने, राम्रो खान लाउन दिने भनी कर लगाउँदै आएको, निजको विश्वासमा परी मिति २०७०।११।१४ गते विद्यालय जाँदा निज समेत विद्यालय प्राङ्गणमा आई विवाह गर्छु हिँड भनेपछि निजको विश्वासमा परी निजको साथ लागेर आएको, निजले व्यास नगरपालिका वडा नं. ७ पाटनस्थित निजको कोठामा लगी राखेको, विवाह गर्छु भनी आश्वासन दिए पनि हालसम्म विवाह नगरेको, निजको घर परिवार कोही कसैसँग परिचय भेटघाट नगराएको, निजलाई आफुले पटक पटक विवाह गर्नु पर्छ, यसरी बस्नु हुँदैन भनी भन्दा विवाह गर्ने हो भनी दैनिकजसो आफ्नो इच्छा विपरीत करणी गर्दै आएको, बाबुआमासँग भेट गराइदेउ भन्दा भेटघाट गर्न नदिई बढी बोलेमा जे पनि गर्न सक्छु भनी धम्की समेत दिएको, असैह्य भएपछि मिति २०७०।१२।२४ गते निज कोठामा नभएको मौका पारी कोठाबाट बाहिर निस्की घर जान खोज्दा बाबुलाई आउँदै गरेको देखी तत्काल बाबुको सम्पर्कमा आई सबै कुरा बताएको र प्रहरीलाई खबर गरी उद्धार गरेको हो भन्ने समेत ब्यहोराको सिसाघाट ५ ले मिति २०७०।१२।२४ मा गरेको मौकाको कागज।

**जाहेरी दरखास्त**

मिति २०७०।११।१४ गते बिहान ९:३० बजे इन्दु मा.वि.मा पढ्न भनी गएकी आफ्नी छोरी वर्ष १४ की सिसाघाट ५ दिउँसो अन्दाजी १२:३० बजेतिर घर जान्छु भनी विद्यालयबाट गएकामा घर नआएकाले खोजतलास गर्दा समेत फेला नपारेको, खोजतलासका लागि जिल्ला प्रहरी कार्यालय तनहुँमा हुलिया निवेदन समेत पेस गरेकामा खोजतलास गर्ने क्रममा मिति २०७०।१२।२४ गते बिहान ९:०० बजेको समयमा तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. ७ पाटन स्थित सेतीमादी दोभानमा रहेको क्रसर उद्योगको परिसरमा फेला पारी निजसँग सोध्दा आफुलाई बिहे गर्छु, राम्रोसँग पाल्छु भनी ललाई फकाई झुक्याई सेतीमादी दोभानस्थित क्रसर उद्योगको टिनको छाप्रामा आजसम्म राखी दैनिक यौन शोषण गर्दै आएको भनी भनेकाले तत्काल प्रहरी कार्यालयमा खबर गरी प्रहरीले निज छोरीको उद्धार गरी अन्यायीलाई पक्राउ समेत गरेको हुँदा नाबालक छोरीलाई त्यति लामो अवधिसम्म दैनिक यौन शोषण गर्ने निज सन्तोष

लामालाई सजाय गरी क्षतिपूर्ति समेत भराइपाउँ भन्ने समेत ब्यहोराको मिति २०७०।१२।२४ मा जिल्ला ३९ का सिसाघाट ५ ले दिएको जाहेरी दरखास्त।

**प्रतिवादीको मौकाको बयान**

विगत डेढ वर्ष अघिदेखि चिनजान परिचय भएकी सिसाघाट ५ सँग प्रेम सम्बन्ध रहेको र निजसँग यौन सम्पर्क समेत हुँदै आएकामा निजले समेत विवाह गर्न प्रस्ताव राखेकी र आफुले समेत निजलाई माया गर्ने भएकाले मिति २०७०।११।१४ गते दिउँसो अन्दाजी १२:०० बजेतिर निज पढ्ने विद्यालयबाटै निजलाई विवाह गर्छु भनी दमौलीसम्म ल्याई करिब एक हप्ता होटलमा राखेपछि सेतीमादी दोभानमा रहेको क्रसर उद्योग नजिक रहेको बेलबहादुर झेडी मगरको घरमा मासिक रू. ८००।- मा कोठा लिई सँगै राखी दैनिकजसो आपसी सहमतिमा यौन सम्पर्क गर्दै आएको हुँ, करकाप, डरत्रासमा पारेर होइन। मिति २०७०।१२।२४ गते बिहान अन्दाजी ९:०० बजेको समयमा निज कोठा बाहिर निस्किएर बसेका अवस्थामा निजका बाबुले देखी प्रहरीलाई खबर गरी दुबै जनालाई जिल्ला प्रहरी कार्यालयमा ल्याएको हो। आफुहरू बिच मायाप्रेम बसेको र दुबै जना विवाह गर्न राजी भएको कारण विवाह गर्न भनी निजलाई विद्यालयबाट भगाएर ल्याएको हुँ। निजले समेत तत्काल घर परिवारलाई खबर नगरौँ भनेकाले खबर नगरेको हो भन्ने समेत ब्यहोराको प्रतिवादी सन्तोष लामाले अनुसन्धानका क्रममा मिति २०४७।१२।२७ मा गरेको बयान।

**स्वास्थ्य परीक्षण प्रतिवेदन**

पीडित सिसाघाट ५ को स्वास्थ्य परीक्षण गरी पेस गरिएको प्रतिवेदन र प्रतिवादीको स्वास्थ्य जाँच सम्बन्धी कागज मिसिल संलग्न रहेको।

**घटना विवरण कागज**

सन्तोष लामाले विवाह गर्ने बहाना बनाई ललाई फकाई सिसाघाट ५ लाई विद्यालयबाट भगाएर ल्याई कोठामा राखी, बाबुआमालाई खबर समेत नगरी दैनिकजसो यौन सम्पर्क गरेको भन्ने मिति २०७०।१२।२४ गते बिहान प्रहरी आई पीडितको उद्धार गरेपछि मात्र थाहा जानकारी भयो। त्यसरी विद्यालयबाट फकाएर ल्याई जबरजस्ती करणी गर्ने प्रतिवादीलाई कानुन बमोजिम कारबाही हुनु पर्दछ भन्ने समेत ब्यहोराको बेलबहादुर झेडी मगर समेतका व्यक्तिहरूले मिति २०७१।१।१० मा गरेको घटना विवरण कागज।

**अभियोग पत्र**

वर्ष १४ की सिसाघाट ५ लाई प्रतिवादी सन्तोष लामाले विवाह गर्छु भनी बहाना बनाई अनुचित प्रभावमा पारी झुक्यानमा पारी विद्यालयबाट लिई दमौलीमा ल्याई घर परिवारलाई सम्पर्क समेत गर्न नदिई कोठामा बन्धक बनाई डरत्रास देखाई मिति २०७०।११।१४ देखि मिति २०७०।१२।२४ सम्म दैनिक रूपमा जबरजस्ती करणी गरेको भन्ने घटना स्थल मुचुल्का, पीडितको कागज, जाहेरी दरखास्त, प्रतिवादीको बयान तथा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन समेतबाट पुष्टि भएकाले निज प्रतिवादीको उक्त

कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(३) नं. मा परिभाषित कसुर अपराध हुँदा निजलाई ऐ. ३(३) नं. बमोजिम सजाय गरी पीडितलाई मनासिब क्षतिपूर्ति समेत भराइपाउँ भन्ने समेत ब्यहोराको मिति २०७१।११६ मा दायर हुन आएको अभियोग पत्र।

**प्रतिवादीको अदालत समक्षको बयान**

सिसाघाट ५ सँग चिनजान परिचय रहेको र बारम्बारको भेटघाटपछि मायाप्रेम बस्न पुगेको हो। मिति २०७०।११।१४ गते बिहान निजले फोन गरी लिन आउनु, म एक्लै बस्दिन, मलाई नलगेमा आत्महत्या गर्छु भनी भनेकी थिइन्। निज स्वयं नै आएकाले भोर्लेटार चोकमा गई ल्याई एक हप्ताजति दमौलीको होटलमा बसी त्यसपछि कोठा खोजी राखेको हुँ। दिनभर निज कोठामा बस्ने र आफु गाडीमा हिँड्ने गरेको र श्रीमान् श्रीमतीका रूपमा आपसी सहमतिमा यौन सम्पर्क भएको हो। निजले नै कसैलाई नभन्न भनेकी, भनेमा मलाई छुटाएर लैजान्छन्, तिमीबिना म बाँच्न सक्दिन भनेकाले कसैलाई भन्न नसकेको हुँ। मैले नल्याउँदा मर्छु भन्दै हात समेत काटेकाले बाध्य भई विवाह गरेको हुँ। विवाह गरी ल्याएको श्रीमतीलाई यौन सम्पर्क गरेको हुँदा सजाय हुनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादीले मिति २०७१।१।१७ मा यस अदालत समक्ष गरेको बयान।

**यस अदालतको आदेश**

क. प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने देखिँदा थुनुवा पुर्जी दिई थुनामा राख्न जिल्ला कारागार कार्यालय तनहुँ, दमौलीमा लेखी पठाइदिनू। साथै प्रतिवादी चुक्ता भइसकेको र प्रस्तुत मुद्दा जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ग अन्तर्गतको भएको हुँदा मिति २०७१।१।२८ गतेका दिन जाहेरवाला, पीडित, मौकामा कागज गर्ने मानिसहरूलाई जिल्ला प्रहरी कार्यालयबाट जिल्ला सरकारी वकिल कार्यालय, तनहुँ मार्फत झिकाई पीडितको स्वास्थ्य परीक्षण गर्ने डा.एञ्जिला घिमिरेलाई समेत सोही दिन झिकाई बुझी नियमानुसार गरी पेस गर्नु भन्ने समेत ब्यहोराको यस अदालतको मिति २०७१।१।१७ को आदेश।

ख. यसमा घटना विवरण कागज गर्ने व्यक्तिहरू नम्रता थापा, सुकमाया आले, लालमाया दर्लामी मगर, वेलबहादुर झेडी मगर समेतलाई बुझ्नु पर्ने देखिँदा मिति २०७१।२।७ गते जिल्ला प्रहरी कार्यालय, तनहुँबाट जिल्ला सरकारी वकिल कार्यालय, तनहुँ मार्फत झिकाई बुझी पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।२।१ को आदेश।

ग. प्रस्तुत मुद्दामा वादी पक्षले लिएको अभियोग दाबी तथा प्रतिवादीको बयान समेतलाई विचार गर्दा वादी प्रतिवादीका कानुन व्यवसायीहरूका अतिरिक्त न्याय र कानुनको क्षेत्रमा योगदान दिएका अधिवक्ताहरू समेतलाई सहभागी गराई विद्यमान कानुन र न्यायिक दृष्टिकोण समेतको परिप्रेक्ष्यबाट उमेर पुगेका व्यक्तिले विवाहका लागि कानुनले तोकेको उमेर नपुगेकी अर्थात १४ वर्षकी बालिकासँग विवाह गरी आपसी सहमतिमा करणी समेत गरेको भनेका अवस्थामा त्यस्तो विवाहको वैधता सम्बन्धमा र त्यसरी कम उमेरकी बालिकासँग प्रतिवादीले गरेको यौन सम्बन्ध जबरजस्ती करणीको १ नं. मा परिभाषित कसुर अपराध अन्तर्गत पर्ने नपर्ने सम्बन्धमा गम्भीर छलफल गरिनु मनासिब देखिन आएको हुँदा सो प्रयोजनका लागि दुई जना विद्वान अधिवक्तालाई

मिति २०७१।२।१३ मा हुने सुनुवाइमा अदालतको सहयोगी (Amicus Curiae) का रूपमा तोकी खटाई पठाइदिनू भनी नेपाल बार एसोसिएसन, तनहुँ जिल्ला बार इकाईलाई लेखी पठाई नियमानुसार गरी पेस गर्नू भन्ने समेत ब्यहोराको यस अदालतको मिति २०७१।२।८ को आदेश।

**अदालतबाट बुझिएका साक्षीहरूको बकपत्र**

क. पीडितले बताए अनुसार प्रेम सम्बन्ध राखेर दुबै जनाको सहमतिमा नै करणी भएको हो। कन्याजाली च्यातिएको, तर परीक्षणबाट तत्काल च्यातिएजस्तो देखिएको थिएन, पीडितले सामाजिक रूपमा आफुहरू बिच विवाह नभए पनि भागरे विवाह गरी श्रीमान् श्रीमतीका रूपमा बसेको र यौन सम्बन्ध कायम भएको भनी बताएकी थिइन् भन्ने समेत ब्यहोराको पीडितको स्वास्थ्य परीक्षण गर्ने मेडिकल अधिकृत डा.एञ्जिला घिमिरेले गरेको बकपत्र।

ख. प्रतिवादीले बोलाएकाले आफु २०७०।११।१४ गते दमौली आएको हुँ, भोर्लेटार चोकमा भेट भएको हो। आफु दमौली आएपछि १० दिनसम्म होटलमा राखी पछि पाटनमा कोठा खोजी राखेका हुन्। बाबाले पाटनको डेराबाट छुटाएर घर लैजानु भएको हो। निजलाई भेट्न आउँदा बाबाआमालाई चिठी लेखेर आएकी थिएँ। पाटनस्थित कोठामा लगेपछि सन्तोषले आफुलाई सिन्दुर लगाएर श्रीमती बनाएको हो, दुबैको सहमतिमा राजीखुसीले करणी भएको हो। त्यहाँ रहँदा अन्य कोठामा बस्ने नानीहरू र छिमेकीहरूसँग पाटनको वनमा दाउरा टिप्न समेत जाने गरेकी थिएँ भन्ने समेत ब्यहोराको पीडित सिसाघाट ५ ले गरेको बकपत्र।

ग. प्रतिवादीलाई पहिलेदेखि नै चिनेको छु। छोरी हराएकाले खोज्ने क्रममा सेतीमादी दोभानको क्रसर उद्योगमा काम गर्ने सन्तोष लामासँगै हिँडिरहेका अवस्थामा देखी प्रहरीलाई खबर गरेको हुँ। छोरीले मसँग केही पनि भनिनन्, आमासँग सबै कुरा बताएकी हुन् भन्ने समेत ब्यहोराको जाहेरवाला सिसाघाट ५ ले गरेको बकपत्र।

**ठहर खण्ड**

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको सुनुवाइका सिलसिलामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री भुवनेश्वर पौडेलले पीडित हराएकाले खोजतलास गर्दा १ महिना १० दिनपछि फेला परेको अवस्था छ। स्वास्थ्य परीक्षणबाट पटक पटक करणी भएको भन्ने देखिएको र प्रतिवेदनमा उल्लेख भएको "Laceration in the hymen at 6 o'clock position" भन्ने ब्यहोराले पनि जबरजस्ती करणी भएको भन्ने पुष्टि हुन्छ। पीडितको बकपत्र र प्रतिवादीको बयान समेतबाट विवाह गर्छु भनी फकाई करणी गरेको भन्ने देखिएको छ। पीडितको उमेर १४ वर्ष मात्र रहेको छ। त्यसरी कम उमेरकी बालिकालाई विवाह गरेको भनेकै भरमा सजायबाट उन्मुक्ति पाउँदैन। बिहाबारीको २ नं. का आधारमा पनि त्यस्तो विवाह दण्डनीय हुन्छ। कानुनले वैवाहिक बलात्कारलाई समेत दण्डनीय बनाएका अवस्थामा कम उमेरकी बालिकालाई प्रलोभनमा पारी गरेको करणी स्वतः जबरजस्ती हुन्छ। विवाह गरेको भन्ने आधारमा जबरजस्ती करणी

जस्तो गम्भीर कसुरजन्य कार्यबाट उन्मुक्ति प्रदान गर्न मिल्दैन। त्यसैले यी प्रतिवादीलाई जबरजस्ती करणीको अभियोगमा सजाय हुनु पर्दछ भनी बहस गर्नु भयो।

प्रतिवादीका तर्फबाट विद्वान अधिवक्तात्रय श्री त्रिभुवन श्रेष्ठ, श्री ऋषिराम पोखरेल र श्री चन्द्रकान्त वाग्लेले पीडित पक्षले अदालत समक्ष गरेको बकपत्रमा स्वेच्छाले विवाह गरी सहमतिमा करणी गरेको भनेको अवस्थामा जबरजस्ती भन्न मिल्दैन। विवाहका लागि पीडित स्वयंले नै आग्रह गरेको र पीडित स्वयं नै प्रतिवादी रहेबसेका ठाउँमा स्वेच्छापूर्वक आएको भन्ने पनि पीडित र प्रतिवादीको कथनबाट देखिएको छ। बन्धक बनाएको अवस्था छैन, वारदात एकान्त ठाउँमा रहेको भन्ने पनि छैन। कोठा भाडामा लिई बसेको र दिनभर प्रतिवादी काममा जाने हुँदा स्वतन्त्र रूपमा रहँदै आएको अवस्थाले पनि डरत्रास देखाएको वा प्रभावमा पारेको भन्ने देखिँदैन। जाहेरी दरखास्तको ब्यहोरा जाहेरवालाको कथनबाट खण्डित भएको छ। स्वास्थ्य परीक्षणका क्रममा पीडितको शारीरिक र मानसिक अवस्था सामान्य रहेको भनी उल्लेख भएबाट पनि निजलाई प्रभावमा पारेको वा बन्धक बनाएको भन्न मिल्ने देखिँदैन। पीडितले प्रतिवादीलाई सजाय हुनु पर्दैन भनी प्रतिवादीसँगको सम्बन्धलाई निरन्तरता दिन खोजेको अवस्था छ। इजलास समक्ष पीडितले प्रदर्शन गरेको व्यवहारबाट पनि उनीहरू बिचको प्रेम सम्बन्ध उजागर भएको छ। वारदात स्थलका सम्बन्धमा समेत वादी पक्षले विरोधाभाषपूर्ण ब्यहोरा उल्लेख गरेको छ। बिहाबारीको महल अन्तर्गत दण्डनीय विवाह हुन सक्नेमा जबरजस्ती करणी भएको भनी लगाइएको अभियोग दाबी पुष्टि हुन नसक्ने हुँदा प्रतिवादीले सफाइ पाउनु पर्दछ भनी बहस गर्नु भयो।

त्यसै गरी यस अदालतको अनुरोध अनुसार तनहुँ जिल्ला वार इकाइबाट अदालतका सहयोगी (Amicus Curiae) का रूपमा खटिनु भएका विद्वान अधिवक्ताद्वय श्री वैकुण्ठ न्यौपाने र श्री भानुभक्त सुवेदीले केही कानुनी प्रश्नमा तर्क प्रस्तुत गर्नु भयो। त्यस क्रममा विद्वान अधिवक्ता श्री वैकुण्ठ न्यौपानेले पीडित र प्रतिवादीका कथनले पनि जबरजस्ती भन्ने देखिँदैन, सहमतिमा करणी लिनेदिने गरेको भन्ने देखिन्छ। उमेर नपुगे पनि विवाह हुन सक्ने परिकल्पना गरी त्यस्तो विवाहलाई दण्डनीय हुने गरी कानुनले व्यवस्था गरेको छ। केही दिन वा समयसम्म प्रभाव वा प्रलोभनमा पार्न सकिने भए पनि त्यति लामो अवधिसम्म प्रलोभन देखाएर राखियो होला भनी अनुमान गर्न सकिँदैन। प्रतिवादी र कम उमेरकी बालिका बिच भएको विवाह दण्डनीय भए पनि त्यसलाई विवाह नै नभएको भनी भन्न मिल्दैन। निज बालिकाले उमेर पुगेपछि विवाह बदर गराउन पाउने हुन्छ। वैवाहिक सम्बन्ध कायम रहेको भनी कम उमेरकी बालिकालाई करणी गरेको हुँदा जबरजस्ती करणीको ३ नं. को देहाय (६) आकर्षित हुन सक्छ भनी आफ्नो तर्क प्रस्तुत गर्नु भयो। त्यसै गरी विद्वान अधिवक्ता श्री भानुभक्त सुवेदीले बिहाबारीको १ नं. ले आफ्नो इच्छानुसार राजीखुसीले विवाह गर्न पाउने व्यवस्था गरेको छ। विवाह योग्य उमेर कति हुने भनी उक्त महलमा व्यवस्था गरिए पनि तोकिएभन्दा कम उमेरमा पनि विवाह हुन सक्ने कुरालाई पनि कानुनले कल्पना गरेको छ। त्यसैले तोकिएभन्दा कम उमेरका केटाकेटी बिचको विवाहलाई दण्डनीय बनाइएको छ। तर राजीखुसीमा भएको विवाहलाई विवाह नै नभएको भनी मान्न मिल्ने अवस्था देखिँदैन। प्रतिवादी र पीडित बालिका बिचमा भएको विवाहका सम्बन्धमा बिहाबारीको महल आकर्षित हुन सक्छ, तर जबरजस्ती करणीको अभियोग लगाउन मिल्दैन भन्नु भयो।

उपर्युक्त बहस जिकिर, अदालतका सहयोगीहरूको तर्क, अभियोग दाबी र मिसिल संलग्न रहेका कागजातहरूको समग्र अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायका विषयहरूमा विवेचना गरी न्याय निरूपण गरिनु पर्ने भएको छ :

क. प्रतिवादी सन्तोष लामा र पीडित सिसाघाट ५ (परिवर्तित नाम) का बिचमा यौन सम्बन्ध भए नभएको के हो र भएको भए वारदात मिति र स्थान कुन हो ?

ख. यदि निजहरू बिच यौन सम्बन्ध भएको भए आपसी सहमतिमा भएको हो वा जबरजस्तीपूर्वक भएको हो ?

ग. विवाह योग्य उमेर नहुँदै विवाह गरेको भनी वैवाहिक सम्बन्धका आडमा आपसी सहमतिमा कायम गरिएको यौन सम्बन्ध जबरजस्ती करणीको १ नं. मा परिभाषित कसुर अपराध अन्तर्गत पर्दछ वा पर्दैन ?

घ. यदि जबरजस्ती करणीको कसुर अन्तर्गत पर्दछ भने प्रस्तुत मुद्दाका प्रतिवादीलाई के कति सजाय गरिनु पर्दछ र पीडित बालिकालाई के कति क्षतिपूर्ति भराइनु न्यायोचित हुन्छ ?

उल्लिखित विषयमा प्रवेश गर्नु अघि प्रस्तुत मुद्दाको समग्र तथ्यको सिंहावलोकन गरिनु सान्दर्भिक हुन आउँछ। प्रस्तुत मुद्दाको उठान प्रहरी प्रतिवेदनबाट भएको देखिन्छ। मिति २०७०।११।१४ देखि विद्यालयबाट हराएकी सिसाघाट ५ (परिवर्तित नाम) को खोजतलास गर्ने क्रममा मिति २०७०।१२।२४ गते निजका बाबु सिसाघाट ५ (परिवर्तित नाम) ले देखी भेटी खबर गरेकाले गई निज सिसाघाट ५ लाई उद्धार गरी सोधपुछ गर्दा सन्तोष लामाले विवाह गर्ने बहाना बनाई ललाई फकाई विद्यालयबाटै दमौलीसम्म ल्याई व्यास नगरपालिका वडा नं. ७ पाटन स्थित सेतीमादी दोभानमा रहेको क्रसर उद्योगमा ल्याई विवाह नगरी कसैसँग भेटघाट सम्पर्क समेत गर्न नदिई डरत्रासमा पारी दैनिक पटक पटक करणी गरेको भनी बताएकाले प्रतिवादीलाई पक्राउ गरी पेस गरेको छु भन्ने प्रहरी प्रतिवेदन रहेको देखिन्छ। त्यसै गरी घटना स्थल मुचुल्कामा व्यास नगरपालिका वडा नं. ७ पाटन स्थित बेलबहादुर झेडी मगरको घरमा कोठा लिई सोही कोठामा सिसाघाट ५ लाई विवाह गर्ने बहाना बनाई ललाई फकाई घर परिवारका सदस्यलाई समेत सम्पर्क गर्न नदिई डरत्रास देखाउँदै दैनिक रूपमा यौन शोषण गर्दै आएको अवस्थामा अभिभावक तथा प्रहरीले निजको उद्धार गरेको भनिएको छ।

पीडित बालिका सिसाघाट ५ ले मौकामा गरेको बयानमा सन्तोष लामाले राम्रोसँग पठनपाठन गराउने, राम्रो खान लाउन दिने भनी भनेकाले विश्वासमा परी निजका साथ लागेर आई निजको कोठामा बस्दै आएको, विवाह गर्छु भनी आश्वासन दिए पनि हालसम्म विवाह नगरेको, घर परिवार कोही कसैसँग परिचय भेटघाट नगराएको, निजलाई आफुले पटक पटक विवाह गर्नु पर्छ, यसरी बस्नु हुँदैन भनी भन्दा विवाह गर्ने हो भनी दैनिकजसो आफ्नो इच्छा विपरीत करणी गर्दै आएको भनेकी छन्।

पीडितका बाबु सिसाघाट ५ ले दिएको जाहेरी दरखास्तमा मिति २०७०।११।१४ गते पढ्न भनी विद्यालय गएकी छोरी फर्की नआएकाले खोजतलास गरेको, फेला नपारेकाले खोजतलासका लागि जिल्ला प्रहरी कार्यालय तनहुँमा हुलिया निवेदन समेत पेस गरेकामा खोजतलास गर्ने क्रममा मिति २०७०।१२।२४ गते बिहान ९:०० बजेको समयमा तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. ७ पाटन स्थित सेतीमादी दोभानमा रहेको क्रसर उद्योगको परिसरमा फेला पारी निजसँग सोध्दा आफुलाई बिहे गर्छु,

राम्रोसँग पाल्छु भनी ललाई फकाई झुक्याई सेतीमादी दोभानस्थित क्रसर उद्योगको टिनको छाप्रामा आजसम्म राखी दैनिक यौन शोषण गर्दै आएको भनी भनेकीले प्रहरीमा खबर गरी जाहेरी दिएको भनेका छन्।

पीडित बालिकाको स्वास्थ्य परीक्षण गरी पेस गरिएको प्रतिवेदनमा पीडितको कथनमा आधारित Brief History उल्लेख गरिएको र Genital Organs को परीक्षणका क्रममा "A small laceration in the hymen, at 6 o'clock position measuring 1.5 x 0.5 cm, without erythema or edema. Normal vaginal discharge limits" भनिएको छ।

प्रतिवादीले मौकामा बयान गर्दा सिसाघाट ५ र आफु बिच प्रेम सम्बन्ध रहेको, निजले नै विवाहको प्रस्ताव राखेको र आफुले समेत माया गर्ने भएकाले विवाह गर्छु भनी ल्याई कोठामा राखी सहमतिमा दिनहुँ यौन सम्पर्क गरेको बताएका छन्।

उल्लिखित तथ्यहरूलाई आधार बनाएर वर्ष १४ की सिसाघाट ५ लाई प्रतिवादी सन्तोष लामाले विवाह गर्छु भनी बहाना बनाई अनुचित प्रभावमा पारी झुक्याएर विद्यालयबाट दमौलीसम्म ल्याई घर परिवारलाई सम्पर्क समेत गर्न नदिई कोठामा बन्धक बनाई डरत्रास देखाई मिति २०७०।११।१४ देखि मिति २०७०।१२।२४ सम्म दैनिक रूपमा जबरजस्ती करणी गरेको हुँदा प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(३) नं. मा परिभाषित कसुर अपराध हुँदा निजलाई ऐ. ३(३) नं. बमोजिम सजाय गरी पीडितलाई मनासिब क्षतिपूर्ति समेत भराइपाउँ भन्ने दाबी लिइएको पाइन्छ।

प्रतिवादीले यस अदालत समक्ष बयान गर्दा आफुहरू बिच भेटघाट हुने गरेको र प्रेम सम्बन्ध रहेको, पीडित स्वयंले नै फोन गरी एक्लै बस्न नसक्ने भनी आएकीले भोर्लेटार चोकमा गई ल्याई केही समय होटलमा र त्यसपछि कोठा खोजी राखेको, श्रीमान् श्रीमतीका रूपमा आपसी सहमतिमा यौन सम्पर्क गरेको, निजले नै बाबु आमालाई खबर नगर्न भनेकाले कसैलाई खबर नगरेको भनेका छन् भने पीडित सिसाघाट ५ ले पनि सन्तोष लामालाई भेट्न आउँदा बाबाआमालाई चिठी लेखेर आएकी थिएँ, पाटनस्थित कोठामा लगेपछि सन्तोषले आफुलाई सिन्दुर लगाएर श्रीमती बनाएको हो। दुबैको सहमतिमा राजीखुसीले करणी भएको हो भनेकी छन्। पीडितको स्वास्थ्य जाँच गर्ने मेडिकल अधिकृत र पीडितका बाबु जाहेरवाला सिसाघाट ५ ले पनि अदालत समक्ष उपस्थित भई बकपत्र गरेका छन्।

उल्लिखित तथ्यगत प्रस्तुतिपछि अब माथि निर्धारण गरिएका निर्णायक विषयवस्तुमा प्रवेश गरौं। प्रथमतः प्रतिवादी सन्तोष लामा र पीडित सिसाघाट ५ (परिवर्तित नाम) का बिचमा यौन सम्बन्ध भए नभएको र भएको भए वारदात मिति कुन हो भन्ने सम्बन्धमा विचार गर्दा पीडित सिसाघाट ५ र प्रतिवादी सन्तोष लामा दुबैले आफुहरू बिच नियमित रूपमा यौन सम्बन्ध रहेको भनी स्वीकार नै गरेका र पीडितको स्वास्थ्य परीक्षण गर्दा Brief history मा पटक पटक यौन सम्बन्ध भएको भन्ने पीडित स्वयंको कथन उल्लेख गर्दै Genital organs को परीक्षणमा hymen मा laceration देखिएको भनी उल्लेख गरिएको हुँदा व्यक्तिगत कथन चिकित्सकीय परीक्षण समेतबाट पुष्टि भएको हुँदा निर्विवादित उक्त तथ्यमा थप विवेचना गरिरहनु आवश्यक देखिँदैन।

प्रस्तुत मुद्दामा वारदात मिति कुन हो भन्ने प्रश्न पनि उठेको छ। सो सम्बन्धमा वादी पक्षले स्पष्ट दाबी लिन सकेको पाईंदैन। अभियोग पत्रमा प्रतिवादी सन्तोष लामाले पीडित सिसाघाट ५ लाई विवाह गर्छु भनी बहाना बनाई अनुचित प्रभावमा पारी झुक्याएर ल्याई कोठामा बन्धक बनाई डरत्रास देखाई मिति २०७०।११।१४ देखि मिति २०७०।१२।२४ सम्म दैनिक रूपमा जबरजस्ती करणी गरेको र निज पीडितको उद्धारपछि मात्र त्यसरी जबरजस्ती करणीको कसुरजन्य कार्य भएको तथ्य उजागर हुन पुगेको भनिएको छ। अभियोग पत्रको उक्त ब्यहोराले पनि वारदातको निश्चित मिति र समय यकिन हुन नसकेको स्पष्ट हुन्छ। प्रतिवादी र पीडित स्वयंको कथनबाट पनि उनीहरू बिच नियमित यौन सम्बन्ध भएको भन्ने बाहेक यो यो मिति र समयमा त्यस्तो कार्य भएको भन्ने खुल्दैन। तत्काल स्वास्थ्य परीक्षण गर्ने मेडिकल अधिकृतले कन्याजाली च्यातिएको भए पनि तत्काल च्यातिएजस्तो देखिएको थिएन भनी बकपत्र गरिदिएको अवस्था छ। त्यसले पनि यही समयमा करणी भएको भन्ने तथ्य स्थापित गर्दैन। त्यसैले निश्चित मिति र समयलाई वारदातको मिति र समय कायम गर्न सकिने अवस्था देखिएन।

माथि गरिएको विश्लेषणबाट प्रतिवादी सन्तोष लामा र सिसाघाट ५ बिच यौन सम्बन्ध कायम भएको भन्ने तथ्य स्थापित भएको हुँदा अब, त्यस्तो यौन सम्बन्ध सहमतिमा भएको हो वा जबरजस्तीपूर्वक भएको हो भन्ने सम्बन्धमा विवेचना गर्नु पर्ने भएको छ। यस्ता विवादमा सर्वाधिक भरपर्दो र विश्वसनीय प्रमाण भनेको पीडित बालिकाको कथन नै हो। पीडित बालिकाले मौकामा गरेको कागजमा प्रतिवादीले आफुलाई प्रलोभनमा पारी इच्छा विपरीत यौन सम्बन्ध राखेको भने पनि निज आफैले प्रतिवादी समक्ष विवाहको कुरा गरेको भनी पटक पटक उल्लेख गरेकी छन्। निजलाई प्रतिवादीको साथबाट छुटाई लगेपछि तत्कालै गरिएको स्वास्थ्य परीक्षणका क्रममा निजले मेडिकल अधिकृत समक्ष आफुहरू बिच ५\६ महिना अघिदेखि प्रेम सम्बन्ध रहेको, श्रीमान श्रीमतीका रूपमा सँगै रहेको अवधिमा धेरै पटक यौन सम्बन्ध कायम भएको भनी बताएको कुरा स्वास्थ्य परीक्षण प्रतिवेदनबाट खुलेको छ। निजले यस अदालत समक्ष बकपत्र गर्दा पनि आफुहरू बिच विवाह भई श्रीमान् श्रीमतीका रूपमा रहेको र आपसी सहमतिमा राजीखुसीले करणी भएको कुरा बताएकी छन्। प्रतिवादीले मौकामा गरेको बयानमा र अदालतमा समेत आफुहरू बिच विवाह भएको र श्रीमान् श्रीमतीका रूपमा रही सहमतिमा यौन सम्बन्ध भएको स्वीकार गरेका छन्। प्रतिवादी र पीडित रहेबसेको कारणबाट वारदात स्थल मानिएको व्यास २ पाटनस्थित घरका घरधनी बेलबहादुर झेडी मगर समेतको कागजले पनि त्यस्तो जबरजस्ती भएको भन्ने खुल्दैन। दिउँसोका समयमा प्रतिवादी काममा जाने र आफु छिमेकीहरूसँग मिलेर नजिकैको वनमा दाउरा टिप्न जाने गरेको भन्ने पीडित बालिकाको कथनले पनि निज बालिका प्रतिवादीको कब्जामा रहेको वा निजलाई ढोका थुनेर राखिएको वा डरत्रासमा पारी कोठाभित्र बस्न बाध्य बनाइएको भन्ने देखिँदैन। दिनभर स्वतन्त्र रूपमा र अन्य व्यक्तिको सहज सम्पर्कमा रहेकी निजले आफु उपर जबरजस्ती भएको भनी कसैलाई भनेकी पनि छैनन्। मौकामा कागज गर्ने कसैले पनि त्यस्तो ब्यहोरा लेखाएका छैनन्। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पनि शारीरिक र मानसिक अवस्था सामान्य भनी उल्लेख गरिएको छ। यसरी अभियोग पत्रमा खुलाइएका र यस अदालतबाट बुझिएका मिसिल संलग्न तथ्यहरूले निज बालिका सिसाघाट ५ लाई प्रतिवादीले आफै गई दमौली ल्याएको, जबरजस्ती कोठामा राखेको, डरत्रास र प्रभावमा पारेको र जबरजस्ती करणी गरेको भन्ने देखाउँदैनन्।

माथि गरिएको विवेचनाबाट प्रतिवादीले सिसाघाट ५ सँग यौन सम्बन्ध कायम गरेको तथ्य स्थापित भइसकेको छ। तर प्रस्तुत मुद्दामा यी बालिका सिसाघाट ५ को उमेर १४ वर्ष मात्र रहेको (स्थानीय पञ्जिकाधिकारीको कार्यालय, क्यामिन तनहुँद्वारा मिति २०६०।३।८ मा जारी गरिएको जन्म दर्ता प्रमाण पत्रमा निजको जन्ममिति २०५६।८।२० भन्ने देखिएको र उक्त प्रमाणपत्रको प्रतिलिपि मिसिल संलग्न रहेको) देखिएको अवस्था हुँदा विवाहको वैधताको प्रश्न पनि स्वाभाविक रूपमा उठ्न पुगेको छ। यस सम्बन्धी कानुनी व्यवस्थालाई हेर्दा मुलुकी ऐन, बिहाबारीको १ नं. ले अन्य व्यवस्थाका अधीनमा रही आफ्नो इच्छानुसार राजीखुसीले बिहाबारी गर्न हुन्छ भनेको छ। त्यसै गरी बिहाबारीको २ नं. ले विवाह गर्ने उमेर हद निश्चित गरिदिएको पाइन्छ। जस अनुसार बिहाबारी गर्दा महिला पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बिस वर्ष हुनु पर्दछ। प्रस्तुत मुद्दामा सिसाघाट ५ को उमेर १४ वर्ष मात्र रहेको र सन्तोष लामासँग भएको निजको विवाहमा संरक्षकको मञ्जुरी नरहेको मात्र होइन, संरक्षकलाई थाहा जानकारी समेत नभएको भन्ने निजका बाबु जाहेरवाला सिसाघाट ५ को जाहेरी दरखास्त र बकपत्रबाट स्पष्ट हुन्छ। त्यसैले निज सिसाघाट ५ ले गरेको विवाह कानुनले परिकल्पना गरे अनुरूपको देखिँदैन।

निजहरू बिच औपचारिक रूपमा, जातीय एवं सामाजिक रीतिरिवाज अनुसार विवाह भएको भन्ने पनि छैन। तर विवाहको औपचारिकता पुरा गर्ने र विवाहले कानुनी मान्यता पाउने फरक फरक विषय हुन्। सामाजिक औपचारिकता र जातीय, धार्मिक रीतिरिवाजको अनुसरणले केवल विवाह बन्धनमा बाँधिएका व्यक्तिहरूलाई सामाजिकीकरण (socialization) गर्न सम्म मद्दत गर्दछ। यो परिवार र समाजको सन्तुष्टिसँग सम्बन्धित विषय हो। विवाहको कानुनी मान्यतासँग यसको कुनै साइनो रहँदैन। न त पति पत्नी बिचको सम्बन्धमा नै त्यसले असर पार्दछ। विवाहका विभिन्न रूपलाई नेपाली समाजले पहिलेदेखि नै स्वीकार गर्दै आएको पनि छ।

प्रस्तुत मुद्दामा प्रतिवादी र पीडित बालिका बिच विवाह भएको कुरालाई दुबैले बताएका छन्, तर बालिकाको उमेर कानुनले निश्चित गरेको हदभन्दा धेरै कम देखिएको छ। चौध वर्षकी बालिकाले स्वेच्छाले विवाह गर्न सक्छिन् वा सक्दिनन् भन्ने प्रश्नसँगै निजलाई डर, त्रास, प्रभाव, प्रलोभनबाट त्यस्तो निर्णय गर्न बाध्य पारिएको पो हो कि भन्ने प्रश्न पनि स्वाभाविक रूपमा उठ्दछ। तर यी बालिका सिसाघाट ५ ले आफुहरू बिच विवाह भएको भन्ने कुरालाई पटक पटक उल्लेख गरेकी छन्। उनलाई बाध्य पारिएको भन्ने कहिँ कतैबाट खुल्दैन, उनी स्वयं नै प्रतिवादी रहे बसेको ठाउँ दमौलीसम्म आएकी र प्रतिवादीसँग उनले नै विवाहको प्रस्ताव राखेको भन्ने मौकाको कागज र बकपत्रबाट देखिएको छ। लामो समयसम्म सँगै बसेको अवस्थाले पनि निजहरू विवाह बन्धनमा बाँधिएको कुरालाई समर्थन गर्दछ। स्वास्थ्य परीक्षणका क्रममा मेडिकल अधिकृत समक्ष समेत निजले विवाह भएको बताएकी छन्, सो तथ्यलाई मेडिकल अधिकृतले अदालत समक्ष बकपत्र गरी पुनर्पुष्टि गरेको अवस्था छ। बाल विवाहलाई कानुनले दण्डनीय बनाएको छ, तर त्यस्तो विवाह हुनै नसक्ने वा भए पनि स्वतः बदर हुने व्यवस्था कानुनमा गरिएको पाइँदैन। बाल विवाहलाई दण्डात्मक बनाएर समाजमा जरा गाडेर बसेको यो कुसंस्कारलाई निर्मूल गर्ने विधायिकी सोच मुलुकी ऐन, बिहाबारीको महलको २ नं. मा प्रतिध्वनित छ। त्यसैले उक्त २ नं. मा रहेको सान्दर्भिक कानुनी व्यवस्थालाई यहाँ उद्धृत गर्नु उपयुक्त नै हुन्छ।

बिहाबारी गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बिस वर्ष नपुगी बिहाबारी गर्न गराउन हुँदैन। विवाह गरे गराएमा सो गर्ने गराउने मध्ये उमेर पुगेका मुख्यलाई देहाय बमोजिम हुन्छ :

दश वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने छ महिनादेखि तिन वर्षसम्म कैद र एक हजार रुपैयादेखि दश हजार रुपैयासम्म जरिबाना हुनेछ ......................................................१

दश वर्षदेखि माथि चौध वर्ष नपुगेकी बालिकाको विवाह गरे गराएको रहेछ भने तिन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रुपैयासम्म जरिबाना हुनेछ ........................................................२

चौध वर्षदेखि माथि अठार वर्ष नपुगेकी स्वास्नी मानिसको विवाह गरे गराएको रहेछ भने छ महिनासम्म कैद वा दश हजार रुपैयासम्म जरिबाना वा दुबै सजाय हुनेछ ......................................३

बिस वर्ष उमेर नपुगेको स्वास्नी मानिस वा लोग्ने मानिसको विवाह गरे गराएको रहेछ भने छ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ......................................४

लोग्नेमानिस वा स्वास्नी मानिस मध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेका रहेनछन् भने अठार वर्ष उमेर नपुगी विवाह भएकाले अठार वर्ष पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ ........................................................................................९

यसरी उमेर नपुगी विवाह गरे गराएमा के हुने भन्ने सम्बन्धमा बिहाबारीको महलको २ नं. को देहाय (१), (२), (३) र (४) मा व्यवस्था गरिएको छ। जस अनुसार त्यस्तो विवाह गर्ने गराउने मध्ये उमेर पुगेका मुख्यलाई कैद र जरिवाना हुने देखिन्छ। साथै लोग्ने मानिस वा स्वास्नी मानिसमध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछ भने अठार वर्ष उमेर नपुगी विवाह भएकाले अठार वर्ष पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउने व्यवस्था पनि उक्त २ नं. को देहाय (९) मा गरिएको छ। यसरी निश्चित उमेर नभएसम्म विवाह गर्न गराउन नहुने र गरे गराएमा सजाय हुने व्यवस्था गरिए पनि त्यस्तो विवाहलाई कानुनले स्वतः बदर मानेको छैन। त्यस्तो विवाह भएको अवस्थामा उमेर नपुग्ने पक्षले अठार वर्ष उमेर पुगेपछि मञ्जुरी नगरे मात्र विवाह बदर गराउन सक्ने देखिन्छ। उक्त कानुनी व्यवस्थालाई आधार बनाउँदा यी प्रतिवादी सन्तोष लामा र बालिका सिसाघाट ५ बिचको विवाहमा बालिकाको उमेर नपुगी विवाह भएको पाइएको हुँदा निजले आफ्नो मञ्जुरी नरहेको भनी बदर गराउन चाहेमा बदर गराउन सक्ने नै देखिन्छ। तर निजहरू बिचको विवाहलाई प्रस्तुत मुद्दाबाट अहिले नै शून्यमा परिणत गर्न कानुनले अनुमति दिँदैन किनभने विवाह गरे गराएको क्रियालाई कसुर मानी त्यस्तो गर्ने गराउनेलाई सजाय हुँदैमा त्यसलाई विवाह बदरका रूपमा लिन मिल्दैन।

विवाहको वैधताका सम्बन्धमा बिहाबारीको १ नं. ले गरेको व्यवस्था पनि विचारणीय छ। बिहाबारी भएकामा हाडनातामा पर्न गएको रहेछ भने ती लोग्ने स्वास्नीलाई छुट्याई दिनु पर्ने व्यवस्था उक्त नं. को दोस्रो वाक्यमा गरिएको छ। विवाह स्वतः शून्यमा परिणत हुने व्यवस्था पनि बिहाबारीको महलमा छ। उक्त महलको ७ नं. मा "लोग्नेमानिस र स्वास्नीमानिस दुबैको मञ्जुरी बिना विवाह गर्न गरी दिन नहुने, बिना मञ्जुरी जबरजस्ती विवाह गरे गरिदिए बदर हुने र त्यस्तो विवाह गर्ने गरिदिनेलाई दुई वर्षसम्म कैद हुने" स्पष्ट व्यवस्था गरिएको छ। यसरी विवाह गर्दा हाडनातामा पर्न गएको भए लोग्ने स्वास्नीलाई छुट्याइदिनु पर्ने र जबरजस्ती विवाहलाई बदर हुने (Void) विवाहका रूपमा राखेजस्तो

व्यवस्था बालविवाहका हकमा गरिएको पाइँदैन। बिहाबारीको महलले बालविवाह र ढाँटी झुक्याई गरेको विवाहलाई बदर गर्न सकिने (Voidable) विवाहका रूपमा राखेको छ। ती कानुनी व्यवस्थाले प्रतिवादी र सिसाघाट ५ बिचको विवाहलाई दण्डनीय मानी सजायका लागि दाबी लिन मिल्ने भए पनि त्यसको वैधताका सम्बन्धमा पीडित बालिका बाहेक अरूले प्रश्न उठाउन मिल्ने अवस्था देखिँदैन। वादी पक्षले बिहाबारीको महल अन्तर्गतको कसुर भएको भनी दाबी नलिएको हुँदा त्यसतर्फ प्रवेश गरी विवेचना गर्न सकिने अवस्था पनि छैन। उल्लिखित आधारमा यी प्रतिवादी सन्तोष लामा र पीडित बालिका सिसाघाट ५ का बिचमा भएको विवाहको वैधता प्रस्तुत मुद्दा दायर हुँदासम्म कायमै रहेको मान्नु पर्ने हुन्छ।

यसरी पीडित र प्रतिवादी बिचको वैवाहिक सम्बन्धको वैधतामा अहिल्यै प्रश्न उठाउन नमिल्ने भए पनि निज बालिकाको उमेर र निजसँगको यौन सम्बन्ध सम्बन्धी निर्विवादित तथ्यले अर्को प्रश्न जन्माएको छ। वैवाहिक सम्बन्धका आडमा आपसी सहमतिमा कायम गरिएको यौन सम्बन्ध जबरजस्ती करणीको १ नं. मा परिभाषित कसुर अपराध अन्तर्गत पर्दछ वा पर्दैन ? भन्ने अहम् प्रश्न यहाँ उपस्थित भएको छ। जबरजस्ती करणीलाई परिभाषित गर्ने क्रममा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको ठहर्छ" भनिएको छ। उमेर नपुगेका व्यक्तिमा यौन सम्बन्धको अर्थ, असर र प्रभाव समेतका बारेमा जानकारी हुँदैन, केबल बालसुलभ जिज्ञासासम्म रहेको हुन सक्छ। त्यस्तो जिज्ञासालाई सहमति वा मञ्जुरीका रूपमा लिन मिल्दैन। बालबालिकाको परिभाषाभित्र पर्ने उमेर समूहका व्यक्तिहरूसँगको सम्बन्धलाई कानुनले पनि फरक ढङ्गले व्यवहार गरेको पाइन्छ। यसका पछाडि अन्तर्निहित रहेको कारण भनेको बालबालिकाको सर्वोत्तम हित नै हो।

जबरजस्ती करणी सम्बन्धमा विधायिकी मनसायलाई हेर्दा साबिकमा रहेको कानुनी व्यवस्था र त्यसमा संशोधन, परिमार्जन हुँदै कायम रहेको हालको व्यवस्थालाई तुलना गर्नु पर्ने हुन्छ। जबरजस्ती करणी सम्बन्धी साबिक व्यवस्थालाई हेर्दा जबरजस्ती करणीको १ नं. मा "कन्या विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा सोह्र वर्षमुनिकालाई उसको मञ्जुरी लिई वा नलिई जुनसुकै ब्यहोरासँग करणी गरे पनि र सोह्र वर्ष नाघेकाको राजीखुसी बिना बेमञ्जुरीले जुनसुकै तरहसँग भए पनि जोरजुलुम गरी डरधाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेको समेत जबरजस्ती करणी ठहर्छ" भनिएको थियो। साबिकको उक्त व्यवस्थाले पनि सोह्र वर्षमुनिका स्वास्नी मानिससँगको मञ्जुरीलाई मञ्जुरीका रूपमा लिएको थिएन। तर तत्कालीन कानुनी व्यवस्थाले आफ्नै स्वास्नीलाई हुने जबरजस्ती करणीलाई नसमेटेको भन्ने आधारमा अधिवक्ता मीरा ढुङ्गानाले कानुन न्याय तथा संसदीय मन्त्रालयलाई विपक्षी बनाई रिट निवेदन दायर भएकामा सर्वोच्च अदालतबाट "निषेधित बालविवाहको अवस्थामा भएको जबरजस्ती करणीको अपराधको मात्रा कायम गर्ने सम्बन्धमा समेत वैवाहिक सम्बन्धको विशेष स्थिति र पतिको हैसियत समेतलाई विचार गरी वैवाहिक बलात्कार सम्बन्धी कानुनी व्यवस्थालाई पूर्णता दिनु पर्ने भएकाले तत्सम्बन्धमा कानुन संशोधनका लागि आवश्यक व्यवस्था सहितको विधेयक संसदमा पेस गर्नू" भनी मिति २०५९।१।१९ मा निर्देशात्मक आदेश जारी भएको पाइन्छ। उक्त आदेश जारी भए पश्चात भएको लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा हालको व्यवस्था कायम गरेको हो। विद्यमान कानुनी व्यवस्थाले कन्या, विधवा वा अर्काकी सधवा स्वास्नी भन्ने सीमित अर्थबोध गर्ने शब्दावलीक सट्टामा महिला

भन्ने समग्र अर्थबोध गर्ने शब्दको प्रयोग गरेको हुँदा आफ्नी स्वास्नीलाई समेत जबरजस्ती गर्न नपाइने स्पष्ट व्यवस्थाका साथै सोह्र वर्षभन्दा कम उमेरकी बालिकाका हकमा मञ्जुरी लिँदैमा सजायबाट उन्मुक्ति नपाउने कठोर व्यवस्था पनि गरेको छ।

प्रस्तुत मुद्दामा अन्तर्निहित रहेको तथ्यलाई विद्यमान कानुनी व्यवस्थासँग तुलना गरेर हेर्दा यी प्रतिवादीले सोह्र वर्षभन्दा कम उमेरकी पीडित बालिका सिसाघाट ५ लाई विवाह गरी लोग्नेस्वास्नीका रूपमा रही निजको सहमतिमा करणी गरेको भने पनि निज बालिकाको उमेरका कारणले गर्दा निजले करणीका लागि दिएको सहमतिले कानुनतः अर्थ राख्ने देखिँदैन। पतिपत्नीका बिचको सम्बन्धलाई नितान्त निजात्मक विषय मानिए पनि त्यस्तो सम्बन्ध कानुनी पनि हुनु पर्दछ भन्नेमा दुईमत हुन सक्दैन। व्यक्ति व्यक्ति बिचको निजी मामिलाका नाउँमा कानुनले निषेध गरेको विषयमा प्रवेश गर्ने अधिकार कसैलाई पनि हुँदैन। तसर्थ यी प्रतिवादी सन्तोष लामाले पीडित बालिका सिसाघाट ५ सँग कायम गरेको यौन सम्बन्ध जबरजस्ती करणीको परिभाषाभित्र पर्ने देखियो।

अब, यी प्रतिवादीलाई हुनु पर्ने सजायका सम्बन्धमा विचार गर्दा जबरजस्ती करणीको ३ नं. लाई हेर्नु पर्ने हुन्छ। उक्त ३ नं. ले जबरजस्ती करणी गर्नेलाई गरिनु पर्ने कैद सजाय निर्धारण गरेको छ। जस अनुसार कसुरको गम्भीरतालाई पीडितको उमेरसँग आबद्ध गरिएको छ भने लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा अर्थात वैवाहिक बलात्कार (Marital Rape) गरेमा हुने सजाय सम्बन्धमा छुट्टै व्यवस्था समेत गरिएको छ। वैवाहिक बलात्कार सम्बन्धी व्यवस्था पनि लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा गरिएको नवीनतम र प्रगतिशील व्यवस्था हो। प्रस्तुत मुद्दामा पीडित बालिका र प्रतिवादी बिचको वैवाहिक सम्बन्ध कायमै रहेको अवस्था भएकाले निजहरू बिचको यौन सम्बन्धलाई लोग्नेस्वास्नी बिचको करणीका रूपमा लिनु पर्ने हुन्छ। आपसी सहमतिमा करणी गरेको भन्ने प्रतिवादीको जिकिर रहे पनि कम उमेरकी स्वास्नीलाई करणी गरेको कारणबाट निजलाई कसुरजन्य दायित्व बहन गराउनु पर्ने देखिएको हो। जबरजस्ती करणीको ३ नं. को देहाय (६) ले लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा तिन महिनादेखि छ महिनासम्म कैदको सजाय हुने व्यवस्था गरेका सन्दर्भमा प्रस्तुत मुद्दामा विद्यमान रहेको समग्र तथ्य, स्वास्थ्य जाँचबाट देखिएको पीडितको स्वास्थ्य स्थिति र पीडितले प्रतिवादीप्रति देखाएको व्यवहार समेतलाई मध्यनजर गर्दा चार महिना कैदको सजाय गर्दा न्यायको उद्देश्य पुरा हुने देखिन्छ। तसर्थ यी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. को देहाय (६) बमोजिम चार महिना कैदको सजाय हुने ठहर्छ। जबरजस्ती करणीको ३ नं. को देहाय (३) अन्तर्गतको कसुर अपराध गरेको भन्ने अभियोग दाबी पुग्न सक्दैन।

साथै प्रस्तुत मुद्दामा जबरजस्ती करणीको १० नं. बमोजिम क्षतिपूर्तिको समेत दाबी लिइएको हुँदा त्यसतर्फ पनि विचार गर्नु पर्ने भएको छ। उक्त कानुनी व्यवस्थाले पीडितले सहनु परेको शारीरिक र मानसिक क्षतिका साथै कसुरको गाम्भीर्य समेतका आधारमा मनासिब क्षतिपूर्ति भराइदिनु पर्ने व्यवस्था गरेको छ। कुनै पनि महिलामाथि हुने जबरजस्ती करणी जस्तो गम्भीर अपराधबाट पीडित हुन पुगेका महिलाले भोग्नु पर्ने शारीरिक र मानसिक क्षतिको वास्तविक क्षतिपूर्ति सम्भव नै हुँदैन। वास्तवमा यो महिलामाथिको सबैभन्दा ठुलो हिंसा हो। बालिकामाथि हुने जबरजस्ती करणीले यसको गम्भीरतालाई अझ

बढाउँछ। तर प्रस्तुत मुद्दा वैवाहिक बलात्कारसँग सम्बन्धित भएकाले पीडकका रूपमा आफ्नै पति रहेका छन् भने पीडित बालिकाले प्रतिवादीप्रति देखाएको व्यवहार पनि यहाँ विचारणीय हुन आउँछ।

त्यसै गरी बाल विवाहसँग जोडिएको विषय भएकाले त्यस अन्तर्गतको दाबी रहेका अवस्थामा बिहाबारीको २ नं. को देहाय (८) बमोजिम पीडितलाई क्षतिपूर्ति भराइन्छ। अर्कातर्फ पीडित र प्रतिवादी बिचमा आपसी असमझदारी, विवाद वा द्वन्द्वको अवस्था नरहेको र हालसम्म वैवाहिक सम्बन्ध कायमै रहेको हुँदा पीडित पत्नीलाई आफ्नै पतिबाट क्षतिपूर्ति भराउनुको औचित्य पनि देखिँदैन। यी प्रतिवादीको क्रियालाई कसुर मानी निजलाई सजाय गरिएको भए पनि आफ्नी पत्नीप्रतिको जिम्मेवारी अन्ततः निजमा नै रहन्छ। वैवाहिक सम्बन्ध कायमै रहेका अवस्थामा लोग्नेबाट क्षतिपूर्ति भराउने र स्वास्नीले क्षतिपूर्ति पाउने कुराले व्यवहारतः खासै अर्थ राख्दैन। यस्तो विडम्बनापूर्ण स्थितिमा त्यसरी प्राप्त गरेको क्षतिपूर्तिको रकम पीडितले उपयोग गर्न पाउने अवस्था बन्दैन। त्यसबाट न्यायको उद्देश्य पुरा हुने अवस्था पनि देखिँदैन। तसर्थ प्रस्तुत मुद्दाकी पीडित बालिकालाई पीडक लोग्नेबाट क्षतिपूर्ति भराउनु न्यायको बृहत्तर दृष्टिकोणबाट मनासिब देखिएन।

प्रस्तुत मुद्दामा पीडित भनिएकी बालिका सिसाघाट ५ को उमेर विवाहका लागि योग्य नदेखिएको हुँदा निजको वैवाहिक सम्बन्धका विषयमा यो इजलास अत्यन्त गम्भीर भएको छ। विवाह हुन दुबै पक्ष शारीरिक र मानसिक रूपमा तयार पनि भएको हुनु पर्छ। उमेर नपुगेका केटाकेटी बिचको विवाहलाई दण्डनीय बनाउनुका पछाडि त्यस्ता व्यक्तिमा परिपक्वताको अभाव हुने, उनीहरू विवाहपछिको जिम्मेवारी बहन गर्न समर्थ नहुने र शिक्षा आर्जन गरी सुनिश्चित भविष्यको जोहो गर्नु पर्ने समयमा विवाह बन्धनमा बाँधिँदा उनीहरूको व्यक्तित्व विकासमा नकारात्मक असर पर्ने जस्ता कारणहरू रहेका छन्। त्यसैले यस्तो विवाहलाई निरुत्साहित गर्नका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनु अपरिहार्य हुन आउँछ। त्यस्ता कार्यक्रमहरूको अभाव रहेका कारणबाट सानै उमेरमा विवाह गरिदिने र गर्ने क्रम अद्यापि कायमै छ। प्रस्ततु मुद्दा पनि चेतना अभावको परिणति हो भन्दा अत्युक्ति हुँदैन।

बाल विवाह गर्ने महिलाको स्वास्थ्यमा विभिन्न किसिमका चुनौतिहरू थपिन्छन्। शरीरका अङ्गहरू विकसित नहुँदैको अवस्थामा रहने गर्भबाट त्यस्ता महिलाले थुप्रै शारीरिक समस्याहरू झेल्नु पर्ने हुन्छ। बच्चा जन्माउने क्रममा त्यस्ता महिलाले मृत्युवरण गर्नु परेका थुप्रै घटनाहरू समाजमा घटेका छन्। बच्चा जन्मे पनि बच्चा र आमा दुबैको स्वास्थ्य बिग्रेर जीवनभर शारीरिक पीडा र मानसिक तनावमा रहनु पर्ने अवस्था उत्पन्न हुन्छ। सामाजिक रूपमा अपहेलित हुनु पर्ने, घरभित्रबाट निरन्तर प्रताडना भोग्नु पर्ने, यौन दुर्व्यवहार सहनु पर्ने जस्ता समस्या पनि सँगसँगै आउँछन्। शिक्षा आर्जन गर्ने समयमा घर व्यवहारतिर लाग्नु पर्ने कारणबाट शिक्षा पाउने हकबाट बञ्चित हुनु पर्दछ, प्रजनन अधिकार खोसिन्छ र अवसरहरूबाट बञ्चित हुनु पर्ने अवस्था पनि आउँछ। समग्रमा जीवनभर पराश्रित र शारीरिक पीडा एवं मानसिक तनावबाट ग्रसित भएर रहनु पर्ने बाध्यता उत्पन्न हुन सक्छ। त्यसैले प्रस्तुत मुद्दामा पीडित बालिका सिसाघाट ५ लाई बालविवाहबाट निम्तिन सक्ने उल्लिखित समस्याहरूका बारेमा सुसूचित गराउन लेखी पठाइदिनू। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी सन्तोष लामालाई मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. को देहाय (६) बमोजिम चार महिना कैदको सजाय हुने ठहरेको र निज प्रतिवादी मिति २०७०।१२।२४ मा पक्राउ परी यस अदालतको मिति २०७१।१।१७ को आदेश बमोजिम हालसम्म थुनामा नै रहेको देखिँदा सोही दिनदेखि गणना गरी कैद ठेकी असुल उपर गर्नू ...............................१

यस इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत पोखरामा पुनरावेदन गर्न जानु भनी पुनरावेदनको म्याद सहित फैसलाको प्रतिलिपि जिल्ला सरकारी वकिल कार्यालय तनहुँमा पठाइदिनू.........२

यस इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत पोखरामा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(१) बमोजिम पुनरावेदनको म्याद दिनू ..३

माथि इन्साफ खण्डमा छुट्टै निर्देश गरे बमोजिम फैसला भएको जानकारी सहित पीडित बालिका सिसाघाट ५ लाई लेखी पठाउनू .....................................................................................................४

सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल मागे कानुनको रीत पुऱ्याई दिनू ........................................५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे पुनरावेदन अदालत पोखरामा पठाउने गरी मिसिल नियम बमोजिम अभिलेख शाखामा बुझाइदिनू .........................................................................६

जिल्ला न्यायाधीश

कम्प्युटर टाइप गर्ने : जानकी भट्टराई
फाँटवाला : ना.सु. शिवराज पौडेल

**इति सम्वत् २०७१ साल जेठ १३ गते रोज ३ शुभम् ..........।**

**श्री दोलखा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री ठाकुरप्रसाद शर्मा**
**फैसला**
**069-CR-0040**
**निर्णय नं. : २८**

*मुद्दा : जबरजस्ती करणी उद्योग।*

| **वादीको नाम, थर र वतन** | **प्रतिवादीको नाम, थर र वतन** |
|---|---|
| नाम परिवर्तित 'घ' को जाहेरीले वादी नेपाल सरकार......................................................१ | दोलखा जिल्ला जुगुँ गा.वि.स. ७ बस्ने गंगाबहादुरको छोरा वर्ष २२ को अशोक बस्नेत..................................................१ |
| **वादीका साक्षी** | **प्रतिवादीका साक्षी** |
| १. जाहेरवाली नाम परिवर्तित | १. भुत्ते सार्की |
| २. लक्ष्मी पोखरेल | २. शंकर बस्नेत |
| ३. विविसा योगी | ३. भीमसेन के.सी. |
| ४. पुष्कर पोखरेल | |

**स्वास्थ्य परीक्षण प्रतिवेदन**
**अदालतबाट बुझेको साक्षी**
भुत्ते सार्की
पुष्कर पोखरेल
पीडित जाहेरवाली नाम परिवर्तित 'घ'
विकास योगी
लक्ष्मी पोखरेल
डा.स्मृती श्रेष्ठ

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको देखिएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य विवरण तथा निर्णय यस प्रकार रहेको छ :

१. दो.जि., जुँगु ७ घर भई ऐ. भि.न.पा. १ स्थित सुपरस्टार होटल सञ्चालन गर्दै आइरहेका अशोक बस्नेतको होटलमा ११ कक्षाको परीक्षा दिनको निमित्त म समेतका साथीहरू बस्दै आइरहेकामा मिति २०७०।१।३१ गते बिहानको परीक्षा सकी म र साथी लक्ष्मी पोखरेल आफ्नो डेरा सुपरस्टार होटलमा आएकामा अन्य साथीहरू बजारतर्फ गएका र म र निज लक्ष्मी आफ्नो कपडा धोई कोठातर्फ जान भरेङ चढ्न लाग्दाको अवस्थामा होटल साहुले बहिनी यहाँ आउ, केही कुरा

गर्नु छ भनेकाले साथी लक्ष्मीले किन बोलाएको भनी होटल साहुलाई भन्दा मलाई बोलाएको कुरा लक्ष्मीले भनेकाले म होटल साहुसँग जाँदा निज अशोक बस्नेतले मेरो घरमा को को छन् ? बुबा कहाँ छन् ? भनी सोधेकाले जवाफ दिई म आफ्नो कोठातर्फ फर्की आएकामा निज अशोक बस्नेत मेरो पछि पछि आई सो कोठामा आई पढिरहेकी साथी लक्ष्मीलाई मसँग गोप्य कुरा गर्नु छ बाहना पारी बाहिर जानु भनी पठाइसकेपछि प्रतिवादीलाई मैले मसँग के गोप्य कुरा गर्नु छ गर्नु भन्दा निज नबोलेको हुँदा म आफ्ना मामालाई भेट्न जान्छु भनी हिँड्न लाग्दा प्रतिवादी अशोक बस्नेतले अं. १५:३० बजेको समयमा मलाई समातेर तानी आफ्नो कोठामा लगी खाटमा लडाई जबरजस्ती करणी गर्न खोज्दा मैले नमानी इन्कार गरी कराउन लाग्दा मेरो मुख समेत थुनी करणी गर्ने दुष्प्रयास गरेकाले मैले निजको घाँटीमा नङले चिथोरी र पेटमा लात्तीले हानी आफ्नो इज्जत जोगाउन सफल भएकाले निजलाई कानुन बमोजिम कारबाही गरी हदैसम्म सजाय गरिपाउँ भन्ने ब्यहोराको नाम परिवर्तित 'घ' को जाहेरी दरखास्त।

२. दो.जि., भि.न.पा.१ स्थित भालुखोला भन्ने स्थानमा रहेको सुपरस्टार होटल भएको घरको भऱ्याङबाट चौथो तलामा गई हेर्दा पश्चिमतर्फ दुई वटा कोठा रही होटलको ११ नं. कोठामा परीक्षा दिने विद्यार्थीहरू बस्ने गरेको, उक्त कोठाको सामुन्ने १० नं. कोठामा प्रवेश गरी हेर्दा तिन वटा लो बेड रहेको, पूर्वतर्फको लो बेडको सिरक, सिरानी र तन्ना समेत यत्रतत्र छरिएको अवस्थामा रहेको भन्ने घटनास्थल प्रकृति मुचुल्का।

३. दो.जि., भि.न.पा.१ स्थित सुपरस्टार होटलमा बसी निज नाम परिवर्तित 'घ', अनिता योगी, विविसा योगी, विकास योगी र म समेतका साथीहरूले कक्षा ११ को परीक्षा दिइरहेकामा मिति २०७०।१।३१ गते अं. १५:३० बजेको समयमा दो.जि., जुँगु ७ घर भई ऐ. भि.न.पा.१ स्थित सुपरस्टार होटल सञ्चालन गरी बस्ने वर्ष २२ को अशोक बस्नेतले नाम परिवर्तित' 'घ' सँग गोप्य कुरा छ भनी तिमी बाहिर जाउ भनेपछि म काउन्टरमा गई बसेको थिएँ। पछि आउँदा निज रोइरहेको देखी के भयो भनी सोध्दा अशोक बस्नेतले हातपात समेत गरी निजको कोठामा लगी जबरजस्ती करणी गर्न खोज्यो भनेपछि मैले उक्त घटना सम्बन्धमा थाहा पाएको हो भन्ने ब्यहोराको लक्ष्मी पोखरेल समेतले मौकामा गरिदिएको कागज।

४. नाम परिवर्तित 'घ' को दायाँ खुट्टा र बायाँ हातको कान्छी औंलाको नङमा सङ्घर्षका चिन्हहरू रहेका छन् भन्दै ("gha" complained of pain in both legs, Upon examinatation-there was a fresh parallel linear imprint of a straight blunt material in her right leg and nail of little finger of her left hand was bent.) भन्ने र प्रतिवादी अशोक बस्नेतका हकमा निजको दायाँ घाँटीको भागमा सङ्घर्षका चिन्ह रहेको पाइएको भन्दै {Ashok Basnet had 3 parallel scratch (linear abrasion) over the rt. Lateral surface of neck, measuring 6 cm, 10 cm and 3 cm in length and 1 cm in width. The scratch mark was bright red in colour suggesting that the mark was fresh.} भन्ने प्राथमिक स्वास्थ्य केन्द्र, चरीकोट दोलखाबाट प्राप्त भएको प्रतिवेदन।

५. मिति २०७०।१।३१ गते म आफ्नो चरीकोट स्थित सुपरस्टार होटलमा थिएँ। सो दिन अं. १४:०० बजेको समयमा मैले होटलको प्यासेजमा झाडु कुचो लगाइरहँदा ११ नं. कोठामा बसेकी नाम परिवर्तित 'घ' ले "दाइ तपाईसँग मेरो कुरा गर्नु छ बस्नुस् भनिन्" र गफ गर्ने क्रममा अर्को

कोठामा जाउँ भनेकाले १० नं. कोठामा गयौं। सो कोठामा गएपछि भित्रबाट मैले ढोकाको चुकुल लगाएँ। कोठामा रहेका ३ वटा लो बेड मध्ये पूर्वतर्फको बेडमा निजलाई लडाई मैले शारीरिक सम्पर्क गर्न खोज्दा निजले नमानेको हुँदा मैले थप प्रयास गर्दागर्दै मेरो फोन आउने क्रममा निजले मेरो दाहिने घाँटीमा चिथोरेर घाउ बनाइदिएको र मुखमा समेत घाउ भएकाले मैले तल गई आफ्नो मुख धोएँ। झाडु लगाउँदा पीडित 'घ' सँग लक्ष्मी पनि थिइन्। लक्ष्मी पोखरेल पछि काउन्टरमा झरेकी हुन्। वारदातका अवस्था कोठामा पीडित 'घ' मात्र थिइन् भन्ने समेत ब्यहोराको प्रतिवादी अशोक बस्नेतले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

६. विकास योगी होटलमा जाँदा पीडितले रुँदै आफुलाई प्रतिवादीले १० नं. को कोठामा लगी जबरजस्ती करणी गर्न खोज्दा पीडित प्रतिकार गरी भागेको कुरा थाहा भएको हो भन्ने समेत विविसा योगीले प्रहरीमा गरिदिएको कागज।

७. पीडित 'घ' ले रुँदै मामालाई पढाइदिनु भनी विविसालाई फोन गरी भनेपछि विविसाले मलाई फोन गरी म होटलमा जाँदा पीडित 'घ' रोइरहेकी थिइन्। पीडित 'घ' लाई प्रतिवादी अशोक बस्नेतले आफ्नो होटलको १० नं. कोठामा लगी जबरजस्ती करणी गर्न खोजेको कुरा पीडित 'घ' ले भनेकी थिइन्। प्रतिवादी अशोक बस्नेतले मेरा सामु पनि आफुले गल्ती गरेको कुरा स्वीकार गरेको थियो र निजको घाँटीमा चिथोरेको दाग पनि थियो भन्ने समेत घटना विवरणका विकास योगीले मौकामा गरिदिएको कागज।

८. घटनाका सम्बन्धमा पीडित 'घ' ले भनी सुनी थाहा पाएको हो भन्ने समेत घटना विवरणका पुस्कर पोखरेलले मौकामा गरिदिएको कागज।

९. प्रतिवादी अशोक बस्नेतले मिति २०७०।१।३१ गते अं. १५:३० बजेको समयमा निजकै सुपरस्टार होटलको कोठा नं. १० मा पीडित नाम परिवर्तित 'घ' लाई जबरजस्ती करणी गर्न खोजेको कुरा सप्रमाण पुष्टि हुन आई प्रतिवादीको कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिमको कसुरजन्य भएकाले निजलाई सोही ऐनको ३(४) र ५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी।

१०. मिति २०७०।१।३१ गते म होटलमा थिएँ। नाम परिवर्तित 'घ' लगायतका साथीहरू मेरो होटलमा बसेकामा होटलको रेट महँगो भयो भन्दै अर्को होटलमा जान्छौं भन्दै थिए। पानी लिई उनीहरू बसेको कोठामा गएको समयमा होटल महँगो भएको कुरा भन्दै थिए। मैले हिसाब गर्न काउन्टरमा आउनु भन्दै काउन्टरतर्फ गएँ। जाहेरीमा लेखिएको कुरा झुट्टा हो। जबरजस्ती करणी उद्योग गर्ने कार्य गरेको होइन। अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान र सहीछाप मेरै हो। मलाई सही गर भनेकाले गरेको हो भन्ने समेत प्रतिवादी अशोक बस्नेतले अदालत समक्ष गरेको बयान।

११. प्रस्तुत मुद्दामा मुलुकी ऐन, अ.बं.११८ (२) नं. को अवस्था विद्यमान देखिंदा प्रतिवादी अशोक बस्नेतलाई पुर्पक्षका लागि थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने समेत मिति २०७०।२।२० गतेको यस अदालत आदेश।

१२. प्रतिवादी अशोक बस्नेत होटलको काउन्टरमा रही सफासुग्घर पनि गर्दै थिए। प्रतिवादीलाई माथिको कोठाको भऱ्याङबाट पानी ल्याइदिनु पऱ्यो भनी पीडित भनिएकी बहिनीले भनिन्। प्रतिवादीले पानी पुऱ्याई तुरुन्त काउन्टरमा आई पुनः सफा गर्न थाले। होटलको हरहिसाब गर्ने क्रममा पीडित र प्रतिवादी बिच रकम छुट गर्ने विषयमा विवाद भएकाले झुट्टा मुद्दा दिएको हुनु पर्दछ भन्ने समेत ब्यहोराको प्रतिवादी अशोक बस्नेतका साक्षी भुत्ते सार्कीले यस अदालतमा गरेको बकपत्र।

१३. मिति २०७०।१।३१ गते प्रतिवादी होटलमा सरसफाइ कार्यमा लागेका थिए। पीडितले माथिबाट पानी ल्याउन भनेपछि पानी लिई गएका हुन्। पीडितले कोठा भाडा र खानाको पैसा बढी भएकाले छुट गर्नु पर्छ भनेकामा प्रतिवादीले छुट दिन सक्दिनँ भन्दै थिए। सो सम्बन्धमा पीडित प्रतिवादी बिच भनाभन समेत भएको थियो। प्रतिवादीकी श्रीमती साथैमा भएकाले जबरजस्ती करणीको उद्योग गरेका छैनन् भन्ने समेत ब्यहोराको प्रतिवादी अशोक बस्नेतका साथी शंकर बस्नेतले यस अदालतमा गरिदिएको बकपत्र।

१४. मिति २०७०।२।१२ को कागजमा भएको सहीछाप मेरो हो। मलाई पढी वाची सुनाइएन। के लेखिएको थियो थाहा भएन। घटना सम्बन्धमा मलाई थाहा भएन भन्ने समेत ब्यहोराको घटना विवरणका पुस्कर पोखरेलले यस अदालतमा गरिदिएको बकपत्र।

१५. मिति २०७०।१।२१ को जाहरी दरखास्तमा भएको सहीछाप मेरै हो। उक्त ब्यहोरा तत्काल आवेशमा आई दिएको हो। वारदात भएको भनिएको दिनमा प्रतिवादीलाई पानी ल्याउन भनी निजले पानी लिई आउँदा ढोका खोल्नासाथ प्रतिवादी ठोकिन गई जगको पानी पोखिएकामा होटलको भुक्तानी रकम बुझाउ भनेकामा रकम धेरै भएछ, छुट गरिदिनु होस् भन्दा छुट गर्न नमानेपछि रिस उठी आवेशमा जाहेरी दिएको हो। प्रतिवादीले जबरजस्ती करणी उद्योग गरेका छैनन् भन्ने समेत ब्यहोराको पीडित भनिएकी जाहेरवाली नाम परिवर्तित 'घ' ले यस अदालत समक्ष गरेको बकपत्र।

१६. घटना विवरणका विविसा योगी, विकास योगी, लक्ष्मी पोखरेललाई उपस्थित गराउन पुनः १ पटक दिन किटान गरी जिल्ला सरकारी वकिल कार्यालय दोलखामा लेखी पठाई आएमा बकपत्रका लागि पेस गर्नु भन्ने यस अदालतको आदेश।

१७. मेरी श्रीमतीले फोन गरी घटना स्थलमा जानु भनी भनेकाले होटलमा जाँदा भान्जी रोएर बसेकी थिइन्। लक्ष्मी पोखरेललाई सोध्दा खै दाइ चल्दै थिए भनिन्। मैले केटो खै भनी सोध्दा थाहा छैन भनिन्। भान्जीलाई सोध्दा लछारपछार पाऱ्यो भनेर रोइनँ। प्रहरीमा गरेको कागजमा भएको सही मेरो हो। पीडितले आफुलाई प्रतिवादीले लछारपछार पारी जबरजस्ती करणी गर्न खोजेको भनेकी थिइन् भन्ने समेत ब्यहोराको घटना विवरणका विकास योगीले यस अदालतमा आई गरेको बकपत्र।

१८. मिति २०७०।१।३१ को कागजमा भएको ल्याप्चे र सहीछाप मेरै हो। घटना भएको दिनमा नाम परिवर्तित 'घ' र म लुगा धोएर कोठामा बसेपछि नाम परिवर्तित 'घ' ले पानी मगाई अशोकले पानी लिई आउँदा अशोक दाई ढोकामा ठोकिई लडी पानी नाम परिवर्तित 'घ' को शरीरमा परेकाले

सोही रिसइवीका कारण जाहेरी परेको हो भन्ने समेत ब्यहोराको घटना विवरणका लक्ष्मी पोखरेलले यस अदालतमा गरिदिएको बकपत्र।

१९. पीडित 'घ' तथा प्रतिवादीको स्वास्थ्य परीक्षण गरी प्रतिवेदन पठाउने मेडिकल अधिकृतलाई बकपत्रका लागि झिकाई आएमा बकपत्रका लागि पेस गर्नु भन्ने यस अदालतको आदेश।

२०. पीडित 'घ' को शारिरिक परीक्षण गर्दा दायाँपट्टिको खुट्टामा कुनै वस्तुको डाम थियो। बायाँ हातको कान्छी औंला बाङ्गिएको थियो। प्रतिवादी अशोक बस्नेतको शारीरिक परीक्षण गर्दा घाँटीको दायाँपट्टि घस्रिएको ३ वटा दाग देखिन्थ्यो। सो घाउको रङ्ग रातो गाढा थियो। मिति २०७०।१।३१ मा प्रतिवादी विरुद्ध जबरजस्ती करणी मुद्दाको जाहेरी परी स्वास्थ्य परीक्षणका लागि ल्याइएकाले सो मुद्दाको Positive findling एउटा कागजमा टिपियो। पीडितको शारीरिक परीक्षण पनि गरियो। मुद्दामा भेटिएको Positive findling रिपोर्टमा लेखिएको छ। प्रतिवादी अशोक बस्नेतको घाँटीमा ३ वटा घस्रिएको घाउ थियो। घाउको रङ्ग रातो भएकाले घाउ केही समय अगाडि भएको थियो। ३ वटा घाउ Parallel थिए भन्ने समेत ब्यहोराको डाक्टर स्मृति श्रेष्ठले यस अदालतमा आई गरेको बकपत्र।

## अदालतको राय ठहर

२१. नियम बमोजिम साप्ताहिक एवं आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री कैलाश के.सी.ले प्रतिवादी उपरको किटानी जाहेरी परेपछि तत्काल पीडित तथा प्रतिवादीको स्वास्थ परीक्षण गरी प्राप्त हुन आएको रिपोर्ट घटना विवरणका मानिसहरूले जाहेरीलाई समर्थन गर्दै मौकाको लेखाइ एवं प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्ष कसुर स्वीकार गर्दै गरेको बयानका अलावा यस अदालत समक्ष बयान गर्दा समेत अधिकार प्राप्त अधिकारी समक्षको बयानलाई स्वीकार गरी गरेको बयान समेतका आधारमा प्रतिवादीलाई अभियोग दाबी अनुसारको कसुरमा सजाय हुनु पर्छ भनी र प्रतिवादीतर्फका विद्वान अधिवक्ताहरू श्री कृष्णबहादुर बस्नेत, प्रोणप्रताप के.सी. तथा राजेन्द्रनारायण श्रेष्ठले प्रस्तुत मुद्दामा वारदात कुन ठाउँको भएको भन्ने कुरा वादीले यकिन गर्न नसकेको जाहेरी दरखास्त लगायत घटना विवरणका मानिसहरूको भनाइ प्रमाण ऐनको दफा १८ नं. अनुसार समर्थित नभई वादी पक्षले आफ्नो दाबी पुष्टि गर्न नसकेको र प्रतिवादीले अदालतमा आरोपित कसुर गरेकामा इन्कार रही बयान गरेको तथा फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउनु पर्ने भएकाले प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिनु पर्छ भनी बहस जिकिर लिनु भयो।

२२. वादी तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान कानुन व्यवसायीहरूको बहस जिकिर, अभियोग पत्र लगायतका मिसिल संलग्न कागजात प्रमाणहरूको अध्ययन गरी हेर्दा यसमा निम्न प्रश्नहरूको निर्णय दिनु पर्ने देखिन आयो।

**क) प्रस्तुत जबरजस्ती करणी उद्योग मुद्दाको वारदात घटित भएको हो वा होइन ?**

**ख) वारदातमा यी प्रतिवादीको संलग्नता पुष्टि हुन्छ हुँदैन ?**

**ग) अभियोग दाबी बमोजिम यी प्रतिवादीलाई सजाय हुनु पर्ने हो वा होइन ?**

२३. अब पहिलो प्रश्नतर्फ विचार गर्दा निज प्रतिवादी सुपरस्टार नामक होटल सञ्चालन गर्ने होटल साहु अशोक बस्नेतले पीडित नाम परिवर्तित 'घ' लाई प्रतिवादीले होटलको आफ्नो कोठामा लगी खाटमा लडाई जबरजस्ती करणी गर्न खोज्दा मैले नमानी इन्कार गरी कराउन लाग्दा मेरो मुख समेत थुनी मलाई करणी गर्ने दुष्प्रयास गरेकाले मैले निजको घाँटीमा नङले चिथोरी र पेटमा लात्ताले हानी आफ्नो इज्जत जोगाउन सफल भएकाले निजलाई कानुन बमोजिम कारबाही गरी हदैसम्म सजाय गरिपाउँ भनी पीडितले प्रतिवादी उपर जाहेरी दिएबाट प्रस्तुत मुद्दाको उठान भएको अवस्था देखिन्छ। प्रतिवादी उपर मिति २०७०।१।३१ मा जाहेरी परेकामा सोही मिति २०७०।१।३१ मा भएको घटना स्थल प्रकृति मुचुल्का हेर्दा दो.जि., भि.न.पा.१ स्थित भालुखोला भन्ने स्थानमा रहेको सुपरस्टार होटल भएको घरको भऱ्याङबाट चौथो तलामा गई हेर्दा पश्चिमतर्फ दुई वटा कोठा रही होटलको ११ नं कोठामा परीक्षा दिने विद्यार्थीहरू बस्ने गरेको, उक्त कोठामा सामुन्ने १० नं. कोठामा प्रवेश गरी हेर्दा तिन वटा लो बेड रहेको पूर्वतर्फको लो बेडको सिरक, सिरानी र तन्ना समेत यत्रतत्र छरिएको अवस्थामा रहेको भन्ने घटनास्थल प्रकृति मुचुल्काबाट देखिन आउँछ। घटना घटेकै दिन तत्काल प्राथमिक स्वास्थ्य केन्द्र, चरीकोट दोलखाबाट भएको स्वास्थ्य जाँच प्रतिवेदनमा नाम परिवर्तित 'घ' को दायाँ खुट्टा र बायाँ हातको कान्छी औंलाको नङमा सङ्घर्षका चिन्हहरू रहेका छन् ("gha" complained of pain in both legs, Upon examinatation-there was a fresh parallel linear imprint of a straight blunt material in her right leg and nail of little finger of her left hand was bent.) भन्ने उल्लेख भएको देखिन्छ भने प्रतिवादी अशोक बस्नेतको हकमा निजको दायाँ घाटीको भागमा सङ्घर्षको चिन्ह रहेको पाइएको {Ashok Basnet had 3 parallel scratch (linear abrasion) over the rt. lateral surface of neck, measuring 6 cm, 10 cm and 3 cm in length and 1 cm in width. The scratch mark was bright red in colour suggesting that the mark was fresh.} भन्ने उल्लेख भएको देखिन्छ। घटना विवरण कागज गर्ने विकास योगीले वारदात घटित भएको कुरा पुष्टि हुने गरी तत्काल अनुसन्धानको क्रमका अलावा अदालतमा समेत आई समर्थन गरी बकपत्र गरिदिएको र प्रतिवादीले नै पीडितलाई आफ्नो एकान्त कोठामा लगी भित्रबाट चुकुल समेत लगाएको भन्ने समेतका सम्पूर्ण तथ्यहरूलाई विचार गर्दा पीडित उपर जबरजस्ती करणी उद्योगको वारदात घटित भएकै तथ्य पुष्टि हुन आउँछ।

२४. अब दोस्रो प्रश्न, यिनै प्रतिवादीबाट प्रस्तुत मुद्दाको वारदात घटित भएको हो होइन भनी मिसिल संलग्न तथ्यहरूको विश्लेषण गरी हेर्दा प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मिति २०७०।१।३१ गते म आफ्नो चरीकोट स्थित सुपरस्टार होटलमा थिएँ। सो दिन अं. १४:०० बजेको समयमा मैले होटलको प्यासेजमा झाडु कुचो लगाइरहँदा ११ नं. कोठामा बसेकी नाम परिवर्तित 'घ' ले "दाइ तपाईसँग मेरो कुरा गर्नु छ, बस्नुस्" भनिन् र गफ गर्ने क्रममा अर्को कोठामा जाउँ भनेकाले १० नं. कोठामा गयौं। सो कोठामा गएपछि भित्रबाट मैले ढोकाको चुकुल लगाएँ। कोठामा रहेका ३ वटा लो बेड मध्ये पूर्वतर्फको बेडमा निजलाई लडाइँ मैले शारीरिक

सम्पर्क गर्न खोज्दा निजले नमानेको हुँदा मैले थप प्रयास गर्दा गर्दै मेरो फोन आउने क्रममा निजले मेरो दाहिने घाँटीमा चिथोरेर घाउ बनाइदिएको र मुखमा समेत घाउ भएकाले मैले तल गई आफ्नो मुख धोएँ। मैले कुचो झाडु लगाउँदा पीडित 'घ' सँग लक्ष्मी पनि थिइन्। लक्ष्मी पोखरेल पछि काउन्टरमा झरेकी हुन्। वारदातका अवस्था कोठामा पीडित 'घ' मात्र थिइन् भनी कसुरमा साबित रही बयान गरेको देखिन्छ। घटना घटेकै दिन भएको पीडितको स्वास्थ्य जाँच प्रतिवेदनमा नाम परिवर्तित 'घ' को दायाँ खुट्टा र बायाँ हातको कान्छी औँलाको नङमा सङ्घर्षका चिन्हहरू रहेका छन् भन्ने उल्लेख भएको देखिन्छ भने प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा पीडितले मेरो दाहिने घाँटीमा चिथोरेर घाउ बनाइदिएको भनी उल्लेख गरेकामा घटना घटित भएकै दिन भएको प्रतिवादीको स्वास्थ्य जाँच प्रतिवेदनमा “Ashok Basnet had 3 parallel scratch (linear abrasion) over the rt. lateral surface of neck, measuring 6 cm, 10 cm and 3 cm in length and 1 cm in width. The scratch mark was bright red in colour suggesting that the mark was fresh.” भन्ने उल्लेख भएको देखिन्छ। सो स्वास्थ्य जाँच गर्ने मेडिकल अधिकृत डा. स्मृति श्रेष्ठले अदालतमा आई बकपत्र गर्दा समेत स्वास्थ्य जाँच प्रतिवेदनमा भएको ब्यहोरालाई पुष्टि हुने गरी बकपत्र गरिदिएको अवस्था देखिन्छ। जबरजस्ती करणीको उद्योग गरेको भन्ने अपराध पुष्टि हुनका लागि प्रमाणको पहिलो कडी भनेकै स्वयं पीडित हुने र दोस्रो कडी भनेको पीडितको शारीरिक परीक्षण हुनेमा असहमत हुनु पर्ने अवस्था रहँदैन। उक्त प्रतिवेदनबाट पीडितको दायाँ खुट्टा र बायाँ हातको कान्छी औँलाको नङमा सङ्घर्षका चिन्हहरू रहेको भन्ने देखिएको र प्रतिवादी अशोक बस्नेतको दायाँ घाटीको भागमा सङ्घर्षको चिन्ह रहेको र निजलाई लागेको घाउ रातो अवस्थाको र ताजा भन्ने देखिएको र उक्त स्वास्थ्य जाँच प्रतिवेदन र प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्ष गरेको साबिती बयानमा बिचमा सामान्जस्यता समेत देखिन आउँछ। प्रतिवादीले अदालतमा बयान गर्दा आफ्नो घाटीमा भएको नङले चिथोरिएका चोटको खण्डन गर्न सकेको पाइँदैन। जहाँसम्म जाहेरवालीले अदालतमा बकपत्र गर्दा वारदात भएको भनिएको दिनमा होटलको भुक्तानी रकम बुझाउ भनेकामा रकम धेरै भएछ छुट गरिदिनु होस् भन्दा छुट गर्न नमानेपछि रिस उठी आवेशमा जाहेरी दिएको हो, प्रतिवादीले जबरजस्ती करणी उद्योग गरेका छैनन् भनी प्रतिवादीलाई कसुरबाट सफाइ दिने गरी आफैले दिएको जाहेरीको प्रतिकूल बकपत्र गरिदिएको अवस्था छ, होटलको रकम घेरै भएकामा छुट गर्न नमानेकै आधारमा आफ्नो नारी चरित्र र अस्मितामा सदा दाग लाग्ने र सतित्वमा नै प्रश्न चिन्ह लाग्ने गरी रिसइवी साँध्नकै लागि मात्र जाहेरवालीले प्रतिवादी उपर जबरजस्ती करणी गर्न दुस्प्रयास गरेको भन्ने जस्तो गम्भीर अपराधको जाहेरी दिनु पर्ने अवस्था आएको होला भन्ने भनाइ विश्वास लायक देखिँदैन। अनुसन्धानका क्रममा कागज गर्ने लक्ष्मी पोखरेलले मौकामा कागज गर्दा दो.जि., भि.न.पा.१ स्थित सुपरस्टार होटलमा बसी निज नाम परिवर्तित 'घ', अनिता योगी, विविसा योगी, विकास योगी र म समेतका साथीहरूले कक्षा ११ को परीक्षा दिइरहेकामा मिति २०७०।१।३१ गते अं. १५:३० बजेको समयमा दो.जि., जुँगु ७ घर भई ऐ. भि.न.पा. १ स्थित सुपरस्टार होटल सञ्चालन गरी बस्ने वर्ष २२ को अशोक बस्नेतले नाम परिवर्तित 'घ' सँग गोप्य कुरा छ भनी तिमी बाहिर जाउ भनेपछि म काउन्टरमा गई बसेको थिएँ। पछि आउँदा निज रोइरहेको देखी के भयो भनी सोध्दा अशोक बस्नेतले हातपात समेत गरी

निजको कोठामा लगी जबरजस्ती करणी गर्न खोज्यो भनेपछि मैले उक्त घटना सम्बन्धमा थाहा पाएको हो भन्ने ब्यहोराको कागज गरिदिएको देखिन्छ भने निजै लक्ष्मी पोखरेलले अदालतमा बकपत्र गर्दा, मिति २०७०।१।३१ को कागजमा भएको ल्याप्चे र सहीछाप मेरै हो। घटना भएको दिनमा नाम परिवर्तित 'घ' र म लुगा घोएर कोठामा बसेपछि नाम परिवर्तित 'घ' ले पानी मगाई अशोकले पानी लिई आउँदा अशोक दाई ढोकामा ठोकिई लडी अशोक दाइले ल्याएको पानी नाम परिवर्तित 'घ' को शरीरमा परेकाले सोही रिसइवीका कारण जाहेरी परेको हो भन्ने अनुसन्धानका क्रममा गरेको कागज भन्दा विपरीत प्रतिवादीलाई कसुरबाट सफाइ दिने गरी यस अदालतमा बकपत्र गरिदिएको देखिन्छ। घटना घटेको समयमा पीडितसँगै रहेकी भनिएकी लक्ष्मी पोखरेल र जाहेरवालीको बकपत्रमा समानता हुनु पर्नेमा फरक फरक खालको समेत देखिन आउँछ र जुन स्वाभाविक देखिँदैन। वारदात भएको दिन सँगै रहेका जाहेरवाली र लक्ष्मी पोखरेलको बकपत्र समेत फरक फरक देखिई प्रतिवादीलाई सफाइ दिने गरी जाहेरवाली तथा मौकामा कागज गर्ने लक्ष्मी पोखरेलले अदालतमा गरेको सन्देहपूर्ण बकपत्रलाई अदालतले अकाट्य प्रमाणका रूपमा ग्रहण गर्नु पनि मनासिब देखिन आउँदैन।

२५. प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही आफुले पीडित उपर जबरजस्ती करणीको प्रयास गरेको होइन, जाहेरी झुट्टा हो भनी बयान गरेको देखिन्छ तर आफ्नो इन्कारीलाई पुष्टि गर्ने कुनै ठोस तथा वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको अवस्था देखिँदैन। अदालत समक्ष बयान गर्दा बयानको स.ज. ८ मा उक्त बयान मेरै हो, सहीछाप मेरै हो मलाई सही गर भनेकाले सही गरेको भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादीले करकाप डरत्रासमा पारी उक्त बयानमा सही गर्न लगाएको भनी जिकिरसम्म लिन सकेको अवस्था पनि देखिँदैन। यस अर्थमा हेर्दा प्रतिवादीको इन्कारी बयान निजकै बयानबाट खण्डित भइरहेको अवस्था समेत देखिन आउँछ। प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा कसुरमा साबित रही बयान गरेको, सो साबिती बयानलाई प्रतिवादीले अदालतमा बयान गर्दा समेत अन्यथा भन्न नसकेको, प्रतिवादीको साबिती बयान स्वतन्त्र प्रमाणका रूपमा रहेका घटना स्थल प्रकृति मुचुल्का, पीडित तथा प्रतिवादीको स्वास्थ्य जाँच प्रतिवेदन, सो स्वास्थ्य जाँच प्रतिवेदनलाई समर्थित गर्ने गरी मेडिकल अधिकृतले अदालतमा गरेको बकपत्र, मौकामा परेको जाहेरी दरखास्त, घटना विवरणका व्यक्तिहरू लक्ष्मी पोखरेल, विविसा योगी तथा पुष्कर पोखरेल एवं मौकाका अलवा अदालतमा समेत आई समर्थन गर्दै बकपत्र गर्ने विकास योगीले गरेको बकपत्र समेतबाट समर्थित भएको देखिन आउँछ।

२६. प्रस्तुत मुद्दाको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित निम्न कानुनी सिद्धान्तहरू आकर्षित हुने देखिँदा समेत प्रस्तुत गर्नु सान्दर्भिक हुने देखिन्छ।

**जबरजस्ती करणी मुद्दामा करणी स्थापित गर्ने विषयमा पीडित तथा अन्य व्यक्तिको भनाइ महत्त्वपूर्ण रहँदारहँदै पनि अकाट्य भने हुँदैन। जबरजस्ती करणीका सम्बन्धमा पीडित तथा अन्य व्यक्तिहरूले व्यक्त गरेको कुरालाई पीडित तथा पीडकको शारीरिक परीक्षण लगायतका अन्य प्रमाणले पुष्टि गरेको अवस्थामा प्रमाणमा लिनु पर्ने।**

**पहिला अनुसन्धान अधिकारी समक्ष जबरजस्ती करणी भएको हो भनी कागज गरिदिएको र सो कुरा प्रतिवादीको बयान लगायतका अन्य प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा पछि अदालतमा आएर जबरजस्ती करणी भएको होइन भनी पीडित तथा अन्य व्यक्तिले बकपत्र गरेका आधारमा मात्र प्रतिवादीको स्वीकारोक्ति तथा चिकित्सकीय प्रतिवेदन (medical report) को प्रतिकूल हुने गरी जबरजस्ती करणी भएको होइन भन्ने निष्कर्षमा पुग्न नसकिने।**

**अन्य प्रमाणबाट कसुर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केबल पीडित तथा अनुसन्धान अधिकारी समक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफुले भनेको भनाइको विपरीत हुने गरी गरेको बकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिँदै जाने हो भने पीडित तथा अन्य व्यक्ति उपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भई अन्ततः समाज नै अराजकतातर्फ उन्मुख हुने।** (नेपाल सरकार वि. नारायणबहादुर राउत, जबरजस्ती करणी ने.का.प. २०६६, अङ्क ६ निर्णय नम्बर ८१७९ पृष्ठ १०३८, संयुक्त इजलास )

**महिलाको अस्मितालाई संवेदनशील रूपमा लिइने हाम्रो समाजमा आफ्नो छोरीलाई उनाउ व्यक्तिले जबरजस्ती करणी गरेको भनी बाबुले जाहेरी दरखास्त दिएको तथ्यलाई सामान्य रूपमा लिन नसकिने।**

**पहिलो वारदात भएको वास्ताविक तथ्यलाई जाहेर गरी घटनाबाट पीडित एवं अन्य सम्बन्धित व्यक्तिहरूले वास्ताविकता लेखाइदिएको, समयमको अन्तरालमा सो घटनाबाट आफ्नो परिवार र आफुमाथि भएको सामाजिक बेइज्जती पीडा र दागलाई कम गर्नु पर्ने महसुस गरी अन्य किसिमका प्रलोभनमा पारी अदालतमा आई बकपत्र गर्दा आफ्नो पहिलेको भनाइ विरुद्ध हुने गरी बकी लेखाइदिने प्रचलन पनि पाइने।**

**जबरजस्ती करणी जस्तो अपराधमा अन्य मुद्दामा जस्तो अङ्क गणितीय हिसाबबाट हेर्नुभन्दा पनि नारीको अस्मितामा गम्भीर आँच आउने विषय भएकाले अदालतले संवेदेनशील रूपमा विचार गर्नु पर्ने।**

**१३ वर्षकी पीडितले आफ्नो इज्जत, प्रतिष्ठा र नारी अस्मितामा आँच आउने गरी प्रतिवादी माथि जबरजस्ती करणी गरेको भनी पोल्नु पर्ने कुनै कारण देखिन नआउँदा प्रतिवादीले जबरजस्ती करणीको कसुरको उद्योग गरेको ठहऱ्याई जबरजस्ती करणीको ५ नं अनुसार ३१/२ कैदको सजाय हुने ठहऱ्याएको पु.वे.अ. को फैसला मिलेको देखिने।** (श्री ५ को सरकार विरुद्ध स्वस्ती बराल जबरजस्ती करणी, ने.का.प. ०६२, अङ्क १० नि.नं ७६११ पृ १२५१)

**अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, पीडितको मौकाको कागज, जाहेरी दरखास्त, चिकित्सकको प्रतिवेदन, घटनास्थल मुचुल्का जस्ता मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भइरहेको र ती प्रमाणहरू अन्यथा हुन् भनी प्रतिवादीले खण्डन हुने गरी पुष्टि गर्न नसकेको समेतका आधार प्रमाणबाट प्रतिवादीले १४ वर्षमुनिको पीडित बालिकालाई करणी गरेको ठहर्ने।**

**करणी गरेको तथ्य शङ्का रहित तवरबाट पुष्टि नभएको भनी फौजदारी न्यायको शङ्काको सुविधा प्रतिवादीले पाउँछ भन्ने सिद्धान्तको गलत व्याख्या एवं प्रयोग गरी आरोपित कसुरबाट सफाइ दिन नमिल्ने** (नेपाल सरकार विरुद्ध वीरबहादुर टमाटा, जबरजस्ती करणी, ने.का.प.२०६६, अङ्क ४ नि.नं. ८१२७ पृ ६३२)

**फौजदारी मुद्दामा अभियुक्तले अपराध गरेको हो कि होइन भन्ने तथ्य सबुतहरूका आधारमा निर्णय गर्ने कुरा हो। अपराधीलाई बचाइदिने नियतले स्वयम पीडित लगायत कसैले बयान दिन सक्ने स्थितिलाई ध्यानमा राखी न्यायकर्ताले निर्णय दिँदा कसैले सफाइ दिने बयान दिँदैमा अभियुक्त निरपराधी ठहर गर्न पर्ने, कसैले अभियुक्त विरुद्ध बयान दिँदैमा अपराधी ठहरिनै पर्ने भन्न सकिन्न। व्यक्तिको भनाइलाई सबुतका रूपमा मान लिन सकिन्छ। अकाट्य प्रमाण मान्न नसकिने भनी विभिन्न सिद्धान्तहरू प्रतिपादन भइरहेको पाइन्छ।** (ने.का.प. ०६१, अङ्क ७ पृ. ८९३ नि.नं. ७४११)

२७. अतः प्रतिवादी अशोक बस्नेतले अधिकार प्राप्त अधिकारी समक्ष गरेको साबिती बयान, मिसिलमा रहेका स्वतन्त्र प्रमाण, घटना स्थल प्रकृति मुचुल्का, वारदातको लगत्तै पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण गर्ने डाक्टरले गरिदिएको परीक्षण प्रतिवेदन र सो प्रतिवेदनलाई समर्थन प्रस्ट गर्दै अदालत समक्ष आई डाक्टरले गरिदिएको बकपत्र, घटना विवरणका विकास योगीले मौकाको जाहेरी समर्थन गर्दै कागज गरिदिई अदालतमा बकपत्र गर्दा समेत जाहेरी ब्यहोरालाई समर्थन गर्दै गरेको बकपत्र र जबरजस्ती करणी मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएका माथि उल्लिखित सिद्धान्तहरू समेतका आधार प्रमाणबाट प्रस्तुत वारदातमा यी प्रतिवादी अशोक बस्नेतको संलग्नता रहेभएकै देखिन आयो।

२८. अब तेस्रो प्रश्नतर्फ विचार गर्दा, प्रतिवादी उपर मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम सोही ऐनको ३(४) र ५ नं. बमोजिम सजायको मागदाबी लिई अभियोग पत्र दायर भएको देखिन्छ। जबरजस्ती करणीको महलको ५ नं. मा "**जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ**" भन्ने व्यवस्था रहेको देखिन्छ भने जबरजस्ती करणीको महलको ३ को देहाय ४ नं. मा "**सोह्र वर्ष वा सोभन्दा बढी बिस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म कैद**" हुने कुरा उल्लेख गरेको देखिन्छ। उल्लिखित कानुनी व्यवस्था बमोजिम जबरजस्ती करणी उद्योग भन्नाले जबरजस्ती करणीको प्रयाससम्म गर्ने कार्यलाई मानिएको पाइन्छ। माथि प्रकरण प्रकरणमा विवेचना गरिए अनुसार प्रतिवादी अशोक बस्नेतले जबरजस्ती करणी गर्ने उद्देश्यले पीडित रहेको ठाउँमा गई होटलमा पीडित 'घ' सँगै बस्ने निजका साथी लक्ष्मी पोखरेललाई एकछिन बाहिर जाउ भनी भन्नु, पीडितलाई होटलको १० नं. कोठामा लगी कोठाको चुकुल लगाउनु, पीडितलाई जबरजस्ती करणी गर्ने प्रयास गर्दा पीडितले प्रतिवादीलाई लात्तीले भुँडीमा हानी हातले घाँटीमा चिथोरी प्रतिवादीको पञ्जाबाट उम्की आफ्नो इज्जत र सतित्व बचाउन रक्षा गर्न सफल हुनु, प्रतिवादीको घाँटीमा चिथोरेको आलो घाउको दाग देखिएको कुरा मेडिकल रिर्पोट तथा मेडिकल अधिकृतको बकपत्रबाट देखिनु, पीडितको दायाँ खुट्टा र बायाँ हातको कान्छी औँलाको नङमा सङ्घर्षका चिन्हहरू देखिनु, मौकामा कागज गर्ने विकास योगीले यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्ने प्रयास गरेको भनी पीडितले तत्काल होटलमा भनेको भनी मौकामा गरेको कागजलाई समर्थन गर्दै अदालतमा समेत बकपत्र गर्नु, पीडितलाई जबरजस्ती करणी गर्ने प्रयास गरेको भन्ने कुरालाई यी प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष स्वीकार गर्नु सो स्वीकारोक्तिलाई अदालत समक्ष बयान गर्दा समेत अन्यथा भन्न नसक्नु, जाहेरवाली तथा जाहेरवालीको साथी भनिएको लक्ष्मी पोखरेलको बकपत्र

एकापसमा सन्देहपूर्ण भई विश्वसनीय नदेखिनु आदिजस्ता मिसिल संलग्न अकाट्य तथ्य एवं कागज प्रमाण समेतबाट यी प्रतिवादीले आरोपित कसुर गरेका रहेनछन् भनी भन्न मिल्ने अवस्था देखिन आएन। पीडितको जाहेरी, तत्काल खडा भएको घटना स्थल प्रकृति मुचुल्का, डाक्टरले गरिदिएको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा मौकाको परीक्षण प्रतिवेदनलाई समर्थन गर्दै डाक्टरले यस अदालत समक्ष आई गरेको बकपत्र एवं प्रतिवादीले मौकाको बयानलाई समर्थन गर्दै अदालतमा गरेको बयान समेतलाई उपेक्षा गरी घटनाका सम्बन्धमा गलत कुराहरू उल्लेख गरी (Hostile) भई व्यक्त गरेको व्यक्तिहरूको भनाइलाई मात्र भर गरी जबरजस्ती करणी उद्योग जस्तो गम्भीर प्रकृतिको मुद्दाका प्रतिवादीलाई सफाइ दिँदा न्यायको मूल्य र मान्यताको उपहास हुनुका साथै न्यायालयप्रति समेत समाजमा नकारात्मक सन्देश समेत जाने भएकाले प्रतिवादीले कसुर गरेको पर्याप्त आधार प्रमाण मिसिलमा प्रमाणित हुँदाहुँदै Hostile रही बकपत्र गर्ने जाहेरवाली तथा घटना विवरणका केही व्यक्तिहरूका बकपत्रलाई मात्र आधार लिई प्रतिवादी अशोक बस्नेतलाई निर्दोष रहेको ठहर गरी सफाइ दिनु मनासिब नहुने भएकाले प्रकरण प्रकरणमा गरिएको विश्लेषणात्मक तथ्य, प्रमाण तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र मिसिल संलग्न रहेको स्वतन्त्र एवं ठोस प्रमाणका आधारमा प्रतिवादी अशोक बस्नेतलाई अभियोग दाबी अनुसार मुलुकी ऐन, जबरजस्ती करणी महलको ५ नं. को कसुरमा ऐ ५ तथा ३(४) नं. को कानुनी व्यवस्था बमोजिम कसुरको मात्रा र गम्भीरताका आधारमा दुई वर्ष ६ महिना कैद गर्दा पनि न्यायको मक्सद पुरा हुने भएकाले तदनुरूप सजाय हुने ठहर्छ र जाहेरवाली पीडित 'घ' ले अदालत समक्ष आई बकपत्र गर्दा सत्य तथ्य कुराको बकपत्र नगरी तथ्य ढाँटी बनावटी कुरा उल्लेख गरी बकपत्र गरेको देखिँदा निज पीडित 'घ' लाई समेत स.मु.स. ऐन, २०४९ को दफा २८(२)(३) अनुसार रू.१,५००।- जरिवाना समेत हुने ठहर्छ। सो ठहर्नाले अरू कुरामा तपसिल बमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम फैसला गरिदियौं।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीलाई अभियोग दाबी अनुसारको ज.क. महलको ५ नं. को कसुरमा ऐ ५ तथा ३(४) नं. अनुसार दुई वर्ष ६ महिना कैद हुने ठहरी फैसला भई निज प्रतिवादी मिति २०७०/०१/३१ गते देखि पुर्पक्षका निमित्त थुनामा बसी हाल कारागार कार्यालय, दोलखामा रहेका हुँदा निजलाई लागेको कैद ठेकी रीतपूर्वकको कैदी पुर्जी दिनु भनी तहसिल शाखामा लगत दिनू ................१

झुट्टा र बनावटी बकपत्र गर्ने पीडित जाहेरवाली 'घ' लाई स.मु.स. ऐनको दफा २८(२) नं. अनुसार रू.१,५००।- जरिवाना हुने ठहर्छ। निज बेरुजु हुँदा लगत कसी असुल गर्नू भनी तहसिल शाखामा लगत दिनू.........................................................................................................२

यो इन्साफमा चित्त नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी अशोक बस्नेत र जाहेरवाली पीडित 'घ' लाई पुनरावेदनको म्याद दिनुका साथै जिल्ला सरकारी वकिल कार्यालय, दोलखालाई फैसला भएको जानकारी दिनू ......................................................३

यो फैसला सहितको नक्कल सरोकारवाला माग्न आए कानुनको रीत पुऱ्याई सारी सराई लान दिनू .........४

प्रस्तुत मुद्दाको लगत कट्टा गरी छिनुवा मिसिल अभिलेख फाँटमा बुझाइदिनू ....................................५

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाउनु भए
बमोजिम टाइप गर्ने डि. दीपेन्द्र पौड्याल
फाँटवाला ना.सु. दिलिप राई

**इति सम्वत् २०७० साल पौष २५ गते रोज ५ शुभम् .........।**

**श्री नवलपरासी जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री गिरिराज गौतम**

**फैसला**

**सम्वत् २०६९ सालको मु.नं. ०६९-CR-००२२**

**नि.नं. ३४६**

*मुद्दा : डाँका।*

| **वादी** | **प्रतिवादी** |
|---|---|
| जिल्ला नवलपरासी, प्रगतिनगर गा.वि.स. वडा नं. ३ बस्ने वर्ष ४६ को राजेन्द्र श्रेष्ठको जाहेरीले नेपाल सरकार....................................................१ | जिल्ला नवलपरासी, दिव्यपुरी गा.वि.स. वडा नं. ४ बस्ने दिल बहादुर थापाको छोरा वर्ष २५ को भरत भन्ने चित्रबहादुर थापा (मगर)..........................१<br>जिल्ला गोर्खा, छोप्राक गा.वि.स. वडा नं. ५ मैदान स्थायी घर भई जिल्ला नवलपरासी रजहर गा.वि.स. वडा नं. ५ फारममा डेरा कोठा गरी बस्ने भोजबहादुर पोखेल क्षेत्रीको छोरा वर्ष २७ को समुन्द्र भन्ने अमूल्य पोखेल क्षेत्री.....................१<br>जिल्ला प्युठान, रजभरा गा.वि.स. वडा नं. ५ खरा घर भई जिल्ला रूपन्देही बुटवल न.पा. वडा नं. ८ मा अध्ययनका लागि डेरा कोठा गरी बस्ने ओमबहादुर पुनमगरको छोरा वर्ष २१ को यमबहादुर पुनमगर ....................................१<br>ऐ.ऐ. बस्ने मुक्तिबहादुर घर्तीको छोरा वर्ष २४ को अनिल घर्ती................................................१<br>जिल्ला रामेछाप, ठोकरपुर गा.वि.स. वडा नं. ४ बस्ने लोकबहादुर थापाको छोरा वर्ष २५ को अजय भन्ने तिर्थबहादुर थापा...................................१<br>जिल्ला काठमाडौ, नयाँ बानेश्वर बस्ने वर्ष अं. २८/३० को भोजबहादुर राना.......................१ |

**दायर मिति : २०६९।५।१३**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन, अ.बं. २९ नं. ले यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्न आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र निर्णय समेत यस प्रकार छ :

जिल्ला नवलपरासी, प्रगतिनगर गा.वि.स. वडा नं. ३ स्थित जाहेरवाला राजेन्द्र श्रेष्ठको घरभित्र प्रवेश गरी हेर्दा घरभित्रका सामानहरू लथालिङ्ग यत्रतत्र छरिएर रहेको, दराज, सेफ खुल्ला अवस्थामा

स्थानबाट मिति ०६९।४।३० गते राती डाँका चोरहरू प्रवेश गरी सुनका गरगहना तथा नगद धनमाल डाँका चोरी गरी लगेको स्थानको चार किल्ला सहितको विवरण भन्ने ब्यहोराको समेत घटना स्थल प्रकृति मुचुल्का।

मिति ०६९।४।३० गते साँझ खानपिन गरी म र मेरी श्रीमती सुतेका हौं। राती अ. २:३० बजेको समयतिर मेरो घरको झ्यालढोकाको पल्ला तोडी हातमा खुकुरी पेस्तोल लिएका ४/५ जना डाँका चोरहरू मेरो घरभित्र प्रवेश गरी म र मेरी श्रीमतीलाई खुकुरी पेस्तोल घाँटीमा ताकी घरभित्र भएको सेफ दराजको चाबी मागेका र चाबी खोल्न नजानेपछि ज्यानको माया भए खोलिदे नत्र मारिदिन्छु भन्दै मेरी श्रीमतीबाट सेफको चाबी खोल्न लगाएका, सेफभित्र भएका नगद, सुनका गरगहना र हातकानमा लगाएका गरगहना समेत डाँका चोरी गरी ढोका बाहिरबाट लक गरी भागेका हुन्। बोल्दा अङ्कल शब्दको प्रयोग गर्ने एकै उमेर समूहका मंगोलियन वर्णका डाँकाचोर थिए भन्ने समेत ब्यहोराको राजेन्द्र श्रेष्ठको हुलिया जाहेरी दरखास्त।

मिति ०६९।४।३० गते साँझ खानपिन गरी म र मेरी श्रीमती सुतेका हौं। राती अं. २:३० बजेको समयमा मेरो घरको झ्याल ढोकाको पल्ला तोडी हातमा खुकरी, पेस्तोल लिएका ४ जना डाँकाहरू मेरो घरभित्र पसी म र मेरी श्रीमतीलाई खुकुरी पेस्तोल घाँटीमा ताकी घरभित्र भएको दराज सेफको चाबी मागेका र चाबी खोल्न नजानेपछि ज्यानको माया भए चाबी खोलिदे नत्र मारिदिन्छु भन्दै मेरी श्रीमतीबाट चाबी खोल्न लगाई सेफ दराजभित्र भएका गरगहना लगायत म र मेरी श्रीमतीले हातकानमा लगाएका गरगहना समेत डाँका गरेका हुन्। मोबाइलको मधुरो प्रकाशको सहारामा दराज लकर भएको धनमाल डाँका गर्ने कार्य गरेका थिए। मेरो छातीमा घुँडाले टेकी घाँटीमा खुकुरी राख्ने अमूल्य क्षेत्री भएको, श्रीमतीलाई छातीमा पेस्तोल ताक्ने, दराज सेफको चाबी लिने भरत भन्ने चित्रबहादुर थापा भएको, अन्य व्यक्तिहरूलाई देखे पहिचान गर्न सक्छु। डाँका चोरी गरी भाग्ने बेला मैले घरभित्रबाट चिहाई हेर्दा २ जना डाँकाचोर घर बाहिर बसेका रहेछन्। निजहरू र चार जना घरभित्र पसेका रहेछन्। निजहरू चोरी गरेपछि ३०६१ नं. र लु. ४ प. ५०५७ नं. को मोटरसाइकलमा तिन/तिन जना चढी भागेका हुन्। कुल मेरो घरबाट डाँका भएको धनमाल ९,११,६४०।- (नौ लाख एघार हजार छ सय चालिस) हो भन्ने समेत ब्यहोराको राजेन्द्र श्रेष्ठको किटानी जाहेरी।

किटानी जाहेरीमा उल्लेख भएका व्यक्ति, मोटरसाइकल र दसीका सामान खोजतलास गर्दै जाँदा जिल्ला नवलपरासी रजहर-५ स्थित कच्ची सडकमा अमूल्य क्षेत्री ग. ३ प.३०६१ नं. को मोटरसाइकल चढी गइरहेको अवस्थामा फेला पारी सोही स्थानमा निजको जिउ तलासी गर्दा चोरीको दसी मोबाइल थान-१ र नगद रू. ५०००।— फेला पारी मोटरसाइकल, मोबाइल र नगद बरामद गरी अमूल्य क्षेत्रीलाई सोही स्थानबाट पक्राउ गरेको भन्ने ब्यहोरा समेतको बरामदी मुचुल्का तथा प्रहरी प्रतिवेदन।

किटानी जाहेरीमा उल्लेख भएका व्यक्ति, मोटरसाइकल र दसीका सामान खोजतलास गर्दै जाँदा जिल्ला नवलपरासी, दिव्यपुरी-४ स्थित भित्री सडक खण्डमा किटानी जाहेरीमा उल्लेख भएको लु. ४ प. ५०५७ नं. को मोटरसाइकल चढी प्रतिवादी भरत भन्ने चित्रबहादुर थापा जाँदै गरेको अवस्थामा

फेला पारी सोही स्थानमा मोटरसाइकल रोकी चित्रबहादुर थापाको जिउ खानतलासी लिंदा नगद रू. ७०००।— फेला पारेको र सोही स्थानबाट मोटरसाइकल, नगद रुपैया सहित प्रतिवादी चित्रबहादुर थापालाई पक्राउ गरेको भन्ने ब्यहोरा समेतको बरामदी मुचुल्काका साथ प्रहरी प्रतिवेदन।

अमूल्य क्षेत्रीसँग मेरो सङ्गत थियो। मिति ०६९।४।२९ गते अमूल्य क्षेत्रीले मलाई क्यौरेनी स्थित काली गण्डकी होटलमा बोलाई चिनजान भएका ४ जना मानिससँग परिचय गरियो र हामीहरूको योजना प्रगतिनगर-३ बस्ने ठेक्कापट्टा गर्ने राजेन्द्र श्रेष्ठको घरमा डाँका चोरी गर्ने छ, त्यसका लागि मोटरसाइकलको आवश्यकता परेकाले तिमीसँग मोटरसाइकल पनि छ, पहिले चन्दा माग्न जाँदा पनि राजेन्द्र श्रेष्ठको घरको अवस्था बुझेका छौं, योजनामा सहभागी भएर चोरी गर्न सफल भइयो भने डाँका चोरीबाट प्राप्त धनमाल बराबर बाँड्ने हो भनेपछि राजेन्द्र श्रेष्ठ पर्याप्त धनमाल भएको, घरभित्रको मानिसले प्रतिकार गर्‍यो भने यसले ठिक गर्ने भनी अनिल भन्नेले झोलाबाट ३ वटा धारिलो खुकुरी निकालेर देखाएको हुँदा योजनामा सरिक भई अमूल्यको बाइकमा २ जना र मेरो बाइकमा २ जना भई डाँका गर्ने भनिएको घरमा चक्कर काटी पुनः होटलमा आयौं। सोही राती ९:०० बजेतिर होटलबाट डण्डा बजार प्रतीक्षालय नजिक जङ्गलमा आएर लुकी १२:०० बजे सल्लाह अनुसार डाँका चोरी गर्ने घरतिर लाग्यौं। म पछाडि आएको मान्छे हेर्ने र तत्काल कोही आएमा भाग्न सकियोस् भनी झ्यालतर्फ बसें र अमूल्य घरको अगाडि मूल ढोकामा खुकुरी लिई बस्यो। अन्य चारजना ढोका पल्ला तोडी घरभित्र पसी चोरी गरी निस्किएपछि मोटरसाइकलमा चढी उत्तर देवचुलीतर्फको सडक हुँदै जङ्गल पसी भोलि नगद बाँडफाँट गर्‍यौं र गरगहना तत्काल भागबन्डा नगर्ने, पछि गालेर बाडौंला भनी झोलामा राखें। २ जनालाई भरतपुर मैले छोडेर आएको केही दिनपछि प्रहरीले पक्राउ गरिहाल्यो। गरगहनाको भाग पाइनँ भन्ने ब्यहोरा समेतको प्रतिवादी भरत भन्ने चित्रबहादुर थापाको मौकाको बयान कागज।

म अनिल घर्ती, अजय भन्ने तिर्थबहादुर थापा बुटवल प्रहरीको हिरासतमा सँगै बसेका थियौं। सोही समयमा अब जीवन बन्ने किसिमले ठुलो चोरी गर्ने, सानातिनामा नअल्झिने भनी सल्लाह भए अनुसार चित्रबहादुर थापा, यमबहादुर पुन र भोजबहादुर समेत ६ जना जुटी मिति २०६९।३।३१ गते जिल्ला नवलपरासी, प्रगतिनगर-१ बस्ने राजेन्द्र श्रेष्ठको घरमा डाँका चोरी गर्ने योजना बनाई काली गण्डकी होटलमा खानपिन गरी ३/३ जना दुई मोटरसाइकलमा चढी करिब ९:०० बजे राती डण्डाको प्रतीक्षालय नजिक जङ्गलमा लुकी बसी १२:०० बजे राजेन्द्र श्रेष्ठको घरमा डाँका चोरी गर्न गयौं। म घरको मूल ढोकामा घरभित्रको मानिस बाहिर आउन नपाओस् र बाहिरको मानिस आएमा भाग्न सकियोस् भनी खुकुरी लिई मूल ढोकामा अडिएँ। अनिल घर्ती, अजय भन्ने तिर्थबहादुर थापा, यमबहादुर पुन र भोजबहादुर राना घरभित्र पसे। चित्रबहादुर थापा घरको पछाडिपट्टिको झ्याल भएको ठाउँमा रखेदेखका लागि उभियो। डाँकाचोरी गरिसकेपछि मोटरसाइकल चढी देवचुलीतर्फको जङ्गलमा गई रात त्यहीं बितायौं। भोलिपल्ट चोरी गरेको धनमाल सबै साथीहरूमा बाँडी गरगहना पछि गालेर बिक्री गरेर भागबन्डा गरौंला भनी अनिलले झोलामा राख्यो। चोरी गरिएको मोबाइल मध्ये १ थान नोकिया मोबाइल मैले राखी अनिल समेत २ जनालाई आरुङ्ग खोलासम्म छोडें र चित्रबहादुर थापाले अन्य २ जनालाई नारायणगढसम्म छोड्न गयो। पछि गरगहनाका बारेमा अनिलसँग चोरी गरिएको मोबाइलबाट

फोन सम्पर्क टावर लोकेसन गर्दा सोही फोन माध्यमबाट प्रहरीले मलाई पक्राउ गरी लिई आएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी अमूल्य क्षेत्रीको मौकाको बयान कागज।

जिल्ला नवलपरासी, दिव्यपुरी -४ क्यौरेनी स्थित उत्तर मूल ढोका, टायलले छाएको छानो भएको प्रतिवादी चित्रबहादुर थापाको घर, सोही घरमा प्रतिवादी बस्ने कोठामा तलासी लिँदा अपराधसँग प्रमाण लाग्ने कुनै चिजवस्तु फेला नपरेको भन्ने ब्यहोरा समेतको खानतलासी बरामदी मुचुल्का।

जिल्ला रूपन्देही, बुटवल नगरपालिका वडा नं. ८ स्थित रामप्रसाद ढुङ्गानाको एक तले ६ कोठाको पक्की घर, सो घरबाट दक्षिणबाट पहिलो कोठामा प्रतिवादी यमबहादुर पुन कोठा भाडामा बस्ने गरेको, सो कोठाको खानतलासी लिँदा पहेँलो खैरो रङ्गको झोला, दाप सहितको काठको बिँड भएको खुकुरी थान-४, फलामको रड थान २, बिँडमा पहेँलो निलो भएको पिलास थान-१, पेचकस थान-२, विभिन्न मोबाइलका चार्जरहरू थान-८, Newera (r) सेतो टेप थान-१, नोकिया १२०८ मोबाइल थान-१, नोकिया २७०० मोबाइल थान १, नोकिया एक्प्रेस म्युजिक मोबाइल थान-१ बरामद गरिएको ब्यहोरा समेतको खानतलासी बरामदी मुचुल्का।

भिनाजु खुमबहादुर बुढा र अनिल घर्तीको अरुण खोलामा बस्ने रमेश न्यौपाने भन्ने मानिससँग रुपैया लिनु थियो। मिति २०६९।३।२८ गते रमेश न्यौपानेको घरमा म र अनिल घर्ती जाँदा निजसँग भेट भएन र हामीहरू अरुण खोलामा नै रहेको बेला अमूल्य क्षेत्री मोटरसाइकलमा आइपुग्यो। अनिल घर्ती र अमूल्य क्षेत्री बुटवल जेलमा सँगै बसेका बखत राम्रो चिनजान रहेछ। ऋणको पैसा नउठे के भयो त ? हाम्रो एए ६ योजना छ, प्रगतिनगर भन्ने स्थानमा एउटा धनी व्यापारी छ, उसको घर डाँका गरी ल्याउने र पैसा बाड्ने मलाई लोभ देखाई बुटवल डेरा कोठामा बस्दा बाइक चढ्न रहर थियो पुरा गर्न मैले पनि हुन्छ भने। त्यसपछि योजना अनुसार नाम थाहा नभएको होटलमा मिति ०६९।३।२९ देखि खान बस्न थाल्यौं। मिति ०६९।५।३० गते राती ९:०० बजे सबै जना होटलबाट निस्की डण्डा बजार प्रतीक्षालय नजिकको जङ्गलमा गएर बस्यौ। राती १२:०० बजे पछि योजना अनुसार प्रगतिनगर स्थित राजेन्द्र श्रेष्ठको घईरमा ३/३ जना २ वटा मोटरसाइकलमा आई योजना अनुसार अनिल, अजय र भोजबहादुर रानाले पछाडिको ढोकाको पल्ला फुटाई भित्र पसी अमूल्य क्षेत्रीले ढोकामा खुकुरी लिई बसेका थिए। म पनि भित्र पसी घरभित्रको सबै लकर दराज बक्स खोलखाल गरी नगद तथा गरगहना डाँका चोरी गरी लुटी बाईक चढी उत्तरतर्फको जङ्गलमा गई आराम गर्यौं। त्यस पछि पैसा बाँडफाँड गरि, गरगहना पछि बिक्री गरी वाडौला भनि गरगहनाको झोला अनिल हो वा अजय दुई मध्य एक जनाले बोक्यो। त्यसपछि अमूल्यले मलाई आरुङखोला पुर्याई छाड्यो र म बस चढी बुटवल आफ्नो डेरामा आए। पछि गरगहना सम्बन्धमा अजयले केही गरगहना रोलगोलको परेछन् भनेको छ, हामीलाई ढाट्न खोजेको हो की म पोखरा जान्छु भनी अनिल पोखरा गएको हो। पोखरा पुगेपछि म पुगें भनी फोन गरेको थियो। त्यस पछि सम्पर्क नै भएन प्रहरीले मलाई पक्राउ गरी हाल्यो नगद भागबन्डामा मलाई रू. ५०००।— भाग परेको थियो भन्ने समेत ब्यहोराको प्रतिवादी यमबहादुर पुनको मौकाको बयान कागज।

वारदातको राती भरत भन्ने चित्रबहादुर थापाले मलाई घाँटीमा खुकुरी राखी लकरको चाबी माग्ने, अमूल्य क्षेत्रीले जाहेरवाला मेरा श्रीमानलाई छातीमा घुडा टेकी खुकुरी ताक्ने, यमबहादुर पुनले

डाँका गरेको सामान झोलामा हाल्ने कार्य गरेका व्यक्ति हुन् देखाइएका सामान मध्ये नोकिया कालो सेतो मोबाइल मैले चलाउने गरेको मोबाइल हो खुकुरीको नाम साइज मिल्छ भन्ने समेत ब्यहोराको एकै मिलानको विजया श्रेष्ठ र जाहेरवाला राजेन्द्र श्रेष्ठले लेखाएको सनाखत कागज।

मिति २०६९।४।३० गतगे राती जाहेरवाला राजेन्द्र श्रेष्ठको घरमा हातहतियार सहितको ५/६ जनाको समूहमा डाँका चोर आई जाहेरवाली समेतलाई डराई तर्साई घरमा भएको नगद तथा गरगहना डाँका गरी लगेको भन्ने सुनी थाहा पाएको थिएँ। घटना स्थल हेर्दा घरभित्रका सामान लथालिङ्ग दराज लकर खुल्ला देखेको थिएँ। हाल सबै कुरा बुझ्दै जाँदा अमूल्य क्षेत्री भन्ने व्यक्तिले टाढा टाढाका डाँकाहरू जुटाई जाहेरवालाको घरमा भएको धन सम्पत्तिको आँकलन गरी डाँका चोरी गरेको भन्ने बुझेका थिएँ भन्ने समेत ब्यहोराको लालकुमार श्रेष्ठ समेतको बस्तुस्थिति मुचुल्का।

प्रतिवादीहरू चित्रबहादुर थापा, अमूल्य क्षेत्री, यमबहादुर पुन, अनिल घर्ती, तिर्थबहादुर थापा, भोजबहादुर रानालाई मुलुकी ऐन चोरीको महलको १/६ नं बमोजिमको कसुर अपराध गरेको देखिँदा निजहरूलाई सोही चोरीको १४(४) नं बमोजिम सजाय गरी जाहेरवालाको तत्काले उल्लिखित बिगो रू. ९,११,६४०।- मध्ये बरामद भएको रू. ३२,०००।— बराबरका धनमाल जाहेरवालालाई तत्काले फिर्ता दिलाई भराई पाउन र बरामद नभएको नपुग बिगो रू. ८,७९,६४०।— ऐ चोरीको १०।२१ नं बमोजिम प्रतिवादीहरूबाट दिलाई भराई पाउन समेतको अभियोग मागदाबी।

मिति २०६९ असार २४ गते म मेरो घर जिल्ला गोरखा छोप्राक गा.वि.स.मा गई ऐ. श्रावण ४ गते मात्र म रजहर फर्केको हुँ। म जाहेरवालाको घरमा चोरी गर्न गएको होइन। जाहेरी दरखास्तको ब्यहोरा झुट्टा हो। पुलिसले मलाई श्रावण ९ गते पक्राउ गरेको हो। म बाट प्रहरीले १ थान मोटरसाइकल र दुई थान मोबाइल बरादम गरेको हो। मैल प्रहरीमा गरिएको भनिएको बयान ब्यहोरा मेरो होइन। प्रहरीले सो कागज आफै लेखी मलाई नसुनाई डर त्रास देखाई सहीछाप गराएका हुन्। सो कागजको ब्यहोरा झुट्टा हो। मैले अभियोग दाबी बमोजिम कसुर गरेको नहुँदा सजाय पाउनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी अमूल्य पोख्रेल क्षेत्रीले यस अदालतमा गरेको बयान।

मिति २०६९।३।३० गते मेरो भारतमा नोकरी गर्ने दाजु घरमा आउनु भएको हुँदा साँझ दाइ आएपछि सबैजना घरपरिवारसँगै बसेका थियौं र म घरबाट बाहिर भोलिपल्ट बिहान अफिसमा काम गर्न गएको हुँ, म जाहेरवालाको घरमा डाँका चोरी गर्न गएको छैन, जाहेरी दरखास्त झुट्टा हो। प्रहरीले मबाट नगद रू. ७०००।— बरामद गरेको हो। अनुसन्धान अधिकारी समक्ष मैले गरिएको भनिएको बयान सत्य होइन, सो कागजको ब्यहोरामा के लेखिएको थियो मलाई नसुनाई जबरजस्ती डर त्रास देखाई सहीछाप गराएका हुन्। दसीका सामानहरू मध्ये १२०८ मोडेलको नोकिया मोबाइल र सोमा रहेको ९८४७३५६१६९ नं. को सिम कार्ड मेरो हो। मैले अभियोग दाबी बमोजिम कसुर गरेको नहुँदा सजाय पाउनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी चित्रबहादुर थापाले यस अदालतमा गरेको बयान।

मिति २०६९।३।२९ गते म जिल्ला रूपन्देही, शितलनगर स्थित भान्जीको घरमा गएको र २ दिन त्यहाँ बसी श्रावण १ गते म बुटवल फर्केको हुँ। २०६९।३।३० गते म भान्जीको घरमा थिएँ। म जाहेरवालाको घरमा डाँका चोरी गर्न गएको छैन, जाहेरी दरखास्तको ब्यहोरा झुट्टा हो।

मबाट प्रहरीले २ वटा मोबाइल (सोनी इरेक्सन र नोकिया) बरामद गरेको हो। अन्य बरामती सामान को कसका हुन् मलाई थाहा छैन। प्रहरीमा गरिएको मेरो बयान ब्यहोरा झुट्टा हो। प्रहरीले सो बयान आफै लेखी मलाई नसुनाई कुटपिट गरी जबरजस्ती सहीछाप गराएका हुन्। मैले अभियोग दाबी बमोजिम कसुर अपराध गरेको नहुँदा सजाय पाउनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी यमबहादुर पुनले यस अदालतमा गरेको बयान।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री आनन्द शर्मा र प्रतिवादीका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री थिरलाल पराजुली, मिनबहादुर कुँवर र आनन्द भुसाल समेतको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा यसमा वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम यी प्रतिवादीहरूले अपराध कसुर गरेका हुन् होइनन् र यी प्रतिवादीहरूलाई वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम सजाय हुनु पर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो।

विद्वान कानुन व्यावसायीहरूको बहस जिकिर हेर्दा वादी नेपाल सरकारको तर्फबाट उपस्थिति हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री आनन्द शर्माले प्रतिवादीहरू अनुसन्धान अधिकारी समक्ष अपराध कसुर गरेको कुरामा साबित रहेको, मौकामा यी प्रतिवादी उपर किटानी जाहेरी परेको र जाहेरवालाले यस अदालतमा आई बकपत्र गर्दा डाँका चोरी भएको कुरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको र प्रतिवादीहरू उपर शङ्काका आधारमा जाहेरी गरेको भनी भने पनि मौकामा भएका कागजात तथा मिसिल संलग्न तथ्यहरूबाट यी प्रतिवादीहरू अभियोग दाबीको कसुरमा संलग्न रहेको देखिन आएकाले प्रतिवादीहरूलाई हदैसम्म सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नु भयो। प्रतिवादी यमबहादुर पुन र प्रतिवादी चित्रबहादुर थापाका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री थिरलाल पराजुलीले जाहेरवालाको मौकाको जाहेरीमा प्रतिवादीहरू उपर किटानी गर्न नसकेका, पुनः दिएको जाहेरीमा प्रतिवादीहरूको नाम समावेश भए पनि मौकामा देखेको भन्ने पछिल्लो जाहेरीको भनाइलाई अघिल्लो जाहेरी ब्यहोराले खण्डन गरेको र यस अदालतमा बकपत्र गर्दा जाहेरवालाले यी प्रतिवादीहरूको कसुरको संलग्नता (Attempt to the crime) लाई इन्कार गरिदिएको र सो कुरालाई प्रतिवादीहरूको यस अदालतमा भएको बयानले कसुरमा इन्कार रही अन्यत्र रहे भएको (Plead of Alibi) ले समर्थन गरेको अवस्थामा प्रतिवादीहरू उपरको अभियोग दाबी खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नु भयो। प्रतिवादी अमूल्य पोखेल क्षेत्रीका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताद्वय श्री मिनबहादुर कुँवर र आनन्द भुसालले प्रतिवादी अमूल्य पोखेल वारदातको समयमा गोरखामा रहेको भनी यस अदालतमा बयान गर्दा जिकिर लिएको, निजबाट पैसा बरामद भएको भने पनि उक्त पैसा डाँका चोरीबाट प्राप्त भएको भन्ने कही कतैबाट खुल्न नआएको, जाहेरवालाले यी प्रतिवादीको वारदातमा संलग्नता थिएन भनी बकपत्र गरिदिएको अवस्थामा प्रतिवादी अमूल्य पोखेल अभियोग दाबीको कसुरमा संलग्न रहेको नदेखिँदा अभियोग दाबीबाट सफाइ दिलाइपाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

मिसिल अध्ययन गरी विद्वान कानुन व्यवसायीहरूको उल्लिखित जिकिर सुनी प्रस्तुत अभियोग दाबीका सम्बन्धमा देहायका विषयहरूमा आधारित भई निर्णय दिनु पर्ने देखियो।

क) वादी नेपाल सरकारको अभियोग दाबीको वारदात कायम हुने नहुने के रहेछ ?

ख) प्रस्तुत अभियोग दाबीको कसुरमा यी प्रतिवादीहरूको संलग्नता देखिन्छ देखिँदैन ?

ग) अभियोग प्रमाणित हुन आएमा प्रतिवादीहरूलाई के कुन सजाय हुनु पर्ने हो ?

घ) जाहेरवालले जाहेरी ब्यहोरा र अन्य तथ्य विचमा विरोधाभास हुने गरी बकपत्र गरेमा निजले कानुनले निर्धारण गरेको दायित्व बहन गर्नु पर्ने हो होइन ?

सर्वप्रथम प्रथम प्रश्नका सम्बन्धमा वादी नेपाल सरकारको अभियोग दाबीको वारदात कायम हुने नहुने के हो भनी हेर्दा मिति २०६९।३।२१ गते परेको जाहेरवालाको प्रथम हुलिया जाहेरीमा जाहेरवाला जिल्ला नवलपरासी प्रगतिनगर गा.वि.स. वडा नं. ३ बस्ने राजेन्द्र श्रेष्ठको घरमा ऐ. ३० गते अर्थात ठिक अघिल्लोदिन जाहेरवालाका परिवार टि.भी. हेरी ९ बजेतिर सुतेपछि रातीको करिब २:३० बजेतिर ४ जना डाँकाहरू घरको ढोकाको जाली र पल्ला फोडी जाहेरवालालाई लडाई एक जनाले घुँडाले दबाई घाँटीमा नाङ्गो खुकुरी राखी बोलिस् भने मारिदिन्छु भनी चल्न चलबलाउन नदिई उक्त डर धाक देखाई ताला खोल्न लगाई नगद सुन समेत डकैती गरेको भनी जाहेरी दिएको देखिन्छ। त्यसै गरी प्रतिवादीहरू अमूल्य क्षेत्री, चित्रबहादुर थापा समेत उपर किटानी गरी सोही ब्यहोराको आफ्नो बिगो रू. ९,११,६४०।— को समान डाँका चोरी भएको भनी दोस्रो जाहेरी परेको देखिन्छ। मिसिल संलग्न मिति २०६९।३।३१ को घटना स्थल मुचुल्कामा उल्लेख भएको चौहद्दी अर्थात जि.न.प. प्रगतिनगर गा.वि.स ३ जाहेरवाला राजेन्द्र श्रेष्ठको घरको भित्र रहेको कोठाको दराजबाट नगद तथा विभिन्न प्रकारका सुनका गहनाहरू मोबाइल समेत ४ जना मानिसहरूले चोरी गरी लगेको भनी मुचुल्का भई आएको देखिन्छ। मिसिल संलग्न मिति २०६८।४।२१ को प्रतिवादी अमूल्य क्षेत्रीसँगको खानतलासी मुचुल्का डाँका चोरी गर्दा प्रयोग भएको ग.३ प. ३०९१ नं. को बजाज पल्सर मोटरसाइकल र नोकिया मोबाइल र रू. ५०००।— समेत बरामद भई आएको देखिन्छ। त्यसै गरी चित्रबहादुर थापाको शरीर तलासी मुचुल्कामा वारदातमा प्रयोग भएको लु. ४ प. ५०५७ को बजाज डिस्कभर मोटरसाइकल र विभिन्न नं. को ७ थान १००० दरका नोटहरू बरामद भएको देखिन्छ। अर्का प्रतिवादी यमबहादुर पुनबाट खुकुरी तथा रड समेत वारदातमा प्रयोग भएका सामान बरामद भई आएको पाइयो। मौकाको घटना स्थल प्रकृति मुचुल्कामा जिल्ला नवलपरासी, प्रगतिनगर गा.वि.स. वडा नं. ३ स्थित जाहेरवाला राजेन्द्र श्रेष्ठको घरभित्र प्रवेश गरी हेर्दा घरभित्रका सामानहरू लथालिङ्ग यत्रतत्र छरिएर रहेको, दराज, सेफ खुल्ला अवस्थामा रही सोही स्थानबाट मिति ०६९।४।३० गते राती डाँका चोरहरू प्रवेश गरी सुनका गरगहना तथा नगद धनमाल डाँका चोरी गरी लगेको स्थानको चार किल्ला सहितको विवरण भन्ने ब्यहोराको समेत यी प्रतिवादीहरूलाई जाहेरवालाले सनाखत गरी पहिचान गरिदिएको र बरामद सामानहरू समेत सनाखत गरिदिएको देखियो। अदालतमा आई बयान गर्दा प्रतिवादीहरू इन्कार रहे पनि मौकामा बयान गर्दा प्रतिवादीहरू अपराध कसुरमा साबित रही वारदातको तयारी योजना र सोलाई मूर्त रूप दिन गरिएको कार्य (Attempt of Crime) सम्बन्धमा एकापसमा नबाझिने गरी मालाकार रूपमा साबित रही बयान गरेको देखिन्छ। जाहेरवालाले यस अदालतमा बकपत्र

गर्दा उक्त वारदातलाई समर्थन हुने गरी दिएको बकपत्र समेतका आधार कारणहरूबाट मिति २०६९।३।३० गते राती वा सोको अर्को दिनको पूर्वार्द्धमा जाहेरवालाको घरमा डाँका वारदात भएको वारदात कायम हुन आयो।

अब दोस्रो प्रश्न उक्त वारदातको सम्बन्धमा प्रस्तुत भएको अभियोग दाबीको कसुरमा यी प्रतिवादीको संलग्नता छ छैन भन्ने सम्बन्धमा हेर्दा अभियोग साथ उपस्थित गराइएका प्रतिवादीहरूको कार्य वादी नेपाल सरकारको अभियोग मागदाबी बमोजिम कसुरजन्य हो होइन भन्ने सम्बन्धमा हेर्दा वादी नेपाल सरकारले प्रतिवादीहरू उपर प्रतिवादीहरू चित्रबहादुर थापा, अमूल्य क्षेत्री, यमबहादुर पुन, अनिल घर्ती, तिर्थबहादुर थापा, भोजबहादुर रानालाई मुलुकी ऐन, चोरीको महलको १/६ नं. बमोजिमको कसुर अपराध गरेको देखिँदा निजहरूलाई सोही चोरीको १४(४) नं बमोजिम सजाय गरी जाहेरवालाको तत्कालै उल्लिखित बिगो रू. ९,११,६४०।- मध्ये बरामद भएको रू. ३२,०००।— बराबरका धनमाल जाहेरवालालाई तत्कालै फिर्ता दिलाई भराइपाउन र बरामद नभएको नपुग बिगो रू. ८,७९,६४०।— ऐ. चोरीको १०।२१ नं. बमोजिम जाहेरवालालाई प्रतिवादीहरूबाट दिलाई भराइपाउन समेतको मागदाबी लिई प्रतिवादीहरू उपर प्रस्तुत अभियोग दायर हुन आएको देखियो।

प्रतिवादीहरू चित्रबहादुर थापा मगर, अमूल्य पोखेल क्षेत्री, यमबहादुर पुनमगर, अनिल घर्ती, तिर्थबहादुर थापा, भोजबहादुर राना समेत जाना ६ उपर प्रस्तुत अभियोग दाबी रहेको पाइयो। प्रतिवादी तिर्थबहादुर थापा, भोजबहादुर राना, अनिल घर्ती अनुसन्धान तहकिकातको समयमा फरार रही बसेका र सो मध्ये तिर्थबहादुर थापाका नाममा म्याद जारी भई निज प्रतिवादी म्यादमा हाजिर नभई म्यादै गुजारी बसेको देखियो। अरू प्रतिवादी भोजबहादुर राना र अनिल घर्तीको स्पष्ट वतनको अभावमा म्याद जारी हुन सकेको देखिँदैन। प्रतिवादीहरू चित्रबहादुर थापामगर, अमूल्य पोखेल क्षेत्री र यमबहादुर पुनमगरको हकमा सम्म प्रस्तुत अभियोग दाबीको कसुरदार हुन् होइनन् भनी हेर्नु पर्ने देखियो।

मौकामा तयार भएको घटना स्थल मुचुल्कामा वारदात स्थल अर्थात जाहेरवाला राजेन्द्र श्रेष्ठको घरभित्र प्रवेश गरी हेर्दा घरभित्रका सामानहरू लथालिङ्ग यत्रतत्र छरिएर रहेको, दराज, सेफ खुल्ला अवस्थामा रहेको स्थानबाट मिति ०६९।४।३० गते राती डाँका चोरहरू प्रवेश गरी सुनका गरगहना तथा नगद धनमाल डाँका चोरी गरी लगेको स्थानको चार किल्ला सहितको विवरण भन्ने ब्यहोराको समेत घटना स्थल प्रकृति मुचुल्का देखिन्छ। जाहेरवाला राजेन्द्र श्रेष्ठले मौकामा अर्थात मिति २०६९।३।३१ गते दिएको हुलिया जाहेरीमा डाँकाहरूले डाँका चोरी गरी लगेका सामानहरूको विवरणसम्म उल्लेख गरेको देखियो। त्यसै गरी मिति २०६९।४।२० मा दिएको जाहेरी दरखास्तमा प्रतिवादी अमूल्य क्षेत्री, चित्रबहादुर थापा समेत अन्य नचिनेका ४ जनाले ९,११,६४०।– बराबरको धनमाल डाँका गरेको भनी प्रतिवादीहरू उपर किटानी जाहेरी परेको देखिन्छ। मौकामा पक्राउ परेका प्रतिवादी भरत भन्ने चित्रबहादुर थापाको अनुसन्धान अधिकारी समक्ष भएको बयान कागज हेर्दा निजले अमूल्य क्षेत्रीसँग चिनजान भएका कारण वारदातको अधिल्लो दिन क्यौरेनी स्थित काली गण्डकी होटलमा बसी जाहेरवालाको घरमा डाँका गर्ने अन्य ४ जना समेत भई सल्लाह गरी वारदातको दिन मेरो समेत २ वटा मोटरसाइकलबाट जाहेरवालाको घरको अवलोकन गरी भनी बनाएको योजना मुताबिक सोही राती ९:०० बजेतिर होटलबाट डण्डा बजार प्रतीक्षालय नजिक जङ्गलमा आएर लुकी

१२:०० बजे सल्लाह अनुसार डाँका चोरी गर्ने घरतिर लाग्यौं। म पछाडि आएको मान्छे हेर्ने र तत्काल कोही आएमा भाग्न सकियोस् भनी झ्यालतर्फ बसें र अमूल्य घरको अगाडि मूल ढोकामा खुकुरी लिई बस्यो। अन्य चार जना ढोकाको पल्ला तोडी घरभित्र पसी चोरी गरी निस्किएपछि मोटरसाइकलमा चढी उत्तर देवचुलीतर्फको सडक हुँदै जङ्गल पसी भोलि नगद बाँडफाँट गर्‍यौं र गरगहना तत्काल भागबन्डा नगर्ने पछि गालेर बाडौंला भनी झोलामा राखें। २ जनालाई भरतपुर मैले छोडेर आएको केही दिनपछि प्रहरीले पक्राउ गरिहाल्यो, गरगहनाको भाग पाइनँ भन्ने ब्यहोरा उल्लेख गरेको देखिन्छ। अर्का प्रतिवादी अमूल्य क्षेत्रीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा म अनिल घर्ती, अजय भन्ने तिर्थबहादुर थापा बुटवल प्रहरीको हिरासतमा सँगै बसेको अवस्थामा ठुला चोरी गर्ने सल्लाह गरेका थियौं सोही समयमा अब जीवन बन्ने किसिमले ठुलो चोरी गर्ने, सानातिनामा नअल्झिने भनी सल्लाह भए अनुसार चित्रबहादुर थापा, यमबहादुर पुन र भोजबहादुर समेत ६ जना जुटी जाहेरवाला राजेन्द्र श्रेष्ठको घरमा डाँका चोरी गर्ने योजना बनाई काली गण्डकी होटलमा खानपिन गरी ३/३ जना दुई मोटरसाइकलमा चढी करिब ९:०० बजे राती डण्डाको प्रतीक्षालय नजिक जङ्गलमा लुकी बसी १२:०० बजे राजेन्द्र श्रेष्ठको घरमा डाँका चोरी गर्न गयौं। म घरको मूल ढोकामा घरभित्रको मानिस बाहिर आउन नपाओस् र बाहिरको मानिस आएमा भाग्न सकियोस् भनी खुकुरी लिई मूल ढोकामा अडिएँ। अनिल घर्ती, अजय भन्ने तिर्थबहादुर थापा, यमबहादुर पुन र भोजबहादुर राना घरभित्र पसे। चित्रबहादुर थापा घरको पछाडिपट्टिको झ्याल भएको ठाउँमा रखेदेखका लागि उभियो। डाँकाचोरी गरिसकेपछि मोटरसाइकल चढी देवचुलीतर्फको जङ्गलमा गई रात त्यहीं बितायौं। भोलिपल्ट चोरी गरेको धनमाल सबै साथीहरूमा बाँडी गरगहना पछि गालेर बिक्री गरेर भागबन्डा गरौंला भनी अनिलले झोलामा राख्यो। चोरी गरिएको मोबाइल मध्ये १ थान नोकिया मोबाइल मैले राखी अनिल समेत २ जनालाई आरुङ्ग खोलासम्म छोडें र चित्रबहादुर थापाले अन्य २ जनालाई नारायणगढसम्म छोड्न गयो। पछि गरगहनाको बारेमा अनिलसँग चोरी गरिएको मोबाइलबाट फोन सम्पर्क गरेको टावर लोकेसन गर्दा सोही फोन माध्यमबाट प्रहरीले मलाई पक्राउ गरी लिई आएको हो भन्ने समेत ब्यहोरा उल्लेख गरेको पाइयो। प्रतिवादी यमबहादुर पुनले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा अनिल घर्ती र अमूल्य क्षेत्री बुटवल जेलमा सँगै बसेका बखत राम्रो चिनजान रहेछ। डाँका गरी पैसा ल्याउने र पैसा बाँड्ने मलाई लोभ देखाई बुटवल डेरा कोठामा बस्दा बाइक चढ्न रहर थियो पुरा गर्न मैले पनि हुन्छ भने। योजना मुताबिक राती १२:०० बजे प्रगतिनगर स्थित राजेन्द्र श्रेष्ठको घरमा ३/३ जना २ वटा मोटरसाइकलमा आई योजना अनुसार अनिल, अजय र भोजबहादुर रानाले पछाडिको ढोकाको पल्ला फुटाई भित्र पसी अमूल्य क्षेत्रीले ढोकामा खुकुरी लिई बसेका थिए। म पनि भित्र पसी घरभित्रको सबै लकर दराज बक्स खोलखाल गरी नगद तथा गरगहना डाँका चोरी गरी लुटी बाइक चढी उत्तरतर्फको जङ्गलमा गई आराम गर्‍यौं। प्रहरीले मलाई पक्राउ गरी हाल्यो। नगद भागबन्डामा मलाई रू. ५०००।— भाग परेको थियो भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखियो।

प्रतिवादीहरूको यस अदालतमा भएको बयानलाई हेर्दा प्रतिवादी अमूल्य पोखेल क्षेत्रीले आफु वारदाको दिन वारदात स्थलमा नभई गोरखा गई फर्केको हो। मलाई प्रहरीले श्रावण ९ गते पक्राउ गरेको हो। म बाट प्रहरीले १ थान मोटरसाइकल र दुई थान मोबाइल बरादम गरेको हो। प्रहरीमा

गरिएको भनिएको बयान ब्यहोरा मेरो होइन प्रहरीले सो कागज आफै लेखी मलाई नसुनाई डर त्रास देखाई सहीछाप गराएका हुन्। सो कागजको ब्यहोरा झुट्टा हो भनी बयान गरेको पाइयो। प्रतिवादी चित्रबहादुर थापाले यस अदालतमा बयान गर्दा आफु वारदातको दिन सबै जना भई घरपरिवारसँगै बसेका थियौं र म घरबाट बाहिर भोलिपल्ट बिहान अफिसमा काम गर्न गएको हुँ, म जाहेरवालाको घरमा डाँका चोरी गर्न गएको छैन। जाहेरी दरखास्त झुट्टा हो। प्रहरीले मबाट नगद रू. ७०००।– बरामद गरेको हो। अनुसन्धान अधिकारी समक्ष मैले गरिएको भनिएको बयान सत्य होइन। सो कागजको ब्यहोरामा के लेखिएको थियो मलाई नसुनाई जबरजस्ती डर त्रास देखाई सहीछाप गराएका हुन्। दसीका सामानहरू मध्ये १२०८ मोडेलको नोकिया मोबाइल र सोमा रहेको ९८४७३५६१६९ नं. को सिमकार्ड मेरो हो। मैले अभियोग दाबी बमोजिम कसुर गरेको नहुँदा सजाय पाउनु पर्ने होइन भनी ब्यहोरा उल्लेख गरेको देखियो। प्रतिवादी यमबहादुर पुनले यस अदालतमा बयान गर्दा वारदातको दिन म भन्जीको घर शितलनगर बसी श्रावण १ गते म बुटवल फर्केको हुँ। मबाट प्रहरीले २ वटा मोबाइल (सोनी इरेक्सन र नोकिया) बरामद गरेको हो। बरामदी सामानको कसका हुन् मलाई थाहा छैन। प्रहरीमा गरिएको मेरो बयान ब्यहोरा झुट्टा हो भनी बयान गरेको पाइयो।

प्रतिवादीहरूले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा अपराधको तथ्य सम्बन्धमा मालाकार रूपमा योजना बनाई सो लाई मूर्त रूप दिन गरिएको कार्य actus reus मालाकार रूपमा एक आपसमा मिल्ने गरी बयान गरेको पाइन्छ। यस अदालतमा प्रतिवादीहरूले बयान गर्दा आफुहरूको वारदातमा उपस्थिति नभई अन्यत्र रहेको ( Plea of alibi) को जिकिर लिए पनि सो जिकिरलाई प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रमाणको रोहमा पुष्टि गर्न सकेको पाईँदैन। बरामदी मुचुल्कामा बरामद भएका समान को कस्को हो मलाई थाहा जानकारी छैन, वारदातमा मेरो संलग्नता छैन भनी अदालतमा बयान गरेकै आधारमा प्रतिवादीहरूलाई आपराधिक दायित्व (Criminal liability) बाट मुक्त हुने अवस्था पनि होइन। त्यसमा पनि जाहेरवालाको यस अदलतमा भएको बकपत्रबाट निजको घटना स्थल मुचुल्का उल्लिखित घरमा वारदात मितिमा डाँका चोरी भएको तथ्यमा विवाद रहेको देखिँदैन। यस अवस्थामा यी प्रतिवादीहरूले यस अदलतमा अपराध कसुरमा इन्कारी बयान गरेकै आधारमा निजहरू निर्दोष रहेछन् भनी मान्न नमिली प्रतिवादीहरूको अनुसन्धान अधिकारी समक्ष भएको वारदातको सम्बन्धमा मालाकार रूपमा एक आपसमा मिलेको बयान ब्यहोरा मौकाको बरामदी मुचुल्का वारदातका सम्बन्धमा जाहेरवालाको यस अदालतमा भएको बकपत्र समेतका सबुत प्रमाणहरूबाट यी प्रतिवादीहरू अभियोग दाबीको कसुरका कसुरदार रहे भएको देखिन आयो।

अब तेस्रो प्रश्न अभियोग प्रमाणित हुन आएमा प्रतिवादीहरूलाई के कुन सजाय हुनु पर्ने हो ? भन्ने सम्बन्धमा हेर्दा प्रतिवादीहरू उपर वादी नेपाल सरकारले चोरीको महलको १/६ नं. बमोजिमको कसुर अपराध गरेको देखिँदा निजहरूलाई सोही चोरीको १४(४) नं बमोजिम सजायको मागदाबी लिइ प्रस्तुत अभियोग दायर गरेको देखियो। चोरीको १ नं. को कानुनी व्यवस्था हेर्दा *"आफ्नो हक नपुग्ने अचल भइरहेकोलाई चलको हिसाब गराई वा चल धनमाल समेत हक पुग्ने धनीलाई थाहा नदिई वा उसको मञ्जुरी नलिई धनीको हक मेटाई आफुले लिनाखानाका लागि जुनसुकै कुरो गरी बेइमानीका नियतले कसैले लग्यो भने चोरी गरेको ठहर्छ"* भनेको हुँदा यस नम्बरले चोरीको परिभाषासम्म गरेको

पाइन्छ भने अन्य नं. हरूले अपराधको अवस्था र सोमा निर्धारण गरिएको दण्डको व्यवस्था गरेको पाइन्छ। त्यसै गरी चोरीको ६ नं. लाई हेर्दा *"चार जनाभन्दा बढ्ताको जमात भई जबर्जस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको डाँका गरेको ठहर्छ"* विधायिकाले डाँका चोरी हुन अपराधमा व्यक्तिको सङ्ख्या हतियारको प्रयोग र सो कार्य रहजनी वा जबरजस्ती चोरीको अपराधको रीतसँग भएको हुनु पर्ने पूर्वसर्त राखेको पाइयो। जबरजस्ती चोरी र रहजनी चोरीको रीतसँग भनी चोरीको ६ नं. मा भनिएकामा सोतर्फ हेर्दा चोरीको ४ र ५ नं. को व्यवस्था देहाय बमोजिम रहेको पाइयो।

*४. चोरी गर्दा कुटपिट हातपात गरी वा बाँधी थिची वा उत्तिखेरै ज्यान लिने वा जिउ जखम अङ्गभङ्ग गर्ने डर त्रास गराई वा भित्र बसेको मानिस निस्कन नहुने गरी ढोका बन्द गरी चोरी गरेमा वा चोरी गरेको थाहा पाई मौकैमा वा दपेट्दै गई माल लिन वा चोर पक्रन खोज्दा चोरले माथि लेखिए बमोजिम जोरजुलुम गरेमा वा सो बमोजिम केही नगरे पनि नाबालकको जिउको धनमाल खोसी चोरी गरेकामा जबर्जस्ती चोरी गरेको ठहर्छ।*

*५. बाटोघाटो वा जङ्गलमा ढुकी जबर्जस्ती चोरी गरेको रहजनी ठहर्छ।*

उल्लिखित कानुनी व्यवस्थाले डाँका अपराधका लागि ४ जना भन्दा बढीको सङ्ख्यामा हतियार सहित बाटोघाटो कुरी वा ज्यान लिने अङ्गभङ्ग हुने वा कसैलाई बाधछाद गरी वा मानिसलाई घरभित्र बन्द गरी चोरी गरेमा डाँका चोरीको अपराध कसुर हुने भनी कानुनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत वारदातका सम्बन्धमा प्रतिवादीहरू फरार अन्य प्रतिवादीहरू समेत ३/३ जनाका दरले २ वटा मोटरसाइकलमा वारदात स्थलमा प्रतिवादी यमबहादुर पुनको घरबाट बरामद भएका २ बटा खुकुरी लिइ गई जाहेरवालाको घरको झ्याल ढोकाको पल्ला तोडी हातमा खुकुरी पेस्तोल लिएका ४/५ जना डाँका चोरहरू घरभित्र प्रवेश गरी जाहेरवाला निजको श्रीमतीलाई खुकुरी पेस्तोल घाँटीमा ताकी घरभित्र भएको सेफ दराजको चाबी मागेका र चाबी खोल्न नजानेपछि ज्यानको माया भए खोलिदे नत्र मारिदिन्छु भन्दै निजहरूबाट सेफको चाबी खोल्न लगाएका सेफभित्र भएका नगद, सुनका गरगहना र हातकानमा लगाएका गरगहना समेत डाँका चोरी गरी लगेको अवस्था देखिन्छ। घटना स्थल मुचुल्काले घरको झ्याल ढोकाको पल्ला तोडिएको घरभित्र भएको सेफ दराजको चाबी खुल्ला रहेको सामानहरू लथालिङ्ग यत्रतत्र छरिएर रहेको, दराज, सेफ खुल्ला अवस्थामा छाडी सेफ भित्र भएका नगद, सुनका गरगहना र हातकानमा लगाएका गरगहना समेत डाँकाहरूले पेस्तोल समेत देखाइ चाबी खोल्न लगाई चोरी गरी लगेको भनी उल्लेख भएको अवस्थामा चोरीको ४ नं. को रीतमा पेस्तोल समेतका बरामद खुकुरी समेत देखाई यी प्रतिवादीहरूले डाँका गरेको भनी देखाइएको तथ्यहरूलाई मिसिलमा सङ्कलित सबुत र तथ्य तथा उल्लिखित कानुनी व्यवस्था समेतका आधारमा इन्कार गर्न मिल्ने देखिँदैन। जाहेरवालाले यस अदालतमा बकपत्र गर्दा वारदातलाई समर्थन गरेको र डाँका चोरी भएका समानहरू आफ्नो घरबाट डाँका भएको कुरालाई समर्थन हुने गरी बकपत्र गरेको पाइयो। निजले यस अदालतमा बकपत्र गर्दा स.ज. ७ मा अपरिचित व्यक्तिहरू पसी समान लगेका हुन् भनी बकपत्र गरेको पाइयो। हाल थुनामा रहेका प्रतिवादीहरू बाहेकका अन्य व्यक्तिहरूले चोरी गरेका हुन् भनी बकपत्र गरे उपर निजको दायित्व सम्बन्धमा तल विवेचना भई गएको अवस्थामा सो सम्बन्धमा यसमा विवेचना गरिरहनु परेन। प्रतिवादी

अमूल्य क्षेत्री डाँका गर्न गई बाहिर मानिस निगरानी गर्न बसेको चित्रबहादुर थापा झ्याल पछाडि निगरानी गर्न बसेका र प्रतिवादी यमबहादुरसम्म अन्य तिन प्रतिवादीहरूले समान लुटिसकेपछि पछि सामान निकाल्ने राख्ने कार्यमा संलग्न रहेको भनी भनेको अवस्थामा र जाहेरीमा उल्लेख भएका समानहरू बोकी हिंड्ने गरेको अवस्थामा जाहेरवालाले नदेखेको भनी बकपत्र गरेको कुरालाई अन्यथा अर्थ गर्न मिलेन। तसर्थ उल्लिखित आधार प्रमाणबाट यी प्रतिवादीहरूले वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम चोरीको १ र ६ न. विपरीत अपराध कसुर गरेको देखियो। जहाँसम्म वादी नेपाल सरकारले प्रतिवादीहरू उपर जाहेरवालाको जाहेरी ब्यहोरामा उल्लेख भएको बिगो रू. ९,११,६४०।— को समान डाँका चोरी भएको भनी जाहेरी परेको देखिए तापनि बरामदी मुचुल्कामा देखिएको बिगो रू. ३२,०००।— सम्म कायम भएको र अन्य बिगो खाए मासेको कुरामा यी प्रतिवादीहरूको इन्कार रहेको अवस्थामा सोही बिगोलाई आधार मानी प्रतिवादीहरूलाई आपराधिक दायित्व Criminal liability बहन गराउनु उपयुक्त देखिन आयो।

अन्तमा चौथो प्रश्न जाहेरवालाले जाहेरी ब्यहोरा र अन्य तथ्य विचमा विरोधाभास हुने गरी बकपत्र गरेमा निजले कानुनले निर्धारण गरेको दायित्व बहन गर्नु पर्ने हो होइन ? भन्ने सम्बन्धमा हेर्दा यी जाहेरवालाले प्रतिवादीहरू उपर मिति २०६९।४।२० गते दिएको जाहेरी दरखास्तमा यी प्रतिवादीहरू उपर किटानी जाहेरी गरेको देखिन्छ। यस अदालतमा बकपत्र गर्दा यी प्रतिवादीको कसुरको उपस्थितिलाई अपराधबाट उन्मुक्ति दिने मनसायबाट आफ्नो मौकाको जाहेरीको विरोधाभास हुने गरी बकपत्र गरेको पाइयो। माथि प्रकरण प्रकरणमा गरिएको विवेचनाबाट प्रतिवादीहरू अभियोग दाबीको कसुरदार देखिन आएको ठहर भएको अवस्थामा यस अदालतमा बकपत्र गर्दा जाहेरी आफुले दिएको कुरालाई स्वीकार गरी र आफ्नो घरमा डाँका वारदात भएको कुरालाई हुलिया जाहेरी किटानी जाहेरी दिई बकपत्र मार्फत समर्थन गरे पनि यस अदालतमा बकपत्र गर्दा यी पक्राउ परेका प्रतिवादी उपर गरिएको बकपत्रको ब्यहोराले मौजुदा मुलुकी ऐन अदालती बन्दोबस्तको १६९ नं. विपरीत देखिन आयो। यस अवस्थामा जाहेरवाला समेतलाई सोही नं. बमोजिम कैद समेत हुने देखिन आयो।

यसमा प्रतिवादीहरू अनिल घर्ती र भोजबहादुर रानाको हकमा अभियोग दाबीमा स्पष्ट वतन खुली आएको नदेखिँदा र म्याद तामेल हुन सकेको नदेखिँदा निजहरू पक्राउ परी आएका बखत जगाई कारबाही गर्ने गरी प्रस्तुत अभियोग निजहरूका हकमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९(क) (४) बमोजिम तामेलीमा राखिदिने ठहर्छ। फरार प्रतिवादी तिर्थबहादुर थापाका हकमा निजका नाममा यस अदालतबाट जारी भएको म्याद रीतपूर्वक तामेली भई आएको र म्यादमा हाजिर नभई गुजारी बसेको देखिँदा निजका हकमा प्रस्तुत अभियोग अ.बं. १९० नं. बमोजिम मुल्तबी गरिदिएको छ। निजको अंश रोक्का मुचुल्का गरी पेस गर्नू।

अब प्रतिवादीहरू चित्रबहादुर थापामगर अमूल्य पोखेल क्षेत्री र यमबहादुर पुनमगरका हकमा माथि प्रकरण प्रकरणमा गरिएको विवेचनाबाट मिसिल संलग्न बरामदी मुचुल्का अनुसन्धान अधिकारी समक्ष गरेको बयान समेतका कागज प्रमाणहरूबाट प्रतिवादीहरूले चोरीको १, ६ नं. विपरीत अपराध कसुर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादीहरूलाई चोरीको १४(४) नं. बमोजिम जनही कैद वर्ष ६ र बरामद बिगो रू. ३२,०००।— सम्म डाँका चोरी गरेको देखिन आएको सो बिगोको डेढी बढाई हुने

४८,०००।— प्रतिवादीहरूलाई जनही जरिबाना समेत हुने ठहर्छ। बरामद माल वस्तुहरू जाहेरवालाले फिर्ता पाउने ठहर्छ। बरामद हुन नसकेको बिगो समेत भराइपाउँ भन्ने अभियोग दाबी सो हदसम्म पुग्न सक्दैन। साथै जाहेरवालाले माथि गरिएको विवेचनाबाट झुट्टा बकपत्र गरेको देखिएकाले निजलाई १ महिना कैद हुने ठहर्छ। सो ठहर्नाले अरू तपसिल बमोजिम गर्ने गरी आजको मुद्दा फैसला गरिदियौं।

**तपसिल**

प्रतिवादी अनिल घर्ती र भोजबहादुर राना समेत के माथि इन्साफ खण्डमा लेखिए बमोजिम निजहरूको हकमा प्रस्तुत मुद्दा तामेली मा राखिदिने ठहरेकाले तामेली दायरीमा दर्ता गर्नू ..................................१

प्रतिवादी तिर्थबहादुर थापा के माथि इन्साफ खण्डमा लेखिए बमोजिम निजका हकमा अंश रोक्का मुचुल्का गर्न बाँकी देखिँदा अंश रोक्का गर्नु र निजका हकमा प्रस्तुत मुद्दा अ.ब.१९० नं. बमोजिम मुल्तबीमा राख्ने ठहरेकाले प्रस्तुत मुद्दा मुल्तबी दायरीमा दर्ता गर्नू ....................................................................२

प्रतिवादी चित्रबहादुर थापामगर, अमूल्य क्षेत्री र यमबहादुर पुनमगर के माथि इन्साफ खण्डमा लेखिए बमोजिम चोरीको १,६ विपरीत अपराध गरेकाले सोही महलको १४ (४) नं. बमोजिम जनही ६ वर्ष कैद र रू. ४८०००।— जरिबाना हुने ठहरेकाले निजहरूलाई लागेको कैदका हकमा चित्रबहादुर थापामगर र अमूल्य क्षेत्री मिति २०६९/४/२१ देखि र यमबहादुर पुनमगर मिति २०६९/४/३१ देखि हालसम्म थुनामा रहेको देखिँदा सोही मितिदेखि हालसम्म थुनामा रहेको देखिँदा सोही मितिदेखि कट्टी हुने गरी कैद र जरिबानाको समेत कैद ठेकी लगत कसी असुल उपर गर्नू ..........................................................३

जाहेरवाला राजेन्द्र श्रेष्ठ के माथि इन्साफ खण्डमा लेखिए बमोजिम बरामद मालवस्तुहरू फिर्ता पाउने हुँदा फिर्ता गरिपाउँ भनी जाहेरवालाको दरखास्त परे नियमानुसार गरी फिर्ता दिनू ...................................४

जाहेरवाला राजेन्द्र श्रेष्ठ के माथि इन्साफ खण्डमा लेखिए बमोजिम अ.ब.१६९ नं. बमोजिम कैद १ महिना हुने ठहरेकाले सो कैद बेरुजु हुँदा अ.बं. १७० नं. बमोजिम लगत कसी असुल उपर गर्नू .................५

प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिन भित्र श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्नु भनी प्रतिवादीहरू चित्रबहादुर थापा मगर, अमूल्य क्षेत्री र यमबहादुर पुन मगर समेतलाई पुनरावेदनको म्याद दिनू .......................................................................................................................६

फैसलाको जानकारी सहितको ७० दिने पुनरावेदनको म्याद जिल्ला सरकारी वकिल कार्यालय नवलपरासीलाई दिनू .........................................................................................................७

जाहेरवाला राजेन्द्र श्रेष्ठलाई प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिनभित्र श्री पुनरावेदन अदालतमा पुनरावेदन गर्नु भनी पुनरावेदनको म्याद जारी गर्नू ........................................................................८

नक्कल माग्ने सरोकारवालालाई लाग्ने दस्तुर लिई नक्कल सारी सराइदिनू.........................................९

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल पुनरावेदन परे श्री पुनरावेदन अदालत बुटवलमा र नपरे अभिलेख शाखामा बुझाइदिनू ..........................................................................................१०

जिल्ला न्यायाधीश

फैसला तयार गर्न सहयोग गर्ने ना.सु. देवेन्द्र रिमाल र
स.क.अ. अन्जली शाक्य
फैसला पाना -१५

**इति सम्वत् २०७१ असार २ गते रोज २ मा शुभम्................।**

**श्री सोलुखुम्बु जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री दीपककुमार खरेल**
**फैसला**
**निर्णय नं. ३९**
**मु.नं. 069-CR-0025**

*मुद्दा : कर्तव्य ज्यान।*

**वादीको नाम, थर, वतन**

जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स. वडा नं. ७ बस्ने वर्ष २२ को पदम भन्ने राज राईको जाहेरीले नेपाल सरकार........................................................ १

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स. वडा नं. ७ बस्ने डिल्लीशेर राईको छोरा वर्ष १९ को यावेश राई ........................................................१

जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स. वडा नं. ७ बस्ने नौबहादुर राईको छोरा वर्ष ३० को तिखु भन्ने गंगाबहादुर राई ..................................१

जिल्ला सोलुखुम्बु, बुङ गा.वि.स. वडा नं. ८ बस्ने विविधन कुलुङको छोरा वर्ष १८ को माधव कुलुङ.................................................... १

जिल्ला सोलुखुम्बु, बेनी गा.वि.स. वडा नं. १ बस्ने रामबहादुर श्रेष्ठको छोरा वर्ष १८ को भीमनारायण श्रेष्ठ ......................................................१

जिल्ला सोलुखुम्बु, सल्लेरी गा.वि.स. वडा नं. २ बस्ने आङपेम्बा शेर्पाको छोरा वर्ष २५ को पासाङनुरु शेर्पा ..........................................१

जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स. वडा नं. ४ बस्ने वीरबहादुर राईकी छोरी वर्ष २६ की सुमित्रा राई ........................................................१

जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स. वडा नं. २ बस्ने धनवीर राईको छोरा वर्ष २२ को बज्जरे भन्ने वज्रपात राई .......................................१

**प्रमाण**

साक्षी –

जाहेरवाला पदम भन्ने राज राई .....................१

रामसंघर्ष किराँती भन्ने रामकुमार राई .............१

**प्रमाण**

साक्षी –

रनमान राई ..........१

उत्रकुमारी राई ......१

डिल्लीशेर राई ...........................................१
रेवतविक्रम राई .........................................१
ज्ञान लक्ष्मी राई ..........................................१
मणिराम राई ...............................................१
जयप्रसाद राई .............................................१

कागज – X

पेम्बा तामाङ ...............................................१
गोपाल राई .................................................१
खड्गबहादुर राई ...........................................१
हुतबहादुर कार्की .........................................१
ल्हेमी लामा ................................................१
परमध्वज कुलुङ .........................................१

कागज – X

**अदालतबाट बुझेको**

साक्षी :

कागज : X

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्न आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवं निर्णय यस प्रकार छ :

जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स वडा नं ४ स्थित पूर्वमा मिलघर, पश्चिममा वीरबहादुर राईको घर, उत्तरमा वीरबहादुर राईकै घर, दक्षिणमा रामदोर्जे राईको घर यति चार किल्लास्थित निजको मूलघरको आँगन, मतान घरको दक्षिणतर्फ बाँझोबारी तथा मकैबारी, मतानघरदेखि ११.५ फिट पश्चिमतर्फ काटिएका कपालहरू रहेको सो मध्ये केही रङ्गाइएको कपाल फेला परेको, प्लाष्टिकको जम्बो कोकको जस्तो बोतल रहेको, सोदेखि २१ फिट दक्षिणपूर्व हरियो बाँसका ३ वटा भाटाहरू रहेको, घटना स्थलमा अन्य द नर्थ फेस लेखिएको कालो रङ्गको ज्याकेट, चाँदीको जस्तो सिक्री फेला परेको तथा मकैका बोट समेत भाँचिएको भन्ने समेत ब्यहोराको मिति २०७०।३।६ गतेको घटना स्थल मुचुल्का।

टाउकाको बायाँतर्फ २ इन्च लम्बाइ १ इन्च चौडाइ दायाँ हातको पछाडि पाखुरामा डेढ इन्च लम्बाइ १ इन्च चौडाइ र दाहिने तिघ्राको पछाडि डेढ इन्च लम्बाइ र १ इन्च चौडाइको काटिएको चोट तथा अनुहार तथा शरीरका विभिन्न भागमा नीलडामहरू देखिएको भन्ने समेत ब्यहोराको मिति २०७०।३।६ गतेको लास जाँच प्रकृति मुचुल्का।

मिति २०७०।३।४ गते रातको अं. १२ बजेको समयमा जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स वडा नं ४ रिन्दापु भन्ने स्थानमा मेरा दाजु वर्ष २५ को मनु, विशाल भन्ने रोनियर राईलाई ऐ. देउसा ७ बस्ने यावेश राई समेतका व्यक्तिहरूले कुटपिट गरी कर्तव्य गरी मारेको हुँदा निजहरूलाई कानुन बमोजिम कारबाही गरिपाउँ भन्ने समेत ब्यहोराको मिति २०७०।३।७ गतेको ऐ. देउसा ७ बस्ने वर्ष २२ को पदम भन्ने राज राईको जाहेरी दरखास्त।

मिति २०७०।३।४ गते रातको अं. १२ बजेको समयमा जाहेरवालाको दाजु वर्ष २५ को रोनियर राईलाई कर्तव्य गरी मारी वारदात स्थलबाटै भागी फरार रहेका प्रतिवादीहरूलाई खोजतलास गर्ने क्रममा जिल्ला सोलुखुम्बु, देउसा ७ बस्ने यावेश राई र ऐ. बस्ने तिखु भन्ने गंगाबहादुर राईलाई पक्राउ गरी दाखिला गरेका छौं कानुन बमोजिम गरिपाउँ भन्ने प्र.स.नि. कमल कटुवाल समेतको मिति २०७०।३।७ गतेको प्रतिवेदन।

मिति २०७०।३।४ गते रातको अं. १२ बजेको समयमा जाहेरवालाको दाजु वर्ष २५ को रोनियर राईलाई कर्तव्य गरी मारी वारदात स्थलबाटै भागी फरार रहेका प्रतिवादीहरूलाई खोजतलास गर्ने क्रममा जिल्ला सोलुखुम्बु, सल्लेरी २ बस्ने नुरु शेर्पा, ऐ. बुङ ८ बस्ने माधव कुलुङ, ऐ. बेनी १ बस्ने भीमनारायण श्रेष्ठ, ऐ. सल्लेरी १ स्थित सुर्के भन्ने स्थानमा गहुँ काटिरहेका अवस्थामा फेला पारेको हुँदा निजहरूलाई कानुन बमोजिम पक्राउ गरी दाखिला गरेका छौं। कानुन बमोजिम गरिपाउँ भन्ने प्र.स.नि. घनेन्द्र नेपाल समेतको मिति २०७०।३।७ गतेको प्रतिवेदन।

शरीरका विभिन्न भागमा चोटपटक लागेका कारण "Death due to Polytrauma" बाट मृतक जिल्ला सोलुखुम्बु, देउसा ७ बस्ने रोनियर राईको मृत्यु भएको भन्ने समेत ब्यहोराको मिति २०७०।३।९ गतेको पोस्टमार्टम रिपोर्ट।

मलाई बाल्यकालदेखि नै मानसिक तथा शारीरिक यातना दिने तथा बारम्वार धाकधम्की दिएका र मिति २०७०।३।४ गते जिल्ला सोलुखुम्बु नेले गा.वि.स. स्थित नेले बजारमा धाकधम्की तथा अपमानजनक व्यवहार गरेको र मसँगै बजार गएका पासाङनुरु शेर्पा, माधव कुलुङ र भीमनारायण श्रेष्ठलाई पनि अपमानजनक व्यहार गरी धाकधम्की दिएको हुँदा निज रोनियर राईलाई केही गर्ने सोच राखी निजलाई पिछा गर्दै गएका र साँझ खाना खाई गंगाबहादुर राईलाई योजनाका बारेमा जानकारी गराई निज समेतलाई लिई गई निजको घरमा जाँदा फेला नपरेको र जाहेरवाला समेतका मानिसहरूले रोनियर राई देउसा ४ तर्फ गएको छ भनेको र निज पक्कै सुमित्रा राईकै घरमा हुनु पर्छ भन्ने लागि त्यसतर्फ जाँदा निज सोही घरमा नै सुमित्रा राईसँगै रहेको देखी म र पासाङनुरु शेर्पा घरभित्र प्रवेश गरी निजलाई बोलाउँदा मलाई नै निजले मुक्का प्रहार गरेकाले मैले खुट्टाले छिर्के लगाई लडाई साथमा बोकी ल्याएका बाँसका लाठी समेतले पालैपालो कुटपिट गरी निजलाई मारेका र निजको कपाल समेत साथमा बोकी लगेको खुकुरीले काटी कपाल धारा नजिक फाली हामीले प्रयोग गरेका हरियो बाँसका लाठी समेत सोही स्थानमा छाडी निजलाई घिसार्दै लगी बाटो नजिक बाँसघारीमा राखी हामी भागेका हौं। हामी सबैले कुटपिट गरेका चोटका कारणबाट निजको मृत्यु भएको हो, घटनामा हामी बाहेक अन्य कोही कसैको संलग्नता छैन भन्ने समेत ब्यहोराको प्रतिवादी यावेश राईले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७०।३।१० गते गरेको बयान कागज।

मिति २०७०।३।४ गते रातको अं. ११ बजेको समयमा मसँगै पक्राउ परी आएका प्रतिवादी यावेश राई समेतका मानिसहरूले मलाई बोलाइ तिमीसँग केही काम छ, आज रोनियर राईलाई कारबाही गर्नु पर्छ, तिमीलाई पनि पहिला निजले कुटपिट गरेकै हुन्, आज बदला लिनु पर्छ हिंड भनेको हुँदा साथमा खुकुरी बोकी माक्स लगाई निजको घरतर्फ लाग्यौं। निजलाई सोधपुछ गर्दा ४ नं. वडातर्फ गएका छन् भनी जाहेरवालाले भनेको र निज पक्कै सुमित्रा राईकै घरमा गएको हुनु पर्छ भनी यावेशले भनेको हुँदा बाटोमा हरियो बाँसको लाठी समेत काटी निज सुमित्राको घरतर्फ लाग्यौं। नभन्दै निज त्यहीं नै थिए। यावेशलाई देख्नासाथ निजले मुक्का, बक्सिङले प्रहार गरे। त्यस पश्चात यावेशले लडाएपछि म समेत भई साथमा बोकी लगेको बाँसका लाठीले टाउको तथा शरीरको यत्रतत्र भागमा हिर्काउँदा निजको घटना स्थलमा नै मृत्यु भएको हो। निजको मृत्यु हामीहरूले कुटेको चोटकै कारणबाट भएको हो, घटनामा अन्य

कोही कसैको संलग्नता छैन भन्ने समेत ब्यहोराको प्रतिवादी तिखु भन्ने गंगाबहादुर राईले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७०।३।१० गते गरिदिएको बयान कागज।

मिति २०७०।३।४ गते मंगलबार म, यावेश राई, भीमनारायण श्रेष्ठ र माधव कुलुङ नेले गा.वि.स स्थित बजार भर्न आएका थियौं। बजार घुमफिर गरिरहेका अवस्थामा जाहेरवालाका दाजु मनु, विशाल भन्ने रोनियर राई र हामीहरू बिच भेट भयो। भेट हुनासाथ निज रोनियर राईले यावेश राईलाई अनावश्यक गाली गलौज गर्दै, तँ डन होस् त तँसँग हिँड्ने यी फुच्चेहरू को हुन् ? आज उप्रान्त यस ठाउँमा तिमीहरूलाई देखें भने तिमीहरूको खुट्टा भाँचिदिन्छु भनी अनावश्यक धाकधम्की दिएको हुँदा र यावेश राईसँग पनि पूर्व रिसइवी भएका कारण निजलाई केही गर्ने सोच राखी पिछा गर्न थाल्यौं। घर जाने क्रममा निजलाई भेटेनौं। खाना खाई अं.२३:०० बजेको समयमा म, यावेश, माधव र भीम गंगाको घरमा गई निज समेतलाई उठाई रोनियर राईको घरतर्फ लाग्यौं। घरमा म समेत प्रवेश गरी निजलाई बोलायौं। ऊ देउसा ४ नं. तर्फ गएको भन्ने जानकारी पाएपछि निजको पिछा गर्दै जाँदा यावेशले अड्कल गरेको घरमा निज सुमित्रा राईसँग बसिरहेका अवस्थामा फेला पारी निजलाई बोलाई बाहिर निकाली म समेत भई हामीले साथमा बोकी लगेको हरियो बाँसका लाठी समेतले शरीरका विभिन्न भागमा हिर्काई रगतपच्छे पारी भुइँमा लडाई मारिदियौं। घटनाका बारेमा कोही कसैलाई जानकारी दिएमा यस्तै हालत हुने भनी निज सुमित्रा राईलाई धम्काई निज मृतक लास बोकी घिसारी केही तल बाटोछेउको बाँसघारीमा लगी राखिदिई वारदात स्थलबाटै हामी भागेका हौं, घटना स्थलमा फेला परी बरामद भई आएका बाँसका लाठी समेत हामीले वारदातमा प्रयोग गरेका हौं, हेरी सनाखत गरिदिएको छु, निजलाई म समेतको कुटाइको चोटका कारणबाट रोनियर राईको मृत्यु भएको हो, घटनामा हामी बाहेक अन्य कोही कसैको संलग्नता छैन भन्ने समेत ब्यहोराको प्रतिवादी नुरु भन्ने पासाङनुरु शेर्पाले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७०।३।१० गते गरिदिएको बयान कागज।

मिति २०७०।३।४ गते दिनको अं.१५:०० बजेको समयमा म समेतलाई रोनियर राईले नेले बजारमा अपमान हुने गरी गाली गलौज तथा धाकधम्की दिएका कारणबाट निजलाई केही गर्ने योजना बनाई निजलाई पिछा गर्दै गएका र बाटोमा निज फेला नपरेपछि म, यावेश राई, पासाङनुरु शेर्पा, माधव कुलुङ र गंगा राई समेत भई खोजतलास गर्ने क्रममा अं. रातको १२ बजेको समयमा देउसा ४ स्थित सुमित्रा राईको घरमा गफ गरिरहेका अवस्थामा फेला पारी घरबाट बाहिर निकाली म समेत भई टाउको लगायत शरीरका विभिन्न भागमा हामीले बोकी लगेका बाँसका लाठीले कुटपिट गरी मारी सो स्थानबाट केही तल बाटो नजिक बाँसघारीमा राखी वारदात स्थलबाटै भागी फरार भएका हौं। निजको मृत्यु हामीहरूकै कुटाइको चोटका कारणबाट भएको हो, घटनामा अन्य कोही कसैको संग्लनता छैन भन्ने समेत ब्यहोराको प्रतिवादी भीमनारायण श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७०।३।१० गते गरिदिएको बयान कागज।

मिति २०७०।३।४ गते नेले बजारस्थित सार्वजनिक हाट बजारमा रोनियर राईले म समेतलाई अपमानजनक व्यवहार गरेकाले निजलाई केही गर्ने सोच राखी निजलाई पिछा गर्‍यौं, बाटोमा कहिँ कतै फेला परेन र रातको अन्दाजी १२:०० बजेको समयमा सुमित्रा राईको घरमा निजसँगै गफ गरिरहेको अवस्थामा फेला पारी घरबाट निकाली हामीले बोकी लगेका बाँसका लाठीले टाउको लगायत शरीरका

विभिन्न भागमा हिर्काई रगतपच्छे पारी सो स्थानमा मारी केही तल बाटो नजिकको बाँसघारीमा लगी राखी भागेका हौ, निजको मृत्यु म समेतको कुटाइको चोटका कारणबाट भएको हो, घटना कोही कसैको षड्यन्त्रबाट भएको होइन भन्ने समेत ब्यहोराको प्रतिवादी माधव कुलुङले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७०।३।१० गते गरिदिएको बयान कागज।

मिति २०७०।३।४ गते रातको अन्दाजी १२:०० बजेको समयमा हाल पक्राउ परी आएका प्रतिवादीहरूले मेरै घर आँगन तथा बारीमा जाहेरवालाका दाजु रोनियर राईलाई कुटपिट गरेको मैले देखेकी हुँ। तत्काल वारदातमा संलग्न रहेका मध्ये तिखे भन्ने गंगाबहादुर राई र यावेश राईलाई प्रस्टसँग चिनेकी हुँ। घटना सम्बन्धमा कोही कसैलाई जानकारी गराएमा सपरिवारलाई एकै चिहान पारिदिन्छौं भनी डर, त्रास तथा धाकधम्की दिएको हुँदा घटनाको सम्बन्धमा सरोकारवाला, स्थानीय छिमेकी तथा प्रहरीलाई जानकारी गराइन, घटनामा मेरो कुनै संलग्नता छैन भन्ने समेत ब्यहोराको प्रतिवादी सुमित्रा राईले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७०।३।१२ गते गरिदिएको बयान कागज।

मिति २०७०।३।४ गते राती रोनियर राईलाई देउसा ४ स्थित रिन्दापु भन्ने स्थानमा मारे भन्ने कुरा भोली पल्ट थाहा पाएँ, तत्काल कसले के, कस्तो परिबन्दबाट मारे भन्ने थाहा भएन, घटनाका बारेमा पछि बुझ्दा हाल पक्राउ परी आएका यावेश राई समेतका मानिसहरूले बाँसको लाठी समेतले शरीरको विभिन्न भागमा हिर्काई मारी केही तल बाटो नजिक बाँसघारीमा लगेर फालिदिए भन्ने सुनेको हुँ। हाल पक्राउ परी आएका प्रतिवादीहरू सबैलाई म चिन्दछु, प्रतिवादीहरू मध्ये भीमनारायण श्रेष्ठ, नुरु भन्ने पासाङनुरु शेर्पा र माधव कुलुङलाई मैले कुनै आश्रय दिएको र मेरो घरमा लुकिछिपी समेत बसेका होइनन् भन्ने समेत ब्यहोराका बज्जरे भन्ने वज्रपात राईले मिति २०७०।३।१६ गते गरिदिएको कागज।

मिति २०७०।३।४ गते म आफ्नो मतान घरमा सुतिरहेका अवस्थामा रातको अं.१२ बजेको समयमा आँगनमा 'ऐया ऐया यावेश नमार' भनेको आवज सुनी टाउको उठाई हेर्दा त्यहाँ भेला भएका मानिसहरूले कोही घरबाट निस्के यस्तै हालत हुन्छ भनेपछि म डरले भित्रै बसें, अभियुक्तहरूले पानी बोक्दै रोनियर राईलाई च्याप्दै मकैबारी समेतमा लडाई कुटपिट गरेको टर्चलाइटको उज्यालोबाट देखेको हुँ। उक्त वारदातमा संलग्न भएका मध्ये यावेश राई र गंगाबहादुर राईको आवाज मैले प्रस्ट चिनें, हाल पक्राउ परी आएका प्रतिवादीहरूको कुटाइका कारणबाट रोनियर राईको मृत्यु भएको हो भन्ने समेत ब्यहोराको वीरबहादुर राईको मिति २०७०।३।१६ गते कागज।

मिति २०७०।३।४ गते राती जाहेरवालाका सहोदर दाजु वर्ष २५ को रोनियर राई देउसा ४ मा कुटपिट गरि मारेको भन्ने कुरा भोलिपल्ट साथीहरूबाट सल्लेरीमा सुनेको हुँ। को, कसले, के, कस्तो परिबन्दबाट मारेका रहेछन् भनी पछि बुझ्दै जाँदा मृतककै भतिजो यावेश राई सहित हाल पक्राउ परेका मानिसहरू समेतले कुटपिट गरी कर्तव्य गरी मारेको भन्ने सुनेको हुँ। निज मृतक र मेरो कुनै रिसइवी, वादविवाद थिएन, मैले निजलाई मोबाइल सम्पर्क गरी कुनै धाकधम्की दिएको छैन, निज मृतकलाई मार्न मराउन मेरो कुनै षड्यन्त्र छैन, के कुन उद्देश्य लिई मेरो पनि नाम उल्लेख गरेका हुन् मलाई थाहा छैन भन्ने समेत ब्यहोराको रामसंघर्ष किराँती भन्ने रामकुमार राईले २०७०।३।१६ गते गरिदिएको कागज।

मिति २०७०।३।४ गते राती यावेश राई तत्काल मैले नचिनेका माधव कुलुङ, भीमनारायण श्रेष्ठ, पासाङनुरु शेर्पा मेरो घरमा आई मेरो पतिलाई बोलाएपछि मैले थाहा पाई उठाइदिएँ। आज हामीलाई

नेले बजारमा रोनियर राईले धाकधम्की दिएको र तिमीलाई पनि कुटपिट गरी घाइते बनाएको हुँदा निजको घरमा गई सोधौं, के जवाफ दिन्छ जाँउ भनेपछि मैले रातीहुँदो नहिँड्नु, भोलि नै कुरा गर्नु भनी सल्लाह दिँदादिँदै पतिलाई करकाप गरी लगे। राती के कति बेला आई सुत्नु भयो मलाई थाहा भएन। भोलिपल्ट रोनियर राईको मृत्यु भएको भन्ने सुनैं। प्रहरीले मेरो पति समेतलाई पक्राउ गरी लगेपछि मात्र घटनाका बारेमा थाहा पाएँ। निज रोनियर राईलाई मेरा पति समेतले कुटपिट गरी मारेका रहेछन्, हाल थाहा पाएँ भन्ने समेत ब्यहोराको प्रतिवादी गंगाबहादुर राईकी श्रीमती ज्ञानलक्ष्मी राईले २०७०।३।१६ गते गरिदिएको कागज।

मृतक रोनियर राई मेरो सहोदर अन्तरे भाइ हो। मिति २०७०।३।४ गते नेले बजारमा म बिरुवा बेच्न गएका अवस्थामा निजसँग भेट भयो। तपाईंको छोरा यावेश खोई भनी सोधे। मैले बजारतिरै होला भनैं। साँझ बजारबाट घरमा आई खानपिन गरी सुतैं। भोलिपल्ट आफ्नो नर्सरी बारीमा गई काम गर्न थालैं। छोरा यावेश र निजका साथीहरू पनि उठेर शौचालय बनाउन थाले। बिहानको खाना खाएपछि म आफ्नो काम गर्न नर्सरीतर्फ जाँदै गर्दा मेरै भाइ रोनियर राईलाई देउसा ४ रिन्दापु भन्ने स्थानमा कुटेर मारेछन् भन्ने सुनी घटना स्थलमा गई हेर्दा निजको टाउको लगायत शरीरका विभिन्न भागमा चोटपटक लागि मृत्यु भएका अवस्थामा देखेको हुँ। तत्काल कसले, के, कस्तो परिबन्दबाट मारे भन्न यकिन नभए तापनि पछि मेरो छोरा यावेश राई र निजसँगै पक्राउ परी आएका अन्य व्यक्तिहरूले योजना बनाई देउसा ४ स्थित वीरबहादुर राईको घरमा बसिरहेका अवस्थामा फेला पारी कुटपिट गरी मारेको भन्ने सुनेको हुँ। घटना हुने केही दिन अघिदेखि हाल पक्राउ परी आएका मेरै छोराका साथीहरू माधव कुलुङ, भीमनारायण श्रेष्ठ र पासाङनुरु शेर्पा मेरो घरमा आई बसेका हुन्। निजहरूलाई म राम्रोसँग चिन्दिन थिएँ। मैले निजहरूलाई कुनै उद्देश्य प्राप्तिका लागि मेरो घरमा आश्रय दिएको होइन। छोराको साथी भएका नाताले गर्दा मेरो घरमा आई बसेका हुन्। घटनामा मेरो कुनै संलग्नता छैन भन्ने समेत ब्यहोराको २०७०।३।१६ गते डिल्लीशेर राईले गरिदिएको कागज।

काठको दाप, काठकै बिंड र बिंड सहित १४ इन्च लम्बाइ भएको दापमा तारले बेरेको र कम्मरमा बाँध्न कपडाको इन्जार (डोरी) भएको खुकुरी थान १ र काठको दाप काठकै बिंड भएको बिंड सहित १३ इन्च लम्बाइ भएको खुकुरी थान १ समेत गरी थान २ खुकुरी मिति २०७०।३।१७ गते प्रतिवादी गंगाबहादुर र यावेश राईको घरबाट बरामद भएका भिन्नाभिन्नै बरामदी मुचुल्का।

अनुसन्धानका सिलसिलामा बरामद भई आएको काठको दाप काठकै बिंड र बिंड सहित १४ इन्च लम्बाइ भएको दापमा तारले बेरेको र कम्मरमा बाध्न कपडाको इजार (डोरी) भएको खुकुरी थान १ मलाई देखाउँदा प्रस्टसँग चिनैं उक्त खुकुरी मैले मेरै घरबाट बोकी लगेको हो। वारदातमा प्रयोग भएका बाँसका लाठी यही खुकुरीबाट काटेको, मृतक रोनियर राईको लामो रङ्गाएको कपाल समेत यही खुकुरीले काटेको हो, हेरी सनाखत गरिदिएको छु भन्ने प्रतिवादी तिखे भन्ने गंगाबहादुर राईले गरिदिएको सनाखत कागज।

अनुसन्धानका सिलसिलामा बरामद भई आएको काठको दाप, काठकै बिंड र बिंड सहित १३ इन्च लम्बाइ भएको खुकुरी थान १ मलाई देखाउँदा प्रस्टसँग चिनैं, उक्त खुकुरी मैले मेरै घरबाट बोकी लगेको हो, वारदातमा प्रयोग गरेको बाँसका लाठी यही खुकुरीबाट काटेको र मृतक रोनियर राईको कपाल

समेत यही खुकुरीले काटेको हो हेरी सनाखत गरिदिएको छु भन्ने प्रतिवादी यावेश राईले गरिदिएको सनाखत कागज।

राज राईको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यावेश राई समेत भएको कर्तव्य ज्यान मुद्दामा अनुसन्धानका क्रममा खुल्न आएका जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स वडा नं २ बस्ने वर्ष २२ का बज्जरे भन्ने वज्रपात राईलाई यसै प्रतिवेदन साथ दाखिला गरेका छौं कानुन बमोजिम गरिपाउँ भन्ने ब्यहोराको प्रहरी प्रतिवेदन।

मिति २०७०।०३।४ गते राती भएका घटना सम्बन्धमा मलाई केही थाहा छैन, मिति २०७०।३।५ गते साँझ अन्दाजी १८०० बजेतिर हाल पक्राउ परी आएका प्रतिवादी यावेश राईले मलाई टेलिफोन गरी रोनियर राईसँग झगडा भयो भनी जानकारी गराए, झगडा गर्नु हुँदैन थियो भनी सम्झाएँ, निज रोनियर राईको मृत्यु भयो भन्ने तत्काल थाहा पाइनँ, पछि निज यावेश राई समेतलाई पक्राउ गरी लगेपछि मात्र घटनाका बारेमा थाहा पाएको हुँ। वारदात हुनुपूर्व मैले कोही कसैलाई संरक्षण तथा आश्रय दिएको होइन र घटनामा मेरो कुनै संलग्नता छैन भन्ने समेत ब्यहोराको प्रतिवादी बज्जरे भन्ने वज्रपात राईले अधिकार प्राप्त अधिकारी समक्ष गरिदिएको बयान कागज।

मिति २०७०।३।४ गते राती अं १२०० बजेको समयमा जाहेरवालाका सहोदार दाजु वर्ष २५ का रोनियर राईलाई निजकै भतिजो यावेश राई समेतका मानिसहरूले योजना बनाई देउसा ४ स्थित रिन्दापु बस्ने वीरबहादुर राईको घरबाट निकाली बाँसका लाठी समेतले टाउको लगायत शरीरका विभिन्न भागमा हिर्काई कर्तव्य गरी मारी केही तल बाटो नजिकको बाँसघारीमा फालिदिएको भन्ने हाल आएर सुनेका हौं, घटना भएको प्रत्यक्ष देखेनौं, हाल पक्राउ परी आएका प्रतिवादीहरूले नै कुटपिट गरी कर्तव्य गरी मारेकामा हामीहरूलाई पूर्ण विश्वास लाग्छ भन्ने ब्यहोराको मिसनबाबु राई समेतले गरिदिएको एकै मिलनको वस्तुस्थिति मुचुल्का।

मिति २०७०।०३।०४ गते दिनको अं. १०/११ बजेको समयमा विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू मध्ये यावेश राई, माधव कुलुङ, भीमनारायण श्रेष्ठ र नुरु भन्ने पासाङनुरु शेर्पा नेले गा.वि.स. स्थित नेले बजारमा घुमफिर गर्न आएका र घुमफिर गर्ने क्रममा जाहेरवालाका दाजु वर्ष २५ का मनु, विशाल भन्ने रोनियर राईले प्रतिवादीहरू मध्येका यावेश राईलाई अपमानजनक गालीगलौज तथा धाकधम्की दिएका र निजसँगै बजार गएका अन्य निजकै साथीहरू नुरु भन्ने पासाङनुरु शेर्पा, माधव कुलुङ र भीमनारायण श्रेष्ठ समेतलाई तिमीहरू कहाँका डनहरू हौ, अब उप्रान्त यस ठाउँमा देखें भने तिमीहरूको खुट्टा भाचिदिन्छु भनी धाकधम्की दिँदै सार्वजनिक स्थानमा रोनियर राईले आफुहरूलाई लज्जित गरेका कारणबाट निज रोनियर राईलाई मार्ने सोच, योजना बनाई मादक पदार्थ सेवन गरी जाहेरवालाका दाजु रोनियर राईको पिछा गर्दै कहिँ कतै बाटोमा नै फेला परे मार्ने सोचका साथ पिछा गर्दै जाँदा बाटामा फेला नपरेपछि प्रतिवादीहरू मध्ये यावेश राई, माधव कुलुङ, नुरु भन्ने पासाङनुरु शेर्पा, भीमनारायण श्रेष्ठले निज प्रतिवादी यावेश राईकै घरमा खाना खाई रातको अं. १०/११ बजेतिर साथमा खुकुरी लिई प्रतिवादी तिखु भन्ने गंगाबहादुर राईको घरमा गई तिमीलाई पनि निज रोनियर राईले कुटपिट गरी घाइते बनाएको र धाकधम्की समेत दिएको हुँदा आज यसलाई छाड्नु हुँदैन, मसँग अन्य साथीहरू पनि छन्, जाउँ भनी निज प्रतिवादी यावेश राइले भनेपछि प्र. गंगाबहादुर राईले सो कुरालाई समर्थन गरी निजको घरमा रहेको दाप

सहितको खुकुरी साथमा बोकी प्र. ५ जनाको समूह भई योजनाबद्ध तरिकाले गंगाबहादुर राईले मुखमा माक्स (पट्टी) बाधी मृतक रोनियर राईको घरमा पुग्दा यावेश राईलाई मृतकका घर परिवारले प्रत्यक्ष रूपमा चिन्ने हुँदा निज घरभन्दा बाहिर बसेका र प्रतिवादीहरू मध्येका पासाङनुरु शेर्पा, भीमनारायण श्रेष्ठ, माधव कुलुङले निज रोनियर राईलाई बोलाई हामीलाई आपत पर्‍यो सहयोग गर्नु पर्‍यो भनी बोलाएका र जाहेरवालाले रोनियर राई देउसातर्फ गएका छन् भनेपछि निजहरू घरभित्र प्रवेश गरी खोजतलास गर्दा फेला नपारेपछि प्रतिवादी मध्येका यावेश राईले निज सुमित्रा राईको घरतर्फ गई बाटामा ३ वटा बाँसका लाठी काटी सुमित्रा राईको घर पुगी सुमित्रा राईको घर प्रवेश गरी त्यहाँ यावेश राईलाई देख्नासाथ मुक्का प्रहार गर्दा मृतक रोनियर राईले रोक्न र उम्कन खोज्दा उम्कन नदिई ढोकैबाट कुटपिट गर्दै बाहिर आँगनमा निकाली प्रतिवादी मध्येका पासाङनुरु शेर्पा, भीमनारायण श्रेष्ठ, माधव कुलुङ, यावेश राई र गंगाबहादुर राईले लात्ती मुक्का र बाँसको लाठीले रोनियर राईको टाउको लगायत शरीरका विभिन्न भागमा हिर्काई रगतपच्छे पारी, लुगा समेत च्यातिदिई भुइँमा लडाई निज रोनियारले गुहार गर्दा पनि प्रतिवादीहरूले मादक पदार्थ पिउँदै यातना दिँदै कुटपिट गरी निजलाई मारी लतार्दै घिसार्दै धारा नजिक लगेर बोकी लगेको खुकुरीले निज मृतकको केश काटिदिएका र निजहरू मध्ये प्रतिवादी भीमनारायण श्रेष्ठले प्रतिवादी सुमित्रा राईलाई घटनाका बारेमा कोही कसैलाई जानकारी गराएमा सपरिवारको यस्तै हालत हुने भनी डर त्रास देखाई कोही कसैलाई घटनाका बारेमा नभन्नु भन्दै मृतकलाई बोकी घिसारी केही तल बाटो नजिकको बाँसघारीमा लगी सुताई निजहरू सो स्थानबाट भागी हिँडेका हुन्। घटना स्थलमा फेला परेका दसीका सामानहरू र अनुसन्धानका क्रममा बरामद भई आएको खुकुरी र बाँसका लाठी भाटा समेत निज प्रतिवादीहरूले सनाखत गरिदिएका र वस्तुस्थिति मुचुल्का, पोस्टमार्टम रिपोर्ट समेतबाट यी प्रतिवादीहरू मध्ये यावेश राई, पासाङनुरु शेर्पा, माधव कुलुङ, भीमनारायण श्रेष्ठ र तिखे भन्ने गंगाबहादुर राईले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. अनुसारको कसुर अपराध गरेको पुष्टि हुन आएकाले निज प्रतिवादीहरू यावेश राई, पासाङनुरु शेर्पा, माधव कुलुङ, भीमनारायण श्रेष्ठ र तिखे भन्ने गंगाबहादुर राईलाई सोही ऐन महलको १३(३) अनुसार सजायको हुनुका साथै प्रतिवादीहरू सुमित्रा राई र बज्जरे भन्ने वज्रपात राईका हकमा हेर्दा प्रतिवादी सुमित्रा राई र मृतक रोनियर राई एकै ठाउँमा बसेका अवस्थामा रोनियर राईलाई अन्य प्रतिवादीहरूले घरबाट तानी निकाली घटना स्थलमा लगी कुटपिट मारेको देखेका अवस्थामा सो ज्यान मारेको कुरा चाल पाई कहिँ कतै जाहेर नगरेको र अर्का प्रतिवादी बज्जरे भन्ने वज्रपात राईलाई प्रतिवादी यावेश राईले टेलिफोन मार्फत रोनियर राईलाई कुटपिट गर्‍यौं भनी जानकारी गराएका अवस्थामा सोही कुटपिटका कारण मृतकको मृत्यु भएको भन्ने कुरा वज्रपात राईले थाहा पाउँदापाउँदै पनि मान्छे मरेको कुरालाई कहिँ कतै जाहेरी नगरी यी दुबै प्रतिवादीहरू सुमित्रा राई र वज्रपात राईले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको २५ नं. अनुसार कसुर अपराध गरेको देखिन आएकाले निज प्रतिवादीहरूलाई सोही २५ नं. अनुसारको सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी।

मिति २०७०।३।४ गते अं. २ बजेको समयमा मृतक रोनियर राईसँग नेले बजारमा मेरो भेट भएपछि मलाई अपशब्द बोलेर गाली गर्नुका साथै धम्काउनु भयो। मैले डिसकस नगरौं भन्दा निजले मलाई मेरो घरमा आइज भनेकाले हामी उसको घरमा गयौं। त्यहाँ नभेटेपछि सुमित्रा राईको घरमा भेट भई किन बोलाउनु भएको भनी सोध्दा उहाँले ममाथि सिधै हातपात गर्नु भयो र त्यहाँ हाम्रो हानाहान

भयो। हामीहरूले लगेको बाँसको लट्ठीले पासाङनुरु शेर्पा र म आफैले हानेको र भीमनारायण श्रेष्ठ, गंगाबहादुर राई र माधव कुलुङले चाहिँ हातखुट्टाले हानें, त्यस पछाडि निज रोनियार राईको सो अवस्थासम्म एउटा हात भाँचिएको र अर्को हात खुस्किएको थियो र उसलाई हामीले बोकेर सुमित्रा राईको घरमुनिको बाटोमा लगी छोडेर हामी सबै जना मेरो घरमा आयौं। त्यस पछाडि निजको मृत्यु हाम्रै कुटाइबाट भएकाले मलाई अभियोग मागदाबी अनुसार सजाय हुनु पर्ने हो भन्ने प्रतिवादी यावेश राईले मिति २०७०।३।२४ गते यस अदालत समक्ष गरेको बयान।

मिति २०७०।३।४ गते मेरो साथी यावेश राई र मृतक रोनियर राईसँग भनाभन भएको हुँदा राती उसको घरमा हिँडेकाले मैले इन्कार गर्दा पनि प्रतिवादी गंगाले जाउँ कि जाउँ भनी भन्दा मृतक रोनियर राईको घरतिर गएँ। जाँदाखेरि यावेशले मेरो घरमा रहेको खुकुरी बाटामा बाँस काटेर खेल्दै जानु पर्छ भनी खुकुरी समेत बोकी रोनियारको घरमा पुग्दा निजका भाइ राज राईले दाजु सुमित्राको घर जानु भएको छ भनी भन्दा हामी सुमित्राको घर गयौं र म र माधव कुलुङ घरको आँगनको छेउमा बस्यौं र अरू यावेश, पासाङनुरु र भीमनारायण सुमित्राको घरभित्र पसी रोनियर राईलाई बाहिर ल्याएपछि रोनियरले मलाई हान्न आएको भनी यावेश राईलाई १ बक्सिङ र १ लात्ती हानेपछि यावेशले पनि बक्सिङ र बाँसले हान्न थाले र रोनियर राई लडेपछि हामी म र माधवलाई पानी ओसार्न लगाए रोनियर चाहिँ मलाई नमार भनी कराउँदै थिए र हामीलाई पनि यावेशले कुट भनी भनेका हुनाले मैले र माधवले पनि हात र खुट्टाले कुट्यौं र सोही कुटाइले निजको मृत्यु भएको हो भन्नु पर्छ र मलाई अभियोग माग दाबी अनुसार सजाय हुनु पर्ने हो भनी यस अदालत समक्ष २०७०।३।२५ गते प्रतिवादी तिखु भन्ने गंगाबहादुर राईले गरेको बयान।

मिति २०७०।३।४ गते रातको अन्दाजी ११:०० बजेतिर रोनियर राई मेरो घरमा पानी खाँदै गर्दा प्रतिवादी मध्येका पासाङनुरु शेर्पा मेरो घरभित्र पसी रोनियरलाई बाहिर बोलाई लगेपछि मेरो घरदेखि तल्तिर लगी कुटपिट गरेको आवाज सुनें। तिमीहरूले हल्लाखल्ला गर्‍यौ भने खुकुरीले काट्छौं भनी आवाज आएको हुँदा हामीहरू ढोका लाएर घरभित्र सुत्यौं र त्यस बेला पानी परेको हुँदा आवाज पनि सुनिएन। मैले मृतकलाई मार्न मराउनमा कुनै षडयन्त्र गरेको छैन, मलाई अभियोग मागदाबी बमोजिम सजाय हुनु पर्ने होइन भन्ने प्रतिवादी सुमित्रा राईले यस अदालत समक्ष गरेको बयान।

मिति २०७०।३।४ गते यावेश राई र मृतक रोनियर राईको नेले बजारमा भनाभन भएकाले उसलाई सम्झाउन हामी सुमित्रा राईको घर गयौं र रोनियार राईलाई पासाङनुरुले बाहिर ल्याए। त्यसपछि रोनियारले यावेशलाई हातले दुई पटक कुटे र भाग्न खोजे। पासाङनुरुले उसलाई अठ्याए र यावेशले लडाइदिए र पासाङनुरु, भीमनारायण र यावेशले रोनियारलाई कुटे। हामी गंगा र मलाई पानी ओसार्न लगाए उनीहरूले कुटिरहे। पछि पासाङनुरुले हामीलाई कुट भनी भनेकाले हामीले हातले कुट्यौं र सोही कुटाइबाट रोनियर राईको मृत्यु भएकाले अभियोग मागदाबी अनुसार सजाय हुनु पर्ने हो भन्ने प्रतिवादी माधव कुलुङले यस अदालत समक्ष गरेको बयान।

मिति २०७०।३।२ गते म मेरो घरबाट सल्लेरी बजार मेरो घरको भान्साको सामान किन्न आएको थिएँ। उक्त दिन र सोको भोलिपल्ट पनि सल्लेरी बजारमा नै बसे मृतक रोनियार राईसँग मिति २०७०।३।३ गते अं. १२ बजेका तिर सल्लेरीको वसन्त बजारमा भेट भएको हो। म २०७०।३।४

गते नेले बजार हुँदै म आफ्नो घरतर्फ फर्कें, घर पुगेर सुतें। रोनियर राईलाई मार्न मराउन मेरो कुनै संलग्नता नभएकाले मलाई अभियोग मागदाबी बमोजिम सजाय हुनु पर्ने होइन भन्ने प्रतिवादी बज्जरे भन्ने वज्रपात राईले यस अदालत समक्ष गरेको बयान।

मिति २०७०।३।४ गते म, यावेश राई, गंगा राई, पासाङनुरु शेर्पा, माधव कुलुङ पाँच जना प्रतिवादीहरू मिली मनु, विशाल भन्ने रोनियर राईलाई हात, खुट्टा, बाँसले कुटपिट गरी मारेका हौं। मलाई अभियोग मागदाबी अनुसार सजाय हुनु पर्ने हो भन्ने प्रतिवादी भीमनारायण श्रेष्ठले यस अदालत समक्ष गरेको बयान।

मिति २०७०।३।४ गते यावेश राई र म नेले बजार घुम्ने क्रममा रोनियर राईसँग भेट हुँदा विभिन्न कुराकानी, डिस्कस, भनाभन भयो र हामीलाई गालीगलौज गरेकाले हामी उसको घर गई खोज्दा नभेटेकाले सुमित्रा राईको घरमा छ भनी थाहा पाई सुमित्राको घरभित्र गई रोनियारलाई बोलाउँदा ऊ बाहिर निस्की तिमीहरू मलाई च्यालेन्ज गर्न आएको भनी हात खुट्टाले यावेशलाई कुट्यो। त्यसपछि यावेश र हामी सबैले कुट्यौं र सोही कुटपिट र झडपमा निजको मृत्यु भएको हो र मृत्यु गराउन बज्जरे भन्ने वज्रपात राई र सुमित्रा राईको संलग्ना र सहयोग छैन भन्ने प्रतिवादी पासाङनुरु शेर्पाले यस अदालत समक्ष गरेको बयान।

तत्काल प्राप्त प्रमाणहरूबाट मृतक रोनियर राईलाई अभियोग मागदाबी बमोजिम प्रतिवादीहरूले कुटपिट गरी मारे होलान् भनी विश्वास गर्ने मनासिब आधार भएको हुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी मुद्दा पुर्पक्षका लागि प्रतिवादीहरू यावेश राई, गंगाबहादुर, माधव कुलुङ, भीमनारायण श्रेष्ठ र पासाङनुरु शेर्पालाई अ.बं. ११८(२) बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्न थुनुवा पुर्जी दिनु। त्यसै गरी प्रतिवादी मध्येकी सुमित्रा राईसँग अ.बं. ११८(५)(१०) बमोजिम रू.१५,०००।– (पन्ध्र हजार) नगद वा जेथा धरौटी दिए लिई मुद्दाको पुर्पक्ष गर्नु साथै पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी अ.बं. ११८ को (५)(१०) बमोजिम प्रतिवादी वज्रपात राईलाई रू. २० (बिस) नगद वा जेथा धरौट दिए लिई मुद्दाको पुर्पक्ष गर्नु भनी मिति २०७०।३।२५ मा यस अदालतबाट भएको थुनछेक आदेश मिसिल साथ सामेल रहेको।

मिति २०७०।३।६ गते गरिएको घटना स्थल मुचुल्काको ब्यहोरा, चार किल्लाको विवरण र त्यसमा परेको मेरो मोबाइल नम्बर मेरै हो भन्ने घटना स्थल मुचुल्का गर्ने मानिस जयप्रसाद राईले यस अदालत समक्ष गरेको बकपत्र।

मिति २०७०।३।६ गते गरिएको घटना स्थल मुचुल्काको ब्यहोरा, चार किल्लाको विवरण र त्यसमा परेको मेरो मोबाइल नम्बर मेरै हो भन्ने घटना स्थल मुचुल्का गर्ने मानिस मणिराम राईले यस अदालत समक्ष गरेको बकपत्र।

प्रतिवादी माधव कुलुङ सल्लेरीबाट घर बुङ गा.वि.स.मा आएका थिए। त्यसपछि फर्कने क्रममा साथीहरूसँग भेट भएको रहेछ। त्यसपछि साथीहरूसँग चिनाजानी भएपछि त्यही बसेको रहेछ। प्रतिवादीहरू झैझगडा गर्ने मानिसलाई मारपिट गर्ने प्रवृत्तिका थिएनन्। तत्कालीन घटना अनुसार रोनियर राईको मान्छे हप्काउने तर्साउने पेसा भएकाले तत्काल वारदात स्थलमा प्रतिवादी मध्येका यावेश राईलाई मृतक रोनियरले हात हाली कुटपिट गर्दा आफुलाई पनि कुटपिट गर्छ होला भनी आत्मरक्षा गर्न मृतकलाई

मारेको हुनु पर्छ भन्ने प्रतिवादी माधव कुलुङका साक्षी परमध्वज कुलुङले यस अदालत समक्ष गरेको बकपत्र।

प्रतिवादी पासाङनुरु शेर्पाले मृतक रोनियर राईलाई कुटपिट गरी मारेको हो वा हैन मलाई केही थाहा छैन। यी प्रतिवादी गाउँघरका इमान्दार मानिस हुनाले मानिसलाई मार्ने खालका मानिस होइनन् भन्ने प्रतिवादी पासाङनुरु शेर्पाका साक्षी ल्हेमी लामाले यस अदालत समक्ष गरेको बकपत्र।

प्रतिवादी वज्रपात राई र म मिति २०७०।३।४ गते सल्लेरीबाट सँगै घर गएका हौं। निज प्रतिवादी वज्रपात राई उक्त मितिको घटनामा संलग्न छैनन्। त्यसैले मृतक रोनियर राईलाई मार्न मराउन यिनको संलग्नता छैन भन्ने प्रतिवादी वज्रपात राईका साक्षी हुतबहादुर कार्कीले यस अदालत समक्ष गरेको बकपत्र।

वारदात समयमा मृतक रोनियर र यावेश राईको भेट भई दुबै बिच हात मिसामिस भई झगडा हुन गई यो घटना घटेको भन्ने सुनेको हो। अरू के भयो मलाई छैन भन्ने प्रतिवादी यावेश राईका साक्षी खड्गबहादुर राईले यस अदालत समक्ष गरेको बकपत्र।

प्रतिवादी गंगाबहादुर राई समेतले रोनियर राईलाई मिति २०७०।३।४ गते रातको समयमा कुटपिट गरी मारेको भन्ने कुरा मलाई थाहा छैन भन्ने प्रतिवादी गंगाबहादुर राईका साक्षी गोपाल राईले यस अदालत समक्ष गरेको बकपत्र।

प्रतिवादी पासाङनुरु शेर्पा समेतले रोनियर राईलाई मिति २०७०।३।४ गते रोनियर राईलाई कुटपिट गरी के कसरी मारेको हुन् भन्ने कुरा मलाई थाहा छैन भन्ने प्रतिवादी पासाङनुरु शेपाका साक्षी पेम्बा तामाङले यस अदालत समक्ष गरेको बकपत्र।

वारदात मितिमा प्रतिवादी यावेश राई समेतले रोनियर राईलाई कुटपिट गरी मारेको भन्ने कुरामा मलाई केही थाहा छैन भन्ने प्रतिवादी यावेश राईका साक्षी उत्रकुमारी राईले यस अदालत समक्ष बकेको बकपत्र।

प्रतिवादी गंगाबहादुर राई समेतले वारदात मितिमा रोनियर राईलाई कुटपिट गरी मारेको भन्ने मलाई केही थाहा छैन भन्ने प्रतिवादी गंगाबहादुर राईका साक्षी रनमान राईले यस अदालत समक्ष गरेको बकपत्र।

वारदात मितिको बरामदी मुचुल्कामा भएको ब्यहोरा र त्यसमा परेको सही मेरै हो भन्ने घटना विवरण कागज गर्ने मानिस ज्ञानलक्षी राईले यस अदालत समक्ष गरेको बकपत्र।

वारदात मितिमा गरेको कागजको ब्यहोरा र सहीछाप समेत मेरै हो भन्ने वस्तुस्थिति मुचुल्काका मानिस रेवतविक्रम राईले यस अदालत समक्ष गरेको बकपत्र।

वारदात मितिमा जिल्ला प्रहरी कार्यालयमा घटना विवरण कागजमा लेखाएको ब्यहोरा ठिक साँचो हो र सही मेरै हो भन्ने घटना विवरण कागज गर्ने मानिस डिल्लीशेर राईले यस अदालत समक्ष गरेको बकपत्र।

वारदात मितिमा गरेको घटना विवरण कागजमा लेखाएको ब्यहोरा ठिक साँचो हो र सहीछाप समेत मेरै हो भन्ने घटना विवरण कागज गर्ने मानिस रामसंघर्ष किराँतीले यस अदालत समक्ष बकेको बकपत्र।

**अदालतको ठहर**

नियम बमोजिम दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान जिल्ला न्यायाधिवक्ता श्री माधवप्रसाद घिमिरेले यी प्रतिवादीहरूले मृतक रोनियर राईलाई पूर्व योजना बनाई सुनियोजित तरिकाले साथमा खुकुरी समेत लिई रातको समयमा सुमित्रा राईको घरमा गई त्यहाँ बसिरहेका मृतकलाई बाहिर आँगनमा निकाली लात, मुक्का, लाठी समेतले सामूहिक रूपमा कुटपिट गरी कर्तव्य गरी मारेको तथ्य मिसिल संलग्न यावत् परिस्थितिजन्य प्रमाणहरूले पुष्टि गरेको हुँदा प्रतिवादीहरूलाई अभियोग मागदाबी बमोजिम सजाय हुनु पर्दछ भनी तथा प्रतिवादीहरूका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री विदुरकुमार लामिछानेले यी प्रतिवादीहरू कसुर गरेकामा अनुसन्धान अधिकारी समक्ष साबित भई बयान गरे तापनि निजहरूले अदालत समक्ष बयान गर्दा हामी सबैले कुटपिट गरेका हौं भन्ने तथ्यमा साबित भए तापनि मृतकलाई हामीले कुटपिट गरी मार्ने योजना थिएन। निजले हामीलाई पनि हातपात गरेको हुँदा तत्काल रिस उठेका कारणले कुटपिट गर्दा निजको मृत्यु भएको हो भनी बयान गरेका हुँदा निजहरूका हकमा ज्यान सम्बन्धी महलको १४ नं. आकर्षित हुनु पर्दछ भनी गर्नु भएको तर्कपूर्ण बहस समेत सुनियो।

अब, सर्वप्रथम प्रतिवादीहरूका तर्फबाट प्रतिरक्षा गर्ने विद्वान अधिवक्ताले जिकिर लिए अनुसार यी प्रतिवादीहरू उपर ज्यान सम्बन्धी महलको १४ नं. आकर्षित हुने हो वा होइन ? भन्ने सम्बन्धमा विचार गर्नु पर्ने देखिन आयो। मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १४ नं. को व्यवस्थालाई हेर्दा “ज्यान मार्नको मनसाय रहेनछ, ज्यान लिनु पर्ने सम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाइएकामा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दस वर्ष कैद गर्नु पर्छ” भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। उल्लिखित कानुनी व्यवस्था अनुसार यो नं. अनुसारको आवेश प्रेरित हत्या हुन निम्न तत्त्वहरूको विद्यमानता हुनु पर्ने देखिन आउँछ :

- ज्यान मार्नाको मनसाय नरहेको,
- ज्यान लिनु पर्ने सम्मको इवी पनि नरहेको
- लुकिचोरीकन हानेको पनि नरहेको,
- उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकेको,
- विष नखुवाएको,
- जोखिम हतियारले नहानेको,
- साधरण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हानेको।

तत्काल उठेको रिसले आफुलाई नियन्त्रणमा राख्न नसकी कसैले कसैको हत्या गरेको अवस्थालाई आवेश प्रेरित हत्या (Homicide by provocation) भनिन्छ। आवेश प्रेरित हत्या हुनका लागि Essential requirements हुन आवश्यक हुन्छ। जसमा अभियुक्तले आफु तत्काल आवेशमा आई आफ्नो आत्मसंयम गुमी वारदात घटेको भन्ने कुरा प्रमाणित गर्नु पर्दछ भने पीडित वा मृतकको क्रियाकलापले

अभियुक्तलाई प्रहार गर्नेसम्मको परिस्थिति सृजना गरिदिएको स्पष्टसँग देखिनु पर्दछ। अर्थात पीडित वा मृतकको provocation पनि हुनु पर्दछ। पीडित वा मृतकको अभियुक्तप्रतिको क्रियाकलापले अभियुक्त तत्काल आवेशमा आएको हुनु पर्दछ। यस्तो क्रियाकलापको मापन गर्ने वस्तुनिष्ठ आधारहरू प्रमाणित गर्न सजिलो नभए तापनि पीडित वा मृतकले वारदात घटित गराउन निजको तत्कालको व्यवहारले एउटा Resonable person तत्काल आवेश वा उत्तेजित हुने जस्तो परिस्थिति सृजना हुनु पर्दछ भन्ने कुरा फौजदारी विधिशास्त्रमा स्थापित मान्यताका रूपमा रहेको पाइन्छ। तत्काल उठेको रिसबाट अभियुक्त आवेशमा आई आफ्नो संयमता गुमाई अचानक अनियन्त्रित अवस्थामा कसैको हत्या गर्दछ भने आवेश प्रेरित हत्या हुन आउँदछ। यस सम्बन्धमा Davlin, J. ले RV Duffy को मुद्दामा यसरी परिभाषित गरेको पाइन्छ : "Provocation is some act, or series of acts, done by the dead man to the accused which would cause in any resonable person and actually causes in the accused a sudden and temporary loss of self control, rendering the accused so subjet to passion as to make him or her for the moment not master of his mind"। भारतीय अपराध संहिताको धारा ३०० अनुसार गम्भीर र तत्काल उठेको आवेशले आत्मसंयमको शक्ति नरहेको मौका, आवेशमा ल्याउने व्यक्तिको वा भूल वा दुर्घटनाले अर्को कुनै व्यक्तिको ज्यान लिन्छ भने त्यस्तो हत्या पुरा सजाय हुने हत्या नभई वात लाग्ने हत्या मात्र हुन्छ भनिएको पाइन्छ। Culpable homicide is not murder if the offender while deprived of the power of self-control by grave and sudden provocation causes the death of the person who gave the provaction or caused the death of another person by mistake or accident भनिएको पाइन्छ।

प्रस्तुत वारदातमा प्रतिवादी मध्येका यावेश राईलाई मृतकले गालीगलौज धाकधम्की दिएका र निजसँगै नेले बजार गएका आफ्ना साथीहरू समेतलाई धाकधम्की, गालीगलौज गरी लज्जित गरेको हुँदा मृतकलाई मार्ने योजना बनाई मादक पदार्थ सेवन गरी मृतकको पिछा गर्दै खुकुरी साथमा लिई सुमित्रा राईको घरमा मृतक हुनु पर्ने अनुमान गरी लाठी बोकी जाँदा रोनियार राईले यावेश राईलाई देख्नासाथ मुक्का प्रहार गरेपछि निजलाई बाहिर आँगनमा निकाली लात, मुक्का र लाठीले रोनियार राईको टाउको लगायत शरीरको विभिन्न भागमा हिर्काई मारेको र हामीलाई अभियोग दाबी अनुसार सजाय हुनु पर्ने हो भनी अनुसन्धान अधिकारी तथा अदालत समक्ष समेत आरोपित कसुरमा साबित भई बयान गरी किटानी जाहेरी दरखास्त, घटना विवरण कागज, खानतलासी बरामदी मुचुल्का, लास जाँच प्रकृति मुचुल्का समेतका कागजातहरूको समर्थन गरी बयान गरेको अवस्था रहेको तथा मृतकको मृत्युका कारणमा "Death due to Polytruma" भन्ने Autopsy Report रहे भएका अवस्थामा यी प्रतिवादीहरू र मृतक बिचमा वादविवाद भई सोही विवादका कारणबाट यी प्रतिवादीहरूले रिसइवी, मनसाय राखी मृतकलाई कुटपिट गर्ने योजना बनाई निजलाई खोजतलास गर्दै सुमित्रा राईको घरमा भेटी मृतकलाई आँगनमा निकाली पाँचै जना प्रतिवादीहरूले छोडेको सामूहिक चोटबाट निजको मृत्यु हुन गएको तथ्य स्थापित भई सो तथ्यलाई मिसिल संलग्न अन्य परिस्थितिजन्य प्रमाण तथा प्रतिवादीहरूको साविति बयानले समेत पुष्टि गरिरहेको अवस्था विद्यमान रहेको हुँदा प्रस्तुत वारदात Planed revenge killing देखिएको र मृतकसँग प्रतिवादीहरूको दिउसो भेट हुँदा वादविवाद भई सोही इवीका कारणबाट निजलाई खोज्दै गई रातको समयमा कुटपिट गरी मारेको हुँदा दिउसोको इवीका कारणबाट राती हत्या हुनुको समयको अन्तराल भई उक्त विवादको समय र वारदातको समयको अन्तराल लामो भई प्रतिवादीहरूमा आवेश शान्त हुने अवस्था रहेको र पर्याप्त Cooling Time

रहेको अवस्था देखिएका स्थितिमा यी प्रतिवादीहरूका हकमा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १४ नं. आकर्षित हुने अवस्था देखिँदैन। यसै गरी धनबहादुर समेत विरुद्ध श्री ५ को सरकार ने.का.प. २०४३, पृ. १०४५ मा "पेटमा विभिन्न Viscera हरूमा भएको चोटले अतिशय रक्तश्राव भएर र टाउकामा गिदीमा लागेको चोटले रक्तश्रावबाट क्षमे भएर मृत्यु भएको हो भन्ने कुरा देखिएकामा एक पटक मात्र चोट छाडेको भन्न सकिने अवस्था देखिन नआउने हुँदा धेरै जनाले हुल भई धेरै पटक चोट छाडेकामा यो नं. प्रयोग हुन सक्दैन भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त समेत प्रतिपादित भएको देखिन्छ।" तसर्थ यी प्रतिवादीहरूको हकमा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १४ नं. को अवस्था आकर्षित हुनु पर्दछ भन्ने विद्वान अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

अब यी मृतक रोनियर राईको मृत्यु कर्तव्यबाट भएको हो होइन ? भन्ने सम्बन्धमा विचार गर्दा जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स. वार्ड नं. ४ स्थित पूर्वमा सामुदायिक मिलघर, पश्चिममा वीरबहादुर राईको घर, उत्तरमा वीरबहादुर राईको घर र दक्षिणमा राम दोर्जे राईको घर, यति चार किल्लाभित्र वीरबहादुर राईको मतान घर, मतान घरको दक्षिणतर्फ बाँझोबारी, उक्त बारीको दक्षिण वीरबहादुर राइकै मकैबारी रहेको, वीरबहादुर राईको मतान घरको पश्चिमतर्फ ११.५ फिटमा काटिएका कपालहरू रहेको, सोही स्थानमा प्लाष्टिकको जम्बो कोकको जस्तो बोटल रहेको, सो स्थानदेखि २१ फिट दक्षिण-पूर्व बाँझोबारीमा हरियो बाँसका भाटाहरू ३ थान रहेको, बोटल भएको स्थानबाट २८ फिट दक्षिणतर्फ द नर्थ फेस लेखिएको कालो ज्याकेट रहेको, बोटल भएकै स्थानबाट ३५ फिट दक्षिणतर्फ रहेको वीरबहादुर राईको मकैबारीमा मकैका बोटहरू भाँचिएका, झार लतारिएको, सो स्थानमा चाँदीको जस्तो सिक्री रहेको, सो स्थानमा Police लेखिएको भेस्टको ट्याग रहेको, वीरबहादुर राईको मतान घरको पश्चिमतर्फ रहेको फूल रोपिएको माटोको भाँडो फुटेको भन्ने समेत ब्यहोराको मिति २०६०।३।६ को घटना स्थल मुचुल्का रहेको देखिन्छ।

यसै गरी जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स. वार्ड नं. ४ रिन्दापु टोलस्थित पूर्वमा राम दोर्जे राईको पाखोबारी एवं बाँसको झाङ, पश्चिममा राजकुमार राईको पाखोबारी, उत्तरमा चमारे राईको बारी, दक्षिणमा राजकुमार राईकै बारी यति चार किल्लाभित्र रिन्दापु टोलबाट लिखुतर्फ जाने उकालो गोरेटो बाटो, उक्त बाटोको पश्चिमतर्फ उत्तर टाउको, दक्षिण खुट्टा भई रोनियार राईको लास रहेको, उक्त लासको माथिको भागमा कपडा नभएको, कालो पाइन्ट र खैरो बुट लगाएको, लासको उचाइ ५ फिट ४ इन्च रहेको, कपालको अवस्था नमिलाई काटिएको, अनुहारमा नीलडाम, थुप्रै साना चोट, दुबै आँखा बन्द, नाकमा सुख्खा रगत जस्तो पदार्थ लतपतिएको, दुबै कानमा नीलडाम र साना चोट रहेको, मुख अर्घ खुल्ला, ओठमा चोट, घाटीको ठाउँठाउँमा नीलो देखिएको, छातीमा नीलडामहरू रहेको, बायाँ कोखमा खोस्रिएको जस्तो चोट, दुबै हात शरीरमा सटिएका, बायाँ कुहिना र दाहिने पाखुरा सुन्निएको, बायाँ हात अर्घमुट्ठी दाहिने मुठी खुला, अनुहार तथा शरीरका विभिन्न भागमा नीलडाम, टाउकाको बायाँतर्फ २ इन्च चौडाइ, दाहिने तिघ्राको पछाडि १½ इन्च लम्बाई १ इन्च चौडाइको चोट रहेको भन्ने घटना स्थल लास जाँच मुचुल्का रहेको तथा मृतकको AUTOPSY REPORT मा मृत्युका कारणमा death due to polytrauma भन्ने उल्लेख भई मिसिल संलग्न मृतकका तस्वीरहरू, घटना स्थलमा बरामद भएका सामानहरूको तस्वीरहरू समेतबाट मृतकको मृत्यु स्वाभाविक प्रक्रियाबाट भएको नभई कर्तव्यबाटै निजको मृत्यु भएको तथ्य पुष्टि हुन आयो।

अब को, कसको कर्तव्य र संलग्नताबाट मृतकको मृत्यु हुन गएको हो भन्ने सम्बन्धमा विचार गर्दा, मेरा दाजु रोनियर राईसँग प्रतिवादीहरूको मिति २०७०।३।४ गतेका दिन नेले बजारमा भेट भई सामान्य विवाद भएपश्चात दाजुलाई पच्छयाउँदै पूर्व योजनाका साथ घर समेतमा खोजी गर्दै घरमा नभेटेपछि रोनियर कहाँ छ भनी प्रतिवादीहरूले सोध्दा दाजु रिन्दापुतर्फ लाग्नु भएको छ भन्नासाथ प्रतिवादीहरू त्यसतर्फ लागेको र बिहान दाजु घर नआएपछि खोजतलास गर्दा वीरबहादुर राईको मकैबारी समेतमा लछारपछार गरी दाजुको कपाल काटी, टाउको समेतमा हिर्काई दुबै हात भाँची मारी वारदात स्थलबाट डेढ सय मिटर दक्षिणतर्फ बाँस झ्याङछेउ बाटामा फाली प्रतिवादीहरू यावेश राई, तिखु भन्ने गंगाबहादुर राई, पासाङनुरु शेर्पा, माधव कुलुङ र भीम नारायाण श्रेष्ठ फरार भएका र मेरा दाजु सुमित्रा राईलाई पुऱ्याउन निस्की हिँडेका र वारदात निजकै घर आँगनमा भएको हुँदा निजकै षडयन्त्रबाट मेरा दाजुलाई मार्नेसम्मको योजना हुन सक्ने र जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स. वार्ड नं. ७ बस्ने डिल्लीशेर राई र ऐ. देउसा २ बस्ने बज्जरे भन्ने वज्रपात राईका घरमा प्रतिवादीहरू लुकीछिपी बसेको समेत खुल्न आएको हुँदा निजहरू समेतको षडयन्त्रबाट मेरा दाजुको मृत्यु भएको हुँदा उल्लिखित प्रतिवादीहरूलाई कानुन बमोजिम कारबाही गरिपाउँ भनी पदम भन्ने राज राईको किटानी जाहेरी दरखास्त पर्न आई सोमा अनुसन्धान तहकिकात हुँदा प्रतिवादीहरू मध्ये यावेश राई, पासाङनुरु शेर्पा, माधव कुलुङ, भीमनारायण श्रेष्ठ तथा तिखे भन्ने गंगाबहादुर राई उपर मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत १३(३) अनुसारको कसुर गरेको प्रमाणित हुन आएको हुँदा निजहरूलाई ऐ. महलको १३(३) अनुसारको सजायको अभियोग मागदाबी तथा अन्य प्रतिवादीहरू सुमित्रा राई र बज्जरे भन्ने वज्रपात राई उपर ऐ. को २५ नं. को कसुरमा सोही नम्बर बमोजिम साजायको मागदाबी लिई अभियोग दायर हुन आएको देखिन्छ।

जिल्ला सोलुखुम्बु, देउसा गा.वि.स वडा नं ४ स्थित पूर्वमा मिलघर, पश्चिम वीरबहादुर राईको घर, उत्तर वीरबहादुर राईकै घर, दक्षिण राम दोर्जे राईको घर यती चार किल्लास्थित निजको मूलघरको आँगन, मतान घरको दक्षिणतर्फ बाँझोबारी तथा मकैबारी, मतान घरदेखि ११.५ फिट पश्चिमतर्फ काटिएको कपालहरू रहेको सो मध्ये केही रंगाइएको कपाल फेला परेको, प्लाष्टिकको जम्बोकोकको जस्तो बोतल रहेको, सो देखि २१ फिट दक्षिण पूर्व हरियो बाँसका ३ वटा भाटाहरू रहेको, घटना स्थलमा अन्य द नर्थ फेस लेखिएको कालो रङ्गको ज्याकेट, चाँदीको जस्तो सिक्री फेला परेको तथा मकै समेत भाँचिएको भन्ने समेत ब्यहोराको मिति २०७०।३।६ गतेको घटना स्थल मुचुल्का र टाउकाको बायाँतर्फ २ इन्च लम्बाइ १ इन्च चौडाइ दाया हातको पछाडि पाखुरामा डेढ इन्च लम्बाइ १ इन्च चौडाइ र दाहिने तिघ्राको पछाडि डेढ इन्च लम्बाइ र १ इन्च चौडाइको काटिएको चोट तथा अनुहार तथा शरीरका विभिन्न भागमा निल डामहरू देखिएको भन्ने समेत ब्यहोराको मिति २०७०।३।६ गतेको लास जाँच प्रकृति मुचुल्काबाट देखिन आएको छ। यसै गरी मिति २०७०।३।७ मा भएको मृतकको AUTOPSY REPORT मा cause of death मा "Death due to Polytrauma" भन्ने उल्लेख भएको देखिएको हुँदा मृतकको शरीरको यत्रतत्र भागमा चोट पुऱ्याएको अवस्था देखिन आएको छ। मिसिल संलग्न घटना विवरण कागज गर्ने वीरबहादुर राईले आफ्नो घर आँगनमा मृतक रोनियर राईलाई टर्च बाली पानी छ्यापी छ्यापी कुटपिट गरे, यावेश नमार भन्ने आवाज भने रोनियर राईको थियो। यावेश राई र गंगाबहादुर राईको आवाज मैले चिनें भनी लेखाइदिएका छन् भने घटना विवरण कागज गर्ने ज्ञानलक्ष्मी राईले यावेश राई समेतका

प्रतिवादीहरूले मेरा पतिलाई राती कर गरी घटना स्थलमा लगेका र रोनियार राईलाई निजहरूले नै कुटपिट गरी मारेको रहेछ भन्ने पति गंगाबहादुर राईलाई पक्राउ गर्दा मात्र मलाई थाहा भयो भनी लेखाइदिएको पाइन्छ।

यसै गरी मिति २०७०।३।१७ को बरामदी खानतलासी मुचुल्कामा बस्ने मानिसहरू भागोधन राई, तिलक बाबु राई, सुमित्रा बस्नेत, मिका राई, खड्ग बहादुर राई समेतका व्यक्तिहरूले प्रतिवादी गंगाबहादुर राईको २ तल्ले कच्ची घरको उत्तरतर्फ रहेको ढोकाबाट प्रवेश गरी हेर्दा एउटा मात्र ढोका रहेको, सो ढोकाको बिचमा रहेको अगेनुदेखि दक्षिण कुनामा काठको दाप भएको काठकै बिंड भएको बिंड सहित १४ इन्च लम्बाइ भएको दापमा तारले बेरेको कम्मरमा बाँध्न कपडाको इजार डोरी भएको खुकुरी थान १ बरामद भएको भनी लेखाई दिएकामा उक्त बरामदी खुकुरी प्रतिवादी गंगाबहादुर राईलाई देखाउदा वारदात हुनुपूर्व मैले झोलामा बोकेर गएको र वारदात स्थल पुग्नु अगाडि हरियो बाँस काटी टेक्ने लौरो बनाएको र रोनियार राईको कुटपिट पश्चात धारा नजिक कपाल समातेर काटिदिएको यही बरामद भई आएको दाप सहितको खुकुरी मेरै हो हेरी सनाखत गरिदिएँ भनी गंगाबहादुर राईले अन्य चारै जना प्रतिवादीहरूका रोहरबरमा मिति २०७०।३।१८ मा सनाखत कागज गरिदिएको देखिन्छ।

मिति २०७०।३।१७ को बरामदी खानतलासी मुचुल्कामा बस्ने सम्झना बस्नेत, मिका राई, खड्गबहादुर राई समेतका मानिसहरूले डिल्लीशेर राईको ३ तल्ले कच्ची घरको दक्षिण आँगनबाट भित्र प्रवेश गर्दा २ वटा ढोका रहेको, सो ढोका मध्ये उत्तरतर्फ रहेको भान्सा कोठाको उत्तर कुनामा मृतक रोनियर राईलाई वारदातको समयमा कुटपिट गरी मार्न प्रयोग गरेको बाँसको लाठी काट्न प्रयोग गरेको भनिएको दाप सहितको १३ इन्च लम्बाई भएको दाप सहितको खुकुरी थान १ प्रहरीले बरामद गरी लगेको ठिक साँचो हो भनी सहीछाप गरिदिएको तथा उक्त खुकुरी वारदात हुँदा म सँगै थियो, सोही खुकुरीले हरियो बाँसको लाठी काटेको हुँ र मृतक रोनियर राईको कपाल पनि समातेर सोही खुकुरीले मैले नै काटेको हुँ, देखाउँदा चिनें भनी सनाखत गरिदिई अन्य चारै जना प्रतिवादीहरू समेत उक्त सनाखत कागजमा रोहबरमा बसी मिति २०७०।३।१८ मा कागज गरिदिएको पाइन्छ।

यी प्रतिवादीहरू मध्ये यावेश राई, भीमनारायण श्रेष्ठ, माधव कुलुङ, पासाङ नुरु शेर्पा नेले बजार गएकामा मृतक रोनियर राईले यावेश राईलाई गालीगलौज धाकधम्की दिई अन्य साथीहरू समेतलाई आइन्दा यस ठाउँमा देखें भने तिमीहरूको हात खुट्टा भाचिदिन्छु भनी धम्की दिई सार्वजनिक ठाउँमा लज्जित गरेकाले निजलाई मार्ने योजना बनाई मादक पदार्थ समेत सेवन गरी रोनियर राईलाई पिछा गर्दै अर्का साथी गंगाबहादुर राईको घरमा गई निजलाई समेत लिई निजको घरमा रहेको खुकुरी समेत लिई रोनियर राई सुमित्रा राईका घरमा हुनु पर्ने अनुमान गरी त्यहाँ गई निजलाई फेला पारी हामी सबै प्रतिवादीहरूले लात, मुक्का, लाठीले प्रहार गरी निजलाई मारी लछार्दै घिसार्दै धारा नजिक लगेर आफुहरूले बोकी लगेको खुकुरीले निजको केश काटिदिई मृतकलाई बोकी घिसारी केही तल बाटो नजिकको बाँसघारीमा लगी सुताई अडेस लागे जस्तो पारी भागी हिंडेको भनी अनुसन्धान अधिकृत समक्ष बयान गरेको देखिन्छ भने निजहरूले अदालत समक्ष गरेको बयानमा प्रतिवादीहरूले मृतक रोनियर राईको मृत्यु हामी सबैको सामूहिक कुटाइबाट भएको हो, घटना विवरण कागज गर्ने मानिसहरूको भनाइ सही सत्य हो, जाहेरी ब्यहोरा साँचो हो, हामीहरूलाई अभियोगदाबी बमोजिम सजाय हुनु पर्ने हो भनी आरोपित कसुरमा साबित

भई बयान गरेको पाइन्छ। यसै गरी घटना विवरण कागज गर्ने जाहेरवाला तथा घटनाको प्रत्यक्षदर्शी सुमित्रा राईले पनि आफ्नो बयान तथा बकपत्र समेतमा यी प्रतिवादीहरूले नै मृतकलाई कुटपिट गरी मारेको भनी लेखाइदिएको पाइन्छ। यसै गरी प्रतिवादीहरूका साक्षीहरूले पनि यी प्रतिवादीहरूले मृतक रोनियर राईलाई मारेको होइन भनी भन्न नसकी आफुहरूलाई केही थाहा छैन भनी अदालत समक्ष आई बकपत्र गरिदिएको पाइन्छ।

यसरी मिसिल संलग्न उल्लिखित तथ्य र प्रमाण कागजातहरूबाट प्रस्तुत वारदातमा मृतक रोनियार राईको हत्या गर्नमा यी पाँचै जना प्रतिवादीहरूको समान सहभागिता र सक्रियता रहेको तथ्य स्वंय प्रतिवादीहरूले नै स्वीकार गरेको अवस्था देखिएको छ। यी प्रतिवादीहरू मध्ये यसैको प्रहार वा चोटका कारणबाट मृतकको मृत्यु भएको भन्ने मिसिलबाट देखिन आउँदैन। यी पाँचै जना प्रतिवादीहरूको सामूहिक क्रियाशीलता र कर्तव्यबाट मृतक रोनियर राईको मृत्यु भएको देखिँदा कसैको घटी वा बढी बल प्रहार वा सक्रियताबाट कुटपिट गरी मृतकको मृत्यु हुन गएको हो भन्ने तथ्य मिसिलबाट खुल्न आएको अवस्था देखिँदैन। यसरी प्रस्तुत वारदातसँग सम्बन्धित तथ्य र विभिन्न परिस्थितिजन्य प्रमाणहरूको क्रमबद्ध मालाकार सम्बन्ध रहेको अवस्था रही प्रतिवादीहरूले उल्लिखित वारदात घटित गराई मृतकको हत्या गरेको तथ्यलाई अनुसन्धान अघिकारी तथा अदालत समेतमा स्वीकार गरी साबित भई आफुहरूले कसुर अपराध गरेको तथ्यलाई स्वीकार र समर्पण गरेको अवस्था देखिएको हुँदा यी प्रतिवादीहरू यावेश राई, तिखु भन्ने गंगाबहादुर राई, माधव कुलुङ, भीमनारायण श्रेष्ठ र पासाङनुरु शेर्पाले अभियोग दाबी बमोजिम मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत ऐ. को १३(३) अनुसारको कसुर अपराध गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूलाई सर्वस्व सहित जन्म कैदको सजाय हुने ठहर्छ।

यसरी यी प्रतिवादीहरूलाई उल्लिखित जन्मकैदको सजाय हुने ठहर भए तापनि यी प्रतिवादीहरूको मृतक रोनियर राईसँग नेले बजारमा भेट भएको र निजले मादक पदार्थ सेवन गरी आफुलाई गालीगलौज, धाकधम्की दिई हप्काएकाले रिस उठी नेले बजारमा निजलाई खोज्दा फेला पार्न नसकी निजलाई पनि कुटपिट गर्ने इरादाले आफुहरूले पनि मादक पदार्थ सेवन गरी खोज्दै जाँदा सुमित्रा राईको घरमा निजलाई फेला पार्दा पहिले निजले नै प्रहार गरेपछि हामीले निजलाई लडाई हामी पाँचै जनाको सामूहिक प्रहारले निजको मृत्यु भएको भनी अनुसन्धान अधिकारी तथा अदालत समेतमा साबिति बयान दिई कानुनी कारबाहीमा निजहरूले आफुहरूलाई आत्मसमर्पण गरेको अवस्था देखिएको छ। प्रतिवादीहरूको मृतकलाई मार्ने नै मनसाय रहेको भए वारदात स्थलमा लगेको खुकुरीले मृतकलाई प्रहार गरी मार्नु पर्नेमा सो नगरी उक्त खुकुरी मृतकलाई पिट्न बाँसको लाठी काट्न र मृतक मरिसके पश्चात निजको केश मात्र काट्न प्रयोग गरेको देखिई उक्त काटेको केश समेत वारदात स्थलमै वारमद भई आएको र २ जना प्रतिवादीहरूको घरबाट वारदात स्थलमा प्रयोग भएको खुकुरी समेत बरामद भई प्रतिवादीहरूले उक्त खुकुरी समेत सनाखत समेत गरिदिएको पाइन्छ। यसरी यी प्रतिवादीहरूले अनुसन्धान अधिकारी समक्ष कसुरमा साबित भई अनुसन्धान प्रक्रियामा सहयोग गरेको तथा अदालत समक्ष समेत घटना तथ्यका बारेमा सम्पूर्ण विवरण खोली कसुर अपराधमा साबित भई पूर्ण रूपले न्यायिक प्रक्रिया समेतमा आफुहरूलाई समर्पण गरेको देखिन्छ।

फौजदारी मुद्दामा अनुसन्धानको चरणका आफुले अपराध गरेको कुरामा साबित भई सहयोग गर्ने प्रतिवादीलाई दाबीको सौदावादी (plea bargaining) अन्तरर्गत सजाय निर्धारण गर्दा केही छुट दिने प्रावधान अमेरिका पाकिस्तान, भारत लगायतका देशहरूमा रहेको पाइन्छ। फौजदारी न्याय प्रणालीमा देखा परेको नवीन अवधारणाका रूपमा यसलाई लिइन्छ। दाबीको सौदाबाजी (plea bargaining) को अवधारणलाई कतिपय मुलुकहरूले लागु गरिसकेको पाइन्छ भने कतिपय मुलुकहरू लागु गर्ने चरणमा प्रवेश गरिसकेको पाइन्छ। दाबीको सौदाबाजी भनेको अभियोजनकर्ता (prosecutor) र अभियुक्त (Accussed) का बिचमा हुने सौदाबाजी हो। "Plea barganing is an agreement in a criminal case between the prosecutor and defendent whereby the defendent agrees to plead guilty to a particular charge in return for some concession from the prosecutor. This may mean that the defendent will plead guilty to a less serious charge, or to one or several charges, in return for the dismissal of other charges, in return for the dismissal of other charges, or it may mean that the defendant will plead guilty to the original criminal charge in return for a more lenient sentence." भनिएको पाइन्छ। अभियुक्तले अभियोजनकर्ता समक्ष अपराध स्वीकार गरेकामा अभियोजनकर्ताले केही छुट दिन सक्दछ। यो प्रक्रिया अनुसन्धानका क्रममा हुन्छ। अभियुक्तले अपराध स्वीकार गरी अनुसन्धानमा सहयोग पुऱ्याएका कारणले यो सुविधा दिने भन्ने अवधारणाको विकास भएको हो। दाबीको सौदाबाजी प्रायः दुई किसिमले हुने गर्दछ। अभियोगमा सौदाबाजी Charge baragaining defendent plead guilty to less serious crime than the original charge जसमा अभियुक्तले एकभन्दा बढी कसुर गरेको हुन्छ वा अभियुक्तले गरेको एक अपराधबाट विभिन्न सजाय हुन सक्दछ, यस्तो अवस्थामा अभियुक्तले एक वा एकभन्दा बढी कसुर स्वीकार गर्दछ। अभियोजनकर्ताले कुनै एक कसुरमा दाबी नलिई अन्य कसुरमा मात्र अभियोग लगाई अदालत समक्ष मुद्दा दायर गर्दछ। यसै गरी सजायमा सौदाबाजी (Santence baragaining) : They plead guilty knowing in advance what sentence will be given मा कसुरदारले अपराध स्वीकार गरेको प्रोत्साहन स्वरूप अभियेजनकर्ताले सजायमा कमी वा सजायबाट छुट दिलाउने गरी अदालतमा दाबी लिई आफ्नो सिफारिस (Recomendation) प्रस्तुत गर्न सक्दछ। यसमा कसुरदारले गरेको अपराधका सम्बन्धमा उसलाई उन्मुक्ति दिइएको हुँदैन। यसरी दाबीको सौदाबाजी Plea bargaining को यस्तो अवधारणा भएकामा हाम्रो मुलुकमा पनि अभियुक्तहरू आफुले गरेको अपराधमा साबित नहुने होइनन। प्रस्तुत मुद्दामा समेत प्रतिवादीहरू आरोपित कसुरमा अनुसन्धान लगायत अदालत समेतमा साबित रहेका छन्। तर हाम्रो कानुन प्रणालीमा अभियुक्तले अपराध स्वीकार गरेका अवस्थामा सजायबाट छुट पाउने कुनै कानुनी व्यवस्था रहे भएको पाइँदैन। यस्तो अवस्थामा यदाकदा हाम्रा अदालतहरूले अदालती बन्दोवस्तको १८८ नं. को प्रयोग गरी सजायमा केही छुट दिएका फैसलाहरू भेटिन्छन्। यस्तो अवस्थाका प्रतिवादीहरूलाई सजायमा केही छुट दिनु नै न्यायसङ्गत हुने र अनुसन्धान र न्यायिक प्रक्रिया समेतमा सहयोग पुगी मुद्दा फछ्र्यौटमा शीघ्रता आउने र भविष्यमा अपराध गर्ने अभियुक्तहरूले पनि आफुले गरेको कसुरमा सत्य साँचो बोल्दा सजायमा छुट पाइने रहेछ भनी अपराधलाई ढाकछोप नगरी कसुर स्वीकार गर्ने प्रवृतिको विकास हुने देखिन्छ।

आफुले अपराध गरी त्यसलाई ढाकछोप दिग्भ्रमित वा इन्कारी रहने प्रतिवादी र आफुले अपराध गरेको कुरामा साबित भई न्यायिक प्रक्रियामा समर्पण गर्ने प्रतिवादीका बिच अदालतले सजाय निर्धारण गर्दा समान मापदण्ड कायम राख्नु न्यायसङ्गत हुन सक्दैन। यसै सन्दर्भमा ने.का.प. २०६७, अङ्क १ भाग ५२

नि.नं. ८२९७ पृष्ठ ८९ मा सम्मानित सर्वोच्च अदालतले "कसुर गरे तापनि अनुसन्धान र अदालतमा समेत कसुरमा साबित भई अदालती प्रक्रियालाई सहयोग पुऱ्याउने इमान्दार अपराधी र अपराध गरेर पनि अन्तिमसम्म आफ्नो अपराध लुकाई सजायबाट उम्कन चाहने अपराधीलाई एउटै तराजुमा राखी समान सजाय तोकिनु न्याय र कानुनका दृष्टिकोणबाट उपयुक्त नहुने" भन्ने सिद्धान्त समेत प्रतिपादन भइसकेको परिप्रेक्ष्यमा यी प्रतिवादीहरूलाई जन्म कैदको सजाय गर्दा मेरो चित्तमा चर्को पर्ने देखी अदालती बन्दोबस्तको १८८ नं. बमोजिम न्यायिक स्वविवेक प्रयोग गरी यी पाँचै जना प्रतिवादीहरूलाई कैद वर्ष १७ (सत्र) गर्ने राय व्यक्त गरेको छु।

अब, प्रतिवादी मध्येकी सुमित्रा राईका हकमा विचार गर्दा यी जाहेरवालाले निजको नाम जाहेरीको विरुद्ध खण्डमा उल्लेख नगरी दाजु निजलाई घरसम्म पुऱ्याउन निजको घरतर्फ गएका र वारदात समेत निजकै घर आँगनमा भएको हुँदा निजकै षडयन्त्रबाट मेरा दाजुलाई मार्नेसम्मको योजना हुन सक्ने भनी किटान नगरी अनुमानका आधारमा जाहेरीको पेटबोलीमा सम्म निजको नाउँ उल्लेख गरेको पाइयो। प्रतिवादीहरूले आफ्नो बयानमा उल्लिखित वारदातमा निज सुमित्रा राईको संलग्नता नभएको भनी बयान गरिदिएको पाइन्छ। निज प्रतिवादी सुमित्राले अनुसन्धान अधिकारी तथा अदालत समक्ष बयान गर्दा आफु उक्त वारदात गर्ने गराउने षडयन्त्रमा संलग्न नरहेको भनी इन्कारी बयान गरी घटना विवरण कागज गर्ने व्यक्तिहरू समेतले निजलाई गडाउ गर्न नसकेको हुँदा उल्लिखित वारदातमा प्रतिवादी सुमित्रा राईको संलग्नता देखिन नआए तापनि उल्लिखित अपराध निजको घरआँगनमा घटित भइसक्दा समेत मौकामा जाहेरी नदिई अन्य प्रतिवादीहरूले प्रहरीलाई खवर गरेमा सपरिवारलाई यस्तै हालत बनाइदिने धम्की दिएकाले आफु चुप लागि बसेको भने तापनि आफ्नै आँखा अगाडि यस्तो जघन्य अपराध घटित भएको देख्ने प्रत्यक्षदर्शी भएर पनि प्रहरीलाई खबर नगरी, मौकामा जाहेरी नगरी Indiffirence भई बस्ने यी प्रतिवादीको कार्यले मौजुदा कानुनी व्यवस्थाको बेवास्ता गरी आफ्नो नागरिक दायित्व समेत पुरा गर्न नसकेको हुँदा निज प्रतिवादी सुमित्रा राईलाई अभियोग मागदाबी बमोजिम मुलुकी ऐन, ज्यान सम्बन्धी महलको २५ नं. बमोजिम निजलाई रू.२० (बिस) जरिवाना हुने ठहर्छ।

अब, अर्का प्रतिवादी बज्जरे भन्ने वज्रपात राईको हकमा विचार गर्दा जाहेरवालाले निजको नाउ जाहेरीको विरुद्ध खण्डमा किटान गर्न नसकी केवल जाहेरीको पेटवोलीमा मृतक रोनियर राईको हत्यमा संलग्न प्रतिवादीहरू निजको घरमा लुकीछिपी बसेको हुन सक्ने शङ्का र अनुमानसम्म गरी जाहेरीमा उल्लेख गरेको पाइन्छ। उल्लिखित पाँचै जना प्रतिवादीहरूले पनि उल्लिखित वारदातमा आफुहरू पाँच जना बाहेक अन्यको षडयन्त्र संलग्नता छैन भनी बयान गरिदिएको पाइन्छ। यी प्रतिवादीले मिति २०७०।३।१६ मा घटना विवरण कागज गर्दा उक्त वारदातमा आफ्नो संलग्नता छैन भनी कागज गरिदिएको पाइन्छ। यी प्रतिवादी वज्रपात राईले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा उक्त वारदातमा मेरो कुनै संलग्नता षडयन्त्र तथा जाहेरीमा उल्लिखित प्रतिवादीहरूलाई मैले कुनै आश्रय तथा संरक्षण दिएको छैन। वारदात मितिमा आफु सल्लेरीमा रहेको भनी कसुरमा इन्कार रही बयान गरेको तथा अदालत समक्ष बयान गर्दा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेका तथा निजका साक्षी हुतबहादुर कार्कीले अदालत समक्ष आई बकपत्र गर्दा उक्त मितिको वारदातमा वज्रपात राईको कुनै संलग्नता छैन भनी निजको इन्कारी बयानलाई समर्थन गरी बकपत्र समेत गरिदिएका मिसिल संलग्न यावत् प्रमाण कागजातहरूबाट निजको

अभियोग शङ्का रहित तवरले पुष्टि हुन नसकेको हुँदा निज प्रतिवादी बज्जरे भन्ने वज्रपात राई विरुद्धको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहर्छ। तसर्थ निज प्रतिवादी बज्जरे भन्ने वज्रपात राईले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरू यावेश राई, तिखु भन्ने गंगाबहादुर राई, माधव कुलुङ, भीमनारायण श्रेष्ठ र पासाङनुरु शेर्पालाई जन्मकैदको सजाय हुने ठहरेकाले निज प्रतिवादीहरू मिति २०७०।३।७ गतेदेखि प्रहरी तथा थुनामा रहेको देखिँदा निजहरूलाई भएको उल्लिखित कैदको सजाय सोही मिति देखि लागु हुने गरी कैदको लगत कसी असुल गर्न कैदी पुर्जी ठेकी श्री कारागार कार्यालय सोलुखुम्बुमा पठाइदिनू ........................................................................................१

प्रतिवादीहरू यावेश राई, तिखु भन्ने गंगाबहादुर राई, माधव कुलुङ, भीमनारायण श्रेष्ठ र पासाङनुरु शेर्पालाई सर्वस्व समेत हुने ठहरेकाले निजहरूको अंश भागको जग्गा कानुन बमोजिम रोक्का राख्न सम्बन्धित निकायमा पठाउनू ........................................................................................२

प्रतिवादी सुमित्रा राईलाई रू. २० (बिस) जरिवाना भएका हुँदा निजले राखेको नगद धरौट रू. १५,०००।– (पन्ध्र हजार) बाट कट्टा गरी बाँकी मुद्दाको अन्तिम किनारा भएपछि नियमानुसार माग गरे फिर्ता दिनू ........................................................................................३

प्रतिवादी बज्जरे भन्ने वज्रपात राईले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरेकाले केही गरी रहनु परेन........................................................................................४

प्रतिवादी बज्जरे भन्ने वज्रपात राईले यस अदालतमा रू. २० (बिस) धरौट राखेको देखिँदा मुद्दाको अन्तिम किनारा लागेपछि नियमानुसार गर्नू ........................................................................................५

यस अदालतको इन्साफमा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्न जानु होला भनी प्रतिवादीहरू यावेश राई, तिखु भन्ने गंगाबहादुर राई, माधव कुलुङ, भीमनारायण श्रेष्ठ र पासाङनुरु शेर्पा र सुमित्रा राईलाई पुनरावेदनको म्याद दिनू ..............................६

प्रतिवादी बज्जरे भन्ने वज्रपात राईले सफाइ पाउने ठहरेकाले जिल्ला सरकारी वकिल कार्यालय सोलुखुम्बुलाई पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गर्नु भनी ७० दिने पुनरावेदन म्याद जारी गर्नू........................................................................................७

फैसलाको प्रतिलिपी राखी श्री जिल्ला सरकारी वकिल कार्यालय, सोलुखुम्बुलाई फैसलाको जानकारी दिनू........................................................................................८

सरोकारवालाले फैसलाको नक्कल पाँउ भनी माग गरे नियमानुसार लाग्ने दस्तुर लिई सारी सराई दिनु.........................................................................................................................९

प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरी यस मुद्दामा पुनरावेदन परे पुनरावेदनको रोहबाट पुनरावेदन नपरे साधक जाहेरीका लागि पुनरावेदन अदालत, राजविराजमा पठाई सादक किनारा भएपछि कानुन बमोजिम गर्नू .....................................................................................................................१०

जिल्ला न्यायाधीश

माननीय न्यायाधीशज्यूबाट बोली टिपाए बमोजिम
फैसला तयार गर्ने डिठ्ठा लक्ष्मी खतिवडा (अधिकारी)
कम्प्युटर टाइप गर्ने गुणानन्द झा
फाँटवाला ना.सु सिर्जना कार्की

**इति सम्वत् २०७० साल चैत्र महिना २७ गते रोज ५ शुभम्...............।**

श्री अछाम जिल्ला अदालत

इजलास

मानतीय जिल्ला न्यायाधीश श्री विष्णुप्रसाद अर्याल

फैसला

सम्वत् २०७० सालको स.फौ.दा.न. ०७०-CR-०००६

*मुद्दा : कर्तव्य ज्यान।*

निर्णय नं. : ३३

**वादीको नाम, थर, वतन**

राजाराम भाटको जाहेरीले वादी नेपाल सरकार

**प्रतिवादीको नाम, थर, वतन**

अछाम जिल्ला मंगलसेन गा.वि.स. वडा नं. ७ बस्ने कम्माने भन्ने झनक भाट...............................१

**वादीका साक्षी**

राजाराम भाट ............................................१

नरे भाट ..................................................१

लक्ष्मी भाट ................................................१

धीरेन्द्र भाट ..............................................१

भीमराज भाट ............................................१

रङ्गराज भाट .............................................१

अमृते भाट ...............................................१

भोजराज भाट ............................................१

मैसरा भाट ...............................................१

**प्रतिवादीका साक्षी**

नन्दे भाट ..................................................१

चेतराज भाट .............................................१

कृष्णा भाट ................................................१

**अदालतबाट बुझेको**

**वादीका साक्षी**

अमृते भाट ...............................................१

धीरेन्द्र भाट ..............................................१

लक्ष्मी भाट ...............................................१

राजाराम भाट ............................................१

नरे भाट ..................................................१

डा. अशोकप्रसाद खनाल .............................१

**प्रतिवादीका साक्षी**

कृष्णा भाट ..............................................१

नन्दे भाट ................................................१

चेतराज भाट ............................................१

**तथ्य खण्ड**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तरगत दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य यस प्रकार छ :

मेरी बहिनी कोकिला भाटलाई आफ्नो परम्परा अनुसार २०६० सालमा ज्वाइँ कम्माने भन्ने झनक भाटसँग विवाह गरी दिएकामा ज्वाइँ झनक भाटले नेपाल सेनामा नोकरी गर्दै आएकामा मिति २०७०/०८/१७ गते विदामा घर आई मृतक बहिनीसँग झैझगडा कुटपिट गरेको भनी माइतीमा आई बताएको र निज प्रतिवादीसँग सम्बन्ध विच्छेद गरिदिनु पर्‍यो भनेकीले सम्झाई बुझाई घरमा पठाएकामा २०७०/८/२० गते राती २४.०० बजे मेरी बहिनी कोकिला भाटलाई कर्तव्य गरी मारी आफ्नै कोठाभित्र झुण्ड्याएकाले निजलाई कानुन बमोजिम कारबाही गरिपाउँ भन्ने ब्यहोराको जाहेरी दरखास्त।

जिल्ला अछाम मंगलसेन गा.वि.स. वडा नं. ७ स्थित पूर्वमा भाटवाडादेखि वलीगाउँतर्फ जाने गोरेटो बाटो पश्चिममा नन्द भाटको घर, उत्तर प्रकाश भाटको जमिन, दक्षिण मृतककै पाखो जमिन यति चार किल्लाभित्र रहेको १७ हात लम्बाइ, १३ हात चौडाइमा भएको तिन तले दस कोठा भएको टिनले छाएको कच्ची घरको उत्तरतर्फ मोहडा भएको घरको दोस्रो तल्लाको पश्चिमतर्फको कोठाको लम्बाइ १२ फिट, चौडाइ ७ फिट २ इन्चको प्लाष्टिकको डोरीले पासो लगाई झुन्ड्याई आत्महत्या गरेको हो भनी बताएको र उक्त डोरी निजका श्रीमान झनक भाटले फुकालिसकेको र लास भुइँमा राखेको घटनास्थल तथा दुई वटा घुँडा खुम्चिएको, उत्तानो अवस्थामा पश्चिम टाउको, पूर्व खुट्टा भई सोझो अवस्थामा पल्टिएको लासको शारीरिक अवस्था रहेको दुबै हात अर्द्ध खुम्चिएको, घाँटीमा १/२ इन्च V आकारको निलो खैरो डोरीको डाम रहेको, घाँटी छाम्दा साह्रो भन्ने समेत ब्यहोराको घटनास्थल तथा लास जाँच मुचुल्का।

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Hanging भन्ने उल्लेख भएको।

म ज्वाला दल गण सूर्यबिनायक, भक्तपुरमा सिपाही पदमा कार्यरत छु र म मिति २०७०/८/१४ गते घर विदा लिई २०७०/८/१६ गते घर पुगें। घर परिवारसँग राम्रै सम्बन्ध थियो। मिति २०७०/८/२० गते मृतक श्रीमतीले मलाई मेरा बुबा नरे भाटले रोड किनारमा रहेको एक घडेरी जग्गा मलाई नामसारी गरिदिने छन् भनी सोही दिनको १० बजेतिर घरबाट हिंडी बजार आइन् र दिउसो १५.३० बजे फर्की घर आइसकेपछि जग्गा सम्बन्धमा मसँग कुनै बोलचाल भएन। साँझ १९.३० बजे श्रीमतीले खाना पकाई सबै परिवारले खाना खाई सुत्ने क्रममा मृतक श्रीमती र छोरा १ वर्ष ६ महिनाको भूपेन्द्र र छोरी ३ वर्षकी सरस्वती खटियामा सुतेका, म र छोरा ११ वर्षको धीरेन्द्र भुइँमा सुत्यौं। राती २४.०० बजे छोरी सरस्वती रोई कराई गरेको आवाज सुनी उठी बत्ती बाल्दा मेरी श्रीमती कोकिला भाट सोही कोठाको दलिनमा प्लाष्टिकको डोरीले पासो लगाई झुन्डिएको देखी निज जिउँदै होलिन् भनी म आफैले पासो फुकाई भुइँमा राखेको हुँ। मैले मेरी श्रीमतीलाई कर्तव्य गरी मारी झुन्डाएको होइन। निज श्रीमती आफै के, कति कारणले झुन्डिएकी हुन् थाहा भएन र मिति २०७०/८/१७ गते माइती घर गई मलाई सम्बन्ध विच्छेद गराइदिनु पर्‍यो भनी आफ्नो बुबाआमालाई किन भनेकी हुन् थाहा भएन भन्ने ब्यहोराको प्रतिवादी कम्माने भन्ने झनक भाटले यस अदालतमा गरेको बयान।

मिति २०७०/८/२० गते आफ्नै घरमा थिएँ। मृतक छोरी कोकिला भाट मिति २०७०/८/१७ गते मेरो घरमा आई बुबा मेरो श्रीमान मलाई घरमा सधैं कुटपिट गर्छ, मेरो सम्बन्ध

विच्छेद गराइदिनु पऱ्यो र मलाई बस्नका लागि एक कट्ठा जमिन दिनु पऱ्यो भनी भन्दा अहिले तिमी आफ्नो घरमा जाउ भोलि छलफल गरौँला र मिति २०७०/८/२३ गते बजारमा आउनु, म एक कट्ठा जमिन तिम्रो नाममा गरिदिन्छु भनी घरमा पठाएँ र मिति २०७०/८/२० गते राति झनक भाटले छोरी कोकिला भाटलाई आफ्नै सुत्ने कोठामा कर्तव्य गरी मारी झुन्ड्याएको र तिन चार घन्टापछि मात्र हामीलाई खबर गरेको र घटनास्थल जाँदा छोरीको मृत लास भुइँमा राखेको थियो र निज प्रतिवादीले सधैं छोरीलाई कुटपिट गर्ने गरेको हुँदा मिति २०७०/८/२० गते राती निज प्रतिवादीले छोरीलाई कर्तव्य गरी मारी झुन्ड्याएको हुँदा निज झनक भाटलाई हदैसम्मको कानुनी कारबाही हुनु पर्छ भन्ने ब्यहोराको नरे भाटले अनुसन्धान अधिकारी समक्ष गरेको कागज।

मिति २०७०/८/२० गते म आफ्नै घरमा थिएँ। मृतक छोरी कोकिला भाट मिति २०७०/८/१७ गते मेरो घरमा आई बुबा मेरो श्रीमान मलाई सधैं कुटपिट गर्छ, मेरो सम्बन्ध विच्छेद गराइदिनु पऱ्यो भन्दा मैले तिमी यस्तो कुरा किन गर्छौ तिमी आफ्नो घर जाउ भोलि गाउँघरमा छलफल गरौँला भनी भन्दा छोरी आफ्नो घर गइन् र मिति २०७०/८/२० गते राती झनक भाटले छोरी कोकिला भाटलाई आफ्नै सुत्ने कोठामा कर्तव्य गरी मारी झुन्ड्याएको र तिन चार घन्टापछि मात्र हामीलाई खबर गरेको र घटना स्थलमा छोरीको मृत लास भुइँमा राखेको थियो। निज प्रतिवादीले सधैं छोरीलाई कुटपिट गर्ने गरेको हुँदा मिति २०७०/८/२० गते राती निज प्रतिवादीले छोरीलाई कर्तव्य गरी मारी झुन्ड्याएको हुँदा निज प्रतिवादीलाई हदैसम्मको कानुनी कारबाही हुनु पर्छ भन्ने ब्यहोराको लक्षी भाटले अनुसन्धान अधिकारी समक्ष गरेको कागज।

म मिति २०७०/८/२० गते आफ्नै घरमा थिएँ। बेलुका मृतक आमाले खाना पकाइसकेपछि खाना खाई दिदी जेठो बुबाको घरमा सुत्न गइन् र अन्य हामी हाम्रो कोठामा सुत्न गयौं। मृतक आमा, बहिनी र भाइ खटियामा सुते, बुबा र म भुइँमा सुत्यौं। राती समय मलाई थाहा भएन, बुबा रोइकराइ गर्नु भयो र म ब्युँझी हेर्दा आमाले हाम्रै सुत्ने कोठामा डोरीले पासो लगाई झुन्डिएकी थिइन् र बुबा झनक भाटले उक्त पासो फुकालेका हुन् भन्ने ब्यहोराको धीरेन्द्र भाटले अनुसन्धान अधिकारी समक्ष गरेको कागज।

हामीहरू मिति २०७०/८/२० गते आआफ्नै घरमा थियौं र मिति २०७०/८/२० गते निज प्रतिवादी झनक भाटले आफ्नै श्रीमती कोकिला भाटलाई आफ्नै सुत्ने कोठामा कर्तव्य गरी मारी झुन्ड्याएको हो भन्ने हामीहरूले सुनी थाहा पाएका हौं। यदि निजले कर्तव्य गरी मारी झुन्ड्याएको हो भने निज प्रतिवादी झनक भाटलाई हदैसम्मको कानुनी कारबाही हुनु पर्छ भन्ने ब्यहोराको मैसरा भाट समेत ५ जनाले गरेको एकै मिलानको वस्तुस्थिति मुचुल्का।

मिति २०७०/८/२० गते राती पूर्व योजना बनाई आफ्नै श्रीमतीलाई आफ्नै सुत्ने कोठामा कर्तव्य गरी मारी झुन्ड्याएको र माइती पक्षलाई ३/४ घन्टापछि खबर गरी तिम्री छोरीले आत्महत्या गरी भनी बताएको र आफु अपराधबाट जोगिन उम्कन अधिकार प्राप्त अधिकारी समक्ष इन्कारी बयान गरे तापनि मिसिल संलग्न कागजातहरूबाट निज प्रतिवादी कम्माने भन्ने झनक भाटले पूर्व योजना बनाई आफ्नै घरको कोठाभित्र आफ्नै श्रीमतीलाई कर्तव्य गरी मारी झुन्ड्याएको पुष्टि भई निज प्रतिवादीले ज्यान

सम्बन्धी महलको १३(३) बमोजिमको कसुर अपराध गरेको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३(३) बमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी।

मिति २०७०/८/२० गते राती हामी घर परिवारहरू खाना खाई श्रीमती कोकिला भाट, छोरी सरस्वती भाट र छोरा भूपेन्द्र भाट खाटमा सुतेको, छोरा धीरेन्द्र भाट र म भुइँमा सुतेका थियौं। राती १२ बजेको समयमा छोरी सरस्वती कराएपछि मेरो निद्रा ब्युँझी हेर्दा श्रीमती कोकिला भाट हामी सुतेको कोठामा झुन्डिएकी थिइन्। जिउँदै छ कि भनी श्रीमतीको घाँटीको डोरी मैले खोलेको थिएँ भन्ने ब्यहोराको प्रतिवादी कम्माने भन्ने झनक भाटले यस अदालतमा गरेको बयान।

मिति २०७०/८/२० गते राती म घरमै थिएँ। दिउसो मृतकसँग भेट भएको थियो। प्रतिवादीले मृतकलाई घाँटी च्यापी मारेको हो, तर मारेको भने देखेको होइन भन्ने ब्यहोराको मौकामा बुझिएका लक्षी भाटले यस अदालतमा गरेको बकपत्र।

मिति २०७०/८/२० गते म मंगलसेन बजारमा थिएँ। मृतकसँग दिनमा भेट भएको थियो, राती भेट भएन। सोही राती मृतकको बहिनीको आफ्नै कोठामा मृत्यु भएको र ५ (पाँच) दिन हुँदासम्म पनि हामीसँग कोही मानिस नआउँदा बहिनीको खोजी गरिपाउँ भनी जाहेरी दिएको साँचो हो। हाल बुझ्दा बहिनीको घाँटी च्यापी मारेको जस्तो लाग्छ। मैले मृतकको घाँटी च्यापेको देखिनँ, लास हेर्दा घाँटी च्यापेको जस्तो लाग्छ भन्ने ब्यहोराको जाहेरवाला राजाराम भाटले यस अदालतमा गरेको बकपत्र।

मिति २०७०/८/२० गतेको दिनमा म बजार थिएँ र राती म आफ्नै घरमा थिएँ। मृतकको र मेरो त्यो दिनमा भेट भएर सँगै थियौं र राती भेटघाट भएन। मृतक राती आफ्नै घरमा गएकी हुन्। प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेका हुन्, मृतकको घाँटी च्यापी मारे जस्तो लाग्छ। प्रतिवादीले मृतकलाई कर्तव्य गर्दा देखेको होइन, पछिल्लो दिन मृतकलाई देखेर थाहा पाएका हौं भन्ने ब्यहोराको मौकामा बुझिएका नरे भाटले यस अदालतमा गरेको बकपत्र।

मिति २०७०/८/२० गते राती म आफ्नै घरमा थिएँ। राती झनक भाट कराएको सुनी के भएको रहेछ भनी घटनास्थल जाँदा कोकिला भाट आत्महत्या गरी मरिन् भनी कोकिलाका श्रीमान र छोराछोरी कराउँदै थिएँ। भित्र जानलाई बिच ढोकामा मेरा जेठाजु बसेका हुँदा म भित्र पसिनँ। मृतक र प्रतिवादी बिच राम्रो सम्बन्ध थियो। कुटपिट झैझगडा केही पनि थिएन। मृतक आफै आत्महत्या गरी मरेकी हुन्। प्रतिवादीले कुटपिट गरी झुन्ड्याएको होइन भन्ने ब्यहोराको प्रतिवादीका साक्षी कृष्णा भाटले यस अदालतमा गरेको बकपत्र।

मिति २०७०/८/२० गते राती म आफ्नै घरमा सुतेको थिए। मृतक र प्रतिवादी बिच झैझगडा कुटपिट, वादविवाद के थियो मलाई थाहा भएन। मृतकको घाँटीमा रसीले रेटिएको र रसी भुइँमा फालेको र लास पनि भुइँमा रहेको देखेको हुँ। मृतकको अवस्था हेर्दा आफै मरे जस्तो लागेन। प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेका हुन् भन्ने कुरा गाउँघरबाट सुनेर थाहा पाएको हुँ भन्ने ब्यहोराको वस्तुस्थिति मुचुल्काका मानिस अमृते भाटले यस अदालतमा गरेको बकपत्र।

बुबा झनक भाट र म भुइँमा सुतेका थियौं। मम्मी बहिनी खाटमा सुतेका थिए। हामी निदाएको समयमा बुबा निद्राबाट ब्युँझी हेर्दा मम्मी झुन्डिएकी थिइन्। बुबाले पछि मम्मीको घाँटीको डोरी खोली भुइँमा सुताएका हुन्। मम्मीलाई कुटपिट गर्दा मैले देखेन, बुबा पनि मसँगै सुतेका थिए। मम्मीको घाँटीमा

रसीको घाउ रहेकाले मम्मी आफै झुन्डिएकी हुन् भन्ने ब्यहोराको बुझिएका धीरेन्द्र भाटले यस अदालतमा गरेको बकपत्र।

मृतक र प्रतिवादी बिच झैझगडा कुटपिट, वादविवाद के थियो मलाई थाहा भएन। मृतकको घाँटीमा रसीले रेटिएको र रसी भुइँमा फालेको लास पनि भुइँमा भएको मैले देखेको नभई सुनी थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको बुझिएका अमृते भाटले यस अदालतमा गरेको बकपत्र।

प्रतिवादी झनक भाटको घरमा बच्चाहरू कराए, म आफ्नो घरबाट उठेर बाहिर जाँदा घटना भएको घरमा गएँ। भित्र कोठामा मृतक झुन्डिएकी थिइन्। भाइले अलिकति सास थियो, मैले पासो काटेको हुँ भनेका हुन्। त्यसपछि हामीहरूले माइतीलाई खबर गर्न पठायौं। मृतकका जेठा दाजुको घरमा पुग्दा अहिले बुबा बेहोस हुन्छन्, म भोलि बिहान खबर गरेर बुबालाई ल्याएर आउँछु भने अनि हामी फिर्ता आयौं। मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको होइन, मृतक कोकिला भाटको मृत्यु आफै झुन्डिएर मरेकी हुन् भन्ने प्रतिवादीका साक्षी नन्दे भाटले यस अदालतमा गरेको बकपत्र।

मृतक कोकिला भाटको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको होइन। मृतक कोठामा आफै झुन्डिएर मरेकी हुन्। मृतकको मृत्यु हुनुभन्दा अगाडि मृतक र प्रतिवादी बिच कुनै झैझगडा समेत थिएन भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी चेतराम भाटले यस अदालतमा गरेको बकपत्र।

मृतक कोकिला भाटको घाँटीमा घुमेको नीलडाम थियो। उक्त नीलडाम खैरो रङ्गको थियो। खैरो रङ्गको नीलडाम १ cm चौडा र नीलडामको दृश्य अगाडिबाट पछाडितिर र माथितिर थियो। त्यसको लम्बाइ २१ cm थियो र घाँटीको पछाडि भागमा १२ cm जोडिन बाँकी रहेको र घाउखत केही नभएको शरीरको अन्य भागमा कुनै घाउखत नरहेको घाँटीमा डाम हुनु, लास चिरेर परीक्षण गर्ने बेलामा डामको मुनि Sings of inflammation नहुनु, शरीरको अन्य कुनै पनि भागमा घाउ खत नहुनु र प्रयोगशालाको रिर्पोटमा कुनै पनि विषादी नभेटिनु यी सबै कुराहरूले मृत्युको कारण Hanging (झुन्डिएर आत्महत्या) भएको पुष्टि गर्छ। केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालको परीक्षण प्रतिवेदनमा कुनै पनि विषादी नभेटिएको (Negative tests of above Mentioned insecticides and phosphinegas) हुँदा मृतकको मृत्युको कारण झुन्डी आत्महत्या हो भन्ने कुरा प्रस्ट हुन्छ भन्ने ब्यहोराको बुझिएका डा. अशोकप्रसाद खनालले यस अदालतमा गरेको बकपत्र।

**ठहर खण्ड**

नियम बमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित रहनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री कृष्णबहादुर ओलीले यी प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भनी यी प्रतिवादी उपर किटानी जाहेरी परेको दखिन्छ। त्यस्तै मौकामा कागज गर्ने मानिसहरू समेतले यी प्रतिवादीको कर्तव्यबाट नै मृतकको मृत्यु भएको हो भनी मौकामा लेखाइदिएका र सो कुरालाई समर्थन गर्दै अदालतमा आई बकपत्र समेत गरेको अवस्था रहेको छ। यी प्रतिवादी र मृतक उक्त रात एउटै कोठामा सुतेको अवस्था रहेको र त्यस्तो स्थितिमा मृतक झुन्डिएपछि मात्र आफुले थाहा पाएको भन्ने कुरा नै गलत एवं भ्रामक रहेको हुँदा यस्तो अवस्थामा यी प्रतिवादीलाई अभियोग मागदाबीबाट उन्मुक्ति दिन मिल्ने हुँदैन। तसर्थ यी प्रतिवादीले

अभियोग मागदाबी बमोजिमको कसुर गरेको हुनाले हदैसम्मको सजाय गरिपाउँ भन्ने समेतको बहस प्रस्तुत गर्नु भयो।

त्यस्तै प्रतिवादीका तर्फबाट उपस्थित रहनु भएका विद्वान अधिवक्ता श्री गणेशप्रसाद ढुङ्गानाले आरोपित कसुर गरेकामा प्रतिवादी इन्कारी रही बयान गरेको अवस्था छ, मृतक कोकिला भाट आफै झुन्डी आत्महत्या गरी मरेकी हुन्, सो कुरालाई पोस्टमार्टम रिर्पोट तथा विशेषज्ञको बकपत्र, घटनास्थल लास जाँच मुचुल्का तथा मिसिल संलग्न अन्य प्रमाण कागजातले पुष्टि गरेको छ। अतः प्रस्तुत वारदात घट्न घटाउनमा यी प्रतिवादीको कुनै संलग्नता नरही निज निर्दोष रहेको हुँदा अभियोग मागदाबी बमोजिम प्रतिवादीलाई सजाय गर्न मिल्ने अवस्थाको विद्यमानता नरहेकाले सफाइ दिलाइपाउँ भन्ने समेतको बहस प्रस्तुत गर्नु भयो।

उपरोक्त बमोजिमको बहस जिकिर सुनी मिसिल संलग्न प्रमाण कागजात समेतको अध्ययन मूल्याङ्कन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा यी प्रतिवादी उपर वादी नेपाल सरकारका तर्फबाट लिइएको अभियोग मागदाबी पुग्न सक्छ, सक्दैन ? भन्ने विषयमा नै केन्द्रित रही निर्णय दिनु पर्ने देखिन्छ।

उपरोक्त बमोजिमको प्रश्नमा केन्द्रित रही निर्णय दिनु पर्ने देखिन आएको प्रस्तुत मुद्दामा प्रतिवादी झनक भाटले मृतक आफ्नी श्रीमतीसँग सधैं झैझगडा गर्ने गरेको र मिति २०७०/०८/२० गते राती पूर्व योजना बनाई आफ्नै श्रीमतीलाई आफ्नै सुत्ने कोठामा कर्तव्य गरी मारी झुन्ड्याएको र माइती पक्षलाई ३/४ घन्टापछि खबर गरी तिम्री छोरीले झुन्डिई आत्महत्या गरी भनी बताएको र आफु अपराधबाट जोगिन उम्कन अधिकार प्राप्त अधिकारी समक्ष इन्कारी बयान गरे तापनि मिसिल संलग्न कागजातहरूबाट निज प्रतिवादी कम्माने भन्ने झनक भाटले पूर्व योजना बनाई आफ्नै घर कोठाभित्र आफ्नै श्रीमतीलाई कर्तव्य गरी मारी झुन्ड्याएको पुष्टि भई निज प्रतिवादी कम्माने भन्ने झनक भाटले मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ नं. विपरीत ऐ. महलको १३(३) बमोजिमको कसुर अपराध गरेको हुँदा निज प्रतिवादी कम्माने भन्ने झनक भाटलाई उक्त मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) बमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारका तर्फबाट अभियोग मागदाबी लिइएको देखिन्छ।

यसमा यी प्रतिवादीले मृतक कोकिला भाटलाई कर्तव्य गरी मारी झुन्डाएको भनी यी प्रतिवादी उपर किटानी रूपमा जाहेरी परेको भए तापनि यी प्रतिवादी अनुसन्धान अधिकृत समक्ष बयान गर्दा र यस अदालतमा आई बयान गर्दा समेत मैले मेरी श्रीमतीलाई कर्तव्य गरी मारी झुन्डाएको होइन, निज श्रीमती कोकिला भाट के, कति कारणले झुन्डिएकी हुन् थाहा भएन, निजलाई झुन्डिएका अवस्थामा देखेको हुँदा बाँच्छिन् कि भनी मैले उक्त पासो फुकाएको हुँ भनी बयान गरेको देखिन्छ।

यसका साथै मृतकको शव परीक्षण प्रतिवेदनलाई हेर्दा मृतकको घाँटीको अगाडिबाट दुबै साइड हुँदै पछाडितर्फ १ cm चौडा २१ cm लम्बाइको नीलडाम रहेको साथै घाँटीको पछाडिपट्टि १२ cm खाली (gap) रहेको अर्थात सो भागमा नीलडाम नरहेको, त्यस्तै मृतकको शरीरमा अन्य कुनै घाउ खत नरहेको, मृत्युको कारण Hanging भनी जिल्ला स्वास्थ्य कार्यालय अछाम, मंगलसेनबाट लेखी आएको देखिन्छ।

त्यस्तै घटनास्थल लास जाँच मुचुल्कालाई हेर्दा लम्बाइ १२ फिट, चौडाइ ७ फिट २ इन्च भएको कोठाभित्र उक्त कोठामा रहेको वल्लीदेखि ६ फिट २ इन्चको प्लाष्टिकको डोरीले पासो लगाई झुन्डी आत्महत्या गरेको हो भनी बताइएको र उक्त डोरी मृतकको श्रीमान अर्थात यी प्रतिवादीले फुकाली राखेको भन्ने उल्लेख भएको देखिन्छ।

त्यस्तै केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट भएको मृतकको भिसेरा परीक्षण प्रतिवेदनलाई हेर्दा समेत उक्त भिसेरामा कुनै पनि विषादी नभेटिएको भनी उल्लेख भई आएको देखिन्छ। यस्तै अनुसन्धान अधिकृत समक्ष मौकामा कागज गर्ने मृतकको छोराले उक्त वारदात भएको राती उक्त कोठामा बुबा र म भुँइमा सुत्यौं, मृतक आमा कोकिला र भाइ बहिनी आमासँग खटियामा सुते र राती समय मलाई थाहा भएन, बुबा रोइकराइ गर्नु भयो र म ब्युँझी हेर्दा आमाले हाम्रो सुत्ने कोठामा डोरीले पासो लगाई झुन्डिएकी थिइन् र बुबा झनक भाटले उक्त पासो फुकालेका हुन् भनी कागज गरिदिएको अवस्था रहेको र सोही ब्यहोरालाई समर्थन हुने गरी निजले यस अदालतमा आई बकपत्र गरेको समेत देखिन्छ।

यसको साथै मृतकको शव परीक्षण गर्ने डा. अशोकप्रसाद खनाल यस अदालतमा आई बकपत्र गर्दा समेत मौकामा आफुले दिएको शव परीक्षण प्रतिवेदन रिपोर्टलाई समर्थन गर्दै मृतक कोकिला भाटको घाँटीमा घुमेको नीलडाम थियो, उक्त नीलडाम खैरो रङ्गको थियो। खैरो रङ्गको नीलडामको दृश्य अगाडिबाट पछाडितिर र माथितिर थियो। त्यसको लम्बाइ २१ cm थियो र घाँटीको पछाडि भागमा १२ cm जोडिन बाँकी रहेको, शरीरको अन्य भागमा घाउखत केही नभएको, घाँटीमा डाम हुनु, लास चिरेर परीक्षण गर्ने बेलामा डामको मुनि Sings of inflammation नहुनु साथै केन्द्रीय प्रहरी विधी विज्ञानको रिर्पोटमा समेत कुनै विषादी नभेटिनु जस्ता यी सबै कुराहरूले मृत्यको कारण Hanging (झुन्डी आत्महत्या) भएको पुष्टि गर्छ भनी बकी लेखिदिएको देखिन्छ।

यसका अतिरिक्त प्रतिवादीका साक्षीहरू कृष्णा भाट, नन्दे भाट, चेतराज भाट समेतले मृतक आफै आत्महत्या गरी मरेकी हुन्, प्रतिवादीले कुटपिट गरी झुन्डाएको होइन, मृतक र प्रतिवादी बिच राम्रो सम्बन्ध रहेको थियो भनी एकै मिलानको बकपत्र गरेको देखिन्छ।

अतः प्रस्तुत मुद्दामा यी प्रतिवादीको अनुसन्धान अधिकृत समक्ष र यस अदालत समक्ष भएको इन्कारी बयानलाई शव परीक्षण प्रतिवेदन रिपोर्ट तथा विशेषज्ञले गरेको बकपत्र, त्यस्तै मौकामा बुझिएका मृतकका छोराले गरेको बकपत्र, प्रतिवादीका साक्षीहरूले गरेको बकपत्र एवं घटनास्थल लास जाँच मुचुल्का समेतले पुष्टि एवं समर्थन गरेको देखिन्छ।

जहाँसम्म वादी पक्षबाट विद्वान सरकारी वकिलले बहसका क्रममा यी प्रतिवादी उपर किटानी जाहेरी परेको र घटनाको प्रकृतिलाई हेर्दा समेत मृतकको मृत्यु आफै झुन्डी भएको नभई कर्तव्य गरी मारी झुन्ड्याएको हो भनी लिइएको जिकिरका सम्बन्धमा हेर्दा कुनै पनि वारदातको सम्बन्धमा जाहेरी पर्नु वा अभियोग पत्र दायर हुनु मात्र आफैमा प्रमाण होइन, सो कुरालाई प्रमाणमा लिन वा ग्रहण गर्नका लागि सो जाहेरी ब्यहोरालाई समर्थन हुने वा पुष्टि हुने खालको प्रमाण वादी पक्षले शङ्का रहित तवरबाट पेस गर्नु पर्ने हुन्छ र सो प्रमाण पेस गर्नु पर्ने दायित्व पनि वादी पक्षमाथि नै निहित रहने हुन्छ। तर प्रस्तुत मुद्दामा वादी पक्षले जाहेरी ब्यहोरालाई समर्थन हुने गरी त्यस्तो कुनै ठोस सबुत प्रमाण पेस गर्न सकेको स्थिति छैन। यसको साथै जहाँसम्म घटनाको प्रकृतिको कुरा छ सोतर्फ हेर्दा समेत यी प्रतिवादी र मृतक उक्त

वारदातको राती एउटै कोठामा सुतेको भए तापनि सोही कोठामा सुत्ने निजहरूको छोराले मौकामा कागज गर्दा र अदालतमा आई बकपत्र गर्दा समेत मृतकलाई यी प्रतिवादीले कर्तव्य गरी झुन्ड्याएर मारेको हो भनी लेखाउन, खुलाउन सकेको अवस्था छैन। साथै पोस्टमार्टम रिर्पोट समेतबाट मृतकको मृत्यु हुनाको कारण Hanging रहेको साथै शरीरमा अन्य कुनै घाउ खत नरहेको भन्ने उल्लेख भएको, त्यस्तै विशेषज्ञबाट बकपत्र गर्दा समेत मौकामा आफुले गरेको शव परीक्षण प्रतिवेदन रिर्पोटलाई समर्थन गर्दै मृतकको मृत्युको कारण Hanging (झुन्डी आत्महत्या) बाट भएको पुष्टि हुन्छ भनी लेखिदिएको उक्त विशेषज्ञको रायलाई प्रमाण ऐन, २०३१ बमोजिम प्रमाणमा लिनु पर्ने नै देखिन आएको यस अवस्थामा विद्वान सरकारी वकिलबाट बहसका क्रममा उठाएका उक्त जिकिरहरूसँग सहमत हुन सक्ने अवस्था देखिएन।

तसर्थ, उल्लिखित बुँदा प्रमाणहरू समेतका आधारमा मृतक कोकिला भाटको मृत्यु यी प्रतिवादीले कर्तव्य गरी मारी झुन्डाएको नभई मृतकको मृत्यु आफै झुन्डिई आत्महत्या गरी मरेको भन्ने पुष्टि हुन आएको यस अवस्थामा बिना आधार प्रमाण बेगर जाहेरीका आधारमा मात्र दायर भएको अभियोग पत्रकै आधारमा मात्र कर्तव्य ज्यान जस्तो जघन्य फौजदारी अभियोगमा यी प्रतिवादीलाई कसुरदार ठहऱ्याई सजाय गर्न मिल्ने अवस्थाको विद्यमानता देखिएन। तसर्थ, अभियोग मागदाबीबाट यी प्रतिवादी कम्माने भन्ने झनक भाटले सफाइ पाउने ठहर्छ। वादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न सक्दैन। अरू कुरामा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन, अ.बं.१८६ नं. बमोजिम आजै यो फैसला गरिदिएको छ।

## तपसिल खण्ड

माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरेकाले यो इन्साफमा चित्त नुबझे सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत दिपायल डोटीमा पुनरावेदन गर्न जानू भनी वादी नेपाल सरकारलाई यो फैसलाको प्रतिलिपि साथै राखी पुनरावेदनको म्याद दिनू ........................................................................१

सरोकारवाला नक्कल माग्न आएमा नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू ..................................२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी पुनरावेदन परे मिसिल पुनरावेदन अदालत दिपायल डोटीमा पठाइदिनू र पुनरावेदन नपरे अभिलेख फाँटमा बुझाइदिनू ............................................................३

जिल्ला न्यायाधीश

फैसला तयार गर्ने
कार्यमा सहयोग पुऱ्याउने
ना.सु. शंकर जोशी
कम्प्युटर अपरेटर : जागुराम चौधरी २०७१/०१/१५

**इति सम्वत् २०७१ साल वैशाख १५ गते रोज २ शुभम् ............।**

**श्री महोत्तरी जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायधीश श्री कृष्णमुरारी शिवाकोटी**

**फैसला**

**मुद्दा नं. : ०७०— CR—०१४७(३७—०७०—०२४९)**

*मुद्दाः अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी*

**नि.नं. : ३२१**

**वादीको नाम, थर र वतन**

रेखादेवीको जाहेरीले वादी नेपाल सरकार......१

प्रमाण

ऐ.का साक्षी : .....

ऐ.का प्रमाण : .....

**वादीको नाम, थर र वतन**

जिल्ला सप्तरी, महादेवा गा.वि.स. वडा नं. ९ बस्ने देबुराम मोचीको छोरा नवीनराम भन्ने रवीन्द्रराम......१

प्रमाण

ऐ.का साक्षी :.....

ऐ.का प्रमाण : ....

**अदालतबाट बुझेको**

साक्षी.............

कागज.............

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको सङ्क्षिप्त त तथ्य एवं ठहर यस प्रकार छ :

मेरी छोरी परिवर्तित नाम २१–B गाँउकै स्कुलमा कक्षा ७ बाट उत्तीर्ण भई मामाघर घुम्न जान्छु भनी जिल्ला महोत्तरी मनराकटी गा.वि.स. वडा नं. ४ स्थित उपेन्द्र सिंहको घरमा आएकी थिई। मामाघरबाटै मिति २०७०।३।११ गते दिनको अं. १०.०० बजेको समयमा मेरी छोरीलाई जिल्ला सप्तरी महादेवा ९ बस्ने भागवत अधिकारी, ऐ.ऐ. बस्ने महावीर खगं खत्वे, रवि भन्ने रवीन्द्ररामले आमा बिरामी छ भनी झुक्याई बोलाई अपहरण गरी मोटरसाइकलमा चढाई मनराकटी बजार हुँदै लगेका हुँदा निज प्रतिवादीहरूलाई कानुन बमोजिम कारबाही होस् भने रेखादेवी सिंहको जाहेरी दरखास्त।

जिल्ला सप्तरी गा.वि.स. महादेवा वडा नं. ९ बस्ने रवीन्द्रराम समेत विरुद्ध अपहरण तथा शरीर बन्धक मुद्दाको जाहेरी दरखास्त हुलाकद्वारा मैले नै यस कार्यालयमा पठाएको हो भन्ने ब्यहोराको रेखादेवीको सनाखत कागज।

यही २०७० सालको वैशाख महिनामा म र रवि भन्ने रवीन्द्रराम आपसमा सल्लाह गरी दुबै जना घर छाडी भागी श्रीपुर भन्ने स्थानमा गई बसेका थियौं। सात आठ दिनसम्म बसेपछि हाम्रा बारेमा बुबा समेतले थाहा पाई आआफ्नो घरमा लगेको हो। २०७० साल जेष्ठ महिनातिर मलाई र मेरी बहिनी वर्ष १४ की रुचीकुमारीलाई बुबाले मामाघरमा जिल्ला महोत्तरी मनराकटी गा.वि.स. वडा नं. ४ बस्ने लालबाबु

सिंहको घरमा ल्याउनु भएको थियो। त्यसपछि बुबा घरमा जानु भयो। आएको केही दिनपछि आफ्नो घरमा ल्याएको मोबाइलबाट मैले रवि भन्ने नवीनकुमार रामलाई फोन गरी मलाई लिन आउनु भनी भनेको थिएँ। मिति २०७०।३।११ गते निज नवीनकुमार राम मलाई लिन आएकामा म मामाघरबाट हिँडेर बस चोकमा दिनको १.०० बजे आइपुगेकामा त्यहीं नवीनकुमार राम पनि आइपुगेपछि हामी दुबै जना एक रात लजमा बसेको हो। त्यसपछि हामी जलेश्वरमा डेरा गरी श्रीमान श्रीमती भई बसेको हो। जनकपुरमा गई विवाह पनि गरेका हौं। हामी दुबै जनाको सहमतिमा शारीरिक सम्बन्ध समेत हुँदै आएको हो। मलाई अपहरण गरेको होइन, बन्धक पनि बनाई राखेको होइन। मेरी आमा रेखादेवीले रवि भन्ने नवीनकुमार राम, निजका बुबा भागवत अधिकारी, निजकी आमा समेतलाई झुट्टा मुद्दा लगाई फसाउनका लागि जाहेरी दरखास्त दिएको हो भन्ने ब्यहोराको जाहेरवालाकी छोरी नाम, थर, वतन परिवर्तित २१–B ले गरेको मौकाको कागज।

मेरो भतिजो नवीनकुमार राम र २१–B बिचमा एक वर्ष पहिलादेखि प्रेम सम्बन्ध रही केटाकेटी दुबै भागी गई प्रेम विवाह गरे पश्चात मिति २०७०।१।२७ गतेका दिन गाउँका समाज बसी केटाकेटीलाई आआफ्ना अभिभावकले जिम्मा बुझी लगेको र आइन्दा केटी पक्षले कोही कसै उपर उजुर गरे झुट्टा ठहराई बदर भए मञ्जुर छ भन्ने ब्यहोराको घरसारमा गरेको सहमतिको कागज पेस गरेको भन्ने प्रतिवादीका काका रामदेव रामले अनुसन्धानका क्रममा दिएको निवेदन।

मेरी नाबालिक छोरीलाई मिति २०७०।३।११ गतेबाट ऐ. ४।२२ गतेसम्म प्रतिवादी रवीन्द्ररामले राखी शारीरिक यातना दिई जबरजस्ती करणी गरेको हुँदा छोरीको स्वास्थ्य परीक्षण गरी कानुन बमोजिम कारबाही गरिपाउँ भन्ने ब्यहोराको जाहेरवाला रेखादेवीले दिएको निवेदन।

म र रवीन्द्रकुमार राम जनकपुरस्थित राम मन्दिरमा गई दुबै जनाको राजीखुसीले नै विवाह गरी जलेश्वरमा डेरा लिई श्रीमान श्रीमती भई बसेको हो। हाम्रो दुबै जनाको सहमति अनुसार शारीरिक सम्बन्ध हुँदै आएको हो। मलाई अपहरण गरेको होइन, यातना दिएको छैन, करणी गरेको होइन भन्ने पीडित २१–B ले गरेको कागज।

पक्राउ प्रतिवादी नवीनराम भन्ने रवीन्द्ररामले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा काल्पनिक नाम २१–B र मेरा बिचमा एक डेढ वर्ष पहिलादेखि नै प्रेम सम्बन्ध भई मिति २०७० साल वैशाख महिनामा दुबै जना भागी भारतको श्रीपुर गाउँस्थित मामाघरमा ७/८ दिन बसी त्यहाँबाट काठमाडौंतर्फ गइरहेका बखतमा भान्टाबारीमा आइपुग्दा गाँउका मानिसहरूले देखी हामी दुबै जनालाई समाती भद्रभलाद्मी जम्मा गरी आआफ्ना अभिभावकको जिम्मा लगाएको हो। त्यसपछि म कामका सिलसिलामा काठमाडौं धापासीमा गई घरको पेन्ट लगाउने काम गर्न लागें। केही दिनपछि निज २१–B मलाई फोन गरी बुबाले मलाई मामाघर जि.म. मनराकटी गा.वि.स. वडा नं. ४ मा ल्याउनु भएकाले म मनराकटीमा बसेको छु। तिमी मसँग भेट्न आउ, तिमी आएनौ भने म मर्छु भनी पटक पटक फोन गरी रुन लागेपछि मैले भेट्न आउने वाचा दिएँ। निजले मलाई जनकपुरबाट जलेश्वर आउनु भनी देखाएको बाटो अनुसार मिति २०७०।३।१० गते बिहान काठमाडौंबाट जलेश्वरका लागि बस चढी साँझ जलेश्वर आई जलेश्वरस्थित आदर्श लजमा सो रात बसेको हो। त्यसपछि जलेश्वर स्थित रघुपति मिष्ठान्न भण्डारमा काम फेला पारी काम गर्न लागी दुबै जना जलेश्वरमा निजै होटल धनीका घरमा डेरा गरी बस्यौं। त्यसको

दुई दिन पछाडि हामी दुबै जना जनकपुरस्थित जानकी मन्दिरमा गई राजीखुसीले विवाह गरी जलेश्वरमा आई श्रीमान श्रीमतीको नाता कायम गरी हामी दुबै जनाको सहमतिमा शारीरिक सम्पर्क समेत हुँदै आएको हो। निज २१–B लाई मैले अपहरण गरेको होइन छैन भन्ने ब्यहोराको रवीन्द्ररामले गरेको बयान।

मेरी भान्जी २१–B मिति २०७० साल वैशाख महिनातिर मनरास्थित हाम्रो घरमा आई बसेकी थिइन्। मनरा स्कुलमा पढ्न भनी बसेकी हुन्। निज भान्जी मिति २०७०।३।११ गते अं. १०.०० बजेतिर अचानक हराएकाले खोजतलास हुँदा भान्जीलाई जि. सप्तरी गा.वि.स. महादेव वडा नं. ९ बस्ने रवीन्द्रराम समेतले अपहरण गरी जलेश्वरमा राखेको थाहा पाएको हो। अपहरण गरी लगेको बखतमा मैले देखेको छैन। भान्जीलाई जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरूले ललाई फकाई लगी प्रतिवादी रवि भन्ने रवीन्द्ररामले राखेको भन्ने थाहा पाएको हुँ भन्ने ब्यहोराको पीडितको मामा सञ्जीवकुमार सिंहले गरेको घटना विवरण कागज।

मेरो घर र उपेन्द्र सिंहको घर एउटै टोलमा पर्दछ। उपेन्द्र सिंहकी नातिनी २१–B निजको घरमा आएको थियो। निज २१–B सप्तरीको केटासँग प्रेम गरी भागी गएको कुरा मैले गाउँमा सुनी थाहा पाएको छु। निजलाई अपहरण भएको सम्बन्धमा मलाई थाहा भएन भन्ने ब्यहोराको सन्तोष कुमार चौधरीले गरेको कागज।

जाहेरवाला मेरी छोरी हुन्। पीडित काल्पनिक नाम २१–B जाहेरवालीकी छोरी र मेरी नातिनी हुन्। मिति २०७० साल वैशाख महिनातिर निजकी नातिनीलाई निजका बुबाले मेरो घरमा ल्याई राखेको हो। निज नातिनी मनरा स्कुलमा पढ्न जाने गरेकी थिइन्। मिति २०७०।३।११ गतेको दिन निज नातिनी घरबाट भागी गएकी हुन्। खोजतलासका क्रममा मिति २०७०।४।२४ गतेका दिन जि. सप्तरी गा.वि.स. महादेव वडा नं.९ बस्ने रवीन्द्ररामका साथमा रहेका अवस्थामा जलेश्वरमा फेला परेको हो। नातिनी निज केटासँग प्रेम गरिरहेको थियो भन्ने ब्यहोराको उपेन्द्र सिंहको कागज।

प्रतिवादीले वर्ष १४ की नाबालक २१–B लाई आमाबुबा वा संरक्षकको मञ्जुरी बिना ललाई फकाई प्रलोभनमा पारी विवाहको बहाना बनाई अपहरण गरेको देखिँदा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र ३ नं. को कसुरमा सोही महलको ३ नं. बमोजिम सजाय हुन र निज प्रतिवादीले १४ वर्षकी नाबालक २१–B लाई आमाबाबु वा संरक्षकको मञ्जुरी बिना अपहरण गरेको देखिँदा सोही महलको ९ नं. बमोजिम थप सजाय हुन तथा पीडितलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी सोही महलको १२ नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति दिलाई भराइपाउन र प्रतिवादीले वर्ष १४ की नाबालक २१–B लाई ललाई फकाई प्रलोभनमा पारी विवाह गरेको बहाना बनाई जबरजस्ती करणी गरी गर्भवती तुल्याएको देखिँदा निज प्रतिवादी उपर मुलुकी ऐन, जबरजस्ती करणीको महल १ नं. ३(३) अनुसारको कसुर अपराधमा सोही महलको ३(३) नं. अनुसार सजाय हुन तथा पीडितलाई पर्न गएको शारीरिक वा मानसिक क्षतिको विचार गरी प्रतिवादीबाट सोही महलको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति भराइपाउँ भन्ने समेतको मागदाबी लिई दायर हुन आएको अभियोग पत्र।

निज २१–B र मेरा बिच प्रेम सम्बन्ध चल्दै आई हामी प्रेम विवाह गरी बसेकामा हाम्रो प्रेम विवाहलाई तोडी मलाई झुट्टा मुद्दामा फसाई हामी दुबै जना म र २१–B लाई छुट्याउनका लागि दिइएको काल्पनिक ब्यहोराको जाहेरी दरखास्त झुट्टा हो। मैले अपहरण गरेको छैन। मिति २०७० साल वैशाख

महिनामा हामी दुबै जना राजीखुसी साथ घर छाडी भारतको श्रीपुरस्थित मामाघरमा गई ७/८ दिनसम्म बसी त्यहाँबाट दुबै जना काठमाडौं गइरहेकामा भन्टाबारीमा गाउँका मानिसले देखी समाती ल्याएकामा दुबै गाउँका मानिस बसी छलफल गरी हामी दुबै जनालाई आआफ्ना अभिभावकलाई जिम्मा लगाएको हो। मिति २०७० साल ज्येष्ठ महिनामा काठमाडौंमा म एक्लै काम गरी बसेकामा काल्पनिक नाम २१–B ले रुँदै तपाईं छिटो आउनु भनी भनेपछि मैले काठमाडौंबाट २०७०।३।१० मा बिहानको बसमा चढी साँझ जलेश्वरस्थित आदर्श लजमा बसें। मिति २०७०।३।११गते बिहान अं. १०।११ बजे निज २१–B मेरो मोबाइल नं. ९८१६७२९०१३ मा फोन गरी म बखरी चोकमा आइपुगेको छु तपाईं पनि आउनु भन्दा म हिँडेर बखरी चोकमा आइपुगें। त्यहाँ हामी दुबै जनाको भेट भएपछि सँगै जलेश्वरमा आई राती आदर्श लजमा बस्यौं। काम खोजी गरी रघुपति मिष्ठान्न भण्डार जलेश्वर महेन्द्र चोकमा काम गरी निज होटल धनीका घरमा डेरा गरी दुबै जना बस्दै आएका हौं। मिति २०७०।३।१२ हामी दुबै जना जनकपुर जानकी मन्दिरमा गई विवाह गरी जलेश्वर आई श्रीमान श्रीमतीका रूपमा बस्दै आएका हौं। हाम्रा बिच दुबै जनाको सहमतिमा शारीरिक सम्बन्ध समेत हुँदै आएको हो। त्यस कारण अनुसन्धान अधिकारी समक्षको बयान कागजको सही हो, ब्यहोरा पनि ठिक साँचो हो। मैले प्रेम गरी भागी गएको लेखाएको ठिक साँचो हो। काल्पनिक नाम २१–B को उमेर १५ (पन्ध्र) वर्ष हो। निजलाई जिल्ला प्रहरी कार्यालय महोत्तरी जलेश्वरबाट मिति २०७०।४।२९ गते निजहरूको आमाले जिम्मा बुझी लिएको हो। निजले मेरा उपर गरेको कागज ठिक साँचो हो भन्ने ब्यहोराको नवीन भन्ने रवीन्द्ररामले अदालतमा गरेको बयान।

यी प्रतिवादीले मेरी भान्जीलाई स्कुलबाट भगाई लगेको हो र एक हप्तापछि जलेश्वरमा भेटें। यिनीहरूको विवाह भएको थिएन, जबरजस्ती करणी गरेको थियो भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने सञ्जीवकुमार सिंहले गरेको बकपत्र।

मिति २०७०।३।११ गतेका दिन मनरा स्कुलबाट अपहरण गरी जलेश्वरमा राखेको थियो। राजीखुसीबाट भागेको मलाई थाहा छैन तर मनरा स्कुलबाट भागेको हो। यी दुबै जना मिति २०७०।३।११ गतेदेखि ऐ.२४ गतेसम्म साथै थिए भन्ने समेत बेहोराको प्रहरीमा कागज गर्ने उपेन्द्र सिंहले गरेको बकपत्र।

केटीले प्रहरीमा कागज गर्दा प्रतिवादी र म मञ्जुरी भई आएका हौं। हाम्रो विवाह भइसकेको छ। हामीले आफ्नो मञ्जुरीबाट नै शारीरिक सम्बन्ध कायम गरेको हो। अपहरण गरी ल्याएको होइन भन्ने समेत बेहोराको कागज लेखाउँदा हामीले पनि सहीछाप गरेका छौं भन्ने समेत बेहोराको जाइका महोत्तरीको सहजिल्ला परियोजना अधिकृत अम्बिका यादवले गरेको बकपत्र।

हामी आफ्नै मञ्जुरीबाट घरबाट आई विवाह गरेको हो। मलाई प्रतिवादीले अपहरण गरी ल्याएको छैन। जबरजस्ती पनि गरेको होइन, विवाह गरेपछि हामी दुबैका बिच शारीरिक सम्बन्ध रहेको हो भन्ने समेत बेहोराको जिल्ला बाल कल्याण अधिकृत के.आर. विजयले गरेको बकपत्र।

प्रतिवादी रवीन्द्रराम र पीडित २१–B एउटै स्कुलमा पढ्ने गरेका थिए। दुबै जना आआफ्नो राजीखुसीसँग गाउँ छाडी भागेका थिए र पछि गाउँमा आउँदा सबै मिली दुबै जनालाई अलग गरिदिएका थिए। यी दुबै जनाले आफ्नो राजीखुसीसँग प्रेम विवाह गरेको हो र सहमतिले नै शारीरिक सम्बन्ध राखेको

हो। ललाई फकाई लगी जबरजस्ती करणी गरेको होइन भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी रामदेव रामले गरेको बकपत्र।

## अदालतको ठहर

नियम बमोजिम आजको पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादीका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता गोविन्दराज गौली तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता बिकरु यादवले गर्नु भएको बहस सुनी अभियोग पत्र सहितको सम्पूर्ण मिसिल कागजात अध्ययन गरी हेर्दा देहायका प्रश्नमाथि निर्णय दिनु पर्ने देखिन आयो।

१. वादी दाबी बमोजिम प्रतिवादीले परिवर्तित नाम २१–B लाई अपहरण गरी शरीर बन्धक बनाई जबरजस्ती करणी गरेको हो वा होइन ?
३. अभियोग दाबी बमोजिम प्रतिवादीलाई सजाय हुनु पर्ने हो वा होइन ?

वादी दाबी बमोजिम प्रतिवादीले परिवर्तित नाम २१–B लाई अपहरण गरी शरीर बन्धक बनाई जबरजस्ती करणी गरेको हो वा होइन भन्ने पहिलो प्रश्नतर्फ विचार गर्दा सर्वप्रथम मिसिल संलग्न तथ्यको बारेमा उल्लेख गर्नु पर्न देखिन आयो। मेरी छोरी वर्ष १४ की परिवर्तित नाम २१–B मामाघर गएका बेलामा मिति २०७०।३।११ गते सप्तरी जिल्ला महादेवा गा.वि.स. वडा नं. ९ बस्ने भागवत अधिकारी, ऐ. बस्ने महावीर खत्वे र रवी भन्ने रवीन्द्ररामले आमा बिरामी भएको भनी झुक्याई बोलाई अपहरण गरी मोटरसाइकलमा चढाई लगेको हुँदा अपहरण तथा शरीर बन्धकको महल बमोजिम हदैसम्म सजाय गरिपाउँ भन्ने जाहेरीका आधारमा अनुसन्धान हुँदा जाहेरीमा उल्लिखित रवीन्द्रराम बाहेक अन्य व्यक्तिहरू भगवान अधिकारी, महावीर खत्वे, रम्भादेवी राम प्रस्तुत वारदातमा संलग्न रहेको भन्ने अनुसन्धानबाट खुल्न नआएको भनी प्रतिवादी रवीन्द्ररामलाई १४ वर्षकी नाबालिकालाई ललाई फकाई प्रलोभनमा पारी विवाहको बहाना बनाई बाबुआमा र संरक्षकको मञ्जुरी नलिई मामाघरबाट मिति २०७०।३।११ गते जलेश्वर लगी मिति २०७०।४।२४ गतेसम्म बन्धक बनाई राखी करणी गरी गर्भवती बनाएको भनी अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र ३ नं. को कसुरमा सोही महलको ३ नं. बमोजिम सजाय हुन र निज प्रतिवादीले १४ वर्षकी नाबालक २१–B लाई आमाबाबु वा संरक्षकको मञ्जुरी बिना घरबाट लगी अपहरण गरेको देखिँदा सोही महलको ९ नं. बमोजिम थप सजाय हुन, सोही महलको १२ नं. बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउन र नाबालक पीडितलाई ललाई फकाई प्रलोभनमा पारी विवाह गरेको बहाना बनाई जबरजस्ती करणी गरी गर्भवती तुल्याएकाले जबरजस्ती करणीको १ र ३(३) नं. अनुसार सजाय हुन तथा सोही महलको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति भराइपाउन मागदाबी लिई अभियोग पत्र दायर भएको देखिन्छ।

पीडितको जन्म मिति २०५७।४।१० भएको निजको विद्यालयको जन्म तिथि प्रमाण पत्रबाट देखिन्छ। यसबाट पीडित नाबालक भन्ने तथ्यमा विवाद देखिएन। पीडित नाबालकलाई मामाघरमा बसेको बेला आमा बिरामी भएको भनी झुक्याई अपहरण गरी बन्धक बनाई राखी जबरजस्ती करणी समेत गरेको भन्ने प्रतिवादी उपर आरोप लगाएको देखिन्छ। प्रतिवादीले अनुसन्धानका क्रममा बयान गर्दा जाहेरवालाकी छोरी र आफु बल्लभ नरसिंह उच्च मा.वि. सप्तरीमा अध्ययन गर्ने गरेको र अन्दाजी एक डेढ वर्षदेखि

हामीहरूको बिचमा प्रेम सम्बन्ध हुँदै आएको थियो। २०७० साल वैशाख महिनामा हामी दुबै जनाको राजीखुसीले घर छाडी भारतको श्रीपुर गाउँ स्थित मामाघरमा ७–८ दिनसम्म बसी त्यहाँबाट काठमाडौं जाँदै गरेको अवस्थामा भन्टाबारीमा गाउँका मानिसहरूले देखी समाती गाउँमा ल्याई दुबै गाउँका मानिसहरू बसी दुबै जनालाई इलाका प्रहरी कार्यालय हनुमान नगरमा लगी आआफ्ना अभिभावकको जिम्मा लगाइयो। जेठ महिनामा काठमाडौं गई पेन्ट गर्ने काम गरी बसेकामा पीडितले आफुलाई फोन गरी मलाई बुबाले मामाघर पुऱ्याइदिनु भएको छ। तिमी मलाई लिन आउ लिन नआए मारिदिन्छु भनी पटक पटक फोन गरेपछि काठमाडौंबाट जलेश्वर आई बखरी चोकमा भेट भई काम खोजी गरी रघुपति मिष्ठान्न भण्डार जलेश्वरमा काम गरी होटेल धनीको घरमा डेरा गरी बस्दै आएको हो। जलेश्वर आएको दुई दिनपछि जानकी मन्दिरमा गई विवाह गरी श्रीमान श्रीमती भई बस्दै आएको हो। हामी दुबै जनाको सहमतिमा शारीरिक सम्पर्क पनि हुँदै आएको हो। पीडितलाई अपहरण गरेको छैन। प्रेम विवाह गरी बसेको हो। हाम्रो प्रेम विवाहलाई छुटाउन झुट्टा जाहेरी दिएको हो भनी आरोपित कसुरमा इन्कार रही श्रीमान श्रीमतीका हैसियतले शारीरिक सम्बन्ध कायम भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ।

निज प्रतिवादीले अदालत समक्ष बयान गर्दा पनि अनुसन्धानको क्रममा गरेको बयान अनुरूप नै जाहेरवालाको छोरीलाई अपहरण गरेको छैन। निजसँग प्रेम सम्बन्ध भएकाले २०७० वैशाखमा घरबाट भागी ७–८ दिन भारतमा बसी त्यहाँबाट काठमाडौं जाँदै गर्दा गाउँलेहरूले भेटी दुबै पक्षका भद्र भलाद्मी बसी दुबै जनालाई अभिभावकको जिम्मा लगाएको भन्दै आफु काठमाडौं रहेका अवस्थामा पीडितले फोन गरेर बोलाएपछि जलेश्वर आई बखरी चोकमा भेट गरी जानकी मन्दिरमा गई विवाह गरी रघुपति मिष्ठान्न भण्डारमा काम गरी सोही होटेलवालाको घरमा डेरा गरी बस्दै आएको र दुबैको सहमतिले शारीरिक सम्बन्ध समेत भएको भनी उल्लेख गरेको देखिन्छ।

पीडित भनीएकी २१–B ले वारदातका सम्बन्धमा मिति २०७०।४।२४ मा गरेको कागजमा प्रतिवादी र आफ्ना बिचमा एक वर्षअघिदेखि नै प्रेम सम्बन्ध भई २०७० वैशाखमा सल्लाह गरी दुबै जना घर छाडी भारतको श्रीपुरमा गई ७–८ दिनसम्म बसेको हो। मेरा बुबाले हाम्रा बारेमा पत्ता लगाई समाती ल्याई इलाका प्रहरी कार्यालय हुनमान नगरमा बुझाई त्यहाँ छलफल हुँदा मलाई मेरा बुबाआमाले जिम्मा बुझिलानु भएको र प्रतिवादीलाई निजका आफन्तले बुझिलानु भएको हो। मिति २०७०।३।११ गतेभन्दा १४–१५ दिनअघि बुबाले मामाघर पुऱ्याइदिनु भएको थियो। मामाघरबाट प्रतिवादीलाई फोन गरी लिन आउनु भनेपछि २०७०।३।११ मा प्रतिवादीले मलाई लिन आएको र म मामाघरबाट आएर बखरी चोकमा भेट भई त्यहाँबाट हिंडेर आई एक रात जलेश्वरमा लजमा बसी भोलिपल्टदेखि प्रतिवादी नवीनकुमार रामले रघुपति मिष्ठान्न पसलमा काम गर्न थाले र होटेलवालाको घरमा डेरा लिई दुबै जना बस्न थाल्यौं। दुई दिनपछि जानकी मन्दिरमा गई विवाह गरी जलेश्वरमा आई श्रीमान श्रीमतीका रूपमा बस्दै आएको हो। हामी दुबै जनाको सहमतिमा शारीरिक सम्बन्ध समेत हुँदै आएको हो। मलाई अपहरण गरेको होइन। बन्धक बनाई राखेको छैन। मेरी आमा रेखादेवीले प्रतिवादीलाई झुट्टा मुद्दा लगाई फसाउनका लागि जाहेरी दरखास्त दिएको हो भनी लेखाइदिएको देखिन्छ।

यसै गरी पीडितले मिति २०७०।४।२९ मा गरेको अर्को कागजमा पनि मिति २०७०।४।२४ मा गरेको कागजलाई समर्थन गर्दै आफु र प्रतिवादी नवीनकुमार राम जानकी मन्दिरमा गई विवाह गरी

जलेश्वर आई डेरा कोठामा श्रीमान श्रीमतीका रूपमा बस्दै आएको र दुबै जनाको सहमतिमा शारीरिक सम्बन्ध समेत हुँदै आएको हो। मलाई अपहरण गरी बन्धक बनाएको छैन, होइन। मलाई शारीरिक यातना दिएको छैन। मलाई जबरजस्ती करणी गरेको छैन भनी उल्लेख गरेको देखिन्छ। उक्त कागजमा जाहेरवाला, महिला तथा बालबालिका कार्यालयका मुख्य महिला कार्यकर्ता तथा बाल कल्याण अधिकृत समेत रोहबरमा बसेको देखिन्छ। पीडितको कागज गर्दा रोहबरमा बस्ने अम्बिका यादव तथा के.आर. विजयले अदालत समक्ष आई बकपत्र गर्दा रोहबरमा बसी सहीछाप गरिदिएको हो भनी उल्लेख गरेको देखिन्छ।

पीडित २१–B को स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा निजको स्वास्थ्य सामान्य अवस्थामा रहेको भनी उल्लेख भइआएको देखिन्छ। पीडित र प्रतिवादीले उल्लेख गरे अनुरूप पीडितको अभिभावकले मिति २०७०।१।२७ मा पीडितलाई बुझिलिएको लिखित मिसिल संलग्न रहेको देखिन्छ। यसै गरी प्रहरी चौकी मनराको मिति २०७०।४।२८ को पत्रबाट निज २१–B मामाघरमा बस्दा फोनमा कुरा गरेको भनेर निजको मामाले कुटपिट गरेको थियो। निज मामाघरबाट मिति २०७०।३।११ मा एक्लै भागी गएको बुझिन आएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। मौकामा बुझिएका सन्तोषकुमार चौधरीले परिवर्तित नाम २१–B सप्तरीको केटासँग प्रेम गरी भागी गएको कुरा गाउँघरमा सुनी थाहा पाएको हो। निजको अपहरण भएको कुरा थाहा जानकारी छैन भनी लेखाइदिएको पाइन्छ। जाहेरवालाका पिता तथा पीडितका हजुरबुबा उपेन्द्र सहनीले मिति २०७०।३।११ मा निज २१–B आफ्नो घरबाट भागी गएको र खोजतलास गर्दै जाँदा मिति २०७०।४।२४ गते सप्तरी जिल्लाको महादेवा गा.वि.स. बस्ने प्रतिवादीको साथबाट जलेश्वरमा फेला परेको र निज २१–B प्रतिवादीसँग प्रेम विवाह गरी गएको हो भनी कागज गरिदिएको पाइन्छ।

उल्लिखित तथ्य एवं प्रमाणको मूल्याङ्कन गर्दा पीडित २१–B र प्रतिवादीका बिच प्रेम सम्बन्ध भई एक पटक घरबाट भागी पछि अभिभावकहरूले निजहरूलाई आआफ्नो जिम्मामा लिएपछि पुनः २१–B ले फोन गरेर बोलाएपछि प्रतिवादी र निज २१–B ले विवाह गरी पतिपत्नीका रूपमा बसेको भन्ने देखिन आयो। प्रतिवादीको बयान र पीडितको मौकाको कागजमा उल्लिखित तथ्य एक आपसमा समान रहेको देखिन्छ। पीडितको कागज गर्दा जाहेरवाला, मुख्य महिला कार्यकर्ता र बालकल्याण अधिकृत समेत रोहबरमा बसेको र निजहरूले अदालत समक्ष बकपत्र गरी उक्त कागज आफ्नो रोहबरमा गरेको भनी पुष्टि गरेकाले पीडितको कागजलाई प्रमाण ऐन, २०३१ को दफा १०(१) (ख) बमोजिम प्रमाणमा लिन हुने नै देखियो। यसरी पीडितको मौकाको कागज, प्रतिवादीको बयान र मौकामा बुझिएका व्यक्तिका भनाइ समेतका आधारमा यी प्रतिवादी र पीडितले प्रेम विवाह गरी बसेको देखियो।

प्रतिवादी उपर अपहरण तथा शरीर बन्धक तथा जबरजस्ती करणीको कसुर गरेको आरोप लगाइएको छ। अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. अनुसार कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा गर्ने धम्की दिई डरत्रास देखाई जोरजुलुम गरी हात हतियार देखाई छलकपट गरी झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराएमा वा नाबालकलाई निजको हितको निमित्त बाबुआमा वा संरक्षकको मञ्जुरी बाहेक कुनै ठाउँमा लगेमा अपहरण गरेको मानिने देखिन्छ। सोही महलको २ नं. मा कसैले कुनै

व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई डर त्रास देखाई छलकपट गरी झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा यातायातको साधन वा ठाउँ कुनै किसिमले कब्जामा लिई वा त्यस उपर अनधिकृत तवरले नियन्त्रणमा लिई थुनेमा शरीर बन्धक लिएको मानिने कानुनी व्यवस्था रहको छ। यसै गरी जबरजस्ती करणीको १ नं. मा कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा १६ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको मानिने व्यवस्था छ।

यहाँ पीडित १६ वर्षभन्दा कम उमेरकी भएकाले बाबुआमा वा संरक्षकको मञ्जुरी नलिई लगेकाले अपहरणको कसुर भएको र निजको मञ्जुरीले करणी गरेका भए पनि उक्त कार्य जबरजस्ती करणीको परिभाषा अन्तर्गत पर्छ भन्ने नै वादी पक्षको भनाइ रहेको छ।

कुनै पनि फौजदारी कसुर कायम हुन अभियुक्तको आपराधिक कार्य गर्ने मनसाय (mens rea) भई उक्त मनसायलाई कार्यरूप दिन आपराधिक कार्य (actus reus) भएको प्रमाणित हुनु पर्दछ। अपहरण वा बन्धक मानवीय स्वतन्त्रता विरुद्धको अपराध हो। यसमा मानवको इच्छा विरुद्ध कानुनी अख्तियारी बिना जबरजस्ती रूपमा मानवलाई एक ठाउँबाट अन्यत्र लैजाने, मानव उपर कब्जा गर्ने, नियन्त्रण जमाउने वा थुनामा राख्ने काम गरिन्छ। तर बालक, सुस्त मनस्थितिका मानिसलाई निजहरूको सहमतिबाट तथा अन्य व्यक्तिलाई धोखा वा छलकपटबाट पनि अपहरण वा कब्जामा राख्न सकिने हुँदा यस्ता अपराधहरूको प्राम्भिक अवस्थामा व्यक्तिको अनिच्छा मात्र आवश्यक नहुन सक्छ। यसर्थ यस्ता अपराधहरू डर, त्रास, धम्की, जोरजुलुम वा यस्तै पद्धति अपनाएर र नाबालक वा सुस्त मनस्थितिका व्यक्तिलाई ललाई फकाई र अन्य व्यक्तिलाई छलकपट वा धोखा दिएर घटाउन सकिने देखिन्छ। यसै गरी जबरजस्ती करणीको अपराध सामान्य प्रकृतिको अन्य अपराध जस्तो होइन। जबरजस्ती करणीको अपराध भिन्न प्रकृतिको विशेष र गम्भीर अपराध हो। यसको स्वरूप र गम्भीरताको मापन दुई प्रकारले हुन्छ। पहिलो मापदण्ड हो पीडितलाई हुने क्षति र दोस्रो हो पीडकलाई प्राप्त हुने प्रतिफल। जबरजस्ती करणीको अपराधमा पीडितको शारीरिक, मानसिक र मनोवैज्ञानिक क्षति अपुरणीय हुन्छ। यसबाट पीडितको स्वतन्त्र मानवीय अस्तित्व, मान, सम्मान र उसको व्यक्तिगत एवं सामाजिक प्रतिष्ठा, मानमर्यादा र मानवीय अस्मिता लुटिएको हुन्छ। उसको स्वतन्त्र अस्तित्व नै खण्डित भएको हुन्छ। तर प्रस्तुत मुद्दामा प्रतिवादीले आपराधिक मानसायका साथ कुनै गैरकानुनी प्रतिफल प्राप्त गर्ने उद्देश्यले पीडितलाई ललाई फकाई वा छलकपट वा धोखा दिएर निजका अभिभावकबाट छुटाई लगेको र आफ्नो अवान्छित यौन चाहना परिपूर्ति गर्नका लागि पीडितलाई ललाई फकाई यौन सम्पर्क राख्न सहमत गराएको भन्ने देखिँदैन।

प्रस्तुत मुद्दामा पीडित र प्रतिवादीले विवाह गरी बसेको भन्ने तथ्य स्थापित भएको छ। यहाँ पीडित १४ वर्षको र प्रतिवादी १७ वर्षको भन्ने देखिन्छ। यसबाट प्रतिवादी पनि बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC) ले निर्धारण गरे बमोजिम वालिग भइसकेको अवस्था देखिँदैन। यी दुबैको उमेर बिहावारीको महलको २ नं. बमोजिम विवाह गर्नको योग्य उमेर रहेको देखिँदैन। तर उक्त नं. मा बालविवाहको अवस्थालाई स्वीकार गरी त्यस्तो विवाहलाई दण्डनीय बनाएको पाइन्छ। कानुनले बालविवाहलाई दण्डनीय बनाए पनि यो एउटा विकृतिका रूपमा अहिले पनि समाजमा विद्यमान रहेको छ। यही समाजिक विकृतिको सिकार प्रतिवादी र पीडित हुन पुगेको देखिन्छ।

कानुन व्याख्याको उद्देश्य कानुनलाई सजीवता प्रदान गरी न्याय प्राप्त गर्ने पुनीत लक्ष्यसम्म पुग्ने प्रयास गर्नु हो। कानुन व्याख्याको माध्यमबाट कानुनमा प्रयुक्त शव्दले बोकेको अर्थ वा सो कानुनले सम्पूर्ण रूपमा लक्षित गरेको अर्थ गरी उद्देश्यसम्म पुग्ने गरिन्छ। कानुनमा रहेको कुनै पनि व्यवस्था बिना प्रयोजन राखिएको हुँदैन र एउटा कानुनी व्यवस्थाको व्याख्या गर्दा अर्को कानुनी व्यवस्था निष्क्रिय हुने गरी गर्नु हुँदैन। ऐनका प्रावधान एक अर्कामा सौहार्दपूर्ण (harmonious) छन्, एकअर्कामा मेल नखाने किसिमका (contradict) छैनन् भन्ने सम्झी व्याख्या गर्नु पर्ने हुन्छ।

यस स्थितिमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. २ नं. र जबरजस्ती करणीको १ नं. को व्याख्या सापेक्षित रूपमा गर्नु पर्ने देखिन्छ। यदि बालविवाहलाई पीडितको उमेर १६ वर्ष नपुगेको भन्ने मात्र आधारमा अपहरण र जबरजस्ती करणीको कसुर गरेको अर्थ गरी कानुनको व्याख्या गर्ने हो भने मुलुकी ऐन बिहावारीको २ नं. को कानुनी व्यवस्था निष्क्रिय र प्रयोजनहीन हुन जान्छ, जुन कानुन व्याख्याको सिद्धान्त अनुकूल हुँदैन। यस स्थितिमा प्रतिवादीले परिवर्तित नाम २१–B लाई अपहरण गरी शरीर बन्धक बनाई जबरजस्ती करणी गरेको हो भनी मान्न मिल्ने अवस्था देखिएन।

अब, अभियोग दाबी बमोजिम प्रतिवादीलाई सजाय हुनु पर्ने हो वा होइन भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा प्रतिवादीले अनुसन्धानका क्रममा र अदालत समक्ष गरेको बयान, पीडितले अनुसन्धानका क्रममा गरेको कागज, पीडितले गरेको कागजमा रोहबरमा बस्ने व्यक्तिहरूले गरेको बकपत्र, मौकामा बुझिएका व्यक्तिहरूको भनाइ, प्रतिवादीका साक्षीको बकपत्र समेतका मिसिल संलग्न प्रमाण तथा माथि विवेचित आधार कारण समेतबाट प्रतिवादीले परिवर्तित नाम २१–B लाई डर, त्रास, धम्की वा जोरजुलुम गरी वा ललाई फकाई छल कपट वा धोखा दिएर निजको अभिभावकबाट छुटाई अपहरण गरेको भन्ने तथ्य प्रमाणित हुन आएन। निजहरूका बिच एक आपसमा प्रेम सम्बन्ध भएका कारण घर परिवारबाट भागी प्रेम विवाह गरी श्रीमान श्रीमतीका रूपमा साथै बसेको र सोही समयमा श्रीमान श्रीमतीका हैसियतले यौन सम्बन्ध कायम गरेको भन्ने तथ्य स्थापित हुन आयो। यस स्थितिमा प्रतिवादीले पीडित २१–B लाई अपहरण गरी बन्धक बनाई जबरजस्ती करणी गरेकाले निजलाई सजाय गरिपाउँ भन्ने वादीको दाबी पुग्न सक्ने देखिएन। प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। अरू कुराका हकमा तपसिलमा लेखिए बमोजिम गर्ने गरी अ.बं.१८६ नं. बमोजिम फैसला गरिदिएको छ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहरेकाले निज पुनरावेदन अदालतको मिति २०७०।११।२९ को आदेशले अ.बं. ४७ नं. बमोजिम साधारण तारिखमा रहेको देखिँदा केही गरिरहनु परेन ..........................................................................१

यस इन्साफमा चित्त नबुझे ७०(सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन गर्न जानु भनी जिल्ला सरकारी वकिल कार्यालय महोत्तरीलाई फैसलाको प्रतिलिपि सहित पुनरावेदनको म्याद दिनू...............................................................................................................२

सरोकारवालाले नक्कल माग गर्न आएमा नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू........................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू..............४

जिल्ला न्यायाधीश

फैसला तयार गर्ने : ना.सु.अनामिका शाह
फाँट ना.सु. : रामदेव पाण्डेय

**इति सम्वत् २०७१ साल आषाढ ८ गते रोज १ शुभम्...............।**

**श्री रौतहट जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री डण्डपाणि शर्मा**
**फैसला**
**२०६९-CR-११५**

*मुद्दा : जबरजस्ती करणी।*
**निर्णय नं. ३०८**

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला सर्लाही, गा.वि.स. लौकड वार्ड नं. ७ मा घर भई हाल जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं १ मा बस्ने अनन्तप्रसाद सत्यालको जाहेरीले नेपाल सरकार...................१ | जिल्ला रौतहट, गा.वि.स. डुमरिया (म.) वार्ड नं. २ बस्ने ज्ञानबहादुर विष्टको छोरा जीवन विष्ट.......................................................१<br>ऐ.ऐ. मा बस्ने विपिन रोक्का ........................१ |

| **प्रमाण** | **प्रमाण** |
|---|---|
| साक्षी : जाहेरवाला अनन्तप्रसाद सत्याल, पीडित परिवर्तित नाम सीमाकुमारी सत्याल।<br>कागज | साक्षी : थिरबहादुर पौडेल<br>कागज |

**अदालतबाट बुझेको**
**साक्षी**
**कागज : पीडितको शारीरिक परीक्षण प्रतिवेदन**

न्याय प्रशासन ऐन, २०४८ तथा मुलुकी ऐन, अ.बं. २९ नं. बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :

जिल्ला अदालत नियमावली, २०५२ बमोजिम बन्द इजलास कायम गरी सुनुवाइ गरिएको प्रस्तुत मुद्दामा पीडितको वास्तविक नाम गोप्य राखी परिवर्तित नाम सीमाकुमारी सत्याल कायम गरिएको छ।

जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं.१ स्थित पूर्व, पश्चिम र दक्षिणमा चन्द्रनिगाहपुरको जङ्गलै जङ्गल रहेको र उत्तरमा पूर्व-पश्चिम महेन्द्र राजमार्ग सडक खण्ड रहेको यति चार किल्लाभित्रमा करिब महेन्द्र राजमार्गदेखि १०० मिटर दक्षिण साइडमा पर्ने चन्द्रनिगाहपुरको जङ्गलमा निज जीवन विष्टले आफु काम गर्ने पसलको साहुकी छोरी वर्ष ९ की परिवर्तित नाम सीमाकुमारी सत्याललाई ललाइ फकाइ गरी साइकलमा चढाई लगी उक्त स्थानको जङ्गलमा लगी निजलाई जमिनमा सुताई जबरजस्ती गरेको तथा उक्त स्थानको घाँसहरू मडारिएको अवस्थामा रहेको र निज पीडित सीमाकुमारी सत्यालको कपडामा माटैमाटो लागेको र घटना स्थलमा घुँडाको डाम समेत रहेको भन्ने घटना स्थल प्रकृति मुचुल्का।

म जाहेरवालाको जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं.१ रहेको हार्डवेयरको पसलमा विपक्षी जिल्ला रौतहट, गा.वि.स. डुमरिया (म.) वडा नं. २ मा बस्ने ज्ञानबहादुर विष्टको छोरा वर्ष १८

को जीवन विष्टले काम गरी आएको तथा निज दिनहुँ बिहान पसलमा आउने र साँझमा पसल बन्द गरी घर फर्किने गर्दथ्यो। मिति २०६९।३।१६ गतेका दिनमा शनिवार भएका कारण आफ्नो पसल बन्द थियो र पसल बन्द भएका कारण घर परिवारका सदस्यहरू आआफ्नो काममा थियौं। यसै क्रममा मिति २०६९।३।१६ गते दिनको अन्दाजी १४:३० बजेको समयदेखि म जाहेरवालाकी भतिजी अन्जनीप्रसाद सत्यालकी छोरी वर्ष ९ की परिवर्तित नाम सीमाकुमारी सत्याल घरमा नदेखेपछि भतिजीको खोजतलास गर्दै जाने क्रममा सोही दिनको अन्दाजी १८:३० बजेको समयमा भतिजीलाई निज जीवन विष्टले साइकलमा राखी घरसम्म ल्याएको र भतिजी साइकलबाट आत्तिएर हामफाली घरको माथिल्लो तल्लामा गएपछि म पनि भतिजीसँगसँगै पुग्दा आफ्नी आमा लक्ष्मी सत्याललाई रुँदै मलाई जीवन विष्ट दाइले ललाइ फकाइ गरी घरबाटै साइकलमा राखी जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं. १ स्थित वन कार्यालयभन्दा दक्षिणपट्टिको जङ्गलमा लगी फ्रुटी समेत किनी खान दिई जबरजस्ती करणी गरी, कुटपिट तथा मारिदिन्छु भन्ने शब्दहरू प्रयोग गरी धम्की समेत दिएको हो भनी निज भतिजीले भनेपछि थाहा पाएको हुँदा निज प्रतिवादी जीवन विष्टलाई पक्राउ गरी आवश्यक कारबाही गरिपाउँ भन्ने समेत ब्यहोराको अनन्तप्रसाद सत्यालको जाहेरी दरखास्त।

मिति २०६९।३।१७ गतेका दिनमा फरार रहेका प्रतिवादी जिल्ला रौतहट, गा.वि.स. डुमरिया वडा नं. २ मा बस्ने ज्ञानबहादुर विष्टको छोरा वर्ष १८ को जीवन विष्टलाई पक्राउ गरी दाखिला गरेको भन्ने समेत ब्यहोराको को प्र.ना.नि. विश्वनाथ त्रिपाठीको प्रतिवेदन।

मिति २०६९।३।१६ गतेका दिन अन्दाजी ११:०० बजेको समयमा मैले काम गर्ने जाहेरवाला अनन्तप्रसाद सत्यालको हार्डवेयर पसलमा सामानहरू मिलाइरहेका थिए। सोही समयमा मेरा साथी जिल्ला रौतहट गा.वि.स डुमरिया वडा नं. २ मा बस्ने अन्दाजी वर्ष २३ का विपिन रोक्काले मलाई फोन गरी बोलाएपछि हामी दुबै जना जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं. ६ स्थित रहेको तल्लो बजारमा निज विपिन रोक्काले बोकी ल्याएको गाँजा मलाई नाम, थर थाहा नभएको व्यक्तिको घरमा उक्त गाँजा खाई, मैले मेरा साहुकी छोरीलाई आइसक्रिम खुवाउनु छ भनी मैलेभन्दा निज विपिन रोक्काले निज बालिकालाई आज करणी गर्नु पर्छ भनी निजले भनेपछि हामी दुबै जनाको पूर्वयोजना अनुसार मैले निज बालिकालाई साइकलमा राखी चन्द्रनिगाहपुरको मेन चोकमा ल्याए पश्चात निज विपिन रोक्काले निज बालिकालाई तिमी कसकी छोरी हौ, तिम्रा बुबाको नाम के हो भनी सोधिसकेपछि मलाई निज विपिन रोक्काले लिएर जाउँ भनेर भनेपछि मैले जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं. १ मा रहेको वन कार्यालयको दक्षिणपट्टि साइडको जङ्गलमा लगी निज विपिन रोक्कालाई मैले केही समय पर्खिंदा समेत निज नआएपछि निज बालिकालाई मैले घाँस भएको स्थानमा सुताई निजले लगाएको कट्टु खोली आँखा बन्द गर्न लगाई मैले आफुले लगाएको कपडा समेत खोली आफ्नो उत्तेजित लिङ्ग निजको योनीमा पसाल्दा केही भाग मात्र प्रवेश हुँदा निज बालिका रुन कराउन लाग्दा मैले निजलाई फकाउँदा समेत नमानी फेरि आफ्नो कान्छी औंला समेत निजको योनीभित्र पसाल्दा रगत समेत आएको हो। त्यसपछि मैले निजलाई फकाउँदा नमानेपछि टाउको तथा शरीरमा कुटपिट समेत गरेको हुँ। निज विपिन रोक्का उक्त स्थानमा नआएपछि मैले निज बालिकालाई जबरजस्ती करणी गरेको हो भनी प्रतिवादी जीवन विष्टले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज।

मिति २०६९।३।१६ गते अन्दाजी १९:०० बजेको समयमा म आफ्नै घरमा थिएँ। निज पीडित परिवर्तित नाम सीमाकुमारी सत्याल तथा प्रतिवादी जीवन विष्ट समेतलाई म राम्रोसँग चिन्दछु र सोही मिति र समयमा निज पीडितलाई जीवन विष्टले जबरजस्ती करणी गरेको छ भनी होहल्ला हुँदा सुनी थाहा पाई उक्त घटना सम्बन्धमा वास्तविक बुझ्दा निज जाहेरवालाकै घरमा हार्डवेयरको पसलमा काम गर्ने जिल्ला रौतहट, गा.वि.स. डुमरिया वडा नं. २ मा बस्ने जीवन विष्ट र ऐ.ऐ. मा बस्ने विपिन रोक्का समेतको पूर्वयोजना अनुसार निज बालिकालाई जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं. १ स्थितमा रहेको वन कार्यालयको दक्षिणपट्टि जङ्गलमा लगी जबरजस्ती करणी गरेको हो। बालिकालाई निज प्रतिवादीले फ्रुटी समेत किनी खान दिई ललाइ फकाइ गरी साइकलमा चढाई लगेको हो र निज प्रतिवादीले जबरजस्ती करणी गर्ने समयमा निज बालिकालाई कुटपिट समेत गरी यो कुरा अरूलाई भनिस् भने मारिदिन्छु भन्ने शब्दहरू प्रयोग गरी धाकधम्की समेत दिएका हुन् रे। उक्त जबरजस्ती करणी गर्ने समयमा तथा उक्त घटना स्थलमा निज विपिन रोक्का गएका थिएनन् रे। निज विपिन रोक्का समेतले योजना बनाएका हुन्। निज प्रतिवादी जीवन विष्टले चाहिँ निज बालिकालाई जबरजस्ती करणी गरेको हो भन्ने ब्यहोरा समेतको देवकी नेपाल समेतले गरिदिएको घटना विवरण कागज।

मिति २०६९।३।१६ गते अन्दाजी १९:०० बजेको समयमा म आफ्नै घरमा थिएँ। निज पीडित परिवर्तित नाम सीमाकुमारी सत्याल तथा प्रतिवादी जीवन विष्ट समेतलाई म राम्रोसँग चिन्दछु र सोही मिति र समयमा निज पीडितलाई जीवन विष्टले जबरजस्ती करणी गरेको छ भनी होहल्ला हुँदा सुनी थाहा पाएँ। उक्त घटना सम्बन्धमा वास्तविक बुझ्दा निज जाहेरवालाकै घरमा हार्डवेयरको पसलमा काम गर्ने जिल्ला रौतहट गा.वि.स डुमरिया वडा नं. २ मा बस्ने जीवन विष्ट र ऐ.ऐ. मा बस्ने विपिन रोक्का समेतको पूर्वयोजना अनुसार निज बालिकालाई जिल्ला रौतहट गा.वि. चन्द्रनिगाहपुर वडा नं.१ स्थितमा रहेको वन कार्यालयको दक्षिणपट्टि जङ्गलमा लगी जबरजस्ती करणी गरेको हो। निज बालिकालाई निज प्रतिवादीले फ्रुटी समेत किनी खान दिई ललाइ फकाइ गरी साइकलमा चढाई लगेको हो र निज प्रतिवादीले जबरजस्ती करणी गर्ने समयमा निज बालिकालाई कुटपिट समेत गरी यो कुरा अरूलाई भनिस् भने मारिदिन्छु भन्ने शब्दहरू प्रयोग गरी धाकधम्की समेत दिएका हुन् रे। उक्त जबरजस्ती करणी गर्ने समयमा तथा उक्त घटना स्थलमा निज विपिन रोक्का गएका थिएनन् रे। निज विपिन रोक्का समेतले योजना बनाएका हुन्। प्रतिवादी जीवन विष्टले चाहिँ निज बालिकालाई जबरजस्ती करणी गरेको हो भन्ने समेत ब्यहोराको मगर साह समेतले गरिदिएको वस्तुस्थिति मुचुल्का।

मिति२०६९।३।१६ गतेका दिनमा म आफ्नै घरमा थिएँ। निज प्रतिवादी जीवन विष्टलाई म राम्रोसँग चिन्दछु। निज जीवन विष्ट हाम्रो हार्डवेयर पसलमा काम गर्नु हुन्छ। निज जीवन विष्टले नानी तिमी र म आज आइसक्रिम खान जाने, म तिमीलाई साइकलमा चढाई लिएर जान्छु भन्नु भयो र मैले घरमा कोही कसैलाई नसोधी साइकलमा चढी चन्द्रनिगाहपुरको मेन चोकमा आएपछि मलाई एउटा फ्रुटी समेत किनी खान दिई मैले फ्रुटी खाइरहेकी थिएँ। त्यही समयमा एक जना मैले नचिनेको व्यक्ति आई नानी तिम्रो नाम के हो र तिमी कसकी छोरी भनी मलाई सोध्नु भएपछि निज व्यक्ति जानु भयो र मलाई जीवन दाइले जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं.१ स्थित रहेको वन कार्यालयको दक्षिणपट्टि जङ्गलमा लगी जबरजस्ती करणी गरेको हो र उक्त कुरा कोही कसैलाई नभन्नु र भनिस् भने मारिदिन्छु

भनी धाकधम्की समेत दिएको हो र उक्त स्थानबाट मलाई साइकलमा चढाई घरमा ल्याइदिने क्रममा आइसक्रिम समेत किनी खान दिनु भएको र त्यसपछि मलाई घरमा ल्याइदिनु भएको हो र मलाई निज जीवन विष्ट दाइले नै जबरजस्ती करणी गरेको हो भन्ने पीडित परिवर्तित नाम सीमाकुमारी सत्यालको कागज।

मिति २०६९।३।१६ गतेका दिनमा म आफ्नै घरमा थिएँ। निज प्रतिवादी जीवन विष्टलाई म राम्रोसँग चिन्दछु। निज प्रतिवादी जीवन विष्ट हाम्रै हार्डवेयर पसलमा काम गर्ने केटा हो। निज पीडित सीमाकुमारी मेरी छोरी हुन्। उक्त वारदात मितिमा छोरी घरमा नदेख्दा छोरी कहाँ गइन् भनी खोज्दा अन्दाजी १९:०० बजेको समयमा निज जीवन विष्टले साइकलमा चढाई घरमा ल्याई निज हिँडेपछि छोरी तिमी कहाँ गएकी भनी सोध्दा मलाई जीवन दाइले कुटपिट गरी जङ्गलमा लगी जबरजस्ती करणी गरेको हो, तिमीले यो कुरा कोही कसैलाई नभन्नु, भनिस् भने मारिदिन्छु भनेको भनी रुन कराउन लागेपछि म तथा घर परिवारका सदस्यको दिमागले काम गर्न छोडेको हो र म समेत बेहोस भएको हुँ। मेरो भाइले यस कार्यालयमा आई जाहेरी दरखास्त दिएको हो। उक्त योजना बनाउने जिल्ला रौतहट डुमरिया वडा नं. २ मा बस्ने विपिन रोक्का समेत छन् भन्ने निज प्रतिवादीले भनेपछि सुनी थाहा पाएको हुँ। निज प्रतिवादी जीवन विष्टले मेरो घरमा कोही नभएको मौका पारी ललाइ फकाइ गरी फ्रुटी समेत किनी खान दिई जबरजस्ती करणी गरेको हो। निज प्रतिवादीसँग मेरो पुरानो रिसइवी तथा झैझगडा समेत केही भएको थिएन। निजलाई हामीले एकै परिवारको सदस्यका रूपमा छोरा सरह मानेका थियौं। निजले सो कार्य के कति कारणले गरेका हुन् मलाई थाहा छैन। निज विपिन रोक्काले जबरजस्ती करणी गरेका होइनन् भन्ने समेत ब्यहोराको निज पीडित परिवर्तित नाम सीमाकुमारी सत्यालका बुबा अन्जनीप्रसाद सत्यालले अधिकार प्राप्त अधिकारी समक्ष गरेको कागज।

मलाई यस कार्यालयको च.नं. ९४२ को पत्रसाथ फरार रहेका प्रतिवादी विपिन रोक्कालाई खोजतलासका लागि खटाई पठाएकामा खोज्दा गाउँघरमा फेला नपरी फरार रहेको हुँदा सोही ब्यहोराको प्रतिवेदन लेखी पेस गरेको छु भन्ने समेत ब्यहोराको प्र.ना.नि. विश्वनाथ त्रिपाठीको प्रतिवेदन।

यसमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट अनुसन्धान तथा तहकिकातको कार्य सम्पन्न भई निर्णयार्थ प्राप्त प्रस्तुत मुद्दामा मिसिल संलग्न घटना स्थल मुचुल्का, जाहेरी दरखास्त, पीडितको शारीरिक प्रतिवेदन, प्रतिवादीको शारीरिक परीक्षण प्रतिवेदन, प्रतिवादी जीवन विष्टको बयान, पीडितको बयान कागज, घटना विवरण कागजहरू, पीडितको उमेर खुलेको जन्मदर्ताको प्रतिलिपि एवं वस्तुस्थिति मुचुल्का समेतका कागज प्रमाणहरूबाट मिति २०६९।३।१६ गते साँझ अं. १९:०० बजेको समयमा जाहेरवालाकी भतिजी वर्ष ९ की सीमाकुमारी सत्याल (परिवर्तित नाम) लाई चन्द्रनिगाहपुर-१ स्थित जङ्गलमा जबरजस्ती करणी गरेको वारदात स्थापित हुन आयो।

अब, उक्त वारदात के कस्तो परिबन्दबाट भएको हो, उक्त वारदातमा को, कसको, के, कुन तवरले संलग्नता छ र निजहरू उपर के, कुन कसुरमा के, कस्तो सजायको मागदाबी लिने हो भन्ने सन्दर्भमा मिसिल अध्ययन गरी हेर्दा मिति २०६९।३।१६ गते अं. १८:०० बजेको समयमा चन्द्रनिगाहपुर-१ स्थित महेन्द्र राजमार्गदेखि दक्षिण १०० मिटरभित्र चारैतर्फ जङ्गल रहेको स्थानमा प्रतिवादी जीवन विष्टले पीडित वर्ष ९ की सीमाकुमारी सत्याल (परिवर्तित नाम) लाई ललाई फकाई लगी

भुइँ जमिनमा लडाई जबरजस्ती करणी गरेको र सो स्थानमा घाँसहरू मडारिएको, घुँडाको डाम जमिनमा देखिएको र सो स्थानको माटो पीडितका कपडामा लागेको भन्ने समेत ब्यहोराको घटना स्थल मुचुल्काबाट उठान भएको प्रस्तुत मुद्दामा मेरी वर्ष ९ की भतिजी सीमाकुमारी सत्याल रुँदै आफुलाई जीवन विष्टले घटना स्थलमा लगी बलपूर्वक भुइँमा पछारी मार्ने धम्की दिँदै लुगा खोली आफ्नो उत्तेजित लिङ्ग मेरो योनीमा छिराउने प्रयास गरेको, योनीमा पटक पटक औंला छिराई आफ्नो उत्तेजित इन्द्रिय मेरो मुखमा छिराई मुख मैथुन समेत गरेको भनी भनेकी र पीडितको शरीरभरि नीलडाम रही ओठहरू समेत सुन्निएको अवस्थामा रहेकाले निज प्रतिवादी उपर कारबाही गरिपाउँ भनी प्रतिवादीको नाम खोली पीडितका काकाले जाहेरी दरखास्त दिएको देखिन्छ। उक्त जाहेरी दरखास्तलाई पीडितको शारीरिक परीक्षण प्रतिवेदनले समर्थन गरिरहेको, प्रतिवादी जीवन विष्टको शारीरिक परीक्षणबाट समेत शारीरिक परीक्षण प्रतिवेदन समर्थित भएको देखिन्छ।

प्रतिवादी जीवन विष्टले अनुसन्धानमा बयान गर्दा आफु पीडितका बुबाको हार्डवेयर पसलमा काम गर्ने गरेकामा दिउसो आफ्ना साथीसँगै विपिन रोक्का समेतको योजना बमोजिम आफुले पीडितलाई साइकलमा च.पुर चोकमा ल्याई एक पसलमा गई फ्रुटी समेत किनिदिएको र मैले घटना स्थलमा लगी जाहेरीमा लेखिएको रीतसँग पीडितको योनीमा आफ्नो उत्तेजित लिङ्ग पसाउन खोज्दा केही मात्र प्रवेश भई पीडित चिच्याई रुन लागेकाले मैले फेरि फकाई आफ्नो औंला निजको योनीमा पसाउँदा रगत आएको महसुस भई छाडें भनी बयान गरेको, पीडितले घटना स्थलमा ललाई फकाई लगी केही बेर पर्खेपछि मलाई जीवन दाइले करणी गरेका हुन्, मलाई धेरै दुखेपछि रुन कराउन लाग्दा निजले कुटपिट समेत गरेका र मलाई कसैलाई नभन्नु, भने मारिदिने धम्की दिई घर ल्याई छाडेपछि मैले घरमा सबै कुरा बताएकी हुँ भनी निजका बुबा र काकाका रोहबरमा गरिदिएको कागज ब्यहोराबाट जाहेरी समर्थन भइरहेको, घटना विवरण कागज गर्ने अनिलचन्द्र शर्मा, देवकी नेपाल, पीडितका बुबा अन्जनी सत्याल, पीडितकी आमा लक्ष्मी सत्याल तथा वस्तुस्थिति मुचुल्काका मगर साह समेतले पीडितलाई जबरजस्ती करणी गर्ने योजना प्रतिवादी विपिन रोक्का र जीवन विष्टले बनाई घटना स्थलमा पीडितलाई ललाई फकाई लगी प्रतिवादी मध्येका जीवन विष्टले लगी जबरजस्ती करणी गरेको हो भन्ने समेत ब्यहोरा खोली लगभग एकै मिलानको कागज गरी पीडितको कथन र जाहेरीलाई पूर्ण समर्थन गरिरहेको समेतको आधार प्रमाणहरूबाट मिति २०६९।३।१६ गते साँझको समयमा प्रतिवादी जीवन विष्ट र विपिन रोक्काले सँगै मादक पदार्थ तथा गाँजा समेत सेवन गरी जाहेरवालाको नाबालिका भतिजीलाई करणी गर्ने योजना बनाई प्रतिवादी जीवन विष्टले वर्ष ९ की नाबालिका सीमाकुमारी सत्याल (परिवर्तित नाम) लाई ललाई फकाई घरबाट साइकलमा राखी चन्द्रनिगाहपुर-१ स्थित महेन्द्र राजमार्गदेखि १०० मिटर दक्षिण चारैतर्फ जङ्गल भएको स्थानमा लगी पीडितलाई लडाई निजको शरीरको भित्री लुगा खोली आफ्नो उत्तेजित लिङ्ग पीडितको योनीमा छिराई करणी गरी पीडितको योनीमा औंला घुसारेको तथा आफ्नो लिङ्ग पीडितको मुखमा हाली मुख मैथुन समेत गरेको पुष्टि हुन आएकाले प्रतिवादी जीवन पुष्टि उपर मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं ३ नं. को देहाय १ नं. र ९क नं. को कसुरमा सोही महलको ३ नं. को देहाय १ बमोजिम सजाय र ९ (क) नं. बमोजिम थप सजाय गरी सोही महलको ११ नं. बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराइपाउन मागदाबी लिइएको छ। प्रतिवादी विपिन रोक्काले पीडितलाई जबरजस्ती करणी गर्ने योजना बनाई पीडितलाई

घरबाट घटना स्थलमा लगी करणी गर्न जीवन विष्टलाई अह्राएको पुष्टि भएकाले निज विपिन रोक्कालाई जबरजस्ती करणीको महलको १ र ६ नं. को कसुरमा सोही ६ नं. ले तोके बमोजिम सोही महलको ३ नं. को देहाय (१) बमोजिम सजाय गरिपाउँ भन्ने समेत ब्यहोराको अभियोग मागदाबी।

यसमा म र मेरा साथी प्रतिवादी विपिन रोक्का दुबै जनाले गाँजा सेवन गरेकामा सोही झोकमा परिवर्तित नाम सीमाकुमारी सत्याललाई आफ्नो साइकलमा चढाई उक्त घटना स्थलमा लगी भुइँमा सुताई निज सीमाको योनीमा औंला हालेकामा रगत आएकामा निजको टाउकामा एक थप्पड हिकाई घरसम्म पुऱ्याइदिएको थिएँ। जबरजस्ती करणी गरेको छैन। प्रहरीमा भएको कागज मैले भनी लेखाएको छैन। परिवर्तित सीमाकुमारीलाई आइसक्रिम खुवाई चन्द्रनिगाहापुरको वन कार्यालयको दक्षिण साइडको जङ्गलमा लगेकामा निजको योनीमा औंला मात्र हालेको थिएँ। मैले आफ्नो लिङ्ग पसाएको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी जीवनकुमार विष्टले यस अदालतमा गरेको बयान।

यसमा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल प्रतिवादी जीवन विष्टलाई अ.बं. ११८ को देहाय २ बमोजिम पुर्पक्षका लागि थुनामा राख्नु भन्ने यस अदालतको आदेश।

प्रतिवादी जीवन विष्टले सीमाकुमारी सत्याललाई जबरजस्ती करणी र कुटपिट गरेको छैन। निज उपरको अभियोग दाबी झुट्टा हो। निजको मानसिक स्थिति ठिक नभएका कारणबाट जथाभाबी बोल्ने गरेका कारणबाट झुट्टा अभियोग लगाएको हो। निजले अभियोग दाबीबाट फुर्सद पाउनु पर्ने हो भन्ने समेत ब्यहोराको प्रतिवादी जीवन विष्टका साक्षी थिरबहादुर पौडेलले गरेको बकपत्र।

प्रतिवादी जीवन विष्टले आइसक्रिम खरिद गरिदिन्छु, मसँगै जाउँ भनी मेरो घरबाट साइकलमा बसाई जङ्गलमा लगी मलाई कुटपिट गरी कपडा खोलिदिएको थियो। अनुसन्धानका क्रममा खडा भएको घटना विवरण कागज ब्यहोरा ठिक छ। उक्त कुरा मैले भनी लेखाएको हुँ र त्यसमा भएको सहीछाप मेरो हो भन्ने समेत ब्यहोराको पीडित परिवर्तित नाम सीमाकुमारी सत्यालले गरेको बकपत्र।

जाहेरी दरखास्त र सोमा भएको सहीछाप मेरो हो। पीडितको ढाड र ओठमा नीलडाम, जिउभरि भिजेको माटो लागेको मैले देखेको हुँ। जाहेरी मैले सनाखत गरेको हुँ भन्ने समेत ब्यहोराको जाहेरवाला अनन्तप्रसाद सत्यालले गरेको बकपत्र।

प्राप्त नमुना परीक्षण गर्दा वीर्य (Semen) पाइएन भन्ने समेत ब्यहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको प्राप्त परीक्षण प्रतिवेदन।

प्रतिवादी जीवन विष्टको नाममा कुनै जग्गा जमिन नभएको भने अंश रोक्का मुचुल्का मिसिल सामेल रहेको।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा बन्द इजलास कायम गरी वादी नेपाल सरकार तर्फबाट उपस्थित सहायक जिल्ला न्यायाधिवक्ता श्री मनोजप्रसाद गुप्ताले घटना स्थल प्रकृति मुचुल्का, प्रतिवादीको अधिकार प्राप्त अधिकारी र यस अदालत समेतमा गरेको बयान, पीडितको शारीरिक जाँच परीक्षण प्रतिवेदन, पीडित तथा जाहेरवालाको अदालत समक्ष भएको बकपत्र समेतबाट प्रतिवादीले पीडित परिवर्तित नाम सीमाकुमारी सत्याललाई जबरजस्ती करणी गरेको भन्ने अभियोग

दाबी पुष्टि भएको हुँदा प्रतिवादीलाई सजाय गरी क्षतिपूर्ति समेत भराइपाउँ भनी र प्रतिवादी जीवन विष्टका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शेख मैनुदिनले प्रतिवादीले आरोपित कसुर गरेकामा अदालतमा इन्कार रहेको पीडितले यी प्रतिवादीले जबरजस्ती करणी गरेको भनी अदालतमा बकपत्र गर्दा स्पष्ट बकपत्र गर्न नसकेको र परीक्षण प्रतिवेदनमा वीर्य नपाइएको भन्ने उल्लेख भएको समेतबाट प्रतिवादीले अभियोग दाबी बमोजिमको कसुर गरेको भन्ने वस्तुनिष्ठ रूपमा पुष्टि हुन नसकेको हुँदा आरोपित कसुरबाट सफाइ पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनी प्रतिवादी जीवन विष्ट र विपिन रोक्काले सँगै मादक पदार्थ गाँजा समेत सेवन गरी जाहेरवालाकी नाबालिका भतिजीलाई करणी गर्ने योजना बनाई प्रतिवादी जीवन विष्टले परिवर्तित नाम सीमाकुमारी सत्याललाई साइकलमा राखी चन्द्रनिगाहपुर–१ स्थित जङ्गल भएको स्थानमा लगी जबरजस्ती करणी समेतको कसुर गरेको पुष्टि हुन आएकाले प्रतिवादी जीवन विष्ट उपर मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ नं. विपरीत ऐ. को १ नं. र ९ क नं. को कसुरमा सोही महलको ३ नं. को देहाय १ बमोजिम सजाय गरी ९(क) नं. बमोजिम थप सजाय गरी सोही महलको ११ नं. बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने समेत अभियोग दाबी भएको प्रस्तुत मुद्दामा प्रतिवादी मध्ये विपिन रोक्काले यस अदालतबाट तोकिएको म्यादमा हाजिर नभई सुरु म्याद गुजारी बसेका देखिँदा निज पक्राउ भई आए वा हाजिर हुन आएका बखत जगाई बाँकी कारबाही गर्ने गरी अ.बं.१९१ नं. बमोजिम मुल्तबी राखिदिने ठहर्छ। पक्राउ प्रतिवादी जीवन विष्टका सन्दर्भमा प्रस्तुत मुद्दामा देहायका प्रश्नमा निर्णय दिनु पर्ने देखियो :

१. प्रतिवादी जीवन विष्टले अभियोग मागदाबी बमोजिम कसुर गरेका हुन् वा होइनन ?

२. प्रतिवादीलाई अभियोग मागदाबी बमोजिम सजाय हुनु पर्ने हो होइन ?

३. पीडितले क्षतिपूर्ति पाउनु पर्ने हो वा होइन ?

सर्वप्रथम पहिलो प्रश्नतर्फ विचार गर्दा यसमा मिति २०६९।३।१६ गतेका दिन पीडित परिवर्तित नाम सीमाकुमारी सत्याललाई प्रतिवादी जीवन विष्टले घरबाट साइकलमा राखी जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं.१ को जङ्गलभित्र लगी डर, धाकधम्की दिई मलाई बलपूर्वक भुइँमा पछारी जबरजस्ती करणी समेत गरेको भनी निज पीडित सीमाकुमारी सत्यालले बताएको हुँदा र निजको शरीरमा निलडाम रहेको हुँदा दोषीलाई पक्राउ गरी निज भतिजीको चिकित्सक परीक्षण गरी जबरजस्ती करणीको महल अनुसार कारबाही गरिपाउँ भन्ने समेतको अनन्तप्रसाद सत्यालको किटानी जाहेरी दरखास्त देखिन्छ। पीडित परिवर्तित नाम सीमाकुमारी सत्यालको चन्द्रनिगाहपुर अस्पतालमा भएको शारीरिक परीक्षण प्रतिवेदन हेर्दा उक्त प्रतिवेदनमा पीडित चिन्तित देखिएको भन्दै

1. Sand particles was present in vulvar region.
2. No injuries, contusion in peril vulvar region.
3. No vaginal tear.
4. Tenderness and erythema (vedness) was present in clitoris.
5. There is tear in hymen.
6. Multiple abrasion and contusion in all around the posterior back region.

भन्ने उल्लेख हुनुका साथै Physical Findings were consistent with sexual assault भनी समेत उल्लेख गरेको देखिन्छ। त्यस्तै प्रतिवादी जीवन विष्टको शारीरिक परीक्षण सम्बन्धी चन्द्रनिगाहपुर अस्पतालको

च.नं.३५३ मिति २०६९।३।१७ को पत्रसाथ प्राप्त प्रतिवेदन हेर्दा उक्त प्रतिवेदनमा Presence of sand particles in Penis and Perineal region. No sperem was seen. भन्ने समेत उल्लेख भएको देखिन्छ।

प्रतिवादी जीवन विष्टले विपिन रोक्का समेतको सल्लाह तथा योजना अनुसार निज परिवर्तित नाम सीमाकुमारी सत्याललाई मैले साइकलमा लिई चलाई चन्द्रनिगाहपुर वडा नं.१ स्थित वन कार्यलयको पश्चिम साइडमा पर्ने जङ्गलमा लगी निज परिवर्तित नाम सीमाकुमारी सत्याललाई घाँस भएको स्थानमा सुताई निजले लगाएको कट्टु खोली आफ्नो उत्तेजित लिङ्ग निजको योनीमा पसाल्दा केही भाग मात्र प्रवेश हुँदा निज चिच्याई रुन लागेकाले योनीमा औंला पसाल्दा रगत आएको महसुस गरी छाडिदिएको हुँ समेत भनी अधिकार प्राप्त अधिकारी समक्ष आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ। प्रतिवादी जीवन विष्टको स्वास्थ्य परीक्षण गर्दा घाउ चोट पटक केही नभएको मानसिक अवस्था ठिक भएको भन्ने प्रतिवेदनबाट देखिएको छ।

त्यस्तै पीडित सीमाकुमारी सत्यालले अनुसन्धानको सिलसिलामा अधिकार प्राप्त अधिकारी समक्ष मिति २०६९।३।१६ गते म आफ्नै घरमा बसिरहेका अवस्थामा प्रतिवादी जीवन विष्टलाई राम्रो सँग चिन्दछु। निज हाम्रो हार्डवेयर पसलमा काम गर्नु हुन्थ्यो। निज जीवन विष्टवले नानी आज मिति र म आइसक्रिम खान जाने भनी साइकलमा चढाई चन्द्रनिगाहपुर चोकतर्फ ल्याएका, मलाई फ्रुटी किनिदिएको, जीवन दाइको एक जना साथी आएको र मेरो नाम समेत सोधी गएको। त्यसपछि जीवन दाइले घुम्न जाने भनी जङ्गलतिर लगेको, जङ्गलभित्र धेरै बेरसम्म बसेको, निजले मलाई जबरजस्ती करणी गर्दा दुखी रुन कराउन लाग्दा, टाउको तथा शरीरका विभिन्न भागमा कुटपिट गरेको र पछि नानी तिमीले यो कुरा कसैलाई नभन्नु, भन्यौ भने तिमीलाई म मारिदिन्छु भनी धम्की समेत दिएका हुन्। त्यसपछि घरमा ल्याइदिएका र मैले जीवन दाइले जङ्गलमा लगी यस्तो यस्तो गर्नु भएको हो भनी भनेको छु भनी कागज गरिदिएको देखिन्छ। त्यस्तै अनुसन्धानका क्रममा कागज गर्ने मगर साह समेतले मिति २०६९।३।१६ गते अ. ७:०० बजेको समयमा प्रतिवादी जीवन विष्टले पीडितलाई घरबाट ललाइ फकाइ गरी फ्रुटी समेत किनी खान दिई साइकलमा राखी चन्द्रनिगाहपुर स्थित जङ्गलमा लगी जबरजस्ती करणी गरेको हो र हामीले उक्त स्थानमा गई हेर्दा समेत झारहरू मडारिएको अवस्थामा थियो भन्ने समेत ब्यहोराको कागज गरिदिएको देखिन्छ।

पीडित परिवर्तित नाम सीमाकुमारी सत्याल मेरो छोरी हुन्। उक्त वारदात मितिमा छोरी घरमा नदेख्दा कहाँ गइन् भनी खोज्दा अं.१९:०० बजेको समयमा निज जीवन विष्टले साइकलमा चढाई घरमा ल्याई, निज हिँडेपछि, हामीले छोरी तिमी कहाँ गएकी भनेर सोध्न लाग्दा मलाई जीवन दाइले कुटपिट गरी जङ्गलमा लगी जबरजस्ती करणी गरेको हो र तिमीले यो कुरा कसैलाई भनेमा मारिदिन्छु भन्नु भाछ भनी रुन कराउन लागेपछि म बेहोस भएँछु। निज प्रतिवादीसँग मेरो पुरानो रिसइवी तथा झैझगडा समेत छैन भनी पीडितका बाबु ज्ञानप्रसाद सत्यालले अधिकार प्राप्त अधिकारी समक्ष कागज गरिदिएको देखिन्छ। पीडित सीमाकुमारी सत्यालकी आमा लक्ष्मी सत्यालले मिति २०६९।३।१६ गते छोरी अबेरसम्म घरमा नआएकीले खोजतलास गर्दा जीवन विष्टले साइकलमा चढाई घरमा ल्याए पश्चात निज घर जाँदा छोरी साइकलबाट ओर्ली दौडिँदै माथी गई रुन कराउन लाग्दा के भयो भनी सोध्दा मलाई जीवन दाइले घरबाट साइकलमा चढाई जङ्गलमा लगी जबरजस्ती करणी गरेको हो, यो कुरा कसैलाई भनेमा मारिदिन्छु भनी मलाई धाकधम्की समेत दिएको हो भनी छोरीले भनेपछि घटनाबारेमा थाहा पाएको हो। निज जीवन विष्टले करणी गरेको

हो। घर परिवारको सदस्य सरह मानी राखेका थियौं। निजले सो कार्य किन गरेका हुन् मलाई थाहा छैन भनी कागज गरिदिएको देखिन्छ।

प्रतिवादी जीवन विष्टले मिति २०६९।३।१६ गते मेरो साथी विपिन समेत दुई जना भई गाँजा सेवन गरेकामा सोही मौकामा परिवर्तित नाम सीमाकुमारीलाई आफ्नो साइकलमा चढाई उक्त घटना स्थलमा लगी भुइँमा लडाइ निज सीमाको योनीमा औंला हालेको, रगत आएको र त्यसका टाउकामा एक पटक हिर्काई घरसम्म पुऱ्याइदिएको हो। जबरजस्ती करणी गरेको छैन। प्रहरीमा भएको कागज मैले भने बमोजिम लेखाएको छैन। प्रहरीले भन्दै नभनेको कुरा आफुखुसी लेखी सहीछाप गराएको हो। परिवर्तित सीमाकुमारी लाई आइसक्रिम खुवाई चन्द्रनिगाहपुरको वन कार्यालयको दक्षिण साइडको जङ्गलमा लगेकामा निजको योनीमा औंला मात्र हालेको थिएँ भनी अदालत समक्ष बयान गरेको देखिन्छ।

त्यस्तै पीडित सीमाकुमारी सत्यालले प्रतिवादी जीवन विष्टले आइसक्रिम किनिदिन्छु, मसँगै जाउँ भनी मेरो घरबाट साइकलमा बसाई जङ्गलमा लगी मलाई कुटपिट गरी कपडा खोल्न लगाएकामा कपडा खोलिदिएको हो। प्रतिवादी जीवन विष्टले मलाई करणी गरेको छैन। अनुसन्धानका क्रममा खडा भएको घटना विवरण कागज ब्यहोरा ठिक छ। उक्त कुराहरू मैले भनी लेखाएको छु, त्यसमा भएको सहीछाप मेरो हो भनी अदालतमा बकपत्र गरिदिएको देखिनुका साथै जाहेरवाला अनन्तप्रसाद सत्यालले जाहेरी दरखास्तमा भएको ब्यहोरा र सहीछाप मेरै हो, पीडितको ढाड र ओठमा नीलडाम, जिउभरि भिजेको माटो लागेको मैले देखेको छु भनी जाहेरी दरखास्तलाई समर्थन पुष्टि हुने गरी बकपत्र गरिदिएको समेत मिसिल संलग्न प्रमाणबाट पीडित सीमाकुमारी सत्याल उपर जबरजस्ती करणीको अपराध घटित भएको देखिन्छ।

उपरोक्त तथ्य भएको प्रस्तुत मुद्दामा यी प्रतिवादीले अभियोग मागदाबी बमोजिम कसुर गरेका हुन् वा होइनन् भन्ने सम्बन्धमा मिसिल संलग्न कागजात हेर्दा यी पीडित सीमाकुमारी सत्याल वर्ष ९ की नाबालिक रहेको भन्ने देखिन्छ। प्रस्तुत वारदातको प्रत्यक्षदर्शी कोही नभएका हुँदा पीडितको बयान, परीक्षण प्रतिवेदन र प्रतिवादीको बयानलाई प्रमाणका रूपमा ग्रहण गर्नु पर्ने देखियो। त्यसतर्फ हेर्दा जिल्ला रौतहट, गा.वि.स. चन्द्रनिगाहपुर वडा नं. १ स्थित दक्षिणमा चन्द्रनिगाहपुरको जङ्गलै जङ्गल र उत्तरमा पूर्व-पश्चित महेन्द्र राजमार्ग सडक खण्ड रहेको यति ४ किल्लाभित्रमा करिब १०० मिटर दक्षिण साइड पर्ने चन्द्रनिगाहपुरको जङ्गलमा जीवन विष्टले परिवर्तित नाम सीमाकुमारी सत्याललाई ललाई फकाई साइकलमा राखी जङ्गल लगी निजलाई भुइँमा लडाई सुताई जबरजस्ती गरेको, उक्त स्थानको घाँसहरू मडारिएको अवस्थामा रहेको, पीडितका कपडामा माटैमाटो तथा घटना स्थलमा घुँडाको डाम समेत रहेको भन्ने घटना स्थल मुचुल्का रहेको, पीडित भतिजी सीमाकुमारी सत्यालले आफ्नी आमा लक्ष्मी सत्याललाई रुँदै मलाई जीवन दाइले ललाई फकाई घरबाटै साइकलमा राखी चन्द्रनिगाहपुरको वन कार्यालयको दक्षिणतर्फको जङ्गलमा लगी मलाई बलपूर्वक भुइँमा पछारी, होहल्ला गरिस् भने मारिदिन्छु भनी धम्की दिँदै मेरो लुगा बलपूर्वक खोली निजले आफ्नो उत्तेजित लिङ्ग मेरो मुखमा छिराई मुख मैथुन समेत गरेको वारदात नजिक महिलाहरू देखी जमिनबाट उठाई लुगा लगाउन लगाई घरसम्म पुऱ्याएको भनी भतिजीले जानकारी गराएको र सम्पूर्ण शरीरभरि नीलडामै डाम रहेको, मुखका ओठहरू समेत सुन्निएको हुँदा दोषीलाई पक्राउ गरी कारबाही गरिपाउँ भनी किटानी जाहेरी दरखास्त दिएको देखिन्छ।

पीडित परिवर्तित नाम सीमाकुमारी सत्यालको शारीरिक जाँच परीक्षण हेर्दा योनी वरिपरि बालुवाका कणहरू पाइएको, योनी जाँच गर्दा धेरै दुखेको पाएको, पीडितको योनीपर्दा (Hymen) च्यातिएको पाइयो, ढाडमा चोट पटक पुरै भागमा भएको भन्ने समेतको परीक्षण प्रतिवेदनबाट देखिन्छ। त्यस्तै प्रतिवादी जीवन विष्टको परीक्षण गर्दा समेत लिङ्ग वरिपरि बालुवाका कण पाइएको, अन्डर गर्मेन्टस पुरै भिजेको भन्ने समेतको परीक्षण प्रतिवेदनबाट देखिन्छ। प्रतिवादी जीवन कुमार विष्टले विपिन रोक्काको सल्लाह तथा योजना बमोजिम पीडित सीमाकुमारी सत्याललाई चन्द्रनिगाहपुर-१ स्थित वन कार्यालयको पश्चिम साइडमा पर्ने जङ्गलमा लगी घाँस भएको स्थानमा सुताई निजले लगाएको कट्टु खोली उत्तेजित लिङ्ग निजको योनीमा पसाल्दा केही भाग मात्र प्रवेश हुँदा निज परिवर्तित नाम सीमाकुमारी सत्याल कराई चिच्याई रुन लाग्दा मैले निजलाई फकाइ फुलाइ गरी आफ्नो कान्छी औंला निजको योनीभित्र पसाल्दा रगत आएको महसुस भई मैले छोडिदिएको हुँ। त्यसपछि मैले किन रोएको भनी भन्दा नमानेपछि टाउकामा एकचोटि, कुममा एकचोटि र पछाडि ढाडमा हानेको तथा निज बालिकालाई सोही स्थानबाट साइकलमा ल्याई आइसक्रिम किनेर दिई यो कुरा कसैलाई नभन्नु, नत्र मारिदिन्छु समेत भनेको हुँ। मैले निजलाई जबरजस्ती करणी गरेको हुँ भनी आरोपित कसुरमा साबित भई घटना विवरण सिलसिलेवार रूपमा उल्लेख गरेको देखिन्छ।

जबरजस्ती करणी सम्बन्धी हाम्रो कानुनी व्यवस्था हेर्दा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा १६ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भन्ने उल्लेख हुनुका साथै स्पष्टीकरण खण्डमा यस नम्बरको प्रयोजनको लागि योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनका लागि करणी गरेको मानिने छ भन्ने उल्लेख भएको देखिन्छ।

उक्त कानुनी व्यवस्थालाई हेर्दा जबरजस्ती करणीको अपराधका लागि योनीमा लिङ्गको केही भाग मात्र प्रवेश भए पनि करणी हुने भन्ने देखिन्छ। प्रतिवादीको उक्त बयान पीडितको शारीरिक परीक्षण र प्रतिवादीकै शारीरिक परीक्षणबाट समेत समर्थित भइरहेको देखिन्छ। प्रतिवादी जीवन विष्टले आरोपित कसुर गरेमा यस अदालतमा इन्कार रही बयान गरेको देखिए तापनि पीडित परिवर्तित नाम सीमाकुमारी सत्याललाई आफ्नो साइकलमा चढाई, उक्त घटना स्थलमा लगी भुईँमा सुताएको, निजको योनीमा औंला हालेकामा रगत आएको, पीडितलाई टाउकामा एक थप्पड हिर्काई घरसम्म पुर्‍याइदिएको, आइसक्रिम खुवाई चन्द्रनिगाहपुरको वन कार्यालयको दक्षिण साइडको जङ्गलमा लगेकामा साबित भई बयान गरेको देखिन्छ। पीडितलाई आँखा बन्द गर्न लगाई जबरजस्ती करणी गरेकामा इन्कार रही बयान गरे तापनि पीडित सीमाकुमारी सत्यालको शारीरिक परीक्षणबाट निजको हाइमन च्यातिएको भन्ने उल्लेख भएको देखिन्छ भने प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्षको बयान ब्यहोरालाई अन्यथा भन्न सकेको देखिँदैन। प्रतिवादीका साक्षीले निज प्रतिवादी मृगी रोगी जस्तो भएका कारणले परिवर्तित नाम सीमाकुमारी सत्यालको योनीमा औंला हालेकामा रगत आएको भनी लेखाएको कुरा झुट्ठा हो भनी, प्रतिवादी जीवन विष्टले आफ्नो बयान उल्लेख नगरेको कुरालाई निज रोगी भएको भनी निजको साक्षीले गरेको बकपत्रलाई भई प्रमाणमा लिन मिल्ने समेत नदेखिनुका साथै प्रतिवादीले यस अदालतमा गरेको इन्कारी बयान समेत पुष्टि हुन सकेको देखिएन।

पीडित सीमाकुमारी सत्यालले अनुसन्धानका सिलसिलामा निज जीवन दाइले मलाई जबरजस्ती करणी गर्दा मलाई धेरै दुखी रुन कराउन लाग्दा, किन रोएको भन्दै टाउको तथा शरीरका विभिन्न भागमा कुटपिट समेत गरेको हुन् भनी कागज गरिदिएकामा प्रतिवादी जीवन विष्टरले मलाई आइसक्रिम किनिदिन्छु भनी घरबाट साइकलमा बसाई जङ्गलमा लगी मलाई कुटपिट गरी कपडा खोल्न लगाएकामा कपडा खोलिदिएको थिएँ, अनुसन्धानका क्रममा खडा भएको घटना विवरण कागज ब्यहोरा ठिक छ उक्त कुराहरू मैले लेखाएको छु र त्यसमा भएको सहीछाप मेरो हो भनी मौकाको कागज ब्यहोरालाई पुष्टि हुने गरी कागज गरिदिएको पाइन्छ। पीडित वारदात हुँदाको समयमा ९ वर्षकी अबोध बालिका रहेको र निजले गरेको मौकाको कागज ब्यहोरालाई अन्यथा हो भन्न मिल्ने समेत देखिएन। त्यस्तै जाहेरवाला अनन्तप्रसाद सत्यालले समेत जाहेरी ब्यहोरा लेखाएको ठिक हो। पीडितको ढाडमा र ओठमा नीलडाम, जिउभरि भिजेको माटो लागेको मैले देखेको छु भनी बकपत्र गरिदिएकाबाट समेत मौकाका जाहेरी दरखास्त ब्यहोरा पुष्टि भइरहेको देखिन्छ। यी प्रतिवादी जाहेरवालाको हार्डवेयर पसलमा काम गरी रहेको र निज प्रतिवादी उपर कुनै पूर्व रिसइवी समेत भएको भन्ने समेत नदेखिएको हुँदा यी प्रतिवादी उक्त अपराधमा संलग्न नरहेको भए आफ्नो छोरी उपर जबरजस्ती करणीको अपराध गरेको भनी यी प्रतिवादी जीवन विष्ट उपर किटानी जाहेरी दिनु पर्ने कारण र आधार समेत देखिँदैन।

मिसिल संलग्न प्रतिवादीको शारीरिक परीक्षणबाट र भई आएको परीक्षण प्रतिवेदनमा वीर्य नपाइएको भन्ने उल्लेख भएतर्फ हेर्दा यी प्रतिवादीको र पीडितको शारीरिक परीक्षणबाट समेत घटना स्थल प्रकृति मुचुल्कामा उल्लिखित विवरण समर्थित भइरहेको देखिन्छ। जबरजस्ती करणीको वारदात स्थापित हुनका लागि पीडकको वीर्य स्खलन भएको हुनै पर्दछ भन्न हुँदैन। यस सम्बन्धमा सम्मानित सर्वोच्चल अदालतबाट समेत "जबरजस्ती करणीको वारदात कायम हुनका लागि योनीभित्र लिङ्ग प्रवेश गरेकै हुनु पर्ने वा योनीभित्र वीर्य स्खलन भएको हुनु पर्ने, पीडितको कन्याजाली च्यातिएकै हुनु पर्ने भन्ने कुरा उल्लेख नभएका अवस्थामा लिङ्ग र योनी बिच सामान्य घर्षण पर्याप्त देखिने" भनी (ने.का.प.२०६३, नि.नं.७६८ अङ्क ४, पृ.४६२ मा) सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा पीडित परिवर्तित नाम सीमाकुमारी सत्यालको योनीमा लिङ्गको केही भाग मात्र प्रवेश हुँदा निज चिच्याई रुन लागेकाले छाडिदिएको भनी बयान गरेको र पीडितको (Hymen) च्यातिएको भन्ने परीक्षण प्रतिवेदन समेतबाट देखिँदा यी प्रतिवादी जीवन विष्टको शारीरिक परीक्षण र Vaginal swab परीक्षणमा वीर्य नपाइएका आधारमा जबरजस्ती करणीको वारदात नभएको भन्न मिल्ने नदेखिँदा यी प्रतिवादी जीवन विष्टले पीडित सीमाकुमारी सत्याललाई अभियोग दाबी बमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ नं. विपरीत जबरजस्ती करणीको कसुर गरेको ठहर्छ।

प्रतिवादी जीवन विष्टले अभियोग दाबी बमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको १ र ३ नं. विपरीत पीडित सीमाकुमारी सत्याललाई जबरजस्ती करणी गरेको ठहरेकाले निजलाई के कति सजाय हुने हो भन्ने सम्बन्धमा हेर्दा यी प्रतिवादी जीवन विष्टको जाहेरवाला समेतसँग पूर्व रिसइवी रहे भएको नदेखिएको, निज प्रतिवादी जाहेरवालाको हार्डवेयर पसलमा काम गर्ने गरेको, वारदातपछि पीडित सीमाकुमारी सत्याललाई आफै साइकलमा राखी घरमा नै ल्याइदिएको, निज प्रतिवादी जीवन विष्टको उमेर १८ वर्षको भन्ने देखिए समेतका अपराध हुँदाको अवस्था, परिस्थिति र प्रतिवादीको उमेर समेतलाई विचार गर्दा निज प्रतिवादी जीवन विष्टलाई

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय १ बमोजिम न्यूनतम १० वर्ष कैद सजाय गर्दा पनि न्यायको उद्देश्य पुरा हुने देखिँदा प्रतिवादी जीवन विष्टलाई मुलुकी ऐन जबरजस्ती करणीको ३ नं. को देहाय १ बमोजिम १० (दस) वर्ष कैद सजाय हुने ठहर्छ।

प्रतिवादी जीवन विष्टलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९क को कसुरमा सोही नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोग दाबीतर्फ हेर्दा, पीडित सीमाकुमारी सत्यालले मौकामा कागज गर्दा प्रतिवादीले अप्राकृतिक मैथुन गरेको भनी उल्लेख गरेको नदेखिएको, पीडितको शारीरिक परीक्षणबाट उक्त कुरा पुष्टि भएको समेत नदेखिँदा प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ९(क) को कसुरमा थप सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुष्टि हुन नसक्ने ठहर्छ।

अब, पीडितले के, कति र कसबाट क्षतिपूर्ति पाउनु पर्ने हो होइन भनी तेस्रो प्रश्नतर्फ विचार गर्दा, पीडित परिवर्तित नाम सीमाकुमारी सत्याललाई यी प्रतिवादी जीवन विष्टले जबरजस्ती करणी गरेको ठहर भएको देखियो। जबरजस्ती करणीको अपराधबाट पीडित यी बालिकाले के, कति र कसरी क्षतिपूर्ति पाउने हो भन्ने सम्बन्धमा हेर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ हेर्दा "प्रत्येक बालबालिकालाई शारीरिक मानसिक वा अन्य कुनै किसिमको शोषण विरुद्धको हक हुने छ। यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुने छ र यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइने छ भन्ने व्यवस्था गरिएको पाइन्छ। त्यस्तै मुलुकी ऐन, जबरजस्ती करणीको १० नं. मा "कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्तो महिलालाई भएको शारीरिक एवं मानसिक क्षतिको विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराइदिनु पर्ने छ भन्ने कानुनी व्यवस्था गरिएको छ। बालअधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ र बालबालिका सम्बन्धी ऐन, २०४८ समेतले बालबालिकाको उचित क्षतिपूर्ति पाउने अधिकारको संरक्षण गरेका सम्बन्धमा विवाद रहेको देखिँदैन।

मिसिल संलग्न मुचुल्का हेर्दा **पीडक प्रतिवादी जीवनकुमार विष्टको नाममा कुनै सम्पित्त रहेभएको भन्ने नदेखिएको मालपोत कार्यालयबाट प्राप्त दर्ता उतार समेतबाट यी प्रतिवादी र एकाघरका अन्य व्यक्तिको नाममा समेत कुनै सम्पत्ति रहेभएको देखिँदैन भने यी पीडक प्रतिवादीले क्षतिपूर्ति रकम दाखिल गर्ने अन्य आयस्रोत रहेभएको समेत देखिँदैन। पीडक प्रतिवादीको कुनै जायजेथा सम्पत्ति नभएका आधारमा पीडितले क्षतिपूर्ति नपाउने हो भन्ने क्षतिपूर्ति सम्बन्धी उपरोक्त संवैधानिक, कानुनी व्यवस्था केवल औपचारिकतामा मात्र सीमित रहनुका साथै पीडितको क्षतिपूर्तिको अधिकारको कुनै प्रयोजन रहने समेत देखिँदैन। राष्ट्रिय कानुन तथा अन्तराष्ट्रिय महासन्धि समेतबाट पीडित बालिकाको क्षतिपूर्ति पाउने अधिकारको प्रचलन गराउने दायित्वबाट राज्य निरपेक्ष रहन मिल्दैन। तसर्थ जबरजस्ती करणीको अपराधबाट पीडित यी परिवर्तित नाम सीमाकुमारी सत्यालको क्षतिपूर्तिको हकबाट वञ्चित गर्न नमिल्ने हुँदा निजले प्रतिवादीको कुनै सम्पत्ति नभएको अवस्थामा नेपाल सरकारबाट क्षतिपूर्ति भरिलिन पाउने ठहर्छ।** अब, यी पीडितले के कति क्षतिपूर्ति भरी पाउने हो भन्ने सम्बन्धमा हेर्दा यी पीडित बालिका सीमाकुमारी सत्याल वर्ष ९ की अबोध बालिका रहेको, निजलाई प्रतिवादी जीवन विष्टले घरबाट साइकलमा लगी जबरजस्ती करणी गरेको र वारदात पश्चात आफैले साइकलमा राखी घरमा ल्याएको भन्ने समेतको अपराधको परिस्थिति र अवस्थालाई विचार गर्दा र प्रतिवादीको नाममा कुनै सम्पत्ति नरहेको भन्ने देखिँदा पीडितलाई पर्न गएको मानसिक तथा शारीरिक चोट पीडा समेतलाई विचार गर्दा

यी पीडित सीमाकुमारी सत्याललले रू. २०,०००।- (बिस हजार रुपैया) नेपाल सरकारबाट क्षतिपूर्ति भरी पाउने ठहर्छ। सो ठहरेकाले अरूमा तपसिल बमोजिम गर्ने गरी मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम यो फैसला गरिदिएको छ।

**तपसिल**

प्रतिवादी जीवन विष्टलाई माथि ठहर खण्डमा लेखिए बमोजिम १० (दस) वर्ष कैद सजाय हुने ठहरेकाले निज मिति २०६९।३।१७ देखि हालसम्म अनुसन्धान तथा मुद्दा पुर्पक्षका लागि थुनामा रहेको देखिँदा २०६९।३।१७ देखि ०७९।३।१६ सम्म १० (दस) वर्ष कैदको सजाय ठेकी असुल गरी ०७९।३।१६ मा कैदबाट छाडिदिनु भनी लगत कसी असुल उपर गर्नू ......................................१

पीडित परिवर्तित नाम सीमाकुमारी सत्याललाई माथि ठहर खण्डमा लेखिए बमोजिम रू. २०,०००।- रुपैया क्षतिपूर्ति पाउने ठहरेकामा पीडक प्रतिवादी जीवन विष्टको कुनै जायजेथा सम्पत्ति नभएको देखिँदा उक्त क्षतिपूर्ति नेपाल सरकारबाट भरी पाउने ठहरेकाले निज पीडितले पाउने क्षतिपूर्ति रकम रू. २०,०००।- यस अदालतको धरौटी खातामा जम्मा हुने गरी नेपाल सरकार अर्थ मन्त्रालयबाट प्राप्त गरी पीडित बालिकालाई भराइदिनका लागि जिल्ला सरकारी वकिल कार्यालय, रौतहट मार्फत फैसलाको प्रतिलिपि समेत साथै राखी नेपाल सरकार, अर्थ मन्त्रालयमा लेखिपठाई प्राप्त भएपछि निज पीडित बालिका सीमाकुमारी सत्याललाई भराइदिनू .......................................................................................२

प्रतिवादी विपिन रोक्काले यस अदालतबाट जारी भएको म्याद गुजारी बसेको देखिँदा निज पक्राउ भई आए वा हाजिर हुन आएमा बाँकी कारबाही गर्ने गरी अ.बं. १९१ नं. मुल्तबी दायरीमा दर्ता गर्नू ................३

यो फैसलामा चित नबुझे ७० दिनभित्र पुनरावेदन अदालत, हेटौँडामा पुनरावेदन गर्नू भनी प्रतिवादी जीवन विष्ट र जिल्ला सरकारी वकिल कार्यालय, रौतहटलाई पुनरावेदनको म्याद दिनू .............................. ४

सरोकारवालाले नक्कल मागेमा नियमानुसार गरी नक्कल दिनू .........................................................५

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू .....................................६

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाए बमोजिम फैसला तयार गर्ने
फाँट अ-ना.सु. : कुमार न्यौपाने
टाईप गर्ने : अ-मिथलेश चौधरी

**इति सम्वत् २०७० साल चैत्र १० गते रोज २ शुभम् ...........।**

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश अर्जुन अधिकारी**
**फैसला**
**सम्वत् २०६८ सालको स.फौ.नं २४४६**
**नि.नं.२४५**

*मुद्दा : जबरजस्ती करणी।*

**वादीको नाम, थर, वतन**

सयपत्री नेपाल धनकुटको सचिव इन्दिरा घलेको जाहेरीले नेपाल सरकार.................१

**साक्षी**

जाहेरवाला इन्दिरा घले...........................१
उषा के.सी...........................................१
रामचन्द्र गौतम.....................................१
दीपक बोहोरा.......................................१
दिनेश पाण्डे........................................१
विरोध खतिवडा.....................................१

कागज
x

**प्रतिवादीको नाम, थर, वतन**

कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.४ घर भई का.जि. चपली गा.वि.स. वडा नं. ९ स्थित मर्निङ स्टार चिल्ड्रेन च्यारिटी (होम) को निर्देशक पदबाट राजीनामा दिई हाल का.जि. चपली गा.वि.स. वडा नं.९ डेरा गरी बस्ने विष्णुप्रसाद पराजुली…...............................................१
ऐ. ऐ. बस्ने विष्णुप्रसाद पराजुलीकी श्रीमती मुना पराजुली ..................................................१

**साक्षी**

सुमन गुरुङ........१
लक्ष्मी कार्की......१
प्रदीप कट्टेल.......१
महेश्वर अधिकारी..१

कागज
x

**अदालतबाट बुझेका**
**साक्षी**

जाहेरवाला इन्दिरा घले.......................१
बुझिएका मानिस उषा के.सी................१
ऐ. ऐ. रामचन्द्र गौतम.......................१
ऐ. ऐ. दीपक बोहोरा.........................१
ऐ. ऐ. दिनेश पाण्डे..........................१
ऐ. ऐ. विरोध खतिवडा.......................१
डा. हरिहर वस्ती.............................१
डा. मधु तुम्बाहाम्फे..........................१

कागज

x

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं.२९ नं. समेत बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर भई पेस हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यस प्रकार छ :

१. प्रस्तुत मुद्दामा सम्मानित सर्वोच्च अदालतको केही मुद्दाहरूमा पक्षहरूको गोपनीयता कायम गर्ने सम्बन्धी निर्देशिका, २०६४ बमोजिम पीडितहरूको वास्तविक नाम परिवर्तन गरी क्रमशः परिसर स (१), स (२), स (३) र स (४) कायम गरिएको छ।

२. का.जि. चपली भद्रकाली गा.वि.स. वडा नं.९ स्थित मर्निङ स्टार चिल्ड्रेन च्यारिटी नेपाल बाँसबारीको मर्निङ स्टार चिल्ड्रेन होममा सोही संस्थामा कार्यरत प्रतिवादी मुना पराजुलीले ललाई फकाई सोही होममै संरक्षणमा रहेका बालिकाहरू नाम परिवर्तित परिसर स (१), स (२), स (३) र स (४) लाई चिल्ड्रेन होममा पठाउने र होममा पठाए पनि विगत ४/५ वर्षदेखि प्रतिवादी विष्णुप्रसाद पराजुलीले पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२४ गते सम्म जबरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीहरूलाई कारबाही गरिपाउँ भन्ने इन्दिरा घलेको जाहेरी दरखास्त।

३. म ५ वर्षको उमेरमा का.जि. चपली भद्रकाली गा.वि.स.९ स्थित मर्निङ स्टार चिल्ड्रेन होमको संरक्षणमा बसी हात्तीगौंडा स्थित भद्रकाली इङ्लिस मिडियम स्कुलमा कक्षा ९ मा अध्ययन गर्दछु, म १३/१४ वर्षको उमेर हुँदादेखि प्रतिवादी मुना पराजुलीले मलाई तल सुत्न जाउ भन्नु हुन्थ्यो, राती निजहरूको कोठामा सुत्न गएपछि तिमी ड्याडी (विष्णुप्रसाद पराजुली) सँग सुत भन्नु हुन्थ्यो। ड्याडीको खाटमा ड्याडीसँग सुतेपछि राती म निदाएको मौका पारी अं.११ बजेतिर ड्याडीले मलाई च्याप्प अँठ्याएर दुबै खुट्टाले मेरा खुट्टा च्यापी मेरो छातीमा समाउने, निजको लिङ्ग मेरो योनीमा घुसाई जबरजस्ती करणी गर्नु हुन्थ्यो। मलाई दुखेर हटाउन खोज्दा ड्याडीले समातेको समात्यै गर्नु हुन्थ्यो। मलाई त्यसो गर्दा पिसाब पोल्थ्यो। म नछुने हुँदा अन्य पीडितहरू हाल नाम परिवर्तिन परिसर स (२), स (३) र स (४) लाई पालैपालो सुत्न पठाउने गर्नु हुन्थ्यो। ममीको पाठेघरको अप्रेसन गरेको हुँदा ममी ड्याडीसँग एकैछिन मात्र सुत्नु हुन्थ्यो अनि अर्को खाटमा गई सुत्नु हुन्थ्यो। यसरी नै मलाई पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२३ गते रातीसम्म प्रतिवादी विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको हुँदा निजलाई हदैसम्मको सजाय गरिपाउँ भन्ने समेत ब्यहोराको परिसर स (१) को कागज।

४. म डेढ वर्षको हुँदादेखि मर्निङ स्टार चिल्ड्रेन होमको संरक्षणमा बस्दै आएको हुँदा मैले प्रतिवादी विष्णुप्रसाद पराजुली र मुना पराजुलीलाई ड्याडी ममी भनी बोलाउने गर्दछु। म कक्षा ९ मा पढ्ने बेलादेखि नै ड्याडी विष्णुप्रसादले दुर्व्यवहार गर्नु हुन्थ्यो। प्रतिवादी मुना पराजुलीले मलाई ड्याडीसँग सुत्न जाउ भनी जबरजस्ती गाली गरी पठाउनु हुन्थ्यो र म सुत्न गएपछि प्रतिवादी विष्णुप्रसादले मेरो जिउमा थिची हलचल समेत गर्न नदिई मेरो टिसर्ट फुकाली मेरो छाती चलाउने, पेन्टीभित्र हात हाली योनीमा हातले चलाउने गर्नु हुन्थ्यो। यस्तैमा मिति ०६८/१२/२४ गते पनि निज प्रतिवादी विष्णुप्रसाद पराजुलीले मलाई जबरजस्ती करणी गरेको हुँदा मैले प्रतिवादी मुना पराजुलीलाई ड्याडीले

मलाई नराम्रो काम गर्नु भयो भन्दा निजले वास्ता नै नगरी उल्टै मलाई गाली गर्नु भयो। प्रतिवादी विष्णुप्रसाद पराजुलीले मेरा साथीहरू परिसर स (१), स (२), स (३) र म समेतलाई यस्तै व्यवहार पटक पटक गर्ने गरेको हुँदा निजहरूलाई हदैसम्मको सजाय गरिपाउँ भन्ने परिसर स (४) को कागज।

५. म २ वर्षको हुँदादेखि नै मर्निङ स्टार चिल्ड्रेन होमको संरक्षणमा बस्दै आएको हुँदा मैले प्रतिवादी विष्णुप्रसाद पराजुली र मुना पराजुलीलाई ड्याडी ममी भनी बोलाउने गर्दछु। म अं. ७ वर्षको हुँदा राम्रोसँग बोल्न सक्दैनथें। चिल्ड्रेन होमको माथिल्लो तलाको पुस्तकालय कोठामा म पुस्तकहरू पढ्दै गरेका अवस्थामा प्रतिवादी विष्णुप्रसाद पराजुली आई ढोकाको चुकुल लगाई मेरो फ्रक र पेन्टी खोली मलाई भुइँमा सुताई आफुले लगाएको पाइन्ट समेत खोली लिङ्ग मेरो पिसाब फेर्नेमा छिराई जबरजस्ती करणी गर्नु भयो र मलाई दुःखी म रोएँ तर ड्याडीले मलाई छोड्नु भएन। पछि मेरो पिसाब फेर्ने ठाउँबाट रगत आएपछि ड्याडीले छाडिदिनु भयो। त्यसपछि ममीले पालैपालो हामीलाई ड्याडीसँग सुत्न पठाउने गर्नु हुन्थ्यो। यसै गरी पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२२ गते रातीसम्म प्रतिवादी विष्णुप्रसाद पराजुलीले मलाई जबरजस्ती करणी गरेको हुँदा निजहरूलाई हदैसम्मको सजाय गरिपाउँ भन्ने समेत ब्यहोराको परिसर स (३) को कागज।

६. म २ वर्षको हुँदादेखि नै मर्निङ स्टार चिल्ड्रेन होमको संरक्षणमा बस्दै आएको हुँदा मैले प्रतिवादी विष्णुप्रसाद पराजुली र मुना पराजुलीलाई ड्याडी ममी भनी बोलाउने गर्दछु। म अं. ७/८ वर्षको हुँदा म बिरामी भई कोठामा एक्लै सुतिरहेका अवस्थामा प्रतिवादी विष्णुप्रसाद पराजुली उक्त कोठामा आई ढोकाको चुकुल लगाई झ्यालका पर्दाहरू समेत लगाई म माथि चढी जबरजस्ती करणी गरी कसैलाई नभन्नु भनी जानु भयो। त्यस बेलादेखि मलाई ड्याडीको नजिक जान डर लाग्थ्यो। प्रतिवादी मुना पराजुली र विष्णु पराजुलीले मलाई पटक पटक निजहरूको कोठमा सुत्न बोलाउँदा म नगएमा गाली गर्नु हुन्थ्यो र यसै गरी प्रतिवादी विष्णु पराजुलीले पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२१ गतेसम्म जबरजस्ती करणी गरेको हुँदा निजहरूलाई हदैसम्मको सजाय गरिपाउँ भन्ने समेत ब्यहोराको परिसर स (२) को कागज।

७. म मिति ०५६ सालदेखि मेरा श्रीमान विष्णुप्रसादले संरक्षकका रूपमा काम गर्दै आएको मर्निङ स्टार चिल्ड्रेन होममा सघाउँदै आइरहेकामा निज पीडितहरू पनि बालगृहको रुटिन अनुसार बालगृहको सरसफाइ गर्ने क्रममा हामीहरू सुत्ने बस्ने कोठा पनि सरसफाइ गर्ने, बेडहरू मिलाउने काम गर्दथे। टिभी हेर्न आउँदा ठाउँ नपुगेकाले मेरा श्रीमान सुत्ने खाटमा समेत निज बालिकाहरूलाई बसी टिभी हेर्न भनेको हुँ। पीडित बालिकाहरू मध्ये परिसर स (४) डेड वर्षको हुँदा उक्त होममा ल्याएको हुँदा ५ वर्षको उमेरसम्म मसँग सुतेकी हुन्। पीडित बालिकाहरूलाई टिभी हेर्न आउँदा भुइँमा नबस, खाटमा बसेर हेर, ड्याडी भनेको बुबा जस्तै हो, कहिलेकाहिँ झुक्किएर छुइँदा केही हुँदैन भनेको थिएँ। मैले निज पीडित बालिकाहरूलाई मेरा श्रीमानसँग सुत्न पठाएको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी मुना पराजुलीको बयान।

८. जाहेरीमा उल्लिखित बालिकाहरूको विगत १२/१३ वर्षदेखि म प्यारेन्सका रूपमा कार्यभार सम्हाल्दै आएको र उक्त चिल्ड्रेन होममा संरक्षणमा बस्दै आएका छन्। उक्त होममा भएका बालिकाहरू

रोटेसन अनुसार कहिले मेरो कोठामा पनि कुचो लगाउन आउने, टिभी हेर्न आउने गर्ने क्रममा निज बालिकाहरू कहिले मेरो खाटमा पनि बस्छन् र मेरो कोठामा दुई वटा खाट रहेका हुँदा मेरी श्रीमती मुना पराजुलीले मिलेर बस, खाटमा बसे पनि हुन्छ भन्थिन्। यस्तैमा मिति ०६८/१२/२० गते हाम्रो संस्थामा आई डोनरहरू WINDY र SINON ले बालबालिकाहरूलाई बालगृहदेखि बाहिर लगेर के सोधे र नानीहरूले के समस्या बताए थाहा भएन। मिति ०६९/०१/०५ गते हाम्रो संस्थाको बोर्ड बसी बोर्डको अनुरोधमा म तथा मेरी श्रीमतीले राजीनामा लिखत रूपमा पेस गरेको हो। उल्लिखित बालबालिकाहरूलाई मैले जबरजस्ती करणी गरेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी विष्णुप्रसाद पराजुलीको बयान।

९. पीडित परिसर स (४) को उमेर १७ देखि १८ वर्षको बिचमा रहेको, पीडित परिसर स (३) को उमेर १७ देखि १८ वर्षको बिचमा रहेको, पीडित परिसर स (२) को उमेर १५ देखि १६ वर्षको बिचमा रहेको र पीडित परिसर स (१) को उमेर १७ देखि १९ वर्षको बिचमा रहेको भन्ने त्रि.वि.वि. फोरेनसिक मेडिसिन विभाग शिक्षण अस्पतालको पीडितहरूको उमेर परीक्षण प्रतिवेदन।

१०. म उक्त मर्निङ स्टार चिल्ड्रेन होममा अध्यक्ष पदमा कार्यरत छु। मिति ०६९/०१/०५ गते प्रतिवादी विष्णुप्रसाद पराजुली र मुना पराजुलीले संयुक्त रूपमा लिखित राजीनामा पेस गर्नु भएको हुँदा तुरुन्तै कार्य समितिले त्यसलाई स्वीकृत गरेको हो। निज मुना पराजुलीको मिलेमतोमा पीडित परिसर स (१), स (२), स (३) र स (४) लाई विगत ४/५ वर्षदेखि पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२४ गतेसम्म प्रतिवादी विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको भन्ने कुरा पछि मात्र सुनी थाहा पाएको हो भन्ने समेत ब्यहोराको रामचन्द्र गौतमको कागज।

११. म उक्त मर्निङ स्टार चिल्ड्रेन होमका बालबालिकाहरू मध्ये सिनियर भएकाले म निजहरूको लिडर हुँ। हामी बालबालिकाहरूको किचन एउटै हो र हाम्रो डाइनिङ रुममा एउटा टिभी र ड्याडी ममीको रुममा एउटा टिभी छ। हामी टिभी हेर्नु परेमा कहिले डाइनिङ रूपमा र कहिले ड्याडी ममीका रुममा बसेर हेर्छौं। मैले अलि ठुला बालबालिकाहरूलाई कोठाहरू सफा गर्ने, भाँडाहरू सफा गर्ने रोटेसन मिलाएकामा प्रतिवादी विष्णुप्रसाद पराजुलीले होममा संरक्षणमा बस्ने बालिकाहरूलाई प्रतिवादी मुना पराजुलीको संलग्नता र सहयोगमा जबरजस्ती करणी गर्छ भन्ने कुरा पहिला मलाई बताएका थिएनन्। पछि निजहरू पक्राउ परेपछि मात्र सुनी थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको दिनेश पाण्डेको कागज।

१२. म का.जि. ज्ञानेश्वर स्थित चर्चमा स्वयमं सेवकका रूपमा काम गर्ने हुँदा त्यहाँ म उक्त मर्निङ स्टार चिल्ड्रेन होमका बालबालिकाहरू रोटेसन अनुसार आउने क्रममा पीडित परिसर स (१), स (२), स (३) र स (४) लाई राम्रोसँग चिन्दछु। मिति ०६८ साल चैत्र महिनाको अन्तिमतिर विदेशी नागरिक WINDY र SINON नाम गरेका व्यक्ति आई हामी मर्निङ स्टार चिल्ड्रेन होमका डोनर हौं, त्यहाँका बालबालिकाहरूको समस्या रहेछ, हामी राम्रो नेपाली बुझ्दैनौं र बोल्न पनि जान्दैनौं, तपाईंले यी नानीहरूको समस्या के रहेछ सोधेर भिडियो रेकर्ड गरिदिनु भनी मलाई भनेको हुँदा निज बालिकाहरूलाई सोधेर भिडियो रेकर्ड तयार गर्दा निज बालिकाहरूले एकदमै पीडा झल्कने गरी रुँदै प्रतिवादी मुना पराजुलीको सहयोगमा प्रतिवादी विष्णुप्रसाद पराजुलीले विगत ४/५ वर्ष पहिलादेखि

पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२४ गतेसम्म पालैपालो गरी जबरजस्ती करणी गरेको भनी बताएको हुँदा सो रेकर्ड गरी निज डोनरलाई दिएको हुँ। पीडितहरूबाट सुन्दा उक्त घटनाको मलाई विश्वास लाग्छ भन्ने समेत ब्यहोराको उषा के.सी.को कागज।

१३. पीडित परिसर स (४) को स्वास्थ्य साधारण, निजको कन्याजाली पुरानो च्यातिएको, निजको शरीरमा कतै घाउ चोट लागेको छैन। पीडित परिसर स (३) को स्वास्थ्य साधारण, निजको कन्याजाली पुरानो च्यातिएको, निजको शरीरमा कतै घाउ चोट लागेको छैन। पीडित परिसर स (२) को स्वास्थ्य साधारण, निजको कन्याजाली पुरानो च्यातिएको, निजको शरीरमा कतै घाउ चोट लागेको छैन र पीडित परिसर स (१) को स्वास्थ्य साधारण, निजको कन्याजाली च्यातिएको छैन। निजको शरीरमा कतै घाउ चोट लागेको देखिँदैन भन्ने समेत ब्यहोराको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल थापाथलीको पीडितहरूको शारीरिक जाँच प्रतिवेदन।

१४. का.जि. चपली गा.वि.स.९ स्थित रहेको मर्निङ स्टार चिल्ड्रेन च्यारिटी भवनको मूल ढोका पश्चिमबाट र अर्को ढोका दक्षिणतर्फको कोठाबाट रहेको र दुबै कोठाको ढोका खोली हेर्दा उत्तरतर्फको कोठाभित्र विभिन्न कागजातहरू छरपस्ट छरिएका अवस्थामा रहेको र दक्षिणतर्फको कोठाको भुइँ धोइपखाली सफा गरेका अवस्थामा रहेको, सोही कोठाहरूमा च्यारिटी होमका वार्डेन विष्णुप्रसाद पराजुली र निजको श्रीमती मुना पराजुली बस्ने गरेको र सोही कोठाहरूमा सोही होमका बालिकाहरूलाई बोलाई विष्णुप्रसाद पराजुलीले बालिकाहरूमाथि यौन शोषण तथा यौन दुराचारजन्य क्रियाकलाप गर्ने गरेको भन्ने समेत ब्यहोराको घटनास्थल मुचुल्का।

१५. मर्निङ स्टार चिल्ड्रेन होममा बस्दै आएको दीपक बोहोराबाट मैले प्रतिवादी विष्णुप्रसाद पराजुलीले उक्त होमका बालबालिकाहरूलाई शारीरिक तथा मानिसक यातना दिने, कुटपिट गर्ने, बालिकाहरू नुहाउन जादासँगै जाने, उनीहरूलाई होमका कामहरू गराउने जस्ता कामहरू गर्ने गरेको भन्ने थाहा पाएको र उक्त होममा हाल बस्दै आएका दिनेश पाण्डेबाट पनि प्रतिवादीले यस्तै कामहरू गर्ने गरेको कुरा बताएका र प्रतिवादी मुना पराजुलीको सहयोगमा प्रतिवादी विष्णुप्रसाद पराजुलीले पीडितहरूलाई पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२४ गतेसम्म जबरजस्ती करणी गरेको भन्ने कुरा थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको बिरोध खतिवडाको कागज।

१६. म उक्त मर्निङ स्टार चिल्ड्रेन होममा ७ वर्ष देखि १८ वर्षको हुँदासम्म बसेको हुँदा निज पीडितहरूलाई राम्रोसँग चिन्दछु। उक्त होममा बस्दा बालबालिकाहरूलाई प्रतिवादी मुना पराजुली र विष्णुप्रसाद पराजुलीले होमको सम्पूर्ण काम लगाउने, कोठा बालिकाहरूले सफा गर्ने जस्ता कामहरू गर्नु पर्थ्यो। प्रायः शारीरिक तथा मानसिक यातना दिने गर्दथे। म उक्त होमबाट निस्केपछि पनि त्यहाँका बालबालिकाहरूलाई चर्चमा भेट हुन्थ्यो। मिति ०६८ साल पुष महिनाको क्रिसमस डेको दिन पीडितहरूले मलाई चर्चमा छुट्टै भेटी प्रतिवादी मुना पराजुलीले हामीहरूलाई पालैपालो ड्याडीसँग सुत्न जाउ भन्नु हुन्छ र गएन भने कुटपिट र गाली गर्नु हुन्छ, ड्याडीले पनि हामीलाई हातपात गर्ने, शरीरमा छुने, चलाउने र जबरजस्ती करणी गर्ने गर्नु हुन्छ र यो कुरा कसैलाई भनेमा कुटपिट गर्ने धम्की दिनु हुन्छ भनेका थिए। त्यसपछि मैले निज बहिनीहरूलाई तिमीहरूलाई गर्ने सहयोग म गर्छु भनेपछि यु.के.का डोनरहरू होममा आएपछि यी सबै कुराहरू पीडितहरूले डोनरलाई भनेछन् र

डोनरले पनि मलाई सोध्दा पीडितहरूले भनेको सबै कुरा मैले भनी दिएको हुँ, प्रतिवादी मुना पराजुलीको सहयोगमा प्रतिवादी विष्णुप्रसाद पराजुलीले पीडितहरूलाई जबरजस्ती करणी गरेको कुरामा मलाई विश्वास लाग्छ भन्ने समेत ब्यहोराको दीपक बोहोराको कागज।

१७. काठमाडौं जिल्ला चपली गा.वि.स.९ बाँसबारी स्थित मर्निङ स्टार चिल्ड्रेन च्यारिटी नेपालका सञ्चालक प्रतिवादी विष्णुप्रसाद पराजुलीले निजको श्रीमती प्रतिवादी मुना पराजुलीको सहयोगमा आफ्नै संरक्षणमा रहेका पीडितहरू परिसर स (१), स (२), स (३) र स (४) लाई विगत ४/५ वर्ष अगाडिदेखि डर त्रास देखाई पटक पटक पालैपालो गरी जबरजस्ती करणी गरी अन्तिम पटक मिति ०६८/१२/२४ गते पनि जबरजस्ती करणी गरेको देखिँदा निज प्रतिवादी विष्णुप्रसाद पराजुलीले गरेको सो कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. अनुसारको कसुर अपराध गरेको हुँदा निज प्रतिवादीलाई पीडित परिसर स (२) को उमेर १५ देखि १६ वर्षको देखिँदा निजको हकमा सोही महलको ३ को देहाय (३) नं. बमोजिम र पीडितहरू परिसर स (१), स (३) र स (४) को उमेर १६ वर्षभन्दा माथि देखिँदा निज प्रतिवादी विष्णुप्रसाद पराजुलीको हकमा सोही महलको ३ को देहाय (४) नं. बमोजिम सजाय हुन र अर्का प्रतिवादी मुना पराजुलीले आफ्नै संरक्षकत्वमा रहेका पीडितहरू परिसर स (१), स (२), स (३) र स (४) लाई आफ्नो श्रीमान विष्णुप्रसाद पराजुलीसँग पालैपालो जबरजस्ती करणी गर्न लगाएको हुँदा निज प्रतिवादी मुना पराजुलीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ६ नं. बमोजिमको कसुर अपराधमा निज प्रतिवादी विष्णुप्रसाद पराजुली उपर सजाय हुन मागदाबी लिइएको ऐ. महलको ३ नं. को देहाय (३) र ऐ महलको ३ नं. को देहाय (४) बमोजिम हुने सजायको आधा सजाय ऐ महलको ६ नं. बमोजिम सजाय हुन मागदाबी लिई सोही महलको १० नं. बमोजिम पीडितहरूलाई प्रतिवादी विष्णुप्रसाद पराजुलीबाट क्षतीपूर्ति दिलाइदिने व्यवस्था हुन समेत मागदाबी लिई सक्कल मिसिल र पक्राउ प्रतिवादीहरूलाई यसै अभियोग पत्रसाथ प्रस्तुत गरिएको ब्यहोरा अनुरोध छ भन्ने समेत ब्यहोराको अभियोग पत्र।

१८. हामीले मर्निङ स्टार चिल्ड्रेन च्यारिटी नेपाल खोलेको २२/२३ वर्ष भयो। यस संस्थाको उद्देश्य असहाय टुहुरा बालबालिकाको स्याहार सम्भार र शिक्षा दिक्षा दिनु हो। हाम्रो संस्थामा केटी १३ जना र केटा १० जना छन्। यस संस्थालाई यु.के.का नागरिकले सहयोग गरिआउनु भएको छ। हामीलाई लगाइएको आरोप निराधार हो।हाम्रो मनमा यस्तो कार्य गर्ने कल्पनासम्म पनि छैन र थिएन। कसले, किन र के स्वार्थले हामीमाथि यस्तो आरोप लगाए मलाई जानकारी भएन। हामीले स्याहार गर्ने केटीहरू हामी बस्ने घरको माथि बस्छन्, हामी तल बस्छौं। हामी बस्ने कोठा अगाडि टिभी हेर्ने हल छ। त्यहाँ बच्चाहरू आई टिभी हेर्ने गर्छन्। परिसर स (१), स (२), स (३) र स (४) लाई हामीले २/३ वर्षको अवस्थादेखि ल्याई स्याहार सम्भार शिक्षादीक्षा दिँदै आएका हौं। त्यति सानो उमेरदेखि छोराछोरी सरह लालन पालन स्याहार सम्भार गरी हुर्काएका केटाकेटीमाथि त्यस्तो व्यवहार गरेको भनी कल्पनासम्म पनि गर्न नसकिने झुट्टा आरोप हामीमाथि लगाइएको छ। यो सरासर झुट्टा र काल्पनिक हो। हामीबाट कुनै पनि अपराधिक कार्य भएको छैन। अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भन्ने ब्यहोराको प्रतिवादी मुना पराजुलीको यस अदालतको बयान।

१९. असहाय, टुहुरा, अपाङ्ग बालबालिकाहरूलाई पारिवारिक स्याहारसुसार र हेरचाह गर्ने उद्देश्यले विगत २३ वर्षदेखि मेरा सक्रियतामा स्टार चिल्ड्रेन च्यारिटी नेपाल स्थापना भएको हो। परिसर स (१), स (२), स (३) र स (४) एकदेखि पाँच वर्ष बिचको उमेरदेखि यस संस्थामा बस्दै आएका हुन्। परिसर स (१), स (२), स (३) र स (४) लगायतका बच्चाहरू मेरो कोठामा आउने जाने गर्छन्। मेरो कोठा नजिक टिभी हेर्ने कक्ष रहेकाले टिभी हेर्न आउने गर्छन् तर राती वार्डेन लक्ष्मी कार्कीको संरक्षणमा रहन्छन्, बाहिर निस्कन पाउँदैनन्। मेरी श्रीमतीको पाठेघरको अपरेसन गरेको हो भन्दैमा मैले आफ्ना छोराछोरी सरह बाबुआमाको प्यार दिइराखेका बच्चाहरूलाई आरोप अनुसारको कार्य गर्नु सोच्न पनि नसक्ने कुरा हो। यस संस्थालाई बेलायती नागरिकको सहयोग प्राप्त भएको छ। निजहरूले समय समयमा आई निरिक्षण गर्ने गर्दछन्। डोनरकी छोरी, नाती निरीक्षणका लागि नेपाल (यस संस्था) मा आएको अवस्था पारी नभएको कुराहरू लगाएको हुँदा निजहरूले हाम्रो अनुमति नलिई बालबालिकालाई चर्चमा लगी हाम्रा विरुद्धमा कागजहरू बनाएका हुन्। निजहरूले लगाएको आरोप अनुसारको कार्य मबाट भएको होइन। डोनर समेत मिली मलाई सो संस्थाबाट निकाल्न यो षडयन्त्र गरिएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी विष्णुप्रसाद पराजुलीको यस अदालतको बयान।

२०. घटना विवरण कागजमा भएको सहीछाप र ब्यहोरा मेरो हो। म सानै उमेरदखि त्यहाँ बस्दै आएको हो। मलाई विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको हो। मुना पराजुलीले (ड्याडी) विष्णुसँग सुत्न पठाउने गर्नु हुन्थ्यो। यति पटक भन्ने याद भएन। निजले मलाई पटक पटक जबरजस्ती करणी गरे। मलाई अन्तिम पटक मिति २०६८/१२/२३ गते जबरजस्ती करणी भएको हो भन्ने समेत ब्यहोराको पीडित परिसर स (१) ले यस अदालतमा आई गरेको बकपत्र।

२१. घटना विवरण कागजमा भएको सहीछाप र ब्यहोरा मेरो हो। म २ वर्षको उमेरदखि त्यहाँ बस्दै आएको हो। मलाई विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको हो। मुना पराजुलीले (ड्याडी) विष्णुसँग सुत्न पठाउने गर्नु हुन्थ्यो। यति पटक भन्ने याद भएन। निजले मलाई पटक पटक जबरजस्ती करणी गरे भन्ने समेत ब्यहोराको पीडित परिसर स (२) ले यस अदालतमा आई गरेको बकपत्र।

२२. घटना विवरण कागजमा भएको ब्यहोरा र सहीछाप मेरो हो। म त्यहाँ सानैदखि बस्दै आएको हो। विष्णुप्रसाद पराजुलीले मलाई एकचोटि लाइब्रेरीमा जबरजस्ती करणी गरेका थिए। त्यस बेला ब्लिडिङ भएको थियो। मुना पराजुलीले सो कार्यमा कुनै सहयोग गर्नु भएको छैन भन्ने समेत ब्यहोराको पीडित परिसर स (३) ले यस अदालतमा आई गरेको बकपत्र।

२३. घटना विवरण कागजमा भएको ब्यहोरा र सहीछाप मेरो हो। म १ वर्षको उमेरदेखि त्यहाँ बस्दै आएको हो। ठुलो हुँदै आएपछि मम्मीले तल सुत्न बोलाउनु हुन्थ्यो र ड्याडीसँग सुत्न जा भन्नु हुन्थ्यो। सुत्न जाँदा ड्याडीले च्यापेर सुत्नु हुन्थ्यो। शरीरका अङ्गहरू छाम्ने गर्नु हुन्थ्यो। ममीलाई बोलाउँदा ममीले सुन्नु हुन्थेन। विष्णुप्रसाद पराजुलीले मलाई ३ चोटि जबरजस्ती करणी गरेका थिए। २ चोटिको मिति थाहा छैन, अन्तिम पटक कक्षा नौ को Third Term को जाँच दिइरहेको बेलामा हो भन्ने समेत ब्यहोराको पीडित परिसर स (४) ले यस अदालतमा आई गरेको बकपत्र।

२४. घटना विवरण कागजको ब्यहोरा साँचो हो। मैले पीडितहरूको भिडियो खिचेको हुँ जसमा प्रतिवादीले पीडितहरूसँग गरेको यौन व्यवहारका बारेमा तिनीहरूले एकआपसमा कुराकानी गरिरहेका छन्। यो भिडियो अप्रिल महिनाको पहिलो हप्तातिर खिचिएको हो भन्ने समेत ब्यहोराको बुझिएका मानिस उषा के.सी.ले यस अदालतमा आई गरेको बकपत्र।

२५. मिति २०६९/०१/१४ गतेको घटना विवरण कागजको ब्यहोरा र सहीछाप मेरो हो। हाल म त्यस संस्थाको कार्यकारी अध्यक्षको पदमा रहेको छु। उक्त बाल गृहमा रहेका बालिकाहरूलाई त्यस संस्थामा कार्यरत भू.पू. निर्देशक कर्मचारीले यौन दुर्व्यवहार गरेको भन्ने जानकारी हामीलाई नानीहरूबाट दिइएन। प्रतिवादीहरूबाट त्यस्तो घटना भएको कुरा उहाँहरू पक्राउ परेपछि सुनी थाहा पाएको हुँ। बालगृह (होम) मा रहेका बालिकाहरूलाई जबरजस्ती करणी गरेको कारण विष्णु पराजुली र मुना पराजुलीको राजीनामा स्वीकृत गरेको होइन। उहाँहरूले विविध घरायसी कारण देखाई राजीनामा दिनु भएको हुँदा राजीनामा स्वीकृत गरिएको हो भन्ने समेत ब्यहोराको बुझिएका मानिस रामचन्द्र गौतमले यस अदालतमा आई गरेको बकपत्र।

२६. कागजमा भएको ब्यहोरा र सहीछाप मेरो हो। प्रतिवादीहरूले यौन दुर्व्यवहार गरेको कुरा पीडितहरूले मलाई प्रत्यक्ष रूपमा गत क्रिसमस डेको दिन भनेका थिए। उनीहरूले ४/५ वर्षदेखि हामीलाई यस्तो कार्य हुँदै आइरहेको छ भनी भनेका थिए भन्ने समेत ब्यहोराको मौकामा कागज गर्ने दीपक बोहोराले यस अदालतमा आई गरेको बकपत्र।

२७. म सात वर्षको उमेरदेखि मर्निङ स्टार चिल्ड्रेन होममा बस्दै आएको छु। म बालबालिकाहरूको लिडर पनि हुँ। होममा कुनै पनि प्रकारको यौनजन्य क्रियाकलाप हुँदैनथ्यो। मलाई यस घटनाको बारेमा कसैले केही पनि भनेनन्। प्रतिवादीहरूलाई पक्राउ गरेपछि मात्र मैले यो कुरा थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको बुझिएका मानिस दिनेश पाण्डेले यस अदालतमा आई गरेको बकपत्र।

२८. दीपक बोहोराले मलाई चिल्ड्रेन होममा कुटपिट, बलत्कार र आर्थिक हिनामिना हुन्छ, विष्णु पराजुलीलाई नुहाइदिनु पर्ने, उहाँले भनेका कुराहरू गरिदिनु पर्ने र होमभित्र बस्दा निजले अपशब्द बोल्ने र बच्चाहरूलाई टर्चर दिने गर्छन् भनेका थिए भनी बुझिएका मानिस विरोध खतिवडाले यस अदालतमा आई गरेको बकपत्र।

२९. म ९/१० वर्ष अगाडिदेखि चिल्ड्रेन होममा जाने आउने गर्थें। मुना पराजुलीको चालचलन बानी ब्यहोरा राम्रो थियो। निजले होममा रहेका बालबालिकाहरूलाई राम्रो व्यवहार सिकाउनु हुन्थ्यो। उहाँले आरोपित कसुर गरेको भन्ने मलाई विश्वास लाग्दैन। विभिन्न व्यक्ति तथा संस्थाहरूले उहाँलाई फसाउन यस्तो आरोप लगाएका हुन् भन्ने समेत ब्यहोराको प्रतिवादी मुना पराजुलीका साक्षी सुमन गुरुङले यस अदालतमा आई गरेको बकपत्र।

३०. म १८ वर्षदेखि मर्निङ स्टार चिल्ड्रेन होममा खाना पकाउने तथा वार्डेनका रूपमा काम गर्दै आएको छु। बच्चाहरू मसँगै सुत्ने गर्छन्। उहाँहरूले बालबच्चाहरूलाई आफ्नै छोराछोरीलाई जस्तो माया र व्यवहार गर्नु हुन्थो। उहाँहरूलाई रिसइवीले यस्तो आरोप लगाइएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी मुना पराजुलीका साक्षी लक्ष्मी कार्कीले यस अदालतमा आई गरेको बकपत्र।

३१. प्रतिवादीहरूको बालगृहमा आश्रित बच्चाहरू मेरो स्कुलमा पढ्ने गर्छन्। म प्रतिवादीहरूलाई ७/८ वर्षदेखि चिन्दछु। उहाँहरू जाँड रक्सी जस्ता नसालु पदार्थ कहिलै सेवन नगर्ने राम्रो चालचलन र बानी व्यवहार भएको मानिस हो। मैल थाहा पाएसम्म उहाँहरूले होममा बस्ने बालबालिकाहरूलाई बाबुआमाले आफ्ना छोराछोरीलाई गर्ने जस्तै व्यवहार गर्नु हुन्थ्यो। मैले उहाँहरूले त्यस्तो दुर्व्यवहार गरेको कहिलै थाहा पाइनँ। नसालु पदार्थ सेवन नगर्ने मानिसले आफुले हुर्काएका बालबालिकालाई त्यस्तो दुर्व्यवहार कहिलै गर्न सक्दैन। उहाँहरूलाई फसाउन यो आरोप लगाइएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी विष्णुप्रसाद पराजुलीका साक्षी महेश्वर अधिकारीको बकपत्र।

३२. म करिब ७ वर्षदेखि उक्त होममा ट्युसन पढाउँछु। विष्णु सर असल आचरण भएको राष्ट्रिय सम्मान प्राप्त प्रतिष्ठित मानिस हो।उहाँ अभियोग लगाए जस्तो आचरण भएको मानिस होइन। बालबालिकाहरू मसँग ट्युसन पढ्दा आफ्नो मनका सबै कुराहरू गर्छन्। उहाँको त्यस्तो व्यवहार भएको भए कुनै एक जनाले त मलाई सो कुरा भन्नु पर्ने तर कुनै पनि बालबालिकाले मलाई त्यस्तो कुरा बताएनन्। म विष्णु सरले त्यस्तो गलत काम गर्नु भयो होला भनेर कल्पना पनि गर्न सक्दिन भन्ने समेत ब्यहोराको प्रतिवादी विष्णुप्रसाद पराजुलीका साक्षी प्रदीप कट्टेलले बकेको बकपत्र।

३३. म विगत २३ वर्षदेखि महिला अधिकार कर्मीका रूपमा कार्य गर्दै आएको छु। मैले यी प्रतिवादीहरू तथा पीडित बहिनीहरूलाई चिनेको थिइनँ। मेरो विष्णु पराजुली र मुना पराजुलीसँग कुनै सत्रुता छैन। मैले यो शोषण र उत्पीडन प्रत्यक्ष रूपले देखेको होइन, चैत्रको अन्तिमतिर कुनै विश्वासिलो व्यक्तिबाट खिचिएको पीडित बहिनीहरूलाई त्यस होममा भएको यौन हिंसाबारेमा प्रत्यक्ष वर्णन गरिएको भिडियो र उनीहरूबाटै लेखिएको पत्र मेरो हातमा पऱ्यो। मैले पटक पटक सो भिडियो हेरेँ, पत्र पढेँ। त्यसमा बहिनीहरूले गरेको दर्दनाक बयानले मेरो मन छोयो र पीडित बहिनीहरूलाई शोषण र उत्पीडनबाट मुक्ति दिई न्याय दिलाउन मैले सप्रमाण यो जाहेरी दिएको हो। यो कुनै बनावटी र कपोलकल्पित केस होइन र मैले कसैको लहैलहै र उक्साहटमा यो जाहेरी दिएको पनि होइन। मेरो व्यक्तिगत रूपमा कसैसँग कुनै रिसइवी र वैमनस्य छैन। म प्रवृत्ति विरुद्ध लडेको हुँ, व्यक्ति विरुद्ध होइन भन्ने समेत ब्यहोराको जाहेरवाला इन्दिरा घलेले यस अदालतमा आई गरेको बकपत्र।

३४. मिति २०६९/०१/१० मा भएको उमेर परीक्षण प्रतिवेदनको ब्यहोरा र सोमा भएको सहीछाप मेरै हो। कुनै पनि व्यक्तिको उमेर सम्बन्धी राय दिँदा व्यक्तिको उमेर समूह अनुसार शरीरमा हुने परिवर्तनका लक्षणहरू, शारीरिक विकास, दाँत र हाडमा देखिने परिवर्तनका आधारमा परीक्षण गरी राय दिइन्छ। मैले यी चारै जना पीडितको शारीरिक परीक्षण सोही आधारमा गरी राय साथ प्रतिवेदन दिएको हुँ भन्ने समेत ब्यहोराको वादी पक्षका साक्षी डा. हरिहर वस्तीले यस अदालतमा आई गरिदिएको बकपत्र।

३५. मिति २०६९/०४/२४ मा पीडितहरूको स्वास्थ्य परीक्षण डा. मिना झा र मैले गरी परीक्षण रिपोर्ट दिएको हो। पीडितको स्वस्थ्य परीक्षण गर्दा निजको स्वास्थ्य सामान्य देखिएको थियो। निजहरूको शरीरमा रातो डाम देखिएको थिएन। जबरजस्ती करणी गरेको भन्ने कुरा परीक्षण गर्दा देखिँदैन भन्ने समेत ब्यहोराको वादी पक्षका साक्षी डा. मधु तुम्बाहाम्फेले यस अदालतमा आई गरेको बकपत्र।

## यस अदालतको ठहर

३६. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक जिल्ला न्यायाधिवक्ता श्री रुद्रप्रसाद आचार्यले प्रतिवादी विष्णुप्रसाद पराजुलीले आफ्नै संरक्षणमा बालगृहमा रहेका परिवर्तित नाम परिसर स (१), स (२), स (३) र स (४) लगाएतका अनाथ बालिकाहरूलाई लामो समयदेखि जबरजस्ती करणी गरी यौन शोषण गर्दै आएका र सो कार्य गर्न निजकी श्रीमती प्रतिवादी मुना पराजुलीले सहयोग र समर्थन गरी जबरजस्ती करणी गर्न मद्दत गरेको किटानी जाहेरी पर्न आएको तथा पीडितहरूको बयान बकपत्र, बुझिएका मानिसहरूले गरिदिएका कागज, पीडित बालिकाहरूको शारीरिक परीक्षण प्रतिवेदनबाट समेत निजहरू उपरको अभियोग पुष्टि भएको हुँदा निजहरूलाई अभियोग दाबी बमोजिम सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नु भयो साथै सोही ब्यहोराको बहस नोट प्रस्तुत गर्नु भयो।

३७. जाहेरवालाका तर्फबाट उपस्थित विदुषी अधिवक्ताद्वय मीरा ढुङ्गाना र सुष्मा गौतम तथा विद्वान अधिवक्ता रूपनारायण श्रेष्ठले प्रतिवादी विष्णुप्रसाद पराजुलीले परिवर्तित नाम परिसर स (१), स (२), स (३) र स (४) लाई जबरजस्ती करणी गरेको, प्रतिवादी मुना पराजुलीले पीडितहरूलाई आफ्नै पति विष्णुप्रसाद पराजुलीसँग करणी गर्न लगाएको भन्ने अभियोग दाबी मिसिल संलगन विभिन्न तथ्यहरूबाट पुष्टि भएको छ। पीडिताहरू यी प्रतिवादीहरू सँगै एकै घरमा बस्ने गरेको, निजहरूको कोठामा बेलुका टिभी हेर्न आउने गरेको, पलङमा बस्दा ड्याडीसँग छोइँदा केही हुँदैन भनी प्र. मुना पराजुलीले पीडितहरूलाई भन्ने गरेको कुरा निजले नै आफ्नो बयानामा स्वीकार गरेको, श्रीमती मुना पराजुलीको पाठेघरको अपरेसन गरेको कुरालाई प्र. विष्णुप्रसाद पराजुलीले स्वीकार गरी अनुसन्धान अधिकारी तथा अदालत समेतमा बयान गरेबाट अभियोग दाबी पुष्टि भइरहेको छ। प्रतिवादी मुना पराजुलीले पीडितहरूलाई प्रतिवादी विष्णुप्रसाद पराजुलीसँग सँगै सुत्न लगाउने र विष्णुप्रसाद पराजुलीले राती जबरजस्ती करणी गर्ने गरेको, पीडितहरूले सो पीडा प्र. मुना पराजुलीलाई भनी गुहार माग्दा निजले वास्तै नगरेको कुरालाई पीडितहरूले किटानीसाथ आफ्नो बयान तथा बकपत्रमा उल्लेख गरेको अवस्था छ।पीडितहरू परिसर स (२), स (३) र स (४) को कन्याजाली च्यात्तिई पुरानो भएको भन्ने चिकित्सकीय परीक्षण प्रतिवेदनबाट देखिएको समेतका आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू कसुरदार भएको कुरा प्रमाणित हुँदा निजहरूलाई अभियोग दाबी अनुसार सजाय गर्नु पर्दछ भनी बहस गर्नु भयो साथै सोही ब्यहोराको बहस नोट प्रस्तुत गर्नु भयो।

३८. प्रतिवादीतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रंजितभक्त प्रधानाङ्ग, विद्वान अधिवक्ता निर्मला शाक्यर श्यामकुमार विश्वकर्माले पीडिताहरूको कुनै नाता सम्बन्धभित्रको नभएको एवम् पीडिताहरूको संरक्षक नै नभएको व्यक्तिबाट दिइएको जाहेरी कानुनतः त्रुटिपूर्ण छ। प्रतिवादी विष्णुप्रसाद पराजुलीले विगत ४/५ वर्ष अगाडिदेखि जबरजस्ती करणी गरेको भए सोही समयबाट नै ३५ दिनभित्र जबरजस्ती करणीको मुद्दा दायर गर्नु पर्नेमा हाल आएर जबरजस्ती करणी गऱ्यो भनी उनाउँ व्यक्तिले जाहेरी दिई प्रतिवादीलाई फसाउन मात्र खोजिएको हो। जबरजस्ती करणी हुँदा पीडितहरूको

योनीमा चोटपटक, घाउ, सुनिएको, रगत, वीर्य आदि हुनु पर्नेमा पीडितहरूको शारीरिक परीक्षणबाट त्यस्तो केही नभेटिएको तथा पीडितहरूको कन्याजाली यौन सम्पर्क बाहेक अन्य कारणहरूबाट पनि च्यात्तिई पुरानो हुन सक्ने भएकाले जबरजस्ती करणीको वारदात नै भएको पुष्टि हुँदैन। जबरजस्ती करणी गरेको भए प्रतिवादी विष्णुप्रसाद पराजुलीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजको लिङ्गमा चोटपटक, रगत, वीर्य आदि हुनु पर्नेमा सो नरहेकाले यी प्रतिवादीले आरोपित कसुर गरेका हुन् भनी भन्न सकिने तथ्ययुक्त आधार देखिँदैन। प्रतिवादी विष्णुप्रसाद पराजुलीको आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय (Mens Rea) स्थापित हुन सकेको छैन। यी प्रतिवादी विष्णुप्रसाद पराजुलीको कसुर मालाकार रूपमा स्थापित (Corroborate) नभएको जस्ता कारणहरूबाट यी प्रतिवादी विष्णुप्रसाद पराजुली निर्दोष छन्। त्यस्तै प्रतिवादी मुना पराजुलीले पीडिताहरूलाई जबरजस्ती करणी गर्न विष्णुप्रसाद पराजुलीलाई अह्राएको र सो अह्राेट वा वचन मानेर विष्णुप्रसाद पराजुलीले पीडितहरूलाई करणी गरेको भन्ने वादी नेपाल सरकारले अभियोग दाबी लिन नसकेको र अह्राउने भनेको पीडित (Victim) लाई नभई मुख्य अभियुक्त (Principal Offender) लाई नै हुँने हुँदा प्रतिवादी मुना पराजुली उपरको अभियोग मागदाबी नै गलत भएकाले प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ हुनु पर्दछ भनी बहस गर्नु भयो साथै सोही ब्यहोराको बहस नोट प्रस्तुत गर्नु भयो।

३९. उपरोक्त बहस सुनी विद्वान कानुन व्यावसायीहरूद्वारा पेस गर्नु भएको बहस नोट तथा मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरी प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूको निर्णय निरोपण हुनु पर्ने देखियो।

१. प्रस्तुत विवादमा पीडितका आमा, बाबु, वा नजिकका नातेदार बाहेकका अन्य व्यक्तिद्वारा दिइएको जाहेरी दरखास्तलाई कानुन अनुरूपको मान्न मिल्छ वा मिल्दैन ?

२. प्रस्तुत मुद्दा हदम्यादभित्र छ वा छैन ?

३. अभियोग दाबी बमोजिमको जबरजस्ती करणीको वारदात (Corpus Delicti) भएको हो वा होइन ?

४. प्रतिवादी विष्णुप्रसाद पराजुलीले पीडिताहरूलाई अभियोग दाबी अनुरूप जबरजस्ती करणीको कसुर गरेको पुष्टि हुन्छ वा हुँदैन ?

५. प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई प्रतिवादी मुना पराजुलीले पीडिताहरूलाई जबरजस्ती करणी गर्न अह्राई कसुर गरेको पुष्टि हुन्छ, हुँदैन ? हुँदैन भने यी प्रतिवादी मुना पराजुलीले के कस्तो कसुर गरेको देखिन्छ ?

६. प्रतिवादी विष्णुप्रसाद पराजुली र मुना पराजुलीलाई के कस्तो सजाय गर्नु पर्ने हो ?

४०. निर्णयतर्फ सर्वप्रथम पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा का.जि. चपली भद्रकाली गा.वि.स. वडा नं.९ स्थित मर्निङ स्टार चिल्ड्रेन होममा सोही संस्थामा कार्यरत प्रतिवादी मुना पराजुलीले ललाई फकाई सोही होममै संरक्षणमा रहेका बालिकाहरू परिसर स (१), स (२), स (३) र स (४) लाई प्रतिवादी विष्णुप्रसाद पराजुलीसँग सुत्न पठाउने र होममा विगत ४/५ वर्षदेखि प्रतिवादी विष्णुप्रसाद पराजुलीले पटक पटक गरी अन्तिम पटक मिति २०६८/१२/२४ गतेसम्म जबरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीहरूलाई कारबाही गरिपाउँ भन्ने मिति २०६९/०१/०५ को सयपत्री नेपाल

धनकुटाका सचिव इन्दिरा घलेको जाहेरी दरखास्त देखिन्छ जसबाट यी जाहेरवाली पीडिताहरूको कुनै नाता सम्बन्धको नभएको एवम् पीडिताहरूको संरक्षक नभएको भन्ने समेत देखिन्छ। यस्तो पीडिताहरूसँग कुनै नाता सम्बन्ध र कुनै सरोकार नभएको व्यक्तिबाट दिइएको जाहेरी नै त्रुटिपूर्ण छ भन्ने प्रतिवादीतर्फका विद्वान वरिष्ठ अधिवक्ता समेतले बहसको क्रममा समेत उल्लेख गर्नु भएको पाइन्छ। परन्तु, जाहेरी दरखास्त सिर्फ अपराधको वारदात वा घटना घटेको भन्ने कुराको जानकारी वा सूचना मात्र हो। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा (३) मा अनुसूची-१ मा लेखिएको "कुनै पनि अपराध भएको, भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफुसँग भएको वा आफुले देखे जानेसम्मको सबुत प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्ने छ" भन्ने समेतको कानुनी व्यवस्था देखिन्छ। भइरहेको उक्त कानुनी प्रावधानबाट घटिसकेको अपराधका सम्बन्धमा मात्र नभई घटिरहेको वा घट्ने संभावना भएका अपराधको सम्बन्धमा समेत थाहा पाउनेले दरखास्त दिनु पर्ने देखिँदा जाहेरी दरखास्त स्वयंमा अपराध पुष्टि गर्ने प्रमाण होइन। जाहेरवाला घटनाको पीडित हुनु पर्ने वा घटना प्रत्यक्ष देखेको व्यक्ति नै हुनु पर्ने वा पीडितको नजिकको नातेदार, संरक्षक आदि हुनु पर्ने कानुनी अनिवार्यता नहुँदा प्रस्तुत विवादमा पीडितका कुनै नातेदार नरहेकी सयपत्री नेपाल धनकुटाको सचिव इन्दिरा घलेको जाहेरी दरखास्तलाई कानुन अनुरूपको मान्नु पर्ने देखियो।

४१. दोस्रो प्रश्न सम्बन्धमा निर्णयतर्फ विचार गर्दा प्रतिवादी मुना पराजुलीको सहयोगमा प्रतिवादी विष्णुप्रसाद पराजुलीले विगत ४/५ वर्ष अगाडिदेखि जबरजस्ती करणी गरी अन्तिम पटक मिति २०६८/१२/२१,२२,२३ र २४ गते पनि जबरजस्ती करणी गरेको भनिएको पाइन्छ। यसरी विगत ४/५ वर्ष अगाडिदेखि जबरजस्ती करणी गरेकामा सोही समयबाट नै ३५ दिनभित्र जबरजस्ती करणीको मुद्दा दायर गर्नु पर्ने भन्ने जिकिर समेत प्रतिवादीतर्फका विद्वान वरिष्ठ अधिवक्ता समेतको बहसको क्रममा आएको पाइन्छ। तत् सम्बन्धमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ११ नं ले "जबरजस्ती करणीको कुरामा सो भए गरेको मितिले ३५ दिनभित्र नालिस नदिए लाग्न सक्दैन" भन्ने कानुनी व्यवस्था भएको देखिन्छ। जसबाट जबरजस्ती करणीको मुद्दा गर्नका लागि सिमित समयावधिको हदम्याद कानुनले निर्धारित गरेको कुरामा कुनै विवाद छैन। परन्तु, विगत ४/५ वर्षदेखि निरन्तर जबरजस्ती करणीमा पर्दै आएको अवस्थामा प्रथम पटक जबरजस्ती करणी भएको मितिमा नै मुद्दा दायर गर्नु पर्ने भन्ने कानुनी व्यवस्था नभएको र पछिल्लो पटक जबरजस्ती करणी भएको मितिबाट समेत मुद्दा दायर गर्ने हदम्यादको गणना गर्नु पर्ने अवस्था देखिन्छ। सो अनुसार प्रस्तुत मुद्दामा पीडितहरू उपर अन्तिम पटक मिति २०६८/१२/२४ मा प्रतिवादी विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको भनी सो आधारमा ३५ दिनभित्र दायर भएको प्रस्तुत मुद्दा हदम्यादभित्रै दायर भएको मान्नु पर्ने देखियो।

४२. अब तेस्रो प्रश्न अभियोग दाबी बमोजिम जबरजस्ती करणीको वारदात (Corpus Delicti) भएको हो वा होइन ? भन्ने सम्बन्धमा निर्णयतर्फ विचार गर्दा त्यस सम्बन्धमा निरोपण गर्न जाहेरी दरखास्त एवं जाहेरवालाको बकपत्र, पीडिताहरूको मौकाको भनाइ र बकपत्र, मौकामा बुझिएका व्यक्तिहरूको

मौकाको कागज र बकपत्र, पीडिताहरूको शारीरिक जाँच प्रतिवेदन र सो प्रतिवेदन दिने चिकित्सकले अदालतमा उपस्थित भई गरिदिएको बकपत्र जस्ता मिसित संलग्न स्वतन्त्र र प्रत्यक्ष प्रमाणहरूको विश्लेषण गर्नु पर्ने हुन आउँछ। उक्त प्रमाणहरूमध्ये पनि पीडितहरूको मौकाको भनाइ र अदालतको बकपत्र र निजहरूको मौकाको शारीरिक परीक्षण प्रतिवेदन यस सन्दर्भमा प्रमुख देखिएका छन्।

४३. पीडित परिसर स (१) ले मौकामा अनुसन्धान अधिकारी समक्ष कागज गर्दा म ५ वर्षको उमेरमा का.जि. चपली भद्रकाली गा.वि.स.९ स्थित मर्निङ स्टार चिल्ड्रेन होमको संरक्षणमा बसी आएको हुँ। म १३,१४ वर्षको उमेर हुँदादेखि प्रतिवादी मुना पराजुलीले मलाई तिमी ड्याडी (विष्णुप्रसाद पराजुली) सँग सुत भन्नु हुन्थ्यो, राती म निदाएको मौका पारी अं.११ बजेतिर ड्याडीले मलाई च्याप्प अँठ्याएर दुबै खुट्टाले मेरा खुट्टा च्यापी मेरो छातीमा समाउने, निजको लिङ्ग मेरो योनीमा घुसाई जबरजस्ती करणी गर्नु हुन्थ्यो। मलाई दुखेर हटाउन खोज्दा ड्याडीले समातेको समात्यै गर्नु हुन्थ्यो। मलाई त्यसो गर्दा पिसाब पोल्थ्यो। म नछुने हुँदा अन्य पीडितहरू हाल नाम परिवर्तिन परिसर स (२), स (३) र स (४) लाई पालैपालो सुत्न पठाउने गर्नु हुन्थ्यो।ममीको पाठेघरको अप्रेसन गरेको हुँदा ममी ड्याडीसँग एकैछिन मात्र सुत्नु हुन्थ्यो अनि अर्को खाटमा गई सुत्नु हुन्थ्यो। यसरी नै मलाई पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२३ गते रातीसम्म प्रतिवादी विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको हो भन्ने समेत ब्यहोरा देखिन्छ। त्यसै गरी पीडित परिसर स (२) को मौकाको अनुसन्धान अधिकारी समक्षको कागजबाट म अं. ७/८ वर्षको हुँदा बिरामी भई कोठामा एक्लै सुतिरहेका अवस्थामा प्रतिवादी विष्णुप्रसाद पराजुली उक्त कोठामा आई ढोकाको चुकुल लगाई झ्यालका पर्दाहरू समेत लगाई ममाथि चढी जबरजस्ती करणी गरी कसैलाई नभन्नु भनी जानु भयो। प्रतिवादी मुना पराजुली र विष्णु पराजुलीले मलाई पटक पटक निजहरूको कोठामा सुत्न बोलाउँदा म नगएमा गाली गर्नु हुन्थ्यो र यसै गरी प्रतिवादी विष्णु पराजुलीले पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२१ गतेसम्म जबरजस्ती करणी गरेको हो भन्ने समेत ब्यहोरा पाइन्छ। पीडित परिसर स (३) को मौकाको अनुसन्धान अधिकारी समक्षको कागजबाट म अं. ७ वर्षको हुँदा चिल्ड्रेन होमको माथिल्लो तलाको पुस्तकालय कोठामा म पुस्तकहरू पढ्दै गरेका अवस्थामा प्रतिवादी विष्णुप्रसाद पराजुली आई ढोकाको चुकुल लगाई जबरजस्ती करणी गर्नु भयो। त्यसपछि ममीले पालैपालो हामीलाई ड्याडीसँग सुत्न पठाउने गर्नु हुन्थ्यो, यसै गरी पटक पटक गरी अन्तिम पटक मिति ०६८/१२/२२ गते रातीसम्म प्रतिवादी विष्णुप्रसाद पराजुलीले मलाई जबरजस्ती करणी गरेको हो भन्ने ब्यहोरा देखिन्छ। परिसर पीडित स (४) को मौकाको अनुसन्धान अधिकारी समक्षको कागजबाट म कक्षा ९ मा पढ्ने बेलादेखि नै ड्याडी विष्णुप्रसादले दुर्व्यवहार गर्नु हुन्थ्यो। प्रतिवादी मुना पराजुलीले मलाई ड्याडीसँग सुत्न जाउ भनी जबरजस्ती गाली गरी पठाउनु हुन्थ्यो। यस्तैमा मिति ०६८/१२/२४ गते पनि निज प्रतिवादी विष्णुप्रसाद पराजुलीले मलाई जबरजस्ती करणी गरेको हुँदा मैले प्रतिवादी मुना पराजुलीलाई ड्याडीले मलाई नराम्रो काम गर्नु भयो भन्दा निजले वास्ता नै नगरी उल्टै मलाई गाली गर्नु भयो। प्रतिवादी विष्णुप्रसाद पराजुलीले मेरा साथीहरू परिसर स (१), स (२), स (३) र म समेतलाई यस्तै व्यवहार पटक पटक गर्ने गरेको हो भन्ने समेत ब्यहोरा देखिन्छ।

४४. पीडित परिसर स (१) ले यस अदालतमा आई बकपत्र गर्दा म सानै उमेरदखि त्यहाँ बस्दै आएको हो। मलाई विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको हो। मुना पराजुलीले (ड्याडी) विष्णुसँग सुत्न पठाउने गर्नु हुन्थ्यो। निजले मलाई पटक पटक जबरजस्ती करणी गरे र अन्तिम पटक मिति २०६८/१२/२३ गते जबरजस्ती करणी भएको हो भन्ने ब्यहोरा देखिन्छ। पीडित परिसर स (२) ले अदालमा बकपत्र गर्दा म २ वर्षको उमेरदखि त्यहाँ बस्दै आएको हो। मलाई विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको हो। मुना पराजुलीले (ड्याडी) विष्णुसँग सुत्न पठाउने गर्नु हुन्थ्यो। निजले मलाई पटक पटक जबरजस्ती करणी गरे भनी लेखाइदिएको देखिन्छ। पीडित परिसर स (३) ले अदालतमा आई बकपत्र गर्दा म त्यहाँ सानैदखि बस्दै आएको हो। विष्णुप्रसाद पराजुलीले मलाई एकचोटि लाइब्रेरीमा जबरजस्ती करणी गरेका थिए। त्यस बेला ब्लिडिङ भएको थियो भन्ने समेत ब्यहोराको बकपत्र गरेको पाइन्छ।पीडित परिसर स (४) ले अदालतमा आई बकपत्र गर्दा म १ वर्षको उमेरदखि त्यहाँ बस्दै आएको हो। ठुलो हुँदै आएपछि मम्मीले तल सुत्न बोलाउनु हुन्थ्यो र ड्याडीसँग सुत्न जा भन्नु हुन्थ्यो, सुत्न जाँदा ड्याडीले च्यापेर सुत्नु हुन्थ्यो, शरीरका अङ्गहरू छाम्ने गर्नु हुन्थ्यो, ममीलाई बोलाउदा ममीले सुन्नु हुन्थेन। विष्णुप्रसाद पराजुलीले मलाई ३ चोटि जबरजस्ती करणी गरेका थिए, २ चोटिको मिति थाहा छैन अन्तिम पटक कक्षा नौ कक्षाको Third Term को जाँच दिइरहेको बेलामा जबरजस्ती करणी गरेको हो भनी बकपत्र गरेको पाइन्छ। पीडिताहरूले अदालतमा आई गरेको बकपत्रबाट पीडिताहरू क्रमशः स (१), स (२), स (३) र स (४) ले अनुसन्धान अधिकारी समक्षको मौकाको बयानलाई अधिकांशतः समर्थन गरी अदालतमा समेत बकपत्र गरेका देखिन्छ।

४५. खास गरी पीडितहरूमध्ये परिसर स (१) ले आफ्नो बकपत्रमा अभियुक्तले कसरी जबरजस्ती करणी गर्दथे भनी दिएको ब्यहोरा (सवाल जवाफ ७ र ८ ), परिसर स (२) को जबरजस्ती करणी कति पटक गरे र कहिलेदेखि गरे भनी दिएको ब्यहोरा (सवाल जवाफ ८ र १४), परिसर स (३) को निजलाई कहिले प्रतिवादीले जबरजस्ती करणी गरेका थिए भनी उल्लेख गरी भएको बकपत्र (सवाल जवाफ ८) र परिसर स (४) को वारदात सम्बन्धी विस्तृत बकपत्र (सवाल जवाफ ७ र ८) ले अभियुक्तले जबरजस्ती करणीको वारदात घटाएको भन्ने देखिन्छ। पीडिताहरू चार जनाले स्पष्ट भाषामा घटना पूर्वको मितिदेखि घटना हुँदाको अवस्था एवम् तत् पश्चातको कुराहरू समेत सविस्तार वर्णन गरेको देखिन्छ। पीडिताहरूले गरेको वर्णनमा खास कुनै विरोधाभास र भ्रम प्रस्तुत गरेको देखिँदैन। प्रतिवादीहरूको सम्बन्धमा पीडिताहरूले व्यक्त गरेको कुराबाट प्रतिवादीहरू उपर कुनै दुराग्रह व्यक्त गरेको पनि देखिएन। यसरी पीडिताहरूले सहज र स्वाभाविक रूपले प्रतिवादीले निजहरू उपर गरेको काम र अपराधको सम्बन्धमा व्यक्त गरेको भनाइलाई अविश्वसनीय मान्नु पर्ने कारण देखिन आएको छैन। पीडिताहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडित परिसर स (१) देखि बाहेक अन्य पीडिताहरू स (२), स (३) र स (४) को कन्याजाली पुरानो च्यातिएको भन्ने उल्लेख भई उक्त प्रतिवेदन दिने डा. मधु तुम्बाहाम्फेले अदालतमा उपस्थित भई उक्त प्रतिवेदनलाई समर्थन गरी बकपत्र गरेको पाइन्छ। जसबाट पीडिताहरू पहिलेदेखि नै जबरजस्ती करणीमा परिरहेको भन्ने देखिन्छ। यस सम्बन्धमा प्रतिवादीतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता एवं अधिवक्ताहरूले

पीडितहरूको योनीमा कुनै चोटपटक, घाउ, सुन्निएको आदि केही नभएको, रगत, वीर्य आदि केही नभेटिएकाले जबरजस्ती करणीको वारदात नै भएको पुष्टि हुँदैन भनी जिकिर लिएको देखिए पनि प्रस्तुत मुद्दामा जबरजस्ती करणीको वारदातमा विगत ४/५ वर्षदेखि पीडित भएका पीडिताहरूको पछिल्लो पटकको जबरजस्ती करणी पश्चात भएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा योनीमा चोटपटक, घाउ नदेखिने हुन सक्छ। लामो समयदेखि जबरजस्ती करणीमा परेका पीडितहरूको योनीद्वार खुकुलो हुन पुग्ने समेतबाट पछिल्लो जबरजस्ती करणी हुँदा निजहरूको योनीमा चोटपटक, घाउ आदि हुनै पर्दछ भन्ने प्रतिवादीतर्फका विद्वान वरिष्ठ अधिवक्ता समेतको जिकिर मनासिब देखिँदैन। यसै गरी प्रस्तुत मुद्दामा पीडिताहरूलाई अन्तिम पटक जबरजस्ती करणी भएको मिति २०६८/१२/२४ भन्ने उल्लेख भएको र प्रहरीमा जाहेरी परेको मिति २०६९/०१/०५ रहेको छ। सो पश्चात पीडिताहरूको शारीरिक परीक्षण मिति २०६९/०१/०६ मा भएको छ। अन्तिम पटक जबरजस्ती करणी भएको ११/१२ दिन पछि मात्र स्वास्थ्य परीक्षण भएका अवस्थामा जबरजस्ती करणी पश्चात तत्काल भएको स्वास्थ्य परीक्षणमा जस्तै रगत वा वीर्य आदि प्रमाणहरू प्राप्त हुने अवस्था नहुने हुन्छ। यही आधारमा मात्र वारदात नघटेको मान्न प्रस्तुत मुद्दाको विशेष चरित्रका आधारमा मिल्दैन। यसका अतिरिक्त घटनास्थल प्रकृति मुचुल्काबाट प्र. विष्णुप्रसाद पराजुली र मुना पराजुली एउटै कोठामा सुत्ने गरेको र सोही कोठामा वारदात घटेको भन्ने समेत पाइन्छ। जाहेरवाला इन्दिरा घलेको प्रतिवादीहरूले पीडिताहरूलाई जबरजस्ती करणी गरेको भनी परेको किटानी जाहेरी र सो जाहेरीलाई समर्थन गरी गरेको अदालतको बकपत्र, मौकामा बुझिएका उषा के.सी. र दीपक बोहोराको कागजबाट पीडिताहरूले एकदमै पीडा झल्कने गरी रुँदै प्रतिवादी मुना पराजुलीको सहयोगमा प्रतिवादी विष्णुप्रसाद पराजुलीले विगत ४/५ वर्ष पहिलेदेखि पटक पटक गरी अन्तिम पटक २०६८/१२/२४ सम्म पालैपालो जबरजस्ती करणी गरेको भनी बताएको हुँदा घटनाको विश्वास लाग्छ भनी लेखाइदिएका र अदालतमा आई मौकामा गरेको सो ब्यहोरालाई समर्थन गरी बकपत्र गरेको देखिन्छ। यसै गरी मौकामा बुझिएका दीपक बोहोराको कागजबाट पनि प्रतिवादी विष्णुप्रसाद पराजुलीले पीडिताहरूलाई जबरजस्ती करणी गरेको कुरामा विश्वास लाग्दछ भनी मौकाको कागजमा लेखाइदिएकामा सो ब्यहोरालाई समर्थन गरी अदालतमा समेत बकपत्र गरेको पाइन्छ। मिसिल संलग्न उपरोक्त सबुत प्रमाणहरूबाट अभियोगमागदाबी अनुरूप जबरजस्ती करणीको वारदात (Corpus Delicti) घटेको भन्ने कुरा स्पष्ट रूपमा स्थापित भइरहेको देखियो। उल्लिखित अवस्थामा प्रस्तुत मुद्दामा अभियोजित जबरजस्ती करणीको वारदात (Corpus Delicti) पुष्टि भएको छैन भन्ने प्रतिवादीतर्फका विद्वान वरिष्ठ अधिवक्ता एवं अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन।

४६. चौथो प्रश्न प्रतिवादी विष्णुप्रसाद पराजुलीले पीडिताहरूलाई अभियोग दाबी अनुरूपको जबरजस्ती करणीको कसुर गरेको पुष्टि भएको छ वा छैन ? भन्ने सम्बन्धमा निर्णयतर्फ हेर्दा विशेषतः प्रस्तुत मुद्दामा प्रतिवादीतर्फका विद्वान वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले यी प्रतिवादी विष्णुप्रसाद पराजुलीको आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय (Mens Rea) स्थापित नभएको, प्रतिवादी विष्णुप्रसाद पराजुलीको स्वस्थ्य परीक्षण प्रतिवेदनबाट निज कसुरदार नदेखिएको, यी प्रतिवादी विष्णुप्रसाद पराजुलीको कसुर मालाकार रूपमा स्थापित (Corroborate) नभएको जस्ता

कारणहरूबाट यी प्रतिवादी विष्णुप्रसाद पराजुली निर्दोष छन् भनी जिकिर लिएको पाइन्छ। प्रतिवादी विष्णुप्रसाद पराजुलीले निजकी श्रीमती प्रतिवादी मुना पराजुलीको सहयोगमा आफ्नै संरक्षणमा रहेका पीडितहरू परिसर स (१), स (२), स (३) र स (४) लाई विगत ४/५ वर्ष अगाडिदेखि डरत्रास देखाई पटक पटक पालैपालो गरी जबरजस्ती करणी गरेको देखिँदा निज प्रतिवादी विष्णुप्रसाद पराजुलीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. अनुसारको कसुर अपराध गरेको हुँदा निजलाई सोही महलको ३ को देहाय (३) नं.र (४) नं. बमोजिम सजाय हुन र अर्का प्रतिवादी मुना पराजुलीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ६ नं. बमोजिमको कसुर अपराधमा निज प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई हुने सजायको आधा सजाय एवं ऐ. महलको ६ नं. बमोजिम सजाय हुन र सोही महलको १० नं. बमोजिम पीडितहरूलाई पीडकबाट क्षतिपूर्ति समेत दिलाई पाउन अभियोग मागदाबी लिई दायर हुन आएको प्रस्तुत मुद्दामा वारदातबाट प्रत्यक्ष पीडित भएको पीडितहरू परिसर स (१), स (२), स (३) र स (४) ले माथि उल्लेख भए बमोजिम मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको कागज तथा पछि अदालतमा गरेको बकपत्र समेतमा प्रतिवादी विष्णुप्रसाद पराजुलीले विगत ४/५ वर्षदेखि जबरजस्ती करणी गर्दै आएको भनी किटानी ब्यहोरा उल्लेख गरिदिएका छन्। प्रतिवादी विष्णुप्रसाद पराजुलीले मौकामा अनुसन्धान अधिकारी र अदालत समेतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरे पनि पीडिताहरू यी प्रतिवादीको कोठामा आउने जाने गरेको, पीडिताहरूलाई यी प्रतिवादी विष्णुप्रसाद पराजुलीसँग छोईँदा केही हुँदैन भनी भनेको हो भनी प्रतिवादी मुना पराजुलीले आफ्नो बयानमा उल्लेख गरेको, प्रतिवादी विष्णुप्रसाद पराजुलीको श्रीमती प्रतिवादी मुना पराजुलीको पाठेघरको अप्रेसन गरेको भन्ने तथ्यहरूलाई प्रतिवादीहरूले स्वीकार गरेको पाइन्छ। त्यसमा पनि यी प्रतिवादी विष्णुप्रसाद पराजुलीले अदालतमा बयान गर्दा पीडिताहरूलाई अदालतबाट बोलाई सोधनी भएका बखत सत्य कुरा स्पष्ट हुने भनी उल्लेख गरी बयान दिएकोबाट पीडिताहरूसँग यी प्रतिवादीको कुनै रिसइवी नरहेको भन्ने देखिन्छ। पीडिताहरू सबैले आफुहरूलाई प्रतिवादी विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको भनी घटना विवरण खुलाई स्पष्ट गरी बकपत्र गरिदिएको पाइन्छ। पीडिताहरूको सो भनाइलाई जाहेरी दरखास्त तथा जाहेरवालाको अदालतको बकपत्र, बुझिएका मानिसहरू उषा के.सी., दीपक बोहोरा, विरोध खतिवडा समेतको मौकाको कागज तथा अदालतको बकपत्र लगायत अनुसन्धानका सिलसिलामा सङ्कलित अन्य कागज प्रमाणहरूले समेत पुष्टि गरिरहेको पाइन्छ। पीडिताहरूको प्रतिवादीसँग कुनै गम्भीर रिसइवी रहेको पनि देखिँदैन। पीडिताहरूले बिना कारण यी प्रतिवादीलाई यस्तो गम्भीर आरोप लगाउनु पर्ने कुनै कारण र प्रयोजन पनि देखिँदैन। पीडिताहरूले आफ्नै इज्जत, प्रतिष्ठा र अस्मितामा आँच आउने गरी आफ्नो बाबु समानका अभिभावक प्रतिवादी विष्णुप्रसाद पराजुलीमाथि जबरजस्ती करणी गरेको भनी किटानी साथ गम्भीर आरोप लगाउनु पर्ने कुनै मनासिब कारण देखिँदैन। प्रतिवादीहरूले समेत को, कसले र किन यस्तो षडयन्त्र गरी झुट्टा आरोप लगाएका हुन् भनी स्पष्ट गरी भन्न सकेको पाइँदैन। "पीडित र जाहेरवालाको स्वयं आफ्नै सामाजिक जीवनमा कठिनता वा भविष्यलाई समेत नकारात्मक असर पर्ने गरी प्रतिवादीलाई फसाउनु पर्ने कुनै कारण देखिँदैन। यस्तो अवस्थामा पीडितले अदालतमा समेत आई आफु उपर प्रतिवादीले करणी गरेको

भनेको हुँदा पीडितले न्यायमूर्ति समक्ष गरेको किटानी बकपत्र र त्यसमा विश्वास गरी प्रमाण ऐन, २०३१ को दफा १० अनुसार आफुले पनि प्रश्न सोध्न सक्ने अधिकार समेत प्रयोग गरेका अवस्थामा पीडितको बकपत्रलाई प्रमाण होइन भनी यस अदालतले भन्न नसक्ने" भनी (स.अ. बुलेटिन वर्ष १८ अङ्क १९ माघ २०६६पूर्णाङ्क ४२१ पृष्ठ १५) मा र "अवोध बालिकाले आफुमाथि भएको जबरजस्ती करणी जस्तोनृशंश एवं पाशवीक अपराधको जस्ताको तस्तै स्वाभाविक रूपमा अभिव्यक्त गरेको भनाइलाई अदालतले अन्यथा अर्थ गरी छिद्रान्वेषण गर्नु पर्ने कुनै आवस्यकता नदेखिने"भनी(ने.का.प.२०६४ नि.नं.७९०० पृष्ठ १४६२) मा सम्मानित सर्वोच्च अदालतबाट नजिर शिद्धान्त प्रतिपादन भइरहेको पाइन्छ।यस्तो अवस्थामा पीडिताहरूको सो भनाइलाई प्रमाण ऐन,२०३१ को दफा १०(१)(ख)बमोजिम यी प्रतिवादी विष्णुप्रसाद पराजुलीको अपराध पुष्ट्याइँ गर्नेमहत्वपूर्ण प्रमाणका रूपमा लिनुपर्दछ। पीडिताहरू मर्निङ स्टार चिल्ड्रेन होमको संरक्षणमा रहेको र यी प्रतिवादी विष्णुप्रसाद पराजुली उक्त होमका निर्देशक रहेको तथ्य निर्विवाद छ। यी प्रतिवादीको कार्यबाट प्रताडित भएका पीडिताहरूले अदालतमा आफुहरू उपर भएको ज्यादतीको बारेमा उल्लेख गरेका र आफैले अभिभावकत्वको संरक्षणमा दिएका असहाय पीडिताहरूलाई प्रतिवादीले जबरजस्ती करणी जस्तो घृणित, अनैतिक र निन्दनीय अपराध गरेको मिसिलबाट देखिएको छ। यस्तो अवस्थामा प्र. विष्णुप्रसाद पराजुलीबाट भएको आपराधिक कार्य (Actus Reus) को आपराधिक मनसाय (Mens Rea) खोजिनु पर्दछ भनी प्रतिवादीतर्फका विद्वान कानुन व्यवसायीबाट भएको वहसलाई सान्दर्भिक मान्न सकिँदैन। खास गरी जबरजस्ती करणी जस्तो मुद्दामा जहाँ आपराधिक कार्य नै महत्त्वपूर्ण हुन्छ त्यस्तो अवस्थामा त्यस्तो कार्यको आपराधिक मनसाय थियो वा थिएन भन्ने कुरा गौण हुन्छ।

४७. अर्कातर्फ प्रतिवादी विष्णुप्रसाद पराजुलीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजको लिङ्गमा चोटपटक, रगत, वीर्य आदि नरहेकाले यी प्रतिवादीले आरोपित कसुर गरेका छैनन् भन्ने प्रतिवादीतर्फका विद्वान कानुन व्यावसायीको बहस जिकिर सम्बन्धमा हेर्दा ५१ वर्षका प्रतिवादीले विगत ४/५ वर्षदेखि जबरजस्ती करणी गर्दै आएका पीडिताहरूलाई अन्तिम पटक जबरजस्ती करणी गर्दाका अवस्थामा निजको लिङ्गमा कुनै घाउ खतका दाग हुनु पर्ने अवस्था नै आउँदैन। बारम्बारको जबरजस्ती करणीको कार्यबाट कन्याजाली पुरानो च्यातिएका अवस्थामा पुगेका पीडितहरूलाई प्रतिवादी जस्ता सबल पुरुषको उत्तेजित लिङ्गको घर्षण वा प्रवेशको कार्यबाट निज प्रतिवादीको लिङ्गमा घाउ, खत जस्ता चिन्हहरूको विद्यमानता नरहेको एकातिर हुन सक्दछ भने अन्तिम जबरजस्ती करणी भएको तत्काल नभई केही दिनपछि गरिएको प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवदेनमा निजको लिङ्गमा वीर्य आदि हुन सक्ने अवस्था पनि देखिँदैन। यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट "प्रतिवादीको लिङ्गमा घाउ चोट नभएको कुरालाई प्रतिवादीको निर्दोषिताको प्रमाण मान्न नसकिदैन" भनी (ने.का.प. २०६६, नि.नं. ८०९९ पृ.४२९) मा सिद्धान्त प्रतिपादित भएको पनि देखिन्छ। जहाँसम्म यी प्रतिवादी विष्णुप्रसाद पराजुली उपरको कसुर मालाकार रूपमा स्थापित (Corroborate) भएको छ, छैन भनी हेर्दा प्रतिवादी विष्णुप्रसाद पराजुलीले आफ्नै संरक्षणमा रहेका पीडिताहरू परिसर स (१), स (२), स (३) र स (४) लाई जबरजस्ती करणी गरेको भन्ने किटानी जाहेरी र जाहेरीलाई समर्थन गर्दै जाहेरवालाले अदालतमा गरेको बकपत्र, पीडिताहरूको प्रतिवादीले जबरजस्ती करणी गरेको भनी

घटनाको सविस्तार व्याख्या गरी मौकाको अनुसन्धान अधिकारी समक्ष गरिदिएको कागज तथा अदालतको बकपत्र, मौकामा बुझिएका मानिसहरूले प्रतिवादी विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको विश्वास लाग्छ भनी गरेको कागज तथा अदालतको बकपत्र, पीडिताहरू यी प्रतिवादीको संरक्षणमा एकै घरमा बस्ने गरेको, प्रतिवादीले पीडिताहरू निजको कोठामा आउने जाने समेत गरेको भनी गरेको बयान, पीडिताहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडिताहरू परिसर स (२), स (३) र स (४) को कन्याजाली च्यातिई पुरानो भएको र सो परीक्षण प्रतिवेदन दिने चिकित्सकले उक्त प्रतिवेदन पुष्टि हुने गरी गरेको बकपत्र समेतका मिसिल संलग्न प्रमाणहरूले प्रतिवादी विष्णुप्रसाद पराजुली उपरको कसुर मालाकार रूपमा समर्थित भइरहेको पाइन्छ। प्रतिवादीतर्फका विद्वान वरिष्ठ अधिवक्ता समेतले किन घटना भएको तत्काल उजुरी परेन भन्ने सन्दर्भमा लिएको जिकिरलाई हेर्दा भने आफ्ना अभिभावक गुमाएका वा टाढा रहेका तथा आर्थिक अवस्थाका कारणले शरण लिन पुगी अनाथालयमा आश्रित हुन पुगेका बालबालिकाहरूलाई सो आश्रय दिने व्यक्तिबाट हुने गरेको कुनै प्रकारको यौन शोषण विरुद्ध सहज रूपमा उजुरी पर्न सक्ने अवस्थाको अनुमान गर्न सकिँदैन। सानै उमेरदेखि अभिभावक जस्तै गरी सँगसँगै बस्दै आएका र प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई ड्याडी भनी सम्मानका साथ सम्बोधन गर्ने पीडितहरूले आफ्ना संरक्षकबाट भएका जबरजस्ती करणी जस्तो कुकृत्यलाई बाहिर ल्याउँदा सोही आश्रयस्थल पनि छोड्नु पर्ने, झन असुरक्षित हुने जस्ता मनोवैज्ञानिक त्रासका कारण पनि पीडितहरूले उक्त घटना तत्काल बाहिर ल्याउन नसकेको सहजै अनुमान गर्न सकिन्छ।

४८. अब, पाँचौ प्रश्न प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई के, कति सजाय हुनु पर्ने हो ? भन्ने सम्बन्धमा निर्णयतर्फ हेर्दा अभियोग मागदाबीमा यी प्रतिवादी उपर मुलुकी ऐन, जबरजस्ती करणीको महल, १ नं. अनुसारको कसुर अपराधमा यी प्रतिवादीलाई पीडित परिसर स (२) को उमेर १५ देखि १६ वर्षको देखिँदा निजको हकमा सोही महलको ३ नं. को देहाय ३ नं. बमोजिम र पीडितहरू परिसर स (१), स (३), र स (४) को उमेर १६ वर्षको भन्दा माथिको देखिँदा निजहरूको हकमा प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई सोही महलको ३ को देहाय ४ नं बमोजिम सजाय गरिपाउँ भन्ने समेत व्यहोराको अभियोग मागदाबी रहेको छ। उल्लिखित अभियोग दाबीको परिवेशमा सर्वप्रथम पीडितहरूको उमेर अभियोग दाबी बमोजिम मिले नमिले सम्बन्धमा हेर्दा यी पीडितहरूको मिति २०६९/०१/१२ मा भएको उमेर सम्बन्धी चिकित्सकीय परीक्षण प्रतिवेदनबाट पीडिताहरूमध्ये परिसर स (१) को उमेर १७ देखि १९ वर्षको बिचमा, स (२) को उमेर १५ देखि १६ वर्षको बिचमा, स (३) को उमेर १७ देखि १८ वर्षको बिचमा र स (४) को उमेर १७ देखि १८ वर्षको बिचमा रहेको भन्ने पाइन्छ। तथापि मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा यी प्रतिवादीहरू मध्ये परिसर स (१) ले १५ वर्ष, स (४) ले १५ वर्ष, स (४) ले १५ वर्ष उल्लेख गरे पनि उमेर सम्बन्धमा अन्य तथ्ययुक्त प्रमाणको अभावमा चिकित्सकीय प्रतिवेदनलाई विश्वसनीय मान्नु पर्ने हुँदा सोही अनुसार निक्यौंल हुनु पर्ने देखिन्छ। चिकित्सकीय प्रतिवेदनबाट नै पीडिताहरू मध्ये परिसर स (१),स (३),स (४) को उमेर १६ वर्षभन्दा बढीको भन्ने स्पष्ट रूपमा देखिँदा सो सम्बन्धमा वादीले लिएको अभियोग दाबीलाई अन्यथा भन्न मिलेन। जहाँसम्म परिसर स (२) को उमेर चिकित्सकीय

प्रतिवेदनबाट १५ देखि १६ वर्ष बिचमा उल्लेख भइरहेको देखिएको र निजको हकमा प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ नं. को देहाय (३) नं बमोजिम सजाय गर्नु भन्ने दाबी लिइएकाले उक्त ३ नं. को देहाय (३) नं को कानुनी व्यवस्था हेर्दा चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए ६ वर्षदेखि १० वर्षसम्म कैद सजाय हुने भन्ने व्यवस्था पाइन्छ। पीडित परिसर स (२) को उमेर परीक्षण प्रतिवेदनबाट १५ देखि १६ वर्ष बिचको भन्ने देखिँदा निज पीडितको उमेर १५ वर्ष पुगेर १६ वर्षमा हिँड्दै गरेको अर्थात १६ वर्ष उमेर नपुगेको प्रबल अवस्था मान्नु पर्ने हुन्छ। जसबाट यी पीडित परिसर स (२) को जबरजस्ती करणीको वारदात हुँदाका अवस्थामा १६ वर्षभन्दा कम उमेरकी रहेको मान्नु पर्ने देखियो। यी पीडितको उमेर सम्बन्धमा वादीले लिएको दाबी सम्बन्धमा प्रतिवादीले अन्यथा भनी जिकिर लिन सकेको समेत देखिँदैन। सो अवस्थामा वादीले दाबी गरे बमोजिम नै पीडित परिसर स (२) को उमेर १६ वर्षभन्दा कम रहेको मान्नु पर्ने देखियो। सो हुँदा यी प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई जबरजस्ती करणी गरेमा पीडितको उमेरका आधारमा पीडित परिसर स (२) लाई जबरजस्ती करणी गरेकामा ६ देखि १० वर्षसम्म कैद सजाय हुन सक्ने कानुनी अवस्थाको विद्यमानता देखिन्छ भने पीडिताहरू परिसर स (१),स (३),र स (४) ले जबरजस्ती करणी गरेकामा ५ देखि ८ वर्षसम्म कैद सजाय हुन सक्ने अवस्थाको विद्यमानता देखिन्छ। यसै परिवेशमा माथि कसुरदार भनी ठहर भएका यी प्रतिवादीलाई सजाय तोक्नु पर्ने भएको छ।

४९. यसरी सजाय तोक्दा सर्वप्रथम अपराधको प्रकृति र गाम्भीर्यलाई नै मुख्य रूपमा विचार गर्नु पर्ने देखिन्छ। यस परिप्रेक्ष्यमा अभियुक्त र पीडितको उमेर, नाता सम्बन्ध, पीडितको पारिवारिक अवस्था, निजको सम्मानपूर्वक बाँच्न पाउने अधिकार लगायतका मानव अधिकारको स्थिति, निजलाई पुऱ्याउनु पर्ने राहत, समाजमा घटित अपराधको रोकथाम गर्ने विषयमा अदालतले खेल्नु पर्ने भूमिका जस्ता पक्षहरूलाई समेत महत्त्वका साथ विश्लेषण गरी हेर्नु पर्ने देखिन्छ। जबरजस्ती करणी सम्बन्धी अपराध महिला उपर हुने अत्यन्त निन्दनीय जघन्य शारीरिक आक्रमणको विषय हो। माथि प्रकरण प्रकरणमा विवेचित वस्तुनिष्ट आधार एवम् प्रमाणहरूबाट यी प्रतिवादी विष्णुप्रसाद पराजुलीले आरोपित कसुर गरेको ठहर भएकाले निजलाई अभियोग मागदाबी बमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं को कसुरमा पीडित परिसर स (२) को उमेर १५ वर्षदेखि १६ वर्षको बिचको देखिँदा निजको हकमा सोही महलको ३ (३) नं बमोजिम अपराधको गाम्भीर्य अनुसार कैद वर्ष ८ (आठ) हुने र पीडित परिसर स (१), स (३) र स (४) को उमेर १६ वर्षभन्दा माथि देखिँदा निजहरूको हकमा सोही महलको ३(४) नं बमोजिम अपराधको गम्भीर्य अनुसार कैद वर्ष ७ (सात) हुने ठहर्छ। सो ठहरे पनि मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं बमोजिम ठुलो कलमको मात्र कैद हुने हुँदा यी प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई ठुलो कैदहद ८ (आठ) वर्ष मात्र कैद हुन्छ। साथै यी प्रतिवादी विष्णुप्रसाद पराजुलीले मौकामा बयान गर्दा निजको नाममा टाटा इन्डिका कार रहेको भन्ने समेत देखिई यिनको आर्थिक अवस्था मध्यम वर्गीय रहेको देखिएको हुँदा सो समेतलाई विचार गरी जबरजस्ती करणीको १० नं का आधारमा यी प्रतिवादी विष्णुप्रसाद

पराजुलीबाट पीडितहरू परिसर स (१), स (२), स (३) र स (४) लाई जनही रू. ५०,०००/- (पचास हजार) क्षतिपूर्ति भराइदिने समेत ठहर्छ।

५०. अब पाँचौं प्रश्न प्रतिवादी मुना पराजुलीले प्रतिवादी विष्णुप्रसाद पराजुलीसँग पीडिताहरूलाई जबरजस्ती करणी गर्न लगाएको कसुर पुष्टि भएको छ वा छैन ? भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी मुना पराजुलीले आफ्नै संरक्षकत्वमा रहेका पीडिताहरू परिसर स (१), स (२), स (३) र स (४) लाई प्रतिवादी विष्णुप्रसाद पराजुलीसँग जबरजस्ती करणी गर्न लगाएको हुँदा निज प्रतिवादी मुना पराजुलीलाई जबरजस्ती करणीको महलको ६ नं बमोजिमको कसुर अपराधमा निज प्रतिवादी विष्णुप्रसाद पराजुली उपर सजाय हुन मागदाबी लिएको सजायको आधा सजाय गरिपाउँ भनी अभियोग मागदाबी देखिन्छ। मुलुकी ऐन, जबरजस्ती करणीको महलको ६ नं.ले "अह्राई जबरजस्ती करणी गर्न लगाएको भए सो अह्राउनेलाई करणी भइसकेकामा करणी गर्नेलाई हुने सजायको र करणी हुन नपाएको उद्योगसम्म गरेको भए उद्योग गर्नेलाई हुने सजायको आधा सजाय गर्नु पर्छ" भन्ने कानुनी व्यवस्था गरेको देखिन्छ। प्रस्तुत मुद्दामा मूलतः प्रतिवादी मुना पराजुलीले पीडितहरूलाई ललाई फकाई प्रतिवादी विष्णुप्रसाद पराजुलीसँग जबरजस्ती करणी गर्न पठाएको भन्ने आधारमा जबरजस्ती करणीको महलको ६नं बमोजिमको मागदाबी रहेको देखिन्छ। तर उल्लिखित जबरजस्ती करणीको ६ नं. मा जबरजस्ती करणी गर्ने विष्णुप्रसाद पराजुलीलाई अर्थात (Principle Offender) लाई मुना पराजुलीले अह्राएको भए मात्र मुना पराजुलीले उल्लिखित ६ नं. को कसुर अपराधको फौज्दारी दायित्व बहन गर्नु पर्ने हुन्छ। उक्त ६ नं. ले परिकल्पना गरेको कसुर भनेको अह्राउने अर्थात वचन दिने वा गर्न लगाउने मुख्य अभियुक्तको व्यवस्था हो। आधुनिक फौजदारी कानुनमा यस्तो सहभागीलाई (Principle Offender) मुख्य अभियुक्तका रूपमा लिइन्छ। मुख्य अभियुक्तले सँधै मूल आरोपित कसुर अपराध गर्ने (Substantive Offence) व्यक्तिलाई अह्राउने, वचन दिने र अपराध गर्न लगाएको हुन्छ। प्रस्तुत मुद्दामा वादीले प्रतिवादी मुना पराजुलीले पीडिताहरूलाई डर, त्रास, धम्की देखाएर प्रतिवादी विष्णुप्रसाद पराजुलीकहाँ सुत्न पठाउने गरेको भन्ने आरोप लगाएको छ। वादीले प्रतिवादी मुना पराजुलीले पीडितहरूलाई जबरजस्ती करणी गर्न विष्णुप्रसाद पराजुलीलाई अह्राएको अह्रोट मानेर प्रतिवादी विष्णुप्रसाद पराजुलीले पीडिताहरूलाई जबरजस्ती करणी गरेको भन्ने वादीको अभियोग मागदाबी भएको देखिँदैन। अह्राउने भनेको मुख्य अभियुक्त (Principle Offender) लाई हो। पीडित (Victim) लाई होइन। अहिलेसम्म सङ्कलित प्रमाणबाट प्रतिवादी मुना पराजुलीले प्र. विष्णुप्रसाद पराजुली मूल अभियुक्त (Principle Offender) लाई अह्राएको भन्ने देखिँदैन। पीडिताहरू चारै जना परिसर स (१), स (२), स (३) र स (४) को मौकाको अनुसन्धान अधिकारी समक्षको बयान तथा अदालतको बकपत्रमा प्र. मुना पराजुलीले पीडिताहरूलाई प्रतिवादी विष्णुप्रसाद पराजुली समेत सुत्ने कोठासम्म पुऱ्याउने गर्दथिन् अनि कोठाका आए पश्चात ड्याडीसँग सुत्नु भनी पठाउने गरेको देखिन्छ। सो पश्चात पीडिताहरू निदाएपछि प्र. विष्णुप्रसाद पराजुलीले पीडितहरूलाई जबरजस्ती करणी गर्ने गरेको र यस्तो अवस्थामा पीडिताहरूले सहयोगका लागि ममी भनी बोलाउँदा निज मुना पराजुलीले कुनै प्रतिक्रिया जनाउने नगरेको भन्ने उल्लेख गरेको ब्यहोराबाट पनि यी प्रतिवादी मुना पराजुलीले प्र. विष्णुप्रसाद पराजुलीलाई सबै पीडितहरूलाई जबरजस्ती करणी गर्न

अह्राएको भन्ने नदेखिँदा प्र. मुना पराजुलीका हकमा जबरजस्ती करणी गर्न अह्राएको भन्ने अभियोग प्रमाणित र पुष्टि हुन सकेको पाइँदैन। तसर्थ, माथि विवेचित आधार कारणबाट प्रतिवादी मुना पराजुलीको हकमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ६ नं. बमोजिमको कसुर अपराधमा सोही महलको ६ नं. बमोजिम सजाय गरिपाउँ भन्ने सम्मको वादी नेपाल सरकारको अभियोग मागदाबी पुग्न नसक्ने ठहर्छ। परन्तु, माथि विवेचना गरिए बमोजिम यी प्रतिवादी मुना पराजुलीले यी पीडितहरूलाई विष्णुप्रसाद पराजुलीसँग सुत्न पठाएको, पीडितहरूलाई प्र. विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गर्ने गरेको कुरा प्र. मुना पराजुलीलाई भन्दा कुनै प्रतिक्रिया नदिएको भन्ने देखिँदा यी प्र. मुना पराजुलीले प्र. विष्णुप्रसाद पराजुलीले पीडिताहरूलाई जबरजस्ती करणी गरेको कुरा जानी, थाहा पाई कुनै प्रतिक्रिया नगरेको भन्ने मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेकाले यी प्रतिवादी मुना पराजुलीले प्रतिवादी विष्णुप्रसाद पराजुलीले जबरजस्ती करणी गरेको कुरा जानी थाहा पाई सो काममा संयोग पारी मद्दत दिने कार्य गरी जबरजस्ती करणीको महलको ४ नं. अन्तरगतको कसुर गरेको ठहर्छ। सो ठहर्नाले यी प्रतिवादी मुना पराजुलीलाई जबरजस्ती करणीको महलको ४ नं. बमोजिम पीडित परिसर स (१), स (३) र स (४) लाई जबरजस्ती करणी गर्ने भएको कुरा जानी थाहा पाई सो गर्नमा संयोग पारी मद्दत दिएकाले सो कसुरमा जबरजस्ती करणीको ४ नं. बमोजिम प्र. मुना पराजुलीलाई अपराध गर्दाको अवस्था र परिस्थिति समेतलाई मध्यनजर गरी तजबिजी १ वर्ष ३ महिना कैद हुने ठहर्छ। पीडित परिसर स (२) को उमेर १६ वर्षभन्दा कम देखिँदा र त्यस्ती १६ वर्षभन्दा कम उमेरकी पीडित परिसर स (२) लाई जबरजस्ती करणी गर्ने भएको कुरा जानी जानी थाहा पाई सो गर्नमा संयोग मद्दत दिएकाले निजको हकमा सोको दोब्बर अर्थात २ (दुई) वर्ष ६ (छ) महिना कैद हुने ठहर्छ। सो ठहरेता पनि यी प्रतिवादीलाई दण्ड सजायको महलको ४१ नं. बमोजिम ठुलो कलमको कैद हुने हुँदा यी प्रतिवादी मुना पराजुलीलाई ठुलो कैद हद २ (दुई) वर्ष ६ (छ) महिना मात्र कैद हुने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी अ.बं.१८६ नं. बमोजिम यो फैसला गरिदिएँ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ठुलो कैद हद ८ (आठ) वर्ष कैद हुने ठहरी फैसला भएकामा निज प्रतिवादी मिति २०६९/०१/०५ गते पक्राउ परी अनुसन्धानका क्रममा प्रहरी हिरासतमा र यस अदालतको मिति २०६९/०२/०१ को आदेशानुसार हालसम्म पुर्पक्षका लागि थुनामा बसेको देखिँदा सो अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहेको मितिबाट लागु हुने गरी ८ (आठ) वर्ष अर्थात मिति २०७७/०१/०४ गतेसम्म कैदमा रही मिति २०७७/०१/०५ गते कैद मुक्त हुने हुँदा सोको लगत कसी कानुन बमोजिम असुल गर्नु भनी तहसिल शाखामा लगत दिनू ..........................................................................१

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी विष्णुप्रसाद पराजुलीबाट पीडिताहरूले जनही रू. ५०,०००/- (पचास हजार) क्षतिपूर्ति भरी पाउने ठहरी फैसला भएको हुँदा निज प्रतिवादीको यसै सरहदको जायजेथा देखाई पीडिताहरूले वा नेपाल सरकारका तर्फबाट दरखास्त दिन आए कानुन बमोजिम

फैसला बमोजिमको क्षतिपूर्ति प्रतिवादीबाट पीडिताहरू (परिवर्तित नाम) परिसर स (१), स (२), स (३) र स (४) लाई भराइदिनू भनी तहसिल शाखामा लगत दिनू.........................................................२

माथि इन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी मुना पराजुलीलाई जबरजस्ती करणीको महलको ४ नं बमोजिम ठुलो कैद हद २ (दुई) वर्ष ६ (छ) महिना कैद हुने ठहरी फैसला भएकामा निज प्रतिवादी मिति २०६९/०१/०५ गते पक्राउ परी अनुसन्धानका क्रममा प्रहरी हिरासतमा र यस अदालतको मिति २०६९/०२/०१ को आदेशानुसार हालसम्म पुर्पक्षका लागि थुनामा बसेको देखिँदा सो अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहेको मितिबाट लागु हुने गरी २ (दुई) वर्ष ६ (छ) महिना अर्थात मिति २०७१/०७/०४ गतेसम्म कैदमा रही मिति २०७१/०७/०५ गते कैदमुक्त हुने हुँदा सोको लगत कसी कानुन बमोजिम असुल गर्नु भनी तहसिल शाखामा लगत दिनू ......................................................३

प्रस्तुत फैसला उपर चित्त नबुझे श्री पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंलाई प्रस्तुत फैसलाको जानकारी सहितको म्याद दिनू ..............................४

प्रस्तुत फैसल उपर चित्त नबुझे श्री पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भनी प्रतिवादी विष्णुप्रसाद पराजुली र प्रतिवादी मुना पराजुलीलाई ७० दिने पुनरावेदनको म्याद दिनू.............५

पीडिताहरूलाई फैसलाको जानकारी दिन उपयुक्त देखिँदा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं मार्फत पीडिताहरू (परिवर्तित नाम) परिसर स (१), स (२), स (३) र स (४) लाई फैसलाको जानकारी दिनू ..........................................................................................................................६

सरोकारवालाले नक्कल लिन आए नियमानुसार नक्कल दिनू ...........................................................७

दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ....................................................८

जिल्ला न्यायाधीश

मा.न्या.ज्यूले बोली टिपाए बमोजिम टिपी कम्प्युटर
टाइप गर्ने ना.सु. : भोलानाथ चालिसे
फाँट नं.१०

**इति सम्वत् २०७० साल फागुन महिना १२ गते रोज २ शुभम् ..............।**

**श्री दाङ देउखुरी जिल्ला अदालत**

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री सूर्यबहादुर थापा**

**फैसला**

**सम्वत् २०७० सालको स.फौ.नं. ............७३-०६९-००८५० (069-CR-0137)**

**नि.नं.-**

*मुद्दा : जबरजस्ती करणी।*

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| (परिवर्तित नाम थर जि.प्र.का., दाङ ढ) को जाहेरीले वादी नेपाल सरकार.....................................१ | जिल्ला कालिकोट, जुबिथा गा.वि.स. वा.नं. ६ बस्ने वर्ष २९ को सर्वजित परियार..............१ |
| **साक्षी** | **साक्षी** |
| जाहेरवाला तथा घटनास्थल प्रकृति मुचुल्काका मानिसहरू ...................................................। | सुरेश नेपाली..........................................। |
| **कागज** | **कागज** |
| जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का तथा स्वास्थ्य परिक्षण प्रतिवेदन समेतका कागजातहरू..... | x |

**अदालतबाट बुझेको**

**साक्षी**

**जयबहादुर पाण्डे, पीडित जि.प्र.का ढ, डिला गौतम**

**कागज**

**x**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ र अ.बं. २९ नं. बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यस प्रकार छ :

मिति २०७०/१/९ गते अन्दाजी २३.०० बजेको समयमा जिल्ला दाङ घोराही न.पा. वडा नं.११ जि.वि.स. रोड स्थित पूर्वमा शहीद गेटतर्फ जाने पक्की सडक खण्ड, पश्चिममा खाली जमिन, उत्तरमा रामबहादुर गिरीको टिनले छाएको पसल दक्षिणमा जयबहादुर पाण्डेको कच्ची घर यति चार किल्लाभित्र टिनको छाना भएको पीडित परिवर्तित नाम, थर जिल्ला प्रहरी कार्यालय 'दाङ ढ' को कच्ची घरको ढोकाको छिस्किनी तोडिएको अवस्थामा रहेको सोही घरको पूर्वतर्फको झ्याल छेउमा रहेको बेन्चमाथि सर्वजित दमाईले पीडित 'ढ' लाई जबरजस्ती समाती ढाली करणी गरेको भन्ने पीडित ढ ले देखाए बमोजिमको घटनास्थल प्रकृति मुचुल्का।

म जाहेरवाला जिल्ला दाङ, घोराही न.पा. वडा नं.११ जि.वि.स. अगाडि चमेना गृह सञ्चालन गरी बस्दै आएकामा हाल केही महिना देखि बिरामी भई मेरो शरीरको बायाँ भाग राम्ररी नचल्ने

भएकाले उक्त चमेनागृह बन्द गरी सामान्य चियानास्ता बनाउने गर्छु। मिति २०७०/१/९ गते अन्दाजी २३.३० बजेको समयमा म सुतिरहेको अवस्थामा आफुलाई प्रहरी हुँ भनी बताउने सर्वजित दमाईले मेरो घरको ढोका जबरजस्ती लात्ताले हानी ढोकाको छेस्किनी तोडी भित्र प्रवेश गरी मलाई जबरजस्ती समाती बेन्चमा ढलाई मैले लगाएको सुरुवाल निकालिदिई जबरजस्ती करणी गरेको हो। यसरी म असक्त महिलालाई जबरजस्ती करणी गर्ने निज सर्वजित दमाईलाई कानुन बमोजिम कारबाही गरिपाउँ भन्ने ब्यहोराको पीडित 'दाङ ढ' को जाहेरी दरखास्त।

मिति २०७०/१/११ गते परिवर्तित नामथर जिल्ला प्रहरी कार्यालय 'दाङ ढ' को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सर्वजित दमाई भएको जबरजस्ती करणी मुद्दामा अनुसन्धानका सिलसिलामा निज प्रतीवादी सर्वजित दमाईलाई पक्राउ गरी दाखिला गरेको भन्ने ब्यहोराको प्रहरी प्रतिवेदन।

मिति २०७०/१/१२ गते पीडित 'दाङ ढ' को र प्रतीवादी सर्वजित दमाईको स्वास्थ्य परीक्षण प्रतिवेदन।

मिति २०७०/१/९ गते वारदातको समयमा म बर्दिया नापी कार्यालयमा अमिन पदमा कार्यरत रहेकाले सोही स्थानमा नै थिएँ। पीडित 'ढ' मेरी आमा नाता पर्ने भएकाले ऐ.१० गते बिहान आमाले मलाई फोन गरी म बिरामी छु भनेपछि सोही दिन बेलुकी घरमा आई बुझ्दा प्रतिवादी सर्वजित दमाईले ऐ.९ गते राती आमा बसेको घरमा आएर ढोका हानेपछि ढोकाको चुकुल भाँचिएर भित्र पसी निजको मुख थुनी जबरजस्ती करणी गरेको भनी पीडित 'दाङ ढ' ले भनेको सुनेको हुँ भन्ने खिमराज ढकालले गरेको घटना विवरण कागज।

मिति २०७०/१/९ गते दिउसो अन्दाजी १५.०० बजेको समयमा म जाहेरवालीको नास्ता पसलमा नास्ता खान गएको समयमा मैले जाहेरवालीलाई साग पकाउनू, म साँझ खान आउँछु भनेपछि जाहेरवालीले पनि हुन्छ भनेपछि म सोही दिनको अन्दाजी २३.०० बजे जाहेरवालीको घर पसलमा आई ढोका ढकढक्याउँदा जाहेरवालीले ढोका खोलेपछि भित्र गएको हुँ। ढोका तोडफोड गरेको होइन तत्पश्चात जाहेरवालीलाई समाती ढाली दुई पटक करणी गरेको हुँ। दुबै पटक कन्डम प्रयोग गरेको थिएँ। उक्त वारदाताको दुई दिन अगाडि मिति २०७०/१/७ गतेको दिउसो पनि हामी दुई बिच शारीरिक सम्बन्ध भएको थियो। मैले जबरजस्ती करणी गरेको भए निजले तत्काल होहल्ला एवं जाहेरी दिनु पर्ने हो। निजको पसलमा मैले चियानास्ता खाएको रकम तथा अन्य रकम बारम्बार माग्ने गर्थिन्। उक्त रकम नदिएका कारण सोही रिसइवी लिई मेरा विरुद्धमा जाहेरी दरखास्त दिएकी हुन् भन्ने ब्यहोराको प्रतिवादी सर्वजित दमाईले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान।

जिल्ला कालीकोट, जुविथा ६ बस्ने लालवीर दमाईको नाति देव दमाईको छोरा वर्ष २९ को कारागार सुरक्षा गार्ड घोराही दाङ दरबन्दीका सङ्केत नं. ८०००३४६०४ का प्रहरी जवान सर्वजित दमाईले पीडित जाहेरवाली 'ढ' लाई जबरजस्ती करणी गरेको भनी यस कार्यालयमा जाहेरी दरखास्त पर्न आएको हुँदा निज प्रहरी जवान सर्वजित दमाईलाई प्रहरी नियमावली, २०४९ संशोधन सहित परिच्छेद ९ को नियम ८९ को देहाय (६) बमोजिम मिति २०७०/१/११ गतेबाट लागु हुनेगरी स्वत निलम्बन गरिएको भन्ने ब्यहोराको जि.प्र.का., दाङ कर्मचारी प्रशासन शाखाको पत्र।

मिति २०७०/१/९ गते वारदातको समयमा म आफ्नै घरमा थिएँ। उक्त वारदातको समय राती भएकाले मैले केही थाहा पाइनँ। जाहेरवालीले जिल्ला प्रहरी कार्यालय, दाङमा जाहेरी दिई आएपछि निजको घरमा प्रहरी टोली आई घटनास्थल मुचुल्का गर्न लागेको देखेपछि के भएछ भनी बुझ्दा परिवर्तित नाम थर जिल्ला प्रहरी कार्यालय 'दाङ ढ' लाई प्रतिवादी सर्वजित दमाईले जबरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको हुँ भन्ने ब्यहोराको करिब एकै मिलानको रामबहादुर गिरी, जयबहादुर पाण्डे धर्मदेवी पाण्डे, डिला गौतम, गोमा न्यौपाने, सन्जु शर्मा समेतको घटना विवरण कागज।

मलाई ०६८ सालदेखि प्यारालाइसिस नामक रोग लागी मेरो शरीरको बायाँ भाग राम्री चल्न सक्दैन साथै म ठुलो स्वरले बोल्न समेत नसक्ने बिरामी छु भनी पीडित 'दाङ ढ' ले गरेको कागज।

पीडित 'दाङ ढ' को स्वास्थ्य परीक्षण गर्दा ५ वर्गको सामान्य अपाङ्ग वर्गीकरण गरिएको भन्ने स्वास्थ्य जाँच प्रतिवेदन।

प्रतिवादी सर्वजित दमाईले अपाङ्ग महिला परिवर्तित नाम जिल्ला प्रहरी कार्यालय 'दाङ ढ' लाई निजको इच्छा विपरीत जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको ३(५) नं. को कसुर गरेकाले निजलाई सोही महलको ३(५) नं. र ३ (क) नं. बमोजिम थप सजाय समेत गरी सोही महलको १० नं. बमोजिम पीडकलाई प्रतिवादीबाट क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने समेत ब्यहोराको अभियोग पत्र।

मिति २०७०/१/९ गते राती आठ बजेको समयमा जाहेरवालीको होटलमा गई ढोका खोल्न लगाई रू.३० को रक्सी र रू.१५ को अण्डा खाएको हो। ढोकाको चुकुल तोडी भित्र पसेको होइन। मैले उक्त होटलमा रू.५००।- तिर्न थियो। उहाले मसँग रू.२०,०००।- माग्नु भयो र मैले २०,०००।- कहाँबाट दिने भनेको थिएँ। त्यसपछि मलाई पख तलाई फसाउँछु भनेकाले मैले रू. ५००।- दिउँला भन्दाभन्दै रकम नदिएकाले झुट्टा आरोप लगाई फसाउनको लागि झुट्टा जाहेरी दिनु भएको हो। चैत्र १ गतेभन्दा अगाडि उहाँले बोलाएकाले मैले सल्लाहबाट करणी गर्ने गरेको हुँ चैत्र १ भन्दा अगाडि ५/६ पटक करणी गरेको थिएँ। त्यसपछि गरेको होइन २०७०/१/९ गते मैले करणी गरेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी सर्वजित दमाईले यस अदालतमा गरेको बयान।

पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल प्रतिवादीलाई अ.बं. ११८ को देहाय २ बमोजिम पुर्पक्षका लागि थुनामा राख्न स्थानीय कारागार कार्यालयमा पठाइदिनु र प्रतिवादी चुक्ता भइसकेको देखिँदा वादी प्रतिवादीका साक्षी उपस्थित गराई बकपत्रका लागि इजलास समक्ष पेस गर्नु प्रतिवादीले आफु मानसिक रोगी भएको भनी बयान गरेको देखिँदा निजलाई नेपाल सरकारको मानसिक अस्पतालका चिकित्सकबाट परीक्षण गराई प्रतिवेदन पठाउनु र आवश्यक औषधी उपचार गर्नु भनी सन्बन्धित कारागार कार्यालयमा लेखी पठाउनु भन्ने समेत ब्यहोराको मिति २०७०।१।३१ गते यस अदालतबाट भएको आदेश।

उक्त मिति र समयमा म मेरै घरमा सुतेको थिएँ। प्रस्तुत घटनाको बारेमा रातको समयमा मलाई केही थाहा भएन। पीडितले हामीलाई केही नभनेकी र अनुसन्धानका क्रममा मात्र घटनाको बारेमा थाहा भएको हो भन्ने समेत ब्यहोराको वादीका साक्षी जयबहादुर पाण्डेले गरेको बकपत्र।

मेरो होटेलको दुई वटा चुकुल लाग्ने ढोका भएकामा एकतर्फको दुई वटा चुकुल मात्र लगाएको र अर्कातर्फको ढोका प्यारालाइसिसको बिरामी भएका कारण बायाँ हर राम्रोसँग नचल्ने हुँदा उचाल्न नसकी चुकुल नलगाएको अवस्थामा प्रतिवादी सर्वजित दमाईले उक्त ढोका घचेटी भित्र पसी म एक्लै भएको अवस्थामा बेन्चमा पल्टाई घाँटी च्यापी जबरजस्ती करणी गरेका हुन् भन्ने समेत ब्यहोराको पीडित परिवर्तित नामथर जिल्ला प्रहरी कार्यालय 'दाङ ढ' ले गरेको बकपत्र।

प्रतिवादी सर्वजित दमाईले उक्त मितिमा मेरी दिदीको होटेलमा आई ढोका लात्तीले हानी भित्र पसी बत्ती नभएको मौका छोपी दिदीको घाँटीमा पकडी ढाली जबरजस्ती करणी गरेको भनी दिदीले भनेको हुँदा थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको मौकामा कागज गर्ने डिला गौतमले गरेको बकपत्र।

केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाबाट मिति २०७०।२।२८ मा प्राप्त हुन आएको परीक्षण प्रतिवेदन र मानसिक अस्पताल लगनखेलबाट प्राप्त भएको स्वास्थ परीक्षण रिपोर्ट मिसिल सामेल रहेको।

## अदालतको ठहर

नियम बमोजिम दैनिक पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन अएको प्रस्तुत मुद्दामा अभियोग पत्र सहितको मिसिल अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री ध्रुवमणि ज्ञवालीले प्रतिवादी सर्वजित दमाईले पीडित 'दाङ ढ' लाई जबरजस्ती करणी गरेको हुँ भनी अनुसन्धान अधिकारी समक्ष स्वीकार गर्नुका साथै यस अदालतमा बयान गर्दा समेत वारदातको समयमा आफु पीडितको घर पसलमा गएको कुरा स्वीकार्दै अगाडिका दिनहरूमा पनि करणी गरेको थिएँ भनी उल्लेख गरेका छन्। पीडितको घर पसलको ढोकाको चुकुल तोडिएको अवस्थामा छ। यी पीडित शारीरिक रूपमा अपाङ्ग समेत भएकाले तत्कालै हारगुहार गर्न नसकेकी र समयमै जाहेर गर्न समेत नसकेकी हुन्। कन्डम प्रयोग गरेका र २ दिनपछि जाँच भएकाले Spertomazoa नदेखिएको हो। प्रहरीमा सेवा गर्ने यी प्रतिवादीले अपाङ्ग अवस्थाकी यी पीडितलाई जबरजस्ती करणी गरेको भन्ने कुरा मौकामा कागज गर्ने खिमराज ढकाल र डिला गौतमको कागजबाट समेत पुष्टि हुनुका साथ साथै पीडितले यस अदालतमा उपस्थित भई गरिदिएको बकपत्र बाट समेत पुष्टि भएको छ। तसर्थ प्रतिवादीलाई अभियोग मागदाबी बमोजिम सजाय गरिपाउँ भनी तथा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्तात्रय श्री रेशमराज गिरी, श्री रामशरण चौधरी र श्री मणिराज आचार्यले प्रतिवादीले जाहेरवालाको होटलमा चियानास्ता खाएको रकम नतिरेकाले झुट्टा जाहेरी दिएकी हुन्। प्रतिवादी पहिला पहिला जाहेरवालीकामा जाने आउने गरेको भए तापनि घटना भनिएको दिनमा यिनले करणी गरेका होइनन्। यिनले उक्त दिनमा करणी नगरेको भन्ने कुरा जाहेरवालीको शारीरिक परीक्षण गर्दा No any visible scratch Marks , Wounds भनी लेखिएको र Veginal Swab मा Spermatazoa not Seen भनी लेखिएकोबाट पुष्टि हुन्छ। सँगै जोडिएका घरका व्यक्तिहरूले पनि हारगुहार गरेको भनी उल्लेख गरेका छैनन्। जबरजस्ती करणी जस्तो गम्भीर अपराधमा केबल जाहेरवालीको भनाइलाई मात्र आधार मानी प्रतिवादीलाई दोषी ठहर गर्न मिल्दैन। प्रतिवादी मानसिक रूपमा बिरामी छन् भन्ने कुरा मेडिकल जाँच रिपोटबाट समेत देखिन्छ। तसर्थ प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउनु पर्दछ भनी गर्नु भएको

बहस समेत सुनी निर्णयतर्फ विचार गर्दा प्रतिवादीले अभियोग दाबी बमोजिम कसुर गरेका हुन् वा होइनन् र अभियोग मागदाबी बमोजिम सजाय गर्नु पर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

प्रतिवादी सर्वजित दमाईले अपाङ्ग महिला परिवर्तित नाम जिल्ला प्रहरी कार्यालय 'दाङ ढ' लाई निजको इच्छा विपरीत जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको ३(५) नं. को कसुर गरेकाले निजलाई सोही महलको ३(५) नं. बमोजिम सजाय गरी सोही महलको ३ (क) नं. बमोजिम थप सजाय समेत गरी सोही महलको १० नं. बमोजिम पीडितलाई प्रतिवादीबाट क्षतिपुर्ति दिलाई भराइपाउँ भन्ने अभियोग मागदाबी भएको प्रस्तुत मुद्दामा प्रतिवादी सर्वजित दमाईले यस अदालतमा बयान गर्दा २०७०/१/९ गते राती आठ बजेको समयमा जाहेरवालीको होटलमा गई ढोका खोल्न लगाई रू.३० को रक्सी र रू.१५ को अण्डा खाएको हो। ढोकाको चुकुल तोडी भित्र पसेको होइन। मैले उक्त होटलमा रू. ५००।- तिर्न थियो। उहाँले मसँग रू. २००००।- माग्नु भयो। मैले पुलिसको जागिर के हुन्छ र, मैले २०,०००।- कहाँबाट दिने भनेको थिएँ। त्यसपछि मलाई पर्ख तलाई फसाउँछु भनेकाले मैले रू. ५००।- दिउँला भन्दाभन्दै नदिएकाले झुट्टा आरोप लगाई फसाएको हो। चैत्र १ गतेभन्दा अगाडि उहाँले बोलाएकाले मैले सल्लाहबाट करणी गर्ने गरेको हुँ चैत्र १ भन्दा अगाडि ५/६ पटक करणी गरेको थिए। त्यसपछि गरेको होइन २०७०/१/९ गते मैले करणी गरेको छैन भनी आरोपित कसुरमा इन्कार रहे पनि प्रतीवादीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा २०७०/१/९ मा दिउसो ३ बजे जाहेरवालीको नास्ता पसलमा गई चियानास्ता खाइ बेलुका साग पकाएर राखिदिनु म आउँछु भनी वारदातको समय अं.२३ बजे जाहेरवालीको घरमा गएको र नजिकै रहेको खाटमा जाहेरवालीलाई समाती ढाली करणी गरेको हुँ। मैले २ पटक करणी गरेको र दुबै पटक कन्डम प्रयोग गरेको थिए।

सहमति अनुसारनै करणी गरेको हुँ। मैले रू. ५००।- जति दिन बाँकी थियो सो रकम नदिएकाले मेरो विरुद्धमा जाहेरी दरखास्त दिएको हो भनी आरोपित कसुरमा साबित रही बयान गरेको र आफ्नो बचावटका लागि सहमतिमा करणी गरेको हो भनी जिकिर लिएको देखिन्छ।

प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष साबित भई वारदातको दिनमा करणी गरेको कुरामा साबित भएकामा अदालतमा बयान गर्दा पनि घटना भएको रातमा आफु जाहेरीवालीको पसलमा गई रक्सी र अण्डा खाएको भनी वारदात स्थलमा उपस्थित भएको कुरा उल्लेख गर्नुका साथै चैत्र १ गतेभन्दा अगाडि ५/६ पटक सहमतिमा करणी गरेको भनी उल्लेख गरेको देखियो। यदि मैले जबरजस्ती करणी गरेको भए जाहेरवाला कराउने प्रतिकार गर्ने गर्नु पर्नेमा सो केही भएको छैन भनी जिकिर लिएको समेत देखियो। अगाडिका दिनहरूमा सहमतिले करणी गरेको हो भन्दैमा महिलाले असहमतिले करणी गऱ्यो भनी उजुर गरेको अवस्थामा पनि पहिले सहमतिमा करणी गरेको थिए भन्ने भनाइलाई आधार बनाई सहमतिमै करणी गरेका होलान् भनी अनुमान गर्न मिल्ने अवस्था समेत देखिन आउँदैन।

पीडितले आफ्नो जाहेरी दरखास्तमा २०७०/१/९ मा यी प्रतिवादीले आफ्नो घरको ढोकाको छेस्किनी तोडी भित्र प्रवेश गरी जबरजस्ती करणी गरेका हुन् भनी किटानी जाहेरी दरखास्त दिएको र घटनास्थल प्रकृति मुचुल्का हेर्दा पीडितका घरको ढोकाको छेस्किनी तोडिएको भन्ने उल्लेख भएको

देखिँदा किटानी जाहेरी पुष्टि हुन आएको छ। त्यसै गरी घटना विवरण कागज गरिदिने खिमराज ढकाल, सन्जु शर्मा, गोमा न्यौपाने, डिला गौतम समेतको कागजबाट समेत घटना सम्बन्धमा थप पुष्टि हुन आउनुका साथै मौकामा कागज गर्ने डिला गौतमले यस अदालत समक्ष उपस्थित भई बकपत्र समेत गरिदिएको देखिन्छ। पीडित जाहेरीवाली परिवर्तित नामथर जिल्ला प्रहरी कार्यालय 'दाङ ढ' ले यस अदालतमा आई आफ्नो जाहेरी ब्यहोरालाई समर्थन गरी प्रतिवादी सर्वजित दमाईले आफु प्यारालाइसिसको बिरामी बायाँ हर राम्रोसँग नचल्ने व्यक्तिलाई जबरजस्ती करणी गरेका हुन् भनी लेखाइदिएबाट घटना सम्बन्धमा थप पुष्टि हुन आएको देखिन्छ।

पीडितको Veginal swab मा spermatazoa नदेखिएको र no any visible scoratch manks,Wounds भन्ने शारीरिक परीक्षण प्रतिवेदन तथा प्रतीवादी सर्वजितको शारीरिक जाँच प्रतिवेदनमा No visible external injunes noted भन्नेतर्फ विचार गर्दा यी जाहेरीवाली शारीरिक रूपमा ५ घ वर्गको सामान्य अपाङ्ग भनी डाक्टरद्वारा लेखिएको मिसिल संलग्न प्रतिवेदनबाट देखिएको र प्यारालाइसिसको बिरामी भनी जाहेरवालीले उल्लेख गरेको अवस्था देखिन्छ। अपाङ्ग र एक्लै बस्ने महिलाले रातको समयमा तत्काल हारगुहार प्रतिकार गर्न नसकेको अवस्था र तुरुन्तै घटना सम्बन्धमा जाहेर गर्न नसकी २ दिनपछि जाहेरी दिई तत्पश्चात शारीरिक परीक्षण भएको अवस्था समेतलाई मध्यनजर गर्नु पर्ने देखिन्छ। अपाङ्ग अशक्त वृद्ध महिलालाई कसैले जबरजस्ती करणी गरेको अवस्थामा निज पीडितले चिथोर्न कोपर्न प्रतिकार गर्न नसक्ने अवस्था हुने भएकाले स्वास्थ्य र सामान्य अवस्थाको महिलामाथि भएको अपराधभन्दा अशक्त अपाङ्ग महिलामाथि भएको अपराधमा न्यायकर्ताले विशेष सावधानीपूर्वक विचार गर्नु पर्ने भएकाले स्वास्थ्य परीक्षण प्रतिवेदनमा प्रतिकारका चिन्हहरू नभए पनि जाहेरी दरखास्त पीडितको बकपत्र प्रतिवादीको बयान लगायतका अन्य प्रमाणहरूबाट वारदात पष्टि हुन सक्ने नै देखिन्छ। अशक्त अपाङ्ग महिलाले वारदातको तत्कालै उजुरी गर्न नसकी केही दिनपछि उजुर गर्दा स्वास्थ्य परीक्षण प्रतिवेदनबाट स्पष्ट रूपमा करणीको सङ्केतहरू नदेखिन पनि सक्ने हुनाले परिस्थितिजन्य अन्य प्रमाणहरूबाट वारदात पुष्टि हुन आएको अवस्थामा शारीरिक जाँचमा स्पष्ट रूपमा नदेखिएको भन्ने कुरालाई मात्र अधार बनाई अन्य सम्पूर्ण प्रमाणहरूलाई बेवास्ता गरी कसुरदारलाई उन्मुक्ति दिन न्यायोचित नहुने भएकाले प्रस्तुत मुद्दामा अन्य स्वतन्त्र प्रमाणहरूबाट वारदात र प्रतिवादीको कसुर पुष्टि हुन आइरहेको अवस्था विद्यमान भएकाले प्रतिवादी सर्वजित दमाईले आरोपित कसुर गरेका हुन् भनी भन्न सकिने अवस्था देखिन आउँछ।

पीडितको Veginal Swab परीक्षणमा Spermatazoa नदेखिएको तर्फ विचार गर्दा यी प्रतिवादी सर्वजित दमाईले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा आफुले कन्डम लगाएर करणी गरेको हुँ भनी बयान गरेको देखिएकाले कन्डम लगाएर करणी गरेको अवस्थामा spermatazoa नदेखिनु स्वाभाविक हुन आउँछ। साथै ने.का.प २०६३, अङ्क ३ नि.न. ७६६६ पृष्ठ ३४३ पुनरावेदक प्रतिवादी राजु बस्नेत विरुद्ध चन्द्रबहादुर भण्डारीको जाहेरीले नेपाल सरकार वादी भएको जबरजस्ती करणी मुद्दामा प्रतिपादन भएको नजिरमा "पुनरावेदकले पीडितको योनीमा वीर्य फेला नपरेबाट वारदात प्रमाणित नभएको भन्ने जिकिर लिएको भए पनि सबै जबरजस्ती करणीको कसुरमा पीडित महिलाको योनीमा वीर्य फेला पर्नु

पर्छ भनी मान्न नमिल्ने "भनी सिद्धान्त समेत प्रतिपादन भएको देखिएकाले प्रस्तुत नजिर समेत यस मुद्दामा सान्दर्भिक देखिन आउँछ।

जहाँसम्म प्रतिवादीले मानसिक रोगको उपचार गराइरहेको भन्ने प्रतिवादी पक्षका अधिवक्ताहरूको जिकिर र मिसिल संलग्न स्वास्थ्य उपचार प्रतिवेदन छ त्यसतर्फ विचार गर्दा यी प्रतिवादिले आरोपित कसुर गर्दा आफुले गरेको अपराध वा कार्यको मतलब र परिणाम नै थाहा नपाउने गरी होसमै नरहेको वा मानसिक सन्तुलन गुमाएको भन्ने अवस्था नदेखिएकाले त्यसतर्फ विचार गरिरहनु पर्ने देखिन आएन।

अत: जाहेरवाली पीडितको किटानी जाहेरी तथा यस अदालत समक्ष उपस्थित भई गरिदिएको बकपत्र, प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा २०७०/०१/०९ गते राती २३ बजे जाहेरवालीको घर पसलमा गई जाहेरवालीलाई समाती ढाली करणी गरेको हुँ भनी गरेको साबिती बयान तथा यस अदालतमा बयान गर्दा वारदात मितिमा पीडितको होटलमा गएको कुरा स्वीकार गर्दै चैत्र १ गतेभन्दा अगाडि ५/६ पटक करणी गरेको भनी स्वीकार गरेको अवस्था देखिएको, पीडित जाहेरवाली परिवर्तित नाम थर जि.प्र.का. 'दाङ ढ' ले आफु अशक्त भएकाले हारगुहार गर्न नसकेको भनी लेखाइदिएको र उक्त भनाइहरू घटना विवरण कागज गरिदिने व्यक्तिहरूको भनाइ समेतबाट पुष्टि हुन आएको देखिएको हुँदा प्रतिवादी सर्वजित दमाईले पीडित जाहेरवाली जि.प्र.का. 'दाङ ढ' (परिवर्तित नामथर) लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत सोही ऐनको ३ (५) बमोजिमको कसुर गरेको ठहर्छ सो ठहर्नाले निजलाई सोही ३ (५) नं. बमोजिम ५ वर्ष कैद तथा पीडित महिला अपाङ्ग भन्ने मिसिलबाट देखिएकाले सोही ऐनको ३ क नं. बमोजिम थप ५ वर्ष गरी जम्मा १० (दस) वर्ष कैद सजाय हुने ठहर्छ र सोही ऐनको १० नं. बमोजिम रू. २०,०००।- (बिस हजार) क्षतिपूर्ति समेत भराइदिने ठहर्छ।

## तपसिल

प्रतिवादी सर्वजित दमाईलाई माथि इन्साफ खण्डमा लेखिए बमोजिम १० (दस) वर्ष कैद र निजबाट पीडितलाई रू. २०,०००/-(बिस हजार ) क्षतिपूर्ति भराइदिने ठहरी फैसला भएकाले निज प्रतिवादी मुद्दा पुर्पक्षका क्रममा मिति २०७०।१।११ देखि थुनामा रहेको देखिँदा सोही मितिदेखि कैदको लगत कट्टा हुने गरी मिति २०८०।१।१० सम्म सिधा खर्च खान पाउने गरी कैदमा राखी मिति ०८०।१।११ गते कैदबाट छुटी जाने गरी अ.बं. १२१ नं. बमोजिम कैदी पुर्जी दिई स्थानीय कारागारमा थुनामा राख्न पठाइदिनू .........................................................................................................१

पीडितले रू. २००००/- (बिस हजार) क्षतिपूर्ति भरिपाउने ठहरेकाले प्रतिवादीको यसै सरहदको जेथा देखाई भराइपाउँ भनी दरखास्त दिन आए नियमानुसार भराइदिनू...................................................२

यस अदालतको इन्साफमा चित्त नबुझे स.मु.स ऐन, २०४९ को दफा २६ को म्याद ७० दिनभित्र श्री पुनरावेदन अदालत, तुलसीपुर दाङमा पुनरावेदन गर्नु भनी प्रतिवादी सर्वजित दमाईलाई पुनरावेदनको म्याद दिनू ..................................................................................................................३

जिल्ला सरकारी वकिल कार्यालय दाङ र जाहेरवाला जि.प्र.का 'दाङ ढ' लाई फैसलाको जानकारी पठाइदिनु.................................................................................................................४

सरोकारवाला व्यक्तिले नक्कल मागेमा नियमले लाग्ने दस्तुर लिई नक्कल दिनू.......................................**५**

दायरीको लगत काटी मिसिल अभिलेख शाखामा बुझाइदिनू ...........................................................६

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले बोली टिपाए
बमोजिम फैसला तयार गर्ने शा.अ. सावित्री श्रेष्ठ
फाँट शा.अ. गणेश गौतम

**इति सम्वत् २०७० साल पौष ८ गते रोज २ शुभम् ............।**

श्री सङ्खुवासभा जिल्ला अदालत, चैनपुर
बन्द इजलास
माननीय न्यायाधीश श्री टीकाराम आचार्य
फैसला
सम्बत २०६९ सालको र.नं. २३–०६९–००२०५
मु.नं. ०६९– CR –००४९
निर्णय नम्बर : २४

*मुद्दा : मानव बेचबिखन तथा ओसारपसार*

| वादीको नाम थर, वतन | प्रतिवादीको नाम थर, वतन |
|---|---|
| परिवर्तित उपनाम बी थापाको जाहेरीले वादी नेपाल सरकार ..................................१ | जिल्ला सङ्खुवासभा माम्लिङ्ग गा.वि.स. वडा नं. १ बस्ने विनोद ढकाल भन्ने अमरबहादुर राय.............१<br>ऐ.ऐ. बस्ने अर्जुन भन्ने मनबहादुर घिमिरे...............१<br>ऐ. जिल्ला चैनपुर गा.वि.स. वडा नं. ९ बस्ने हुकुमसिं डाँगी..........................................................१ |
| साक्षी | साक्षी |
| " | " |
| कागज | कागज |
| " | " |

अदालतबाट बुझेको
साक्षी

रेणुका ढुङ्गाना...........................................................१
नन्दलाल सुवेदी..........................................................१
परिवर्तित उपनाम B थापा ..............................................१
रीता थापा.................................................................१
लोकेन्द्र कार्की ...........................................................१
धनमाया भट्टराई ........................................................१
यामबहादुर राय...........................................................१
पवित्रराज सुवेदी..........................................................१
कमलबहादुर कार्की.......................................................१
गणेशबहादुर अधिकारी ...............................................१
विष्णुकुमारी श्रेष्ठ .........................................................१
बद्री घिमिरे.................................................................१
इन्द्रबहादुर थापा ........................................................१

कागज

x

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अ.बं. २९ नं. समेतका आधारमा यस अदालतको अधिकार क्षेत्रभित्र रही दर्ता हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यस प्रकार छ :

**तथ्य खण्ड**

विगत १/२ वर्ष अगाडिदेखि मेरा दाजुसँग काठमाडौंतिरै चिनजान भएका नाताले म समेतका घर परिवारसँग टेलिफोन मार्फत सम्पर्क गर्दै नाम विनोद ढकाल, ठेगाना मादी र त्यसपछि मादी मूलखर्क, पेसा खानेपानी कार्यालय भोजपुरमा काम गर्छु, तलब रू. ३५,०००।– खान्छु भन्दै नाम, थर, ठेगाना बताउँदै आएका विनोद ढकालले मसँग विवाहको प्रस्ताव राखेपछि लमीका रूपमा हुकुमसिं डाँगीले भूमिका खेली ८ जना मात्र जन्ती आई २०७०/०१/२३ गते दिवा लगनमा विवाह भएपछि चैनपुर–४ स्थित राम्बेनी होटलमा मलाई भित्र्याए। अन्यायी मध्येका मनबहादुर घिमिरे समेत त्यही होटलमा बस्यौं। बास बसेको अवस्थामा बुबाआमा के, कहाँ हुनु हुन्छ, विवाहमा आफन्त किन नआउनु भएको भन्दा बुबा बिरामी भएर इन्डियाको बैङलोर लगेको छ, आमा पनि उतै हुनु हुन्छ भनेको, विवाहपछि घर जाउँ भन्दा घरमा कोही हुनु हुन्न, काठमाडौं जानु पर्ला भनेकामा फेरि बैङलोरमा बुबा उपचारको क्रममा मृत्यु भएको खबर आयो भन्ने बहाना गरि छटपटी खटपटी गर्दै बैङलोर जानु पर्ने भयो, मादी घर हुँदै जाउँ भनी होटलबाट मिति २०७०/०१/२४ गते दिउसो अं. ३:०० बजेको समयमा हिंडेकामा राम्बेनी मन्दिर हुँदै माम्लिङ किटिङ डाँडा छेउमा पुगेको अवस्थामा घटनाक्रमले सशङ्कित भएका मेरा माइती मावलीले केरकार गर्दा घर, थर, नाम, ठेगाना, पेसा समेत ढाँटेको, बाबु बिरामी नभएको, घरमा सकुशल रहेको हुँदा निज विनोद ढकाल भन्ने अमरबहादुर राय, हुकुमसिं डाँगी र मनबहादुर घिमिरेले मलाई मानव बेचबिखन तथा ओसारपसार गर्ने उद्देश्यले विवाहको नाटकीय परिपञ्च रची सो कार्य गरेको हुँदा निजहरूलाई कानुन बमोजिम सजाय गरिपाउँ भन्ने समेत ब्यहोराको मिति २०७०/०१/२५ गतेको पीडित परिवर्तित उपनाम बी थापाको जाहेरी दरखास्त।

मलाई विवाह गरी लाने विनोद ढकाल, हुकुमसिं डाँगी र हाल आएर नाम थाहा भएका मनबहादुर घिमिरे समेतले मलाई चैनपुर–४ स्थित मादी राम्बेनी भन्ने होटलमा लगी राखे। भोलिपल्ट बिहान मिति २०७०/०१/२४ गतेको दिन पनि निजहरूले मलाई निज विनोद ढकालको घरतर्फ लाने कुनै कुरा नगरी बुबा बिरामी भएकाले इन्डियाको बैङलोरमा लगेको छ, आमा पनि उतै जानु भएको छ, घरमा कोही हुनु हुन्न, घर नजाउँ, काठमाडौंतिर जाउँ भन्दै अन्यायीहरू एकआपसमा गुपचुपपूर्वक कुरा गर्दै छलफल गर्न थालेपछि फोन आएको बहाना बनाई बैङलोरमा बुबाको मृत्यु भइसकेछ, अब घर हुँदै बैङलोर जानु पर्छ भनी मेरा माइतीले दिएको सरसामानहरू समेत सोही होटलको कोठामा छाडी मलाई घर मादी मूलखर्क जाउँ भनी लिई गएकामा मादी मूलखर्कतर्फ नलगी माम्लिङतर्फको बाटो लगेको मलाई थाहा भएकाले मलाई शङ्का लागी मेरा माइती मावलीमा मैले खबर गरेकाले मेरा माइती मावली समेतले केरकार गर्दा निज विनोद ढकाल भन्नेको घर मादी मूलखर्क नभई माम्लिङ गा.वि.स. वडा नं. १, निजको थर ढकाल नभई राय थर रहेको, बुबाआमा बैङलोरमा नभई माम्लिङ गा.वि.स. वडा नं. १ घरैमा भएको, निजले सरासर आफ्नो नाम, थर, वतन, पेसा समेत ढाँटी मलाई गुमराहमा राखी ललाइ फकाइ गरी कपोकल्पित बहाना बनाई मानव बेचबिखन गर्ने उद्देश्यले

भारततर्फ लान खोजेको यकिन विश्वास भएको हुँदा उल्लिखित विनोद राय, मनबहादुर घिमिरे र हुकुमसिं डाँगी समेत उपर कानुन बमोजिम हदैसम्मको सजाय गरिपाउनका साथै उचित क्षतिपूर्ति समेत दिलाइभराइ पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित उपनाम बी थापाले गरेको मिति २०७०/०१/२७ गतेको प्रमाणित बयान।

जिल्ला सङ्खुवासभा, सिद्धपोखरी गा.वि.स. वडा नं. ८ स्थितमा पूर्वमा गणेश मगरको घर, पश्चिममा पहरे खोल्सी, उत्तरमा भैंसे जाने बाटो, दक्षिणमा लाक्पा नुर्बु शेर्पाको घर यति चार किल्लाभित्र पूर्व-उत्तर फर्किएको घरको अगाडिपट्टिको आँगनमा जातीय परम्परा अनुसार विवाह गर्दा विवाह मण्डपभित्र पस्ने स्वागत गेट बनाएको, सोभित्र पसी हेर्दा आँगनमा स्वयंवर गर्ने स्थान, चौका चदुवा बनाई विवाह कार्यको यज्ञ समेत गरेको देखिएको, सो घरको उत्तरपट्टिको मतानमा भोजभतेर पकाउनका लागि चुलो ढुङ्गा समेत गाडिएको उक्त ढुङ्गाहरूमा धुवाँ समेत लागेको देखिएको भन्ने समेत ब्यहोराको मिति २०७०/०१/२५ गतेको घटना स्थल मुचुल्का।

जिल्ला सङ्खुवासभा, चैनपुर गा.वि.स. वडा नं. ४ स्थित मादी राम्बेनी होटलको ३ तलामाथिको ४ नं. कोठामा खानतलासी गर्दा, कालो सुटकेस थान–१ सोभित्र रहेको सामानको विवरण : टु पिस सेट थान–१, बेहुली साडी, चोलो थान–१/१, रातो रङको पेटिकोट थान–२, दोसल्ला थान–१, झिरझिरे घुम्टो थान–१, कुर्था सुरुवालको नसिलाएको पिस थान–१, मेकअपको सामान सहितको बट्टा थान–१, लगनगाँठो थान–१, बेहुलीको फोटो–१, दुबोको माला थान–१ तथा कालो सुटकेस थान–१ सोभित्र रहेको सामानको विवरण : पत्रको सामान सहितको पोका थान–२, बेहुलाको दौरा, सुरुवाल, टोपी, ढाका कपडाको पिस थान–१ समेत सामानहरू बरामद भएको भन्ने समेत ब्यहोराको मिति २०७०/०१/२५ गतेको बरामदी/खानतलासी मुचुल्का।

प्रतिवादी विनोद रायको साथबाट औंठी, घडी, सादा NOKIA मोबाइल सेट, पर्स थान–१/१ र मनबहादुर घिमिरेको साथबाट मोबाइल NOKIA C2, घडी साइको, पर्स, सिमकार्ड, एनसेलको १/१ थान लगायतका सामानहरू बरामद भएको भन्ने समेत ब्यहोराको मिति २०७०/०१/२५ गतेको बरामदी/खानतलासी मुचुल्का।

विनोद भन्ने अमर रायले म क्षेत्रीको छोरी बिहे गर्न आएको, केराबारीमा केटी मागेको छ, मेरो बिहे भइसकेको कसैलाई नभन्नु, जन्ती जानु पर्छ भनेकाले मैले निजको कुरालाई स्वीकार गरेर मिति २०७०/०१/२३ गतेका दिन म जन्ती गएको हो। म समेतले जाहेरवालीलाई कुनै पनि उद्देश्य लिएर विनोद भन्ने अमरबहादुर रायले नाम, थर, वतन ढाँटी बिहे गरेको होइन भन्ने समेत ब्यहोराको प्रतिवादी अर्जुन भन्ने मनबहादुर घिमिरेले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७०/०१/३० गते गरेको बयान।

मैले राई जातको केटीसँग प्रेम विवाह गरेकामा मेरो बुबाआमा तथा इष्टमित्रले मलाई हेला, होचो गर्ने गरेकाले मैले बाध्य भएर घरमा भएका वृद्ध बुबाआमालाई खुसी पार्ने मनसायले आफ्नो जात मिल्ने केटी खोजी हालसम्म म अविवाहित छु भनी विवाह गरेको हो। जाहेरवालीलाई मैले कुनै बदनियत तरिकाबाट झुक्याई विवाह गरेको होइन। सो विवाहको परिपञ्च मिलाउनुमा हुकुमसिं डाँगी तथा मनबहादुर घिमिरेको कुनै हात छैन। म आफैले गरेको हुँ। हुकुमसिं डाँगी र मनबहादुर घिमिरे मसँग मिल्ने साथी भएको हुँदा म आफ्नो जातको केटी विवाह गर्न आएको मेरो घरमा श्रीमती, छोरा, छोरी भएको कोही कसैलाई नभन्नु भनी जन्ती लिएर गएको हुँ। म, हुकुमसिं डाँगी र मनबहादुर घिमिरेले जाहेरवालीलाई मानव बेचबिखन तथा

ओसारपसारको नियतले कुनै पनि जाल रची सो कार्य गरेको होइन, मैले मेरो घर, थर सहीसाथ बताउँदा जाहेरवालीका आफन्तले मेरो घर, ठेगानामा मेरो विवाह भएको छ छैन भनी बुझ्छ होला भन्ने लागी ढाँटेको हुँ भन्ने समेत ब्यहोराको प्रतिवादी विनोद भन्ने अमरबहादुर रायले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७०/०१/३० गते गरेको बयान।

हुकुमसिं डाँगीको शरीर खानतलासी गर्दा निजको शरीरबाट पित्तलको चुरा थान–१, मोबाइल सेट थान–१, नोकिया २६२६ ब्याट्री थान–१, क्लासिक हाते घडी समेतका सामानहरू फेला पारिएको भन्ने समेत ब्यहोराको मिति २०७०/०२/०१ गतेको बरामदी/खानतलासी मुचुल्का।

मेरी श्रीमती राईको छोरी भएको हुँदा आमाबाबुको काजक्रिया गर्ने क्षेत्रीको छोरी श्रीमती चाहिन्छ। मैले केराबारीको थापाको छोरीसँग प्रेम गरेको छु। मैले उनीहरूलाई नाम, थर, ठेगाना ढाँटेको छु। तपाईं पनि बिहेमा जानु पर्छ। तपाईंले पनि मेरो नाम, थर, ठेगाना ढाँटिदिनु, मैले बिहेको लगन २०७०/०१/२३ गते दिवा लग्नमा गर्ने भनी फोनबाट निर्णय गरिसकेको छु भनी अमरबहादुर रायले भनेको हुँदा मिति २०७०/०१/२३ गतेका दिन म समेतका जम्मा ८ जना जाहेरवालीको घरमा जन्ती भएर गएका हौं। जाहेरवालीका आफन्तहरूले बेहुलाको बारेमा सोध्दा नाम, थर विनोद ढकाल, घर मादी मूलखर्क हो भनी मैले बेहुलासँग पहिलेको सल्लाह अनुसार ढाँटी भनेको हो। जाहेरवालीलाई म समेतका मानिसले मानव बेचबिखन तथा ओसारपसारको कार्य गर्ने योजनाले सो कार्य गरेको होइन भन्ने समेत ब्यहोराको प्रतिवादी हुकुमसिं डाँगीले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०७०/०२/०२ गते गरेको बयान।

मिति २०७०/०१/२३ गते विनोद भन्ने अमरबहादुर रायले विवाह गरी बेहुली समेत लिई मेरो होटल लजमा बसेका हुन्, भोलिपल्ट निज व्यक्तिले सामान बोक्ने मानिस पाइएन, सामान बोक्ने मानिस लिएर आउँछु, यो सामान यहीं होस्, राखिदिनु होस् भनेको हुँदा मैले राखेकी हुँ भन्ने समेत ब्यहोराको मौकामा कागज गर्ने होटल व्यवसायी रेणुका ढुङ्गानाको मिति २०७०/०२/१२ गतेको मौकाको कागज।

तपाईंकी छोरी मलाई दिनु होस्, म तपाईंकी छोरीलाई सुखसयलमा पाल्छु भनी आश्वासन देखाएको हुँदा नोकरी समेत भएको केटा माग्न आउँदा किन नदिने भनी श्रीमान समेतसँग सरसल्लाह गरी आफ्नो जातीय रीतिरिवाज अनुसार छोरीको विवाह गरिदिएकामा पछि आएर बुझ्दा विनोद ढकाल भनी नाम, थर ढाँट्ने विनोद भन्ने अमरबहादुर राय र मेरै गाउँठाउँको मैले चिनेको हुकुमसिं डाँगी समेतले मिलेमतो गरी मानव बेचबिखन तथा ओसारपसार गर्ने उद्देश्यले आफ्नो नाम, थर, वतन समेत ढाँटी विवाह गरेको यकिन विश्वास भएको हुँदा निजहरूलाई कानुन बमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्ने समेत ब्यहोराको रीता थापाको मिति २०७०/०२/१० गतेको मौकाको कागज।

हुकुमसिं डाँगीले सम्पूर्ण बिहेको परिपञ्च रची आफ्नो नाम, थर, वतन, पेसा समेत ढाँटी मानव बेचबिखन तथा ओसारपसार गर्ने उद्देश्यले विवाह गरेको पूर्ण विश्वास भएको हुँदा विनोद भन्ने अमरबहादुर राय, हुकुमसिं डाँगी र अर्जुन भन्ने मनबहादुर घिमिरे समेतलाई कानुन बमोजिम हदैसम्मको सजाय हुनुका साथै पीडितलाई उचित क्षतिपूर्ति समेत दिलाइभराइ पाउँ भन्ने समेत ब्यहोराको इन्द्रबहादुर थापा समेत ५ जनाले गरिदिएको एकै मिलानको मिति २०७०/०२/१० गतेको वस्तुस्थिति मुचुल्का।

यी प्रतिवादीहरू विनोद भन्ने अमरबहादुर राय, अर्जुन भन्ने मनबहादुर घिमिरे र हुकुमसिं डाँगीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२) को (ख) बमोजिम कसुर अपराध

गरेको पुष्टि हुँदा निज प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १५ को उपदफा १ को खण्ड (ङ) को देहाय (२) बमोजिमको सजाय गरी ऐ. ऐनको दफा १७ नं. बमोजिम यी प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्ति दिलाइभराइ पाउँ भन्ने समेत ब्यहोराको मिति २०७०/०२/१४ गतेको अभियोग पत्र।

मेरो जेठी श्रीमती छोराछोरी तथा बुबाआमाको सल्लाह अनुसार नै मैले यी जाहेरवालीलाई मागी विवाह गरेको हुँ। मैले मेरो व्यक्तिगत विवरण ढाँटी छली कुमार केटो हो भनी भनेको समेत नभई घरमा श्रीमती, छोराछोरी छ भन्दा समेत निजले रहेछ भने म बेग्लै बस्छु भनी भनेकी हुँदा निजको आमा, बुबा, दाजु समेतको सल्लाह अनुसार मैले आफ्नो जातिको श्रीमती जातीय परम्परा अनुसार नै २०७०/०१/२३ गते दिवा लग्नमा मागी विवाह गरी कान्छी श्रीमती बनाएको, बेहुली अन्माउँदै अन्दाजी ७ः३० बजेको, बेहुलीको आमा, काकी तथा आफन्तहरूले बेहुली बिमारी छ, हिँड्न सक्दैन आज चैनपुरकै होटलमा राखी बिहान मात्र लानु भनेकाले मैले निजहरूको भनाइ अनुसारै मादी होटलमा राखेको हुँ। मैले अभियोग दाबी अनुसार सजाय पाउनु पर्ने होइन, जाहेरवालीको जाहेरी तथा बयान ब्यहोरा झुट्टा हो भन्ने समेत ब्यहोराको प्रतिवादी विनोद राय भन्ने अमरबहादुर रायले मिति २०७०/०२/१४ गते यस अदालतमा गरेको बयान।

मलाई स्वयंवरमा बेहुलीले लगाइदिएको सुनको सिक्री पूर्ण शाक्यकामा रू. ३०,०००।– मा मिति २०७०/०१/२४ गते बिहान बिक्री गरेको हुँ। सो मध्ये ५,५२५।– को पाउजु, रू. ५,०००।– बेहुलीलाई दुलन फर्कंदा लुगा किन्न भनी दिएँ। रू. ९,८००।– मा भोजपुरे सुनचाँदी पसलबाट बेहुलीलाई सुनको औँठी किनिदिएँ। रू. २,३००।– मा सिडी निकालेँ। बाँकी रुपैया होटल खर्च, गाडी भाडा र खाइखर्चमा सकियो। मेरो नागरिकतामा मेरो नाम अमरबहादुर राय भन्ने उल्लेख छ तर गाउँघरमा बोलाउने नाम विनोद भएकाले कुनै फरक पर्दैन भनी विनोद राय भनी सही गरेको हुँ। मलाई दुबै नामले चिन्दछन् भन्ने समेत ब्यहोराको प्रतिवादी अमरबहादुर रायले मिति २०७०/०२/१७ गते यस अदालतमा गरेको ततिम्बा बयान।

प्रतिवादी अमरबहादुर रायले मैले आजभन्दा ३/४ वर्ष अगावैदेखि मायाप्रेम भएकी सिद्धपोखरी बस्ने थापाकी छोरीसँग २०७०/०१/२३ गते बिहेको टुङ्गो गरेको छ भनी मलाई पनि जन्ती जाने निम्तो दिएको हुँदा म समेत विवाहमा जन्ती गएको हुँ। प्रतिवादीको घरमा जेठी श्रीमती, छोराछोरी छ भन्ने कुरा जाहेरवालीलाई थाहा थियो, थिएन म जान्दिन। मैले पनि निजहरूले मलाई सोधखोज नगरेकाले केही बताइनँ। मैले प्रतिवादी मध्येको विनोद भन्ने अमरबहादुर रायको नाम, थर, वतन समेत ढाँटी जाहेरवाली र प्रतिवादी अमरबहादुर राय बिच विवाह गराई मानव बेचबिखन तथा ओसारपसारको कार्य नगरेको हुँदा झुट्टा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी हुकुमसिं डाँगीले मिति २०७०/०२/१६ गते यस अदालतमा गरेको बयान।

प्रतिवादी अमरबहादुर रायले केराबारीको थापाकी छोरीसँग २०७०/०१/२३ गते मेरो विवाह छ जन्ती जानु पर्छ भनेकाले म समेतका ८ जना जन्ती गएका थियौं। दिउँसो १२ बजेको समयमा जन्ती पुऱ्याई बेलुकी अं. ७ बजे मात्र बेहुली अन्माई ल्याई बेहुलीको आमा तथा निजका आफन्तहरूले बेहुली बिरामी छ, आज घरमा नलानु, चैनपुरमा होटलमा राखी भोलिपल्ट मात्र लानु भनेकाले सो रात राम्बेनी होटलमा बसी भोलिपल्ट म आफ्नो झोला बोकी आफ्नो कोठा तुम्लिङटार जान लाग्दा सोही दिनको अं. २ बजेतिर अदालत गेटमा प्रहरीले मलाई पक्राउ गरी लगेको हो। मैले जाहेरवालीलाई निजको जाहेरी तथा प्रमाणित बयानमा उल्लिखित भए बमोजिम मानव बेचबिखन तथा ओसारपसारको कुनै पनि कार्य गरी जाहेरवालीलाई गुमराहमा

पारी ढाँटी मानव बेचबिखन तथा ओसारपसारको कार्य नगरेको हुँदा झुट्टा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी अर्जुन भन्ने मनबहादुर घिमिरेले मिति २०७०/०२/१६ गते यस अदालतमा गरेको बयान।

हालसम्म मिसिल संलग्न प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी विनोद भन्ने अमरबहादुर राय, हुकुमसिं डाँगी, अर्जुन भन्ने मनबहादुर घिमिरे प्रस्तुत मुद्दाका कसुरदार होइन रहेछन् भन्न सकिने अवस्था नभई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ८ तथा मुलुकी ऐन अ.बं. ११८ को देहाय २ को अवस्था विद्यमान देखिँदा निजहरूलाई कानुन बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने समेत ब्यहोराको मिति २०७०/०२/१९ गतेको यस अदालतको थुनछेक आदेश।

प्रतिवादी मनबहादुर घिमिरे र अमरबहादुर राय मेरो होटलमा तलमाथि गरिरहेका थिए। मलाई घर मादी मूलखर्क बताएका र थर पनि ढकाल हो भनेका थिए। बेहुलाले दुलन यहींबाट फर्काउनु पर्‍यो, सेलरोटी बनाउनु हुन्छ ? भनी सोधे। मैले भ्याउँदिन भनें। केही समयपछि बेहुलीका मावलीहरू मेरै होटलमा आएका र बेहुला बेहुलीलाई नै सोधपुछ गरी तिमीहरूको घर माम्लिङ जाओ, ढाँटेर विवाह गर्नु भएछ, तपाईंको खास घरै माम्लिङ तिरतिरे हो भनेका र बाबु बैङलोरमा बितिसक्नु भयो, आमा बिहानै गाडीमा चढी गइसक्नु भयो, त्यस कारण माम्लिङ लाने अवस्था छैन, बेहुलाले भन्यो। घरतर्फ जानु भनी आफन्तहरूले भनेपछि मेरो होटलबाट २४ गते बेलुका बाटो लागेका हुन्। पीडित उपनाम बी थापालाई अन्यत्र लगी बेचबिखन गर्ने नियत गरेका हुन् भन्ने समेत ब्यहोराको मौकामा कागज गर्ने रेणुका ढुङ्गानाले मिति २०७०/०२/३० गते यस अदालतमा गरेको बकपत्र।

पीडित र प्रतिवादी विनोद भन्ने अमरबहादुरसँग विवाह गरिदिँदा बेहुलासँग गोत्र सोधनी गर्दा कौशिक गोत्र भनेका, पछि तिनपुस्ते माग्दा विनोद ढकाल हो भनी तिनपुस्ते दिएका, ढकालको गोत्र उपमन्य हो, थरचाहिँ ढकाल नै हो भनेको हुँदा पहिले कौशिक गोत्रबाट यज्ञ गरे, ढकाल थर पाएपछि गोत्र बदलेर उपमन्यु कायम गरी विवाह सम्पन्न गरिदिएको हो। गोत्र ढाँटेको हुँदा सुनियोजित तरिकाबाट पीडितलाई बेच्ने उद्देश्यबाट मानव बेचबिखन तथा ओसारपसारको कार्य गरेको कुरामा विश्वास लाग्छ भन्ने समेत ब्यहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने नन्दलाल सुवेदीले मिति २०७०/०२/३० गते यस अदालतमा गरेको बकपत्र।

मिति २०७०/०१/२३ गतेका दिन दिवा लग्नमा विवाह गरी विनोद भन्ने अमरबहादुरले सिद्धकाली मन्दिर घुम्न जानु पर्छ भनी भनेको, उक्त दिन बेलुका हामी बेहुला बेहुली सहित चार जना चैनपुर स्थित मादी होटलमा बास बस्यौं। प्रतिवादी मध्येका अर्जुन भन्ने मनबहादुर घिमिरेले बेहुलाको बुबा बिरामी भएकाले भारतको बैङलोरमा उपचार गराउनु हुँदैछ, बेहुलाको आमा पनि एम्बुलेन्समा बैङलोर लाग्नु भएको छ, तपाईंहरू भोलि नै माइत गएर आउनु, तपाईंहरू बैङलोर जानु पर्छ भन्नु भयो। यतैबाट तिम्रो माइत गएर पर्सीतिर तुम्लिङटारबाट प्लेनमा काठमाडौं जानु पर्छ अनि बुबा बिरामी हुनु हुन्छ, बैङलोर जानु पर्छ, अहिले घर जानु हुँदैन, घरमा कोही छैन भनेर विनोद ढकाल भन्ने अमरबहादुर रायले मलाई उसको थर पनि ढकाल, घर मादी मूलखर्क हो तर अहिले हामी घर जानु हुँदैन, म जागिरे पनि छु, खानेपानी संस्थान, भोजपुरमा काम गर्छु, भोलि बैङलोर जानु पर्छ भनी झुट्टा कुरा बोली मानव बेचबिखन गर्ने उद्देश्यले गरेका हुन्। प्रतिवादी मध्ये हुकुमसिं डाँगीले विनोद ढकाल भन्ने अमरबहादुर राय राम्रो मान्छे हो, ऊ मसँग बसेर काम गर्दै थियो, काठमाडौंमा हामी सँगै बसेका छौं। उसको घर मादी मूलखर्क हो, ऊ हाल खानेपानी भोजपुरमा सरुवा भएको

छ। मासिक रू. ३५,०००।– को जागिर खान्छ। पारिवारिक पृष्ठभूमि राम्रो छ भनी झुट्टा बोली मानव बेचबिखन कार्य गर्नमा सघाउ पुऱ्याएको हो भन्ने समेत ब्यहोराको जाहेरवाली परिवर्तित उपनाम बी थापाले मिति २०७०/०२/३० गते यस अदालतमा गरेको बकपत्र।

प्रतिवादी अमरबहादुर रायले मलाई विनोद ढकाल हुँ। भोजपुरमा मासिक तलब रू. ३५,०००।– हुने नोकरी छ, घर मादी हो, म तपाईंको छोरीलाई सुखसाथ पाल्छु भनी झुट्टा परिपञ्च गरी छोरीसँग विवाह गरी मानव बेचबिखन गर्ने उद्देश्य राखेका हुन्, छोरीको विवाह गर्नमा प्रतिवादी मध्ये हुकुमसिं डाँगीले प्रतिवादी विनोद भन्ने अमरबहादुर राय राम्रा मान्छे हुन्, राम्रो जागिर छ, तपाईंको छोरीको भविश्य उज्ज्वल हुन्छ भनेको र निज हुकुमसिं नाताभित्रकै मानिस हुँदा विश्वासमा परी विवाह गरिदिएका थियौं। यी प्रतिवादीको मानव बेचबिखनको कार्यमा पुरा संलग्नता छ। प्रतिवादी मध्ये अर्जुन भन्ने मनबहादुर घिमिरेसँग मेरो चिनजान विवाहमा मात्र भएको भन्ने समेत ब्यहोराको मौकामा कागज गर्ने रीता थापाले मिति २०७०/०२/३० गते यस अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूले परिवर्तित उपनाम बी थापालाई विवाहको परिपञ्च रची मानव बेचबिखनको कार्य गर्नका लागि बेहुलाले आफ्नो नामथर, वतन ढाँट्नु, प्रतिवादी मनबहादुरले पनि बेहुलाको नामथर, वतन ढाँट्नु र प्रतिवादी हुकुमसिं डाँगीले बेहुली मागी आफ्नो गाउँमा यस्तो काम गर्नु र बेहुलाले बेहुलीलाई आफ्नो घर लान्छु भनी मादी होटलमा बस्नु जस्ता सबै ढाँटको खेती गरेकाले मानव बेचबिखन गर्ने कार्यमा संलग्न रहेको विश्वास लाग्छ भन्ने समेत ब्यहोराको वस्तुस्थिति मुचुल्कामा बस्ने पवित्रराज सुवेदीले मिति २०७०/०३/०२ गते यस अदालतमा गरेको बकपत्र।

बेहुला विनोद भन्ने अमरबहादुर राय, पत्र ल्याउने अर्जुन भन्ने मनबहादुर घिमिरे र हुकुमसिं डाँगी मैले चिनेका व्यक्तिहरू हुन्। बी थापालाई विनोद भन्ने अमरबहादुर रायले आफ्नो नामथर, वतन र काम समेत ढाँटी विवाह गरी होटलमा दुई दिनसम्म राखी मादी घर भनेकामा तिरतिरेतर्फ बेहुली लगेका प्रतिवादी मनबहादुर घिमिरे र हुकुमसिं डाँगीले पत्र ल्याउने र लमीको भूमिका खेली मानव बेचबिखन गर्न खोजेका हुन् भन्ने समेत ब्यहोराका वस्तुस्थिति मुचुल्काका गणेशबहादुर अधिकारीले मिति २०७०/०३/०२ गते यस अदालतमा गरेको बकपत्र।

दुलाहा विनोद भन्ने अमरबहादुर राय समेत भएर झुट्टो विवाह गरेको रहेछन्। दुलाहा पक्षले नाम, थर, वतन समेत ढाँटी विवाह गरी होटलमा राखी घरै नलगी अन्तै लान खोजेको अवस्था देखिँदा प्रतिवादीहरू तिनै जनाको मिलेमतोबाट मानव बेचबिखन गर्न खोजेका हुन् भन्ने समेत ब्यहोराको वस्तुस्थिति मुचुल्काका विष्णुकुमारी श्रेष्ठले मिति २०७०/०३/०२ गते यस अदालतमा गरेको बकपत्र।

मिति २०७०/०१/२३ गते प्रतिवादी अमरबहादुर राय र पीडित बी थापासँग भएको विवाह हुकुमसिं डाँगीको अगुवाइमा विनोद भन्ने अमरबहादुर राय ढकाल थरको मानिस हो भनी ढाँटी परिपञ्च मिलाई प्रतिवादीहरूले मानव बेचबिखनको कार्य गरेका हुन् भन्ने समेत ब्यहोराको वस्तुस्थिति मुचुल्काका इन्द्रबहादुर थापाले मिति २०७०/०३/०३ गते यस अदालतमा गरेको बकपत्र।

प्रतिवादी हुकुमसिं डाँगीले मानव बेचबिखन तथा ओसारपसार कार्य गरेको होइन, विवाहमा जन्ती मात्र गएका हुन्। रायहरू गरिब भएका र घर पनि तिरतिरे कम्सल ठाउँ भनी थर वतन ढाँटेको हो। प्रतिवादी हुकुमसिं र प्रतिवादी अमरबहादुर राय घनिष्ठ मित्र भएको र प्रतिवादी अमरबहादुर रायको कमाइ राम्रै

भएको हुँदा पीडितलाई राम्रै ठाउँमा पार्नका लागि साथीका नाताले नाम, थर, वतन समेत ढाँटेर भए पनि विवाहमा सघाउ पुऱ्याएका हुन् भन्ने समेत ब्यहोराको प्रतिवादी हुकुमसिं डाँगीका साक्षी लोकेन्द्र कार्कीले यस अदालतमा गरेको बकपत्र।

प्रतिवादी मनबहादुर घिमिरे जन्ती भए पनि दुलहीलाई बेचबिखन गर्न तल्लीन भएको होइन। छिमेकीले विवाहमा बोलाएर जन्ती गएको मात्र हो भन्ने समेत ब्यहोराको प्रतिवादी अर्जुन भन्ने मनबहादुर घिमिरेका साक्षी धनमाया भट्टराईले यस अदालतमा गरेको बकपत्र।

प्रतिवादी अमरबहादुरले आफ्नो घर माम्लिङमा भित्र्याउन लैजादै गर्दा किटिङ डाँडा तिरतिरेमा प्रहरीले पक्रेको भन्ने सुनेको हुँ। नाम, थर, वतन प्रतिवादीले ढाँटे ढाँटेनन् खुलाउन सक्दिन भन्ने समेत ब्यहोराको प्रतिवादी विनोद भन्ने अमरबहादुरका साक्षी यामबहादुर रायले मिति २०७०/०२/३१ गते यस अदालतमा गरेको बकपत्र।

प्रतिवादी हुकुमसिं डाँगीले झुक्यानी कार्य गरी विवाह गराएका होइन, मानव बेचबिखन तथा ओसारपसार कार्यका अभियुक्त हुनुमा जाहेरवालाका कुनै रिसइवीका कारण अभियोग लगाएका हुन्। प्रतिवादी हुकुमसिं डाँगी जन्ती मात्र जानु भएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी हुकुमसिं डाँगीका साक्षी कमलबहादुर कार्कीले मिति २०७०/०३/०२ गते यस अदालतमा गरेको बकपत्र।

प्रतिवादी मनबहादुर घिमिरे आफ्नो घरायसी कामले चैनपुर आएको बेला प्रतिवादी अमरबहादुर रायसँग भेट भई विवाहमा जाउँ भनेको हुँदा जन्तीसम्म गएका हुन्। निजले अभियोग दाबी बमोजिम सजाय पाउनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी मनबहादुर घिमिरेका साक्षी बद्री घिमिरेले मिति २०७०/०३/०२ गते यस अदालतमा गरेको बकपत्र।

## ठहर खण्ड

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी आज यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता श्री कृष्णबटु भण्डारीले यी प्रतिवादीहरू विनोद भन्ने अमरबहादुर रायले घरमा श्रीमती हुँदाहुँदै यी पीडितलाई झुक्यानमा पारी श्रीमती बनाउने बहाना बनाई विवाह गरी घर मादी मूलखर्क बताउँदै थर ढकाल भनी विवाह गरी बेहुलीको घरबाट चैनपुरको होटलमा बास बसी भोलिपल्ट मादीतिर नलगी माम्लिङको तिरतिरे भन्ने ठाउँतिर लगेको र जीवित बाबुलाई बैङलोरमा मरिसक्यो भनी बैङलोर जानु पर्छ भनेर समेत पीडितलाई भनेको, त्यसै गरी अर्का प्रतिवादी हुकुमसिं डाँगीले खानेपानीमा जागिर खान्छ, केटो राम्रो छ भनी लालच देखाई आफ्नै गाउँघरकी यी पीडितलाई विवाह गर्नमा लमीको भूमिका खेली विवाह गराई बिहे घरमा समेत बेहुलाको तिनपुस्ते थर, गोत्र समेत ढाँटी विवाह गराई ल्याई आफु समेत चैनपुरकै होटलमा बास बसेको, अर्का प्रतिवादी अर्जुन भन्ने मनबहादुर घिमिरे विवाहमा जन्ती गई बेहुलाको नाम, थर, वतन ढाँटी विवाह कार्य सम्पन्न गराएका र बेहुलीलाई चैनपुरमा राखी बेहुलाको बाबुको बैङलोरमा मृत्यु भएछ भनी बैङलोरतिर जान, लैजान उक्साहट गरी बेचबिखन कार्यमा मद्दत पुऱ्याएको हुँदा यी प्रतिवादीहरूलाई अभियोग दाबी बमोजिम मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ बमोजिम सजाय गरी पीडितलाई क्षतिपूर्ति समेत भराइपाउँ भन्ने बहस गर्नु भयो।

त्यसै गरी जाहेरवालाका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री मेघनाथ भट्टराई र श्री नयन्द्र गौतमले प्रतिवादी अमरबहादुर राय समेतले विवाह गर्दा नक्कली गहना लगी आफ्नो नाम, थर, वतन तिनपुस्ते समेत ढाँटी बाबुको बैङलोरमा मृत्यु भइसक्यो, अब बैङलोर जाउँ, घर मादी नजाउँ भनी पीडितलाई बेचबिखन गर्न बैङलोरतर्फ लैजान लागेको हुँदा निजहरूलाई मानव बेचबिखन तथा ओसारपसारमा सजाय हुनु पर्छ भनी बहस गर्नु भयो।

प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रामप्रसाद सिटौला, अधिवक्ताहरू भवानीप्रसाद आचार्य, रोहितकुमार डाँगी र कृष्णप्रसाद सेडाईले यी प्रतिवादी अमरबहादुर रायले आफुसँग दुई अढाई वर्ष अगाडिदेखि चिनजानमा रहेकी पीडित जाहेरवालीसँग मागी श्रीमती बनाउने नै उद्देश्यले निजका बाबुआमा समेतको सहमतिमा विवाह गरी ल्याएका हुन्। विवाहका दिन बेहुली अन्माउन ढिला भएका कारण साथै बेहुलीपट्टिका मानिसहरूले आज घर नलानु, चैनपुरतिरै बस्नु भनेका र सो दिन यातायात समेत बन्द भएको हुँदा निजले विवाहकै दिन आफ्नो घर लान नसकेका हुन्। भोलिपल्ट आफ्नो घर माम्लिङतर्फ लाँदै गर्दा घरमा भित्र्याउनै नपाई प्रहरी लगाई पीडिततर्फबाट पक्राउ गरिएको अवस्था हो। अगाडिदेखि चिनजानमा रहेको व्यक्ति भई जानीबुझी नै जाहेरवाला पक्षबाट छोरी दिई विवाह गरी पठाएका हुन्। प्रतिवादी अमरबहादुर रायले पीडितलाई श्रीमती नै बनाउने उद्देश्यले विवाह गरेका हुँदा अभियोग दाबी अनुसार कसुर गरेको भन्न मिल्ने होइन। हुकुमसिं डाँगी र मनबहादुर घिमिरे जन्ती गएका हुन्, जन्ती जानु कुनै अपराध गर्नु होइन। यी प्रतिवादीहरूको पीडितलाई बेच्ने उद्देश्य होइन। बेचबिखन गर्ने कार्यको मिलेमतो पनि होइन, सो हुँदा प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसारमा सजाय नगरी सफाइ दिनु पर्छ भन्ने समेत ब्यहोराको बहस जिकिर गर्नु भयो।

दुबै तर्फका विद्वान कानुन व्यवसायीहरूको बहस जिकिर समेत सुनी मिसिल कागजात अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नमा निर्णय दिनु पर्ने देखिन आएको छ :

(१) प्रतिवादीहरू विनोद भन्ने अमरबहादुर राय समेतले आरोपित कसुर गरेको हो, होइन ?

(२) प्रतिवादीहरूले आरोपित कसुर गरेको भए निजहरूलाई के, कति सजाय हुनु पर्ने हो ?

निर्णय गर्नु पर्ने उल्लिखित प्रश्नका सम्बन्धमा विचार गर्नका लागि सर्वप्रथम प्रस्तुत मुद्दाको तथ्यगत विश्लेषण गर्नु पर्ने हुन आउँछ। प्रतिवादीहरू विनोद भन्ने अमरबहादुर राय, अर्जुन भन्ने मनबहादुर घिमिरे र हुकुमसिं डाँगीले एकआपसमा सरसल्लाह गरी मिलेमतोमा विवाहको योजना बनाई विवाह गरी दाम्पत्य जीवन बिताउने सम्मको परिपञ्च गरी पीडितलाई झुक्यानमा पारी बैङलोरसम्म लैजान लागेको हुँदा निज प्रतिवादीहरूले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२) को (ख) बमोजिमको कसुर अपराध गरेको हुँदा ऐ. ऐनको दफा १५ को उपदफा १ को खण्ड ङ को देहाय (२) बमोजिमको सजाय गरी ऐ. ऐनको १७ नं. बमोजिम प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्ति दिलाइभराइ पाउँ भन्ने मुख्य अभियोग दाबी रहेको देखियो।

प्रतिवादी विनोद भन्ने अमरबहादुर रायको हकमा विचार गर्दा निज प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा जात नमिल्ने राईकी छोरीसँग विवाह गरेको र १ छोरा र १ छोरी समेत रहेकामा बाबु, आमा, इष्टमित्रले हेलाहोचो गर्ने र श्रीमतीले पकाएको खाना समेत नखाने भएकाले जात मिल्ने

केटीसँग विवाह गर्ने उद्देश्यले जाहेरवालीसँग प्रस्ताव राख्दा विवाह गरेको छैन, अविवाहित हुँ भन्दै घर, थर समेत ढाटेकामा साबित भएको पाइन्छ भने अदालत समक्ष बयान गर्दा जाहेरवाली र निजको परिवार समेतसँग पहिलेदेखि चिनजान रहेको, व्यक्तिगत विवरण ढाँटीछली विवाह गरेको होइन भनी जाहेरी र पीडितको भनाइ समेत झुट्ठो हो भन्दै अभियोग दाबीमा पूर्ण इन्कार रही बयान गरेको पाइन्छ।

पीडितले दिएको जाहेरीमा विवाह भइसकेको, अन्यायी विनोदले विवाह भएको छैन भनी नाम, थर, ठेगाना, पेसा, व्यवसाय ढाटी ललाई फकाई प्रलोभनमा पारी विवाहको नाटक गरी राम्बेनी होटलमा भित्राई रातभर यौनशोषण गरी सकुशल बाबुलाई मृत्यु भएको बहाना बनाई भाडामा जन्ती किनी नक्कली गहना ल्याई वास्तविक घरमा नलगी चोरबाटो लगेको र सुमधुर दाम्पत्य जीवनका लागि नभई मानव बेचबिखन तथा ओसारपसारका लागि विवाहको कार्य गरेको भनी यी तिनै जना प्रतिवादी उपर किटान गरी जाहेरी दिएकामा सो जाहेरीलाई समर्थन गरी बयान गरी यस अदालतबाट प्रमाणित समेत भएको छ। सोका अतिरिक्त उक्त ब्यहोरालाई समर्थन गरी पीडितले यस अदालतमा बकपत्र समेत गरेको पाइन्छ। पीडितले गरिदिएको प्रमाणित बयानमा खुलाइदिएको वस्तुतथ्य र घटनाक्रम हेर्दा प्रतिवादी विनोद ढकाल भन्ने अमरबहादुरले विवाह गरी होटलमा राखिसकेपछि घरतर्फ लाने कुनै कुरा नगरी बुबा बिरामी भएकाले इन्डियाको बैङलोरमा लगेको छ, आमा पनि उतै जानु भएको छ, घरमा कोही हुनु हुन्न, घर नजाउँ, काठमाडौंतिर जाउँ भन्दै अन्यायीहरू एकआपसमा गुपचुपपूर्वक कुरा गर्दै छलफल गर्न थालेपछि फोन आएको बहाना बनाई बैङलोरमा बुबाको मृत्यु भइसकेछ, अब घर हुँदै बैङलोर जानु पर्छ भनी मेरा माइतीले दिएको सरसामानहरू समेत सोही होटलको कोठामा छाडी मलाई घर मादी मूलखर्क जाउँ भनी लिई गएकामा मादी मूलखर्कतर्फ नलगी माम्लिङतर्फको बाटो लगेको मलाई थाहा भएकाले मलाई शङ्का लागि मेरा माइती मावलीमा मैले खबर गरेकाले मेरा माइती मावली समेतले केरकार गर्दा निज विनोद ढकाल भन्नेको घर मादी मूलखर्क नभई माम्लिङ गा.वि.स. वडा नं. १, निजको थर ढकाल नभई राय भएको, बुबाआमा बैङलोरमा नभई माम्लिङको घरैमा भएको, निजले सरासर आफ्नो नाम, थर, वतन, पेसा समेत ढाँटी मलाई गुमराहमा राखी ललाइ फकाइ गरी कपोलकल्पित बहाना बनाई मानव बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लान खोजेको यकिन विश्वास भएको भनी बताएको अवस्था छ।

मौकामा कागज गर्ने रीता थापाले अदालतमा गरिदिएको बकपत्रमा प्रतिवादी अमरबहादुरले नाम विनोद ढकाल बताई भोजपुरमा मासिक तलब रू. ३५,०००।– हुने नोकरी छ, घर मादी हो, म तपाईंकी छोरीलाई सुखसाथ पाल्छु भनी झुट्टा परिपञ्च गरी छोरीसँग विवाह गरी मानव बेचबिखन गर्ने उद्देश्य राखेका हुन्, छोरीको विवाह गर्नमा प्रतिवादी मध्ये हुकुमसिं डाँगीले प्रतिवादी विनोद भन्ने अमरबहादुर राय राम्रा मान्छे हुन्, राम्रो जागिर छ, तपाईंकी छोरीको भविष्य उज्ज्वल हुन्छ भनेको र निज हुकुमसिं नाताभित्रकै मानिस हुँदा विश्वासमा परी विवाह गरिदिएका थियौं, यी प्रतिवादीको मानव बेचबिखनको कार्यमा पुरा संलग्नता छ भनी खुलाई लेखाइदिएको पाइन्छ भने मौकामा कागज गर्ने अर्का व्यक्ति रेणुका ढुङ्गानाले प्रतिवादीहरूले मलाई घर मादी मूलखर्क बताएका र थर पनि ढकाल हो भनेका थिए तर उनीहरूको घर माम्लिङ तिरतिरे भएको थाहा पाएपछि उनीहरू मेरो होटलमा रहेको अवस्थामा नै ढाँटेर विवाह गर्नु भएछ भनेकी थिएँ, पीडित उपनाम बी थापालाई अन्यत्र लगी बेचबिखन गर्ने नियत गरेका हुन् भन्ने समेत ब्यहोराको बकपत्र गरिदिएको अवस्था छ। वस्तुस्थिति मुचुल्कामा बस्ने नन्दलाल सुवेदी, विष्णुकुमार श्रेष्ठ इन्द्रबहादुर थापा, गणेश अधिकारी,

पवित्रराज सुवेदी समेतले पीडितलाई नाम, थर, गोत्र, वतन समेत ढाँटी विवाह गरी होटलमा भित्र्याई घर नलगी अन्यत्रै लान खोजेकाले सुनियोजित तवरले मानव बेचबिखन तथा ओसारपसार गर्न खोजेका हुन् भनी मौकामा लेखाइदिएकामा सो मौकाको ब्यहोरालाई अदालतमा समेत आई समर्थन गरी बकपत्र गरेको पाइयो।

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पीडितको किटानी जाहेरी, प्रमाणित बयान र यस अदालतमा गरिदिएको बकपत्रलाई भरपर्दो प्रमाणका रूपमा लिनु पर्ने हुन्छ। यस कुरालाई हाम्रो न्यायिक प्रचलन र मान्यताका रूपमा आत्मसात गरिएको पनि पाइन्छ। महिला विरुद्धका यस किसिमका अपराधहरूमा प्रत्यक्ष रूपमा पीडित महिला नै सबैभन्दा भरपर्दो र विश्वासिलो (truthful) साक्षीका रूपमा रहेका हुन्छन्। सुखद् दाम्पत्य जीवनको परिकल्पना गरी भविष्यमा पतिपत्निका रूपमा साथसाथ जीवन बिताउने निर्णय गरी एक जना युवकसँग विवाह गरी रातभर सँगै सुती रतिक्रियामा समेत संलग्न भएको भोलिपल्टै उक्त समझबुझ महिलाले विवाह गरेर पतिका रूपमा वरण गरेका व्यक्ति उपर नै मानव बेचबिखन र ओसारपसार गरेको भनी उजुर गर्नु पर्ने कुनै कारण देखिँदैन। यस्तो अवस्थामा यी जाहेरवाली पीडितले बिना आधार र कारण प्रतिवादी उपर दोषारोपण गरेकी होलिन् भनी अनुमान गर्न सकिँदैन र निज पीडितले यी प्रतिवादी उपर झुट्टा आरोप लगाउनु पर्ने मनासिब आधार र कारण समेत मिसिल प्रमाणबाट खुल्न सकेको अवस्था छैन।

प्रस्तुत मुद्दामा परिस्थितिजन्य सान्दर्भिक विषय र कुराहरूलाई समेत नियाल्नु पर्ने हुन आएको छ। हाम्रो समाजको क्षत्री, बाहुन समुदायमा विवाह गर्दा थर र गोत्र ढाँट्ने विषयलाई सामान्य रूपमा लिइँदैन। त्यसै गरी सामान्यतः छोराको वैवाहिक कार्यक्रममा बाबुआमाको संलग्नता नरहनु वा नदेखिनुलाई पनि स्वाभाविक रूपमा लिइँदैन। प्रस्तुत मुद्दामा यी जाहेरवाली र प्रतिवादी अमरबहादुरका बिचको विवाह कार्यमा ८ जना मात्र जन्ती आएका र तिनीहरू बेहुलाका नजिकका आफन्तहरू रहेको भन्ने देखिएको छैन। त्यसै गरी विवाहमा बेहुलीका लागि अधिकांश नक्कली गरगहना ल्याइएको र सक्कली सुनका गहना मध्ये केही भोलिपल्टै बिक्री गरिएको भन्ने खुल्न आएको छ। विवाह गरिसकेपछि आफ्नो घर समाजमा बेहुली भित्र्याउने चलन र परम्परा रहेकामा नजिकै मादी मूलखर्क घर बताएको बेहुलाले त्यहाँतर्फ लान चाहेको नदेखिएको, होटलमा राखेको र बेहुलीले नै घर लैजान कर गरेको कुरा पीडितले किटान गरेको पाइन्छ। त्यसका अतिरिक्त यी प्रतिवादीले भोजपुरको खानेपानी कार्यालयमा जागिरे रहेको र महिनाको रू. ३५०००।- भन्दा बढी आम्दानी रहेको भनी ढाँटेको भनेर पीडित पक्षले किटान गरेको अवस्था समेत रहेको छ।

पीडित र निजको परिवारसँग अगाडिदेखि चिनाजानी र आवतजावत भएको अभिभावक समेतको सहमतिमा वैवाहिक कार्यक्रम गरी विवाह गरी लगेको हुँदा त्यस्तो कार्यलाई मानव बेचबिखन गरेको भन्न मिल्ने होइन भनी प्रतिवादी र निजका तर्फबाट बहस गर्नु हुने विद्वान कानुन व्यवसायीहरूले जिकिर लिनु भएको हुँदा सो सम्बन्धमा समेत दृष्टिगत गर्नु पर्ने हुन आएको छ। मानव बेचबिखन र ओसारपसारको अपराध महिला विरुद्ध गरिने गम्भीर प्रकृतिको फौजदारी अपराध हो। यसमा अपराधीले मूलतः पीडितलाई ललाई फकाई, झुक्याई, प्रलोभनमा पारी, प्रपञ्च मिलाई, झुट्टा आश्वासन दिई अपराधिक क्रिया गर्न (modusoperandi) सफल हुन्छ भन्ने मान्यता छ। यस अपराधको गम्भीरता र प्रकृति अनुसार पनि आरोपित व्यक्ति र पीडितका बिचमा अगाडिदेखि चिनजान रहनु वा कुराकानी हुनु वा आवतजावत हुनु र विवाह हुनुलाई आरोपित कसुरबाट उन्मुक्ति पाउने आधारका रूपमा मान्न सकिँदैन। मानव बेचबिखन र ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ (२) मा कसैले वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै

प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई... अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी डर, त्रास, धाकधम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफुसँग राख्ने वा नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य समेतलाई मानव ओसारपसार गरेको मानिने भनी यो अपराधलाई परिभाषित गरेको पाइन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादी विनोद भन्ने अमरबहादुरले पीडितलाई आफ्नो नाम, थर, गोत्र, पेसा र घर समेत ढाँटी विवाह गरेर होटलमा राखी करणी लिएको क्रिया उक्त ऐनले परिभाषित गरेको अपराधिक कार्यभित्र पर्दैन भनी मान्न सकिने अवस्था रहेन। अतः यस विषयका सम्बन्धमा प्रतिवादीका विद्वान कानुन व्यवसायीले लिएको बहस बुँदासँग सहमत हुन सकिएन।

त्यसै गरी यी प्रतिवादीको घर माम्लिङ तिरतिरे रहेकामा त्यसतर्फ जाने क्रममा किटिङ डाँडामा पुग्दा बाटामा नै प्रतिवादीलाई पक्राउ गरिएको हुँदा बेहुलीलाई दुलाहाको घर नलगी ढाँटिएको भन्न मिल्ने होइन भन्ने समेत बहसका क्रममा जिकिर लिइएको छ। सो सन्दर्भमा हेर्दा पीडितले आफुलाई प्रतिवादीको घर मादी मूलखर्क रहेको भनी बताइएकामा त्यसतर्फ नलगी माम्लीङतर्फ पुर्‍याइएका आधारमा उजुर गरेको अवस्था हुँदा यस विषयका सन्दर्भमा अरू विवेचना गरिरहनु परेन।

विद्यमान कानुनले मानव बेचबिखन र ओसारपसारको अपराधमा प्रमाणको भार सम्बन्धमा विशेष किसिमको व्यवस्था गरेको छ। कुनै पनि व्यक्ति उपर उक्त कसुरको आरोप लागेपछि सो कसुर गरेको होइन भनी प्रमाण पुर्‍याउने भार प्रतिवादीमा रहने भनी ऐनको दफा ९ मा व्यवस्था गरिएको छ। कानुनमा भएको सो प्रावधान अनुरूप यी प्रतिवादीले भरपर्दो र वस्तुनिष्ठ प्रमाण पेस गरी आफ्नो निर्दोषिताको पुष्टि गर्न सकेको अवस्था समेत देखिएको छैन।

यस प्रकार माथि विवेचना गरिएका आधार र प्रमाणहरूबाट यी प्रतिवादी विनोद भन्ने अमरबहादुर रायले ललाई फकाई, प्रपञ्च मिलाई, आफ्नो नाम, थर, गोत्र, घर समेत ढाँटी पीडित र निजका अभिभावकलाई झुक्याई जाहेरवाली बी थापालाई विवाह गरी रातभरि होटलमा राखी करणी लिनुदिनु गरी निज बसिरहेको स्थानबाट र अभिभावकबाट छुटाई लगी भारततर्फ लाने प्रयास गरेको कुरा प्रमाणित भएको देखिँदा त्यस्तो कार्य मानव बेचबिखन तथा ओसारपसारको कसुर अपराधको परिभाषाभित्र पर्ने देखिन आयो। तसर्थ उल्लिखित आधार र प्रमाणहरूबाट प्रतिवादी मध्येका विनोद भन्ने अमरबहादुर रायले मानव बेचबिखन तथा ओसारपसार ऐन २०६४ को दफा ४(२)(ख) को कसुर गरेको पुष्टि हुन आउँछ। निजको उक्त कसुर अपराध सोही ऐनको दफा १५(१) (छ) अनुसार सजाय हुने प्रकृतिको देखिन आएको र सो ऐनले ७ वर्षदेखि १० वर्ष कैद सजाय हुने गरी तोकेकामा यी प्रतिवादीलाई ऐनले तोकेको न्यूनतम हदको कैद सजाय गर्दा पनि ऐनको मकसद पुरा हुने देखिएकाले ७ (सात) वर्ष कैद सजाय हुने ठहर्छ।

अर्का प्रतिवादी हुकुमसिं डाँगीका सम्बन्धमा विचार गर्दा, निजले सहअभियुक्त विनोद भन्ने अमरबहादुर राय खानेपानीमा जागिर खान्छ, केटो राम्रो छ, जागिरे केटोलाई दिनु पर्छ, भविष्य राम्रो हुन्छ भनी अभिभावक समेतलाई ढाँटी मुखको परिपञ्च मिलाई लमीको भूमिका खेलेको भनी पीडित समेतले लेखाइदिएको पाइन्छ। बेहुलाको नाम, थर, तिनपुस्ते समेत ढाँटी सो तिनपुस्ते ब्यहोरा लेखाई वस्तुस्थिति मुचुल्कामा बस्ने इन्द्रबहादुर थापालाई दिएको भनी अनुसन्धानका क्रममा इन्द्रबहादुर थापाले लेखाइदिएको र निजले आफ्नो भनाइलाई अदालतमा समेत आई बकपत्र गरी समर्थन गरेको अवस्था छ। काठामाडौंमा रहने गरेका यी

प्रतिवादी हुकुमसिं डाँगी विवाहकै लागि आएर विवाह कार्य सम्पन्न गराएको, कसुर अपराध गर्न, पीडितलाई फकाउन र झुक्यानमा पारी विवाह गराउनमा संलग्न भई मानव बेचबिखन र ओसारपसार गर्न चाँजोपाँजो मिलाई दुरुत्साहन गरी मतियार भएको देखिँदा निज प्रतिवादी हुकुमसिं डाँगीलाई सोही ऐनको दफा १५(१)(ज) को कसुरमा सोही दफा बमोजिम सहप्रतिवादी विनोद भन्ने अमरबहादुर रायलाई ठहरेको सजायको आधा कैद सजाय (३ वर्ष ६ महिना) हुने ठहर्छ।

उक्त बमोजिम प्रतिवादीहरूले आरोपित कसुर गरेको ठहरी निजहरूलाई कैद सजाय मात्र भएको र जरिवाना नभएका हुनाले ऐ. ऐनको दफा १७ नं. बमोजिम पीडितलाई क्षतिपूर्ति भराउन मिल्ने अवस्था देखिएन। अतः त्यसतर्फ केही गरिरहन परेन।

अर्का प्रतिवादी अर्जुन भन्ने मनबहादुर घिमिरे उक्त विवाहमा जन्तीसम्म गएको, पीडिततर्फका मानिसहरूले बिहे घरमा मात्रै निजलाई चिनेका, निजले विवाहको चाँजोपाँजो मिलाएको नदेखिएको, निजले बयान गर्दा समेत आफु जन्तीसम्म गएको हुँ, अन्य मैले केही भनेको, गरेको छैन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। गाउँघर, छरछिमेकीमा विवाह भएको हुँदा जन्ती जानु पर्छ भनी निम्ता मान्न जाँदा कुनै कसुर अपराध हुँदैन, सफाइ पाउनु पर्छ भनी निजै प्रतिवादी मनबहादुरका साक्षी बद्री घिमिरेले लेखाइदिएको अवस्था छ। मिसिलबाट प्रमाणबाट आरोपित कसुर अपराध गर्नमा यी प्रतिवादीको संलग्नता रहेको भनी भरपर्दो तवरबाट पुष्टि भएको अवस्था नभएकाले निज अर्जुन भन्ने मनबहादुर घिमिरेले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। निजलाई अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भए यस मुद्दाबाट आजै थुनामुक्त गरिदिनु भनी कारागार कार्यालय खाँदबारीलाई जानकारी दिनू। अरूमा तपसिल बमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ।

## तपसिल

प्रतिवादी विनोद भन्ने अमरबहादुर रायके, माथि ठहर खण्डमा लेखिए बमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा ४(२)(ख) को कसुर गरेको ठहरी निजलाई ऐ. ऐनको दफा १५(१)(छ) अनुसार ७ (सात) वर्ष कैदको सजाय हुने भएकाले निज प्रतिवादी मिति २०७०/०१/२५ गतेदेखि मुद्दा पुर्पक्षका लागि प्रहरी हिरासत तथा थुनामा बसेको हुँदा निजलाई लागेको उक्त कैद सोही मितिबाट कट्टा हुने गरी कैद ठेकी कैदी पुर्जी लेखी कारागार कार्यालय, खाँदबारीमा पठाइदिनु र लगत राख्नू...........................................................................................................................१

प्रतिवादी हकुमसिं डाँगीके, माथि ठहर खण्डमा लेखिए बमोजिम मानव बेचबिखन तथा ओसारपसारको कसुरमा मतियार भएको ठहरी निजलाई ऐ. ऐनको दफा १५(१)(ज) अनुसार ३ वर्ष ६ महिना कैदको सजाय हुने ठहरेकाले निज प्रतिवादी मिति २०७०/०२/०१ गतेदेखि मुद्दा पुर्पक्षका लागि प्रहरी हिरासत तथा थुनामा बसेको हुँदा निजलाई लागेको उक्त कैद सोही मितिबाट कट्टा हुने गरी कैद ठेगी कैदी पुर्जी लेखी कारागार कार्यालय, खाँदबारीमा पठाइदिनू र लगत राख्नू ...................................................................................२

प्रतिवादी मनबहादुर घिमिरेले सफाइ पाउने ठहरेको हुँदा अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भए यस मुद्दाबाट आजै थुनामुक्त गरिदिनु भनी कारागार कार्यालय खाँदबारीमा आजै लेखी पठाइसकिएकाले अरू केही गरिरहनु परेन ........................................................................................................................................३

अभियोग पत्रसाथ दसीका रूपमा बरामद भई आएका पत्रका सामानहरू जुन सडीगली जाने र लिलाम बिक्री समेत नहुने, उक्त सामानहरू यस अदालतको आदेश बमोजिम मिति २०७०/०२/२१ मा मुचुल्का समेत गरी सडाइसकिएको हुँदा केही गरिरहनु परेन, अन्य बरामदी सामान कालो सुटकेस थान–१, बेहुलीको सारी चोलो थान–१/१, रातो पेटीकोट थान–२, दोसल्ला थान–१, झिरझिरे घुम्टो थान–१, कुर्ता सुरुवाल नसिलाएको पिस थान–१, मेकअपको सामान सहितको बट्टा थान–१, बेहुलाको दौरा सुरुवाल, ढाकाको टोपी थान–३, कोट थान–१, रातो सुटकेस थान–१, सेतो पटुका थान–१, जुत्ता जोर–१, नक्कली सुनको चुरा थान–२, दुई आना दुई लालको पत्थर नभएको सुनको औँठी थान–१, छ आनाको सुनको झुम्का थान–२, एक आना दुई लालको सुनको सौभाग्य थान–१ समेत यस अदालतको जिन्सीमा आम्दानी बाँधी राखिएका र उक्त सामानहरू प्रतिवादी विनोद भन्ने अमरबहादुर रायले मेरो हो भनी लेखाएको हुँदा उक्त सामान माग्न आए सनाखत गराई निजलाई फिर्ता दिनू ........................................................................................................................................४

प्रस्तुत मुद्दाको फैसलाको प्रतिलिपि साथै राखी यो इन्साफमा चित्त नबुझे स.मु.स. ऐन, २०४९ को दफा २६(१) बमोजिम ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, धनकुटामा पुनरावेदन गर्नु होला भनी जिल्ला सरकारी वकिल कार्यालय, चैनपुरलाई र प्रतिवादीद्वय विनोद भन्ने अमरबहादुर राय र हुकुमसिं डाँगीलाई ७० (सत्तरी) दिने पुनरावेनको म्याद दिनू.......................................................................................५

सरोकारवाला व्यक्तिले यो फैसला सहितको कागजातको नक्कल मागे गोपनीयता राख्ने सर्तमा नियमानुसार लाग्ने दस्तुर लिई सारी वा सराइदिनू ..........................................................................................६

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी यो फैसला उपर पुनरावेदन परे पुनरावेदन सहितको सक्कलै मिसिल श्री पुनरावेदन अदालत धनकुटामा पठाइदिनू र नपरे कानुनको रीत पुऱ्याई अभिलेख शाखामा बुझाइदिनू..................................................................................................................................७

जिल्ला न्यायाधीश

यो पाना १४ को फैसला माननीय न्यायाधीशज्यूले
टिपाउनु भए बमोजिम तयार गर्ने ना.सु.
गोविन्द कार्की, कम्प्युटर टाइप गर्ने
सहायक कम्प्युटर अपरेटर युवराज श्रेष्ठ।

**इति सम्वत् २०७० साल पौष १८ गते रोज ५ शुभम् ..................।**

**श्री रूपन्देही जिल्ला अदालत**

**इजलास**

**माननीय न्यायाधीश श्री बालचन्द्र शर्मा**

**फैसला**

**सम्वत् २०६९ सालको मुद्दा नं. ०६९-cp -०५९७**

**नि.न : ३७६**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| जिल्ला रूपन्देही सूर्यपुरा गा.वि.स. वडा नं. ८ बस्ने वर्ष ४० को मुन्नीलाल केवट..........................१<br>ऐ.ऐ. बस्ने वर्ष १८ को शैलेन्द्र केवट..............१<br>ऐ.ऐ. बस्ने वर्ष १२ को संजय केवटको संरक्षक भई आफ्नो हकमा समेत ऐ.ऐ. बस्ने वर्ष ३५ कि दुर्गावती केवट...........................................१ | जिल्ला रूपन्देही सूर्यपुरा गा.वि.स. वडा नं. ८ बस्ने चिनी भन्ने चिन्नी लोध........................१ |
| **साक्षी :** | **साक्षी :** |
| शिवपुजन लोध, किसुन यादव, चन्द्रमान लोध | सोहरत लोध, मोतीलाल लोध,<br>मोहरत तेली, बुद्धुराम लोध,<br>अदालत लोध |
| **कागज :** | **कागज :** |
| फिराद पत्र साथ संलग्न कागजातहरू | प्रतिउत्तर साथ संलग्न कागजातहरू |

*मुद्दा : दूषित निर्णय दर्ता बदर गरी दर्ता नामसारी गरिपाउँ।*

प्रस्तुत मुद्दाको सङ्क्षिप्त विवरण यस प्रकार छ :

बाबु ससुरा, बाजे चन्द्रवली केवटले २०२१ सालमा जिमिदार मोहनमाया श्रेष्ठ समेतको उखडा जग्गाको अनुसूची फारम- १ जोताहा अस्थायी निस्सा साबिक कुला सो पश्चिम, पर्ती जग्गा सो पूर्व, दासी सो उत्तर, सन्तराज सो दक्षिण, सोगवा, दोगलहवा अब्दुल सो उत्तर, सिवान सो पश्चिम जगरुदन सो पूर्व, चौथी सो दक्षिण र रामअचल सो दक्षिण लगन सो पश्चिम, विनेसरी सो उत्तर, अकलु सो पूर्व, कनजहवा, जगरूपन सो पश्चिम, कनिजवा सो बग्न सिवान सो उत्तर, फुला सो पूर्व, जगरूपन सो दक्षिण, वनौलिया कुला सो पूर्व, पुनरवासी सो दक्षिण बेचई सो उत्तर पश्चिम, यति चार किल्लाभित्रको जग्गा हाल जिल्ला रूपन्देही सूर्यपुरा गा.वि.स. वडा नं. ८(क) कि.नं. ७९ को ज.वि. ०-१६-१९, ऐ.ऐ. कि.नं. ७३ को ज.वि. ०-१-१९ ऐ. कि.नं. ९० को ज.वि. ०-१-१७ ऐ. कि.नं. ५०८ को ज.वि. ०-१०-१५, ऐ. कि.नं. ५११ को ज.वि. ०-५-५ समेतको जग्गा उखडामा कमाई जोतभोग गरी आएकामा बाबु चन्द्रवली केवट र आमा पतिराजी केवटको मृत्यु पश्चात चन्द्रवली केवटका अंश हक खाने छोरा दुधनाथ केवट, मुन्नीलाल केवटले उखडा जग्गा दर्ताका लागि कारबाही चलाएकामा २०३९।१२।२७ मा तारेख गुजारेकाले २०४०।१०।१०

गते डिसमिस फैसला भएपछि दुधनाथले उखडा जग्गा दर्ता गरिपाउँ भनी कारबाही चलाउँदा रूपन्देही जिल्ला अदालतबाट २०४६।११।२ गते उल्लिखित जग्गा दर्ता नामसारी हुने गरी फैसला भएकामा दुधनाथको २०६१।९।६ मा मृत्यु भएकाले मालपोत कार्यालय रूपन्देहीबाट मुन्नीलाल केवटका नाममा कि.नं. ७९,७३,९०,५११ को जग्गा २०६४।१२।२४ मा दर्ता नामसारी भइसकेको छ। कि.नं. ५०८ को जग्गा प्रतिवादीको दाजु कल्लु लोधका नाममा २०४०।१।१३ गते उखडा विशेष अदालतबाट फैसला भई कल्लु लोधको मृत्युपछि मालपोत कार्यालय रूपन्देहीबाट २०४१।२।११ मा चिन्नी लोध, मिस्त्री लोधका नामम संयुक्त नामसारी गराएको कार्य प्रमाण बिना विपक्षीले दूषित तरिकाबाट निर्णय गराई लिएको हुँदा उक्त निर्णय दर्ता बदर गरी हाम्रो नाममा दर्ता नामसारी गरिपाउँ भन्ने समेत वादी दाबी।

वादी दाबी अनुसार उल्लिखित कि.नं. ५०८ को ज.वि. ०-१०-१५ जग्गा दुधनाथले जिम्दार मोहनमाया श्रेष्ठ समेतको उखडामा जोतभोग गरेको जग्गा वादीले उल्लेख गरेको चार किल्लाभित्रको जग्गा होइन। उक्त जग्गा वादीको भोगचलनमा छैन। उक्त जग्गा कल्लु लोधले जिम्दार मोहनमांया देवी समेतको उखडामा जोतभोग गरी उखडा विवरण फाराम भरी उखडा विशेष अदालतको २०४०।१।१३ को फैसला बमोजिम कल्लु लोधका नाममा दर्ता नामसारी भई कल्लुको मृत्युपछि मालपोत कार्यालय रूपन्देहीको २०४१।२।११ को निर्णयले म चिन्नी लोध र मिस्त्री लोधका नाममा संयुक्त दर्ता नामसारी भई उक्त जग्गा साबिकदेखि हालसम्म म चिन्नी लोध समेतले जोतभोग चलन गरी आएको हुँदा उखडा विशेष अदालत रूपन्देहीको फैसला एवं मालपोत कार्यालय रूपन्देहीको निर्णय र चिन्नी, मिश्री लोध समेतको दर्ता समेत सदरै राखी झुट्टा दाबीबाट अलग फुर्सद दिलाइपाउँ भन्ने समेत प्रतिउत्तर जिकिर।

वादीतर्फका साक्षी शिवपूजन लोध तथा प्रतिवादी तर्फका साक्षी मोतीलाल लोधले गरेको बकपत्र मिसिल सामेल रहेको।

यस अदालतका आदेशानुसार मिति २०७१।१।६ गते सर्जमिन भई मुचुल्का मिसिल सामेल रहेको वादी दुधनाथ केवट र प्रतिवादी मोहनमाया श्रेष्ठ भएको उखडा जग्गा दर्ता मुद्दाको दे.छि.प.नं. १०१२२ को प्रमाण मिसिल साथै रहेको।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा बुझिएसम्मका कागज प्रमाण अध्ययन गरी वादीतर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री वीरबहादुर थापा र प्रतिवादीतर्फबाट अधिवक्ता श्री कुलानन्द ज्ञवालीले गर्नु भएको बहस समेत सुनी वादी दाबी बमोजिम मालपोत कार्यालयबाट भएको मिति २०४१।२।११ को निर्णय दर्ता बदर हुने नहुने के हो ? वादी दाबीको जग्गा वादीहरूका नाममा दर्ता नामसारी हुने नहुने के हो ? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

निर्णयतर्फ विचार गरी हेर्दा, कि.नं. ५०८ को ज.वि.०-१०-१५, को जग्गा कल्लु लोधका नाममा २०४०।१।१३ गते उखडा विशेष अदालतबाट फैसला भई कल्लु लोधको मृत्युपछि मालपोत कार्यालय रूपन्देहीबाट २०४१।२।११ मा चिन्नी लोध, मिस्त्री लोधका नाममा संयुक्त नामसारी गराएको हुँदा हाम्रो भोगचलनमा रहेको जग्गा विपक्षीले प्रमाण बिना दूषित तरिकाबाट निर्णय गराई लिएको हुँदा उक्त निर्णय

दर्ता बदर गरी हाम्रो नाममा दर्ता नामसारी गरिपाउँ भन्ने समेत वादी दाबी रहेकामा उल्लिखित जग्गा वादीको भोगचलनमा छैन। उखडा विशेष अदालतको २०४०।१।१३ को फैसला बमोजिम कल्लु लोधका नाममा दर्ता नामसारी भई कल्लुको मृत्युपछि मालपोत कार्यालय रूपन्देहीको २०४१।२।११ को निर्णयले म चिन्नी लोध र मिस्त्री लोधका नाममा संयुक्त दर्ता नामसारी भई उक्त जग्गा साबिकदेखि हालसम्म म चिन्नी लोध समेतले जोतभोग चलन गरी आएको हुँदा उखडा विशेष अदालत रूपन्देहीको फैसला एवं मालपोत कार्यालय रूपन्देहीको निर्णय र चिन्नी, मिश्री लोध समेतको दर्ता समेत बदर हुनु पर्ने होइन भन्ने समेत प्रतिउत्तर जिकिर देखियो।

यसमा वादी दाबी जिल्ला रूपन्देही सूर्यपुरा गा.वि.स. वडा नं. ८(क) कि.नं. ५०८ को ज.वि. ०-१०-१५ जग्गा मिति २०४०।१।१३ गतेको उखडा विशेष अदालतको फैसला र सो फैसला बमोजिम मिति २०४०।१।२५ मा कल्लुको नाउँमा दर्ता भई निजको मृत्यु पश्चात विपक्षी प्रतिवादी चिन्नी लोध र मिस्त्री लोधले मिति २०४१।२।११ गते संयुक्त नाउँमा मालपोत कार्यालय रूपन्देहीबाट जग्गा दर्ता गराएको हुँदा र मिस्त्री लोधको मृत्यु भई निजको कोही नभई निसन्तान थिए, कि.नं. ५०८ को जग्गा दूषित तरिकाबाट प्रमाण बेगर बिना आधार दूषित निर्णय दर्ता गराएको हुँदा उक्त निर्णय दर्ता बदर गरी वादीहरूका नाउँमा दर्ता गरिपाउँ भन्ने समेत रहेको देखिन आउँछ। वादी दाबीबाट नै वादी दाबीको कि.नं. ५०८ को ०-१०-१५ जग्गा प्रतिवादी चिन्नी लोधका नाउँमा दा.खा. दर्ता भई स्रेस्ता पुर्जा समेत बनी तयार भइसकेको अवस्थामा सो समेतको काम कारबाही दूषित भनी वादीले प्रतिवादी उपर प्रस्तुत मुद्दा दायर गरेको देखिन आउँछ।

वादी दाबी दूषित दर्ता भनिरहँदा वादीले प्रतिवादीको दर्तातर्फ के कस्ता प्रमाण परिबन्दबाट बदर गराई अदालत प्रवेश गरेका रहेछन् अनि प्रतिवादीका नाउँमा वादी दाबीको जग्गा के कस्ता प्रमाण परिबन्दबाट दर्ता हुन पुगेको रहेछ भनि मिसिल संलग्न प्रमाणहरूको अध्ययन गरी हेर्दा प्रमाणमा आएको यिनै वादी मध्येका मुन्नीलाल केवटका दाजु र अन्य वादीका पतिपिता दुधनाथ केवट र मुन्नीलाल केवट वादी दाबीको कि.नं. ५०८ को ०-१०-१५ जग्गा समेत उखडा दर्ता गरिपाउँ भनि मोहनमाया श्रेष्ठ उपर २०३५।१।४ गते उखडा विशेष अदालत, रूपन्देहीमा निवेदन दर्ता गराई कारबाही चलिरहेकै अवस्थामा वादीहरूले तारेख गुजारी बसेको कारणबाट मिति २०४०।१०।१० गते उखडा विशेष अदालत रूपन्देहीबाट डिसमिस फैसला भएको देखिन आउँछ। यसरी डिसमिस फैसला भए पनि वादी दुधनाथ केवटले श्री ५ महाराजाधिराजका जुनाफमा गुज्रेको तारेख थामिपाउँ भनी गरेको निवेदन बमोजिम त्यस्तो गुज्रेको म्याद तारेख थामिदिने गरी हुकुम प्रमाङ्गी भई आए बमोजिम पुन मुद्दाको कारबाही उठान भई रूपन्देही जिल्ला अदालतबाट बुझ्नु पर्ने सर्जमिन समेतका अन्य प्रमाण समेत बुझी वादी दाबीको कि.नं. ५०८ समेतका जग्गा वादीका नाउँमा कानुनको रित पुऱ्याई दर्ता हुने ठहर्छ भनी मिति २०४६।११।२ मा फैसला भई अन्तिम भई बसेको अवस्थामा सो फैसला बमोजिमका अन्य कि.नं. ७९,७३,९०र ५११ का जग्गाहरू वादीका नाउँमा दर्ता भई कि.नं. ५०८ को ०-१०-१५ जग्गा वादीका नाउँमा दर्ता गर्न नसक्ने भनी मालपोत कार्यालय रूपन्देहीबाट निर्णय आदेश भएको देखिन आउँछ। वादी दाबीको कि.नं. ५०८ को जग्गा के कसरी प्रतिवादीका नाउँमा दर्ता हुन पुगेको रहेछ भनी मिसिल संलग्न प्रमाण मिसिल हेर्दा यिनै प्रतिवादी चिन्नी लोधका दाजु कल्लु लोधले मोहन माया श्रेष्ठलाई प्रतिवादी बनाई कि.नं. ४८० र

५०९ को जग्गा जोती कमाई आएकाले ०-९-१६ जग्गा उखडा दर्ता गरिपाउँ भनी २०३४ साल चैत्र महिनामा निवेदन दर्ता गराएको देखिनेमा उखडा विशेष अदालतको आदेश बमोजिम कि.नं. ४८० र ५०९ को फिल्डबुक उतार झिकाइएको समेत देखिन आउँछ। यसरी नै कि.नं. ४८० र ५०९ को जग्गाहरू कसैको नाउँमा दर्ता भएको, कसैको नाउँमा दर्ताको कारबाही चलेको समेत नदेखिएको भन्ने मालपोत कार्यालय रूपन्देहीको पत्र समेत देखिन आउँछ। प्रतिवादी कल्लु लोधको निवेदन ब्यहोराबाट कि.नं. ४८० र ५०९ को जग्गाको उखडा दर्तातर्फ कारबाही चलाएको देखिनेमा वादी दाबीको कि.नं. ५०८ को जग्गाको हकमा कल्लु लोधको तर्फबाट उखडा दर्ता तर्फ कारबाही नै नचलाइएको अवस्थामा उखडा विशेष अदालत, रूपन्देहीबाट मिति २०४०।१।१३ मा निर्णय गर्दा टिपोट खण्डमा कि.नं. ४८० र ५०९ नै उल्लेख गरेको, निर्णय खण्डमा कि.नं. ४८० र ५०९ लेखी काटी ५०८ लेखिन गएको कि.नं. ५०९ काटिएको ठाउँमा न्यायाधीशको Initial signature सम्म पनि नभई मात्र काटी कि.नं. ५०८ लेखिएको देखिन आउँछ।

यसरी प्रतिवादी चिन्नी लोधका दाजु कल्लु लोधले उखडा दर्तातर्फको कारबाहीको उठान गर्दा कि.नं. ५०८ को गरेको नभई कि.नं ५०९ को गरेको अवस्थामा फैसला हुँदा कतै कि.नं. ५०९ लेखिन गएको, कतै कि.नं. ५०९ लेखि केरीमेटी कि.नं. ५०८ लेखिन गएको यस्तो अवस्थामा एउटा कि.नं. ५०९ को जग्गाको हकमा सुरु भएको कारबाहीबाट अर्कै जग्गा कि.नं. ५०८ को जग्गातर्फ प्रतिवादीको नाउँ दर्ता कायम हुन गएको यस्तो अवस्थामा भएको तथ्यको भुलको नोक्सानी वादीले बेहोर्नु पर्ने हो वा यस्तो तथ्यको भुलबाट उत्पन्न फाइदा प्रतिवादीले पाउने के हो ? विचाराणीय पक्ष यही नै देखिन आएको छ।

रूपन्देही जिल्ला अदालतको मिति २०४६।११।२।३ को फैसलाले वादी दाबीको कि.नं. ५०८ को जग्गा वादीका नाउँमा दा.खा. दर्ता गरिदिने ठहऱ्याई फैसला भए पनि उक्त कि.नं. ५०८ को जग्गा वादीका नाउँमा दर्ता नामसारी हुन सकेको देखिँदैन भने तथ्यको भुलबाट भएको कि.नं. ५०९ को कारबाहीबाट भएको कि.नं. ५०८ को जग्गा प्रतिवादी चिन्नी लोधका नाउँमा दर्ता नामसारी भई हाल दा.खा. दर्ता समेतबाट प्रतिवादी चिनी लोधका नाउँमा स्रेस्ता पुर्जा तयार भएको देखिन आउँछ। के कसका नाउँमा जोतभोग रहेको छ भनी यसै अदालतका आदेश बमोजिम भएको सर्जमिन ब्यहोराबाट सर्जमिनका सम्पूर्ण व्यक्तिहरू वादीको जोतभोगमा सो कि.नं. ५०८ को जग्गा रहे भएको भनी बकी लेखाइदिएबाट स्रेस्ता पुर्जा प्रतिवादीको नाउँमा जोतभोग वादीको नाउँमा रहे भएको भन्ने देखिन आयो। यसरी नै कि.नं. ५०९ को जग्गाको जोतभोगको अवस्था के छ भनी वादी प्रतिवादीबाट अ.वं. १३३ नं. बमोजिम कागज गराउँदा सो कि.नं. ५०९ को जग्गा प्रतिवादी चिनी लोधको नाउँमा छ भनी प्रतिवादी वा.ले कागज गरेको देखिन्छ। सो कि.नं. ५०९ को जग्गा हालसम्म प्रतिवादीकै भोग चलनमा भए पनि कसैको नाउँमा दर्ता नभएको भन्ने पनि देखिन आउँछ।

अब वादी दाबी बमोजिम वादीलाई प्रस्तुत मुद्दा गर्ने हकदैया छ छैन ? प्रतिवादीको नाउँ दर्ता दूषित दर्ता हो वा होइन ? प्रतिवादीको नाउँको दर्ता बदर भई वादीका नाउँमा दर्ता नामसारी हुने हो वा होइन ? प्रस्तुत मुद्दामा यिनै प्रश्नमा निर्णय दिनु पर्ने देखिन आएकाले वादी दाबीको जग्गा वादीका दाजु पति पिता दुधनाथ केवटले निजका बाबु चन्द्रवली केवटले गरेको २०२१।१०।२७ को भूमि सम्बन्धी

अनुसूची-१ फारमबाट जग्गाधनीको महलमा मोहन मायादेवी किसानको नाम थरमा चन्द्रवली केवट अनि जग्गाको विवरणमा सूर्यपुरा गाउँ पञ्चायत भनी वादी दाबीको जग्गा उल्लेख गरी ४ नं. जोताहाको अस्थाई निस्सा समेत साथै राखी गाउँ पञ्चायत कार्यालय, सूर्यपुराको नामसारी दर्ताको सिफारिस सहित आवश्यक पर्ने सबै प्रकारका कागज प्रमाण समेत साथै राखी बाबु चन्द्रावली केवटको मिति २०२८ साल माघमा मृत्यु भए पश्चात उनै चन्द्रावली केवटका छोरा मुन्नीलाल केवट र दुधनाथ केवटले वादी दाबीको कि.न. ५०८ को जग्गा उखडा दर्ता गरिपाउँ भनि मिति २०३५।१।४।२ मा उखडा विशेष अदालत रूपन्देहीमा निवेदन दर्ता गराई कारबाही चलिरहेकै अवस्थामा तत्कालको कानुनी व्यवस्था समेत अवलम्बन गरी बुझ्नु पर्ने प्रमाण सबै बुझी कि.नं. ५०८ को जग्गा वादीका नाउँमा उखडा दर्ता गर्ने ठहऱ्याई रूपन्देही जिल्ला अदालतबाट मिति २०४६।११।२।३ मा फैसला भई अन्तिम अवस्थामा रहेको देखिन्छ। सो फैसला कहिँ कतैबाट बदर भई आएको अवस्था पनि देखिँदैन। यसरी विधिपूर्वक कानुन बमोजिम भए गरेको फैसलाबाट आफुले जिती पाएको यस्तो वादी दाबीको कि.नं. ५०८ को जग्गामा भएको तथ्यको भुलको कारणबाट अरू कसैका नाउँमा हुन गएको दर्ता बदरतर्फ आउन पाउने हक वादीसँग रहे भएकै देखिन आएकाले वादीको प्रस्तुत मुद्दा गर्ने हकदैया नै नभएको भन्न सकिएन।

यसरी नै प्रतिवादीको नाउँ दर्ता दूषित दर्ता हो वा होइन ? भन्ने प्रश्नतर्फ विचार गर्दा प्रतिवादीको दाजु चिन्नी लोधको सुरुमा उखडा विशेष अदालतमा दर्तातर्फ कारबाहीको उठान गर्दा कि.नं. ५०८ को जग्गाको हकमा नभई कि.नं. ५०९ को हकमा दर्तातर्फ कारबाही चलाएको देखिन्छ। यसरी प्रतिवादीका दाजु कल्लु लोधले कि.नं. ५०९ को जग्गा उखडामा जोती कमाई आएको कारणले सो जग्गा आफ्ना नाउँमा दर्ता गरिपाउँ भनी आवश्यक पर्ने कागज प्रमाण संलग्न राखी उखडा विशेष अदालतमा कारबाही चलाई आएकै अवस्थामा बुझिएका कि.नं. ५०९ का प्रमाण परिबन्द समेतका आधारमा कि.नं. ५०९ को जग्गा प्रतिवादीका नाउँमा उखडा दर्ता गरिदिने ठहऱ्याई मिति २०४०।१।१३ मा फैसला हुँदा कतै कि.नं. ५०९ र कतै कि.नं. ५०८ लेखिन गएको अवस्थामा क्षेत्रफलका हिसाबले कि.नं. ५०९ को भन्दा कि.नं. ५०८ को जग्गाको क्षेत्रफल बढी देखिएकामा प्रतिवादीले सोतर्फ ध्यान नपुऱ्याई फैसलामा भएको सामान्य गणितीय भुल वा तथ्यको भुलतर्फ मौकामा सच्याई कि.नं. ५०९ नै कायम गराई आफ्ना दा.खा. दर्ता गराउनु पर्नेमा सोतर्फ ध्यान नै नदिई प्रस्तुत मुद्दाका वादीका भाइ पति पिता दुधनाथ केवटले उखडातर्फ गरेको सप्रमाण निवेदनबाट उठेको कारबाहीबाट दर्ता हुने ठहरेको कि.नं. ५०८ को जग्गा नै तथ्यको भुल भएको कुरा जानी जानी आफ्ना नाउँमा गराएको यस्तो बिना आधारको दर्ता बिना प्रमाणको दर्ता, कारबाही बेगरको दर्ता र कार्यविधिगत प्रक्रिया नै अवलम्बन नगरी भएको दर्तालाई कानुन बमोजिम भए गरेको भन्न सकिने नभई प्रतिवादी कल्लु लोधको नाउँ दर्तादेखि अहिलेसम्म प्रतिवादी चिनी लोध समेतका नाउँमा भएको मालपोत कार्यालय रूपन्देहीको मिति २०४१।२।११ को दर्ता निर्णय दर्ता दूषित देखिन आयो।

माथि उल्लेख भएका आधार प्रमाण र कारणबाट प्रतिवादी चिनी लोधका नाउँको कि.नं. ५०८ को जग्गाको हदसम्म भएको दर्ता दूषित दर्ता देखिन आएकाले यस्तो दूषित दर्तामा हदम्याद बाधक हुन नसक्ने हुँदा वादी दाबीको कि.नं. ५०८ को जग्गा यसै अदालतको मिति २०४६।११।२ गतेको फैसलाले वादीको ठहरेको अवस्थामा पनि मालपोत कार्यालय, रूपन्देहीले वादीका नाउँमा दर्ता गर्ने नगरी

अरू कसैका नाउँमा गइसकेको भनी गरेको निर्णयले वादीको मिति २०४६।११।२ गतेको फैसलाबाट जिती पाएको हकमा असर पर्न गएकाले सोही फैसला बमोजिम वादी दाबीको कि.नं. ५०८ को जग्गामा प्रतिवादीका नाउँको मालपोत कार्यालय रूपन्देहीको मिति २०४१।२।११ को दर्ता बदर भई वादीका नाउँमा दर्ता नामसारी समेत हुने ठहर्छ। सो ठहर्नाले तपसिलका कुरामा तपसिलमा लेखिए बमोजिम हुने गरी प्रस्तुत मुद्दा मु.ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरिदियाँ।

**तपसिल**

१. वादी दुर्गावती केवट समेतके माथि इन्साफ खण्डमा लेखिए बमोजिम वादी दाबीको कि.नं. ५०८ को जग्गामा प्रतिवादीको नाउँको मालपोत कार्यालय, रूपन्देहीको मिति २०४१।२।११ को दर्ता बदर भई वादीका नाउँमा दर्ता नामसारी समेत हुने ठहरी फैसला भएकाले प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि प्रतिवादी चिन्नी लोधको नाउँ दर्तामा रहेको जिल्ला रूपन्देही सूर्यपुरा गा.वि.स. वडा नं. ८(क) कि.नं. ५०८ को जग्गाको मिति २०४१।२।११ को निर्णय दर्ता बदरको जानकारी सम्बन्धित मालपोत कार्यालयलाई दिनू र उक्त जग्गा दर्ता नामसारीका लागि सम्बन्धित कार्यालयमा पुर्जी जारी गरिपाउँ भनी मु. ऐन, दण्ड सजायको महलको ४४ नं. का म्यादभित्र वादीले दरखास्त दिन आए वादीका नाममा दर्ता नामसारीका लागि पुर्जी जारी गरिदिनू ............................................१

२. वादीले फिराद दर्ता गर्दा राखेको कोर्ट फी रू. ३००।– तथा अन्य दस्तुर रू. २०।– समेत जम्मा रू. ३२०।– प्रतिवादीबाट भराइलिन पाउने हुँदा भराइपाउँ भनी प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि प्रतिवादीका नामको यसै सरहदको जेथा देखाई कोर्ट फी ऐन २०१५ को दफा १५(११) का म्यादभित्र दरखास्त दिन आए केही दस्तुर नलिई भराइदिनू ............................................१

३. प्रतिवादी चिन्नी लोधलाई यस फैसला उपर चित्त नबुझे श्री पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गर्न जानु भनी ३५ दिने पुनरावेदनको म्याद दिनू ...............................................................१

४. सरोकारवाला पक्ष फैसलाको नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई सारी सराइदिनू .......१

५. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनु..........१

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाए
बमोजिम कम्प्युटर टाइप गरी फैसला तयार
गर्ने डि.सपना गौतम, फाँ.ना.सु. युवराज पन्थी

**इति सम्वत् २०७१ जेष्ठ २२ गते रोज ५ मा शुभम् ................।**

**श्री काठमाडौं जिल्ला अदालत**
**इजलास**
**माननीय न्यायाधीश श्री रितेन्द्र थापा**
**फैसला**
**मुद्दा नं. ११-३९-०६८-०४८७०**

*मुद्दा : अंशचलन*

**दायर मिति : २०६८/१०/२०**
**निर्णय नं. : ८८**

**वादीको नाम, थर, वतन**

विनोदकुमार श्रेष्ठकी बुहारी राजु भन्ने राजकुमार श्रेष्ठकी श्रीमती काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ फलफुलचोक बस्ने वर्ष ३४ की ८८/१ कुमारी...............................................१

साक्षी :

कागज :

**प्रतिवादीको नाम, थर, वतन**

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १७ खुशिबु बस्ने वर्ष ४० को राजकुमार श्रेष्ठ.........१

**अ.बं.१३९ बमोजिम बुझिएका मानिस**

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १७ खुशिबु घर नं. ५०४ बस्ने राजकुमार श्रेष्ठको छोरा निराजन श्रेष्ठ....................................१

साक्षी :

कागज :

**अदालतबाट बुझेको**
**साक्षी :**
**कागज :**

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

विपक्षी राजकुमार श्रेष्ठसँग मिति २०५९/११/१८ मा विवाह भएको हो। विभिन्न व्यक्तिहरूको घर कोठा भाडामा लिई दुबै जना पतिपत्नी का रूपमा बसी आएका थियौं। २०६८/९/३ गतेदिख विपक्षी पतिले मलाई कुनै हेरविचार नगरेको, खान लाउन समेत नदिई घरबाट निकाला गरेकाले का.जि., का.म.न.पा. वडा नं. १६ फलफुलचोकमा दुःख गरी बहालमा बसी आएकाले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी एकासगोलको सम्पूर्ण सम्पत्तिको तायदाती माग गरी विपक्षी पतिबाट ४ भागको १ भाग अंश दिलाई चलन समेत चलाइपाउँ भन्ने समेत ब्यहोराको ८८/१ कुमारीको फिराद पत्र।

८८/१ कुमारी नाम गरेको महिलालाई मैले हालसम्म चिनेको देखेको छैन। निजसँग कुनै पनि प्रकारको लेनदेन समेत छैन। मैले निर्मलादेवी श्रेष्ठ बाहेक कुनै पनि महिलासँग विवाह गरेको पनि

छैन। कसैलाई मंगलसूत्र लगाइदिने फोटो खिच्ने विवाह सम्बन्धित पूर्व सर्त पुरा गर्नु पर्ने व्यवहार समेत हालसम्म मैले कुनै पनि महिलासँग नगरेको हुँदा वादी ८८/१ कुमारीको नामबाट दर्ता गराइएको फिराद झुट्टा कपोलकल्पित रहेको छ। चिनजान र भेटघाट नै नभएको व्यक्तिले फोटो पेस गरी लोग्ने नाता देखाई अंश दाबी गर्न मिल्दैन। विपक्षीसँग मेरो विवाह नभएको, मु.ऐन, अंशबन्डाको महल एवं लोग्नेस्वास्नीको महल बमोजिम विपक्षीसँग कुनै पनि पारिवारिक सम्बन्ध नरहेको कारणले गर्दा विपक्षीलाई मैले अंश दिनु पर्ने अवस्था नै छैन। साथै ८८/२ देवीले ८८/१ कुमारी भनी फिराद दायर गरेको हो भन्ने झुट्टा विवरण दिई नागरिकता लिएकोतर्फ श्री जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मुद्दा चली कारबाही हुने नै हुँदा सम्मानित अदालतबाट झुट्टा फिराद दायर गरेतर्फ ८८/२ देवीलाई सजाय गरी झुट्टा फिराद खारेज गरिपाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी राजकुमार श्रेष्ठको प्रतिउत्तर पत्र।

वादी र मेरो बिचमा कुनै नाता सम्बन्ध छैन। फिरादमा उल्लिखित ८८/१ कुमारी भन्ने नाम पहिले सुनेको थिइन। उक्त नाम गरेको महिलालाई म चिन्दिन। आज अदालतको इजलास समक्ष देख्दा फिरादीको नाम ८८/१ कुमारी नभई ८८/२ देवी हो। निज ८८/२ देवी आफ्नो वास्तविकता खुल्ने डरले मलाई पछिल्लो समय फोनबाट विभिन्न धम्कीहरू दिने गर्थिन्। निज ८८/२ देवीले विभिन्न किसिमको नाम राखी अन्य व्यक्तिहरूसँग पनि रकम असुल्ने, मुद्दा हाल्ने गरेको छन्। सम्मानित अदालतबाट निजले ढाँटेको नामबाट गरेको करतुत सम्बन्धमा अनुसन्धान गर्न र वादीले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नागरिकता प्रमाण पत्र लिएकी हुन्। सोको कपी मैले प्रतिउत्तरमा पेस गरेको छु। साथै निजको यातायात व्यवस्था विभागबाट जारी सवारी चालक अनुमति पत्र पनि मैले आज बयानका क्रममा पेस गरेको छु। यस सम्बन्धमा सम्मानित अदालतबाट बुझिपाउँ। साथै रक्षा नेपाल नामक एन.जी.ओ. बाट के कसरी नक्कली परिचय पत्र बनाउनु भएको हो सोको समेत बुझ्नका लागि सम्बन्धित निकायको नाउँमा आवश्यक आदेश समेत जारी गरिपाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी राजकुमार श्रेष्ठले मुलुकी ऐन, अ.बं. ८० नं. बमोजिम गरेको बयान मिसिल सामेल रहेको।

प्रतिवादी राजकुमार श्रेष्ठ मेरा श्रीमान नाताका हुन्। मिति २०५९/११/१८ मा विवाह भएको हो। ८८/४ कुमारसँग मेरो पहिले विवाह भए पनि २०५३/५४ सालतिर उहाँलाई मैले छोडेकी थिएँ। उहाँले कान्छी श्रीमती ल्याएपछि छोडेको हुँ। उहाँबाट मेरो एउटी छोरी थिइन्। ८८/१ कुमारी र ८८/२ देवी भन्ने एउटै व्यक्ति म नै हुँ। मैले राजकुमार श्रेष्ठबाट अंश पाउनु पर्दछ भन्ने समेत ब्यहोराको वादी ८८/१ कुमारीको मुलुकी ऐन, अ.बं. ८० नं. बमोजिम नातामा भएको बयान।

बुबाले मेरो आमा निर्मलादेवी बाहेक कसैसँग पनि विवाह गरी नाता सम्बन्ध कायम गर्नु भएको छैन। अहिले बुबा र म मात्र अंशियार छौं। यी वादी हामीहरूको नाता सम्बन्धको व्यक्ति र अंशियार समेत होइनन्। अंश दिनु पर्ने होइन। नाताभित्रको पर्ने व्यक्ति होइन भन्ने समेत ब्यहोराको अ.बं. १३९ नं. बमोजिम बुझिएका मानिस निराजन श्रेष्ठको वारेस कृष्णप्रसाद भट्टराईले गरेको बयान मिसिल सामेल रहेको।

यी वादी प्रतिवादीहरू श्रीमान श्रीमतीका रूपमा बसेको मैले आफ्नो आँखाले देखेको हुँ। सोही घरमा हामी पनि कोठा लिएर बसेको हो भन्ने समेत ब्यहोराको वादीका साक्षी निलम गुरुङको बकपत्र।

यी वादी प्रतिवादी बिचमा श्रीमान श्रीमतीको नाता छैन। वादीले अंश पाउनु पर्ने होइन। व्यापारको सिलसिलामा सरसापटका रूपमा चिनजान भएको हो भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी श्यामकुमार राजभण्डारीको बकपत्र।

वादीले प्रमाण स्वरूप पेस गरेका फोटाहरू मैले आफ्नै आँखाले हेरे, फोटोमा भएको महिला पुरुष मध्ये पुरुषको फोटो मेरो हो भने त्यसमा भएको महिलाको फोटो ८८/२ देवीको हो। निजलाई मैले ठमेल स्थित ३ डि डान्सबारमा खाजा खाने क्रममा चिनेको हो। यस किसिमको फोटो कुनै पनि हालतमा वैवाहिक सम्बन्धको फोटो हुन सक्दैन। म स्वयं आफु पनि वैवाहिक पुरुष भएको हुनाले मैले निज ८८/२ देवीसँग विवाह गर्नु पर्ने अवस्था नै छैन। निजसँग मेरो कुनै वैवाहिक सम्बन्ध नरहेको र उक्त फोटो मेरो चरित्र हत्या, मलाई ब्ल्याक मेलिङ गर्ने उद्देश्य मात्र रहेको प्रस्ट गराउन चाहन्छु भनी प्रतिवादी राजकुमार श्रेष्ठले यस अदालत समक्ष गरेको बयान।

प्रतिवादीले बयानमा भनेको सम्पूर्ण कुराहरू झुट्टा हुन्। हामी १० वर्षदेखि पतिपत्नी का रूपमा बस्दै आएको हौं। हाम्रो २०५९ फाल्गुनमा १८ गते बिहे भएको हो। प्रतिवादीले मलाई अंश दिनु पर्छ भनेर झुट्टा बयान गर्नु भएको हो भन्ने समेत ब्यहोराको वादी ८८/१ कुमारीले गरेको बयान।

**अदालतको ठहर**

नियम बमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री भोजेन्द्रबहादुर खत्री र अधिवक्ता श्री कमलविक्रम खड्काले वादी र प्रतिवादी पतिपत्नी का रूपमा बस्ने गरेको तथ्य वादीका साक्षी घरबेटी सानु गोथेले बकपत्र गरी पुष्टि गरेको, वादीले पेस गरेको फोटोलाई प्रतिवादीले स्वयं सनाखत गरेका छन्। महिलाले परपुरुषसँग यौन सम्बन्ध राखेको स्वीकार गर्नासाथ लोग्नेस्वास्नीको सम्बन्ध स्वतः विच्छेद हुने हुँदा अघिल्लो लोग्नेसँग सम्बन्ध विच्छेद गर्नु आवश्यक छैन। वादीसँग भइरहेको नागरिकता प्रयोग गरेको हुँदा यसबाट यी प्रतिवादी लोग्ने नभई अघिल्लो लोग्ने नै यथावत् रहेको भनी अर्थ गर्न मिल्दैन तसर्थ वादी प्रतिवादी पतिपत्नी भएका हुँदा सम्पत्ति विवरण भाग गरियोस् भनी बहस गर्नु भयो।

प्रतिवादी तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री रामकुमार श्रेष्ठ, अधिवक्ता श्री जयलाल भण्डारी, श्री सोनी रघुवंश तथा श्री कृष्णप्रसाद भट्टराईले वादीले ८८/१ कुमारी भन्ने नामबाट अंश मुद्दा गरी प्रतिवादीको सम्पत्ति लिनेखाने मनसायले यो मुद्दा गरेको हो। वादीका साक्षीको भनाइ र फिराद ब्यहोरा बाझिएको छ। प्रमाण स्वरूप पेस भएका फोटाहरू पतिपत्नीको सम्बन्ध भएका मानिसले गर्ने जस्तो छैन। प्रतिवादीले फोटो सम्बन्धमा बयान गर्दा पैसा दिएर यौन सन्तुष्टि लिएको भनी लेखाएकै छन्। फोटोमा देखिने क्रियाकलापले सोही कुरा पुष्टि हुन्छ। आपसमा सहमतिले बच्चा नै जन्माउँदा पनि विवाह गरेको मान्न नमिल्ने भन्ने अन्नपूर्ण राणा विरुद्ध गोरख शम्सेर ज.ब.रा. समेत भएको मुद्दामा सिद्धान्त स्थापित भएकै अवस्थामा यौन सन्तुष्टि लिँदैमा विवाह गरेको मान्न मिल्दैन। परिचय पत्र जालसाजी मुद्दामा रक्षा नेपालबाट प्रस्तुत प्रतिउत्तर पत्रबाट नै वादी देहव्यापार गर्ने व्यक्ति हुन् भन्ने पुष्टि हुन्छ। तसर्थ ८८/४ कुमारलाई पति देखाई सम्पत्ति किनबेच बैङ्क कारोबार गर्ने वादीले सम्बन्ध विच्छेद नगर्दै

अर्को विवाह गरेको भन्न मिल्दैन। कानुनले नै एकै पटक दुई पति राख्न मिल्दैन। फिराद नै खारेज होस् भनी बहस गर्नु भयो।

फिराद ब्यहोरा प्रतिउत्तर जिकिर विद्वान कानुन व्यवसायीहरूबाट प्रस्तुत लिखित तथा मौखिक बहस जिकिर समेतलाई मध्यनजर गर्दा यस मुद्दामा वादीले प्रतिवादीबाट अंश पाउनु पर्ने हो होइन वादी दाबी पुग्ने हो होइन भन्ने कुरामा ठहर गर्नु पर्ने देखियो।

वादीले आफु र प्रतिवादी राजु भन्ने राजकुमार श्रेष्ठले मिति २०५९।११।१८ मा विवाह गरी पतिपत्नी भई विभिन्न व्यक्तिको घरमा डेरामा बस्ने गरेकामा मिति २०६८।९।३ देखि खान लाउन नदिई हेरविचार नगरेका हुँदा प्रतिवादी राजकुमार श्रेष्ठकी जेठी पत्नी निर्मलादेवी, निजका तर्फबाट रहेका छोरा समेतलाई अंशियार कायम गरी ४ भागको १ भाग अंश पाउँ भनी दाबी लिएकामा प्रतिवादीले नातामा नै इन्कार गरी प्रतिउत्तर फिराएको देखियो।

अदालतको आदेशानुसार नातातर्फ मुलुकी ऐन अ.बं. ८० नं. को बयान गराउँदा समेत आफु र वादी बिच पतिपत्नीको सम्बन्ध नभएको र व्यावसायिक कारोबारको सिलसिलामा चिनजान भएको तथ्यसम्म स्वीकार गरेको देखिन्छ। यस अवस्थामा यस मुद्दाको ठहर गर्नु पर्ने कुराको निष्कर्षमा पुग्न प्रथमतः निम्न प्रश्नको निक्यौल हुनु पर्ने हुन्छ :

१. वादी प्रतिवादी पतिपत्नी नाताका हुन होइनन् ?
२. वादीले प्रतिवादीबाट अंश पाउनु पर्ने अवस्था छ, छैन ?
३. अंश पाउनु पर्ने अवस्था छ भने को कसबाट पाउने हो ?

प्रथमतः पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा, वादीले मिति २०५९।११।१८ मा विवाह भएको भनी मिति किटान गरे पनि प्रतिवादीसँग यो यस रीतसँग विवाह भएको हो भनी दाबी लिन सकेको अवस्था छैन। विवाह गरी विभिन्न व्यक्तिको घरमा बसेको मात्र उल्लेख गरी आचरण व्यवहारलाई विवाहका रूपमा दाबी गर्नु भएको देखिन्छ र आचरण प्रमाणित गर्न साक्षीका रूपमा निलम गुरुङलाई पेस गर्नु भएको देखिन्छ। तर प्रतिवादीले पतिपत्निका रूपमा नबसेको विवाह नगरेको भनी इन्कारी गरेको अवस्था हुँदा यी दाबी जिकिर र प्रमाणलाई विश्लेषण गर्नुपूर्व विवाह भनेको के हो ? के कस्तो अवस्थामा विवाह भएको अर्थात पतिपत्नीको सम्बन्ध रहेभएको मान्नु पर्ने हुन्छ भन्ने सम्बन्धमा बुझ्नु पर्ने हुन्छ।

विवाह शब्दलाई निम्न शब्दकोशहरूले निम्न तवरबाट परिभाषित गरेको पाइन्छ :

**नेपाली शब्द सागर** वसन्त कुमार शर्म्मा पृष्ठ १२१६ — स्त्रीपुरुष बिच पतिपत्नीको मानवीय सम्बन्ध कायम गराउन हिन्दु धर्मशास्त्र अनुसार मुख्य आठ किसिमका विवाहमध्ये कुनै एक धार्मिक र सामाजिक गठबन्धन बिहे परिणय।

**नेपाली कानुनी शव्दकोश** शंकरकुमार श्रेष्ठ पृ. ३३०— नारी र पुरष बिच पतिपत्नीको नाता जोड्ने वा पाणी ग्रहण गर्ने काम।

**नेपाली बृहत् शब्दकोश** नेपाल प्रज्ञा प्रतिष्ठान पृ. २०६७ —स्त्री र पुरुषको बिचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक सामाजिक कृत्य।

**Black's Law Dictionary** pg 992 — The legal union of a couple as husband and wife भनी परिभाषा गर्दै वैध विवाहका लागि निम्न तत्त्व आवश्यक हुने उल्लेख गरिएको छ :

1. विवाहको सम्झौता गर्न कानुनी रूपमा सक्षम पक्ष,
2. सम्झौता गर्न आपसी सहमति
3. कानुनद्वारा निश्चित गरिए अनुरूपको वास्तविक सम्झौता।

यसै गरी अमेरिकाका सम्बन्धमा उदाहरण दिँदै Joseph W. Madden's Handbook of the Law of Persons and Domestic Relation मा लेखिएको यी वाक्यहरूलाई पनि समावेश गरेको पाइन्छ :... in some states mutual consent alone without formal celebration is sufficient to constitute a valid marriage known as a common law marriage or parties is essential even in the case of a ceremotial marriage.

**(क) हाम्रो न्यायिक व्यवहारमा विवाह भनीएका अवस्था**

**सितादेवी विरुद्ध पुण्येश्वरी, ने.का.प. २०२० नि.नं. २२१६ ,१२८**

"साधारणतः स्वास्नी मानिसले आफ्नो लोग्ने नभएकोलाई लोग्ने हो भन्न कठिनै पर्ने"

**लडुवती यादवनी वि. उतिमलाल यादव, ने.का.प. २०३०, नि.नं. ७६२ पृ.१९९ विवाह भएको नभई हिन्दु समाजको आफ्नो धार्मिक र नैतिक आचरणमा कलंक लाग्ने गरी त्यसै कसैको स्वास्नी हुँ भनी भन्न स्वाभाविक विश्वसनीय लायक कारण नहुने।**

**मुगादेवी बाहुनी वि. कृष्णप्रसाद श्रेष्ठ ने.का.प. २०३७ नि.नं. १३४१ पृ.५५** प्रमाण ऐन, २०३१ को दफा २३(४) अनुसार नाता सम्बन्धी कायम गर्ने कुरामा सम्बन्धित व्यक्तिहरूलाई चिन्ने जान्ने स्थितिमा रहेको व्यक्तिको भनाइ नै प्रमाणमा सरोकार हुने।

**(ख) विवाह नमानिएका अवस्था**

**पूर्ण सुनार वि.इन्द्र बहादुर भण्डारी ने.का.प. २०५२, नि.नं. ६०४६ पृ. ६४७**

"सामान्यता जातकका सम्बन्धमा आमाको भनाइ विश्वसनीय हुने भए पनि सो को पुष्ट्याइँ गर्न पर्याप्त आधार हुनु जरुरी हुन्छ। सोका अभावमा एउटी नारीले उनाउ व्यक्तिलाई लोग्ने भन्दैमा लोग्ने स्वास्नीको नाता कायम हुने भनी भन्न न्यायिक दृष्टिकोणबाट मिल्ने नदेखिने।

**अम्बिका भट्टराई वि. उद्धव प्रसाद भट्टराई ने.का.प. २०६३, नि.नं. ७६९० पृ. ५२५**

कुनै दुई प्रेमी प्रेमिकाका रूपमा बस्नु र लोग्ने स्वास्नी भई बस्नु दुई अलग अलग स्थिति र अवस्था हुन्छ। प्रेम हुँदैमा विवाह हुनै पर्ने बाध्यता नहुने।

**अन्नपूर्ण राणा वि. गोरख शम्शेर ज.ब.रा., ने.का.प. २०५५, नि.नं. ६५८८ पृ. ४७६** यौन सम्पर्क तथा अन्य यावत् दृष्टिबाट लोग्नेस्वास्नी जस्तो गरी बसे हिँडे डुलेको देखिने भए पनि विवाहको सूत्र नजोडी परस्पर स्वतन्त्र भएर बसौंसम्म सँगै बसी आउन नसक्ने अवस्था पनि देखिँदैन। जब यस्तो अवस्थालाई पनि अब समाजले मान्यता दिँदै जान पर्ने स्थिति छ भने कुनै पनि केटीले आफु Girlfriend भई कुनै केटा

साथी boyfriend बनाएर सबै सन्तुष्टि लिएर हिँडडुल गर्न सक्ने वा त्यसबाट बच्चाको जन्म हुन सक्छ भने त्यस्तो भएको हुँदैमा कुनै एक केटी र केटाको विवाह नै भयो भनेर मान्न सकिँदैन।

"वास्तवमा परम्परागत रूपमा वा विधिविधान केही नगरी सामान्य ढङ्गबाट विवाह भएको वा कानुन बमोजिम दर्ता गरी विवाह भएको हो भन्ने तथ्ययुक्त आधार प्रमाण बेगर कुनै महिलाको कुनै पुरुषसँग विवाह भइसकेको हो भनी निक्यौंल गर्न मिल्ने देखिन नआउने।"

"विवाह नभईकन पनि यौन सम्पर्क तथा बच्चा हुन सक्ने वास्तविकता समेतलाई लिएर नै मुलुकी ऐनको अंशबन्डाको महलको ७ नं. मा कुनै खास लोग्ने नतुल्याई बसेकी स्वास्नीबाट जन्मेका सन्तानले बाउको ठेगाना नलागेमा आमाको सम्पत्तिमा भाग अंश पाउँछन् भन्ने व्यवस्था भएको हुनु पर्छ।"

माथि उल्लिखित शब्दकोशहरूबाट गरिएको परिभाषाले विवाहको प्रकृति र परिणाम बुझाएको देखिन्छ। तर विवाह आफैमा के कस्तो अवस्थामा भएको मान्नु पर्ने भन्ने स्पष्ट गरेको देखिँदैन। **Black's Law Dictionary** मा भने विवाह हुनका लागि आवश्यक हुने तत्त्व स्पष्ट गरिएको छ। नेपाल कानुनमा समेत विवाहको परिभाषा गरिएको छैन। विवाह दर्ता ऐनले व्यवस्था गरे अनुरूप दर्ता गरेको अवस्थामा स्वतः विवाह भएको मान्नु पर्ने हुन्छ। तर दर्ता नगरेको अवस्थामा विवाह नै भएको होइन भन्न मिल्ने अवस्था पनि हुँदैन। वैवाहिक सम्बन्ध नियमित र व्यवस्थित गर्न बनेको सामान्य कानुन मुलुकी ऐनको बिहाबारीको महल तथा यस विषयसँग सम्बन्धित लोग्नेस्वास्नीको महल, अंशबन्डाको महल, अपुतालीको महल समेतमा यो यस्तो प्रक्रिया सम्पन्न भएको अवस्थामा विवाह भएको मान्नु पर्ने भन्ने व्यवस्था गरेको पाइँदैन।

यी कानुनले विवाह गर्ने योग्यता, विवाह गर्न निषेधित अवस्था, वैवाहिक सम्बन्धको परिणाम, एकअर्काको अधिकार वा कर्तव्य आदिसम्म व्यवस्था गरेको पाइन्छ। विवाह गरेको मानिनु पर्ने वा पतिपत्निको सम्बन्ध भएको मानिनु पर्ने परिस्थितिलाई निश्चित शब्दहरूभित्र राखिएको पाइँदैन। वस्तुतः विवाह दुई व्यक्ति बिचकै आत्मीय सम्बन्ध भएको हुँदा यस्तो सम्बन्ध के कसरी राखेको अवस्थामा मात्र विवाह गरेको भनिने भनी निश्चित शब्दहरूमा परिभाषित गर्न दुरुह नै हुन्छ। सम्मानित सर्वोच्च अदालतबाट भएका उल्लिखित फैसलाहरूबाट समेत विवाहका सम्बन्धमा सुनिश्चित परिभाषा निर्माण गर्न सकिने अवस्था छैन। कुनै मुद्दामा स्वास्नी मानिसले जातकको बाबु औंल्याएको व्यक्तिलाई नै पति भनिएको छ, भने कहीं नाता पुष्ट्याइँ हुने प्रयाप्त आधार प्रमाण नभई स्वास्नी मानिसले लोग्ने भन्दैमा नहुने निर्णय भएको छ। यसै गरी स्वास्नी मानिसले बिना कारण उनाउँ लोग्ने मानिसलाई पति भन्न नसक्ने भन्ने आधारमा पनि नाता कायम गरिएको छ भने बच्चै जन्माउँदा समेत विवाह भएको नमानिने व्याख्या समेत गरिएको छ। अर्थात मुद्दामा रहेका विशिष्ट तथ्यहरू अनुरूप विभिन्न परिस्थितिमा विभिन्न निर्णय भएको पाइन्छ।

यसको कारण वैवाहिक सम्बन्ध कानुनी कार्यविधिबाट मात्र सृजित र स्थापित हुने सम्बन्ध नभई, सामाजिक, सांस्कृतिक, धार्मिक, परम्परा, इच्छा, आदिले समेत सृजित हुन्छ। वैवाहिक अवस्था र पतिपत्नीको स्थापित सम्बन्धले यी दुई बिच मात्र नभई पारिवारिक तथा समाजिक सम्बन्ध समेत प्रभावित गरेको हुन्छ। दीर्घकालीन तथा अल्पकालीन अधिकार र दायित्व सृजना गरेको हुन्छ। यिनै पृष्ठभूमिमा पतिको सम्पत्तिमा पत्नीको अंश हक कानुनन् रहेको हुन्छ भने एकअर्काप्रति, परिवार, समाज, संस्कारप्रतिको दायित्व समेत रहेको हुन्छ। यसबाट कुनै लोग्ने मानिस र स्वास्नी मानिस पतिपत्नी हुन् होइनन् भन्ने तथ्यको

यकिन यिनै सम्बन्ध, अधिकारको उपयोग र दायित्वको निर्वाह भएका तथ्यहरू बाट नै स्थपित हुने हुन्छ। तसर्थ कुनै लोग्ने मानिस र स्वास्नी मानिस बिचको सम्बन्ध पतिपत्नीको सम्बन्ध हो होइन भन्ने विवादको निक्यौंल परिस्थितिजन्य आधारबाट नै गर्नु पर्ने हुन्छ। माथि उल्लिखित सम्मानित सर्वोच्च अदालतको फैसलाहरू पनि निश्चित कालखण्ड, सामाजिक सोच र व्यवहार, समाजमा उपलब्ध साधन स्रोत आदिको सापेक्षतामा मुद्दामा रहेका खास तथ्यहरूका आधारमा सोही मुद्दाको सन्दर्भमा निर्णय भएको देखिन्छ। तथापि माथि उल्लिखित शब्दकोशका परिभाषा कानुनी प्रबन्ध तथा न्यायिक निष्कर्षका आधारमा पतिपत्निको नाता स्थापित हुन निम्न तत्त्व हुनै पर्ने देखिन्छ।

- लोग्ने मानिस र स्वास्नी मानिस बिच पतिपत्नीको सम्बन्ध कायम राख्ने मनसाय,
- यस्तो मनसाय देखिने व्यवहार,
- आपसी सहमति,
- सम्बन्धित लोग्ने मानिस र स्वास्नी मानिस बाहेक अन्यका नजरमा विवाहित हुन भन्ने बुझिने व्यवहार अर्थात सामाजिक मान्यता।

**अब प्रस्तुत मुद्दाको परिस्थिति विश्लेषण गर्नु पर्ने भएको छ :**

प्रथमतः वादीले आफु ८८/१ कुमारी भन्ने नामबाट प्रतिवादी राजकुमार श्रेष्ठसँग २०५८।११।१८ मा विवाह गरी बसेको भनी दाबी लिएकामा प्रतिवादीले उक्त नाउँ गरेको व्यक्तिलाई आफुले नचिनेको भनी प्रतिउत्तर फिराएको देखिन्छ। वादी उक्त ८८/१ कुमारीको नाउँबाट प्रतिवादीसँग परिचित हुनु हुन्थ्यो भन्ने कुनै आधार मिसिलबाट देखिँदैन। वादीले स्वयं प्रतिवादीसँग गर्ने गरेको बैङ्किङ कारोबार ८८/२ देवीको नाउँबाट गरेको देखिन्छ। वादीको प्राकृतिक व्यक्तित्वलाई चिनाउने वैधानिक प्रमाणका रूपमा रहने नागरिकताको प्रमाण पत्र, सवारी अनुमति पत्र, जग्गा धनी स्रेस्ता प्रमाण सबैमा ८८/२ देवीको नामबाटै प्रयोग गरिएको देखिन्छ।

प्रमाण स्वरूप वादीले फिराद पत्र साथ ८८/१ कुमारीको नाउँ भएको रक्षा नेपालबाट प्रमाणित परिचय पत्र पेस गर्नु भएको पाइन्छ। उक्त परिचय पत्र सम्बन्धमा यिनै प्रतिवादीले यिनै वादी र परिचय पत्र प्रदायक संस्था रक्षा नेपाल समेतलाई प्रतिवादी कायम गरी दायर गरेको जालसाजी मुद्दामा परिचय पत्र लिएको कार्य आफैमा शङ्कास्पद भएको विश्लेषण भएको छ। यसरी सार्वजनिक जीवनमा आफ्नो औपचारिक व्यवहार ८८/२ देवीको नाउँबाट गर्ने वादीले शङ्कास्पद तवरबाट ८८/१ कुमारीको नाउँबाट परिचय पत्र प्राप्त गरी सोही नाउँबाट अदालत प्रवेश गर्नु संदेहात्मक देखिन्छ,। यसबाट निज सफा हात लिई अदालत प्रवेश गरेको मान्न नसकिने अवस्था समेत देखिन आउँछ। मुलुकी ऐन, अ.बं. ८० नं. को बयान गर्ने क्रममा ८८/२ देवी र ८८/१ कुमारी आफै हो भनी बयान गरेको हुँदा एवं मिसिल सामेल नागरिकताको प्रमाण पत्र समेतबाट प्रस्तुत फिराद पत्र प्रस्तोता ८८/२ देवी नै भएको देखिन आउँदा अब थप विवेचना गर्न परेन।

वादीले प्रमाण स्वरूप फिराद पत्रसाथ पतिपत्नी भई बसेको भन्ने उल्लेख गरी ६ थान फोटो पेस गरेको र साक्षीका रूपमा निर्मला गुरुङलाई उपस्थित गराई बकपत्र गराएको अवस्था देखिन्छ। यसै गरी

मिति २०६९।२।२२ मा अ.बं. ८० नं बमोजिम बयान गर्दा प्रमाण स्वरूप २१ थान थप फोटो पेस गरेको देखिन्छ। प्रतिवादीले पनि आफ्नो खण्डन जिकिर प्रमाणित गर्न साक्षीका रूपमा श्यामकुमार राजभण्डारीलाई प्रस्तुत गरेको देखिन्छ भने अन्य प्रमाणका रूपमा वादीको नागरिकताको प्रमाण पत्र, सवारी चालक इजाजत पत्र र बैङ्क खातामा पतिको नाउँमा ८८/४ कुमार लेखिएको भनी नागरिकताको प्रमाण पत्र तथा सवारी चालक अनुमति पत्रको छायाप्रति पेस भएको देखिन्छ।

वादीले फिराद पत्रमा आफुहरू पतिपत्नी भई काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ का सानु गोथेको घरमा ४।५ वर्ष, वडा नं. १६ का टीका वन्तको ३ घरमा २ वर्ष र सो पश्चात सोही वडाका जनक शाहीका घरमा बसेको भनी उल्लेख गरे पनि प्रतिवादी सहित ती घरहरूमा रहने गरेको तथ्य स्थापित हुने घरभाडा, करार लगायत अन्य कुनै वस्तुगत आधार मिसिलबाट देखिँदैन। साक्षीका रूपमा निर्मला गुरुङलाई मात्र उपस्थित गराएको देखिन्छ। निर्मला उल्लिखित घरहरूको धनी रहेको अवस्था नभई बहालमा बस्ने गरेको तथ्य बकपत्रमा खुलेको छ। निजको बकपत्र हेर्दा वादी प्रतिवादी हामी बसेको घरमा कोठा खोज्न आउँदा श्रीमान श्रीमती हो भनी आउनु भएको र कोठामा श्रीमान श्रीमतीका रूपमा बस्नु भएको आफ्नै आँखाले देखेको हो। राती पनि सँगै सुतेको र फोटो पनि एक अर्काको खिचेको मोबाइलमा देखेको भनी लेखाएको देखिन्छ। तर यसरी निर्मला गुरुङ पनि एउटै घरमा बस्ने गरेको भनी वादी स्वयंको भनाइ रहेको पाइँदैन। बकपत्रमा कुन घर धनीको घरमा यी वादी प्रतिवादी बसेको देखेको भन्ने समेत खुलाइएको पाइँदैन। साथै उक्त बकपत्रमा प्रतिवादी राती चोरजस्तै आउने जाने गर्नु हुन्थ्यो भनी लेखाएकामा वादीले यस्तो असहज रूपमा नभइ दस वर्षसम्म विवाह गरी बसेको भनी सामान्य अवस्थाको दाबी लिएको देखिदा उक्त बकपत्रको ब्यहोरा प्रतीतलायक देखिन आएन।

वादीले अर्को प्रमाण स्वरूप फिराद पत्र साथ ६ थान तथा अ.बं. ८० नं. बमोजिम बयान गर्दा २१ थान तस्वीर पेस गरेको देखियो। यी सबै तस्वीर प्रतिवादीलाई देखाई सनाखत बयान गराउँदा तस्वीरमा देखिएको महिला यिनै वादी र पुरुष आफु नै भएको भनी लेखाएका हुँदा सबै तस्वीरमा देखिने लोग्ने मानिस यी प्रतिवादी र स्वास्नी मानिस यी वादी भएको तथ्यमा मुख मिलेकै अवस्था छ। वादीले फिराद साथ पेस गरेको ६ थान तस्वीरहरूमा वादी र प्रतिवादी एउटै खाटमा बसेको तथा सुतेको अवस्थामा देखिन्छ भने पछि पेस गरेका तस्वीरहरू अर्द्धनग्न र नग्न अवस्थामा विभिन्न प्रकारले यौन क्रियाकलाप गरेको अवस्थाका देखिन्छन्। तर ६ थान फोटाहरू र पछि पेस भएका फोटाहरू मध्ये प्रतिवादी मात्र एक्लै कुर्सीमा बसेको फोटो बाहेक यौन क्रियाकलाप गर्दै अवस्थाका फोटाहरूको पृष्ठभूमि एउटै देखिन्छ। यसले यी फोटाहरू अन्तराल अन्तराल तथा बेग्लाबेग्लै स्थानका भन्न मिल्ने अवस्थाको भएन। उल्लिखित तस्वीरहरू प्रतिवादीलाई देखाई बयान गराउँदा आफुहरूले विवाह गरी पतिपत्नीका रूपमा यौन क्रियाकलाप गरेको नभई वादीले अन्य केटीहरू समेत राखी यौन व्यवसाय गर्ने गरेको र आफुले पनि रकम दिएर यौन क्रिया गरेको भनी बयान गरेको देखिन्छ। यसबाट वादी प्रतिवादी बिच यौन सम्पर्क भएको तथ्य स्थापित भए पनि पतिपत्नीका रूपमा उक्त क्रियाकलाप गर्ने गरेको हो होइन भन्ने हेर्नु पर्ने हुन्छ।

प्रतिवादीले उल्लिखित तस्वीर के कसरी कसले खिचेको भन्ने सम्बन्धमा आफुलाई थाहा नभएको भनी बयानमा लेखाएको देखिन्छ। तस्वीरमा देखिए अनुरूप कपडा रहितको अवस्थामा समेत तस्वीर

खिचाउन तयार रहेको हो भने प्रतिवादीले कपडा सहितको अवस्थामा र वैवाहिक सम्बन्ध नै स्थापित गर्ने सम्बन्ध राखेको भए सार्वजनिक जीवनमा फोटो खिचाउन तयार नरहने भन्ने हुँदैन। यो स्वाभाविक रूपको विवेक सम्मत अनुमान हो। त्यस्ता सामान्य तस्वीरहरू खिचेको र हाल यो यस कारण पेस गर्न नसकेको भन्ने वादीको कही कथन रहेको पनि पाइँदैन। यसबाट प्रस्तुत तस्वीरहरू प्रतिवादीको जानकारीमा खिचेको पुष्टि हुन सक्दैन। यसरी दस वर्ष वैवाहिक सम्बन्ध विताएको भनी दाबी लिने वादीले एक संयोगमा प्रतिवादीको जानकारी बिना खिचेको तस्वीर मात्रको भरमा वैवाहिक जीवन पुष्टि भएको मान्न मिलेन।

वादीले आफुहरू बिच २०५९।११।१८ मा विवाह भएको भनी दाबी गर्नु भएकामा फिराद दायर गर्दासम्मको दस वर्षीय अन्तरालमा पतिपत्निको सम्बन्ध बुझाउने खालको अन्य कुनै तस्वीर वा लिखत व्यवहार पुष्टि हुने प्रमाण पेस गर्न सक्नु भएको छैन। पेस गर्नु भएको तस्वीरहरू मध्ये वादी प्रतिवादी दुबै रहनु भएका तस्वीरहरू सबैमा पृष्ठभूमि एउटै रहेको देखिँदा प्रतिवादी दस वर्षको अन्तरालमा पटक पटक उक्त स्थानमा वा अन्यत्र समेत रहने बस्ने गरेको स्थिति बुझाउँदैन। कुनै पनि तस्वीरमा वादी प्रतिवादी बाहेक अन्य व्यक्ति समेत भएको अवस्था नदेखिएको, प्रतिवादी मात्र भएको फोटो बाहेक अरू फोटाहरू एउटै कोठाका भएको र यी वादी प्रतिवादीसँगै साथै हिँडडुल गर्ने गरेको वा सार्वजनिक कुनै व्यवहार गरेको देखिने कुनै तथ्य समेत मिसिलबाट नदेखिँदा पतिपत्नीका रूपमा समाजले बुझेको भन्ने पनि स्थापित हुन सकेको देखिएन।

वादीले पेस गर्नु भएको तस्वीरले वादी प्रतिवादी बिच यौन सम्पर्क भएको तथ्य पुष्टि भएको माथि विश्लेषण भइसकेको छ। अब प्रश्न उठ्छ करणी लिनुदिनुले विवाह गरेको अर्थात पतिपत्नीको नाता सम्बन्ध कायम भएको मान्नु पर्ने हुन्छ वा हुँदैन। हाम्रो प्रचलित कानुनमा हाडनातामा १६ वर्षमुनिका स्त्रीसँग मन्जुरी रहेकै भए पनि तथा सोभन्दा माथिकासँग मन्जुरी बेगर करणी गर्नु निषेध गर्दै दण्डनीय घोषणा गरेको छ। तर करणी लिनु दिनुको अर्थ पतिपत्निको सम्बन्ध कायम गर्नु हो भनी उल्लेख भएको पाइँदैन। कानुनले निषेध गरेको अवस्थामा बाहेक यौन सम्पर्क महिला पुरुषको स्वतन्त्र इच्छा हो तसर्थ करणी गर्नु र विवाह गर्नु नितान्त बेगल कुरा हुन्। करणी जैविक इच्छा पूर्तिका लागि शारीरिक सम्बन्ध हो भने विवाह शारीरिक, वंश, पारिवारिक, समाजिक, कानुनी आवश्यकता पूर्तिका लागि मानसिक तथा भौतिक सम्बन्ध। वैवाहिक जीवनमा यौन सम्पर्क गर्नु सामाजिक र कानुनी दृष्टिकोणबाट स्वीकार्य हुन्छ, तर कानुनले निषेध गरेको स्थितिमा बाहेक स्वतन्त्र सहमतिमा यौन सम्पर्क राख्नु विवाह गर्नु हो भन्न मिल्दैन। अन्यथा करणी सम्बन्धी कानुनमा कडा सजायको व्यवस्था हुँदा यौन सम्पर्क राखेको आधारमा विवाह भएको अर्थात पतिपत्नीको नाता कायम हुने व्यवस्था नहुनु पर्ने कुनै कारण देखिँदैन।

जारी आफैमा विवाहको एक रूप हो जुन सधवा स्वास्नी मानिससँग लोग्ने मानिसले सम्बन्ध राख्दछ। अर्थात जारी गर्ने मानिस र जारीमा पर्ने स्वास्नी मानिस बिच पतिपत्निको सम्बन्धका रूपमा कानुनले मान्यता राख्दछ। जारीको महलको १ नं. मा "अर्काकी स्वास्नी हो भन्ने कुरा जानी जानी वा सो थाहा पाउने मनासिब कारण भई कसैले त्यस्तो स्वास्नी मानिसलाई स्वास्नी बनाउन लगेमा जारी गरेको ठर्हछ" भन्ने व्यवस्था छ। यस प्रावधानले सम्बन्धित अर्काकी पत्नी (सधवा) लाई स्वास्नी बनाउन लगेको

अवस्थामा मात्र जारी गरेको मानिने हुन्छ। तर यही प्रावधानमा मुलुकी ऐनमा एघारौं संशोधन हुनु पूर्व यस्तो व्यवस्था भएको देखिन्छ। "अर्काकी स्वास्नी हो भन्ने कुरा जानी जानी वा सो थाहा पाउने मनासिब कारण भई कसैले त्यस्तो स्वास्नी मानिसलाई निजको मन्जुरीले करणी गरेमा वा स्वास्नी बनाउन भगाई लगेमा जारी ठर्हछ"। यसरी नयाँ संशोधन गर्दा विधायिकाले प्रत्यक्षतः विवाहको एक प्रकारका रूपमा रहेको जारी ठहर हुन "स्वास्नी बनाउने नियतले" नै लगेको हुनु पर्ने आवश्यकता ठानेको देखिन्छ भने पहिले रहेको करणी मात्र गरेको अवस्थालाई यस प्रकारको विवाहको अवधारणाबाट झिकेको देखियो। यस अर्थमा हेर्दा पनि यस प्रकारको विवाह जुन अर्काकी पत्नी (सधवा) सँग गरिन्छ, मा पत्नी बनाउने नै उद्देश्य लिएको हुनु पर्ने हुन्छ, करणी मात्रलाई विवाहको कोटीबाट अलग गरेको देखिन्छ।

वादीले प्रतिवादीसँग २०५९।११।१८ मा विवाह गरेको भनी दाबी लिए पनि यस अन्तरालमा आफ्नो वैवाहिक स्थिति खुलाउनु पर्ने केही कार्य गर्नु भएको देखिन्छ जसमध्ये उहाँ साथमा रहेको नागरिकताको प्रमाण पत्रमा पतिको नाउँमा ८८/४ कुमार उल्लेख छ। मिति २०६७।३।२० मा प्राप्त गरेको सवारी चालकको अनुमति पत्रमा सोही नागरिकता प्रयोग गर्नु भएको छ भने पतिको नाउँमा ८८/४ कुमार नै उल्लेख गर्नु भएको छ। मिति २०६७।१२।१६ मा एभरेस्ट बैङ्कमा खाता खोल्दा पतिको नाउँ ८८/४ कुमार र ससुराको नाउँ ८८।४ कुमार उल्लेख गर्नु भएको छ भने गोर्खा विकास बैङ्कमा खाता खोल्दा पनि पतिको नाउँ ८८/४ कुमार नै उल्लेख गर्नु भएको उक्त बैङ्कको मिति ०७०।६।११ को पत्रबाट देखिन आउँछ। यसै बिच वादीले सुनसरी जिल्ला गा.वि.स. तनमुना वडा नं. ७ ख कि.नं. २९१ को जग्गा आफ्नो नाउँमा खरिद गर्दा पनि पतिको नाउँ ८८/४ कुमार नै लेखाउनु भएको छ भने उक्त जग्गा मिति २०६८।८।१५ मा र. नं.५४६० र ५४६२ बाट अन्यलाई हक हस्तान्तरण गर्दा समेत पतिको नाउँ ८८/४ कुमार नै उल्लेख गरेको पाइन्छ।

यसरी यो फिराद गर्नु दुई महिना अघिसम्म पनि अर्थात ०६८।८।१५ सम्म वैवाहिक स्थिति खुलाई औपचारिक रूपमा सेवा लिनु पर्दा ८८/४ कुमार भनी खुलाई सेवा लिएपछि सोही समयमा आफु ०५९ सालदेखि प्रतिवादीसँग विवाह गरेको भनी दाबी लिएबाट एकै समयमा यी प्रतिवादी पति रहेको भन्ने वादी दाबी स्वयं वादीले सार्वजनिक गरेको वैवाहिक सम्बन्धले खण्डित गरेको देखिन्छ। यस तथ्यलाई वादीका विद्वान कानुन व्यवसायीले महिलाले परपुरुषसँग करणीमा विग्रेको भनी स्वीकार गरेको अवस्थामा स्वतः सम्बन्ध विच्छेद हुने हुँदा एकै पटक दुई पति राखेको भन्न मिल्दैन भनी तर्क गर्नु भएको छ भने प्रतिवादी तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताले पतिले दिएको सम्बन्ध विच्छेद मुद्दामा मात्र स्वतः सम्बन्ध विच्छेद हुने हो भनी प्रतितर्क गर्नु भएको छ।

यस सम्बन्धमा हाम्रो कानुनी व्यवस्था हेर्दा लोग्ने स्वास्नीको महलको १ नं. को देहाय (१) ले स्वास्नीले परपुरुषसँग करणी गराएको ठहरेमा लोग्नेले आफ्नो सम्बन्ध विच्छेद गर्न पाउँछ भन्ने व्यवस्था गरेको देखिँदा यसरी परपुरुषसँग करणी गराएकामा पतिले चाहेको अवस्थामा मात्र सम्बन्ध विच्छेद हुने हुन्छ। सोही महलको २ नं. मा भने स्वास्नीले अर्कोसँग विवाह गरेमा त्यस्तो लोग्नेस्वास्नीको सम्बन्ध स्वतः विच्छेद हुने व्यवस्था गरेको देखिन्छ। यी दुई प्रावधानलाई हेरिएमा पनि करणी लिनुदिनु र विवाह गर्नु कानुनी अवधारणामै फरक रहेको प्रस्ट हुन आउँछ भने एकै समयमा दुई वटा पति हुन नसक्ने अवस्था समेत स्वतः स्पष्ट हुन्छ। तर प्रस्तुत मुद्दामा मिति ०५९।११।१८ मा प्रतिवादीसँग विवाह गरेको

भनी दाबी लिने वादीले ०६६।१।३ मा कि.नं. २९१ को जग्गा खरिद गर्दा तथा फिराद दायर हुनुभन्दा दुई महिना अघि मात्र आफ्नो पति ८८/४ कुमार भनी बिक्री गरी उक्त समयसम्म सार्वजनिक रूपमा ८८/४ कुमारलाई नै पति देखाएको हुँदा उक्त समयसम्म प्रतिवादीसँग विवाह गरेको मान्न र ८८/४ कुमारसँग सम्बन्ध विच्छेद भएको मान्न मिलेन।

यसै प्रसङ्गमा वादी तर्फबाट रहनु भएका विद्वान अधिवक्ताले प्रतिवादीले गोरखाबाट राती धेरै लामो समयसम्म फोनमा कुरा गरेको भनी पति नभए परस्त्रीसँग यसरी फोन नगर्नु पर्ने भनी आधार प्रस्तुत गर्नु भएको छ। मिसिल सामेल कल डिटेल एक महिना अवधिको मात्र देखिन्छ। यसबाट दस वर्षे वैवाहिक सम्बन्ध रहेको भनी निष्कर्ष गर्न सकिने भएन। अर्कातर्फ वादी र प्रतिवादी परिचित नै नरहेको अवस्था छैन। यी दुई बिच आर्थिक कारोबार हुने गरेको तथ्य बैङ्क स्टेटमेन्टबाट पुष्टि हुन्छ भने यौन सम्बन्ध समेत भएको तथ्य माथि उल्लेख भइसकेको हुँदा यस्तो सम्बन्ध भएको व्यक्ति बिच एक महिना अवधिको समयमा फोनमा कुरा हुनु नै दस वर्षको वैवाहिक सम्बन्ध स्थापित हुने आधार बन्न सक्ने देखिएन।

यसरी, माथि विवेचित तथ्य र प्रमाणबाट के कस्तो प्रकारले वादी र प्रतिवादी बिच विवाह भएको भनी वादी स्वयंले दाबी लिन नसकेको, विवाहित अवधि भनी दाबी लिएको दस वर्षसम्म पतिपत्नीका रूपमा नै सम्बन्ध गाँसेको देखिने वस्तुगत सबुत प्रमाण पेस गर्न नसकेको, साक्षीको बकाई प्रतीतलायक नदेखिएको, वादी प्रतिवादी बिच पतिपत्नीको सम्बन्ध कायम गर्ने मनसाय पुष्टि हुने अन्य वस्तुगत आधार देखिन नआएको, यसै अवधिमा वादी स्वयंले आफ्नो पतिका रूपमा अन्य व्यक्तिलाई देखाई औपचारिक व्यवहार गर्ने गरेको देखिएको अवस्थामा एउटै पृष्ठभूमिमा विभिन्न किसिमले यौन सम्पर्क गरेको तस्वीर पेस गरेकै आधारमा कानुनी, सामाजिक, सांस्कृतिक सम्बन्ध, हक र दायित्व सृजना गर्ने विवाह भएको अर्थात पतिपत्नि भएको मान्न नमिल्ने हुँदा वादीले दाबी गर्नु भए अनुरूप यी प्रतिवादीसँग पतिपत्नीको नाता भएको देखिन आएन।

अब वादीले प्रतिवादीबाट अंश पाउनु पर्ने हो होइन पाउने भए को कससँग पाउने हो भन्ने दोस्रो प्रश्न सम्बन्धमा विचार गर्दा माथि पहिलो प्रश्नको विश्लेषणबाट वादी र प्रतिवादी बिच पतिपत्नीको सम्बन्ध भएको भन्ने तथ्य नै स्थापित हुन नसकेबाट सोही पतिपत्नीको नाताका आधारमा यी प्रतिवादीबाट अंश माग गरिएको हुँदा सोही आधारमा वादीले प्रतिवादीबाट अंश प्राप्त गर्न सक्ने अवस्था नै भएन।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट वादी ८८/१ कुमारी भन्ने ८८/२ देवी यी प्रतिवादी राजकुमार श्रेष्ठकी पत्नी नाताको देखिन नआएकाले सोही नाताको आधारमा प्रतिवादीसँग अंश माग गरिएको प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलमा लेखिए अनुसार गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएको छु।

**तपसिल**

माथी ठहर खण्डमा उल्लेख भए बमोजिम वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएकाले वादीले फिराद साथ र.नं. २८६६ मिति २०६८/१०/२० बाट दाखिल गरेको कोर्ट फी रू.२००।- मुद्दा अन्तिम भए पछि जफत गर्नू ..... ..........................................................................................................१

प्रस्तुत फैसलामा चित्त नुबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी वादीका नाममा मुलुकी ऐन, अ.बं. १९३ नं. बमोजिम पुनरावेदनको म्याद जारी गर्नू.....................................२

यो मुद्दा बन्द इजलासमा सुनुवाइ भएकाले जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६ख. को उपनियम (३) बमोजिम हुने गरी नक्कल दिनू साथै यस फैसलाको विद्युतीय प्रति उपयोग गर्नु परेको अवस्थामा वादीको परिचयात्मक कुराहरूलाई सङ्केतमा परिवर्तन गरेर मात्र उपयोग गर्ने व्यवस्था गर्नू.........................................................................................................................३

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ...................................४

जिल्ला न्यायाधीश

यो पाना १२ को फैसला माननीय न्यायाधीशले टिपाए
बमोजिम कम्प्युटर गर्ने डि. जमुना कुइँकेल
फाँट नं. १८।

**इति सम्वत् २०७० साल मंसिर २३ गते रोज १ शुभम्............।**

**श्री मोरङ जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री इन्द्रकुमार चोङ्गटेन्ली**
**फैसला**
**सम्वत् २०६९ सालको २७-०६९-०१४५६ (०६९-CP-०६८४)**
**निर्णय नं. ३७०**

*मुद्दा : निर्णय दर्ता बदर दर्ता कायम।*

| **वादीको नाम, थर, वतन** | **प्रतिवादीको नाम, थर, वतन** |
|---|---|
| जिल्ला मोरङ, विराटनगर उ.म.न.पा. वडा नं. ८ स्थित काली गोपीनाथ धर्मशालामा अवस्थित शिशु सेवा समिति मोरङ विराटनगरका अख्तियार प्राप्त कर्मचारी ऐ.ऐ. वडा नं. ११ बस्ने वर्ष ४७ को युवराज भट्टराई ........................................१ | जिल्ला मोरङ, विराटनगर उ.म.न.पा. वडा नं. ८ स्थित श्री काली मन्दिर व्यवस्थापन समिति विराटनगरका तर्फबाट अधिकार प्राप्त सभापति भई आफ्ना हकमा समेत ऐ. का सभापति विराटनगर उ.म.न.पा. वडा नं. १६ बस्ने वर्ष ६२ की डा. मिनाक्षी नेपाल ........................................१ |

| **प्रमाण** | **प्रमाण** |
|---|---|
| साक्षी | साक्षी |
| कागज | कागज |

**अदालतबाट बुझेको**
**साक्षी**
विष्णु बराल.................१
पुण्यप्रसाद दाहाल..........१
कागज ×

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, २०२० को अ.बं. २९ नं. समेतले यसै अदालतको क्षेत्राधिकारभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य तथा ठहर यस प्रकार छ :

फिरादी जिल्ला प्रशासन कार्यालय मोरङमा २०४१ सालमा दर्ता रही समाजिक सेवा राष्ट्रिय समन्वय परिषद् नेपालमा समेत सामाजिक सेवा गर्ने उद्देश्यबाट दर्ता रही आफ्नो उद्देश्य अनुरूप कार्य गर्दै विराटनगर उपमहानगरपालिका वडा नं. ८ स्थित काली गोपीनाथ धर्मशालामा केन्द्रीय कार्यालय स्थापना गरी सञ्चालित छ। यस संस्थाले काली गोपीनाथ धर्मशालाको सम्पूर्ण भवन, जमिन, पसल समेत २०४१।९।४ देखि १० वर्ष मिति २०५७।९।३ सम्म कबुलियतनामा कागज गरी उक्त जीर्ण अवस्थाको धर्मशाला मर्मत, सम्भार गरी लाखौं रकम लगानी गरी धर्मशाला पुनःनिर्माण गरी त्यसका लागि आवश्यक भौतिक सामग्री जुटाई नियमसङ्गत रूपले धर्मशाला सञ्चालन गरी आएका थियौं। त्यो धर्मशाला

सञ्चालन गरेकोबाट धर्मशाला सञ्चालक पक्षका सन्तानहरू खुसी भई पुनः काली गोपीनाथ धर्मशालाका तर्फबाट विजयनाथ खनाल समेतबाट मिति २०५७।९।४ देखि पुनः २० वर्ष मिति २०७७।९।३ सम्मका लागि फिरादीलाई नै सो काली गोपीनाथ धर्मशाला सञ्चालन गर्न कबुलियतनामा गरिदिएकाले फिरादीबाट सो धर्मशाला साबिक बमोजिम हालसम्म सञ्चालन गरी आएका छौं। फिरादीको भोग चलन गर्ने हक स्थापित छ। हाल आएर विपक्षी डा. मिनाक्षी नेपालले काली मन्दिर व्यवस्थापन समितिका तर्फबाट फिरादीलाई पत्र लेखी मिति २०६९।८।१० भित्र धर्मशालाको कोठा खाली गरी फर्निचर लगायतका सरसमान हटाउन पत्र प्रेषित गरेको र धर्मशाला सञ्चालनमा बाधा अवरोध सृजना गरेकाले फिरादीले श्री पुनरावेदन अदालत विराटनगरमा मिति २०६६।९।१२ मा २०६९ सालको रिट नं. WO ०११३ निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने निवदेन दर्ता गरी कारबाही चलिरहेको छ। यसरी उल्लिखित निषेधाज्ञा मुद्दामा लिखित जवाफ मगाउने आदेश समेत भइसकेपछि मिति २०६९।९।१६ मा मालपोत कार्यालय विराटनगरमा विपक्षी डा. मिनाक्षी नेपालले निवेदन दर्ता गराई काली गोपीनाथ धर्मशाला रहेको विराटनगर उपमहानगरपालिका वडा नं. ८ स्थित कि.नं. ३८ क्षेत्रफल ०–०–१७–१ जग्गा श्री काली मन्दिर विराटनगर ८ का नाममा दर्ता रही विरहमा काली प्रीतय धर्मशाला उल्लेख गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भन्ने निवेदन गरेकी रहेछिन्। सोही निवेदनका आधारमा मालपोत कार्यालय विराटनगरले मिति २०६९।९।१९ मा निर्णय गरी सदर भन्ने शब्दावली राखी श्री काली मन्दिर विराटनगर ८ का नाममा काली गोपीनाथ धर्मशाला रहेको विराटनगर ८ कि.नं. ३८ क्षेत्रफल ०–०–१७–१ जग्गा दर्ता गरी जग्गा धनी प्रमाण पुर्जा दिइएको रहेछ। विराटनगर उपमहानगरपालिका वडा नं. ८ कि.नं. ३८ क्षेत्रफल ०–०–१७–१ जग्गा श्री काली मन्दिर विराटनगर ८ का नाममा दर्ता हुन सक्ने होइन। उल्लिखित जग्गा काली मन्दिरका नाममा दर्ता हुन सक्दैन, कारण सो जग्गा सर्भे नापी हुँदा फिल्डबुकमा काली गोपीनाथ धर्मशाला विराटनगर ८ भनी जग्गाधनीको महलमा नाम उल्लिखित भएको छ। काली गोपीनाथ धर्मशाला भन्नु श्री काली मन्दिर भन्नु एउटै होइन, छुट्टाछुट्टै अस्तित्वका संस्था हुन् भन्ने कुरा नामबाटै प्रस्ट देखिँदा देखिँदै सो कुरालाई नजरअन्दाज गर्दै दूषित प्रकृतिबाट एकको नामको जग्गा अर्काको नाममा दर्ता गराई जग्गा धनी प्रमाण पुर्जा लिएका विपक्षीहरूको कार्य स्वतः गैरकानुनी र दूषित मनसायबाट अभिप्रेरित भएको प्रस्टै छ। श्री काली मन्दिरका नाममा छुट्टै विराटनगर ८ कि.नं. ४० र ४१ का जग्गाहरू सर्भे नापीमा नापी दर्ता भई साबिकदेखि जग्गा धनी प्रमाण पुर्जा लिइसकेकै छ। अतः विपक्षीहरूद्वारा काली गोपीनाथ धर्मशाला विराटनगर ८ को नामको कि.नं.३८ को क्षेत्रफल ०–०–१७–१ जग्गा दूषित तवरबाट श्री काली मन्दिर विराटनगर ८ का नाममा दर्ता गरी जग्गा धनी दर्ता प्रमाण पुर्जा लिएको र जग्गा दर्ता गर्नु पर्ने सामान्य कार्यविधिगत प्रक्रियासम्म अवलम्बन नगरिएको हुँदा सो कार्य कानुन विपरीत भएको तथा जग्गा विपक्षीको कुनै स्रोत र प्रमाण समेत नभएका स्थितिमा काली गोपीनाथ धर्मशाला सञ्चालित रहेको उक्त काली गोपीनाथ धर्मशालाको हकको जग्गा विपक्षीका नाममा दर्ता भए गरिएकाले विपक्षी काली मन्दिरद्वारा गरिएको त्यस्तो दूषित दर्ताले मान्यता नपाउने भएको हुँदा सो दूषित दर्ताको निर्णय र सोका आधारमा भएको दर्ता समेत बदर गरी काली गोपीनाथ धर्मशालाका नाममा सो जग्गा दर्ता कायम गरिपाउँ भन्ने समेत ब्यहोराको फिराद पत्र।

प्रस्तुत मुद्दा विपक्षीले अ.बं. १० नं. ले सार्वजनिक हित र सरोकार निहित भएको भनी फिराद दाबी गरिएको भए तापनि सोलाई पुष्टि गर्ने एउटा मात्र आधार, कारण नदिई, विपक्षीले कथित कबुलियतनामाका आधारमा दाबी गरेको प्रस्ट देखिन्छ। वादीले अ.बं. १० नं. को साहारा लिए तापनि विपक्षी संस्था ल्न्इ को निजी स्वार्थ र प्रतिफलमा निहित रही तथा भविष्यमा पनि सोही ल्न्इ को एकमात्र निहित स्वार्थका लागि दाबी गरिएको देखिन्छ। विपक्षी संस्था स्वयंमा सार्वजनिक हक, हित र सरोकारको विषयसँग सम्बन्धित नरही मिति २०४१।४।१ मा दर्ता रहेको कानुनी स्वायत्त संस्था ल्न्इ रहेको प्रस्ट नै छ। जब कि श्री काली माताको मन्दिर सय वर्षभन्दा पुरानो रहेको अस्तित्व प्रमाणित रहेको छ। काली मन्दिरको स्थापना, विकास, संरक्षण, सम्वर्द्धन र सोको निरन्तरता हिन्दु धर्मावलम्बी र माता कालीका भक्तहरूबाट भई आएको सार्वजनिक धार्मिक संस्था हो। यसमा कोटी कोटी अनगिन्ती धर्मावलम्बीको आस्था, श्रद्धा र भक्ति भाव रहेका कारण, यस काली मन्दिरको स्थापनादेखिको जग्गामा भएको मन्दिर, धर्मशाला, पार्टी, पौवा समेत स्वतः काली मन्दिरको रहने हुन्छ। काली माता वा काली मन्दिरको सम्पत्तिको स्वामित्व, जग्गाधनी प्रमाण पुर्जा वा अन्य भौतिक अस्तित्वभन्दा पृथक् रहन्छ। यसको स्वामित्व स्थानीय र जानकारको आध्यात्मिक, भावनात्मक स्वामित्वबाट सृजना भई भोग गर्दै सोले निरन्तरता लिन्छ। कुनै निश्चित तिथि मिति, समयमा काली मन्दिरको जग्गा धर्मशाला दर्ता नगरेकै कारण मन्दिरको स्वामित्व नरहने वा छैन भन्नु काली मन्दिर जस्तो धार्मिक, सार्वजनिक सम्पत्ति प्रति बक्रदृष्टि वा लोभवश वा नितान्त निहित स्वार्थका लागि गरिएको प्रतिकूल तर्कसम्म हो। तसर्थ प्रस्तुत मुद्दामा वर्णित सम्पत्ति प्रारम्भदेखि सदैव माता कालीको मन्दिरकै थियो, छ र रहने छ। विपक्षीले होइन भन्दैमा काली माताको मन्दिरको स्वमित्वको घरजग्गा नहुने विषय होइन।

विपक्षीको हक, हित र सरोकारको विषय नभएको भन्ने दाबी नै भएबाट विपक्षीको अ.बं. ८२ नं. ले हकदैया नरहेको स्थापित नै हुँदा विवाद गर्नु पर्ने अवस्था नै छैन भने अ.बं. १० नं. भनी दाबी गरिएको भए तापनि सो को सैद्धान्तिक, कानुनी र व्यावहारिक पुष्ट्याइँ नरहेको हुँदा समेत दाबी खारेजभागी छ। दाबीको जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वडा नं. ८ कि.नं. ३८ को ०–०–१७–१ जग्गा र सोमा भएको धर्मशाला साबिकदेखि काली मन्दिरको सम्पत्ति हुँदा धर्मशाला र सोको स्वामित्व सम्बन्धमा विवाद नै छैन। सोमा भएको धर्मशालाको नाम “काली गोपीनाथ धर्मशाला” नभई “काली प्रीतय धर्मशाला” रहेको अभिलिखित पुष्ट्याइँ दाताद्वारा नै धर्मशाला भवनको अग्रभागमा अङ्कित अभिलेखको ब्यहोराबाट लिखित रूपमा प्रमाणित हुन्छ। “श्री काली प्रीतय धर्मशाला, दाताले गोपीनाथ उपाध्याय खनाल (नेपाल), स्थापना १९९७ साल” साथै दाताका सन्ततिले गरिदिनु भएको मिति २०६९।८।१६ को दान (समर्पण) पत्रको ब्यहोराले पनि सो कुरालाई पुष्टि गरेको छ। दाबी बमोजिमको दूषित दर्ता समितिले गरे गराएको होइन, छैन। दाबीमा वर्णित नजिर यस समितिले दर्ता गरे गराएको विषयमा आकृष्ट हुने नभई, दाबीको जग्गा र धर्मशाला काली मन्दिर बाहेक अन्यको नाममा दर्ता भएगरेका अवस्था भएमा यस समितिले वा अन्य सामान्य व्यक्तिले समेत सो नजिरका आधारमा मन्दिरको सम्पत्ति अन्यले दूषित तवरबाट दर्ता गरेगराएको बदर गरिपाउँ भन्ने दाबी गर्ने आधार हुने थियो। जब कि काली माताको काली मन्दिरको नाममा परिसर भौगोलिक अवस्था समेतबाट निरन्तर रही आएको सम्पत्तिसम्म अद्यावधिक गरी कानुनी दर्तासम्म भएको हुँदा दाबी खारेजभागी छ। निषेधाज्ञा मुद्दा चलाउनु पूर्व नै विपक्षीलाई लेखेको पत्रको

प्रतिउत्तरमा विपक्षीले लेखेको पत्रको ब्यहोराबाट नै विपक्षीको बदनियत स्पष्ट देखिएको हुँदा, सबुत प्रमाण सङ्कलन गरी प्रमाण तथा प्रथागत निरन्तरता, अभिलिखित शिलालेख, दानपत्र, स्थलगत सर्जमिन लगायत सबुत प्रमाणका आधारमा मालपोत कार्यालय मोरङले यथार्थतः बुझी वस्तुनिष्ठ आधारमा मन्दिरको नाम दर्ता गरी अधावद्यिक गरिएको विषय प्रमाण, स्रेस्ताविहीनको दूषित होइन। कबुलियतनामाका आधारमा विपक्षीको दाबी स्थापित हुन सक्दैन। कबुलियतनामाका आधारबाट दाबी नगरिएको हुँदा र सोको पक्ष हामी नभएको साथै लिखतकर्तालाई प्रतिवादी समेत नबनाइएको हुँदा सो प्रमाण योग्य होइन, तथापि उक्त लिखत हकदैयाविहीन व्यक्तिबाट भएगरेको गैरकानुनी छ। गैरकानुनी लिखतबाट मन्दिरको सार्वजनिक प्रकृतिको सम्पत्तिको भोग स्वामित्व चलन समेत अन्यले दिने लिने अवस्था हुँदैन। म मिनाक्षी नेपालले मन्दिर व्यवस्थापन समितिको अध्यक्षका हैसियतबाट मन्दिरको सम्पत्तिको सुरक्षा, संरक्षण गर्ने पदीय दायित्व बमोजिम सार्वजनिक प्रकृतिको मन्दिरको सम्पत्ति समाजमा स्थापित गर्ने प्रयोजनका लागिसम्म पदीय कर्तव्य पालनका सिलसिलामा कार्य गरेको, व्यक्तिगत फाइदा वा लाभका लागि नगरेको ब्यहोरा अनुरोध गर्दै मन्दिरको सम्पत्तिको दर्ता यथावत् राखी दाबी खारेज गरिपाउँ भन्ने समेत ब्यहोराको प्रतिवादीको प्रतिउत्तर पत्र।

आदेशानुसार वादी प्रतिवादीका साक्षी बुझी बकपत्र तथा पुनरावेदन अदालत विराटनगरमा दायर भएको निषेधाज्ञा मुद्दा र मालपोत कार्यालयबाट समेत मिसिल झिकाई सामेल रहेको।

आदेशानुसार वादीतर्फका कानुन व्यवसायी विद्वान अधिवक्ता श्री मेदनीप्रसाद सेढाई तथा प्रतिवादीतर्फका कानुन व्यवसायी विद्वान अधिवक्ताद्वय श्री नारायण वस्ती र श्री देवेन्द्र कोइराला (संयुक्त) बाट पेस भएका लिखित बहस नोट मिसिल सामेल रहेको।

## अदालतको ठहर

जिल्ला अदालत नियमावली,२०५२ को नियम ३० र ३१ बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा काली गोपीनाथ धर्मशालामा केन्द्रीय कार्यालय स्थापना गरी सञ्चालित छ। यस संस्थाले काली गोपीनाथ धर्मशालाको सम्पूर्ण भवन, जमिन, पसल समेत मिति २०४१।९।४ देखि १० वर्ष मिति २०५७।९।३ सम्म कबुलियतनामा कागज गरी उक्त जीर्ण अवस्थाको धर्मशाला मर्मत, सम्भार गरी लाखौं रकम लगानी गरी धर्मशाला पुनःनिर्माण गरी त्यसका लागि आवश्यक भौतिक सामग्री जुटाई नियमसङ्गत रूपले धर्मशाला सञ्चालन गरी आएको र धर्मशाला सञ्चालकहरू खुसी भई पुनः काली गोपीनाथ धर्मशालाका तर्फबाट विजयनाथ खनाल समेतबाट मिति २०५७।९।४ देखि पुनः २० वर्ष मिति २०७७।९।३ सम्मका लागि फिरादीलाई नै सो काली गोपीनाथ धर्मशाला सञ्चालन गर्न कबुलियतनामा गरिदिएकाले फिरादीबाट सो धर्मशाला साबिक बमोजिम हालसम्म सञ्चालन गरी आएका छौं। काली मन्दिरका नाममा छुट्टै विराटनगर ८ कि.नं. ४० र ४१ का जग्गाहरू सर्भे नापीमा नापी दर्ता भई साबिकदेखि जग्गा धनी प्रमाण पुर्जा लिइसकेकै छ। विपक्षीहरूद्वारा काली गोपीनाथ धर्मशाला विराटनगर ८ को नामको कि.नं. ३८ को क्षेत्रफल ०–०–१७–१ जग्गा दूषित तवरबाट श्री काली मन्दिर विराटनगर ८ का नाममा दर्ता गरी जग्गा धनी दर्ता प्रमाण पुर्जा लिएको र जग्गा दर्ता गर्नु पर्ने सामान्य कार्यविधिगत प्रक्रियासम्म अवलम्बन नगरिएको हुँदा सो कार्य कानुन विपरीत

भएको तथा जग्गा विपक्षीको कुनै स्रोत र प्रमाण समेत नभएको स्थितिमा काली गोपीनाथ धर्मशाला सञ्चालित रहेको उक्त काली गोपीनाथ धर्मशालाको हकको जग्गा विपक्षीका नाममा दर्ता गरिएकाले विपक्षी काली मन्दिरद्वारा गरिएको त्यस्तो दूषित दर्ताले मान्यता नपाउने हुँदा सो दूषित दर्ताको निर्णय र सोका आधारमा भएको दर्ता समेत बदर गरी काली गोपीनाथ धर्मशालाका नाममा सो जग्गा दर्ता कायम गरिपाउँ भन्ने समेत वादी दाबी तथा प्रस्तुत मुद्दा विपक्षीले अ.बं. १० नं. ले सार्वजनिक हित र सरोकार निहित भएको भनी फिराद दाबी गरिएको भए तापनि सोलाई पुष्टि गर्ने एउटा मात्र आधार, कारण नदिई, विपक्षीले कथित कबुलियतनामाका आधारमा दाबी गरेको प्रस्ट देखिन्छ। वादीले अ.बं. १० नं. को साहारा लिए तापनि विपक्षी संस्था (ल्न्इ) को निजी स्वार्थ र प्रतिफलमा निहित रही तथा भविष्यमा पनि सोही ल्न्इ को एकमात्र निहित स्वार्थका लागि दाबी गरिएको देखिन्छ। विपक्षीको हक, हित र सरोकारको विषय नभएको भन्ने दाबी नै भएबाट विपक्षीको अ.बं. ८२ नं. ले हकदैया नरहेको स्थापित हुँदा विवाद गर्नु पर्ने अवस्था नै छैन भने अ.बं. १० नं. भनी दाबी गरिएको भए तापनि सोको सैद्धान्तिक, कानुनी र व्यावहारिक पुष्ट्याइँ छैन। दाबीको जिल्ला मोरङ विराटनगर उपमहानगरपालिका वडा नं. ८ कि.नं. ३८ को ०–०–१७–१ जग्गा र सोमा भएको धर्मशाला साबिकदेखि काली मन्दिरको सम्पत्ति हुँदा धर्मशाला र सोको स्वामित्व सम्बन्धमा विवाद नै छैन। सोमा भएको धर्मशालाको नाम "काली गोपीनाथ धर्मशाला" नभई "काली प्रीतय धर्मशाला" रहेको अभिलिखित पुष्ट्याइँ दाताद्वारा नै धर्मशाला भवनको अग्रभागमा "श्री काली प्रीतय धर्मशाला, दाताले गोपीनाथ उपाध्याय खनाल (नेपाल), स्थापना १९९७ साल" अङ्कित अभिलेखको ब्यहोराबाट लिखित रूपमा प्रमाणित हुन्छ। साथै दाताका सन्ततिले गरिदिनु भएको मिति २०६९।८।१६ को दान (समर्पण) पत्रको ब्यहोराले पनि सो कुरालाई पुष्टि गरिराखेको हुँदा दूषित दर्ता समितिले गरे गराएको होइन, छैन वादी दाबी खारेज गरिपाउँ भन्ने समेत प्रतिउत्तर जिकिर।

वादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मेदनीप्रसाद सेढाई र विद्वान अधिवक्ता श्री मीना सेढाई तथा प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री भरतबहादुर थापा, विद्वान अधिवक्ता श्री नारायण वस्ती र विद्वान अधिवक्ता श्री देवेन्द्र कोइरालाको तर्कपूर्ण बहस तथा आदेशानुसार दुबै पक्षबाट पेस भएको बहस नोट समेत अध्ययन गरी निर्णयतर्फ विचार गर्दा मुख्य दुई वटा निम्न बमोजिमका कानुनी प्रश्नहरूको विश्लेषण गरी निक्यौंलमा पुग्नु पर्ने देखिन आयो :

१. वादीलाई फिराद पत्र दायर गर्ने हकदैया छ वा छैन ?

२. दूषित निर्णय हो वा होइन ?

पहिलो प्रश्नका सन्दर्भमा विचार गर्दा प्रस्तुत फिराद पत्र मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको १० नं. र ८२ नं. का आधारमा दर्ता भएको देखिन्छ। प्रतिवादीले अ.बं. १० र ८२ नं. को कानुनी व्यवस्था फिरादीलाई आकर्षित नहुने भएकाले प्रस्तुत फिराद पत्र हकदैयाको अभावमा खारेज हुनु पर्दछ भन्ने जिकिर गरेको अवस्था छ।

मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको १० नं. र ८२ नं. मा के कानुनी व्यवस्था रहेछ त भनी अध्ययन गर्दा अ.बं. १० नं. मा "प्रचलित कानुनमा नेपाल सरकार वादी हुने भनी लेखिएको मुद्दामा नेपाल सरकारलाई वादी कायम गरी मुद्दाको कारबाही गरिनेछ। सो बाहेक मुद्दाको विषय वा प्रकृतिबाट नेपाल सरकारको सार्वजनिक वा सरोकार निहित रहेको मुद्दा नेपाल सरकारले वा अड्डाको अनुमति लिई

सर्वसाधारण जोसुकैले वादी भई चलाउन सक्नेछ। अनुमतिका लागि निवेदन दिँदा फिराद पत्र साथै दिनु पर्छ। त्यसरी फिराद पत्र साथै अनुमतिको निवेदन परेमा उसै दिन अनुमतिको निवेदनमा निर्णय गरी दिनु पर्छ। अनुमति नदिएमा पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ" उल्लेख छ। त्यस्तै अ.बं. ८२ नं. मा "नेपाल सरकार वादी हुने मुद्दा र घुस खान माग्ने सरकारी कर्मचारीकै हस्ताक्षरको लिखतको सबुत लिई नालेस गरेको घुस मुद्दामा जोसुकैले नालेस गरे पनि हुन्छ। सो बाहेक अरू गैरमुद्दामा जसको जुन कुरामा हक पुग्छ उसले सो कुरामा दाबी गरी नालिस दिए मात्र लाग्छ" उल्लेख छ।

मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको १० नं. को कानुनी व्यवस्थालाई हेर्दा सरकारवादी हुने मुद्दा मात्र होइन सार्वजनिक हित वा सरोकारको जुनसुकै विषयमा पनि सर्वसाधरण नागरिकले उजुरी गर्न सक्दछन् भन्ने देखिन्छ। सार्वजनिक हितको संरक्षण गर्न जोसुकै व्यक्ति जागरुक हुन सक्ने सिद्धान्त रोमन कानुनी प्रणालीदेखि बेलायत, अमेरिका र भारतमा बर्षौंदेखि प्रचलित सिद्धान्त हो। नेपालमा यस्तो व्यवस्था मुलुकी ऐनको नवौं संशोधन (२०४३) मा समावेश भएको हो। सार्वजनिक महत्त्वको प्रश्नलाई विशेष महत्त्व प्रदान गर्नु पर्ने महसुस गरेर नै विधायिकाले यो व्यवस्था गरेको हो। सार्वजनिक प्रकृतिको विवादमा हदम्याद र हकदैयाको प्रश्नलाई सङ्कीर्ण आँखाबाट हेर्न मिल्दैन। सार्वजनिक सरोकारको विषय भनेका नै वस्तुतः असीमित हकदैया र अनन्त हदम्यादभित्रको विषयवस्तु हो।

सम्मानित सर्वोच्च अदालतले सार्वजनिक सरोकारको विषयमा सक्रिय विधिशास्त्रीय दृष्टिकोण अपनाएको पाइन्छ। सुन्दरलाल भवानी विरुद्ध काशीनाथ (ने.का.प. २०५६, पृ.४२४) को मुद्दामा त अ.बं. १० नं. को अनुमति नलिई दर्ता भएको मुद्दामा समेत सार्वजनिक महत्त्वको विषयवस्तुकै सीमाभित्र समावेश गरी क्षेत्राधिकार ग्रहण गरेको देखिन्छ। उक्त मुद्दामा "सार्वजनिक धर्मकृति फैलाउन र सार्वजनिक सुरक्षाको हित रक्षार्थ फिराद परी अड्डामा दर्ता भइसके पश्चात केबल अनुमति नलिएको भन्नेसम्मको झीनो आधारमा मुद्दामा कारबाही किनारा नै गर्न नमिल्ने भन्ने अवस्था रहदैन" भनी व्याख्या भएको छ।

प्रकाशमणि शर्मा विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत (ने.का.प.२०५६, पृष्ठ ७००) को मुद्दामा "धार्मिक, साँस्कृतिक, पुरातात्त्विक महत्त्वको स्थानको संरक्षण गर्ने विषय पनि सार्वजनिक सरोकारको विषय भएको देखिन आएको हुँदा यस प्रकारको सार्वजनिक विषयमा निवेदन दिन हकदैया नभएको भन्न मिल्दैन" भनी ब्याख्या भएको सन्दर्भमा प्रस्तुत मुद्दाको विषयवस्तु काली मन्दिरको रेखदेख, संरक्षण, सञ्चालन एवम् धार्मिक, साँस्कृतिक र पुरातात्त्विक महत्त्वको विषयसँग नै सम्बन्धित देखिएको ? ऐतिहासिक स्थानको संरक्षण तथा विकासका लागि नेपालमा बसोबास गर्ने जोसुकै व्यक्तिले अ.बं. १० नं. को कानुनी व्यवस्थाको अधीनमा रही फिराद दायर गर्न सक्ने अवस्था देखिँदा शिशु सेवा समितिले दाता परिवारसँग कबुलियत गरी काली गोपीनाथ धर्मशालाको रेखदेख र संरक्षण गर्ने जिम्मा लिएको देखिँदा वादी शिशु सेवा समितिलाई फिराद पत्र दायर गर्ने हक रहेभएकै देखियो, हक दैया छैन भन्ने प्रतिउत्तर जिकिरसँग सहमत हुन सकिएन।

अब दोस्रो प्रश्नका सन्दर्भमा विचार गर्दा प्रस्तुत मुद्दाको विषय र तथ्य अध्ययन गर्दा दाता र वादी शिशु सेवा समिति बिच मिति २०४७/९/४ मा कबुलियतनामा गरी १० (दश) वर्षका लागि काली गोपीनाथ धर्मशाला सञ्चालन र रेखदेख गर्ने जिम्मा शिशु सेवा समितिले पाएको देखिन्छ। सो १० वर्षे

अवधि व्यतित भएपछि मिति २०५७/९/४ देखि पुनः २० (बिस) वर्ष अर्थात मिति २०७७/९/३३ सम्मका लागि यिनै पक्षहरू बिच कबुलियतनामा भएगरेको देखिन्छ।

दाता र शिशु सेवा समितिका बिच मिति २०५७/९/४ देखि पुनः २० (बिस) वर्ष अर्थात मिति २०७७/९/३ सम्मका लागि धर्मशाला सञ्चालन र रेखदेख गर्न कबुलियतनामा गरेको अवस्था तथा कबुलियतनामाको अवधि बाँकी छँदै काली मन्दिर व्यवस्थापन समितिलाई मिति २०६९/८/१६ मा दान (समर्पण) पत्रका माध्यमबाट काली मन्दिरको सञ्चालन, संरक्षण, सम्वर्द्धन र परम्परागत धार्मिक कार्यको निरन्तरता प्रदान गर्न भनी समर्पण गर्नु दाताको गल्ती भएको कुरा दाता मध्येका विजय खनालले बयानमा स्वीकार गरेका छन्।

स्व. गोपीनाथ उपाध्याय खनालका सन्ततीहरू तथा दान (समर्पण) पत्र ग्रहण गर्ने श्री काली मन्दिर व्यवस्थापन समिति बिच दान (समर्पण) पत्र ग्रहण गर्दा गराउँदाको दान (समर्पण) पत्रको दफा १ मा "काली प्रीतय धर्मशाला" कै नाउँमा धर्मशाला कायम राखी हाल नापीमा जिल्ला मोरङ विराटनगर-८ (छ) सिट नं. १७८-०७४३-१३ को किता नं. ३८ को ज.बि.०-०१७-१ को घरजग्गा काली गोपीनाथ धर्मशाला भनी नापी भएको भए तापनि काली मन्दिर विराटनगरको स्वामित्वमा दर्ता हुने र विरहमा "काली प्रीतय धर्मशाला" जनाउने कार्य गरी मन्दिरको भोग स्वामित्वलाई स्वीकार गरी धर्मशाला अवस्थित घरजग्गा "काली मन्दिर विराटनगर" ले दर्ता, भोग, स्वामित्वमा लिई दाताका सन्तती परिवारहरूले मञ्जुरी गरी आजैबाट पूर्णतः मन्दिरले भोग गर्ने गरी दान (समर्पण) गरेका छौं" भनी मिति २०६९/८/१६ मा दान (समर्पण) पत्र गरेको देखिन्छ।

दाता मध्येका विजय खनाललाई साक्षी सरह अदालतमा झिकाई बुझ्दा जिल्ला मोरङ विराटनगर-८ (छ) कि.नं. ३८ को ०-०-१७-१ को घरजग्गा दान (समर्पण) पत्र अनुसार काली मन्दिरको नाउँमा दर्ता स्वामित्व प्राप्त गरेको हो भनी जवाफ लेखाइदिएको देखिन्छ। दाता स्वयंले नै काली मन्दिर व्यवस्थापन समितिलाई दान (समर्पण) पत्र मार्फत काली मन्दिरको सञ्चालन, संरक्षण र परम्परागत धार्मिक कार्यको निरन्तरता प्रदान गर्न अग्रसर भई काली मन्दिरको संरक्षण, सम्वर्द्धन र सञ्चालन गर्ने गरी दान (समर्पण) पत्र दिइसकेको अवस्था तथा बोलीचाली र जनजिब्रोमा "काली गोपीनाथ धर्मशाला" अभिलेखमा "काली प्रीतय धर्मशाला" रहे भएको देखिँदा यी दुई अलग अलग धर्मशाला नभई एउटै हो भन्ने देखिन आयो। एकै स्थानमा काली मन्दिर सँगै रहेको धर्मशाला, संस्थापक दाता उही व्यक्ति रहेको परिप्रेक्षमा यी भिन्न भिन्न संस्था (धर्मशाला) होइनन्। धर्मशाला भवनको अग्रभागमा "श्री काली प्रीतय धर्मशाला, दाताले गोपीनाथ उपाध्याय खनाल (नेपाल), स्थापना १९९७ साल" भनी दाताद्वारा अभिलिखित अभिलेख समेतले यसको पुष्टि गरेको छ। दाताले स्थापना गरेको मन्दिर सोको रेखदेख सञ्चालन गर्न समेत दान (समर्पण) पत्रद्वारा काली मन्दिर व्यवस्थापन समितिलाई प्रदान गरिसकेको र सो दानपत्रकै आधारमा दाबीको कि.नं. ३८ को ज.वि. ०-०'१७-१ को घरजग्गा फिल्ड बुकमा जग्गा धनीको नाम, थर र वतन "काली गोपीनाथ धर्मशाला विराटनगर नगरपञ्चायत वडा नं. ८ उल्लेख भए तापनि माथि विवेचना गरिए बमोजिम काली गोपीनाथ धर्मशाला र काली प्रितय धर्मशाला एउटै धर्मशाला भएकाले काली मन्दिर बाहेक अन्यको नाममा दर्ता नभई काली मन्दिरकै नाउँमा दर्ता भएको अवस्था देखिएका परिप्रेक्षमा दूषित दर्ता

हुनलाई "एकाको हक स्वामित्वको जग्गा हकै नभएको व्यक्तिले दर्ता गराएको अवस्थामा यस्तो कार्यलाई दूषित दर्ता मान्नु पर्ने" (ने.का.प. २०६०, नि.नं. ७१६६ पृष्ठ ६०) प्रतिपादित सिद्धान्त समेतका आधारमा प्रस्तुत मुद्दामा त्यस्तो अवस्था विद्यमान नदेखिँदा दूषित निर्णयबाट दर्ता भएको भन्ने वादी दाबी तथा वादीका तर्फबाट उपस्थित विद्वान कानुन व्यवसायीहरूको बहस एवम् बहस नोटसँग सहमत हुन सकिएन। अतः वादी दाबी बमोजिम दूषित लिखत बदर गरी दर्ता बदर दर्ता कायम गर्नु परेन। वादी दाबी पुग्न नसक्ने ठहर्छ। सो ठहर्नाले अरू कुराका हकमा तपसिलमा लेखिए बमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम प्रस्तुत मुद्दा फैसला गरिदिएँ।

**तपसिल**

माथि ठहर खण्डमा लेखिए बमोजिम वादी दाबी पुग्न नसक्ने ठहरेकाले वादीलाई केही सजाय गर्नु पर्छ कि भन्नलाई सुरु कोर्ट फी राखी दायर भएको मुद्दा हुँदा केही गरिरहन परेन। वादीले फिराद साथ राखेको कोर्ट फी रू. ३०० जफत हुन्छ ..........................................................................................१

यो फैसलामा चित्त नबुझे पैंतिस दिनभित्र श्री पुनरावेदन अदालत विराटनगरमा पुनरावेदन गर्नु भनी वादीलाई अ.बं. १९३ नं. बमोजिम पुनरावेदनको म्याद जारी गरी पठाइदिनू ..............................................२

सरोकारवाला पक्षले यो फैसला सहितको नक्कल पाउँ भनी माग गरे नियमले लाग्ने दस्तुर लिई सारि वा सराइदिनू ...............................................................................................................................३

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम बमोजिम अभिलेख शाखामा बुझाइदिनू................४

जिल्ला न्यायाधीश

यो पाना ८ को फैसला मा. जि. न्या. ज्यूले
बोली टिपाउनु भए बमोजिम टिपी कम्प्युटर
टाइप गर्ने ना.सु. नवराज भट्टराई

(फाँट : देवानी ख)

**इति सम्वत् २०७१ साल आषाढ ३१ गते रोज ३ शुभम् ............।**

श्री प्युठान जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री विष्णुप्रसाद उपाध्याय

फैसला

मुद्दा नं.०६९-CP-००८०

निर्णय नम्बर : १२४

*मुद्दा : कुलोपानी खिचोला मेटाई चलन चलाइपाउँ।*

**वादीको नाम,थर र वतन**

रोल्पा जिल्ला मिझिङ गा.वि.स.वडा नं. ९ कोइरालखर्क बस्ने लोके महतरा..................१

ऐ.ऐ. बस्ने प्रेम महतरा क्षेत्री.......................१

ऐ.ऐ. बस्ने भोजबहादुर महतरा.....................१

ऐ.ऐ. बस्ने पदमबहादुर विष्ट.......................१

ऐ.ऐ. बस्ने चन्द्रबहादुर विष्ट.......................१

वादीको प्रमाण : ....।

**प्रतिवादीको नाम,थर र वतन**

प्युठान जिल्ला सारी गा.वि.स. वडा नं.९ डाँडागाउँ बस्ने धने घर्तीको छोरा कुलबहादुर घर्ती ...........१

ऐ.ऐ. बस्ने ऐ.को छोरा गन्धर्व घर्ती-.................१

ऐ.ऐ. बस्ने हरि घर्तीको छोरा मानसिं घर्ती...........१

ऐ.ऐ. बस्ने लिले घर्तीको छोरा गुमान घर्ती..........१

ऐ.ऐ. बस्ने धनेको छोरा तोयराम घर्ती................१

ऐ.ऐ. बस्ने लुद्रबहादुरको छोरा कविराम घर्ती........१

ऐ.ऐ. बस्ने ऐ. को छोरा बुद्धिराम घर्ती मगर.........१

ऐ.ऐ. बस्ने कुलेको छोरा जोखे घर्ती..................१

ऐ.ऐ. बस्ने ऐ.को छोरा लाले घर्ती......................१

ऐ.ऐ. बस्ने धनेको छोरा कृष्णे घर्ती...................१

ऐ.ऐ. बस्ने मुक्तेको छोरा नारायण घर्ती..............१

ऐ.ऐ. बस्ने हिरे सुनारको छोरा हिमे सुनार...........१

ऐ.ऐ. बस्ने इन्द्रेको छोरा रिखिराम घर्ती..............१

**अदालतबाट बुझेको**

**वादीका साक्षी**

सिमबहादुर विष्ट..................१

जुगराज गौतम...................१

रेशम खत्री........................१

गंगाराम घर्ती.....................१

**प्रतिवादीका साक्षी**

**रेशमराज उपाध्याय**

अ.बं.७८ नं.बमोजिम बुझिएका

कुलबहादुर घर्ती.................१

दुर्गाप्रसाद उपाध्याय............१
कुलबहादुर घर्ती...............१

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं.२९ नं. बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र परेको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यस प्रकार छ :

१. हामी फिरादीहरूका हकभोगमा रहेको, परम्परादेखि चली आएको हामी रोल्पा मिझिङ गा.वि.स. वडा नं.९ अन्तर्गत बराह थान घरेली खोलाको पानी मुहानबाट कुलोपानी लिई हामीहरूले सिँचाइ गरी आएका छौं।मिति २०६७ साल मार्ग १५ गते हाम्रा जग्गाहरूमा सिँचाइ गर्नु परेकाले कुलोमा पानी नआई पानी लिन जाँदा अन्यायीहरूले हाम्रो कुलोतिर जाने पानी पुरै बन्द गरी उक्त मुहानको पानी मुहानदेखि पक्की कुलो निर्माण गरिरहेका, केही गरिसकेकाले अन्यायवालाहरूलाई मिति २०६७/८/१८ गते बोलाई हामीले हाम्रो पानीको मुहान साबिक रूपमा लैजान्छौं भनी लैजाने प्रयास गर्दा निजहरूले तपाईंले पानी लैजाने प्रयास गरेपछि रक्तपात हुने छ भनी धम्की समेत दिएकाले निजहरूले अनधिकृत रूपबाट पानी लगी हामीहरूको परम्परादेखि चली आएको, हाम्रो हकभोग भएको मुहानबाट हामीहरूलाई वञ्चित गरी पूर्ववत् निर्वाध रूपमा हाम्रो जग्गामा उक्त मुहानबाट साबिक अनुसारको कुलोबाट पानी लिई सिँचाइ, पानी पटान गरी पाउन मु.ऐन, जग्गा आवाद गर्नेको १ नं. बमोजिम कारबाही गरी ऐ.१,२ नं. बमोजिम कुलोपानी खिचोला मेटाई चलन चलाइपाउँ भन्ने समेत ब्यहोराको फिराद दाबी।

२. फिराद दाबी झुट्टा हो। तत्काल १९२१ साल आषाढ १०/३ मा तल्लासारी गाउँका मुखिया देवीराम जैसी समेत गाउँलेहरू भई घडेरी खोलाको सवरा कुलाले काटेको हुँदा सो जग्गाको तिरो रू.६ पैसा बुझेका हुनाले अब उप्रान्त तालुकदारहरू र रैती समेतले कुलो भाँची नोक्सानी गर्न नपाउने गरे गराए सो कुलाले लगाएको उब्जनी समेत बुझाउने भनी सम्झौता भई मुखिया भद्ररत्न महराले सही समेत गरी हामीहरूका आँत बलले आर्जेको कुलो भन्ने कुरा उक्त लिखतले स्पष्ट पारेकै हुदा उक्त कुलो हाम्रै हो। घडेरी खोलाको मुहान सीर खण्डलाई हलहलेखोला भन्ने स्थानमा बाँध बाँधी रोल्पा मिझिङ कैरालखर्क फिरादी समेतको एकलौटी उपयोग गर्ने कुलो हो, हामीहरूको त्यसमा कुनै हक छैन। उक्त कैरालखर्क जाने पहिलो कुलोबाँध हलहलेदेखि अं.५०० मिटर तल घडेरी खोला बराह थान मूलपानी र कुलाको मुहान स्रोत छ सोही स्रोतबाट हामीहरूले परापुर्वकालदेखि उपभोग गरिरहेको पानीमा वादीहरूको उक्त मूलमा कुनै अधिकार नै छैन,त्यसै गरी सो बराह थान घडेरी खोला मूलबाट अं.४७० मिटर तल झाँक्रीखेत भन्ने मूलबाट रोल्पा मिझिङ ९ कोइरालाखर्कका फिरादी समेतले गाउँमा एकलौटी पानी लैजानु भएको छ, त्यसमा पनि हाम्रो कुनै अधिकार नै छैन। यसरी सवै भन्दा माथि हलहले मूलको पानी वादीहरूले एकलौटी लगेको,सोदेखि तल अं५०० मिटर तल घडेरी खोला बराह थानको पानी मूल हामी प्युठान सारीका जनताले उपभोग गर्दै आईरहेको, सोदेखि तल झाँक्रीखेत पानी स्रोत वादीहरूकै एकलौटी भएको हुँदा फिरादीका पुर्खाहरूकै पालामा तत्काल प्युठान र कोइरालाखर्कका मुखिया समेतले गरेको मिलापत्र समेतका

आधारबाट फिराद दाबी झुट्टा हो, खारेज गरीपाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी जना ९ को संयुक्त प्रतिउत्तर पत्र।

३. यसमा वादी प्रतिवादीहरू बिचमा मुख नमिलेका कुराहरूमा देहायका कार्य सम्पन्न गरी नियमानुसार पेस गर्नू भन्ने २०६८/६/१ मा भएको आदेश।

(क) प्रतिउत्तर पत्रसाथ दाखेल भएको मिति १९२१/३/१०/३ को मिलापत्रको कागजको सक्कल प्रतिवादीहरूबाट दाखेल गर्न लगाई अ.बं.७८ नं. बमोजिम वादीलाई सुनाई कागज गराउनू।

(ख) मुख नमिलेका कुरामा दुबै पक्षका फिराद र प्रतिउत्तर पत्रमा उल्लिखित साक्षी झिकाई बकपत्र गराउनू।

(ग) फिराद र प्रतिउत्तर पत्रमा उल्लिखित वादीहरू र प्रतिवादीहरूका नामका ज.ध.प्रमाण पुर्जाका प्रमाणित प्रतिलिपि सम्बन्धित कार्यालयबाट झिकाउनू।

(घ) प्रतिउत्तर पत्रको प्रकरण ८ मा उल्लिखित गरिबी निवारण कोष काठमाण्डौ र उजेली सामुदायिक संस्था सारी प्युठान बिच मिति २०६६/३/२४ मा सम्झौता भएको हो होइन ? सो भएको भए के कस्तो सम्झौता भएको हो सो को जानकारी सहितको आवश्यक कागजातहरूको प्रमाणित प्रतिलिपि सम्बन्धित कार्यालय वा निकायबाट झिकाउनू।

(ङ) वादी दाबीको बराह थान घडेरी खोलाको मुहान कुलो र प्रतिवादीले प्रतिउत्तरमा उल्लिखित गरेको शिरको हलहले पानी मूल, खडेरी खोला बराह थान र झाँक्रीखेत पानी समेत देखिने गरी अ.बं.७१ नं. बमोजिम नाप नक्सा गर्नू।

(च) वादी दाबीको बराह थान घडेरी खोला र सोबाट सिँचाइ हुने वादी दाबीको जग्गाको नक्सा प्रिन्ट निजहरूबाट दाखिला गर्न लगाउनू।

(छ) बराह थान खडेरी खोला र सोबाट सिँचाइ हुने जग्गाहरू प्युठान वा रोल्पा कहाँ पर्छ, सो देखिने नक्सा प्रिन्ट नापी कार्यालय रोल्पा र प्युठानबाट झिकाउनू।

४. वादीहरूले रोल्पा मिझिङ गा.वि.स.मा पर्ने बराह थान घडेरी मुहानका विषयमा मिझिङ गा.वि.स.मा निवेदन दिई मिझिङबाट प्युठान सारी गा.वि.स.मा पत्राचार गर्दा प्रतिवादीहरूले वास्ता नगरी बस्नु भएबाट विवादित ठाउँमा हामीहरू गई बोलाउँदा समेत नआई उक्त मुहानमा गरिबी निवारण कोषबाट सहयोग लिई पक्की कुलो निर्माण गरी प्रतिवादीहरूले पानी लगेकाले हाल वादीहरूले सिँचाइ गर्न पाएका छैनन्, उक्त घडेरी खोलाको पानी मुहान रोल्पा मिझिङ बस्ने ग्यामबहादुर महराको हकभोगको जग्गा हो भन्ने समेत ब्यहोराको वादीका साक्षी सिमबहादुर विष्टले अदालतमा गरेको बकपत्र।

५. प्रतिवादीहरूले परापूर्व कालदेखि बराह थान घडेरी खोला पानीको मुहान प्रयोग गर्दै आउनु भएको छ। वादीहरूले विवादित मूलको पानी सिँचाइ र खानेपानीका लागि पक्की निर्माण गरी प्रतिवादीहरूले नदेखेको समयमा पानी लैजानु भएको हो। वादीहरूले कसैले नदेखेको बेला उक्त मूलको पानी लुकीछिपी लैजाने गर्दथे। उक्त पानीको मुहान रोल्पा र प्युठानको सिमानामा पर्छ, मैले उक्त मूलको

पानी प्रयोग गर्ने गरेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी रेशमराज उपाध्यायले अदालतमा गरेको बकपत्र।

६. रोल्पा मिझिङ ९ कोइरालखर्क गाउँमा वादीहरूको जग्गामा आउने बराह थान घडेरी खोलाको पानी परम्परागत रूपमा वादीहरूले सिँचाइ गर्दै आइरहेका कुलाको पानी प्रतिवादीहरूले पानीको मुहानबाट ५० M.M. को पाइपमा खानेपानी र मुहानबाटै पक्की कुलो बनाई लगेका छन्। उक्त कुलो बनाइ पानी लग्दा कोइरालखर्कका मानिसहरूसँग सहमति भएको थिएन भन्ने समेत ब्यहोराको वादीका साक्षी रेशम खत्रीले अदालतमा गरेको बकपत्र।

७. वादीहरूको जग्गामा आउने वराहथान घडेरी खोलाको पानी परम्परागत रूपमा रातको समयमा उक्त कुलाको पानी वादीहरूले सिचाइ गर्दै आइरहेको र उक्त कुलाको पानी मुहानबाट प्रतिवादीहरूले पक्की कुलो बनाई लग्नु भएको छ सो सम्बन्धमा प्रतिवादीहरूसँग कुराकानी हुँदा पक्की बाँध भत्काई लगेमा हातपात हुनेछ भनेका हुन्। सो कुलाको पानी रातको समयमा वादीहरूले प्रयोग गरेका र दिउसोको समयमा प्रतिवादीहरूले प्रयोग गरेका छन् भन्ने समेत ब्यहोराको वादीका साक्षी जुगराज गौतमले गरेको बकपत्र।

८. प्रतिवादीहरूले परापूर्व कालदेखि घडेरी खोला मुहानको पानी प्रयोग गर्दै आउनु भएको छ, विवादित मूलको पानी भन्दा अं.५०० मिटर माथिबाट सिँचाइ र खानेपानीको पाइप र कुलो बनाई लगी, सो मूलभन्दा अं.४०० मिटर तलबाट पक्की ट्याङ्की निर्माण गरी पाइपबाट पानी लगी एकलौटी रूपमा प्रयोग गर्नु भएको छ। वादीले विवादित मूलबाट पानी पाउनु पर्ने होइन, विवादित मूलको पानी प्रतिवादीहरूले नै पाउनु पर्दछ भन्ने समेत ब्यहोराको वादीका साक्षी गंगाराम घर्तीले अदालतमा गरेको बकपत्र।

९. मिति १९२१ साल आषाढ १० गतेको मिलापत्रको सक्कल कागज सद्दे हो, किर्ते, जालसाजी होइन। पुरानो कागज भएको हुँदा उक्त कागजमा उल्लेख भएका व्यक्तिको नाम कसरी लेख्न सकिन्छ, वादीले झुट्टा आरोप लगाएका मात्र हुन् भन्ने समेत ब्यहोराको अ.बं.७८ नं.बमोजिम बुझिएका प्रतिवादी वा.स.कुलबहादुर घर्तीले अदालतमा गरेको कागज।

१०. २०१९ साल अषाढ १० गतेको कागज धेरै वर्षको पुरानो भएको हुँदा उक्त मितिको मिलापत्रको कागज हालसम्म रहन सक्ने कुरै हुँदैन। मिलापत्रमा साक्षी बसेका भरत महरा क्षेत्री भन्ने व्यक्ति वादी लोके महतराको जिजुबाजे नाता पर्ने मानिस होइनन्, प्रतिवादीहरूले विवादित कुलाको पानी एकलौटी बनाउनका लागि झुट्टा, जालसाज र किर्ते कार्य गरेका हुन् भन्ने समेत ब्यहोराको अ.बं. ७८ नं. बमोजिम बुझिएका वादीका वारेस दुर्गाप्रसाद उपाध्यायले अदालतमा गरेको कागज।

११. १९२१ साल आषाढ १० गते भएको मिलापत्रको कागज तल्लो सारी र उपल्लो सारीका गाउँ बिचमा भएको कागज हो।उक्त कागजमा साक्षी बसेका भरत महरा क्षेत्री वादी लोके महतराको जिजुबाजे नाताका हुन्, देवीराम जैसी तल्लो सारीका मुखिया हुन्, त्यसै गरी मोतीराम, शशिराम, चन्द्र घर्ती हाम्रै सारीका मान्छे हुन्। तिनीहरू बिचमा नाता के पर्छ थाहा छैन। घडेरी खोलाको कुलो खन्ने विषयमा जग्गा कति क्षति भयो भन्ने विषयमा मिलापत्र भएको हो भन्ने समेत ब्यहोराको अ.बं. ७८ नं. बमोजिमको कागज गर्ने प्रतिवादी वा. कुलबहादुर घर्तीले गरेको कागज।

१२. आदेशानुसारका अन्य कार्यहरू सम्पन्न गरी मिसिल सामेल रहेको।

१३. यसमा वादीले दाबी गरेको तथा प्रतिवादीले प्रतिउत्तर पत्रमा उल्लेख गरेको कुलो, मूल, पानीस्रोत समेत स्पष्ट हुने देखिने गरी र सोही बमोजिम वादी र प्रतिवादीलाई जिरह गर्न लगाई स्पष्ट रूपले किटान गरी नाप नक्सा गर्नु पर्नेमा नगरेकाले मिति २०६८/१२/२१ को नक्सा मुचुल्का बदर गरिदिएको छ। अब उपरोक्त बमोजिम वादीले फिराद पत्रमा वादी गरेको बराह थान घडेरी खोलाको पानी मुहान कुलो, त्यस्तै प्रतिवादीले प्रतिउत्तर पत्रमा उल्लेख गरेको शिरको हलहले पानी मूल, घडेरी खोला बराह थान पानी मूल र झाँक्रीखोला पानी स्रोत समेत तथा वादीले आजै दिएको निवेदन बमोजिमको तल्ला सारी र उपल्ला सारीको कुलो समेत स्पष्ट रूपले देखिने, चिनिने गरी र वादी प्रतिवादीको जिरहमा पनि निजहरूले फिराद पत्र र प्रतिउत्तर पत्रमा उल्लेख गरेका उपरोक्त बमोजिमका मुहान, कुलो, हलहले पानी मूल, घडेरी खोला बराह थान पानी मूल र झाँक्रीखेत पानी स्रोत समेत यो यो हो भनी स्पष्ट रूपले लेखाउन लगाई पुनः अ.बं.१७१ नं. बमोजिम नक्सा मुचुल्का गर्नू, त्यस्तै यस अदालतको च.नं.११५९ मिति २०६९/२/२५ को पत्रमा धनबहादुर घर्तीको ज.ध.प्र. पुर्जा झिकाइएकाले सो नभई घनबहादुर घर्तीमगरका नाउँको ज.ध.प्रमाण पुर्जाको प्रतिलिपि, त्यस्तै मुक्तिराम घर्तीमगर मृत्यु भई निजको श्रीमती वेलीदेवी घर्तीको नाउमा नामसारी भएको समेत विवरण देखिने गरी ज.ध.प्र. पुर्जाको प्रतिलिपि समेत मा.पो.का. प्युठानबाट झिकाउनु, त्यस्तै प्रतिवादीबाट पेस भएको वि.सं. १९२१/३/१० को कागज प्रतिवादीहरूले किर्ते जालसाजबाट तयार गरेका हुन् भनी वादीले बयान गरेको देखिँदा उक्त कागजमा बसेका साक्षीको कुनै सरकारी अड्डा अदालतमा गरेको सहीछाप, लिखत कागजात छ, छैन कागज गराई खुलाई उक्त कागजमा भएको भरत महरा क्षेत्री समेतको सहीछाप उक्त मिति १९२१/३/१० को कागजमा भएको निज भरत महरा क्षेत्री समेतको सहीछापसँग मिल्छ मिल्दैन सम्बन्धित विशेषज्ञको राय लिई नियमानुसार पेस गर्नू भन्ने २०६९/१०/११ मा भएको आदेश।

१४. यसमा प्रस्तुत मुद्दा हेर्ने अधिकार क्षेत्र अ.बं.२९(१) नं. बमोजिम प्युठान जिल्ला अदालतको देखिँदा प्रस्तुत मुद्दामा तारेखमा रहेका वादी तथा प्रतिवादीहरूलाई प्युठान जिल्ला अदालतमा उपस्थित हुन जानु भनी तारेख तोक्नू भन्ने समेत ब्यहोराको रोल्पा जिल्ला अदालतबाट मिति २०७०/१/३१ मा भएको आदेश।

१५. यसमा प्रतिवादीले निवेदन साथ पेस गरेको १९९२ सालको सक्कल कागजातहरू वादीलाई देखाई बयान गराई पेस गर्नू भन्ने यस अदालतबाट मिति २०७०/११/२३ मा भएको आदेश।

१६. कागजको ब्यहोरा पढी सुनाउँदा सुनें, देखें, उक्त कागज पुरानो भएकाले सद्दे साँचो हो भन्ने समेत ब्यहोराको वादीका वा. खिमा भुसालले गरेको कागज।

## अदालतको ठहर

१७. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू अध्ययन गरी वादीका तर्फबाट उपस्थित हुनु भएका विद्वान

अधिवक्ता श्री रामेश्वर सुवेदीले वादीहरूले परम्परादेखि नै बराह थानको पानी प्रयोग गर्दै आउनु भएकाले र मुहान समेत रोल्पामा पर्ने हुँदा पहिलो हक मुहानबासीको हुन्छ भन्दै साबिकको लिखतले पानी कसको हुने, कसले पाउने नपाउने भन्ने सम्बन्धमा बोलेको छैन, फिरादीका जग्गा बाँझो हुन पाइँदैन, प्राकृतिक स्रोत, साधन, बाँच्न पाउने अधिकारको सम्मान गर्दै सबैले उपभोग गर्नु पर्ने हुँदा पानी वादीले पाउनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनी वादी दाबी बमोजिम कुलोपानी खिचोला मेटाई चलन चलाइपाउने हो होइन भन्ने विषयमा निर्णय दिनु पर्ने देखियो।

१८. निर्णयतर्फ विचार गर्दा यसमा रोल्पा मिझिङ ९ को कोइरालखर्कका जनताले बराह थान घरेली खोलाको पानी परम्परादेखि नै मुहानबाट कुलोपानी लिई पटाई खेतीपाती गर्दै आइरहेकामा २०६७/८/१५ गते कुलोमा पानी नआएकाले हेर्न जाँदा प्रतिवादीहरूले मुहानैदेखि पक्की कुलो निर्माण गरी पानी पुरै बन्द गरी लगेकाले २०६७/८/१८ मा छलफल गर्दा समेत रक्तपात हुने धम्की दिने काम गरे। उक्त खोलाको मुहान कोइरालखर्क निबासी गेमबहादुर महराको जग्गामा समेत पर्ने, परम्परागत रूपमा प्राकृतिक स्रोतका रूपमा उपभोग गर्दै आइरहेको पानीको सिँचाइ अधिकार प्रथमतः हामीमा रहन्छ, हामीलाई पुगे मात्र अरूले पाउने हुँदा मुलुकी ऐन, जग्गा आवाद गर्नेको १,२ नं. बमोजिम कुलोपानी खिचोला मेटाई चलन चलाइपाउँ भन्ने फिराद दाबी देखिन्छ।

१९. तल्ला सारी र उपल्ला सारी बिच भएको १९२१/३/१० को मिलापत्रबाट परम्परादेखि नै कुलो रहेभएको पुष्टि हुन्छ। बराह थान मूलको पानीका लागि १९२१/३/१० मा नै कुलो निर्माण गरी प्रयोग आएको सोभन्दा माथि हलहले र तल झाँक्रीखेतबाट पानी लैजानु भएको छ भने गरिबी निवारण कोषको कार्यक्रमबाट २०६६/३/२४ मा घडेरी खोला सिँचाइ आयोजनाको सम्झौता सम्पन्न भई २०६७/४/३० मा सवै गतिविधि पुरा भएको हो। विपक्षीहरूले हामीले योजना पायौ, भौतिक सुधार भयो भन्ने इवी राखी चुहे पानी गएन भनी तोडफोड गरी नोक्सानी समेत पुऱ्याएका छन् भन्ने प्रतिउत्तर लगाएको देखिन्छ।

२०. प्रतिवादीका साक्षी गंगाराम घर्ती मगर र रेशमराज उपाध्यायले प्रतिवादीले परापूर्वदेखि उक्त बराह थान मूलको पानी एकलौटी प्रयोग गर्दै आएका, वादीले झाँक्रीखोलाबाट खानेपानी पाइप र कुलो लगेका, हलहलेमा ट्याङ्की निर्माण गरी पाइपबाट पानी लगेका र माथि र तल मूलबाट वादीले बढी पानी लगेका, सो मूलको पानी प्रतिवादीहरूले परम्परादेखि लाने गरेका, नदेखेको बेला वादीले लैजाने गरेका, उक्त पानीमा प्रतिवादीहरूले एकलौटी रूपमा उपभोग गर्दै आएकामा हाल वादीतिर पानी बढी छ भनी अदालतमा बकपत्र गरेको देखिन्छ।

२१. वादीका साक्षी रेशम खत्री र सिमबहादुर विष्टले परम्परागत रूपमा वादीले बराह थानको पानी सिँचाइ गर्न प्रयोग गर्दै आएकामा प्रतिवादीहरूले ५० M.M. खानेपानी र कुलो बनाई लगेका छन्, उक्त पानी वादीले २०% र प्र.ले ८०% प्रयोग गर्दै आइरहेका, हाल कोइरालखर्क बासीले पानीको अभावले सिँचाइ गरेका छैनन्, घडेरी खोलाभित्र १० धारा सारी बासीले र वादीले २ धारा खानेपानी लगेका छन् र उक्त पानी मिझिङमा पर्दछ, मिझिङबासीलाई थाहा नै नदिई पक्की कुलो निर्माण भनी बकपत्र गरेको देखियो।

२२. मिति २०६८/१२/२१ मा नक्सा मुचुल्का भई मिसिल सामेल रहेको पुनः नक्सा मुचुल्का भई न.नं.३ मा विवादित बराह थान पानी मूल प्युठान सारी ८ मा भई सिम रोल्पामा पर्ने भनी उल्लेख भएको, न.नं. ४ कोइरालखर्क सिँचाइ हुने कुलो गएको पानीको मूल प्युठानमा पर्ने देखिन्छ।

२३. प्रतिवादीहरूले पेस गरेको १९२१ को लिखतका सत्यापन सम्बन्धमा समकालीन लिखत फेला नपरी पुनः प्रतिवादीले १९९२/१२/२६ को कोइरालखर्कबासी श्यामसिं विष्ट, नरसिं विष्ट, भक्ति महरा समेतले विवादित कुलो गुसिचालले डाँडागाउँ अम्धारा खेत (सारी ९ का) मोहीले पक्राउ गर्दा अब आइन्दा लुकीचोरी कुलो भत्काई पानी ल्याउने छैनौं भनी गरेको कागज (अकरनामा कागज) देखाउँदा वादी वारिसले अन्यथा भन्न सकेको देखिँदैन।

२४. उल्लिखित परिदृश्यमा हेर्दा रोल्पा र प्युठान जिल्लाको सिमानामा पर्ने घरेली खोलाको बराह थान मुहानको पानीको सम्बन्धमा विवाद परेको देखिन्छ। बराह थानको पानीको मूल भई आएको मिति २०६९/१२/५ को नक्सा मुचुल्कामा न.नं. ३ मा उल्लेख भई प्युठान जिल्लामा पर्ने भन्ने उल्लेख भएको देखिन्छ। त्यही मूलभन्दा माथि ५८५ मिटरमा हलहले मूल रहेको देखिन्छ भने बराह थानभन्दा तल झाँक्रीथान मूल रही दुबै मूलको पानी रोल्पाबासीहरूले पिउन तथा सिँचाइको कार्यमा एकलौटी रूपमा प्रयोग गरेको तथ्यमा विवाद देखिँदैन। वादीले मुख्य गरेर बराह थान मूलको पानीमा पक्की कुलो निर्माण गरी आफुले परम्परादेखि सिँचाइ भएको पानीको प्रयोगमा वञ्चित गरियो भन्ने कुरा उठाएको देखिन्छ। उक्त स्थानमा पुरानो कुलो नै थिएन भनेर वादीले समेत भन्न नसकी सो कुरामा मौन बसी पक्की कुलो बनाई आफुलाई पानीबाट वञ्चित गरियो भनी कुलोपानी खिचोलामा प्रस्तुत मुद्दा दायर गरेको देखिन्छ। १९२१/३/३० को तल्लो र उपल्लो सारीबासी बिच भएको मिलापत्र, कोइरालखर्क निबासी श्यामसिं विष्ट समेतले गरेको १९९६/१२/२६ को अब आइन्दा गुसिचालले कुलो भत्काई पानी लाउने छैनौं भनी अम्घराबासी (हाल सारीबासी) लाई गरिदिएको अकरनामा कागज र वादीकै साक्षी जुगराज गौतमले बराह थान मूलको पानी परम्परादेखि रातमा वादीले र दिउसो प्रतिवादीहरूले सिँचाइ गर्दै आएका भनी गरेको भनाइ लेखाइ समेतबाट प्रतिवादीहरूले उक्त मूलको पानी पक्की कुलो निर्माण पूर्व परम्परादेखि नै प्रयोग गर्दै आएको देखिन्छ। यहाँ वादीले प्रतिवादीले नयाँ कुलो निर्माण गरी वादीको पानीस्रोत सुकाइदिएको भन्ने वादी दाबी प्रमाणद्वारा पुष्टि हुन सकेको देखिएन।

२५। समष्टि मिसिल तथा प्रमाण कागजको अध्ययनबाट एउटा सत्य के उजागर भएको देखिन्छ भने न.नं. १ (पछिल्लो नक्सा) को पक्की कुलो बाँध निर्माणपूर्व सो बराह थान मूलको पानीको प्रयोगमा सारीबासी र कोइरालखर्कबासी बिच बेलाबेलामा असहज स्थिति उत्पन्न भएको देखिन्छ। बराह थान पानी सिँचाइ गर्न रोल्पाबासीको अलग्गै कुनै कुलो रहेभएको देखिँदैन। त्यो पानी उनीहरूले झाँक्रीथान मूलको पानीसँगै मिसाई सिँचाइ प्रयोग गरेको पाइन्छ। पक्की कुलो बाँध्नुपूर्व सारीबासीले पानी लगेपछि पनि लुकुवा पानीका रूपमा तल निस्किई सिँचाइमा प्रयोग भई वादीहरूको आवश्यकता केही हदसम्म पुरा भएको हुँदा विवाद प्रत्यक्ष उजागर भइसकेको देखिँदैन। पक्की कुलोको बाँध बनेपछि तल छिर्ने पानी रोकिँदा विवादले प्रत्यक्ष रूप लिएको पाइयो।

२६. घडेरी खोला प्युठान र रोल्पाको सीमा छुट्टाउने सीमाखोला भएको तथ्यमा विवाद देखिँदैन। एउटा देशभित्र बग्ने सीमा नदीको उपयोगका सम्बन्धमा सम्बन्धित देशले आवश्यक कानुनी व्यवस्था गर्नु पर्ने हुन्छ। हाम्रो देशको कानुनी व्यवस्था हेर्दा यस सम्बन्धमा अलग्गै कानुनी व्यवस्था देखिँदैन। कुलाबाट पानीको सदुपयोगका सम्बन्धमा मुलुकी ऐन, जग्गा आवाद गर्नेको महलमा केही कानुनी व्यवस्था गरे पनि सीमा खोलाका रूपमा बहने खोलको पानीको उपयोगको सम्बन्धमा पर्याप्त व्यवस्था गर्न सकेको देखिँदैन। कानुनले स्पष्ट निर्देश नगरेको स्थितिमा तल्लो र उपल्लो तटवर्तीय देशका अधिकार तथा कर्तव्य र दुई वा सोभन्दा बढी देश भई बग्ने नदीको उपयोगका सम्बन्धमा अन्तर्राष्ट्रिय कानुन तथा यस सम्बन्धित मान्यताहरू प्रस्तुत मुद्दाको निचोडमा पुग्नुपूर्व उल्लेख गर्न सान्दर्भिक देखिन्छ।

२७. दुई वा दुईभन्दा बढी देशहरूले उपयोग गर्ने प्राकृतिक साधनको उपयोग र विकास गर्दा एक देशले अर्को देशको हितलाई समेत ध्यान दिनु अन्तर्राष्ट्रिय कानुनको स्थापित मान्यता हो। दुई वा सोभन्दा बढी मुलुक भई बग्ने तथा दुई वा सो भन्दा बढी मुलुकको केही वा पुरै भूभागलाई छुट्याई सीमाका रूपमा बग्ने सीमावर्ती नदीको उपयोगका सम्बन्धमा समेत केही सिद्धान्तहरू विकसित भएका देखिन्छन्। मुख्य गरेर यस्ता अन्तर्राष्ट्रिय नदीहरू तटवर्ती राष्ट्रहरूको साझा सम्पत्ति हो र त्यस्ता नदीहरूमा सबै तटवर्ती राज्यहरूको समान हक लाग्दछ तथा ती नदीहरूको उपयोग समान हितका लागि गरिनु पर्दछ भन्ने मान्यता राखिन्छ।

२८. प्रत्येक तटवर्ती राष्ट्रलाई आफ्नो भूइलाकामा बहेको नदीको अधिकतम उपयोग गर्ने सार्वभौम अधिकार रहे पनि असीमित अधिकार भने हुँदैन। अर्को देशको हितलाई हानि नपुर्‍याई उपयोग गर्नु पर्दछ। अर्थात अर्को देशको हितलाई समेत ध्यानमा राखेर उपयोग गर्नु पर्छ भन्ने प्रस्तुत सीमित सार्वभौमिकताको सिद्धान्तलाई निरपेक्ष प्रादेशिक अखण्डताको सिद्धान्त र सामुदायिक हितको सिद्धान्तको संयुक्त उपज मानिन्छ। आजकल यस समवन्धमा न्यायिक र मनासिब उपयोगको सिद्धान्तले यस क्षेत्रमा महत्त्वपूर्ण स्थान ग्रहण गरेको पाइन्छ। सीमित सार्वभौमिकताको सिद्धान्तलाई सुदृढ गर्ने मनसायले विकसित यस सिद्धान्त अनुसार अन्तर्राष्ट्रिय नदीहरूको उपयोग गर्दा समन्यायिक र मनासिब ढङ्गले गर्नु पर्दछ। आफ्नो भूभाग हुँदै बग्ने भएको कारणले वा नदीको भरपुर दोहन गर्न सक्ने क्षमता छ भन्ने कारणले त्यस्तो नदीको एकलौटी वा मनोमानी ढङ्गले उपयोग गर्न पाइँदैन। यस अन्तर्गत निम्न आधारमा नदीको विवेकपूर्ण उपयोग र विकास गर्ने भन्ने पाइन्छ।

(क) गणितीय हिसाबमा नदीको पानीको बराबर बाँडफाँड भन्ने होइन।
(ख) आवश्यकता र नदीको त्यस देशको राष्ट्रिय अर्थतन्त्रमा रहेको भूमिका
(ग) जनसङ्ख्याको चाप
(घ) वातावरणीय सन्तुलन
(ङ) नदी बाहेकका अन्य प्राकृतिक स्रोतको स्थिति।

२९. त्यसै गरी ऐतिहासिक उपयोग वा पूर्वउपयोग सम्बन्धी सिद्धान्तले पहिलादेखि नै नदीको पानी वा जलमार्गको उपयोग कुनै एउटा राज्यले गरिरहेको अवस्था छ भने त्यस्तो उपयोगमा बाधा पुग्ने गरी अर्को तटवर्ती राज्यले उक्त नदीको प्रयोग वा उपयोग गर्न पाइँदैन भन्दछ। यसका अलगा

उल्लेखनीय हानि गर्न नहुने सिद्धान्त पनि प्रचलनमा देखिन्छ। यस सिद्धान्त अनुसार माथिल्ला तटवर्ती राज्यहरूले जलमार्गको उपयोग गर्दा तल्लो तटवर्ती राज्यलाई उल्लेखनीय हानि नहुने गरी गर्नु पर्दछ। अर्थात अर्को राज्यलाई उल्लेख्य हानि हुने अवस्था भएमा आफ्नो कार्यक्रम स्थगित गर्नु पर्दछ। यो सिद्धान्त पनि आफ्नो अधिकारको उपयोग गर्दा अर्काको अधिकारमा अघात पुऱ्यउनु हुँदैन भन्ने मान्यतामा आधारित छ।

३०. संयुक्त राष्ट्रसंघको महासभाबाट पारित अन्तर्राष्ट्रय जलमार्गको गैर परिवहनीय प्रयोग सम्बन्धी महासन्धी १९९७ को धारा ५ मा अन्तर्राष्ट्रिय नदीको उपयोग समन्यायको सिद्धान्त अनुरूप गर्नु पर्ने र धारा ७ मा अर्को राज्यलाई हानि पुऱ्याउन नहुने कुरा उल्लेख भएको पाइन्छ।[१] उल्लिखित विभिन्न सिद्धान्त तथा अन्तर्राष्ट्रिय महासन्धि समेतका आधारमा तटवर्ती देशका अधिकार र कर्तव्यहरू यस प्रकार उल्लेख गर्न सकिन्छ :

- साझा नदीमा समान अधिकार हुने कुरा स्वीकार गरी न्यायिक र मनासिब माफिकको उपयोगको सिद्धान्तलाई तटवर्ती देशहरूले स्वीकार गर्नु पर्ने,
- उपल्लो तटवर्ती देशले अन्तर्राष्ट्रिय जलमार्गको उपयोग गर्दा तल्लो तटवर्तीय देशलाई पानीको उपयोग नै गर्न नपाउने गरी उपयोग गरेमा तल्लो तटवर्ती देशले त्यसको विरोध गर्न, तथा न्यायिक हिस्सा माग वा दाबी गर्न पाउने,
- अन्तर्राष्ट्रय जलमार्गको उपयोग गर्दा त्यसबाट हुने फाइदा वा बेफाइदा सम्बन्धित तटवर्ती देशहरूले न्यायिक र मनासिब रूपमा पाउनु र बहन गर्न पाउने,
- उपल्लो तटवर्ती देशले अन्तर्राष्ट्रिय जलमार्गको उपयोग गर्दा तल्लो तटवर्तीय देशलाई मात्रात्मक वा गुणात्मक रूपमा उल्लेखनीय हानि हुने गरी गर्नु हुँदैन। यहाँ मात्रात्मक हानि भन्नाले पानीको उपयोग नै गर्न नपाउने गरी बहाव परिवर्तन गर्नु वा पानीको स्रोत

---

१. Convention on the Law of the Non-navigational Uses of International Watercourses1997

***Article 5***

*Equitable and reasonable utilization and participation*

1. Watercourse States shall in their respective territories utilize an international watercourse in an equitable and reasonable manner. In particular, an international watercourse shall be used and developed by watercourse States with a view to attaining optimal and sustainable utilization thereof and benefits therefrom, taking into account the interests of the watercourse States concerned, consistent with adequate protection of the watercourse.
2. Watercourse States shall participate in the use, development and protection of an international watercourse in an equitable and reasonable manner. Such participation includes both the right to utilize the watercourse and the duty to cooperate in the protection and development thereof, as provided in the present Convention.

***Article 7***

*Obligation not to cause significant harm*

1. Watercourse States shall, in utilizing an international watercourse in their territories, take all appropriate measures to prevent the causing of significant harm to other watercourse States.
2. Where significant harm nevertheless is caused to another watercourse State, the States whose use causes such harm shall, in the absence of agreement to such use, take all appropriate measures, having due regard for the provisions of articles 5 and 6, in consultation with the affected

नै एकदम कम गर्नु भन्ने बुझिन्छ भने गुणात्मक हानि भन्नाले पानीको विभिन्न किसिमले प्रदूषणगरी प्राकृतिक गुणलाई नष्ट गरी दिगो प्रयोग गर्न नसक्ने तुल्याउनुलाई बुझिन्छ।

- उपल्लो तटवर्ती देशले अन्तर्राष्ट्रिय जलमार्गको उपयोग गर्दा तल्लो तटवर्ती देशलाई उल्लेखनीय हानि पुऱ्याएमा तल्लो तटवर्ती देशले उक्त हानिको क्षतिपूर्ति माग वा दाबी गर्न पाउने,
- अन्तर्राष्ट्रिय जलमार्गको उपयोग गर्ने सम्बन्धमा तटवर्ती देशहरूका बिचमा आपसी सहयोग, सद्भाव र भाइचाराको सम्बन्ध आदान प्रदान गर्नु पर्ने,

३१. जल, खनिज पदार्थ, वायु नितान्त प्राकृतिक स्रोत हुन्। यी माथि कसैको सर्वकालीन एकल स्वामित्व सृजना हुन सक्दैन। माथि विवेचित विभिन्न सिद्धान्त तथा महासन्धिको प्रावधानले समेत यस्ता प्राकृतिक स्रोतको प्रयोग र वितरण न्यायोचित रूपले हुनु पर्दछ भन्ने मान्यतालाई आतमासात गरेको देखिन्छ। ती सिद्धान्तसँग यस इजलासले समेत बिमति जनाउनु पर्ने देखिँदैन। सीमा नदीमा बहने पानी त्यसको सिँचित क्षेत्रमा समानुपातिक वितरण हुनु पर्दछ। कुनै क्षेत्रमा विकास पूर्वाधारको उपलब्धताले अर्को कुनै सिँचित क्षेत्र वञ्चितिमा पर्नु न्ययिक हुँदैन। पक्की कुलो बन्नुपुर्व जे जुन अवस्था र परिणामबाट किन नहोस् परिणाममा कोइरालखर्कबासीले परापूर्वदेखि उपयोग गर्दै आएको पानीमा सारीबासीले गरेको कुलोको स्तर उन्नतिबाट कमी हुन हुँदैन। खोला, नदीनालामा बाँध बाँध्दा समेत तल्लो क्षेत्रमा रहने जलजीवको प्राण रक्षार्थ समेत निश्चित पानी छाड्नु पर्ने विश्वव्यापी मान्यता छ। प्रस्तुत मुद्दामा सारीबासीले पक्की कुलो निर्माण गरी वल्लो किनारको खेतमा हरियाली छाउने तर पल्लो किनाराका खेतमा सुख्खा स्थिति सृजना हुन्छ भने त्यो प्राकृतिक स्रोत, साधनको न्यायोचित प्रयोग विपरीत हुन जान्छ।

३२. विवादित स्थल नजिक रहेका हलहले मूल, झाँक्रीथान मूलको पानीको स्रोत र त्यसको प्रयोगकर्ता तथा बराह थान मूलको पानीको स्रोत समेतलाई विचार गरी माथि विवेचित प्राकृतिक स्रोतको उपयोग, जलजीवको जीवन सञ्चालन र वादीहरूको जग्गा समेतको सिँचाइ हेतु बराह थान मूलको कुल पानीको तिन भागको एक भागसम्म वादीहरूलाई उपभोग गर्न दिँदा सीमा नदीको न्यायिक र मनासिब माफिकको उपयोग हुन सक्ने देखियो।

३३. अतः मिसिल संलग्न प्रमाण कागजातहरूको विश्लेषणबाट नयाँ कुलो निर्माण गरी विवादित बराह थान मूलको पानी पुरै लगी कुलापानी खिचोला गरे भन्ने वादी दाबी सो हदसम्म पुग्न सक्तैन। विवादित स्थान नजिकै रहेका हलहले, झाँक्रीथान मूलको जलस्रोत र त्यहाँको उपयोगकर्ता समेतलाई विचार गरी बराह थान मूलको पानी मध्ये तिन भागको एक भागसम्म वादीहरूले प्राप्त गरी चलन समेत गर्न पाउने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम बराह थान मूलको पानीको तिन भागको एक भागसम्म प्राप्त गरी चलन पाउने समेत ठहरेकाले मुलुकी ऐन, दण्ड सजायको ४३ नं. बमोजिम चलन चलाइपाउन वादीको

दरखास्त परे स्थानीय प्रशासन, सिँचाइ डिभिजन कार्यालय समेतको सहयोग लिई पानी बाँडफाँड गरी चलन चलाइदिनू..........................................................................................................१

प्रस्तुत इन्साफमा चित्त नबुझे मुलुकी ऐन, अ.बं.१९३ नं. का म्याद ३५(पैतिस) दिनभित्र श्री पुनरावेदन अदालत तुलसीपुर, दाङमा पुनरावेदन गर्नू भनी वादी, प्रतिवादीहरूलाई पुनरावेदनको म्याद दिनू............२

नक्कल माग्ने सरोकारवालाबाट नियमले लाग्ने दस्तुर लिई नक्कल दिनू ......................................३

दायरीको लगत काटी मिसिल अभिलेख फाँटमा बुझाइदिनू.......................................................४

जिल्ला न्यायाधीश

फाँट ना.सु. : कमलसिं ठकुरी
टा.ना.सु. : गिरबहादुर सेजुवाल

**इति सम्वत् २०७० साल चैत्र ४ गते रोज ३ शुभम् ..........।**

श्री ललितपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री काजीबहादुर राई

फैसला

सम्वत् २०७०/०७१ को दे. नं.१५४१

**068-CP-0726**

नि.नं. : ८६

*मुद्दा : करारको यथावत् परिपालना।*

**वादीको नाम, थर, वतन**

ल.पु.जि., ल.पु.उ.म.उ.न.पा. वडा नं. १३ स्थित अल्का अस्पताल प्रा.लि.को अख्तियार प्राप्त ऐ.ऐ. का अध्यक्ष तिलकबहादुर थापा...............................१

**प्रतिवादीको नाम, थर, वतन**

कुलबहादुर महर्जनको छोरा ल.पु.जि., धापाखेल गा.वि.स. वडा नं.२ बस्ने ल.पु.जि., ल.पु.उ.म.उ.न.पा. वडा नं. १३ स्थित अल्का अस्पताल प्रा.लि. का सञ्चालक भरत महर्जन................................................१

**साक्षी**

बालकृष्ण घिमिरे समेत

**साक्षी**

राजेन्द्र खडका

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा अ.बं.२९ नं. ले यसै अदालतको अधिकारक्षेत्रभित्रको भई दर्ता हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त विवरण र ठहर यस प्रकार छ :

१. अल्का अस्पताल प्रा.लि.ले विगत चार वर्षदेखि हन्टिङ नं. का रूपमा प्रयोग गर्दै आएको टेलिफोन नं. ५५५५५५५ को नम्बर सुरुमा उद्धव थापाका नाउँमा दर्ता रहेकामा निज थापासँग यस अस्पतालका सञ्चालक भरत महर्जनले खरिद गरी निजका नाममा दर्ता रहेको छ। मिसिल संलग्न फिरादी अस्पतालको सञ्चालक समितिको मिति २०६६।१०।१३ को बैठकमा छलफल हुँदा निज विपक्षीले उक्त टेलिफोन फिरादी अस्पताललाई प्रयोग गर्न दिई अस्पतालका नाममा नामसारी गरिदिने निर्णय सर्वसम्मत पारित भई सोही अनुरूप अस्पतालले विल भुक्तानी समेत गर्दै आएको छ। सो बैठकले पारित गरे अनुसार अस्पतालको नाउँमा नामसारी गर्ने गराउने विषयमा मिति २०६९।२।१ मा बैठक बस्दा विपक्षी भरत महर्जनले असहमति व्यक्त गरेकाले सो मिति २०६६।१०।१३ मा भएको उक्त प्रस्तावमा स्वीकृति जनाई भएको निर्णय करार भएको हुँदा उक्त करारको यथावत् पालना गराई फिरादी अल्का अस्पतालले हन्टिङ नं. का रूपमा प्रयोग गर्दै आएको फिरादीको पहिचानका रूपमा रहेको विपक्षीका नामको टेलिफोन नं. ५५५५५५५ को नम्बर अल्का अस्पताल प्रा.लि.को नामसारी गरिपाउँ भन्ने समेत ब्यहोराको फिराद दाबी।

२. म प्रतिवादी स्वयं फिरादी अल्का अस्पताल प्रा.लि.को सञ्चालक भएको र मेरो नाममा रहेको उक्त टेलिफोन विपक्षी प्रा.लि.लाई प्रयोग गर्न दिएको स्वाभाविक मात्र सकिन्छ। उक्त टेलिफोन म हकवाला धनीको पहिचान नहुने तर प्रयोगकर्ताको पहिचान हुने भन्न मिल्ने होइन। उक्त नम्बर विपक्षीका नाममा नामसारी नहुँदैमा विपक्षीका सेवाग्राहीहरूमा कुनै असर पर्ने अवस्था नहुँदा र मिति

२०६६।१०।१३ को बैठकबाट भएको प्रा.लि.को निर्णयमा दुई पक्ष र प्रतिफल समेत नभएकाले करारको रूप ग्रहण गर्न नसक्ने हुँदा फिराद दाबी खारेज गरी मुद्दाबाट फुर्सद दिलाइपाउँ भन्ने समेत ब्यहोराको प्रतिउत्तर जिकिर।

३. वादीका साक्षी राजेन्द्र श्रेष्ठले उक्त टेलिफोन नम्बर अस्पतालले अनवरत रूपमा प्रयोग गरेकाले अस्पतालकै हुनु पर्छ भनी र प्रतिवादीका साक्षी रमेश महर्जनले सञ्चालक समितिको निर्णयलाई करार मान्न सकिँदैन। उक्त टेलिफोन नम्बर वादी अस्पतालका नाममा नामसारी गर्नु पर्ने होइन भनी गरेको बकपत्र।

## अदालतको ठहर

नियम बमोजिम साप्ताहिक एवं दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता सुवास आचार्यले हन्टिङ लाइन नं. का रूपमा प्रयोग गर्दै आएको फिरादी अस्पतालको पहिचानका रूपमा रहेको **५५५५५५५** नम्बरको टेलिफोन फिरादी अल्का अस्पताल प्रा.लि.का नाउँमा नामसारी हुनु पर्छ भन्ने भएको बहस जिकिर सुनी मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन मनन गरी हेर्दा अल्का अस्पतालले विगत चार वर्षदेखि हन्टिङ नं.का रूपमा प्रयोग गर्दै आएको अस्पतालका सञ्चालक समेत रहेको विपक्षी भरत महर्जनका नाममा दर्ता रहेको टेलिफोन नं. **५५५५५५५** सञ्चालक समितिको मिति २०६६।१०।१३ को बैठकले अस्पतालका नाममा नामसारी गरिदिने सर्वसम्मत निर्णय पारित भए अनुसार कालान्तरमा विपक्षी भरत महर्जनले असहमति व्यक्त गरेकाले उक्त मितिमा भएको उक्त प्रस्तावमा स्वीकृति जनाई भएको निर्णय करार भएको हुँदा उक्त करारको यथावत् पालना गराई हन्टिङ नं. का रूपमा प्रयोग गर्दै आएको फिरादीको पहिचानका रूपमा रहेको उक्त टेलिफोन नम्बर फिरादी अल्का अस्पताल प्रा.लि.का नाममा नामसारी गरिपाउँ भन्ने समेत ब्यहोराको वादी दाबी रहेको प्रस्तुत मुद्दामा म प्रतिवादी अल्का अस्पताल प्रा.लि.का सञ्चालक भएकाले मेरा नाममा रहेको उक्त टेलिफोन प्रा.लि.लाई प्रयोग गर्न दिएकामा उक्त टेलिफोन म हकवाला धनीको पहिचान नहुने तर प्रयोगकर्ताको पहिचान हुने भन्न मिल्ने होइन र मिति २०६६।१०।१३ को बैठकबाट भएको प्रा.लि.को निर्णयमा दुई पक्ष र प्रतिफल समेत नभएकाले करारको रूप ग्रहण गर्न नसक्ने हुँदा फिराद दाबी खारेज गरिपाउँ भन्ने समेत ब्यहोराको प्रतिउत्तर जिकिर रहेको प्रस्तुत मुद्दामा निम्नानुसारको विषयहरूमा निर्णय दिनु पर्ने देखिन आयो।

(क) २०६६।१०।१३ को सञ्चालक समितिको निर्णय दाबी बमोजिम करार भएको हो होइन ?

(ख) फिराद दाबी बमोजिम करारको यथावत् परिपालन अन्तर्गत विवादित टेलिफोन फिरादी अस्पतालको दाबी पुग्ने हो होइन ?

यसमा सर्वप्रथम पहिलो प्रश्नतर्फ विचार गर्दा अल्का अस्पताल प्रा.लि. वादी र सोही अस्पतालका सञ्चालक भरत महर्जन प्रतिवादी भएको प्रस्तुत मुद्दामा विवादको **५५५५५५५** नं. को टेलिफोन साबिकमा उद्धव थापाका नाममा दर्ता रहेको देखिन्छ भने हाल प्रतिवादी भरत महर्जनका नाममा रहेको कुरामा विवाद देखिँदैन। उद्धव थापाको नाम दर्तामा रहेकै अवस्थामा उक्त टेलिफोन वादी अल्का अस्पतालका नाममा नामसारी गर्ने सम्बन्धमा सो अस्पतालको सञ्चालक समितिको मिति ०६६।१०।१३ को बैठकका

प्रस्तावहरू मध्ये प्रस्ताव नं. ८ मा छलफल भई अस्पतालले प्रयोग गरेको तर अस्पतालका नाममा नामसारी नभएको सो टेलिफोन नं. ५५५५५५५५ का सम्बन्धमा समितिमा विस्तृत छलफल तथा विचार विमर्श हुँदा सञ्चालक श्री भरत महर्जनज्यूबाट अस्पताललाई नामसारी गरिदिन नै टेलिफोन लाइन अस्पताललाई प्रयोग गर्न दिइएको र अब छिट्टै नै अस्पतालका नाममा नामसारी गरिदिने भनाइ समितिमा राख्नु भएकाले उक्त प्रस्ताव सर्वसम्मत रूपमा पारित गरियो भन्ने ब्यहोरा उल्लेख भएको पाइन्छ। सो माइन्युटिङमा निज प्रतिवादी भरत महर्जन समेतको उपस्थिति ४ मा नाम रही निजले हस्ताक्षर समेत गरेको देखिन्छ। सो तथ्यलाई निजले आफ्नो प्रतिउत्तर पत्रमा समेत अन्यथा जिकिर लिएको देखिँदैन। तर निज भरत महर्जनले सोही स्वायत्त संस्थाको सञ्चालक समितिको मिति २०६९।२।१ गतेको बैठकमा मात्र सो टेलिफोन नम्बर सम्बन्धको प्रस्ताव नं. ३ मा मेरो पूर्ण असहमति छ भन्दै सो टेलिफोन नम्बर मलाई आवश्यक नभइन्जेलसम्म अस्पताललाई प्रयोग गर्न दिएको हाल आवश्यक परेकाले अस्पताललाई उपलब्ध गराउने कुरामा मेरो पूर्ण असहमति छ भन्ने विमति (Note of dessent) लेखिएको पाइन्छ। करार ऐन, २०५६ को दफा २ मा करार भन्नाले दुई वा दुईभन्दा बढी पक्ष बिच कुनै काम गर्न वा नगर्नका लागि भएको कानुन बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता बुझाउँदछ भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। साबिकमा उद्धव थापाको नाम दर्ताकै समयदेखि वादी अस्पतालले प्रयोग गरी आएको दाबीको उक्त टेलिफोन सम्बन्धमा सोही अस्पतालका सञ्चालक समेत रहेको प्रतिवादी भरत महर्जनको समेत उपस्थितिमा निजकै प्रस्तावमा सञ्चालक समितिमा सर्वसम्मत निर्णयले वादीलाई प्रयोग गर्न दिएको पाइयो। यसरी हेर्दा उक्त कुरामा समेत दुवै पक्षको मुख मिलेकै पाइयो। वास्तवमा साबिक करार एवं हालको प्रचलित करार ऐन, २०५६ लगायत प्रचलित कानुनले करारसँग सम्बन्धित लिखत यस्तो हुनु पर्छ भनी सोको ढाँचा निश्चित गरी तोकिदिएको पाइँदैन। तर करारमा हुनु पर्ने तत्त्वहरूका बारेमा भन्ने उल्लेख गरेको पाइन्छ। यस अवस्थामा माथि करार ऐन, २०५६ को दफा २(क) ले गरेको करारको परिभाषा अन्तर्गत सो उल्लिखित माइन्युट करार हो वा होइन भनी निष्कर्षमा पुग्न कुनै काम गर्न वा नगर्नका लागि त्यसमा संलग्न २ वा सो भन्दा बढी पक्षहरूको मन्जुरी थियो वा थिएन सो लिपिबद्ध कागजको ब्यहोरामा ती पक्षहरू बिच सहमति (Meeting of the mind) भएको छ वा छैन ? हेर्नु पर्ने हुन्छ। सो सम्बन्धमा माथि उल्लेख गरिए बमोजिम विवादको टेलिफोन आफ्नो नाममा आए पश्चात वादी अस्पताललाई दिने भनी प्रतिवादी आफैले प्रस्ताव राखेकामा सर्वसम्मतिबाट उक्त अघिल्लो बैठकमा निर्णय भएको कुरालाई प्रतिवादीले अन्यथा भनेको पाइएन। विवादको माइन्युटिङ लिखत बिक्रीको नभई विवादको टेलिफोन नम्बर लिनेदिने मन्जुरी भन्ने देखियो। करार ऐन, २०५६ को परिच्छेद ७ दफा ७४ को वस्तु बिक्री सम्बन्धी करार अन्तर्गत दफा ४० अन्तर्गतको वस्तु बिक्री सम्बन्धी करारको शीर्षकको उपदफा (१), (२) र (३) मा क्रमशः कुनै विक्रेताले मूल्य लिई कुनै वस्तु क्रेतालाई तत्काल हस्तान्तरण गर्न वा भविष्यमा हस्तान्तरण गर्न मन्जुर गरेकामा वस्तु बिक्री सम्बन्धी करार भएको मानिने छ। वस्तु बिक्री सम्बन्धी करार सर्तबिना वा सर्त सहितको हुन सक्ने छ र बिक्रेताको स्वामित्व वा भोग चलनमा तत्काल कायम रहेको वस्तु वा निजले भविष्यमा उत्पादन गर्ने वा प्राप्त गर्ने वस्तु बिक्री गर्ने गरी करार गर्न सक्ने छ भन्ने कानुनी व्यवस्था गरेको पाइन्छ। यस अर्थमा वादी अस्पताललाई प्रतिवादीले विवादको टेलिफोन प्रयोगमा ल्याउने गरी करार भएकै देखिँदा यिनै सञ्चालक प्रतिवादी भरत महर्जनपछि आएर मिति २०६९।२।१

को समितिको निर्णयमा असहमति जनाउनु कुनै पनि दृष्टिकोणले न्यायोचित एवं तर्कसङ्गत मान्न नमिल्ने हुँदा प्रतिवादी समेतको सहमति भएको सञ्चालक समितिको मिति ०६६।१०।१३ को निर्णयलाई करार होइन भनी भन्न मिल्ने अवस्था देखिन आएन।

अब दोस्रो तथा अन्तिम प्रश्नतर्फ विचार गर्दा विवादको टेलिफोन करारको यथावत् परिपालना अन्तर्गत वादी दाबी बमोजिम हुने हो-होइन ? भन्ने तर्फ नियाल्दा- करार ऐन २०५६ को दफा ७४ ले करार गर्ने प्रत्येक पक्षले करार बमोजिमको दायित्व पुरा गर्नु पर्ने छ भन्ने कानुनीले व्यवस्था गरेको पाइन्छ। ऐ. ऐनको दफा ८६ ले करारको यथावत् परिपालना (Specific performances) सम्बन्धमा विस्तृत कानुनी व्यवस्था गरी सोको निचोडका रूपमा करारको उल्लङ्घन भएको कारणबाट मर्का पर्ने पक्षलाई पुग्न गएको वास्तविक क्षति, हानि नोक्सानी वापत नगद क्षतिपूर्ति मनासिब र पर्याप्त नहुने भएमा मात्र त्यसरी मर्का पर्ने पक्षले क्षतिपूर्तिको दाबीका सट्टा करारको यथावत् परिपालनामा दाबी गर्न सक्ने देखिन्छ। सो कानुनी व्यवस्था हेर्दा कमल ल प्रणाली अँगालेका राष्ट्रहरूले करारको यथावत् परिपालना अदालतले समन्यायमा (Equity) मा आधारित भएर अदालतको स्वविवेकमा प्रयोग गर्ने परिपाटी रहेको देखिन्छ। तर हाम्रो देशको उक्त कानुनी व्यवस्थाले न्यून रूपमा स्वविवेक समेत प्रयोग गरी कानुनमै आधारित भएर प्रयोग गर्नु पर्ने प्रस्ट पारेको देखिन्छ। सो परिप्रेक्षमा विवादको टेलिफोन वादी अस्पतालले २०६६।१०।१३ भन्दा अगावैदेखि प्रयोगमा ल्याएको कुरामा विवाद देखिँदैन। सो टेलिफोनको नम्बर समेत ५५५५५५५ जम्मा ७ वटा ५ को प्रयोग भई जुन सामान्य व्यक्तिको समझमा समेत सजिलै यादृच्छिकता कायम गर्ने किसिमको देखिन्छ। अस्पताल जस्तो प्रत्यक्ष रूपमा जनसरोकार र चासो समाहित भएको संस्थाको हन्टिङ लाइनका रूपमा प्रयोग भएको टेलिफोन नम्बर बारम्बार परिवर्तन भइरहनु सर्वाङ्गीण दृष्टिकोणले उपयुक्त हुने होइन। त्यही भएर प्रहरी, दमकल, एम्बुलेन्स लगायतका मानिसहरूको दिनानुदिन सम्पर्क हुने संस्थाहरूको टेलिफोन नम्बरहरू एकरूपता कायम गर्ने प्रयास समेत भएको देखिन्छ। यस स्थितिमा वादी संस्थाले अनवरत रूपमा प्रयोग गरिरहेको सो टेलिफोन मार्फत सो स्वास्थ्य संस्थाबाट विभिन्न व्यक्तिहरूले सेवा सुविधा पाइरहेको तथ्यलाई नकार्न सकिँदैन। त्यस्तै उक्त टेलिफोन नमबरलाई विस्थापित गर्न प्रतिवादीले अर्को टेलिफोन दिनेसम्मको जिकिर लिएको समेत नदेखिँदा उपयुक्त देखिँदैन। यसरी उद्धव थापाका नाममा दर्ता रहँदाका अवस्थादेखि निरन्तर रूपमा अल्का अस्पतालले प्रयोग गर्दै आएको उक्त टेलिफोन सम्बन्धमा आफ्नै स्वामित्वमा ल्याउनका लागि उक्त अस्पतालको सञ्चालक समितिको बैठकमा छलफल गराई विधिवत् रूपमा हक हस्तान्तरण गर्ने प्रक्रिया अन्तर्गत सोही अस्पतालकै अङ्गका रूपमा रहेको सञ्चालक प्रतिवादी भरत महर्जनको नाम दर्तामा रहे पनि सो समय समेतमा अस्पताल प्रयोजनार्थ प्रयोग भई आएको कुरालाई प्रतिवादीले अन्यथा भन्न सकेको पाइँदैन। अस्पताल जस्तो सेवामूलक संस्थाले निरन्तर प्रयोग गरी आफ्ना नाममा दर्ता गर्ने भनी निर्णय समेत भई सो निर्णयमा सहमति जनाइसकेपछि प्रतिवादीको नितान्त लहड तथा ऐच्छिक रूपमा कार्यान्वयनको अवस्थामा पछि आएर कुनै पनि पक्ष उक्त करारीय दायित्वबाट विचलित हुनु न्यायोचित नहुने एवं सो टेलिफोन नम्बरको विकल्पमा अर्को टेलिफोन लिन वा सो बदला अन्य कुनै तौरतरिकाबाट सो टेलिफोनको अस्तित्व पूर्ति हुन सक्ने स्थिति देखिएन। त्यस अर्थमा करारको यथावत् परिपालनबाट पछि फर्कन न्यायको रोहबाट उपयुक्त नदेखिने हुँदा दाबी बमोजिम करार ऐन, २०५६ को दफा ८६(१) अनुसार करारको यथावत् परिपालना

गराई विवादको ५५५५५५५५ नम्बरको टेलिफोन अल्का अस्पताल प्रा.लि.का नाममा दर्ता नामसारी गरिपाउँ भन्ने वादी दाबीलाई अन्यथा भन्ने सकिने अवस्था रहेन।

अतः फिराद दाबी बमोजिम करार ऐन, २०५६ को दफा ८६(१) अनुसार विवादको ५५५५५५५५ नं. को टेलिफोन अल्का अस्पताल प्रा.लि.का नाममा नामसारी गराइपाउने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिल बमोजिम गर्ने गरी अ.बं.१८६ नं. बमोजिम यो फैसला गरिदिएँ।

**तपसिल**

माथि इन्साफ खण्डमा लेखिए बमोजिम करार ऐन, २०५६ को दफा ८६(१) अनुसार विवादको ५५५५५५५५ नं. को टेलिफोन अल्का अस्पताल प्रा.लि.का नाममा नामसारी गराइपाउने ठहरी फैसला भएकाले वादीले फिराद दर्ता गर्दा राखेको बिगो रू.१००।- वादीले प्रतिवादीहरूबाट भराइपाउने हुँदा उक्त कोर्ट फी भराइपाउँ भनी वादीको दरखास्त परे प्रतिवादीबाट वादीलाई भराइदिनू ..............................१

माथि इन्साफ खण्डमा लेखिए बमोजिम करार ऐन, २०५६ को दफा ८६(१) अनुसार विवादको ५५५५५५५५ नं. को टेलिफोन अल्का अस्पताल प्रा.लि.का नाममा नामसारी गराइपाउने ठहरी फैसला भएकाले मुद्दाको अन्तिम किनारा भएपछि उल्लिखित ५५५५५५५५ नं. को टेलिफोन अल्का अस्पताल प्रा.लि.का नाममा नामसारी दर्ता गरइदिन सम्बन्धित दूरसञ्चार कम्पनी टेलिकमलाई लेखी पठाइदिनू.......२

यो इन्साफ उपर चित्त नबुझे ३५ (पैंतिस) दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्नु भनी प्रतिवादीलाई अ.बं.१९३ नं. बमोजिम पुनरावेदन म्याद दिनू ........................................................२

सरोकारवालाले मिसिलको नक्कल माग्न आएमा नियमानुसार नक्कल दिनू ..........................................३

प्रस्तुत मुद्दाको लगत कट्टा गरी फैसलाको सफ्टकपी अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ..........................................................................................................४

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले टिपाए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने डिट्ठा : देवलाल साह।
फाँट : ३ नं. मुद्दा

**इति सम्वत् २०७० साल माघ ६ गते रोज २ शुभम्............।**

**श्री धनकुटा जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री युवराज गौतम**
**फैसला**
**सं.फौ.नं. ०६९–CG–००३६**
**निर्णय नं. : ४५**

*मुद्दा : सम्बन्ध विच्छेद।*

**वादीको नाम, थर, वतन**

जिल्ला धनकुटा, धनकुटा नगरपालिका वार्ड नं. ५ बस्ने हरिनारायण श्रेष्ठकी छोरी शैलेन्द्र बादे श्रेष्ठकी श्रीमती वर्ष २५ की स्वेच्छा श्रेष्ठ...................१

**प्रतिवादीको नाम, थर, वतन**

जिल्ला काभ्रेपलाञ्चोक, बनेपा नगरपालिका वार्ड नं. ४ घर भई हाल धनकुटा जिल्ला धनकुटा न.पा. वार्ड नं. ७ स्थित काबेली विकास बैङ्क लि.मा कार्यरत सत्यबहादुर बादे श्रेष्ठको छोरा वर्ष ३५ को शैलेन्द्र बादे श्रेष्ठ....................................................१

**वादीको साक्षी**

मनोजनारायण श्रेष्ठ
पुरेन श्रेष्ठ

कागज
x

**प्रतिवादीको साक्षी**

विजयशेखर श्रेष्ठ
मोहनप्रसाद ढुङ्गेल
सौगात श्रेष्ठ
कागज
x

**अदालतबाट बुझेको**

अ.बं.८० नं. बमोजिम नातातर्फ बुझिएका मानिसहरू
स्वेच्छा श्रेष्ठ
प्र.वा. रुद्रबहादुर खड्का
मनोजनारायण श्रेष्ठ
शेरबहादुर उदास
केदारभक्त श्रेष्ठ
योगेन्द्रभक्त श्रेष्ठ
वासुदेव पोखरेल
टेकबहादुर श्रेष्ठ
अभिषेक कर्मचार्य

**साक्षी**

मोहनप्रसाद ढुङ्गेल

**कागज**

*मिति २०६७।११।८ गते विवाह कार्यक्रमको छपाएको कार्ड*

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. ले यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :

विपक्षी काबेली विकास बैङ्कमा कार्यरत रहदै निजसँग सामाजिक परम्परा अनुसार वैधिक विधिपूर्वक मिति २०६७।११।८ गते धनकुटामै म फिरादीको विवाह भएको हो। हामी पति, पत्नी भई बसी आएको १ महिना पनि पुरा नभएका अवस्थामा निज पतिले मसँग सानोतिनो कुरामा झगडा गर्ने, नगरपालिका गई विवाह दर्ता गर्न जाऔं भनी भन्दा पनि के नियतले हो, विवाह दर्ता गर्न समेत नमानी कपोल्कल्पित र झुट्टा आरोप लगाई गालीगलौज गरी कटु व्यवहार गर्नु भए पनि घर परिवारले विवाह गरी बसेको पति हो भनी सहेर चुपचाप लागी बसिरहेकी थिएँ। यस्तै अवस्थामा गत २०६८ साल चैत्र २२ गतेका दिन निज पतिले बिना कारण मैले लगाउने गरेको लुगाफाटा फ्याँकिदिई तिमी यो घरमा नबस, जहाँ जान्छौ जाउ भनी खान लगाउन समेत नदिई जबरजस्ती आफु बसेको घरबाट निकाला गरिदिएपछि, म विवश भई सोही दिन माइतीघर धनकुटा ५ मा गई बसेकी छु। निज पतिले आजसम्म पनि मेरो खोजखबर केही नगरी खान लगाउन समेत नदिएकाले त्यस्ता पतिसँग सम्बन्ध कायमै राखी राख्नुभन्दा सम्बन्ध विच्छेद गर्नु नै श्रेय भएको हुँदा मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं. अन्तर्गत ऐ.को ६ नं. को म्यादभित्र फिराद दायर गर्न आएकी छु। अतः निज कार्यरत रहेको बैङ्कमा निजको पारिश्रमिक मासिक रू. ५०,०००।– भएको र मेरो आम्दानी स्रोत पनि नभएकाले मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ४(क) नं. मा अंश पाउने व्यवस्था भए पनि सो बमोजिम अंश नलिई सो बापत विपक्षी पतिबाट ऐ. ४(ख) नं. बमोजिम निजको सम्पत्ति र आयस्ता कमाइका आधारमा मासिक रू. २५,०००।– का दरले प्रत्येक महिना मासिक खर्च दिलाउने गरी निजसँग म फिरादीको सम्बन्ध विच्छेद गरिपाउँ भन्ने समेत ब्यहोराको फिराद दाबी।

विपक्षी पतिले मलाई घरबाट निकाला गरिदिएपछि निज कार्यरत रहेको बैङ्कमा निजको पारिश्रमिक मासिक रू. ५०,०००।– भन्दा बढी भए पनि मलाई खान लगाउन कुनै खर्च नदिएको र मेरो आम्दानीको कुनै स्रोत समेत नहुँदा मुलुकी ऐन, लोग्ने स्वास्नीको ४(ख) नं. बमोजिम निजको सम्पत्ति र आयस्ता कमाइका आधारमा मासिक रू. २५,०००।– का दरले प्रत्येक महिना मासिक खर्च दिलाइदिन र मुद्दाको अन्तिम किनारा नभएसम्म विपक्षी पति कार्यरत रहेको काबेली विकास बैङ्कबाट निजले पाउने पारिश्रमिकबाट प्रत्येक महिना आधा तलब अ.बं. १७१ (क) नं. बमोजिम रोक्का राख्नु भनी आदेश गरी उक्त खान लाउन बापतको खर्च म निवेदकलाई दिलाइपाउँ भन्ने समेत ब्यहोराको वादी स्वेच्छा श्रेष्ठको निवेदन।

प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठका नाउँमा जारी गरिएको म्यादमा प्रतिउत्तर पर्न बाँकी रहेका अवस्थामा उक्त मासिक खर्च भराउने सम्बन्धमा छलफलका लागि निज शैलेन्द्र बादे श्रेष्ठलाई झिकाउनु र निज प्रतिवादी कार्यरत रहेको काबेली विकास बैङ्क, धनकुटामा निजले पाउने तलब भत्ता, अन्य सेवा सुविधा

लगायत मासिक कति पाउँछन् सो सम्बन्धमा खुलाई पठाइदिनु भनी सम्बन्धित बैङ्कलाई लेखी पठाई जवाफ आएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०६९।१२।११ गतेको आदेश।

वादीको फिराद दाबी सरासर झुट्टा, बेइमानी, अतिरञ्जित रहेको छ। वादीसँग म प्रतिवादीको विवाह भएको होइन, छैन। वादीसँग विवाह हुने निश्चित भई फूलमालासम्म भएको हो। फूलमाला हुनु र विवाह हुनु अलग अलग मान्यता र हैसियत राख्ने परिघटना हुन्। वादीको मसँग विवाह गर्ने प्रस्ताव आएपछि निजसँग विवाहका लागि सहमत भए लगत्तै बुझ्दै जाँदा निज वादीले मजस्ता अरूहरूलाई पनि यसअघि नै प्रेमजालमा पारी विवाह गर्ने भन्दै स्वाङ पारी आर्थिक रूपमा सताउने, धुत्ने, लिने, खाने, आफ्नो स्वार्थ पुरा भएपछि बेमतलब गरी छाडिदिने मतलबी स्वभाव रहेको थाहा पाई निजको दोचारे क्रियाकलापमा विश्वास गर्न नसकी निजसँग विवाह गर्न असमर्थ भएको कुरा विवाहका लागि निश्चित भएको मिति अगावै निजका अभिभावकलाई जानकारी गराएकै हो। यसरी वादीसँग मेरो विवाह हुन नसकेपछि मेरी पत्नीका रूपमा प्रवेश नपाएपछि मसँग निजको कुनै नाता सम्बन्ध रहन सक्ने अवस्था नै भएन। वादी दुलही बनी मेरो घरमा प्रवेश गरेकी छैनन्। निजसँग मेरो कुनै सहबाससम्म पनि भएको छैन। वादी जत्तिकी पढेलेखेकी सुजबुझ रहेकी मानिसले विवाह दर्ताको प्रमाण सृजना नगरेको कथन त्यसै पनि विश्वासलायक होइन। मिति २०६७।११।८ मा मसँग विवाह भएको भए फिराद दायर गरिँदाको मिति २०६९।११।२३ सम्मको अवधिमा न सन्तानको जायजन्म भएको उल्लेख भएको छ, न त आफु गर्भवती भएको छु भन्ने दाबी छ, फेरी आफु अमूक रोगका कारण सन्तान जन्माउन असमर्थ रहेको वा प्रतिवादी नै अक्षम रहेको भन्ने पनि केही छैन। वादीकै दाबी कथन अनुसार विवाह भएको १ महिनापछि नै निज उपर कटु व्यवहार गालीगलौज गर्ने, झुट्टा आरोप लगाउने काम मैले गरेको भए प्रचलनमा रहेको घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ तहत दाबी रहन सक्नु पर्नेमा प्रहरी प्रशासनमा मेरा उपर कहिँ कतै उजुर परेको थाहा छैन। फिराद पत्रमा आफ्नो आम्दानीको कुनै स्रोत नरहेको भन्ने उल्लेख गरेको रहेछ जुन सरासर झुट्टा कुरा हो। वादी धनकुटा ध.न.पा. वार्ड नं. ६ मा सञ्चालित दीप इङ्लिस सेकेन्डरी स्कुलमा शिक्षिका भई मासिक रू. ८,०००।– कमाइ गरिरहेकी अवस्थालाई लोप राखी नदेखाई गरेको फिराद सफा हात रहित छ। वादी मेरी पत्नी होइनन्, मैले विवाह गरी दुलहीका रूपमा मेरो घरमा लगेराखे भित्र्याएको छैन। यसरी लोग्ने स्वास्नीको नाता नै कायम नरहेकीसँग मैले सम्बन्ध विच्छेद गरी खान लाउन बापत खर्चपानी दिइरहनु पर्ने अवस्था समेत नहुँदा झुट्टा, फरेबी, आधारहीन दाबीबाट अलग फुर्सद गराइपाउँ भन्ने समेत ब्यहोराको प्रतिउत्तर पत्र।

वादीले प्रतिवादीसँग विवाह भएको भनी फिरादमा उल्लेख गरेको र प्रतिवादीले वादीसँग मेरो विवाह भएको छैन भनी प्रतिउत्तर जिकिर लिएको देखिँदा वादी प्रतिवादी बिच नाता सम्बन्धमा विवाद देखिएको हुँदा निजहरूलाई अ.बं. ८० नं. बमोजिम नाता कायमतर्फ बयान गराई पेस गर्नु भन्ने मिति २०७०।१।८ गतेको आदेश।

यसमा सम्बन्ध विच्छेद मुद्दामा नाता कायमतर्फ काम भइरहेको हुँदा प्रतिवादीको पारिश्रमिकबाट प्रत्येक महिना आधा तलब रोक्का राखी खान लाउन बापत निवेदिकालाई दिलाइपाउँ भन्ने वादीको निवेदनका हकमा केही गरिरहनु परेन, नियमानुसार गर्नु भन्ने मिति २०७०।१।२२ गतेको आदेश।

आदेशानुसार प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठको तलब भत्ता सुविधा लगायतको विवरण मगाई मिसिल सामेल रहेको।

प्रतिउत्तर पत्रको ब्यहोरा सुनाउँदा सुनेँ, उक्त ब्यहोरा सरासर झुट्टा हो। यी प्रतिवादीसँग परम्परा अनुसार मिति २०६७।११।८ गते विवाह भएको हो। उक्त विवाह मेरा पिता हरिनारायण श्रेष्ठकै घर धनकुटा ५ मा भएको हो। उक्त विवाहका लागि लमीको भूमिका गर्ने धनकुटा ६ बस्ने नारायण जोशी हुन् भने विवाह गराउने पुरोहित वासुदेव पोखरेल थिए। बिहेमा लगभग ५०/६० जना जन्ती, नातागोता समेत लगभग २०० देखि २५० सम्मको सहभागिता थियो। उक्त बिहेमा विजया घिमिरे, अभिनाश श्रेष्ठ, विजयशेखर श्रेष्ठ, सागर श्रेष्ठ, अभिषेक कर्माचार्य, शेरबहादुर उदास, मनोजनारायण श्रेष्ठ, टेकबहादुर श्रेष्ठ, केदारभक्त श्रेष्ठ, योगेन्द्रभक्त श्रेष्ठ, नरेन्द्र थापा समेतका थुप्रै व्यक्तिहरू थिए भन्ने समेत ब्यहोराको वादी स्वेच्छा श्रेष्ठले अ.बं. ८० नं. बमोजिम यस अदालतमा गरेको बयान।

विवाह गरेको होइन, फूलमालासम्म गरेको हो। यदि विवाह गरेको भए विवाह दर्ता हुनु पर्ने हो। फूलमाला वादीकै घरमा भएको हो। को, कस्को उपस्थिति थियो थाहा छैन। निमन्त्रणा कार्ड त फूलमाला भएपछि छपाइने हो। फोटो हेरे सो फोटा फूलमालाकै हुन्। मिति २०६७।११।८ गते फूलमाला भएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी वा. रुद्रबहादुर खड्काले यस अदालतमा गरेको प्रतिउत्तर बयान।

वादी स्वेच्छा श्रेष्ठ, प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठ बिच मिति २०६७।११।८ गते विवाह कार्यक्रमका लागि छपाइएको निमन्त्रणा कार्ड मिसिल सामेल रहेको।

यी वादी स्वेच्छा श्रेष्ठ, प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठ बिच मिति २०६७।११।८ गते सामाजिक परम्परा अनुसार विधिवत् रूपमा विवाह भई निजहरू बिच श्रीमान, श्रीमतीको सम्बन्ध कायम भएको हो। उक्त विवाह कार्यक्रममा म समेत सहभागी थिएँ भने विवाह गराउने पुरोहित वासुदेव पोखरेल हुन्। अगाडि नै फूलमाला भई मिति २०६७।११।८ मा विवाह भएको हो भन्ने समेत ब्यहोराको अ.बं. १३९ नं. बमोजिम बुझिएका मनोजनारायण श्रेष्ठले यस अदालतमा गरेको बयान।

फिराद प्रतिउत्तरको ब्यहोरा पढी वाची सुनाउँदा सुनी पाएँ। यी वादी स्वेच्छा श्रेष्ठ र प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठ बिच मिति २०६७।११।८ गते विवाह भएको हो। उक्त विवाहमा घर गाउँलेका तर्फबाट म उपस्थित भएको थिएँ। प्रतिउत्तर ब्यहोरा झुट्टा हो भन्ने समेत ब्यहोराको अ.बं. १३९ नं. बमोजिम बुझिएका शेरबहादुर उदासले यस अदालतमा गरेको बयान।

यी वादी प्रतिवादी बिच मिति २०६७।११।८ गते सामाजिक परम्परा अनुसार विवाह भएको हो। प्रतिउत्तर पत्रको ब्यहोरा झुट्टा हो। उक्त विवाहमा म समेत जन्ती, घरगाउँले गरी २५० देखि ३०० सम्मको उपस्थिति थियो भन्ने समेत ब्यहोराको अ.बं. १३९ नं. बमोजिम बुझिएका केदारभक्त श्रेष्ठले यस अदालतमा गरेको बयान।

उल्लिखित सम्बन्ध विच्छेद मुद्दाको फिराद प्रतिउत्तर पढी सुनाउँदा सुनी पाएँ। यी वादी प्रतिवादी बिच विवाह गर्ने भई फूलमाला गरी मिति २०६७।११।८ गते राती विवाह भएको हो। उक्त विवाह सामाजिक परम्परा अनुसार पुरोहित लगाई जन्ती समेत आएका थिए। प्रतिउत्तर ब्यहोरा झुट्टा हो भन्ने

समेत ब्यहोराको अ.बं. १३९ नं. बमोजिम बुझिएका योगेन्द्रभक्त श्रेष्ठले यस अदालतमा गरेको बयान।

यी वादी प्रतिवादी मिति २०६७।११।८ विवाह भई लोग्नेस्वास्नी भएका हुन्। प्रतिउत्तर ब्यहोरा झुट्टा हो। उक्त विवाह गराउने पुरोहित म हुँ। रात्री लगनमा विवाह महासङ्कल्प गरी वैदिक विधि र नेवारी प्रचलन अनुसार विवाह भएको हो भन्ने समेत ब्यहोराको अ.बं. १३९ नं. बमोजिम बुझिएका पुरोहित वासुदेव पोखरेलले यस अदालतमा गरेको बयान।

यी वादी प्रतिवादी बिच मिति २०६७।११।८ गते सामाजिक परम्परा अनुसार विवाह भएको हो। फूलमाला मात्र भएको भन्ने प्रतिउत्तर ब्यहोरा झुट्टा हो भन्ने समेत ब्यहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका टेकबहादुर श्रेष्ठले यस अदालतमा गरेको बयान।

मिति २०६७।११।८ गते स्वेच्छा श्रेष्ठ र शैलेन्द्र बादे श्रेष्ठ बिच विवाह भएको हो। उक्त विवाहमा म बेहुलाका तर्फबाट जन्ती भई गएको हो भन्ने समेत ब्यहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका अभिषेक कर्मचार्यले यस अदालतमा गरेको बयान।

आदेशानुसार प्रस्तुत मुद्दा मेलमिलापका लागि मेलमिलाप केन्द्रमा पठाइएकमा मेलमिलाप हुन नसकी फिर्ता पठाइएको भन्ने समेत ब्यहोराको मेलमिलापकर्ताको प्रतिवेदन।

विवाह भएको होइन, फूलमालासम्म भएको हो। त्यसैले मासिक खर्च भराउनु पर्ने होइन। फूलमाला भएको मिति २०६७।११।८ गते हो भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी मोहनप्रसाद ढुङ्गेलले यस अदालतमा गरेको बकपत्र।

प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठ घरपरिवारमा सगोलमा वा छुट्टीभिन्न भएको अवस्था के छ ? आफु तथा घरपरिवार सदस्यका नाममा के, कति सम्पत्ति रहे, भएको छ ? सो सम्बन्धमा निज प्रतिवादीबाट मुलुकी ऐन, अ.बं.१३३ नं. बमोजिम खुलाउन लगाई काबेली विकास बैङ्कको च.नं. ४४८ मिति २०६९।१२।१९ गतेको प्राप्त पत्रमा कर्मचारी सापटी शीर्षकमा रकम देखिएको हुँदा उक्त सापटी कुन मितिमा के, कुन शर्तका अधीनमा लिएको हो ? सो सम्बन्धमा निज कार्यरत रहेको बैङ्कबाट स्पष्ट ब्यहोराका साथ जवाफ माग गर्नुका साथै तलब सुविधाको रकम जनिने मासिक पे रोलको प्रमाणित छायाप्रति समेत माग गर्नु भन्ने समेत ब्यहोराको मिति २०७०।५।१८ गतेको आदेश।

प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठको तलबी सुविधाको रकम जनिने मासिक पे रोल झिकाई कर्मचारी सापटी शीर्षक रकमका सम्बन्धमा समेत जवाफ झिकाई मिसिल सामेल रहेको।

घर परिवारमा आमा, बुबा, दाजु, भाइ समेत गरी जम्मा ५ अंशियार छौं। हालसम्म अंशबन्डा भएको छैन। हामी ५ अंशियार एकासगोलमा नै रहेका छौं। बुबा सत्य बादे श्रेष्ठका नाउँमा रहेको जिल्ला काभ्रेपलाञ्चोक, बनेपा न.पा. वडा नं. ४ कि.नं. २ को क्षेत्रफल ०-१-३-० को मूल्य रू. २०,००,०००।- (बिस लाख), ऐ.का नाउँमा दर्ता रहेको ऐ. वडा नं. ५ को कि.नं. १२६ क्षेत्रफल – ५-०-० मूल्य रू. ५,००,०००।- (पाँच लाख), ऐ.ऐ. का नाउँमा दर्ता रहेभएको ऐ. वडा नं. ३ को कि.नं. १४१ को क्षेत्रफल ०-२-३-० को मूल्य रू. २,००,०००।- (दुई लाख) जिल्ला धनकुटा साबिक चुलिवन ७ को कि.नं. ६५९ को क्षेत्रफल ०-८-०-० जग्गाको मूल्य रू. २,००,०००।- (दुई लाख) र अन्य सदस्यका

नाममा जग्गा जमिन छैन। सो जग्गा सगोलमा छ। बुबाआमाको पालन पोषण मैले नै गर्नु पर्छ भन्ने समेत ब्यहोराको प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठले अ.बं. १३३ नं. बमोजिम गरेको कागज।

## अदालतको राय ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री नगेन्द्रभक्त श्रेष्ठले मेरा पक्ष र प्रतिवादीका बिच सामाजिक परम्परा अनुसार विवाह भएकामा प्रतिवादीले खान लाउन समेत नदिई जबरजस्ती घरबाट निकाला गरेकाले माइतीका शरणमा परी प्रस्तुत फिराद लिएर आएको अवस्था छ। मेरा पक्ष र प्रतिवादीका बिच विवाह दर्ता गर्न भन्दा समेत प्रतिवादीले नमानेको अवस्था हो। वादी प्रतिवादी बिच परम्परागत रूपमा विवाह भएको कुरा मिसिल संलग्न सबुत प्रमाणबाट प्रमाणित भएको हुँदा वादीले अंश पाउने कानुनी व्यवस्था भए पनि सो बमोजिम अंश नलिई सो बापत विपक्षीबाट लोग्ने, स्वास्नीको महलको ४ (ख) नं. बमोजिम मासिक खर्च भराउने गरी सम्बन्ध विच्छेद गरिपाउँ भनी आएको अवस्था छ। प्रतिवादी बैङ्कमा कार्यरत अधिकृत स्तरका कर्मचारी समेत भएको हुँदा निजको सम्पत्ति तथा आयस्ता कमाइका आधारमा मासिक रू. २५०००।- (पच्चिस हजार) का दरले प्रत्येक महिना मासिक खर्च दिलाउने गरी वादी प्रतिवादी बिचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरिपाउँ समेत भनी बहस प्रस्तुत गर्नु भयो।

त्यस्तै गरी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री तेजनारायण सिंह राईले मेरा पक्षले वादीलाई विवाह गरेको होइन, छैन। फूलमालासम्म गरेकामा पछि विवाह नभएको अवस्था हो। फूलमाला हुनु र विवाह हुनु अलग अलग परिघटनाहरू हुन्। स्वास्नी नै नभएको मानिससँग सम्बन्ध विच्छेद हुने र मासिक खर्च मेरा पक्षले दिनु पर्ने प्रश्न नै आउँदैन। वादीले विवाह दर्ता प्रमाण पत्र पेस गर्न सकेको पाइँदैन। वादी दाबी हचुवा छ। वादी दाबीलाई एकछिन मान्ने नै हो भने पनि मेरा पक्षले कर्जा सापटी कटाई जम्मा रू. ९,०००।- (नौ हजार) प्राप्त गर्ने गर्दछन् भने सोबाट बाबु, आमा र आफु समेत पालिनु पर्ने अवस्था छ। वादीले स्वयं मासिक रू. ८,०००।- (आठ हजार) आम्दानी गरिरहेकी छन् जसको प्रमाण मिसिलमा छ। यस्तो अवस्थामा हुँदै नभएको ब्यहोरा उल्लेख गरी मेरा पक्षबाट मासिक रू. २५०००।- पाउने गरी सम्बन्ध विच्छेद गर्न माग गरी आएको फिरादबाट मेरा पक्षलाई अलग फुर्सद दिलाइपाउँ समेत भनी बहस प्रस्तुत गर्नु भयो।

मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन, विश्लेषण एवं विद्वान कानुन व्यवसायीहरूले प्रस्तुत गर्नु भएको उपरोक्त उल्लिखित तर्कपूर्ण बहस जिकिर समेत सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा मूलतः निम्न प्रश्नमा नै केन्द्रित रही निर्णय दिनु पर्ने देखियो :

१. वादी प्रतिवादी बिच नातामा उठेको विवादमा के कसो हुनु पर्ने हो ?
२. वादीले दाबी बमोजिम प्रतिवादीबाट मासिक रूपमा खर्च भराई लिन पाउने गरी वादी र प्रतिवादीका बिच सम्बन्ध विच्छेद हुने हो, होइन ?
३. यदि मासिक खर्च बापत रकम दिलाउने गरी सम्बन्ध विच्छेद हुने हो भने के कति रकम भराई दिनु पर्ने हो ? र

४. त्यस्तो रकम के, कसरी, कहिलेबाट भराइदिनु पर्ने हो ?

अब, वादी प्रतिवादी बिच नातामा उठेको विवादमा के कसो हुनु पर्ने हो ? भन्ने पहिलो प्रश्नमा विचार गर्दा प्रथमतः यी वादीले प्रतिवादीसँग आफ्नो विवाह २०६७ सालमा भएको र विवाह पश्चात निजले मानसिक तथा शारीरिक यातना दिई घरबाट निकाला गरेकाले अंश नलिई सो बापत विपक्षी पतिबाट मासिक खर्च दिलाई सम्बन्ध विच्छेद गराइपाउँ भनी प्रस्तुत मुद्दा दायर गरेका अवस्थामा प्रतिवादीले वादीसँग आफ्नो विवाह नै नभएको केबल फूलमालासम्म भएको हुँदा पत्नी नै नभएकी व्यक्तिसँग मासिक खर्च दिलाउने गरी सम्बन्ध विच्छेद हुने प्रश्न नै आउँदैन समेत भनी प्रतिवाद गर्दै नातामा नै विवाद उठाएको पाइन्छ। यस अदालतको आदेशानुसार वादी, प्रतिवादीको कागज गराउँदा वादीले प्रतिवादीसँग आफ्नो विवाह वैदिक परम्परा अनुसार २०६७।११।८ गते आफ्नो पिता हरिनारायण श्रेष्ठका घरमा भएको, उक्त विवाहका लागि लमीको भूमिका धनकुटा ६ बस्ने नारायण जोशीले निर्वाह गर्नु भएको र विवाह गराउने पुरोहित वासुदेव पोखरेल हुन् समेत भनी प्रमाणका रूपमा वैवाहिक कार्यक्रममा खिचिएका भनिएका फोटाहरूका साथै वैवाहिक कार्यक्रमको निमन्त्रणा कार्ड समेत पेस गर्दै बयान गरेको पाइन्छ भने प्रतिवादीले वादीसँग विवाह गरेको होइन, फूलमालासम्म भएको हो। यदि विवाह गरेको भए विवाह दर्ता हुनु पर्ने हो। निमन्त्रणा कार्ड त फूलमाला भएपछि छपाइने हो। मिति २०६७।११।८ गते फूलमाला भएको हो। वादीले पेस गरेको फोटाहरू फूलमालाकै हुन् समेत भनी बयान गरेको पाइन्छ।

यी वादी स्वेच्छा श्रेष्ठ, प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठ बिच मिति २०६७।११।८ गते सामाजिक परम्परा अनुसार विधिवत् रूपमा विवाह भई निजहरू बिच श्रीमान, श्रीमती कायम भएको हो। उक्त विवाह कार्यक्रममा म समेत सहभागी थिएँ भने विवाह गराउने पुरोहित वासुदेव पाखरेल हुन्। अगाडि नै फूलमाला भई मिति २०६७।११।८ मा विवाह भएको हो भन्ने समेत ब्यहोरा उल्लेख गर्दै अ.बं. १३९ नं. बमोजिम बुझिएका मनोजनारायण श्रेष्ठले यस अदालतमा बयान गरेको पाइन्छ। त्यस्तै गरी वादी प्रतिवादी बिच मिति २०६७।११।८ गते सामाजिक परम्परा अनुसार विवाह भएको हो। प्रतिउत्तर पत्रको ब्यहोरा झुट्टा हो। उक्त विवाहमा म समेत जन्ती, घरगाउँले गरी २५० देखि ३०० सम्मको उपस्थिति थियो भन्ने समेत ब्यहोरा उल्लेख गर्दै अ.बं.१३९ नं. बमोजिम बुझिएका केदारभक्त श्रेष्ठले अदालत समक्ष बयान गरेको पाइयो र करिब करिब सोही मिलान ब्यहोराको भनाइ रहेको अ.बं.१३९ नं. बमोजिम बुझिएका अन्य व्यक्तिहरू शेरबहादुर उदास, योगेन्द्रभक्त श्रेष्ठ, टेकबहादुर श्रेष्ठ र अभिषेक कर्माचार्यले अदालत समक्ष गरेको बयानमा पाइन्छ। सोका अलावा विवाह गराउने पुरोहित भनिएका वासुदेव पोखरेलले यस अदालत समक्ष उपस्थित भई वादी प्रतिवादीका बिच मिति २०६७।११।८ गते विवाह भई लोग्नेस्वास्नी भएका हुन्, प्रतिउत्तर ब्यहोरा झुट्टा हो, उक्त विवाह गराउने पुरोहित म नै हुँ, रात्री लगनमा विवाह महासङ्कल्प गरी वैदिक विधि र नेवारी प्रचलन अनुसार विवाह भएको हो भनी उल्लेख गरेको पाइन्छ।

निश्चित रूपमा फूलमाला वा इन्गेजमेन्ट वा त्यस्तै कुनै नामकरणबाट सम्बोधित हुने अवस्था र विवाह भएको अवस्था अलग अलग मान्यता र हैसियत राख्ने परिघटना हुन् भन्ने प्रतिउत्तर जिकिरसँग असहमत हुनु पर्ने अवस्था छैन। तर माथि उल्लिखित व्यक्तिहरूले अदालत समक्ष व्यक्त गरेका भनाइ, स्वयं पुरोहितले अदालतमा गरेको बयानबाट उक्त मिति २०६७।११।८ गतेका दिन यी वादी र प्रतिवादी बिच सामाजिक परम्परा अनुसार विवाह भएको कुरा प्रस्ट भएको छ भने यतिका धेरै मानिसहरूले अदालत

समक्ष उपस्थित भई हुँदै नभएको विवाहलाई भएको हो भनी वा फूलमाला मात्र भएको अवस्थालाई यी वादी प्रतिवादीका बिच उक्त मितिमा विवाह नै भएको हो भनी भन्नु पर्ने अवस्था एकातिर देखिँदैन भने यी सम्पूर्ण व्यक्तिहरूले प्रतिवादी उपर रिसइवी साँधी प्रतिवादीलाई फसाउने नियतले नै सो कुरा व्यक्त गरेका हुन् भन्ने प्रतिवादीको भनाइ रहेभएको समेत पाइँदैन। त्यसरी कुनै काम, घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १० को उपदफा १ (क) बमोजिम प्रमाणमा लिनु पर्ने नै देखियो भने निजहरूको कथनबाट यी वादी र प्रतिवादीका बिच उक्त मिति २०६७।११।८ गतेका दिन फूलमाला होइन, सामाजिक परम्परा अनुसार विवाह नै भएको देखियो। जहाँसम्म विवाह दर्ता प्रमाण पत्रको अभावमा विवाह भएको मान्न नमिल्ने भन्ने प्रतिउत्तर जिकिर छ सो सम्बन्धमा हेर्दा यी वादीले आफ्नो फिराद पत्रमा प्रतिवादीले नै विवाह दर्ता गर्न नमानेको भनी आफ्नो भनाइ व्यक्त गरेको पाइन्छ भने सधैं सबै अवस्थामा अनिवार्य विवाह दर्ता गराउनु नै पर्दछ र सोका अभावमा विवाह भएको मान्न मिल्दैन भन्नु र अर्थ गर्नु न्यायोचित समेत हुँदैन। विवाह दर्ता गर्ने पनि आफ्नै प्रक्रियाहरू हुन्छन्। विवाहित जोडी सँगै गएर आवेदन गरेका अवस्थामा जसरी सहज ढङ्गबाट विवाह दर्ता हुन्छ त्यसका विपरीत एक पक्ष मात्र जाँदाको अवस्थामा सहज नभई धेरै प्रक्रियाहरू अवलम्बन गर्नु पर्ने पनि हुन सक्दछ। तसर्थ विवाह दर्ताको प्रमाण पेस नगरेका आधारबाट यी वादी र प्रतिवादीका बिच विवाह नै नभएको भन्ने प्रतिउत्तर जिकिरका साथै सोतर्फ प्रतिवादीका विद्वान कानुन व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन।

यसरी माथि विवेचित आधार कारणका साथै अ.बं. १३९ नं. बमोजिम बुझिएका व्यक्तिहरूले अदालत समक्ष गरेको बयान, मिसिल संलग्न रहेका फोटोहरू, वैवाहिक कार्यक्रमको निमन्त्रणा कार्ड र यसै लगाउको यिनै वादी र प्रतिवादी बिच चलेको गाली बेइज्जती मुद्दामा पेस भएको सि.डी. समेतका सबुत प्रमाणहरूबाट यी वादी प्रतिवादीहरू लोग्नेस्वास्नी नाताका व्यक्ति नै हुन् भन्ने प्रमाणित भएकाले यी वादी प्रतिवादीका बिचमा वैवाहिक सम्बन्ध कायम रही यी दुबै जना पतिपत्नी नाता रहे भएको ठहर्छ।

**अब दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा**

प्रतिवादीसँग सामाजिक परम्परा अनुसार विवाह भएकामा प्रतिवादीले खान, लाउन समेत नदिई जबरजस्ती घरबाट निकाला गरेकाले माइतीको शरणमा परी फिराद गर्न आएकी छु। यस्तो अवस्थामा मैले अंश पाई सम्बन्ध विच्छेद समेत हुने कानुनी व्यवस्था भए पनि सो बमोजिम अंश नलिई सो बापत प्रतिवादीबाट मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ४ (ख) नं. बमोजिम मासिक खर्च भराउने गरी सम्बन्ध विच्छेद गरिपाउँ भन्ने वादीको दाबी रहेभएको पाइन्छ। अब यस्तो अवस्थामा यी वादी प्रतिवादी बिच सम्बन्ध विच्छेद हुने अवस्था छ, छैन ? भन्ने सम्बन्धमा विचार गर्नु पर्ने देखिन आयो। प्रतिवादीले वादीसँग आफ्नो विवाह नै नभएको हुँदा सम्बन्ध विच्छेदको प्रश्न नै आउँदैन भन्ने समेतको जिकिर लिएकामा माथि पहिलो प्रश्नको निरूपण गर्ने सिलसिलामा यी वादी र प्रतिवादी बिच विवाह भई यी दुबै पतिपत्नीको नाताको रहेभएको ठहरेका अवस्थामा सोतर्फ पुनः विवेचना गरिरहन परेन।

यसरी सामाजिक परम्परा अनुसार विवाह सम्पन्न भई पतिपत्नी जस्तो पवित्र सम्बन्धमा आबद्ध भएको अवस्थामा समेत आफ्नो श्रीमतीलाई स्वास्नी नै होइन भनी विवाह नै भएको छैन भन्ने जस्ता जिकिर

बारम्बार लिने लोग्ने मानिससँग यी वादीको पूर्ववत् सम्बन्ध कायम हुन सक्ने अवस्था त्यति सहज देखिँदैन भने वादीले आफ्नो दाबीमा प्रतिवादीले झुट्टा आरोप लगाई गालीगलौज गरी खान, लाउन समेत नदिई जबरजस्ती घरबाट निकाला समेत गरेको भन्ने समेतको ब्यहोरा उल्लेख गरेको र सो कुरालाई सबुत प्रमाणका आधारमा प्रतिवादीले खण्डन गर्न समेत सकेको नपाइएको यस अवस्थामा यी वादीलाई मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं. को देहाय २ ले प्रतिवादीसँग सम्बन्ध विच्छेद गर्न पाउने गरी कानुनी अधिकार प्रदान गरेको नै देखियो। त्यसमा पनि यी प्रतिवादीले प्रस्तुत मुद्दामा फिराएको प्रतिउत्तरमा यी वादी उपर लगाएका आरोपहरूलाई लिएर यी प्रतिवादी उपर यिनै वादीले लिखित गाली बेइज्जती मुद्दा समेत दायर गरेको अवस्था छ। निश्चित रूपमा वैवाहिक सम्बन्ध जतिसुकै अप्ठ्यारो परिस्थिति आए पनि त्यसले निरन्तरता नै पाउनु पर्छ भनी भन्नु आजको बदलिँदो समय, परिस्थिति समेतका यावत् कुरालाई अस्वीकार गर्दै यान्त्रिक रूपमा प्रस्तुत हुनु मात्र हुन्छ। यसै सन्दर्भमा पुनरावेदक/वादी कृष्ण शेरचन र प्रत्यर्थी/प्रतिवादी पदमकुमारी शेरचन भएको सम्बन्ध विच्छेद मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट "यथार्थमा पति पत्नी बिचको सम्बन्ध आपसी समझदारी र मेलमिलापबाट मात्र सुमधुर हुने हो। अन्यथा यी कुराको अभावमा त्यस्तो सम्बन्ध निरन्तर कायम राख्नुको कुनै औचित्य नरहने" भनी बोलेको समेत अवस्था छ। (ने.का.प. २०६७, अङ्क १० पृ. १७५८)

यस प्रकार, माथि विवेचित आधार कारणबाट यी वादीले प्रतिवादी लोग्नेसँग सम्बन्ध विच्छेद गर्न पाउने अवस्थाको भई वादी प्रतिवादी बिच सम्बन्ध विच्छेद हुने अवस्था देखिएका स्थितिमा मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ४ क र ४ ख नं. को व्यवस्थालाई हेर्नु पर्ने हुन्छ (वादीको दाबी यही नं. अन्तर्गत रहेका सन्दर्भमा) जुन यस प्रकार छ :

“यस महलको १ नम्बर बमोजिम लोग्ने र स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा अदालतले निजहरू बिच अंशबन्डा गर्न लगाएर मात्र सम्बन्ध विच्छेद हुने निर्णय गर्नु पर्छ। सम्बन्ध विच्छेद हुने लोग्ने मानिसले नै अंश लिइनसकेका अवस्थामा अदालतले तायदाती माग गरी अंशियारहरू बिच अंशबन्डा गर्न आदेश दिई त्यस्तो लोग्ने मानिसका भागमा पर्ने अंश र सो अंशबाट सम्बन्ध विच्छेद गर्ने स्वास्नी मानिसले पाउने अंशको अन्जाम गरी अंशबन्डा नभएसम्मका लागि त्यस्ती स्वास्नी मानिसको जीविकाका निमित्त मासिक रूपले खर्च भराइदिनु पर्छ। अंशबन्डा भइसकेपछि सम्बन्ध विच्छेद भएकी स्वास्नी मानिसको अंशमा परेको सम्पत्तिमा निजको हक हुने छ। त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति अघिल्लो लोग्नेपट्टिका सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो लोग्नेले पाउने छ।” (लोग्ने स्वास्नीको महलको ४ क नं.)

“यस महलको ४ क. नम्बरमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्ध विच्छेद हुने स्वास्नी मानिसले अंश नलिई सो बापत लोग्नेसँग वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताका आधारमा वार्षिक वा मासिक खर्च भराइदिनु पर्छ। लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेसम्म मात्र भर्नु पर्छ। (लोग्ने स्वास्नीको महलको ४ ख. नं.)

माथि उल्लिखित कानुनी व्यवस्था हेर्दा यसरी सम्बन्ध विच्छेद हुने अवस्थाकी स्वास्नीलाई अंश लिन पाउने गरी वा मासिक, वार्षिक खर्च लिने पाउने गरी विकल्पहरूको चयन गर्दै सम्बन्ध विच्छेद गर्न पाउने अधिकार रहेभएको पाइन्छ भने प्रस्तुत मुद्दामा वादीले ४ (ख) को व्यवस्था अर्थात हाम्रो सन्दर्भमा बुझ्ने भाषामा भन्नु पर्दा मानाचामल भराउने गरी सम्बन्ध विच्छेद गर्न माग गरेको पाइन्छ।

यसै सन्दर्भमा सैद्धान्तिक प्रस्टताका लागि माना चामल (Alimony) भनेको के हो ? भन्ने सम्बन्धमा सङ्क्षिप्त रूपमा चर्चा गर्नु प्रस्तुत मुद्दाको परिप्रेक्ष्यमा सान्दर्भिक हुने नै देखिन्छ। सोतर्फ हेर्दा मानाचामल (Alimony) ल्याटिन भाषाको Ali.Onia बाट आएको शब्द हो। जसको अर्थ "nourishment, sustenance" वा "to nourish" अर्थात "relating to food, nutrition or digestion" भन्ने हुन्छ। यसको अर्थ Rule of sustenance to assure the wife's lodging, food, clothing and other necessities after divorce भन्ने हुन्छ। यसको अर्थ Rule of sustenance to assure the wife's lodging, food, clothing and other necessities after divorce भन्ने पनि हो। मानाचामललाई बेलायतमा "Maintenance" र अमेरिकामा "Spousal Support" भनिन्छ। अमेरिकामा पत्नीलाई मानाचामल भराउनु पर्ने विषयलाई निजको "Right to Support" का रूपमा लिइन्छ, जसमा पतिको दुर्व्यवहारलाई मुख्य आधार मानिएको पाइन्छ। ती मुलुकमा पहिला पहिला मुख्यतः वैवाहिक सम्बन्ध विच्छेद पश्चात पतिका तर्फबाट पत्नीलाई दिइने आर्थिक सहायताका रूपमा मानाचामललाई लिइएको पाइन्छ, जुन तत्सम्बन्धी कानुनद्वारा नै व्यवस्थित रहेको छ। धेरै जसो मुलुकमा खास गरी सम्बन्ध विच्छेदको कानुन (Divorce Law) अथवा पारिवारिक कानुन (Family Law) ले यस विषयलाई व्यवस्थित गरेको पाइन्छ। कतिपय मुलुकमा भने वैवाहिक सम्बन्ध कायमै रहेको अवस्था वा सम्बन्ध विच्छेद पश्चातको अवस्थामा पतिले पत्नीलाई बहन गर्नु पर्ने कानुनी दायित्वका रूपमा मानाचामललाई लिइने गरेको छ।

हाम्रा सन्दर्भमा मानाचामलको व्यवस्था आफ्नो अधीनमा पैतृक सम्पत्ति रहेको घरको मुख्य मानिस मूलतः बाबु वा लोग्नेले पत्नी वा छोराछोरीलाई खान, लाउन दिए नदिएको कार्यसँग सम्बन्धित छ। यद्यपि मुलुकी ऐन, अंशबन्डाको १० (ख) नं. ले सो दायित्व खान, लाउन नपुग्ने अशक्त बाबुआमालाई खान, लाउन दिनु छोराछोरीको पनि कर्तव्य रहन्छ भनी उल्लेख गरेको छ। साथै अंशबन्डाको महलको १० नं. ले आफ्ना श्रीमती र छोराछोरीलाई इज्जत आमद अनुसार खान, लाउन दिनु पर्ने, आवश्यकता अनुसार उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था समेत गर्नु पर्ने गरी बाबु र पतिलाई कर्तव्य तोकिदिएको छ। यसरी अंशबन्डाको महलको १०, १० (ख) (ग) र लोग्ने स्वास्नीको महलको ४ (क) र (ख) मा मानाचामल सम्बन्धमा लोग्ने र बाबुआमाको दायित्व र छोराछोरीको कर्तव्य समेतको व्यवस्था गरेको पाइन्छ। यस प्रकार, मानाचामलको अवस्था त्यस्ता व्यक्तिलाई आइपर्दछ जसलाई आफ्नो आयस्ताले खान लाउन पुग्दैन, जसको आफ्नो हकमा सम्पत्ति रहेको छैन, जसले सम्बन्ध विच्छेद गरेको छ र जसले आफ्नो अंश प्राप्त गरिसकेको छैन।

मानमाचामल जस्तो कुरा सरसर्ती हेर्दा साधारण जस्तो देखिने तर महिला र पुरुष बिचको समानताको हक सम्बन्धी प्रश्न समावेश भएको र मानिसको बाँच्न पाउने अधिकार (Right to Life) सँग जोडिएको विषय हो। यसलाई अन्तराष्ट्रिय मानव अधिकार कानुनको परिप्रेक्ष्यमा समेत आत्मसात गरिनु आवश्यक छ। यस सिलसिलामा हेर्दा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ (Universal

Declaration of Human Rights, 1948) ले सबै मानव कानुन समक्ष समान हुने र कानुनको समान संरक्षणको अधिकार हुने कुराको उद्घोष गरेको छ। यसै अनुसार महिला र पुरुष मानव भएका नाताले सबै अधिकार समान रूपमा उपभोग गर्न योग्य, सक्षम र स्वतन्त्र छन्। मानव अधिकारको उक्त घोषणा पत्रको धारा १ ले मानिसलाई आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। त्यस्तै नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ (International Convention on Civil & Political Rights, 1966) को धारा २६ मा सबै व्यक्तिहरू कानुनका दृष्टिमा समान हुन् र कुनै भेदभाव बिना कानुनको समान संरक्षणका हकदार हुन् भन्ने उल्लेख छ। सोही महासन्धिको धारा ६ ले जीवनको अधिकार (Right to Life) लाई प्रत्याभूति दिएको छ। महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सन्बन्धी महासन्धि (Convention on Elemination of all forms of Discrimination Against Women, 1979) ले महिला तथा पुरुषका बिचमा रहेका सबै प्रकारका भेदभावलाई उन्मूलन गर्ने र उनीहरू बिच सबै क्षेत्रमा समानता कायम गर्ने उद्देश्य लिएको छ। उक्त महासन्धिको धारा १ मा मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहे तापनि पुरुष र महिलाको समानताका आधारमा उपभोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई क्षति वा शून्यकरण गर्ने कार्यलाई अस्वीकार गरेको छ। त्यस्तै उक्त महासन्धिले धारा ७ मा महिला विरुद्ध सामाजिक जीवनमा हुने भेदभाव अन्त्य गर्ने व्यवस्था समेत गरेको पाइन्छ। सोही महासन्धिको धारा १५ ले पक्ष राष्ट्रहरूले महिलाहरूलाई कानुनका दृष्टिमा पुरुष सरहको समानता प्रदान गर्ने छन् भन्ने व्यवस्था गरेको छ। उक्त धारा १५ (२) मा महिलालाई सम्पत्ति सञ्चालन गर्न पाउने समान अधिकारको प्रत्याभूति गरिएको छ। सोही महासन्धिमा विवाह पश्चातको अवस्थामा समान अधिकार तथा उत्तरदायित्वहरू सुनिश्चित गर्नु पर्ने दायित्व राज्यलाई तोकिएको छ। त्यस्तै धारा १६ को (१) (ज) मा "सम्पत्तिको स्वामित्व प्राप्ति व्यवस्थापन, सञ्चालन, भोगचलन र बेचबिखनका सम्बन्धमा निःशुल्क वा मूल्यवान प्रतिफल बापत जे भए पनि पति र पत्नी दुबैको समान अधिकार हुने" उल्लेख छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले सम्पूर्ण नागरिकलाई समानताको अधिकार र संरक्षण समेतको प्रत्याभूति दिएको छ। हाम्रो संविधानको प्रस्तावनाले मानव अधिकाको संरक्षण गर्ने प्रतिबद्धता जनाएको छ। समानताको अधिकार कुनै पनि प्रजातान्त्रिक राष्ट्रको कानुनी राज्यको मेरुदण्ड हो। यसरी उपयुक्त संवैधानिक व्यवस्था र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा उल्लिखित व्यवस्थाबाट परिवारको साझा सम्पत्तिमा परिवारकै सदस्य रहेको पत्नीका नाताले यी वादीको समान अधिकार रहने अवस्थामा पनि मानाचामलका माध्यमबाट आफ्नो अधिकार सुनिश्चित गर्ने अख्तियारी निजलाई रहने नै हुन्छ।

यसै सन्दर्भमा हाम्रो सम्मानित सर्वोच्च अदालतले पुनरावेदक/प्रतिवादी नरबहादुर आचार्य समेत प्रत्यार्थी/वादी रुकमेणीदेवी शाह भएको खान लाउन दिलाइपाउँ भन्ने मुद्दामा :

- सामान्यतयाः आफ्नो घर परिवारबाट मानवीय व्यवहार पाउँदापाउँदै मानाचामल माग गरी अड्डा अदालत धाउने कुरा मुद्दा गर्नकै लागि वा पति समेतका आफ्नो परिवारका सदस्यहरूलाई दुःख दिने उद्देश्यबाट गरिएको होला भनी अनुमान गर्नु स्वाभाविक हुन नसक्ने।

- समाजमा विद्यमान रहेको लैङ्गिक र घरेलु हिंसाका कारणबाट खास गरी महिलाहरू र त्यसमा पनि बुहारीमाथि यस प्रकारका घटनाहरू घट्ने गरेको कुरा बराबर प्रकाशमा आउने गरेकै पाइँदा सामान्यतः दाबीलाई अस्वाभाविक भनी अन्यथा अनुमान गर्न नमिल्ने।
- आफुले विवाह गरी ल्याएकी पत्नी तथा बुहारीप्रति मानवीय व्यवहार गर्नु सम्बन्धित परिवारको कानुनी र नैतिक दुबै प्रकारको दायित्व हो। परिवारबाट सो दायित्व पुरा गरिँदैन र त्यस्ती महिलामाथि हिंसाजन्य व्यवहार गरी घरमा बस्न नसक्ने अवस्था सिर्जना गरिन्छ भने निश्चित रूपमा मुलुकी ऐन, अंशबन्डाको १० नं. र लोग्ने स्वास्नीको ४ नं. बमोजिम खान लाउनका लागि मानाचामल भर्नु पर्ने।
- कानुन विपरीतको अमानवीय र कठोर व्यवहार गरी विवाहित महिलालाई घरमा बस्न नसक्ने वातावरण तयार पार्ने व्यक्ति वा परिवारले पछि आएर मानाचामल भर्न सक्ने आर्थिक हैसियत थिएन वा छैन भनी लिने जिकिर आधारहीन हुने भनी बोलेको समेत पाइन्छ। (ने.का.प. २०६९, अङ्क ५ पृष्ठ ७०९)

यसप्रकार, माथि विवेचित आधार कारण एवं कानुनी व्यवस्थाका आधारमा यी वादीले दाबी बमोजिम प्रतिवादीबाट मासिक रूपमा खर्च भराई लिन पाउने गरी वादी र प्रतिवादीका बिच सम्बन्ध विच्छेद हुने अवस्थाको विद्यमानता देखिँदा र मिसिल संलग्न प्रतिउत्तर पत्र लगायतका अन्य प्रमाण कागजातहरूका आधारमा यी वादी प्रतिवादी बिच कायम रहेको पति पत्नीको सम्बन्ध यथावत् राखी राख्न न्यायोचित समेत नदेखिएका परिप्रेक्ष्यमा मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ४ (ख) नं. बमोजिम मासिक खर्च पाउने गरी यी वादी र प्रतिवादी बिच कायम रहेको लोग्नेस्वास्नीको नाता सम्बन्ध विच्छेद हुने ठहर्छ।

अब, मासिक खर्च बापत के कति रकम भराइदिनु पर्ने हो ? भन्ने तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा कुनै पनि सगोलको अंशियारले उसको परिवारको अन्य सदस्य सरह इज्जत आमद अनुसार खान लाउन पाउनु निजको कानुनी एवं जन्मसिद्ध अधिकारको कुरा हो। यस अधिकारलाई हाम्रो मुलुकी ऐन, अंशबन्डाको १० नं. र लोग्ने स्वास्नीको ४ नं. ले समेत संरक्षण गरेको पाइन्छ। त्यस कारण सगोलको परिवारले आफु जस्तै सगोलको अर्को सदस्यलाई इज्जत आमद अनुसार खान लाउन दिनु पर्ने विषय कानुनी दायित्व मात्र होइन कर्तव्यका रूपमा समेत रहेको पाइन्छ। सो कानुनी कर्तव्य पुरा नगरेका अवस्थामा अंश नै दिनु पर्दछ। तर त्यसरी अंश प्राप्त गर्ने प्रक्रिया लामो र झन्झटिलो समेत हुने परिस्थितिलाई सायद आत्मसात गरेर नै होला विधायिकाले त्यसको विकल्पका रूपमा मासिक वा वार्षिक रूपमा खर्च भराई लिन पाउने कानुनी व्यवस्था गरेको छ। अतः सो सन्दर्भलाई समेत हेर्दा समान हक अधिकार भएका परिवारका सदस्य मध्ये कसैले आफ्नो पैत्रृक सम्पत्तिको निर्बाध उपभोग गरिरहेको अवस्था कायम हुनु र कसैले घरमा नै बस्न नसक्ने स्थिति सृजना हुनु अत्यन्त संवेदनशील एवं विचारणीय प्रश्न हो। प्रस्तुत मुद्दामा यी वादीले आफुप्रतिको दुर्व्यवहारका कारण घर छाड्न बाध्य भई मासिक खर्च बापत रकम भराइ लिई सम्बन्ध विच्छेद गरिपाउँ भनी याचना गरिरहेको अवस्था छ। मानाचामल जस्तो कानुनी उपचारको माध्यमबाट वादी पक्षको बाँच्न पाउने अधिकारको प्रत्याभूति गर्नु पर्ने अवस्थालाई यस अदालतले संवेदनशील भएर मनन गर्नु पर्ने हुन्छ। यो संवेदनशीलताको अभावमा यी वादीको जीवनको अधिकार नै

कुण्ठित हुन पुग्दछ। यस्तो अवस्थामा कति रकम भराइदिनु पर्ने हो भन्ने सम्बन्धमा मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ४ ख नं. ले मुख्यतया त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको सम्पत्ति र आयस्ताका आधारमा वार्षिक वा मासिक खर्च भराइदिनु पर्ने गरी निर्दिष्ट गरेको पाइन्छ। उक्त ४ ख नं. ले मासिक वा वार्षिक खर्च भराउने सम्बन्धमा विस्तृत रूपमा मापदण्ड तथा अन्य कुनै वस्तुगत आधारहरू निर्धारण गरेको नपाइए तापनि सम्पत्ति र आयस्तालाई विचार गरी तय गर्नु पर्ने गरी मार्गनिर्देश भने गरेको पाइन्छ। प्रस्तुत मुद्दामा वादीले फिराद दाबीमा प्रतिवादीको मासिक आम्दानी रू. ५०,०००।- भन्दा बढी भएका कारण रू. २५,०००।- मासिक रूपमा भराइपाउँ भनी दाबी लिएको र प्रतिउत्तरमा वादी स्वयं रोजगार भएकी र निजले मासिक रूपमा रू. ८,०००।- कमाइ गरिरहेकी अवस्थालाई प्रकाश पारिरहेको पाइएको छ। त्यस्तै गरी वादीका तर्फबाट उपस्थित विद्वान कानुन व्यवसायीले केबल लोग्नेको सम्पत्ति र आयस्तालाई मात्र मध्यनजर गरी भराइदिने रकम निर्धारण गरिनु पर्ने भनी र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान कानुन व्यवसायीले यदि वादी दाबी बमोजिम भराइपाउने कुरालाई एकछिन मान्दा पनि प्रतिवादीले कर्जा सापटी बापत मासिक रूपमा कट्टी भई मासिक रूपमा केवल रू. ९,०००।- प्राप्त गर्ने र सो आम्दानीबाट स्वयं प्रतिवादी आफु पालिनु पर्ने र बुबा, आमा समेतको हेरविचार गर्नु पर्ने अवस्था र वादीले स्वयं मासिक रूपमा रू. ८,०००।- प्राप्त गरिरहेको समग्र परिस्थितिलाई विचार गर्दा मासिक रूपमा रू. १,०००। सम्म मात्र पाउने स्थिति हुन्छ भनी जिकिर लिनु भएको यस अवस्थामा माथि उल्लेख भए बमोजिम हाम्रो कानुनी व्यवस्थाले निश्चित मापदण्ड र वस्तुगत आधारहरू विस्तृत रूपमा निर्धारण नगरेका स्थितिमा यस सम्बन्धमा विदेशी मुलुकहरूको अभ्यासलाई अध्ययन गर्नु सान्दर्भिक नै हुने देखिन्छ।

यस सम्बन्धमा अमेरिकी सन्दर्भलाई सङ्क्षिप्त रूपमा अवलोकन गर्दा त्यहाँको सर्वोच्च अदालतले लैङ्गिक पूर्वाग्रहका विरुद्धमा सन् १९७० देखि नै महत्त्वपूर्ण आदेशहरू जारी गर्दै आएको पाइन्छ जसको फलस्वरूप सन् २००७ सम्म आइपुग्दा मानाचामल भरी पाउने पुरुषको सङ्ख्या ३.७ प्रतिशतले वृद्धि भएको देखिन्छ। म्यासाच्युसेटस र लुजियाना राज्यमा पूर्व जोडी (Ex-Partner) को मानाचामल नयाँ दम्पत्तिको तलब (Salary) बाट निर्धारण गर्ने गरिएको पाइन्छ। [Walker Adrien (2009-11-13) "Alimony Agony", The Baston Globe, "Wife No.2, Paying for wife No.1"?, Join the club ABC News.] त्यस्तै गरी अमेरिकामा पछिल्लो समयमा कुनै क्षेत्रमा उच्चस्तरको नाम कमाएका तर सम्बन्ध विच्छेद गरेका महिलाहरू जस्तै : Birtney Spears, Victoria Principle र Jessica Simpson ले आफ्ना पूर्व पतिलाई मानाचामल बापत लाखौं डलर भुक्तानी गरेको उदाहरणहरू पनि भेटिएका छन्। यद्यपि ती पतिहरू आफैमा धनी व्यक्ति थिए (Gal-imony: Celeb Women Who Pay in the Divorce; Role Reversal: Ex wives Agony Over Paying Alimony, ABC News.)। अमेरिकामा पत्नीलाई मानाचामल भराउनु पर्ने विषयलाई निजको "Right to Support" का रूपमा लिइन्छ, जसमा पतिको दुर्व्यवहारलाई मुख्य आधार मानिएको पाइन्छ। यस सन्दर्भमा एरिजोना राज्यस्थित अमेरिकी अभ्यासलाई हेर्दा निम्न लिखित आधारहरूलाई मानाचामल निर्धारण गर्ने मानक तत्त्वका रूपमा लिइएको पाइन्छ जुन हाम्रा सन्दर्भमा पनि कतिपय अवस्थामा अनुकरणीय र सान्दर्भिक हुन सक्दछ।

1. Lacks sufficient property to provide for his or her reasonable needs; or
2. Is unable to support himself or herself through appropriate employment or is the custodian of a child whose age is such that the custodian should not be required to seek employment outside the home; or
3. Contributed to the educational opportunities of the other spouse; or
4. Had a marriage of long duration and is of an age which may preclude the possibility of gaining employment adequate to support himself or herself.

   The Maintenance order shall be in such amounts and for such periods of time as the court deems just, without regard to marital misconduct, and after considering all relevant factors including:

1. The standard of living established during the marriage;
2. The duration of the marriage;
3. The age and employment history and earning ability and physical condition of the spouse seeking maintenance;
4. The ability of the spouse from whom maintenance is sought to meet his or her needs while meeting those of the spouse seeking maintenance;
5. The comparative financial resources of the spouses including their comparative earning abilities;
6. The contribution of the spouse seeking maintenance to the earning ability of the spouse;
7. The extent to which the spouse seeking maintenance has reduced his or her incomes or career opportunities for the benefit of the other spouse;
8. The ability of both parties after the dissolution to contribute to the future educational costs of their mutual children;
9. The financial resources of the party seeking maintenance and that party's ability to meet his or her needs….

(Available at http: l l www.tedlock.com l faq l alimony. html, visited on Januwary 5, 2014)

मानाचामलको रकम निर्धारण गर्दा यसको उद्देश्य र पक्षको अन्तर्निहित आवश्यकतालाई समेत विचार गर्नु पर्ने हुन्छ। यस सम्बन्धमा अमेरिकी अदालतको दृष्टिकोण यस्तो छ :

"The goal of a proper alimony award is to assist the supported spouse in achieving a lifestyle that is reasonably comparable to the one enjoyed while living with the supporting spouse during the marriage." [Crews v.Crews, 164 N.J.11, 16 (2000)]

"The objective of alimony is the continuation of a standard of living enjoyed by the parties prior to the separation and the obligation of the supporting spouse should be set at a level that would maintain that standard. Both parties have the right to live that lifestyle, finances permitting." [Innes v.Innes, 117 N.J. 496 (1990); Lepis v. Lepis, 83 N.J. 139 (1980)]

" The primary source to be considered in setting the amount of alimony is the supporting spouse's income. Central factors to be considered in awarding alimony are the duration of the award and the need for one spouse to receive and the other to pay." [Steneken v. steneken, 183 N.J. 290, 299 (2005)]

यस प्रकार अमेरिकी अभ्यासमा मानाचामलको रकम निर्धारण गर्दा मुख्यतः निम्नलिखित कुराहरूलाई नै मध्यनजर गर्ने गरेको पाइन्छ :

- The actual need and ability of the parties to pay;
- The duration of the marriage or civil union;
- The age, physical and emotional health of the parties;
- The standard of living established in the marriage or civil union and the likelihood that each party can maintain a reasonably comparable standard of living;
- The earning capacities, education levels, vocational skills, and employability of the parties;
- The length of absence from the job market of the party seeking maintenance; and
- The parental responsibilities for the children.

(Available at http: l l www.matrimonialla wnj. com l alimony l , visited on Januwary 5, 2014)

यस प्रकार, माथि विवेचित आधार कारण एवं पहिलो र दोस्रो प्रश्नमा विवेचित आधार समेतबाट प्रतिवादीले वादीलाई दैनिक भरणपोषण, जीवनयापन र स्वास्थ्य समेतका कुराहरूलाई आफ्नो आर्थिक हैसियत अनुसार पुरा गर्नु पर्ने दायित्वलाई इन्कार गर्न वा पन्छाउन मिल्ने देखिएन भने मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको उक्त ४ (ख) नं. को व्यवस्थाले पत्नीको आयस्रोतलाई हेर्नै हुन्न भनी निषेध समेत नगरेको अवस्थामा यी वादी प्रतिवादीको आयस्रोत, निजका पारिवारिक सम्पत्ति र हैसियतलाई समेत विचार गरी निर्णयमा पुग्नु नै न्यायोचित हुने देखियो।

प्रतिवादीको आर्थिक अवस्था हेर्दा निज हाल काबेली विकास बैङ्कमा अधिकृतको पदमा कार्यरत रहेको देखिन्छ। निजको उक्त बैङ्किङ सेवा आय आर्जनका दृष्टिकोणले तुलनात्मक रूपमा अन्य सेवाभन्दा राम्रो मानिन्छ भने निजको आयआर्जन निरन्तर र सुनिश्चित देखिन्छ। यी प्रतिवादीको उमेर अनुसार तत्काल रिटायर्ड हुने स्थिति पनि देखिँदैन। निजले मासिक रूपमा रू.१५,०००।- तलब, रू.३,०००।- मासिक भत्ता समेत गरी कुल रू.१८,०००।- मासिक रूपमा भुक्तानी पाउने गरेको स्थिति निज कार्यरत कार्यालयबाट प्राप्त विवरणमा खुलाइएको पाइन्छ। निजले आवास सुविधा प्राप्त गर्ने गरेको देखिन्छ भने उक्त मासिक आयमा तालिम भत्ता, फिल्ड भत्ता जस्ता अन्य विभिन्न सम्भावित आयस्रोतहरू जोडिएको छैन। प्रतिवादीले यस अदालतमा गरेको कागजमा सगोलमा काभ्रेपलाञ्चोक जिल्ला स्थित बनेपा नगरपालिकामा अन्य घरजग्गाहरू रहनुका साथै यसै धनकुटा जिल्लामा समेत जग्गा रहेभएको खुलाएको पाइन्छ। त्यस्तै गरी यी वादीले निजी विद्यालयमा अध्यापन गरिरहेको भन्ने प्रतिउत्तर जिकिरलाई वादीले खण्डन नगरेको र मिसिल संलग्न कागजातबाट समेत सो कुरा समर्थन भई निज वादी समेत केही रकम आय आर्जन गर्न सक्ने हैसियतमा रहेभएकी पाइयो। जहाँसम्म प्रतिवादीले प्राप्त गर्ने मासिक आयमा कर्जा बापत रकम कट्टी हुने भन्ने जिकिर रहेभएको छ सो सम्बन्धमा हेर्दा उक्त कर्जा वादीले प्रस्तुत मुद्दा दायर गरे पश्चात लिएको देखिएको र कतिपय अवस्थामा न्यूनतम ब्याजमा प्राप्त गर्ने कर्जा रकम अधिकतम प्रतिफल प्राप्त गर्ने गरी अन्य क्षेत्रमा लगानी गर्ने परिपाटी रहेभएको वस्तुगत यथार्थ समेतलाई नजरअन्दाज गर्न मिल्ने देखिँदैन। यस समग्र परिस्थितिका बिच वादी प्रतिवादीको आर्थिक अवस्था एवं लोग्नेको सम्पत्ति र आयस्ता समेतलाई मध्यनजर गरी मासिक रूपमा रू. ५,०००। (पाँच हजार रुपैया) मासिक खर्चका रूपमा वादीले प्रतिवादीबाट पाउने गरी कायम गरिदिएको छ। मासिक रूपमा रू. २५,०००।- भराइपाउँ भन्ने वादी दाबी यथार्थपरक नदेखिँदा सोतर्फको दाबी एवं विद्वान कानुन व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन। उक्त कायम गरिएको रकम वादीले प्रतिवादीबाट मासिक रूपमा भराइपाउने ठहर्छ।

अब, अन्त्यमा भराइपाउने ठहर भएको रकम के, कसरी, कहिलेदेखि भराइदिनु पर्ने हो ? भन्ने अन्तिम प्रश्नमा विचार गर्दा माथि नै विवेचना गरिए बमोजिम मानाचामल जस्तो विषय मानिसको जीवनको अधिकार जस्तो आधारभूत मानव अधिकारका रूपमा जोडिएको विषय भएका हुनाले वादीले यस्तो विषयमा तत्काल कानुनी उपचार प्राप्त गर्नु पर्ने आवश्यकतालाई यस इजलासले गम्भीरतापूर्वक लिएको छ। तसर्थ उक्त कायम भएको रू. ५०००।- फिराद परेको मितिबाटै मासिक खर्च बापत वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्छ। अंश वा अन्य मुद्दा जस्तो तह तह प्रक्रिया पुरा गरी अन्तिम किनारा लागेपछि मात्र मानाचामल भराइपाउने हुन्छ भन्ने हो भने वादीको बिहान, बेलुका हातमुख जोर्ने समस्यासँग सम्बन्धित

रहेको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सारभूत संरक्षण हुन सक्दैन। यसै आधारभूत अधिकारलाई महसुस गरेर विधायिकाले यस्ता प्रकृतिका मुद्दालाई सङ्क्षिप्त कार्यविधि अन्तर्गत राखी न्याय निरूपण हुनु पर्ने कानुनी व्यवस्थाको परिकल्पना गरेको हो। यस परिप्रेक्ष्यमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूलाई समेत मध्यनजर राख्नु पर्ने हुन्छ। यसै क्रममा उर्मिलादेवी विश्वकर्माको मुद्दामा “विधायिकाले अंश मुद्दालाई भन्दा मानाचामल मुद्दालाई प्राथमिकता दिई छिटो छरितो किनारा गर्नु पर्ने गरी सङ्क्षिप्त कार्यविधि अन्तर्गत समेटेको पाइन्छ। यस्तो छिटो छरितो किनारा गर्नु पर्ने प्रकृतिको मानाचामल मुद्दामा अंश मुद्दामा जस्तो अंशभाग यकिन गरिरहनु नपर्ने हुँदा वादीको अंश भाग के कति हुने हो ? भन्ने प्रश्न उठाउन र निरूपण गर्न मिल्दैन। केवल प्रतिवादीहरूले वादीलाई इज्जत आमद अनुसार खान लाउन दिएको छ, छैन ? भन्ने यकिन गर्ने र नदिएको भए मानाचामल भराइदिने विषय सन्निहित रहेको हुन्छ।” भनी व्याख्या गरेको समेत पाइन्छ (ने.का.प. २०६३, अङ्क १० पृ. १३१७)। सो अधिकारको वास्तविक प्रत्याभूतिका लागि पनि वादीले तत्काल मासिक खर्च बापतको रकम भराइपाउनु पर्ने नै हुन्छ। सो भरीपाउनको निम्ति कुनै समयावधि पर्खिरहनु पर्ने अवस्थाको कुनै औचित्य रहँदैन। वादी पक्षको हातमुख जोर्ने समस्यासँग सम्बन्धित रहेको विषय हुनाले मासिक खर्च बापतको रकम भराइपाउन पुनरावेदनको अवस्था नाघ्नु पर्ने गरी यस प्रकृतिका मुद्दामा भरिभराउको म्याद तोकिनु मानवीयताका दृष्टिकोणबाट समेत उपयुक्त हुन आउँदैन। यदि पुनरावेदन तहबाट यस अदालतले भरिभराउ गर्नु पर्ने भनी ठहराएको मासिक खर्च बापतको रकम नपाउने भएमा वा उक्त रकम थपघट हुन गएमा सोको हिसाब मिलान हुन सक्ने नै हुँदा निज वादीलाई तत्काल राहत स्वरूप माथि ठहर भएको मानाचामल रकम यसै फैसलाका आधारमा तत्कालै भराइदिन मुनासिब हुने देखिन्छ। अतः यी वादीले फिराद परेको मितिदेखि प्रस्तुत फैसलाको जानकारी प्रतिवादी कार्यरत सम्बन्धित बैङ्कले प्राप्त गरेको मितिभन्दा १ दिन अघिसम्मको उक्त मासिक रूपमा ठहरे बमोजिमको हुने कुल जम्मा रकम प्रतिवादीबाट एकमुष्ट रूपमा भराइपाउने र यो फैसला बमोजिम जानकारी प्राप्त गरेको मितिबाट भने प्रत्येक महिना माथि कायम भएको मासिक रू. ५,०००।- प्रतिवादीले प्राप्त गर्ने मासिक तलब सुविधाबाट कट्टा गरी यी वादीले पाउने गरी बुझाइदिनू र सोको भर्पाई यस अदालतमा पठाइदिनू भनी सम्बन्धित बैङ्कमा जानकारी गराइदिने ठहर्छ। यदि यी प्रतिवादीको अन्यत्र सरुवा भएमा सोही बैङ्कबाट फैसलाले तोकिदिएको रकम भराइदिनु पर्ने भनी निजको रमाना पत्रमा उल्लेख गर्नु भनी सो कार्यालयलाई जानकारी गराउनु भनी सम्बन्धित बैङ्कमा तत्काले पत्र लेखी पठाइदिने समेत ठहर्छ। वादीले मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको उक्त ४ (ख) नं. को अधीनमा रही मासिक रूपमा खर्च भराइलिन पाउने हुँदा प्रतिवादीले कुनै कारणवश आफ्नो पदबाट अवकास लिएमा उक्त अनुरूप तोकिएको रकम निजले अवकास पश्चात पाउने सुविधा लगायत अन्य सम्पत्तिबाट भराइलिन पाउने ठहर्छ। सो ठहर्नाले अरू तपसिलका कुरामा तपसिलमा लेखिए बमोजिम गर्ने गरी अ.बं. १८६ नं. बमोजिम यो फैसला गरिदिएको छ।

## तपसिल

माथि इन्साफ खण्डमा लेखिए बमोजिम यी वादी प्रतिवादीका बिचमा वैवाहिक सम्बन्ध कायम रही यी दुबै जना पतिपत्नी नाता रहे भएको ठहर भएको र मुलुकी ऐन, लोग्ने स्वास्नी महलको ४ (ख) नं. बमोजिम

वादी स्वेच्छा श्रेष्ठले प्रतिवादी शैलेन्द्र बादे श्रेष्ठबाट फिराद परेको मिति अर्थात २०६९।११।२३ गतेबाट मासिक खर्चका रूपमा रू. ५,०००।- (पाँच हजार) भराइपाउने गरी वादी प्रतिवादी बिच कायम रहेको लोग्नेस्वास्नीको नाता सम्बन्धबाट विच्छेद समेत हुने ठहरी फैसला भएकाले पुनरावेदन परे पुनरावेदनबाट अन्तिम भई आएपछि नपरे पुनरावेदनको म्याद व्यतित भएपछि ऐनका म्यादभित्र मासिक खर्चका रूपमा रू. ५,०००।- (पाँच हजार) का दरले प्रस्तुत फैसलाको जानकारी बैङ्कले प्राप्त गरेको मितिभन्दा अघिल्लो दिनसम्मको एकमुष्ट हुने रकम भराइपाउँ भनी वादीको दरखास्त परे कानुन बमोजिम प्रतिवादीबाट वादीलाई भराइदिनू ...........................................................................................................१

माथि इन्साफ खण्डमा लेखिए बमोजिम यी वादीले प्रतिवादीबाट मासिक रू. ५,०००। भराई लिन पाउने ठहरेकाले सोको जानकारी तत्कालै सम्बन्धित बैङ्कलाई दिई जानकारी प्राप्त गरेको मितिबाट प्रत्येक महिना यी वादीले पाउने गरी प्रतिवादीले पाउने तलब तथा अन्य सुविधाबाट कट्टा गरी बुझाई सोको भर्पाई यस अदालतमा पठाइदिनु भनी सम्बन्धित बैङ्कलाई लेखी पठाउनू .......................................................२

प्रतिवादी त्यस कार्यालयबाट अन्यत्र कार्यालयमा सरुवा भई गएमा रमाना पत्रमा तोकिएको रकम भराइदिनु पर्ने भनी उल्लेख गरी रमाना दिनु भनी सम्बन्धित बैङ्कलाई लेखी पठाइदिनू .......................................३

यस अदालतको इन्साफमा चित्त नबुझे ऐनका म्याद ३० दिनभित्र श्री पुनरावेदन अदालत धनकुटामा पुनरावेदन गर्नु होला भनी वादी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू.............................................४

सरोकारवालाले प्रस्तुत फैसला सहितको नक्कल माग्न आएमा नियमले लाग्ने दस्तुर लिई सारी वा सराइदिनू...............................................................................................................................५

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी पुनरावेदन परे पुनरावेदन सहितका सक्कलै मिसिल श्री पुनरावेदन अदालत, धनकुटामा पठाइदिनु नपरे सुरक्षित साथ राख्न मिसिल नियमानुसार अभिलेख फाँटमा बुझाइदिनू.६

जिल्ला न्यायाधीश

प्रस्तुत फैसला मा.जि.न्या.ज्यूले बोली टिपाउनु भए बमोजिम
टिपी लेख्ने : डि.कुमारनाथ घिमिरे,
टाइप गर्ने : उषा श्रेष्ठ

**इति सम्वत् २०७० साल पौष २१ गते रोज १ शुभम् ............।**

श्री ललितपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री नारायणप्रसाद सुवेदी

फैसला

सम्वत् २०६७ सालको ०६७-CP-०८९०

निर्णय नं. : १४१

*मुद्दा : सम्झौता बमोजिमको रकम भुक्तानी गराइपाउँ।*

दायर मिति : २०६८।०३।२२

**वादीको नाम, थर**

ललितपुर जिल्ला, ल.पु.उप म.न.पा., वडा नं. २ सानेपामा रजिस्टर्ड कार्यालय रहेको साबिक नेपाल थाई फुड्स (प्रा.) लि. फास्टफुड नेपाल प्रा.लि. मा मर्ज भई हाल नाम परिवर्तिन भई सि.जी. फुड्स नेपाल प्रा.लि. का तर्फबाट ऐ. का नायब महाप्रबन्धक का.जि., का.म.न.पा. वडा नं. ७ चावहिल बस्ने वर्ष ६५ को रेवन्तराम ढकाल...१

ऐ.ऐ. मा रजिस्टर्ड कार्यालय रहेको साबिक क्विक फुड्स प्रा.लि. फास्टफुड नेपाल प्रा.लि. मा मर्ज भई हाल नाम परिवर्तन भई सि.जी. फुड्स नेपाल प्रा.लि.का तर्फबाट ऐ. का नायब महाप्रबन्धक का.जि., का.म.न.पा. वडा नं. ७ चावहिल बस्ने वर्ष ६५ को रेवन्तराम ढकाल ..१

ऐ.ऐ. मा रजिस्टर्ड कार्यालय रहेको साबिक गोल्ड स्टार नेपाल (इन्डस्ट्रिज) प्रा.लि. का नाम परिवर्तन भई हाल सि.जी. इलेक्ट्रोनिक्स प्रा.लि. का तर्फबाट ऐ. का नायब महाप्रबन्धक का.जि., का.म.न.पा. वडा नं. ७ चावहिल बस्ने वर्ष ६५ को रेवन्तराम ढकाल ..............................१

ऐ.ऐ. मा रजिस्टर्ड कार्यालय रहेको साबिक राहुल एक्जिम ट्रेडिङ प्रा.लि. को नाम परिवर्तन भई हाल राहुल इन्फ्रास्ट्रक्चर नेपाल प्रा.लि. का तर्फबाट ऐ. का नायब महाप्रबन्धक का.जि., का.म.न.पा. वडा नं. ७ चावहिल बस्ने वर्ष ६५

**प्रतिवादीको नाम, थर**

कपिलवस्तु जिल्ला कृष्णनगर गा.वि.स. वडा नं. ५ बस्ने रामेश्वर लाल कनौडियाको नाति ओम प्रकाश कनौडियाको छोरा कपिलवस्तु जवाभारी अवस्थित श्री महालक्ष्मी सुगर्स लि. का संस्थापक सेयर धनी अन्दाजी वर्ष ५६ को वीरेन्द्रकुमार कनौडिया .........१

**ऐ. को प्रमाण**

साक्षी ........................................

कागज ......................................

को रेवन्तराम ढकाल ................................१
ऐ.ऐ. बस्ने लूनकरण दास चौधरीको छोरा वर्ष ५६ को विनोदकुमार चौधरी समेतका तर्फबाट अख्तियार प्राप्त वारेस का.जि., का.म.न.पा. वडा नं. ३२ बस्ने वर्ष ३३ को टीकाराज कार्की ...१

| **ऐ. को प्रमाण** | **अदालतबाट बुझेको** |
|---|---|
| साक्षी ................. | साक्षी ................... |
| कागज ................ | कागज ................. |

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २९ नं. बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यस प्रकार छ :

## मुद्दाको तथ्य खण्ड

**फिराद पत्र**

१. विपक्षी प्रतिवादी र हामी फिरादीहरू संस्थापक सेयर धनी रहेको जिल्ला कपिलवस्तु जवाहरीमा अवस्थित श्री महालक्ष्मी सुगर्स लि. मा फिरादीको रू.१००।– दरका जम्मा १३५५९१० कित्ता सेयरहरू रहेका थिए। प्रतिवादी समेत उक्त कम्पनीका संस्थापक सेयर धनी रहनु भई उक्त कम्पनीले विभिन्न वित्तीय संस्थाहरूबाट आवश्यक ऋण समेत लिई आफ्नो उत्पादन कार्य सञ्चालन गरी व्यवसाय गर्दै आएका थियौं। हामी वादी प्रतिवादी दुबै पक्षको संयुक्त प्रयासमा संस्थापित श्री महालक्ष्मी सुगर्स लि. को कम्पनी व्यवस्थापन तथा सञ्चालनको विषयलाई लिएर हामी दुबै पक्ष बिच मतभिन्नता भएको र सो कारणबाट कम्पनीको नियमित व्यवस्थापन र कार्यरत कामदार कर्मचारीहरूको उद्यमशीलतामा असर पुग्नुका अतिरिक्त कम्पनीमा ऋण प्रवाह गर्ने विभिन्न बैङ्क वित्तीय संस्थाहरूको हितको संरक्षणार्थ कुनै एक पक्षले कम्पनीको व्यवस्थापन तथा सञ्चालनको पूर्ण जिम्मेवारी लिनका साथै संस्थापक सेयरवाला तथा सञ्चालकको हैसियतले कम्पनीलाई ऋण तथा बैङ्किङ सुविधा उपलब्ध गराउने, बैङ्क तथा वित्तीय संस्थाहरूप्रतिको दायित्व समेत स्वीकार गरी जिम्मा लिन उपयुक्त भएकाले सहवित्तीयकरण बैङ्कको सैद्धान्तिक सहमति समेतका आधारमा उक्त कम्पनीको सम्पूर्ण बागडोर प्रतिवादीले नै लिने र फिरादीले कम्पनीको व्यवस्थापन लगायतका कुनै पनि व्यावसायिक र आर्थिक दायित्वबाट उन्मुक्ति पाउने भन्ने उद्देश्य अनुरूप हामी फिरादीहरूका नाममा कायम रहेको सेयर १३५५९१० थान फिरादी बिक्रीकर्ता र प्रतिवादी खरिदकर्ता भई संस्थाको ललितपुर सानेपा स्थित कार्यालयमा बसी मिति २०५६।६।२८ मा विपक्षी प्रतिवादीले खरिद गर्ने गरी खरिद बिक्री सम्झौता सम्पन्न भएको थियो। सोही मितिमा सेयर मूल्य भुक्तानी सम्बन्धी छुट्टै सम्झौता समेत भएको थियो। सोही मितिबाट लागु हुने गरी हामी फिरादीहरूले सञ्चालक समितिबाट राजीनामा दिई श्री कम्पनी रजिष्ट्रारको कार्यालयलाई मिति २०५६।१०।२८ मा जानकारी समेत गराइसकेको थियो।

२. यस पश्चात विपक्षी समूहले एकलौटी रूपमा सञ्चालक समिति गठन गरी हालसम्म अनवरत रूपमा कम्पनी सञ्चालन गर्दै आएकामा विपक्षीले मिति २०६४।०७।१६ मा सञ्चालक समितिको बैठक बोलाई हामीहरूका नाममा रहेको उल्लिखित सेयर आफुहरूका नाउँमा दाखिला खारिज गराई लगत समेत अभिलेख गर्नका लागि मिति २०६५।१।१६ मा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिई कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०६५।२।१ मा उक्त सेयर लगत प्रमाणित गरी श्री महालक्ष्मी सुगर्स लिमिटेडलाई जानकारी पठाएको रहेछ।

३. मिति २०५६।६।२८ को सेयर खरिद बिक्री सम्बन्धी भएको सम्झौता अनुसार सेयरकर्ताले १३५५९१० कित्ता सेयर बापतको कायम मूल्य रू.४,८५,००,०००।— को भुक्तानी सम्बन्धमा छुट्टै सम्झौता भई सोही आधारमा सेयरको मूल्य भुक्तानी हुने तर सेयर खरिद बिक्रीको काम कारबाही भने मिति २०५६।६।२८ को सेयर खरिद बिक्री सम्बन्धी भएको सम्झौता बमोजिम भई सेयर नामसारी तथा हस्तान्तरण एवं सो सेयर बिक्री सम्झौता पश्चात फिरादीको कम्पनीको व्यवस्थापन समेतका कामक्रियामा कुनै जिम्मेवारी र दायित्व समेत नरहेन भनी कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैङ्क, कर्जा सूचना केन्द्र तथा अन्य वित्तीय संस्थाहरूलाई समेत जानकारी पठाइसकिएको छ।

४. यस प्रकार फिरादीहरूले आफ्नो सेयर कम्पनी सञ्चालनमा सहजता ल्याउन बिक्री गरे तापनि सम्झौता बमोजिम सेयरको मूल्य मध्ये रू.२५,००,०००।— लिखतमा हस्ताक्षर गर्ने मितिमा भुक्तानी गर्ने र बाँकी रकम ३० अप्रिल २००० एवं ३० अप्रिल २००१ सम्ममा भुक्तानी गर्ने भनी भएको सहमति अनुरूप बिक्रीकर्ताले भुक्तानी नपाएको र सम्झौता बमोजिम २००१ अप्रिल ३० तारेखभित्र समेत रकम नबुझाएपछि त्यस उप्रान्त फिरादीले निरन्तर रूपमा उक्त सेयर रकम बुझाउन ताकेता गर्दा समेत आजभोलि भन्दै टार्दै आउनु भयो। रकम बुझाउनु भनी मिति २०६६।५।२२ मा पहिलो पटक र मिति २०६८।३।३ मा दोस्रो पटक लिखित पत्राचार गर्दा समेत रकम भुक्तानी नगरी विपक्षीहरूले सम्झौताको उल्लङ्घन गरी करार ऐन, २०५६ को दफा ४, ७४, ८२(१) र ८९(२)(घ) विपरीतको कार्य गरेकाले प्रस्तुत फिराद गर्न अएको छौं।

५. अतः बिक्री गरेको सेयरमाथि फिरादीको Lien Right भए पनि सो प्रयोग गर्ने फिरादीको स्वेच्छिक अधिकार हुँदा सझौता बमोजिम वक्यौता रकम रू. ४,८५,००,०००।— तथा कोर्ट फी समेत भराइपाउँ साथै अन्तिम किस्ता बुझाउनु पर्ने म्याद २०५८।१।१७ भित्र सेयर बापतको रकम नबुझाएका कारण फिरादीलाई पर्न गएको हानि नोक्सानी बापत अन्तिम किस्ता बुझाउनु पर्ने म्याद २०५८।१।१७ देखि फिराद दायर गरेको दिनसम्म गरी १० वर्ष २ महिना ४ दिनको सामान्य बैङ्कले लिने १०% को दरले व्याज बापत हुने रू. ४,९३,९०,२७३।९७ र भरिभराउ हुँदासम्मको व्याज समेत करार ऐन, २०५६ को दफा ८३(१) बमोजिम क्षतिपूर्ति बापत दिलाई भराइपाउँ भन्ने समेत वादी संस्थाहरूका तर्फबाट अधिकार प्राप्त रेवन्तराम ढकालको मिति २०६८।३।२२ गतेको फिराद पत्र।

**प्रतिउत्तर पत्र**

६. विपक्षी वादी र प्रतिवादी बिच सेयर खरिद बिक्री सम्झौताहरू भए तापनि बैङ्कहरूले सो सम्झौताको विषयमा विवाद सिर्जना गरेकाले कालो सूचीमा पर्ने भई वादीले सेयरको रकम दाबी नगर्ने र बैङ्कको दायित्व प्रतिवादीले ब्यहोर्ने मौखिक सहमति भएकाले वादीले लामो समयसम्म रकम नमागेका हुन्। राष्ट्रिय वाणिज्य बैङ्क समेतले सहवित्तीयकरण ऋणका सम्बन्धमा रू.१,२२,३८,४४,२०९।१ असुल उपर गरिपाउँ भनी दायर गरेको मुद्दामा कम्पनीका तर्फबाट हामीले रकम बुझाउने प्रयास गरी कर्जा पुनर्संरचना गर्नका लागि प्रयास भइरहेको छ। उक्त ऋणमध्ये १८ करोडभन्दा बढी हामीले बुझाई मुद्दा मिलापत्र हुने अवस्थामा रहेको छ।

७. सम्झौता करार ऐन, २०२३ बहाल रहेको समय अर्थात मिति २०५६।६।२८ भएको छ। २०५७।३।१४ मा लागु भएको करार ऐनको दफा ९० ले साबिक ऐनलाई खारेज गरी सो ऐन अन्तर्गत भए गरेका कार्यहरू के हुने भन्ने बचाउको व्यवस्था नगरेकाले कानुन व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४(ग)(घ) समेतका आधारमा साबिक ऐन नै लागु हुने स्पष्ट छ। यस्तोमा करार ऐन, २०५६ अन्तर्गत आएको दाबी करार ऐन २०२३ को दफा १८ विपरीत हदम्याद विहीन समेत भएकाले खारेज भागी छ।

८. त्यस्तै विपक्षीलाई प्रस्तुत सेयर दायित्वकै कारण कालो सूचीमा राखेउपर निजका तर्फबाट २०५९ सालको रिट नं. ३४८६ को उत्प्रेषण मुद्दा दायर गरी कम्पनीको सेयर हस्तान्तरण गरिसकेकाले कुनै दायित्व बाँकी नरहेको भनी लिएको जिकिर अनुरूप नै कालो सूचीमा राख्न नमिल्ने गरी सर्वोच्च अदालतबाट मिति २०६२।१०।५ मा रिट समेत जारी भएको छ। करारको सर्त नं. २ अनुसार सेयर खरिदकर्ताले सेयर बापतको रकम बुझाउन नसकेमा स्वतः बिक्रीकर्तामा पूर्ववत् फर्कने तथा सर्त नं. ३ अनुसार खरिदकर्ताका नामका सेयर समेत बिक्रीकर्ताले चाहेमा खरिद गर्न सक्ने व्यवस्था गरिएको छ। करारमा उल्लिखित उक्त प्रक्रिया अवलम्बन नगरी करारमा उल्लेख गरिएका सर्त बमोजिम करार उल्लङ्घन भए बापत उपचारको प्रकृति निर्धारण गर्न पक्षहरू स्वायत्त रहने भन्ने कानुनी व्यवस्था र नजिर सिद्धान्त विपरीत सिधै क्षतिपूर्तिमा फिराद लाग्नै सक्दैन।

९. त्यसमा पनि किस्तामा रकम बुझाउने गरी भएका करारमा अन्तिम किस्ता नबुझाएको मितिबाटै मुद्दा गर्नु पर्ने कारण सिर्जना भएको मानिने भन्ने सिद्धान्त विपरीत हालको ऐन अन्तर्गत दाबी गर्दा समेत २ वर्षसम्ममा फिराद आउनु पर्नेमा १० वर्षपछि फिराद परेको छ। कानुनमा उल्लेख भएको हदम्याद नघाई पर्न आएको फिराद खारेज गरिपाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी वीरेन्द्रकुमार कनोडियाको मिति २०६८।०६।१० गतेको प्रतिउत्तर जिकिर।

**ठहर खण्ड**

**१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी पक्षबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री अग्नि खरेल, विद्वान अधिवक्ताहरू श्री मेघराज पोखरेल, श्री परशुराम कोइराला र ईश्वरी भट्टराईले गर्नु भएको बहसको सारसङ्क्षेप यस प्रकार रहेको छ :**

- वादी र प्रतिवादी दुबै पक्ष महालक्ष्मी सुगर मिल्सका सञ्चालक भएकामा विवाद छैन।

- कन्सोर्टियम बैङ्कको सहमतिमा वादी पक्षले आफ्नो नाममा रहेको सेयर प्रतिवादीलाई हस्तान्तरण गर्ने र सो बापत प्रतिवादीले तिन किस्तामा रकम बुझाउने गरी मिति २०५६।६।२८ मा दुई वटा सम्झौता भएको थियो।
- उक्त सम्झौतालाई बैङ्कहरूले मान्यता नदिई वादीलाई कालो सूचीमा राखेको कारण सर्वोच्च अदालतमा मुद्दा परेकाले करारमा उल्लेख भएको कार्यतालिका अनुसार रकम भुक्तानी र सेयर दाखेल खारेज हुन सकेन।
- सम्झौता करार ऐन, २०२३ बहाल रहँदा भएको भए पनि अन्तिम किस्ता बुझाउने अवधिसम्म करार ऐन, २०५६ लागु भइसकेको थियो।
- विपक्षीले मिति २०६५।२।१ मा मात्र कम्पनी रजिष्ट्रारको कार्यालयबाट वादीका नाउँको सेयर दाखिल खारेज गरी लिएको हो।
- विपक्षीले सेयर दा.खा. गराई लिएपछि पनि सम्झौता बमोजिमको रकम भुक्तानी नगरेकाले मिति २०६६।५।२२ र मिति २०६८।३।३ मा रकम बुझाउन पत्र पठाएकामा सोको जवाफ नदिएपछि प्रस्तुत मुद्दा दायर गरिएको हो।
- प्रतिउत्तर जिकिर समेतबाट प्रस्तुत मुद्दामा कुन ऐन अन्तर्गत फिराद लाग्ने, क्षतिपूर्तिको दाबी गर्न मिल्ने नमिल्ने र हदम्याद छ, छैन भन्ने प्रश्नहरू उठेको अवस्था छ।
- करार कानुन कार्यविधिगत कानुन भएको र करार बमोजिमको दायित्व पुरा गर्नु पर्ने अन्तिम मितिसम्म करार ऐन, २०५६ लागु भइसकेको हुँदा बहाल रहेको ऐन अन्तर्गत नै फिराद लाग्ने हो।
- वादीले सम्झौता भएको मितिदेखि नै सञ्चालकबाट राजीनामा दिई कम्पनी सञ्चालनका सबै दायित्व छाडेको र प्रतिवादीले सो अनुरूप दायित्व लिई ऋण लिने, लगानी गर्ने लगायतका कार्य गरेको अवस्था हुँदा सेयर मूल्य भुक्तानी सम्बन्धी सम्झौताको सर्त नं. २ र ३ बमोजिम पूर्ववत् रूपमा फर्कन सम्भव छैन।
- दुई पक्ष बिच कम्पनी सञ्चालनमा वादविवाद भई कन्सोर्टियम बैङ्कको सल्लाह र सहमतिमा एउटा पक्षले दायित्व लिई लामो समयसम्म सञ्चालन गरेको कम्पनीमा पुनः वादी पक्षलाई फर्काउने हो भने कम्पनीको सुसञ्चालन हुन नसक्ने स्पष्ट छ।
- करारको परिपालना सम्भव छैन भने क्षतिपूर्तिमा नै आउने हो।
- सेयर माथि वादीको Lien Right भए पनि सो प्रयोग गर्ने नगर्ने स्वेच्छिक अधिकार हुँदा रकम भराइपाउँ भनी आउन मिल्छ।
- वादीको नामको सेयर आफ्नो नाममा दा.खा. गरेपछि सो बापतको मूल्य भुक्तानी गर्नु प्रतिवादीको कर्तव्य हो।
- सेयर पनि दा.खा. गर्ने रकम पनि तिर्न नपर्ने भन्ने हो भने प्रतिवादीलाई अन्यायिक सम्बृद्धि हुन जान्छ।
- सर्वोच्च अदालतमा परेको रिट सेयर हस्तान्तरण गरेपछि वादीलाई कालो सूचीमा राखे उपर परेको हुँदा प्रस्तुत रकम भुक्तानीसँग त्यसको कुनै सम्बन्ध छैन।

- सो रिटमा सेयर हस्तान्तरण गरेको कुरासम्म स्विकारिएको हो। सेयर बापतको रकम भुक्तानी पाएको भनेको छैन।
- करार कानुन निजी कानुन (Private law) भएकाले हदम्यादलाई उदार रूपमा लिइन्छ।
- पक्षहरूको आचरणबाट हदम्यादको स्वतः विस्तार हुन पुग्दछ।
- यथावत् परिपालनामा आउने अवस्थामा तोकिएको हदम्यादभित्रै आउनु पर्ने हुन्छ।
- क्षतिपूर्तिमा दाबी लिइन्छ भने कारण उत्पन्न भएको मितिले करार ऐन, २०५६ को दफा ८९(२)(घ) बमोजिम दुई वर्षभित्र फिराद आउने हो।
- रकम भुक्तानी गर्नु पर्ने प्रकृतिका करारमा त्यस्तो भुक्तानी गर्न इन्कार गरिएको मितिबाटै मुद्दा गर्नु पर्ने कारण उत्पन्न हुन्छ भनी श्रीराम सुगर मिल्स, लुफ्थान्सा एरवेज र ने.का.प. २०६९, पृ. १ समेतका मुद्दामा सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको अवस्था छ।
- आफ्नो पक्षको कानुन व्यवसायीद्वारा पत्राचार गरिएको मितिलाई पनि कारण परेको मिति मानिएको छ।
- २०६५।१।१६ सम्म प्रतिवादी सोही करार बमोजिम वादीका नाउँका सेयर आफ्ना नाउँमा दा.खा. गर्दैछन् भने २०५८ सालमै मुद्दा गर्नु पर्ने कारण परेको मान्न मिल्दैन।
- सेयर दा.खा. गरिसकेपछि पनि रकम भुक्तानी नगरेको हुँदा २०६६।५।२२ र २०६८।३।३ मा ताकेता पत्राचार गरेको र त्यसको जवाफ नदिई रकम भुक्तानी नगरेको हुँदा सोही मितिमा मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको स्पष्ट छ।
- उक्त मितिबाट दुई वर्षभित्र फिराद परेको हुँदा हदम्याद नाघी आएको भन्न मिल्दैन।
- अतः वादी दाबी बमोजिमको सेयरको वक्यौता रकम र क्षतिपूर्ति समेत भराई पाउनु पर्दछ।

**११. यसै गरी प्रतिवादी पक्षबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री पूर्णमान शाक्य र श्री तुलसी भट्ट तथा विद्वान अधिवक्ता श्री थानेश्वर काफ्लेले गर्नु भएको बहसको सारसङ्क्षेप देहाय बमोजिम रहेको छ :**

- कम्पनीको व्यवस्थापन राम्रो नभएका कारणले १ अर्ब २३ करोडको ऋण दायित्व सिर्जना भयो।
- सो ऋण तिर्न सक्ने अवस्था तत्काल भएन।
- कालो सूचीमा परिने डरले वादीले बरु कम्पनी चलाउ केही चाहिँदैन भनी सेयर छाडे।
- कन्सोर्टियम बैङ्कलाई देखाउन सम्झौता गरिएको भए पनि रकम लिनेदिने उद्देश्यबाट भएकै होइन।
- त्यसो हुँदो हो त दुई वटा सम्झौता गर्नु पर्ने अवस्थै थिएन।
- मूल सम्झौताको सर्त नं. ४ अनुसार कन्सोर्टियम बैङ्कले अनुमोदन नगरी सम्झौता लागु हुने अवस्था नै थिएन।
- त्यसैले रकम भुक्तानी सम्झौतामा उल्लेख भएको पहिलो किस्ता समेत बुझाएको छैन।

- कन्सोर्टियम बैङ्कले सम्झौतालाई मान्यता नदिई वादीलाई कालो सूचीमा राखे उपर २०५९ सालमा सर्वोच्च अदालतमा रिट दायर गरे।
- सो रिटमा कम्पनीप्रति आफ्नो कुनै दायित्व बाँकी नहुँदा कालो सूचीमा राख्न नमिल्ने भनियो।
- उक्त रिट वादीको माग बमोजिम नै २०६२।१०।५ मा जारी भयो।
- त्यसपछि मात्र प्रतिवादीले सेयर दाखिलाको प्रक्रिया अघि बढाएको हो।
- बैङ्कका तर्फबाट १ अर्ब २३ करोडभन्दा बढीको बिगो असुलीको दाबी लिई दायर गरेको मुद्दा ऋण असुली न्यायाधिकरणमा विचाराधीन छ।
- प्रतिवादी पक्षले कन्सोर्टियम बैङ्कसँग समन्वय गरी कम्पनीको स्थिति सुध्रँदै गएकाले मुद्दा मिलापत्र हुने अवस्थामा छ।
- करार ऐन, २०२३ बहाल छँदा सम्झौता भएकाले सोही ऐन अन्तर्गत दाबी आउनु पर्नेमा करार ऐन, २०५६ पक्री आएको त्रुटिपूर्ण छ।
- त्यसमा पनि करार उल्लङ्घन भए बापतको उपचारको प्रकृति के हुने भन्ने कुरा मूल्य भुक्तानी सम्झौताको सर्त नं. २ मा स्पष्ट उल्लेख गरिएको छ।
- करार उल्लङ्घन भए बापत के कस्तो उपचारको प्रकृति निर्धारण गर्ने भन्ने कुरा निर्धारण गर्न करार ऐन, २०५६ को दफा ४ ले करारका पक्षहरू स्वायत्त हुने भन्ने स्पष्ट व्यवस्था गरेको छ।
- सेयर खरिद गर्ने पक्षले सेयर रकमको भुक्तानी नगरेमा स्वतः बिक्रीकर्तामा फर्कने सेयर सम्झौताको सर्त विपरीत गएर रकम र क्षतिपूर्तिको दाबी गर्न मिल्दैन।
- करारमा लेखिएको उपचारको मार्ग अवलम्बन नगरी सिधै अदालतमा प्रवेश गर्न पनि मिल्दैन।
- हरेक करारको प्रकृति फरक हुने हुँदा सोही अनुसार मुद्दा गर्नु पर्ने कारण (Cause of action) पनि फरक ढङ्गबाट सिर्जना हुन्छ।
- करारको सामान्य सिद्धान्त जुन समयमा करारको उल्लङ्घन हुन्छ सोही समयमा कारण उत्पन्न हुन्छ भन्ने हो।
- किस्तामा रकम बुझाउनु पर्ने सर्त उल्लेख भएको करारमा अन्तिम किस्ता नबुझाएको मितिबाट मुद्दा गर्नु पर्ने कारण उत्पन्न हुन्छ भनी ने.का.प. २०४४, पृ. ७२२ समेतमा सिद्धान्त कायम भएको छ।
- त्यस्तै पत्र पठाएको र बुझेको मितिबाट नभई ठेक्का तोडेको मितिबाट कारण परेको मान्नु पर्छ भनी ने.का.प. २०६५, पृ. ९९२ मा सिद्धान्त प्रतिपादन भएको छ।
- प्रस्तुत मुद्दामा २०५८।१।१७ मा अन्तिम किस्ता नबुझाउनासाथ मुद्दा गर्नु पर्ने कारण परेको स्पष्ट छ।
- त्यसमा पनि सेयर दाखिला खारेज गरेको मिति २०६५।२।१ भन्दा पछि त कारण परेको मान्नै मिल्दैन।
- अन्तिम किस्ता बुझाउने मितिले ८ वर्षपछि र सेयर दाखिल खारेज गरेको १ वर्षपछि २०६६।५।२२ मा पत्र पठाएको भरमा हदम्याद विस्तार हुन सक्दैन।

- हदम्याद सम्बन्धी कुरा कानुन बमोजिम हुने विषय हुँदा पत्र पठाएका भरमा हदम्याद सिर्जना हुने होइन।
- अचल सम्पत्ति (सेयर) को हक हस्तान्तरण सम्झौता भएकै मितिमा हुन्छ।
- हस्तान्तरण नभएको भन्ने हो भने त वादी कालो सूचीबाट बच्ने अवस्थै रहने थिएन।
- २०६५ सालमा त अभिलेखीकरण मात्र गरेको हो।
- तसर्थ फिराद खारेज गरिनु पर्दछ।

१२. पक्ष विपक्षका विद्वान कानुन व्यवसायीहरूले प्रस्तुत गर्नु भएको उपरोक्त तर्कपूर्ण बहस जिकिर मनन गरी फिराद र प्रतिउत्तर पत्र सहितको मिसिल कागजात तथा सम्बन्धित कानुनी व्यवस्था र प्रतिपादित नजिर सिद्धान्त समेतको अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरूमा केन्द्रित रही निर्णय दिनु पर्ने देखिन आएको छ :

**क) सम्झौता हुँदाका बखत बहाल रहेको साबिक करार ऐन, २०२३ वा मुद्दा दायर हुँदाका बखत कायम रहेको करार ऐन, २०५६ मध्ये कुन ऐन अन्तर्गत फिराद लाग्ने हो ?**

**ख) करारीय स्वतन्त्रताको के कस्तो महत्त्व रहन्छ र पक्ष स्वयंले करारमा नै उपचारको प्रकृति निर्धारण गरेको अवस्थामा सो अवलम्बन नगरी अदालतमा नालेस गर्न आउन मिल्छ वा मिल्दैन ?**

**ग) प्रस्तुत मुद्दा हदम्यादभित्र दायर भएको छ वा छैन ?**

१३. निर्णय निरूपणका लागि निर्दिष्ट गरिएका उपरोक्त प्रश्नहरूमा प्रवेश गर्नुअघि प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्यगत अवस्थाको सिंहावलोकन गरिनु प्रस्तुतिका लागि सहज र सुविधाजनक हुने देखिन्छ।

१४. फिराद पत्रको समग्र ब्यहोरा अध्ययन गरी हेर्दा वादी र प्रतिवादी तत्कालीन अवस्था श्री महालक्ष्मी सुगर्स लि.का संस्थापक सेयर धनी रहेको भन्ने कुरामा कुनै विवाद देखिँदैन। कम्पनी सञ्चालन र व्यवस्थापनको विषयलाई लिएर दुई पक्ष बिच मतभिन्नता भई उद्यमशीलतामा असर परेकाले ऋण लगानीकर्ता बैङ्कहरूको हित समेत विचार गरी कन्सोंटियम बैङ्कको सहमतिमा वादीका नाममा रहेको रू. १०० दरका १३५५९१० कित्ता सेयरको मूल्य रू. ४,८५,००,०००।— कायम गरी प्रतिवादीलाई हस्तान्तरण गर्ने गरी मिति २०५६।६।२८ मा सम्झौता भएको। सम्झौता भएकै दिन वादीले सञ्चालकबाट राजीनामा दिई २०५६।१०।२८ कम्पनी रजिष्ट्रारको कार्यालयलाई समेत जानकारी गराएको। सोही मितिमा भएको मूल्य भुक्तानी सम्झौता बमोजिम विपक्षीले मिति २०५८।१।१७ भित्र अन्तिम किस्ता बुझाउनु पर्नेमा नबुझाई आलटाल गरेको। तर २०६४।७।१६ को सञ्चालक समिति बैठकबाट फिरादीको नाउँको सेयर दा.खा. गराई लगत अद्यावधिक गर्ने निर्णय गरी मिति २०६५।१।१६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिई कार्यालयले मिति २०६५।२।१ मा लगत अद्यावधिकको जानकारी गराएको। र तत्पश्चात पनि बारम्बार रकम भुक्तानी गर्न ताकेता गर्दा समेत भुक्तानी पाउन नसकेको। मिति २०६६।५।२२ मा पहिलो पटक र मिति २०६८।३।३ मा दोस्रो पटक लिखित पत्राचार गर्दा समेत रकम भुक्तानी नगरी सम्झौताको उल्लङ्घन गरेकाले बिक्री गरेको सेयर माथि Lien Right भए पनि सो प्रयोग गर्ने

मेरो स्वेच्छिक अधिकार हुँदा करार ऐन, २०५६ को दफा ४, ७४, ८२(१) र ८९(२)(घ) बमोजिम वक्यौता रकम रू. ४,८५,००,०००।— र अन्तिम किस्ता बुझाउनु पर्ने अन्तिम म्याद २०५८।१।१७ देखि फिराद दायर गरेको दिनसम्मको जम्मा १० वर्ष २ महिना ४ दिनको १० प्रतिशतका दरले हुने व्याज रू.४,९३,९०,२७३।९७ र भरिभराउ हुँदासम्मको व्याज करार ऐन, २०५६ को दफा ८३(१) बमोजिम क्षतिपूर्ति बापत दिलाई भराइपाउँ भन्ने समेत मागदाबी लिएको देखिन्छ।

१५. उक्त फिराद दाबीलाई खण्डन गर्दै प्रतिवादीका तर्फबाट परेको प्रतिउत्तर जिकिर हेर्दा, विपक्षी वादी र प्रतिवादीबिच सेयर खरिद बिक्री सम्झौताहरू भए तापनि बैङ्कहरूले सो सम्झौताको विषयमा विवाद गरेकाले वादीले सेयरको रकम दाबी नगर्ने र बैङ्कको दायित्व प्रतिवादीले व्यहोर्ने मौखिक सहमति भएकाले वादीले लामो समयसम्म रकम नमागेको। राष्ट्रिय वाणिज्य बैङ्क समेतले सहवित्तीयकरण ऋणका सम्बन्धमा रू.१,२२,३८,४४,२०९।१ असुल उपर गरिपाउँ भनी दायर गरेको मुद्दामा कम्पनीका तर्फबाट हामीले रकम बुझाउने प्रयास गरी कर्जा पुनर्संरचना भइसकेको। १८ करोडभन्दा बढी हामीले बुझाई मुद्दा मिलापत्र हुने अवस्थामा रहेको छ। सम्झौता करार ऐन, २०२३ बहाल रहेको समयमा भएको छ। २०५७।३।१४ मा लागु भएको करार ऐनको दफा ९० ले साबिक ऐनलाई खारेज गरी सो ऐन अन्तर्गत भए गरेका कार्यहरू के हुने भन्ने बचाउको व्यवस्था नगरेकाले कानुन व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४(ग)(घ) समेतका आधारमा साबिक ऐन नै लागु हुने स्पष्ट छ। यस्तोमा करार ऐन, २०५६ अन्तर्गत आएको दाबी खारेज भागी छ। त्यस्तै विपक्षीलाई प्रस्तुत सेयर दायित्वकै कारण कालो सूचीमा राखे उपर निजका तर्फबाट २०५९ सालको रिट नं. ३४८६ को उत्प्रेषण मुद्दा दायर गरी कम्पनीको सेयर हस्तान्तरण गरिसकेकाले कुनै दायित्व बाँकी नरहेको भनी लिएको जिकिर अनुरूप नै कालो सूचीमा राख्न नमिल्ने गरी सर्वोच्च अदालतबाट रिट समेत जारी भएको छ। करारको सर्त नं. २ र ३ अनुसार सेयर खरिदकर्ताले सेयर बापतको रकम बुझाउन नसकेमा स्वतः बिक्रीकर्तामा पूर्ववत् फर्कने व्यवस्था भएकाले करार उल्लङ्घन भएबापत उपचारको प्रकृति निर्धारण गर्न पक्षहरू स्वायत्त रहने भन्ने कानुनी व्यवस्था र नजिर सिद्धान्त विपरीत क्षतिपूर्तिमा फिराद लाग्नै सक्दैन। त्यसमा पनि अन्तिम किस्ता नबुझाएको मितिले हालको ऐन अन्तर्गत दाबी गर्दा समेत २ वर्षसम्ममा फिराद आउनु पर्नेमा १० वर्षपछि फिराद परेको छ। कानुनमा उल्लेख भएको हदम्याद पत्राचार गरेको आधारमा अन्यथा नहुने हुँदा हदम्याद समेतका आधारमा फिराद खारेज हुनु पर्दछ भन्ने समेत जिकिर लिएको पाइन्छ।

**१६. मुद्दाको उल्लिखित तथ्यगत र कानुनी पृष्ठभूमिमा निर्णय दिनु पर्ने भएको पहिलो प्रश्न अर्थात प्रस्तुत मुद्दा करार ऐन, २०५६ अन्तर्गत दायर हुन सक्ने हो होइन ? भन्ने विषयमा विचार गर्नु पर्ने हुन आएको छ।**

१७. वादी प्रतिवादी बिच वादीका नाउँमा रहेको श्री महालक्ष्मी सुगर्स मिल्स लि.को १३५५९१० कित्ता सेयर चार करोड पचासी लाख रुपैयामा प्रतिवादी पक्षलाई हक हस्तान्तरण गर्ने गरी मिति २०५६।६।२८ मा सेयर खरिद बिक्री सम्झौता र सेयर मूल्य भुक्तानी सम्बन्धी अलग अलग सम्झौता भएको भन्ने तथ्यमा दुबै पक्षको मुख मिलेको देखिन्छ। उक्त सम्झौता हुँदाका बखत करार

ऐन, २०२३ बहालमा रहेको भन्ने कुरामा पनि विवाद भएको देखिँदैन। सेयर मूल्य भुक्तानी सम्झौताको सर्त नं. १ मा उल्लेख गरेको भुक्तानीको तरिका (mode of payment) हेर्दा पहिलो किस्ता बापत २५ लाख सम्झौता भएकै मितिमा, दोस्रो दुई करोड ३० अप्रिल २००० र तेस्रो तथा अन्तिम किस्ता बापतको रू. २ करोड ६० लाख ३० अप्रिल २००१ अर्थात २०५८।१।१७ भित्र भुक्तानी गर्ने सहमति भएको देखिएको छ। करार ऐन, २०२३ लाई खारेज गर्दै जारी भएको करार ऐन, २०५६ मिति २०५७।३।१४ मा लागु भएको अवस्था देखिन्छ। प्रस्तुत मुद्दाको फिराद मिति २०६८।३।२२ मा करार ऐन, २०५६ अँगाली दायर भएको रहेछ।

१८. वस्तुतः मुद्दा दायर गर्दा बहाल रहेको कानुन अन्तर्गत दाबी लिइने र सोही आधारमा सीमित रही निर्णय निरूपण गरिने विषय सामान्य न्यायिक अभ्यास र पद्धति हो। यद्यपि फौजदारी मुद्दाका हकमा वारदात हुँदाका बखत बहाल रहेको कानुन अन्तर्गत नै मुद्दा दायर गर्नु पर्ने न्यायिक मान्यता स्थापित छ। यसको मुख्य कारण तत्काल प्रचलित कानुनले कसुर नमानेको कुनै कार्य गरे बापत कोही पनि कसुरदार नमानिने र सजाय भागी नहुने हुँदा कानुनको अतीत प्रभावी (Ex-post-facto) प्रयोग गर्नु हुँदैन भन्ने नै हो। यसो हुँदाहुँदै पनि विधायिकी कानुनले स्पष्टतः अतीत प्रभावी कानुनको प्रयोग हुन सक्ने कुराको व्यवस्था गर्दछ भने अपवादात्मक रूपमा यसको प्रयोग गर्न मिल्छ भन्ने कुरा स्विकारिएको छ। तर यसलाई विधिशास्त्रीय दृष्टिकोणबाट उचित भने मानिँदैन।

१९. यसरी नै सारवान् कानुनको प्रयोग पनि सो कानुन लागु भएपछिका विवादमा आकर्षित हुने मान्यता स्थापित रहेको पाइन्छ। तर कार्यविधि कानुनको अतीत प्रभावी प्रयोगलाई बर्जित गरिएको छैन। कारण कार्यविधिगत कानुनले कसैको हक अधिकारको सिर्जना र समाप्ति नगर्ने हुँदा यसको प्रयोगमा आपत्ति जनाउने अधिकार हुँदैन भन्ने नै हो (ने.का.प. २०२८, नि.नं. ५८२ पृ. १)।

२०. यसरी नै साबिकमा बहाल रहेको कुनै अमूक ऐनलाई प्रतिस्थापन गरी नयाँ ऐन लागु हुन्छ भने त्यस्तो खारेज गर्ने सम्बन्धित ऐनको दफामा नै साबिक ऐन र सो अन्तर्गत गरिएका काम कारबाहीको स्थिति के हुने भन्ने सम्बन्धमा सामान्यतः उल्लेख गरिएको हुन्छ। "खारेजी र बचाउ" सम्बन्धी प्रबन्धका रूपले चिनिने यो विषयलाई विधि निर्माणको महत्त्वपूर्ण सूत्रका रूपमा लिने गरिन्छ। प्रस्तुत विवादका सम्बन्धमा आकर्षित हुने भनिएको करार ऐन, २०५६ को दफा ९० मा खारेजी र बचाउ शीर्षक अन्तर्गत करार सम्बन्धी ऐन, २०२३ तथा मुलुकी ऐन, नासो धरौटको महल खारेज गरिएका छन् भन्ने उल्लेख भएको देखिए पनि उक्त खारेज गरिएका ऐन अन्तर्गत भए गरिएका काम कारबाही के हुने भन्ने सम्बन्धमा केही बोलिएको पाइँदैन। यस स्थितिमा कानुन व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ मा उल्लेख गरिएको खारेजीको परिणाम सम्बन्धी कानुनी व्यवस्था दृष्टिगत गर्नु पर्ने हुन्छ। अन्य कुराका अतिरिक्त उक्त दफा ४ को खण्ड (ग) मा कुनै नेपाल ऐनले अहिलेसम्म बनेको र पछि बन्ने कुनै ऐनलाई खारेज गऱ्यो भने अर्कै अभिप्राय नदेखिएमा यसरी खारेज भएको कुनै ऐन बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पर्ने छैन भन्ने समेत कानुनी व्यवस्था गरेको देखिन्छ। उपरोक्त कानुनी प्रावधानले कुनै ऐन खारेज हुँदैमा त्यस्तो खारेज भएको ऐन बमोजिम पाएको हक सुविधा कर्तव्य र दायित्वमा असर नपर्ने अर्थात सो कुराहरू चालु रहने भन्ने नै देखिन्छ। यस सम्बन्धमा हाम्रो न्यायिक

अभ्यास दृष्टिगत गर्दा साबिक ऐनमा व्यवस्था भएको कुरा नयाँ ऐनमा पनि यथावत् रूपमा समावेश गरिएको स्थितिमा नयाँ ऐन अन्तर्गत दाबी लिन पाइने सिद्धान्त स्थापित गरिएको देखिन्छ। नेपाल सरकार विरुद्ध ईश्वर पोखरेल ने.का.प. २०६६, अङ्क ८ नि.नं. ८२०० पृष्ठ १२३५, पासाङ दावा तामाङ वि. नेपाल सरकार ने.का.प. २०५८, नि.नं. ६९९२ पृ. १८८, उत्तम लामा वि. नेपाल सरकार ने.का.प. २०६१, नि.नं. ७४३२ पृ. ११०३, तथा नेपाल सरकार वि. रविकृष्ण जोशी समेत ने.का.प. २०६७, अङ्क ८ नि.नं. ८४२८ पृ. १२६५ समेतका मुद्दाहरूमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूले सोही कुराको मार्ग निर्देशन गरिरहेको पाइन्छ।

२१. प्रस्तुत मुद्दामा मूलतः करारको अर्को पक्ष अर्थात प्रतिवादीले वादीका नामको सेयर दा.खा. गरिसकेपछि पनि सो बापत करार बमोजिम रकम भुक्तानी गर्ने दायित्व पुरा नगरेका कारण वादीलाई हानि नोक्सानी पर्न गएको भनी करार ऐन, २०५६ को दफा ८३(१) बमोजिम सो को क्षतिपूर्तिको दाबी लिइएको देखिन्छ। करारको एक पक्षले करार बमोजिम पुरा गर्नु पर्ने दायित्व पुरा नगरेको वा उल्लङ्घन गरेका कारण अर्को पक्षलाई पर्न गएको वास्तविक हानि नोक्सानीको क्षतिपूर्ति मर्का पर्ने पक्षले भराई लिन पाउने कुरा साबिकमा बहाल रहेको करार ऐन, २०२३ को दफा १५ मा पनि रहेकै देखिन आउँछ। त्यस्तै प्रस्तुत सम्झौता साबिक ऐन बहाल रहँदा भएको देखिए पनि रकम भुक्तानी गर्नु पर्ने अन्तिम म्यादसम्म नयाँ ऐन लागु भइसकेको देखिएको छ।

२२. यसका अतिरिक्त सम्झौता कुनै एक समयमा हुने भएपनि सो अन्तर्गतको दायित्व पुरा गर्नका लागि करारमा नै समयावधि निर्दिष्ट गरिएको हुन्छ। प्रकृति अनुसार तत्काल पुरा गर्न सकिने, छोटो अवधिमा पुरा गर्न मिल्ने, मध्यम अवधि लाग्ने र दीर्घकालीन प्रकृतिका करार र सो अन्तर्गत सिर्जित दायित्व र असरहरू पनि सम्बन्धित सम्झौता सापेक्ष हुन्छन्। यस्तोमा करार हुँदा कुन कानुन बहाल थियो भन्दा पनि उल्लङ्घन हुँदा बहाल रहेको कानुन हेर्नु पर्ने हुन्छ। करार सम्बन्धी कानुनको उद्देश्य, विषयवस्तु तथा प्रकृति अन्य देवानी तथा फौजदारी कानुनको उद्देश्य, प्रकृति र दायराका बिच ठुलो भिन्नता रहेको हुन्छ। करार कानुन आफैले कुनै पनि व्यक्तिको हक वा दायित्व सिर्जना गर्दैन। यसै गरी फौजदारी कानुनले जस्तो कुनै खास कार्य वा गतिविधिमा रोक लगाउने वा यसको उल्लङ्घन गर्नेलाई दण्ड वा जरिवाना गर्ने उद्देश्य पनि करार कानुनको हुँदैन। करार कानुनले केबल कानुन बमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता वा करारीय सम्बन्धको सिर्जना गर्ने प्रक्रिया, करार गर्न सक्ने व्यक्तिको योग्यता, करारको परिपालना प्रक्रिया, करारीय दायित्वबाट उन्मुक्ति पाउने अवस्था, करार उल्लङ्घन हुँदा प्राप्त हुन सक्ने उपचार जस्ता कार्यविधिगत तथा सैद्धान्तिक विषय मात्र समेटेको हुन्छ। यसैले करार सम्बन्धी विवादमा निर्णय गर्दा कुनै व्यक्तिको हक दायित्व सिर्जना गर्ने अन्य देवानी कानुन तथा फौजदारी कानुनहरूको पश्चातदर्शी वा अनुदर्शी प्रयोग के हुने भन्ने फौजदारी वा देवानी न्यायका सिद्धान्तहरूलाई यथास्थितिमा लागु गर्ने अवस्था हुँदैन भन्ने समेत व्याख्या गर्दै करार सम्बन्धी कानुन कार्यविधिगत कानुन भएकाले यसको भूत प्रभावी प्रयोग हुन सक्ने भनी होटल समिट प्रा.लि. विरुद्ध शारदा प्रसाई समेत भएको करारको यथावत परिपालना गराइपाउँ भन्ने मुद्दामा स्पष्ट सिद्धान्त (ने.का.प. २०७०, अङ्क २ नि.नं. ८९६९ पृष्ठ २८८) प्रतिपादन भइरहेको देखिन्छ।

२३. करार ऐनका व्यवस्थाहरू हेर्दा करारको परिभाषादेखि लिएर करार गर्न योग्य व्यक्ति, प्रस्ताव, स्वीकृति, प्रतिफल, करारका प्रकृति वा प्रकार, करार गर्ने तरिका, बदर हुने र बदर गराउन सकिने करार, करार पुरा गर्ने समय, तरिका र स्थान, करारको परिपालना तथा करारबाट उत्पन्न दायित्व, करारको उल्लङ्घन र उपचार लगायतका व्यवस्थाहरू समेटिएका देखिन्छन्। ऐनमा भएका उपरोक्त अधिकांश व्यवस्थाहरू कार्यविधिगत प्रकृतिका नै देखिन आउँछन्। तथापि करार कानुनमा सारवान् व्यवस्था छँदै छैनन् भन्न सकिने अवस्था देखिँदैन। सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसँग असहमत हुनु पर्ने र मिल्ने स्थिति समेत नभएकाले विवाद उत्पन्न हुँदाका बखत बहाल रहेको करार ऐन, २०५६ अन्तर्गत आएको प्रस्तुत मुद्दाको फिराद दाबीलाई अन्यथा भन्न मिल्ने देखिएन।

२४. **अब करारका पक्षहरूको करारीय स्वतन्त्रताको परिप्रेक्ष्यमा करारमा नै उपचारको प्रकृति निर्धारण गरिएको अवस्थामा सो प्रक्रिया अवलम्बन नगरी क्षतिपूर्तिको दाबी लिई सिधै अदालतमा प्रवेश गर्न मिल्छ वा मिल्दैन भन्ने निर्णय दिनु पर्ने हुन आएको दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्नु पर्ने हुन आएको छ।**

२५. वस्तुतः अदालतले कानुन बमोजिम मात्र आफ्नो अधिकार क्षेत्र ग्रहण गर्दछ। आफ्नो अधिकार क्षेत्र अन्तर्गत दायर हुन आएको कुनै पनि न्याययोग्य विवादमा न्यायिक निरूपण गर्ने दायित्वबाट आफुलाई अलग राख्ने, पन्छाउने वा पछि हट्ने सोच अदालतले राख्दैन। अधिकार क्षेत्र शून्यमा रहेको हुँदैन, जहाँ उपचार त्यहाँ अधिकार क्षेत्र रहेको हुन्छ भन्ने न्यायिक मान्यता रहेको छ। अदालतको अधिकार क्षेत्र छ वा छैन, भन्ने विषयमा द्विविधा वा संशय उत्पन्न भएमा अन्यथा प्रमाणित नभएसम्म अधिकार क्षेत्र रहेको छ भन्ने पक्षमा नै न्यायिक अनुमान रहन्छ। तर यस्तो विश्लेषण गरिरहँदा जुनसुकै प्रकृतिका विवादमा अदालतले आफ्नो अधिकार क्षेत्र ग्रहण गरिहाल्दछ वा न्यायिक निकाय भएको कारण यो स्वतः निःसृत हुन्छ भन्ने कुरा पनि सदैव सत्य हुँदैन।

२६. सामान्यतः अधिकार क्षेत्र सम्बन्धी व्यवस्था अदालतलाई कानुन बमोजिम प्राप्त हुने विषय भएकाले कानुनले स्पष्ट रूपमा अदालतको अधिकार क्षेत्र झिक्दछ, बाहेक गर्दछ वा अन्यथा व्यवस्था गर्दछ भने यस्तो अवस्थामा अदालतको अधिकार क्षेत्र निहित रहेको अर्थ गर्न र सम्झन मिल्दैन। खास गरी निजी कानुन (Private law) का रूपमा रहेको करार सम्बन्धी कानुन अन्य सार्वजनिक प्रकृतिका कानुन (Public law) भन्दा भिन्न रहेको हुन्छ। करार सम्बन्धी कानुन र अन्य सामान्य कानुनहरू बिच अवधारणागत रूपमा नै उल्लेख्य भिन्नता रहेको पाइन्छ।

२७. यथार्थमा करारमा प्रवेश गर्ने पक्षहरू आफैमा सार्वभौम ठानिन्छन्। यसरी नै करारीय स्वतन्त्रता सम्बन्धी विषय नागरिक स्वतन्त्रताको आधारभूत मान्यतासँग पनि गाँसिन पुगेको छ। त्यसैले राज्यको प्रचलित कानुन प्रतिकूल नहुने गरी के कस्तो विषयमा करार गर्ने, करार पुरा गर्ने तौर तरिका र समयावधि के कसरी तय गर्ने, प्रतिफल के कस्तो राख्ने वा नराख्ने, तथा करारको उल्लङ्घन भए बापत हानि नोक्सानी क्षतिपूर्ति तथा करार उल्लङ्घन बापतको उपचारको प्रकृति निर्धारण के कसरी गर्ने भन्ने लगायतका विषयमा करारका पक्षहरू स्वायत्त (Autonomous) हुन्छन्। करारीय स्वतन्त्रता (Liberty of contract वा Freedom of contract) पनि भनिने यो विषयलाई संयुक्त राज्य

अमेरिकाको संविधानको धारा/दफा १० र Due process clause ले संवैधानिक मान्यता प्रदान गरेको ठानिन्छ। सुरुसुरुमा करारीय स्वतन्त्रतामा प्रतिबन्ध लगाउने गरी बनाइएका कानुनहरू अदालतबाट अमान्य नै घोषित गरिएका [Holden v. Hardy, 169 U.S. 366 (1898), Lochner v. Newyork, 198 U.S. 45 (1905), Adkins v. Children Hospital, 261 U.S. 525 (1923)] दृष्टान्तहरू पाइन्छन्। तर पछिल्लो समयमा मूल्य निर्धारण (Price fixing), प्रतिस्पर्धा कानुन (Competition Law) र न्यूनतम ज्याला (Minimum wage) निर्धारण लगायत कतिपय कानुनमा गरिएका व्यवस्थाहरू सार्वजनिक हितका लागि राज्यले बाध्यात्मक रूपमा गर्नु परेको भन्दै अमान्य हुनबाट जोगिएको [West coast Hotel v. Parrish, 300 U.S. 379(1937), Ferguson v. Skrupa, 372 U.S. 726(1963)] अवस्था देखिन्छ। यस दृष्टिकोणबाट हाम्रो संविधानमा प्रत्यक्ष उल्लेख नभए पनि संविधानको धारा १२ मा व्यवस्थित स्वतन्त्रताको हक र धारा १९ मा रहेको सम्पत्तिको हक अन्तर्गत समेत करारीय स्वतन्त्रताको विषय अन्तर्निहित रहेको मान्नु पर्ने हुन्छ।

२८. करार ऐन, २०५६ को दफा ४ ले पनि करारका पक्षहरू स्वायत्त हुने मान्यतालाई अङ्गीकार गर्दै देहाय बमोजिमको व्यवस्था गरेको देखिन्छ :

**४ पक्ष स्वायत्त हुने** : यस ऐनको अधीनमा रही करारको स्वरूप तथा विषयवस्तु छनौट गर्न, प्रतिफल, प्रतिफलको मात्रा, करारका सर्त तथा करार उल्लङ्घन भए बापत उपचारको प्रकृति निर्धारण गर्न र करार बमोजिमको विवाद समाधान गर्ने उपाय निश्चित गर्न करारका पक्षहरू स्वायत्त हुने छन्।

२९. करार ऐनमा भइरहेको उपरोक्त कानुनी व्यवस्था करारीय स्वायत्तता वा स्वतन्त्रता (Liberty of contract वा freedom of contract) को सुन्दरतम पक्ष हो भन्नुमा अत्युक्ति हुँदैन भन्ने मलाई लाग्दछ। दफा ४ को अन्तिम वाक्यांशमा उल्लिखित **"करार उल्लङ्घन भए बापत उपचारको प्रकृति निर्धारण गर्न र करार बमोजिमको विवाद समाधान गर्ने उपाय निश्चित गर्न करारका पक्षहरू स्वायत्त हुने छन्"** भन्ने वाक्यांश स्वयंमा सरल, स्पष्ट र बोधगम्य देखिन्छ। यस्तो आफैमा स्पष्ट कानुनको व्याख्या गर्न आवश्यक नै देखिँदैन। बोधगम्य कानुनको बलपूर्वक व्याख्या गर्नु न्यायिक मान्यता, अभ्यास र कानुन व्याख्याको सिद्धान्त अनुरूप समेत हुँदैन।

३०. उपरोक्त विवेचनाको पृष्ठभूमिमा प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरू बिच मिति २०५६।६।२८ मा भएका सेयर खरिद बिक्रीको सम्झौता र सेयर मूल्य भुक्तानी सम्बन्धी लिखतहरूमा सम्झौताका पक्षहरूले निर्धारण गरेका करार उल्लङ्घन बापतको उपचारको प्रकृति र विवाद समाधान गर्ने उपायहरू दृष्टिगत गर्नु वाञ्छनीय देखिन्छ।

३१. यस सम्बन्धमा वादी प्रतिवादीहरू बिच मिति २०५६।६।२८ मा सम्पन्न भएको पहिलो अर्थात सेयर खरिद बिक्रीको सम्झौता हेर्दा जम्मा ८ प्रकृतिका सर्त बन्देजहरू अभिनिश्चित गरिएको देखिन्छ। उक्त सम्झौताको सर्त नं. १ मा बिक्रीकर्ताका नाममा रहेका कम्पनीले जारी गरेका रू. १०० दरका १३,५५,९१० कित्ता सेयर सोही लिखत अनुसार खरिदकर्ता वा निजले नियुक्त गरेको व्यक्ति तथा कम्पनीलाई बिक्री गरी हक छाडिदिएको र खरिद गरिलिएको भन्दै रू. ४,८५,००,०००।— मूल्य कायम भएका ती सेयरहरूको मूल्य भुक्तानी प्रक्रियाको विषयमा दुबै पक्ष बिच सोही मितिमा भएको

छुट्टै लिखत अनुसार गर्न गराउन मञ्जुरी जनाएको पाइन्छ। सर्त नं. २ र ३ मा सम्झौता लागु भएपछि कम्पनीले भुक्तानी गर्नु पर्ने विभिन्न प्रकृतिका दायित्व तथा सहवित्तीयकरण ऋणमा बिक्रीकर्ताको दायित्व समाप्त भई खरिदकर्ताको मात्र जवाफदेहिता रहने, सर्त नं. ४ मा Consortium Banks ले अनुमोदन गरेपछि मात्र सम्झौता लागु हुने र अन्य सर्तहरूमा क्रमशः बिक्रीकर्ताका तर्फबाट नियुक्त सञ्चालकले स्वतः अवकाश लिने, सेयर नामसारी गर्न गराउन थप लिखत आवश्यक पर्ने भए गरिदिने, सेयर हस्तान्तरणको ब्यहोरा जनाउने र सम्झौता लागु भएपछि कम्पनीको व्यवस्थापन लगायतमा बिक्रीकर्ताको कुनै जिम्मेवारी नरहेको ब्यहोरा सम्बद्ध निकायलाई कम्पनीका तर्फबाट उपलब्ध गराउने आदि कुराहरू उल्लेख भएको पाइन्छ। सो अनुसार सम्झौता भएकै मितिमा फिरादीहरूले कम्पनीको सञ्चालक समितिबाट राजीनामा दिएको र मिति २०५६।१०।२८ मा कम्पनी रजिष्ट्रारको कार्यालयलाई जानकारी समेत गराएको भन्ने कुरा फिरादमै उल्लेख गरिएको पाइन्छ।

३२. यस प्रकार उक्त सेयर खरिद बिक्रीको सम्झौतामा वादी र प्रतिवादी बिच वादीका नाममा रहेका कम्पनीको सेयर प्रतिवादीलाई हस्तान्तरण गर्ने, बिक्रीकर्ता अर्थात वादीलाई कम्पनीको दायित्वबाट पूर्णतः उन्मुक्ति दिलाउने र सम्पूर्ण दायित्व र जिम्मेवारी खरिदकर्ता वा प्रतिवादीमा सर्ने लगायतका सारवान् विषयहरू उल्लेख भएको देखिए पनि सम्झौता उल्लङ्घन भए बापतको उपचारको प्रकृति र विवाद समाधानको उपाय निर्धारण भएको देखिँदैन।

३३. प्रस्तुत मुद्दामा उक्त पहिलो सम्झौता बमोजिम बिक्रीकर्ताको नामका सेयर खरिदकर्ताका नाममा नामसारी नभएको, सो को अभिलेखीकरण लगायतमा बाधा परेको तथा सेयर बिक्री गरिसक्दा पनि खरिदकर्ताले कम्पनीको दायित्व र जिम्मेवारी नलिई बिक्रीकर्ता उपर कम्पनीको दायित्व बाँकी रहन गएको भन्ने जस्ता विषयहरू उठेका वा उठाइएका देखिन आएको छैन। केबल उक्त सम्झौता बमोजिम सेयर नामसारी कार्य सम्पन्न हुँदा पनि सम्झौताको सर्त नं. १ बमोजिम सोही मितिमा गरिएको सेयर मूल्य भुक्तानी सम्बन्धी लिखत अनुरूप खरिदकर्ताले बिक्रीकर्तालाई सेयरको मूल्य भुक्तानी नगरेकाले सेयर मूल्य बापतको रकम र समयमा मूल्य भुक्तानी नगरे बापत पर्न गएको हानि नोक्सानीको क्षतिपूर्ति समेतको दाबी लिई प्रस्तुत मुद्दा परेको देखिन्छ। यसरी विवादको पृष्ठभूमिमा मूल सम्झौता रहेको देखिए पनि विवादको मूल कारक सेयर मूल्य भुक्तानी सम्बन्धी लिखत नै देखिन आउँछ।

३४. विवादको केन्द्रविन्दुका रूपमा रहेको उक्त सेयर रकम भुक्तानी सम्बन्धी कागजातलाई "लिखत" भन्ने नामाकरण गरिए पनि उक्त लिखतमा मुख्यतः रकम भुक्तानीको तरिका (Mode of payment) र रकम भुक्तानी गर्न नसकेमा सिर्जना हुने परिस्थिति समेतका विषयमा दुबै पक्षले पालन गर्नु पर्ने विषयहरू समावेश गरी विभिन्न ४ वटा सर्त उल्लेख गरिएको देखिन्छ। यसरी उक्त लिखत भनिएको कागजात पनि रकम भुक्तानी सम्बन्धी पूरक सम्झौताकै रूपमा रहेको देखिन्छ।

३५. उक्त लिखतको सर्त नं. १ मा बिक्रीकर्तालाई खरिदकर्ताले जम्मा रू. ४,८५,००,०००।— रकम तिन चरणमा भुक्तान गर्न मञ्जुर गरेको देखिन्छ। उक्त रकम मध्ये रू.२५,००,०००।— हस्ताक्षर भएकै मितिमा भुक्तान गर्ने, २ करोड ३० अप्रिल २००० मा भुक्तानी गर्ने र बाँकी

२,६०,००,०००।— ३० अप्रिल २००१ भित्र भुक्तान गर्ने गरी भुक्तानीको रकम र समय तालिका निर्धारण गरिएको देखिन्छ।

३६. **यस लगत्तै उक्त लिखतको सर्त नं. २ मा खरिदकर्ताले उपरोक्त बमोजिम सेयरको मूल्य बिक्रीकर्तालाई भुक्तान नगरेमा के हुने भन्ने कुरा उल्लेख गरिएको पाइन्छ। उक्त सर्त नं. २ मा मुख्यतः देहायका कुरा उल्लेख गरिएको देखिन्छ :**

- खरिदकर्ताबाट बिक्रीकर्तालाई दफा १(क) बमोजिम प्राप्त भएको र १(ख) बमोजिम प्राप्त हुने रकम जफत हुने।
- त्यसरी जफत गरिएका बारेमा खरिदकर्ताले कुनै उजुर बाजुर गर्न नपाउने।
- बिक्रीकर्ता र खरिदकर्ता बिच आजै भएको सेयर खरिद बिक्रीको लिखत पनि स्वतः खारेज हुने।
- कम्पनीले जारी गरेका सेयर मध्ये लिखत हुँदाका बखत बिक्रीकर्ताका नाममा भएका र खरिदकर्तालाई बिक्री गरिएको भनिएको सेयरहरू स्वतः बिक्रीकर्ताका नाममा पुनःस्थापित हुने।
- उक्त सेयरको स्वामित्व पुनः बिक्रीकर्ताका नाममा स्वतः कायम भएको मानिने।
- उक्त सेयरमा खरिदकर्ताको हक स्वतः समाप्त हुने।
- बिक्रीकर्ताले सेयर हस्तान्तरण गरेको कारणबाट कम्पनीको सञ्चालक समितिबाट सञ्चालक पदबाट अवकाश लिएका बिक्रीकर्ताका तर्फबाट नियुक्त सञ्चालकहरू पुनः कम्पनीको सञ्चालकका रूपमा सञ्चालक समितिमा स्वतः स्थापित हुने र सञ्चालकको हैसियतको व्यवस्थापन तथा सञ्चालनमा संलग्न हुने।
- उल्लिखित कार्यका लागि प्रचलित कानुन अनुसार खरिदकर्ताले कुनै लिखत गरिदिनु पर्ने वा कुनै स्वीकृति दिन पर्ने भए यसै लिखतलाई नै सो लिखत तथा स्वीकृतिका रूपमा मान्यता दिन दिलाउन खरिदकर्ताको मञ्जुरी हुने आदि।

३७. यस प्रकार खरिदकर्ता अर्थात प्रतिवादी पक्षले लिखतको दफा १ बमोजिम बिक्रीकर्ता अर्थात वादीलाई रकम भुक्तानी नगरी सर्त उल्लङ्घन गरी विवाद उत्पन्न भएमा सो बापत यो यति रकम क्षतिपूर्ति वा हर्जना तिर्ने वा सोका लागि मध्यस्थता वा अदालत समक्ष गई प्रचलित कानुन बमोजिम विवाद समाधान गराउने भन्ने सम्झौतामा उल्लेख नगरी खरिदकर्ताले रकम भुक्तानी नगरेमा मूल सेयर बिक्रीको सम्झौता नै स्वतः खारेज भई बिक्रीकर्ताले लिई सकेको रकम जफतै हुने, बिक्री गरिएका सेयर बिक्रीकर्ता मै स्वतः पुनर्स्थापना भई बिक्री गर्नुअघिको वादीको कम्पनी सञ्चालनमा रहेको सञ्चालकको हैसियत समेत स्वतः स्थापित हुने समेत करार उल्लङ्घन बापतको उपचार करारमा नै स्पष्ट उल्लेख गरिएको पाइन्छ। साथै उक्त कार्य गर्नका लागि खरिदकर्ताले कुनै लिखत गरिदिनु पर्ने वा स्वीकृति दिनु पर्ने भए सो का लागि छुट्टै लिखत वा प्रक्रिया समेत आवश्यक नपर्ने गरी सोही सम्झौता लिखतलाई नै लिखत र स्वीकृतिका रूपमा मान्यता दिइएको देखिन्छ। यसबाट प्रतिवादी पक्षले सेयरको मूल्य भुक्तानी नगरेमा सोही सम्झौता बमोजिम वादी पक्षले आफुले बिक्री गरेका सेयर फिर्ता गराउन र सञ्चालकमा पुनः कायम हुन सक्ने देखिन्छ। प्रतिवादी पक्षले सेयरको रकम भुक्तानी नदिएको कारण सम्झौता बमोजिम ती सेयर फिर्ता लिन एवं सञ्चालकमा पुनः कायम रहन बाधा

परेको भई सो कुराको मागदाबी लिई प्रस्तुत फिराद परेको अवस्था नभएकाले त्यसतर्फ विचारै गर्न परेन।

३८. बिक्री गरेको सेयरमा आफ्नो Lien Right भए पनि कम्पनीको सुसञ्चालनमा दुई पक्ष बिच मनमुटाव भएको कारण उद्यमशीलतामा बाधा परी सेयर खरिद बिक्री गरिएको, सेयर बिक्री गरेपछिको हालसम्मको अवधिमा प्रतिवादी पक्षले आफ्नो हिसाबले लगानी गरी कम्पनी सञ्चालन गरेको समेतका स्थितिमा वादी पक्ष पुनः कम्पनीको व्यवस्थापनमा सहभागी हुन सक्ने अवस्था नभएकाले पनि दाबीको रकम भराउनुको विकल्प छैन भन्ने पनि वादीको फिराद दाबी तथा सो तर्फका विद्वान कानुन व्यवसायीहरूको बहस जिकिर रहेको छ। तर यस बारेमा पनि उक्त लिखतको दफा ३ मा विकल्प निर्धारण गरिएको पाइन्छ। सो दफामा मूलतः खरिदकर्ताले सेयरको मूल्य बुझाउन नसकेमा वा नबुझाएमा बिक्रीकर्ताले चाहेमा खरिदकर्ता तथा निजको समूहका अन्य सञ्चालकहरूका नाममा लिखत मितिसम्म दर्ता कायम भएका कम्पनीका सेयरहरू बिक्रीकर्तालाई बिक्री गर्न खरिदकर्ता मञ्जुर गर्दछ भन्ने समेत उल्लेख भएको देखिन्छ। साथै सेयर मूल्य र भुक्तानी यसै लिखतको अनुपात वा तरिका बमोजिम नै हुने र सो प्रयोजनका लागि प्रचलित कानुन अनुसार छुट्टै लिखत आवश्यक पर्नेमा त्यस्तो लिखतमा हस्ताक्षर गर्न समेत खरिदकर्ताले मञ्जुरी गरेको देखिन आउँछ।

३९. यस स्थितिमा दुबै पक्ष कम्पनी सञ्चालन र व्यवस्थापनमा रहिरहन आवश्यक वा बाध्यात्मक देखिन नआई वादीले चाहेमा प्रतिवादी पक्षका नाममा रहेका कम्पनीका सेयरहरू आफुले बिक्री गर्न मञ्जुर गरेको मूल्य र भुक्तानी तरिकाकै अनुपातमा खरिद गरी एकलौटी रूपमा कम्पनी सञ्चालन गर्न सक्ने वैकल्पिक मार्ग समेत उक्त सम्झौताले नै प्रशस्त गरिरहेको देखिन्छ।

४०. यसरी सम्झौता बमोजिम सम्झौताका पक्षहरूले पुरा गर्नु पर्ने दायित्व र ती दायित्व पुरा नगरेमा सिर्जना हुने परिणाम समेतका सम्बन्धमा विवादित सम्झौतामा नै स्पष्ट सर्तहरू उल्लेख भइरहेको देखिएको अवस्थामा सम्झौतामा उल्लेख गरेका उपचारात्मक उपाय अवलम्बन नगरी सेयर मूल्य रकम र क्षतिपूर्ति समेतको दाबी लिई सिधै अदालतमा प्रवेश गर्न वादीलाई निज स्वयंले हस्ताक्षर गरी सहमति जनाएको सेयर मूल्य भुक्तानी सम्बन्धी लिखतको दफा २ र ३ ले रोक लगाएको देखिएकाले करारका पक्षले निर्धारण गरेको उपचारको प्रकृतिभन्दा बाहिर गई अदालतले हस्तक्षेप गर्न र क्षतिपूर्ति भराउन मिल्ने देखिएन।

४१. यसका अतिरिक्त प्रस्तुत सम्झौता वादीले कालो सूचीबाट बच्ने उद्देश्यबाट मात्र गरेका हुन्। सो कुरा सहवित्तीयकरण बैङ्कहरूले सम्झौतालाई मान्यता नदिई कालो सूचीमा राख्ने निर्णय उपर वादीले सर्वोच्च अदालतमा दायर गरेको सम्वत् २०५९ सालको रिट नं. ३४८६ को निवेदनमा कम्पनीप्रति आफ्नो कुनै दायित्व बाँकी नरहेकाले सेयर बिक्रीलाई मान्यता दिई कालो सूचीमा राख्न मिल्दैन भन्ने मागदाबी लिई निजको माग अनुसार नै मिति २०६२।१०।५ मा जारी भएको आदेशबाट स्पष्ट हुन्छ। कम्पनी अरबौं ऋणमा डुबेका कारण वाणिज्य बैङ्कहरूले ऋण असुलीका लागि मुद्दा दायर गरी त्यसको दायित्व प्रतिवादीले स्वीकारी रहेको अवस्था छ भन्ने पनि प्रतिउत्तर जिकिर भई सोतर्फका विद्वान कानुन व्यवसायीहरूको बहस जिकिर रहेको छ।

४२. सो सम्बन्धमा यस अदालतको आदेश बमोजिम सर्वोच्च अदालतबाट झिकाई आएको उक्त रिट निवेदन, लिखित जवाफ र आदेश समेतको प्रमाणित प्रतिलिपि हेर्दा प्रस्तुत सम्झौता बमोजिमको अन्तिम किस्ता बुझाउने अवधि समेत मिति २०५८।१।१७ मा समाप्त भइसकेपछि सोको भुक्तानी माग गर्नेतर्फ नलागी उल्टै सेयर बिक्री गरिसकेकाले कम्पनीमा आफ्नो कुनै दायित्व बाँकी नरहेको भनी कालो सूचीमा राख्न नमिल्ने माग गर्दै स्वयं वादी २०५९ सालमा सर्वोच्च अदालतमा रिट निवेदन लिई गएको देखिन्छ। रिट निवेदक अर्थात वादीले कम्पनीमा रहेको आफ्नो सेयर अर्को पक्ष अर्थात प्रतिवादीलाई हस्तान्तरण गरिसकेको स्थितिमा कम्पनीको सम्पूर्ण ऋण जमानतमा निवेदकको कुनै दायित्व नरही ऋणी कम्पनी तथा खरिदकर्ता सेयर धनी वीरेन्द्रकुमार कनौडिया उपर रहेको देखिएको भन्ने समेत आधारमा निवेदकलाई कालो सूचीमा राख्ने गरी भएको निर्णय र सोसँग सम्बन्धित परिपत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहऱ्याई मिति २०६२।१०।५ मा सर्वोच्च अदालतबाट आदेश भएको देखिन आउँछ। यसरी वादीको उक्त कम्पनी उपर कुनै पनि दायित्व बाँकी नरहेको भन्ने आधारमा नियामक निकायबाट तत्काल कालो सूचीमा राख्ने गरी भएको निर्णय बदर भइसकेको स्थितिमा पुनः कम्पनीको सेयरमा वादीको हक दायित्व बाँकी रहेको भनी हस्तान्तरण बापतको भुक्तानी वादीले लिन पाउने अर्थ गर्ने हो भने वादी कालो सूचीमा रही रहेको निष्कर्षमा पुग्नु पर्ने हुन्छ। जुन निष्कर्ष वादीको हितमा हुने देखिँदैन। जुन कुरा प्रत्यक्ष रूपमा गर्न मिल्दैन सो अप्रत्यक्ष रूपमा समेत गर्न मिल्दैन भन्ने न्यायको मान्य सिद्धान्त रहेको छ। आफुलाई कालो सूचीमा रहनबाट जोगाउन एउटा जिकिर लिने र सो जिकिरका आधारमा कालो सूचीबाट उम्कन सफल भएपछि पुनः त्यसैको विपरीत हुने गरी अर्को जिकिर लिन पाउँछ भन्न र त्यस्तो कुरालाई मान्यता दिने हो भने न्यायको उद्देश्य नै पराजित हुन्छ।

**४३. अब तेस्रो तथा अन्तिम प्रश्न प्रस्तुत मुद्दा हदम्यादभित्र दायर भएको छ, छैन भन्ने विषयमा निर्णय दिनु पर्ने हुन आएको छ।**

४४. माथि दोस्रो प्रश्नका सम्बन्धमा वादीले सम्झौतामा उल्लिखित उपचारको मार्ग अवलम्बन नगरी सिधै अदालतमा प्रवेश गरेको तथा एक पटक दायित्व परित्याग गरिसकेको विषयमा पुनः दाबी गर्न नमिल्ने भनी गरिएको विश्लेषणबाटै प्रस्तुत प्रश्नमाथि विचार गरिरहन पर्ने अवस्था देखिँदैन। तथापि हदम्यादको विषयमा समेत प्रतिउत्तर पत्रमा जिकिर लिइएकाले सो प्रश्नलाई अनुत्तरित छाड्नु न्यायोचित हुन सक्दैन।

४५. मिति २०५६।६।२८ मा विवादित सेयर खरिद बिक्री सम्झौता र सेयर मूल्य भुक्तानी सम्बन्धी लिखत भएको भन्ने तथ्यमा विवाद छैन। सो सम्झौता भएकै दिन २५ लाख भुक्तानी गर्ने र बाँकी अन्तिम किस्ता पनि २०५८।१।१७ भित्रमा भुक्तानी गरिसक्ने ब्यहोरा सेयर मूल्य भुक्तानी सम्बन्धी लिखतको दफा १ मा स्पष्ट उल्लेख गरिएको देखिन्छ। लिखत भएकै दिन भुक्तानी गर्नु पर्ने भनिएको २५ लाख रुपैया समेत वादीले पाउन सकेको भन्ने देखिँदैन। त्यस्तै दोस्रो किस्ता बापत २ करोड बुझाउने भनी निर्दिष्ट गरिएको ३० अप्रिल २००० मा सो किस्ता तथा तेस्रो तथा अन्तिम किस्ता २ करोड ६० लाख भुक्तान गर्नु पर्ने भनी तोकिएको ३० अप्रिल २००१ भित्र उक्त कुनै पनि रकमहरू भुक्तानी भएको भन्ने देखिएको छैन।

४६. यस स्थितिमा विवादित सम्झौता भएको भनिएको दिनमा नै करारको उल्लङ्घन हुन पुगेको देखिन्छ। करारमा हस्ताक्षर गरेको दिनमा नै रू. २५ लाख भुक्तानी गर्ने भनी सम्झौतामा उल्लेख गरिन्छ तर त्यस्तो हस्ताक्षर बापतको भुक्तानी समेत लिनुदिनु गरिँदैन भने सम्झौता गर्नुको पछाडि निहित रहेको पक्षहरूको उद्देश्य यसको अनुहारबाटै छर्लङ हुन्छ।

४७. सम्झौता बमोजिमको अन्तिम किस्ता भुक्तानी गर्ने भनिएको २०५८।१।१७ बाट १० वर्षभन्दा बढी अवधि व्यतित गरी २०६८ सालमा प्रस्तुत फिराद परेको देखिन्छ। फिरादमा करार ऐन, २०५६ को दफा ८९ को उपदफा (२) को खण्ड (घ) को हदम्याद उल्लेख गरेको देखिन्छ। वादीले दाबीको आधार बनाएको उक्त दफामा अन्य कुराका अतिरिक्त मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएका मितिले दुई वर्षभित्र उजुरी नदिएमा त्यस्तो उजुर नलाग्ने भन्ने स्पष्ट कानुनी व्यवस्था भएको पाइन्छ।

४८. प्रस्तुत मुद्दा गर्नु पर्ने कारणका रूपमा प्रतिवादी पक्षले मिति २०६४।७।१६ को कम्पनी सञ्चालक समितिको बैठकबाट वादीका नामका सेयरहरू दा.खा. अद्यावधिक गराउने निर्णय गरी २०६५।१।१६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिई २०६५।२।१ मा सो कार्यालयले अद्यावधिक भएको जानकारी गराएको र त्यसपछि रकम भुक्तानीका लागि मिति २०६६।५।२२ र २०६८।३।३ मा पत्र मार्फत जानकारी गराउँदा समेत कुनै जवाफ नदिई बसेबाट मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको भन्ने फिराद दाबी तथा वादी तर्फका विद्वान कानुन व्यवसायीको बहस जिकिर रहेको छ।

४९. वस्तुतः हदम्याद सम्बन्धी व्यवस्था कानुनमा जे जसरी निर्धारण गरिएको छ, सोही अनुरूप हुने विषय हो। हदम्यादलाई पक्ष विपक्षको मञ्जुरी, सहमति वा अदालतको व्याख्या विश्लेषणबाट थपघट गर्न सकिँदैन। न्यायको मान्य सिद्धान्तका रूपमा स्थापित यो विषयमा थप व्याख्या विश्लेषण वा अधिकारिकता खोज्न जरुरी छैन (ने.का.प.२०६९, नि.नं. ८७४४ पृ.१)।

५०. एक मात्र प्रश्न **"कारण उत्पन्न भएको मिति" कसरी निर्धारण गर्ने** भन्ने हुन सक्दछ। करारीय दायित्वबाट सिर्जित विवादको विषयमा हदम्यादको व्याख्या गर्दा कठोर बन्न नहुने र समन्यायिक दृष्टिकोण अवलम्बन गरिनु पर्ने भन्ने पनि वादी पक्षका विद्वान कानुन व्यवसायीहरूको बहस जिकिर रहेको छ। वास्तवमा विद्वान कानुन व्यवसायीहरूबाट उठाइएको यस जिकिरमा पूर्णतः असहमत हुनु पर्ने स्थिति छैन। करारका पक्षहरूको आचरण र व्यवहारबाट पनि कतिपय अवस्थामा मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको घटना वा मिति कायम गर्नु पर्ने हुन्छ। तर यसका लागि कुनै एक पक्षको मात्र आचरण वा व्यवहारलाई हेरेर निष्कर्षमा पुग्न मिल्दैन। दुबै पक्षको आचरण र व्यवहार हेरिनु वाञ्छनीय हुन्छ।

५१. त्यस्तै मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मिति निर्धारण गर्ने न्यायिक आधार वस्तुनिष्ठ, ठोस र विश्वसनीय समेत हुनु पर्दछ। यस्तो विषयमा सकेसम्म तजबिजी अधिकारको प्रयोगको अवस्था न्यूनतम् रहनु पर्दछ। अदालतबाट कुनै एक पक्षलाई लाभ मिल्ने गरी कुनै एक मुद्दामा एउटा आधार र अर्कोमा बेग्लै आधार अवलम्बन गरिनु हुँदैन। मुद्दा गर्नु पर्ने कारण परेको मिति निर्धारण गर्ने वस्तुनिष्ठ न्यायिक मापदण्ड के हुन सक्दछ भन्ने विषयमा ध्यान पुऱ्याउनु पर्दछ। वास्तवमा जुन मितिमा करारको उल्लङ्घन हुन्छ सोही मितिबाट मुद्दा गर्नु पर्ने कारण सिर्जना भएको मान्नु पर्दछ भन्ने

विषयमा करार कानुनका विज्ञहरूको मत मिलेको पाइन्छ। यो मापदण्ड सर्वस्वीकार्य र विवाद रहित पनि छ। जब करारको कुनै एक पक्षले स्पष्ट रूपमा करारको उल्लङ्घन गर्दछ भने अर्को पक्षले थप कारण खोज्नतिर नलागी कानुनी उपचारको बाटो समात्नै पर्ने हुन्छ। यदि करारको एक पक्षले करारको उल्लङ्घन गरेको कुरा अर्को पक्षले स्पष्ट बुझ्न नसक्ने अवस्था पर्दछ भने त्यस्तोमा स्पष्ट हुन गरिने आचरण, व्यवहार र त्यसबाट सिर्जित परिणामलाई पनि कारक तत्त्वका रूपमा लिन मिल्ने स्थिति पर्दछ।

५२. यसका अतिरिक्त पक्षहरू बिचको त्यस्तो आचरण र व्यवहारको पनि एउटा स्वीकार्य र वाञ्छित हद रहेको हुन्छ जुन कानुनमा आधारित हुनु पर्दछ। खास गरी कारण परेको मितिले २ वर्षभित्र मुद्दा दायर गर्नु पर्ने गरी कानुनले हदम्याद तोक्दछ भने विवाद समाधान गर्न आपसमा गरिने पक्षहरू बिचका आचरण र व्यवहार पनि सोही अवधिभित्रै केन्द्रित हुनु पर्दछ। कानुनले तोकेको अधिकतम् सीमा ननाघ्नेतर्फ सम्बन्धित पक्ष सचेत रहनै पर्दछ। करार उल्लङ्घन भएको २ वर्ष नघाएर गरिने यस्ता आचरणगत व्यवहारलाई मान्यता दिँदै जाने हो भने कानुनमा निर्दिष्ट हदम्याद नै अनिश्चित बन्न पुग्ने भई अदालत स्वयं विवादमा फस्न पुग्दछ।

५३. अब प्रस्तुत मुद्दाको सन्दर्भमा मुद्दा गर्नु पर्ने कारण वादीले दाबी लिए जस्तो प्रतिवादीले वादीका नामको सेयर आफ्ना नाममा नामसारी गराएपछि पनि सेयरको मूल्य भुक्तानी नगरेकाले भुक्तानीका लागि पत्राचार गरिएकामा सोको जवाफ नदिएको मितिबाट उत्पन्न भएको हो वा प्रतिउत्तर जिकिर अनुरूप करार बमोजिम अन्तिम किस्ता बुझाउनु पर्ने मितिमा सो रकम भुक्तानी नदिएबाट सोही मितिमा नै कारण उत्पन्न भएको हो वा अन्य कुनै मितिमा विवाद उत्पन्न भएको हो भन्ने कुराको विश्लेषण हुनु पर्ने देखिन्छ।

५४. वस्तुतः मिति तोकी किस्ताबन्दीमा रकम भुक्तानी गर्ने गरी भएका सम्झौताहरूमा तोकिएको किस्ता नबुझाएको मितिबाटै करार उल्लङ्घन हुने भई मुद्दा गर्नु पर्ने कारण उत्पन्न भएको मान्नु पर्दछ। त्यसमा पनि अन्तिम किस्ता बुझाउने म्याद समेत नाघिसकेपछि पनि कारण पर्‍यो परेन भनी अलमलमा पर्नु आवश्यक हुँदैन। पक्षहरू रहेको स्थान र भुक्तानीका प्रक्रिया आदि कारणबाट भुक्तानी पाउनु पर्ने पक्षले तोकिएको मितिमा नै भुक्तानी पाएको कुरामा यकिन हुन नसकी मनासिब समयभित्र सो विषयमा अर्को पक्षलाई सोध्न वा जानकारी माग्न सक्ने र सो सम्बन्धमा दिएको जवाफलाई पनि कारण परेको मिति मान्न सकिने सम्भावना रहन सक्दछ। तर सम्झौता भएको मिति २०५६।६।२८ मै पहिलो किस्ता, बिचमा दोस्रो किस्ता र २०५८।१।१७ मा अन्तिम किस्तामा सेयर रकमको भुक्तानी गर्ने गरी सम्झौतामा भुक्तानीको तरिका स्पष्ट उल्लेख भएको स्थितिमा कुनै एक किस्ताको रकम समेत भुक्तानी नपाएको वादीले अन्तिम किस्ता बुझाउने अवधि व्यतित भएको १० वर्षपछि करार उल्लङ्घन भएको कारण खोज्दै हिंडी द्विविधामा पर्नु पर्ने कुनै विवेक सम्मत कारण देखिन्न।

५५. सम्झौता भएकै दिनदेखि सेयर रकम भुक्तानी नदिने प्रतिवादीको आचरण र व्यवहार स्पष्ट भइरहेकामा अन्तिम किस्ता बुझाउने मितिले करिव ८ वर्षपछि २०६६ सालमा पत्राचार गर्दा मात्र सो कुरा यकिन भएको भन्ने वादी दाबी आफैमा आधारहीन देखिन्छ। त्यसैले सेयर भुक्तानीका लागि सम्झौतामा निर्दिष्ट

गरिएको मिति २०५८।१।१७ लाई नै प्रस्तुत मुद्दामा फिराद गर्नु पर्ने कारण उत्पन्न भएको मिति मान्नु स्वाभाविक, र कानुन सम्मत हुन्छ।

५६. जहाँसम्म सेयर खरिद बिक्री सम्झौताको दफा ४ मा Consortium Banks ले सम्झौता अनुमोदन गरेपछि मात्र लागु हुने व्यवस्था भई सहवित्तीय बैङ्कहरूले सम्झौतालाई मान्यता नदिएका कारणले सर्वोच्च अदालतमा रिट निवेदन दिनु परेको हुँदा मुद्दा गर्नु पर्ने कारण पनि सम्झौता लागु भएपछि नै पर्न गएको भन्ने वादी पक्षका विद्वान कानुन व्यवसायीहरूको बहस जिकिर छ। सो सम्बन्धमा विचार गर्दा वादीले दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०६२।१०।५ मा आदेश भएको देखिन्छ। त्यस्तै कम्पनीको मिति २०६४।७।१६ को बैठकबाट वादीका नामका सेयर अद्यावधिक गराउने निर्णय गरेको देखिन्छ भने उक्त निर्णय बमोजिम मिति २०६५।१।१६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिई मिति २०६५।२।१ मा कम्पनी रजिष्ट्रारको कार्यालयले सोको जानकारी समेत गराएको देखिएको छ। यस स्थितिमा उपरोक्त घटनाक्रम वा मिति मध्ये कुनै एकलाई कारण परेको मिति मानी फिराद गरेको अवस्था विचारणीय हुन सक्ने देखिन्छ। तर सो नगरी कम्पनी रजिष्ट्रारको कार्यालयले अद्यावधिकको जानकारी दिएको करिब १ वर्षपछि रकम भुक्तानीका लागि वादीका तर्फबाट मिति २०६६।५।२२ मा एकतर्फी पत्र पठाएको र पुनः त्यसको करिब दुई वर्षपछि २०६८।३।३ मा रकम भुक्तानी नदिएमा अदालतमा जाने भनी पत्राचार गरी सोही पत्राचार गरेको मितिलाई कारण परेको मिति मानी मिति २०६८।३।२२ मा पर्न आएको फिरादलाई हदम्यादभित्रको मान्न सकिने देखिएन।

५७. तसर्थ उल्लिखित तथ्य, कानुन र प्रतिपादित सिद्धान्त समेतको विश्षलेषणात्मक आधार र कारणबाट विवादित सम्झौता हुँदाका बखत करार ऐन, २०२३ बहाल रहेको देखिए पनि सम्झौता बमोजिमको अन्तिम दायित्व पुरा गर्ने समयमा करार ऐन, २०५६ लागु भइसकेको देखिँदा र करार सम्बन्धी कानुन, कार्यविधिगत कानुन भएकाले विवाद उत्पन्न हुँदा बहाल रहेको कानुन अन्तर्गत फिराद गर्न पाउने नै देखियो।

५८. त्यस्तै सम्झौता बमोजिमको सेयरको मूल्य र सोको व्याज समेत क्षतिपूर्ति बापत भराइपाउँ भन्ने दाबीका सम्बन्धमा उक्त सम्झौताको सर्त नं. १ मा सेयर मूल्य भुक्तानीको तरिका र समयका सम्बन्धमा स्पष्ट उल्लेख भई सो बमोजिम सेयर खरिदकर्ताले रकम भुक्तानी नगरेमा सम्झौताकै सर्त नं. २ बमोजिम बुझाइसकेको रकम जफत हुने, सेयर खरिद बिक्रीको लिखत पनि स्वतः खारेज भई लिखत हुँदाका बखत बिक्रीकर्ताका नाममा दर्ता भएका र खरिदकर्तालाई बिक्री गरेका भनिएका सेयरहरू स्वतः बिक्रीकर्ताका नाममा पुनर्स्थापित भई उक्त सेयरहरूको स्वामित्व पुनः बिक्रीकर्ताका नाममा स्वतः कायम हुने तथा बिक्रीकर्ताका तर्फबाट नियुक्त सञ्चालकहक पुनः कम्पनी सञ्चालक समितिमा स्वतः स्थापित हुने भन्ने समेत करार उल्लङ्घन बापतको उपचारको प्रकृति निर्धारण भइरहेको देखियो। करार ऐनको दफा ४ मा करार उल्लङ्घन भए बापत उपचारको प्रकृति निर्धारण गर्न पक्षहरू स्वायत्त हुने भन्ने कानुनी व्यवस्था भइरहेको परिप्रेक्ष्यमा क्षतिपूर्तिमा दाबी गर्न पाउने उपचारको सर्त सम्झौतामा उल्लेख नगरी सेयर बापतको भुक्तानी खरिदकर्ताले गर्न नसकेमा सम्झौता भन्दाको पूर्ववत् अवस्थामै स्वतः फर्कने विकल्प छनोट गरिएको देखिँदा करारका पक्षहरूले करार

गर्दाका बखत स्वतन्त्र सहमति साथ निर्धारण गरेको उपचारको प्रकृतिभन्दा बाहिर गई सम्झौता बमोजिमको रकम भुक्तानी गराइपाउँ भनी प्रस्तुत फिराद दायर गर्न पाउने देखिन आएन।

५९. साथै सम्झौतामा उल्लेख भए बमोजिमको सेयर बापतको अन्तिम किस्ता बुझाउने भनी किटानी साथ उल्लेख भएको मिति तथा विपक्षीले सेयर दाखिल खारेज गराई आफ्ना नाममा कायम गराएको मितिबाट नै करारमा उल्लेख भएको रकम भराउनु पर्ने कारण उत्पन्न भएको मान्नु पर्नेमा उक्त मितिबाट करार ऐन, २०५६ को दफा ८९(२)(घ) को म्याद दुई वर्षभित्र प्रस्तुत फिराद दायर हुन नआएको र एक पक्षीय रूपमा गरेको पत्राचारबाट कानुनमा स्पष्ट उल्लेख भएको हदम्याद सम्बन्धी व्यवस्था तन्कन वा खुम्चन नसक्ने हुँदा फिरादमा उल्लेख गरेका अन्य विषयमा प्रवेश गरी हेर्न मिल्ने अवस्था समेत नदेखिएकाले हदम्याद समेतको प्रश्नमा प्रस्तुत फिराद मुलुकी ऐन अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहर्छ। सो ठहर्नाले अरूमा तपसिलमा लेखिए बमोजिम गर्ने गरी मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएको छु।

## तपसिल खण्ड

माथि इन्साफ खण्डमा लेखिएबमोजिम फिराद खारेज हुने ठहरेकाले फिराद दर्ता गर्दा राखेको कोर्ट फी रू.९,८२,६७३।- जफत हुन्छ अरू केही गरिरहन परेन.............................................................१

प्रस्तुत इन्साफमा चित्त नबुझे ३५ दिनभित्र श्री पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गर्न जानु भनी मुलुकी ऐन अ.बं. १९३ नं. बमोजिम वादीहरूको नाउँमा पुनरावेदनको म्याद जारी गर्नू ......................२

सरोकारवाला व्यक्तिले मिसिल संलग्न कागज प्रमाणको नक्कल माग्न आए कानुनको रीत पुऱ्याई नक्कल दिनू...........................................................................................................................३

दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी मिसिल नियम बमोजिम बुझाइदिनू ............................४

जिल्ला न्यायाधीश

ना.सु. : किरणकुमार राई  
कम्प्युटर टाइप गर्ने : दीपकप्रसाद भट्टराई  
मुद्दा फाँट – ५  
पाना २५ को फैसला

**इति सम्वत् २०७० साल माघ महिना २ गते रोज ५ शुभम्...........।**

**श्री ललितपुर जिल्ला अदालत**
**इजलास**
**माननीय जिल्ला न्यायाधीश श्री अर्जुनप्रसाद कोइराला**
**फैसला**
**नि.नं. २५७**
**सम्वत् २०७० सालको दु.फौ.मि.नं.०७०-CG-०१४५**

*मुद्दाः- हकको प्रचलन गराई पाउँ।*

**बादीको नाम, थर वतन**

नाबालक छोरा शिद्धान्त के.सी.को हकमा संरक्षक बाबु झलकमानको नाती कुमार के.सी.को छोरा ल.पु.उ.म.न.पा. वडा नं. १३ जावलाखेल बस्ने वर्ष ३२ को समिर के.सी............................................१

साक्षीः-
x
कागजः-
x

**प्रतिवादीको नाम ,थर वतन**

भ.पु.जि. नलिन्चोक वडा नं. ७ बस्ने ध्रव बहादुर विष्टको श्रीमती वर्ष ५२ की लक्ष्मी विष्ट...........१

ल.पु.जि.ल.पु.उ.म.न.पा.वडा नं. १३ जावलाखेल स्थायी घर भई हाल भ.पु.जि.नलिन्चोक वडा नं. ७ बस्ने कुमार के.सी.को बुहारी समिर के.सी.को श्रीमती वर्ष २९ की सुनिता विष्ट ....................१

साक्षीः-
पुरुषोत्तम थापा र निर्मला थापा........................१
कागजः-
x

**अदालतबाट बुझिएका प्रमाण**
x
**साक्षीः-**
x

न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रको भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ।

**१. फिरादपत्रको संक्षिप्त व्यहोरा :-**

विपक्षी सुनिता विष्टसँग मेरो मिति २०६२/१/२४ मा विवाह भई हाम्रो दाम्पत्य जीवनबाट छोरी शिद्धिका के.सी. को मिति २०६२/१०/०७ मा र छोरा शिर्दान्त के.सी.को २०६८/०२/२१ मा जन्म भई सकेको छ। सुनिता विष्टसँगको दाम्पत्य जीवन निजकै कारणबाट असहज भएपनि निजको व्यवहारलाई सुधार्ने क्रममा ६/७ वर्ष बित्तिसक्दा पनि कुनै सुधार नआएकोले बाध्य भई निजउपर यसै अदालतमा सम्बन्ध विच्छेद मुद्दा दायर गरी कारवाहीयुक्त अवस्थामा रहेको छ। विपक्षी सुनिता विष्ट धेरै जसो घरमा नबस्ने छोरा छोरीको रेखदेख नगर्ने तथा प्रतिवादी लक्ष्मी विष्ट पनि छोरीको कमाई खाने भएकोले आमा छोरी मिली मेरो २ वर्षे नाबालक छोरालाई माइती घरमा राखेकोले छोरालाई भेट गर्न जादां भेट गर्न

समेत नदिएको र छोरा बिरामी परेको छ भनि थाहा पाई जिल्ला प्रशासन कार्यालय ललितपुरमा निवेदन दिई स्थानीय प्रहरीको सहयोगबाट केही दिन आफुसंगै राखी उपचार गराएकोमा विपक्षी सुनिता विष्टको उजुरको आधारमा जावलाखेल प्रहरीको महिला सेल मार्फत छोरा शिद्धान्त के.सी.लाई लगेकोमा निजले छोरालाई राम्रोसँग हेरचाह नगरेको थाहा हुन आएकोले छोरा शिद्धान्त के.सी.को हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५१ तथा २० समेतको आधारमा यो निवेदन गर्न आएको छु। अतः बुझनी पर्ने प्रमाण बुझी नाबालक छोरा शिद्धान्त के.सीको सर्वोत्तम हित तथा हक अधिकार संरक्षणको लागि तत्काल अदालतमा झिकाई स्वास्थ्य स्थिति समेत जचाउने आदेश गरी छोरालाई मेरो संरक्षकत्वमा रहेने गरी मेरो जिम्मा दिलाई पाउँ भन्ने समेत व्यहोराको बादीको फिराद पत्र।

**२. प्रतिउत्तरपत्रको संक्षिप्त व्यहोराः-**

मैले नाबालक छोरालाई निजको स्वास्थ्य जीवनको लागि आवश्यक पर्ने सम्पूर्ण खोपहरु लगाई बिमारी भएको अवस्थामा उपचार गराई रात विहान नभनी स्याहार सम्भार गरि रहेकी छु भने निजको शिक्षाको लागि मन्टेश्वरी स्कूलमा राखेकी छु। निज बादीले एउटा पिताले आफ्नो बच्चा र श्रीमती प्रति गर्नु पर्ने कुनै पनि कर्तव्य समेत पुरा नगरी खाली म प्रतिवादीबाट बच्चालाई अलग गरि मलाई हैरानी दिने नियतले मात्र देखावटी रुपमा बच्चाको संरक्षण माग्नु भएको हो। निज बादीको संरक्षणमा रहेकी ७ वर्षकी नाबालक छोरीलाई समेत आफ्नो साथमा नराखी होस्टलको भरमा छोड्नु भएको छ भने छोराको हकमा पनि निजलाई जिम्मा दिने हो भने पनि निजले हेर्नु हुन्न्। मैले महिला सेलबाट बच्चा जिम्मा लिएर गएदेखि हालसम्मको दिनमा निजले कहिले पनि बच्चा भेट्छु भनेर आउनु भएको छैन र आएको खण्डमा अथवा अभिभावकत्वको जिम्मेवारी पुरा गर्ने सन्दर्भमा बच्चा आमाको संरक्षणमा रहदां पनि निज बादीले चाहेमा आफ्नो बच्चाको लागि स्कूलको फि लगायत बच्चाको लागि चाहिने सम्पूर्ण कुराहरुको व्यवस्था गरि बच्चालाई भेट्न सक्नुहुन्छ यस्मा मैले रोक लगाएको छैन र लगाउने पनि छैन। म विपक्षी अझै निज बादीले मलाई घरमा लगेर राख्ने हो भने म दुबै बच्चा साथमा लिई निजसंगै बस्न इच्छुक छु भन्ने समेत व्यहोराको प्रतिवादीहरुको संयुक्त प्रतिउत्तर जिकिर।

**अदालतको ठहर**

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा बादी तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री सुरेन्द्र कुमार खड्काले यसमा यी पक्षहरु वीच सम्बन्ध सुमधुर हुन नसकेको, छोरी बादीको संरक्षकत्वमा अध्यापन गरि रहेको र छोरा आमाको संरक्षकत्वमा रहेको आमाले भन्दा बाबुले पालनपोषण गरेको उपयुक्त हुने हुदां फिराद दावी बमोजिम हक प्रचलन गराउनु पर्ने भन्ने बहस जिकिर र प्रतिवादीको तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री अन्जना न्यौपानेले यी पक्षले बच्चाको राम्रो हेरविचार गरेको समय समयमा स्वास्थ्य परिक्षण गरेको, नाबालक बच्चामा संरक्षकत्व बाबुकोमा गएमा बच्चाको सहि संरक्षण हुन नसक्ने हाल Pri primary पढाई रहेको हुदां माग बमोजिम आदेश जारी हुनु नपर्ने भनि गर्नु भएको बहस जिकिर समेत सुनी मिसिल कागजात अध्ययन गरि हेर्दा बादी दावी बमोजिम निवेदन मांग बमोजिम सिद्धान्त के.सी को सर्वोत्तम हित

तथा हक अधिकारको संरक्षणको लागि परेको निवेदन उपर देहायमा कानूनी प्रश्नमा न्यायिक निरुपण गर्नु पर्ने देखियो।

**क) नाबालक सिद्धान्त के.सी. बाबु वा आमा मध्ये कसको संरक्षकत्वमा रहेमा सर्वोत्तम हित हुने हो ?**

**ख) नाबालकको संरक्षकत्व बाबुलाई दिनु उपयुक्त हुने नहुने के हो र मांग बमोजिम आदेश जारी हुन नहुने के हो ?**

अब निवेदनतर्फ विचार गर्दा , यसमा विपक्षी सुनिता विष्टसँग मेरो मिति २०६२/१/२४ मा विवाह भई हाम्रो दाम्पत्य जीवनबाट छोरी शिद्धिका के.सी.को मिति २०६२/१०/०७ मा र छोरा शिर्दान्त के.सी.को २०६८/०२/२१ मा जन्म भई सकेको छ। सुनिता विष्टसँगको दाम्पत्य जीवन निजकै कारणबाट असहज भएपनि निजको व्यवहारलाई सुधार्ने क्रममा ६/७ वर्ष बित्तिसक्दा पनि कुनै सुधार नआएकोले बाध्य भई निज उपर यसै अदालतमा सम्बन्ध विच्छेद मुद्दा दायर गरि कारवाहीयुक्त अवस्थामा रहेको छ। विपक्षी सुनिता विष्ट धेरै जसो घरमा नबस्ने छोरा छोरीको रेखदेख नगर्ने तथा प्रतिवादी लक्ष्मी विष्ट पनि छोरीको कमाई खाने भएकोले आमा छोरी मिली मेरो २ वर्षे नाबालक छोरालाई माइती घरमा राखेकोले छोरालाई भेट गर्न जादां भेट गर्न समेत नदिएको र छोरा बिरामी परेको छ भनि थाहा पाई जिल्ला प्रशासन कार्यालय ललितपुरमा निवेदन दिई स्थानिय प्रहरीको सहयोगबाट केही दिन आफुसंगै राखी उपचार गराएकोमा विपक्षी सुनिता विष्टको उजुरको आधारमा जावलाखेल प्रहरीको महिला सेल मार्फत छोरा शिद्धान्त के.सीलाई लगेकोमा निजले छोरालाई राम्रोसँग हेरचाह नगरेको थाहा हुन आएकोले छोरा शिद्धान्त के.सी.को हकमा बाल बालिका सम्बन्धी ऐन, २०४८ को दफा ४८ को दफा ४ (१)(२),५,७,८ तथा ने.का.प.२०६८ अंक ८ पृ.१४१२ समेतको आधारमा यो निवेदन गर्न आएको छु। अतः नाबालक छोरा शिद्धान्त के.सी.को सर्वोत्तम हित तथा हक अधिकार संरक्षणको लागि तत्काल अदालतमा झिकाई स्वास्थ्य स्थिति समेत जचाउने आदेश गरी छोरालाई मेरो संरक्षकत्वमा रहेने गरि मेरो जिम्मा दिलाई पाउँ भन्ने बादी दावी भएकोमा मैले नाबालक छोरालाई निजको स्वास्थ्य जीवनको लागि आवश्यक पर्ने सम्पूर्ण खोपहरु लगाई बिमारी भएको अवस्थामा उपचार गराई रात विहान नभनी स्याहार सम्भार गरि रहेकी छु भने निजको शिक्षाको लागि मन्टेश्वरी स्कूलमा राखेकी छु। निज बादीले एउटा पिताले आफ्नो बच्चा र श्रीमती प्रति गर्नु पर्ने कुनै पनि कर्तव्य समेत पुरा नगरी खाली म प्रतिवादीबाट बच्चालाई अलग गरि मलाई हैरानी दिने नियतले मात्र देखावटी रुपमा बच्चाको संरक्षण माग्नु भएको हो। निज बादीको संरक्षणमा रहेकी ७ वर्षकी नाबालक छोरीलाई समेत आफ्नो साथमा नराखी होस्टलको भरमा छोड्नु भएको छ भने छोराको हकमा पनि निजलाई जिम्मा दिने हो भने पनि निजले हेर्नु हुन्न्। मैले महिला सेलबाट बच्चा जिम्मा लिएर गएदेखि हालसम्मको दिनमा निजले कहिले पनि बच्चा भेट्छु भनेर आउनु भएको छैन बच्चालाई भेट्न सक्नु हुन्छ यस्मा मैले रोक लगाएको छैन र लगाउने पनि छैन। म प्रतिवादी अझै निज बादीले मलाई घरमा लगेर राख्ने हो भने म दुबै बच्चा साथमा लिई निजसंगै बस्न इच्छुक छु भनि प्रतिवादीले जिकिर लिएको पाईन्छ।

निवेदन तथा प्रतिउत्तर पत्र समेत विचार गर्दा समिर के.सी. र सुनिता विष्ट पति पत्नी भै दुबैको दाम्पत्य सम्बन्धबाट २ जना एक छोरी र एक छोरा जन्मिएका देखिन्छ। ती मध्ये छोरी बाबुसँग घरमा र छोरा आमासँग मावलिमा बसेको अवस्था देखिएको छ। पति पत्नी वीच विवाद भै हाल सम्बन्ध विच्छेद

मुद्दा यी निवेदकले दिएकोमा आज यसै इजलासबाट यी पक्षहरु वीच सम्बन्ध विच्छेद नहुने ठहरी फैसला भै सकेको अवस्था पनि रहेको छ। प्रतिउत्तरपत्रबाट निवेदक पतिले मलाई घरमा लगेर राखेकोमा म दुवै बच्चा साथमा लिई निजसँग संगै बस्न पनि मञ्जुर छु भनि प्रतिउत्तर गरेको देखियो। जसबाट प्रतिवादी सुनिता विष्ट जुनसुकै अवस्थामा पनि पतिसँग साथसाथै बस्न तयार रहेको तथ्यलाई अन्यथा भनि रहन पर्ने देखिएन। तर पति पत्नी वीच देखिएको घरायसी असमझदारीको कारणबाट पारिवारिक तनाब रहेको देखिएको र यिनै पक्षहरु वीच एक छोरीको निमित्त सम्मानित सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन परी त्यस उपर सम्मानित अदालतबाट निर्णय भै सकेको अवस्था पनि देखिएको छ। जुन बच्चाको सम्बन्धमा निवेदन दिएको हो। उ २०६८ सालमा जन्मिएको र हाल करिब तिन वर्ष पुग्न लागेको आमाको दुध खाने बालक रहेकोमा विवाद देखिदैन। यस्तो अवस्थामा क-कसको संरक्षकत्वमा नाबालकलाई दिन उपयुक्त हुने हो सो सम्बन्धमा बालकको सर्बोत्तम हितलाई हेरेर न्याय निरुपण गर्नु पर्ने अवस्था रहेको देखियो।

यसमा बादीले आफ्नो नाबालक छोरालाई आफ्नो संरक्षकत्वमा रहने गरि जिम्मा लगाई पाउनको लागि निवेदन दिएको देखियो। बाबु वा आमा मध्ये कसको संरक्षकत्वमा बच्चा रहन उपयुक्त हुने हो सो बालकको सर्वोत्तम हितलाई सुक्ष्म रुपमा बिश्लेषण गरि हेर्नु पर्ने देखियो। बालबालिकालाई निजको आमा प्राकृतिक एवं कानूनी संरक्षक भएकोमा विवाद पनि देखिदैन। आफ्नो आमाबाट करिब २ वर्षको नाबालकको पालनपोषण गर्नु पाउने हकबाट बञ्चीत गर्नु पनि उपयुक्त देखिदैन। यसमा यी मुद्दाका पक्षहरुले नाबालक बच्चाको संरक्षक नै देखिए तापनि पक्ष विपक्षको अहम तुष्टि भन्दा पनि सम्बन्ध बालकको सर्वोत्तमहित र आफ्नो इच्छा जाहेर गर्न नसक्ने अबोध यस्ता नाबालिकाहरुलाई नेपाल कानूनद्धारा प्रत्याभूत अधिकार बालबालिका सम्बन्धी महासन्धी १९८९ द्धारा प्रत्याभूत अधिकारको परिपालना गराउन अदालत सदैब अग्रसर रहनु पर्दछ।

बालबालिकाको प्राकृतिक संरक्षत्व आमा नै हो। कुनै कारणबस आमा नभए बाबु हुने भनि (ने.क.प.०६१ अंक ६ नि.नं. ७३८९) मा सिद्धान्त समेत प्रतिपादन भएको, यी आमाले आफ्नो बच्चाको पालनपोषण गरेको, समय समयमा स्वास्थ्य परिक्षण गरेको भनि स्वास्थ्य परिक्षणको कागजातहरु इजलास समक्ष समेत प्रस्तुत गरेको देखियो। प्रतिउत्तरपत्रमा प्रतिवादीले आमाको संरक्षणमा रहदा पनि बादीले चाहेमा बच्चाको लागि स्कूलको फि लगायत बच्चाको लागि चाहिने सम्पूर्ण कुराहरुको व्यवस्था गरि बच्चालाई भेट्न सक्नु हुनेछ यसमा मैले रोक लगाएको छैन र लगाउने पनि छैन। मलाई वादीले घरमा नै लगेर राख्ने हो भने पनि म दुवै बच्चा साथमा लिई निजसंगै बस्न इच्छुक छु भनि प्रतिउत्तरबाट देखिएको हुँदा एक पत्नीले आफ्नो कर्तव्य पुरा गर्ने प्रतिबद्धता प्रतिउत्तरबाट देखि रहेको अवस्थामा बालकको लागि गर्नु पर्ने कर्तव्य दायित्व पुरा गरेको र आफ्नो पतिको घरमा गै बस्न मञ्जुर रहेको भनि उल्लेख गरेको भनाईलाई पुष्ट्याई गर्ने थप प्रमाण अदालतले खोजी रहनु पर्ने अवस्था देखिदैन।

तसर्थ आमा नै प्राकृतिक एवं कानूनी रुपमा मूल संरक्षक रहेको नाबालकको हकको प्रचलनको लागि सदैब तत्पर रहेको देखिँदा यसमा बाबुको संरक्षकत्वमा भन्दा आमाको संरक्षकत्वमा नै नाबालकलाई राखेमा मनासिब हुने देखिँदा निवेदकले दिएको निवेदन बमोजिम नाबालक छोरा बाबुको जिम्मामा दिनु पर्ने अवस्था देखिएन।

बालबालिकाको सर्बोत्तमहितको प्रश्न अन्तरनिहित रहने निवेदनमा दिइने आदेश वा निर्णय तत्काल प्राप्त आधारहरुको बिशेषणमा आधारित हुन्छन्। बाबु आमाको यस पछाडीको क्रियाकलाप तथा नाबालिकाको संरक्षकत्व ग्रहण गर्नको पारिवारिक र आर्थिक स्थितिले नाबालिकाको संरक्षकत्वको हकमा यथासमयमा प्रचलित कानून बमोजिम उचित निर्णय लिन अदालत सदैब सक्षम रहने भनि ने.क.प.०६८ अंक ८ नि.नं. ८६७४ पृ. १४१३ मा सिद्धान्त समेत रहेको हुँदा यी अवोध नाबालकको शिक्षा लालनपालन स्वास्थ्य सेवा जस्ता नैसंर्गिक कानूनी हकको संरक्षण गर्न आमा नै संक्षम एवं उपयुक्त हालको अवस्थाबाट देखि रहेको हुदां उक्त नाबालकको संरक्षकत्व पाउन बादी अर्थात निजको बाबुले निवेदन बमोजिम नाबालक बच्चालाई हालको मौजुदा अवस्थामा आमाले नै संरक्षकत्वमा राख्दा उपयुक्त हुने देखिएको हुदां निवेदन बमोजिम बाबुलाई संरक्षकत्व दिनु पर्ने आवश्यकता एवं औचित्य देखिएन्। तसर्थ निवेदकको निवेदन माग बमोजिम आदेश जारी गरिरहनु परेन। सो ठहर्नाले अरु कुराको हकमा तपसिलमा उल्लेख भए बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा अ.वं.१८६ नं. बमोजिम आज फैसला गरी दियौं।

## तपसिल

माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम बादी दावी पुग्न नसक्ने ठहरेकोले बादीलाई सजाय गर्नु पर्छकि भन्नलाई दण्ड संजायको १८ नं. को अन्तिम वाक्यांसले केही गरि रहनु परेन.........................१

यो इन्साफमा चित्त नबुझे ३५ दिन भित्र पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु भनि बादीको नाउँमा पुनरावेदनको म्याद दिनु...........................................................................२

सरोकारवालाले फैसलाको नक्कल मांग गरे लाग्ने दस्तुर लिई नक्कल दिनु........................................३

प्रस्तुत फैसला अपलोड गरी दायरी लगत कट्टा गरि मिसिल अभिलेख शाखामा बुझाई दिनु ..................४

जिल्ला न्यायाधीश

माननीय जिल्ला न्यायाधीशज्यूले
बोली टिपाए बमोजिम टिपी
कम्प्युटर गर्ने टा.ना.सु. रुपा महर्जन
फाँटवाला :- ना.सु.जर्नादन दंगाल
इजलास अधिकृत :- प्रमोद खनाल

**इति सम्बत् २०७० साल चैत्र २७ गते रोज ५ शुभम्.........।**

प्रकाशन नं. ६0

सम्पर्क ठेगाना :

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

हरिहरभवन, ललितपुर

फोन नं. : ९७७-१-५५४९०५७/५५४९०६७

फ्याक्स नं. : ९७७-१-५५३०६६२

E-maill: info@njanepal.org.np

Website: njanepal.org.np